CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक ज्ञान-विज्ञान





आचार्य श्रीवासुदेवकृष्ण शास्त्री, विद्यावारिधिः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीमहाकाली यन्त्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक ज्ञान-विज्ञान



लेखक/सङ्कलक :

आचार्य श्रीवासुदेवकृष्ण शास्त्री, विद्यावारिधि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखक/सङ्कलक
आचार्य श्रीवासुदेवकृष्ण शास्त्री, विद्यावारिधि

प्रकाशक
प्रा. डा. रामप्रसाद पोखरेल, अध्यक्ष
श्रीमती शोभना पोखरेल
आत्रेय ऋषि गुरूकुलम्, गुण्डु, भक्तपुर
एवं
सनातन वैदिक ज्ञान विज्ञान केन्द्र, काठमाण्डौ
फोन नं. ०१-४४८८१४५

संस्करण
पहिलो संस्करण, २०७६ गुरु पूर्णिमा

सङ्ख्या-२००१ प्रति

लेआउट सेटिङ्ग : **प्रकाश भण्डारी/ ९८५१०७२१०२**

मुद्रक :
मझुवा प्रिन्टिङ्ग प्रेस, बुद्धनगर, काठमाडौं फोन नं.: ४७८३९६४/९८५१०६०९२२
Email : majhuwapress@gmail.com

मूल्य : रु. ५५५।-

सर्वाधिकार लेखकमा निहित रहनेछ। यस ग्रन्थको कुनै पनि भाग प्रकाशन गर्नु परेमा लेखकसँग अनुमति लिनुपर्नेछ। पुस्तक बिक्रिबाट प्राप्त रकम वैदिक ज्ञानविज्ञानको अनुसन्धान गर्ने गुरूकुल एवं सनातन संस्कृतिको जागरणमा खर्च गरिने छ।

ISBN: 0-5938-1

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेद सृष्टि र प्रकृतिको शाश्वत नियम हो । वेद विश्वको संविधान हो । भूगोल, खगोल, मानवीय, जीवन, जीव, वनस्पति आदि सबै विषयमा महर्षिहरूको उच्चतम चेतनाको अवस्थावाट प्राप्त अजस्र ज्ञानधारा नै वेद हो । प्रकृतिका सम्पूर्ण नियमहरूको प्रतिविम्व वेद हो । श्रृष्टिको प्रथम विहानिमा परमात्माको निश्वासवाट उत्पन्न पहिलो ध्वनी "अ उ म" ॐ हो । अ उ म चन्द्र (ँ) विन्दु (.) सम्पूर्ण श्रृष्टिको बीज हो । प्रकृतिको सनातन नियमलाई व्यवस्थित परिभाषित गर्ने ज्ञान वैदिक ज्ञान हो । आध्यात्मिक, सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक, वैज्ञानिक जगत्का सबै सूत्रहरू वेदमा प्राप्त गर्न सकिन्छ ।

वैदिक वाङ्मय ज्योतिष, व्याकरण, शिक्षा, छन्द, निरुक्त, कल्प, षडङ्गशास्त्र, उपनिषद्, पुराण महाभारत आदि ग्रन्थ वेदान्त (द्वैत, अद्वैत, द्वैताद्वैत, विशिष्टाद्वैत) आस्तिक, नास्तिक सबै दर्शन वैदिक वाङ्मयका आधार स्तम्भ हुन् । यो अनुसन्धानमूलक, वैदिक वाङ्मयभित्र रहेका सूत्रहरूलाई पुस्तकको रूपमा प्रस्तुत गरिएको छ । ऋषिमहर्षिले गुरुकुलिय शिक्षाको निरन्तरतावाट जोगाएर राखेको ज्ञान आज विश्वव्यापी बन्दैछ । यस ग्रन्थभित्र अध्यात्म, राजनीतिक, विज्ञान विषयलाई प्रस्तुत गरिएको छ ।

वर्षौंदेखि वेदभित्रका महत्त्वपूर्ण विषयमा खोज अनुसन्धान गर्ने क्रममा म लागिरहेको थिए । वेदभित्र यस्ता सूक्तहरू प्राप्त भए जुन सूक्तहरू वैदिक कृषि, मानव शरीर संरचना, आयुर्वेद, ज्योतिष, तन्त्र, गणित, खगोलिय ग्रहगणित, विभिन्न विषयमा सूत्रगत प्राप्त गरेका मन्त्रहरूको खोज अनुसन्धान हुने हो भने प्रकृतिमा अझैपनि उद्घाटित हुन नसकेका विषयहरू उद्घाटित हुने छन् ।

वैदिक कृषि विज्ञान, कृषिका लागि आवश्यक तत्त्व, कृषि र यज्ञ, नेपालमा कृषिको परम्परा, पशुपालन वेदमा चिकित्सा, आयुर्वेद, वेदमा ज्योतिष, वेदमा गणितशास्त्र, वेदमा भौतिक विज्ञान, अग्नि विज्ञान, राजनीति, अर्थशास्त्र, अध्यात्म विज्ञान, वेद र विज्ञान, वेदमा भूगर्भ विज्ञान, पूर्वीय शिक्षामा ६४ विद्या (कला), तान्त्रिक ग्रन्थमा उपकला ६४ कला, जीव विकास र षोडश कला, वैदिक वस्त्र प्रयोग, वास्तु-विज्ञान, व्यापार गृहवास्तु, वनस्पति र वास्तु, नक्षत्रानुसार वृक्षरोपण र अध्यात्म राजनीतिक र विज्ञानको एकीकृत स्वरूपको रूपमा यो ग्रन्थ यहाँहरू सामु प्रस्तुत गरिएको छ ।

यस कार्यमा मलाई निरन्तर मार्गदर्शन गर्नुहुने मेरा पूर्वज आचार्य, गुरुहरू, राष्ट्रगुरु योगी नरहरिनाथद्वारा स्वप्न दर्शनबाट स्पष्ट निर्देशन भएको हुँदा म भावविह्वल हुन पुगे र यो ग्रन्थको तयारीमा लागे । पुस्तक तयार पार्न उहाँका अदृश्य निर्देशानुसार यो पुस्तक तयार पारेको छु । अलौकि आध्यात्मिक शक्तिका पुञ्ज ऋषिमहर्षि ब्रह्महर्षिहरूको निरन्तर कृपाबाट मात्र यो कार्य सम्भव हुन पुगेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो पुस्तकभित्र समावेश गरिएका विषयहरूलाई मनन गरेर राष्ट्रिय जीवनमा आम पाठकको योगदान पुगेको सन्दर्भमा राष्ट्रको ऋणबाट मुक्त हुनुहुनेछ भन्ने आशा राखेको छु । राष्ट्रको सर्वाङ्गीण विकासका लागि प्रत्येक व्यक्तिले योगदान दिने हो भने राष्ट्रको राष्ट्रिय जीवनमा महत्त्वपूर्ण टेवा पुग्नेछ । नेपाल सनातन वैदिक ज्ञानविज्ञानको भण्डार हो । यहाँको जीवन्त संस्कृति सभ्यता ज्ञान विज्ञान हाम्रा मौलिक चाडपर्वहरू सबै विज्ञान सम्मत छन् । वैदिक सूत्रहरूको एकीकृत स्वरूप भएको वैदिक वाङ्गमय विश्व सम्पदा हो । हिमवतखण्ड, मानसखण्ड, केदारखण्ड, वागमती, कौशिकी र कर्णाली तीन नदीको किनारमा सभ्यता विकास भएको भूमि नेपाल हो । वैदिक ऋषि महर्षिहरूले मन्त्र साक्ष्यतकारबाट प्राप्त गरेको ज्ञान वैदिक धरोहरको रूपमा रहेको छ ।

पुस्तक प्रकाशनमा सहयोग गर्नुहुने प्रसिद्ध नेत्र चिकित्सक, ऋषितुल्य समाजसेवी प्रा.डा.रामप्रसाद पोखरेल, श्रीमती शोभना पोखरेलप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । पुस्तक विक्रिवाट प्राप्त भएको रकम वैदिक खोज अनुसन्धान कार्य गर्ने व्यक्ति एवं गुरुकुलमा अध्ययनरत विद्यार्थीहरूमा प्रदान गरिने छ ।

यस कार्यमा सहयोग गर्ने स्तम्भकार सौरभ, आचार्य विक्रम कोइराला, प्रियमित्र श्रीगोपाल वशिष्ठ, श्रीभूमिश्वर पौडेल, भाषा सम्पादनमा साथ दिने मित्र ज्ञानमणि चापागाईंज्यूलाई हृदयदेखि आभार व्यक्त गर्न चाहन्छु । यो कार्य पारिवारिक सहयोगको वातावरणले सम्भव भएको छ । यो पुस्तकमा भूमिका लेखेर सहयोग गर्नु हुने परममित्र डा. रुद्रप्रसाद मिश्र (ध्रुव श्रीः) लाई धन्यवाद दिन चाहन्छु । यो पुस्तकलाई यो स्वरूपमा तपाईहरू सामु ल्याउन मझुवा प्रिन्टिङ्ग प्रेस परिवारलाई धन्यवाद दिन चाहन्छु । सवैप्रति हार्दिक आभार प्रकट गर्दछु । यो पुस्तकमा प्रमादवस त्रुटि हुनगएमा आगामी दिनहरूमा सुधार गर्ने प्रतिवद्धता व्यक्त गर्दै यो पुस्तकलाई अध्ययन गरेर महत्त्वपूर्ण सुझाव दिनुहुन्छ भनेर आशा लिएको छु ।

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग् भवेत् ॥

आचार्य श्रीवासुदेवकृष्ण शास्त्री, विद्यावारिधि
उमाकुण्ड मार्ग, श्रीविश्वनाथ भवन
शास्त्री निवास, काठमाडौं नेपाल
फोन : ०१४४८८१४५
darpangyan.tv@gmail.com
www.vedicdarpan.com

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सान्दर्भिक कृति

वैदिक ज्ञानविज्ञान

- डा. रुद्रप्रसाद मिश्र (ध्रुव श्रीः)

क्रान्तदर्शी महर्षिहरूले आफ्नो तपोवलद्वारा अन्तःकरणमा प्रत्यक्ष गरेका मन्त्र-ब्राह्मणात्मक अनादि अपौरुषेय शव्दराशि ज्ञान नै वेद हो । ऋषिहरूले मन्त्र र मन्त्रार्थको नै दर्शन गरेका थिए त्यसकारण उनीहरूलाई **साक्षात्कृतधर्मा** भनिन्छ । परमात्माको निःश्वासरूप यो नित्य-ज्ञानधारा उनै महर्षिहरूको निष्ठा र तपस्याद्वारा दृढ वनी गुरुशिष्यको माध्यमले अहिले पनि यत्किञ्चित् प्राप्त छ। यो वैदिक ज्ञानधाराको आदि गुरु परमात्मा नै हुनुहुन्छ । अविच्छिन्न परम्परामा रहेको यो ज्ञानधारालाई आदर्शरूपमा निश्चिन्त भएर ग्रहण गरिँदै आइएको छ । यो अध्ययनको गुरु-शिष्य परम्परालाई नै स्वाध्याय वा वेदाध्ययन भनिन्छ ।

अनन्ता वै वेदाः वेदको इयत्ता आँकलन गर्न कठिन छ । मानव बुद्धिले ग्रहण गर्न सक्ने निश्चित वेदज्ञान परम्परामा सुरक्षित छ र कतिपय ती वैदिक ज्ञानधारा ओझेलमा परे । जति उपलब्ध छन् त्यो पूर्ण छन् र यथारूप नै छन् । यसमा व्यक्तिगत भ्रम, प्रमाद, कल्पना वा अन्य पुङ्दोष सम्पृक्त छैन । वेदबाट अतीत अनागत र वर्तमान पदार्थहरूको ज्ञान हुने भएकोले वेदमा नपाइने अथवा नभएको विषय केही छैन । वेदले प्रतिपादन गरेका जति विषय छन् त्यसको केही अंश मात्र संसारमा प्रकट छ। विज्ञानले नयाँ-नयाँ आविष्कार भन्दै नयाँ खोजको परिणति निकाले पनि त्यो वेदवाह्य हुन सक्दैन। पौरस्त्य वैज्ञानिक महर्षिहरूले आफ्नो जीवनको सुदीर्घ तपश्चर्याबाट प्रमाणित गरेका धेरै विषयहरू आधुनिक विज्ञानले उजागर गर्न बाँकी नै छ ।

वेदमा भएका अमूल्य विषयहरूलाई अध्ययन-अनुसन्धानको माध्यमले सर्वसाधारण जनताको सामु उपस्थापित गर्ने जमर्को आधुनिक समयका विद्वान् विचारकहरूबाट पनि हुँदै आएको छ । हाम्रा महामना ऋषिहरू प्रकृतिको साहचर्यमा बसेर प्रकृतिको धर्मलाई आत्मसात् गरी हरेक व्यवहारलाई प्रकृति सम्बद्ध विज्ञानको रूपमा परिभाषित गर्दथे । यही व्यावहारिक ज्ञानलाई विज्ञान भन्ने गरियो । यो वैदिक धाराका विषयहरूलाई संहिताले सूत्रात्मक रूपमा सङ्केत गरेको छ भने ती विषयहरूलाई ब्राह्मण ग्रन्थहरूले प्रष्ट्याएका छन् ।

वस्तुतः वेद सर्वज्ञानले पूर्ण छ । मनुको **सर्वज्ञानमयो हि सः** यो मननीय कथनलाई अत्युक्ति भन्न मिल्दैन । वेदको मुख्य विषय धर्म र ब्रह्म भए पनि प्रकारान्तरले आचार-विचार-नीति-समाज-जीवन-राजनीति-अर्थशास्त्र-आयुर्वेद इत्यादि अनेक विषय सम्बद्ध पर्याप्त सामग्री वैदिकवाङ्मय (संहिता, ब्राह्मण, आरण्यक, उपनिषद्, श्रौतसूत्र,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गृह्यसूत्र, धर्मसूत्र, शुल्वसूत्र, परिशिष्टग्रन्थ, स्मृति, पुराण, वेदाङ्ग) इत्यादिमा उपलब्ध छ । आधुनिक समयमा विज्ञान भनी शोध अनुसन्धान भएका र हुँदै गरेका कतिपय विषयहरू (रसायनशास्त्र, वनस्पतिशास्त्र, जीव-विज्ञान, उद्योग, कला, कृषि, गणित, ज्योतिष, वृष्टि, पर्यावरण, भूगर्भ लगायत अनेक सामग्री) यत्र तत्र छरिएर रहेका छन् । कतिपय यस्ता सूक्तहरू पनि छन् जसले मानव मस्तिष्कलाई हैरान बनाउने विश्व संरचनाका जटिलतम विषयलाई सजिलै सुल्भाएका छन् ।

अग्नि र सोमतत्त्वलाई वैदिक साहित्यले गम्भीर रूपमा वर्णन गरेको छ । जसको वास्तविक रूप आधुनिक विज्ञानले अझै भेट्टाइसकेको छैन ।

अग्नि र सोमको निरन्तर आदान-प्रदानको कार्यले नै प्रकृतिमा सन्तुलन कायम राख्दछ । यसैलाई महर्षिहरूले यज्ञको नाम दिए । अग्नि-सोमको आदान-प्रदानले प्राणरूप देवशक्तिलाई प्रसन्न बनाउँछ र दुई तत्त्वको मिलनबाट नयाँ तत्त्वको निर्माण गर्दछ । प्रकृतिमा निरन्तर चली रहने यही प्रक्रिया नै यज्ञ हो र यसको सञ्चालक अग्नि र सोम हुन् । अग्नि अत्ता (भोक्ता) हो भने सोम भोज्य हो । अग्नि (आदित्य) प्रकृतिबाट सोमरूपी अन्न (रसतत्त्व) ग्रहण गर्दछ । यसैबाट अनन्त तेज पृथिवीमा फैलिन्छ र आदित्य सम्मृद्ध रही रहन्छ । त्यसैले त **सोमेनादित्या बलिनः** भनिएको हो । यसैबाट सृष्टि संरचना पालित एवं पोषित छ । **अग्निषोमात्मकं जगत्** भन्ने वैदिक विज्ञान आधुनिक विज्ञानको जननी हो । जीवन-जगत्का तीन शक्तिहरू अग्नि, सूर्य र चन्द्रमा यही सृष्टि यज्ञको अनुसरण गर्दछन् । अग्निषोमात्मक सृष्टियज्ञ जसरी प्रकृतिमा निरन्तर सञ्चालित छ त्यसैगरी मानव देहपिण्डमा पनि सञ्चालित छ ।

यस्ता अनेक गम्भीर विषयहरूको भण्डार भगवान् वेदको सनातन ज्ञानधाराबाट यो समाज आलोकित हुनुपर्छ र यसमा रहेका अमूल्य विषयप्रति जनमानसलाई आकर्षित गराउनुपर्छ भन्ने पवित्र भावनाका धनी आदरणीय विद्वान् मित्रवर श्री डा.वासुदेव कृष्ण शास्त्रीले परिश्रमपूर्वक तयार पार्नु भएको महनीय ग्रन्थ वैदिक ज्ञानविज्ञानको पाण्डुलीपि हेर्ने सौभाग्य मिल्यो ।

यस ग्रन्थमा प्रतिपादन गरिएका विषयहरू वेदको लोकोपकारितालाई उजागर गर्ने प्रकृतिका छन् । वेदमा भएका विविध विषयलाई विज्ञानको दृष्टिले विवेचना भएकोले यसले पाठकलाई नयाँ चेतना दिन्छ । यस ग्रन्थको पहिलो खण्डमा कृषिविज्ञानका महत्त्वपूर्ण चिन्तनहरू प्रस्तुत गरिएको छ । वेदले प्रतिपादन गरेको कृषिकार्य प्राकृतिक र जीव-जगत्को जिवनीशक्तिलाई उन्नत बनाउने तात्त्विक गुणशाली भएको तथ्य प्रस्तुत छ ।

पशुपालन सम्बन्धी वेदले प्रतिपादन गरेको अनेकौं चिन्तन प्रणालीको विवेचना पनि विद्वान् मित्रवरले यहाँ प्रस्तुत गर्नु भएको छ । वैदिक चिकित्सा पद्धतिको उन्नत र वैज्ञानिक पद्धतिलाई आजको समाजले पनि अनुसरण गर्नु पर्ने आवश्यकता ग्रन्थले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखाएको छ । विशेष गरेर अथर्ववेदले प्रतिपादन गरेको चिकित्सा पद्धतिको अनुपम विकास आयुर्वेदमा भएको छ र जीवनका हरेक पक्षलाई विचार गरिएको यस्तो वैज्ञानिक चिकित्सा पद्धति आधुनिक विज्ञानले पनि सुलभ बनाउन सकेको छैन । यस्तो सान्दर्भिक विषयलाई वैदिक वाङ्मयको अविभाज्य अङ्गको रूपमा रहेको तथ्य प्रस्तुत गर्नु लेखक महोदयको प्रशंसनीय कार्य हो ।

वेदले प्रतिपादन गरेको ज्योतिषीय विषयहरू कसरी समाजमा भिजेको छ ? र यसले जीवनलाई कसरी प्रभावित बनाएको छ ? भनी वैदिक ज्योतिष सम्बन्धी रहस्यात्मक विषयहरूको प्रस्तुतिले वेद ज्ञान-विज्ञानको अथाह स्रोत भएको प्रमाणित हुन्छ ।

यस ग्रन्थमा गणितको वैदिकता, अग्निसम्बन्धी विविध विषयहरू, राजनीति, अर्थशास्त्र, अध्यात्म, भूगर्भ, कला, वास्तु जस्ता ज्यादै गम्भीर विषयमाथि विश्लेषण गरिएको छ ।

अग्निको उपासनावाट ऐहिक र पारलौकिक सबै प्रकारका मनोरथ सिद्ध हुने र विज्ञानको दृष्टिमा पनि अग्नि ज्यादै महत्त्वपूर्ण पदार्थ भएकाले **अग्निर्वै मृदुहृदयतमः** भनी शतपथले अग्निलाई कोमलहृदय भएको प्रमाणित गरेको छ । यस्ता महनीय विषयहरूको सन्निवेशले ग्रन्थको गाम्भीर्य बढाउनुका साथै नेपाली भाषा साहित्यको श्रीवृद्धि गरेको छ र वैदिक वाङ्मयका विषयमा रुचि राख्ने जिज्ञासुहरूका लागि उत्कृष्ट उपहार पनि भएको छ । वैदिक वाङ्मयको निर्मल ज्ञानधाराले पवित्र बनेको यो अनुपम कृतिले वेद केवल सामन्य कर्मकाण्ड मात्र हो भन्ने अभिमानीहरूलाई मुखभरीको जवाफ दिएको छ । वास्तुशास्त्रलाई जनमानसमा लोकप्रिय बनाउन महनीय प्रयत्न गर्नुभएका कृतिकारको ज्योतिष वाङ्मयको संरक्षण एवं सम्वर्द्धनमा गौरवपूर्ण योगदान छ । विभिन्न अनुसन्धानमूलक लेख-रचनाद्वारा शैक्षिक, धार्मिक, पौरस्त्य दर्शन र सांस्कृतिक क्षेत्रको विकास विस्तारमा आफ्नो व्यक्तित्वलाई चम्काउनु भएका विद्वान् मित्रवरको यस्तो स्तुत्य कार्यको अभिनन्दन गर्दै आगामी दिनमा पनि अन्य महत्त्वपूर्ण कृतिहरू सिर्जना हुनेछन् भन्ने अभिलाषा सहित विश्राम लिन्छु ।

ब्रह्म सत्यं च पातु माम् ।

भागवत गुरुकुलम्, पशुपतिक्षेत्र,

वि.सं. २०७६ आषाढ शुक्ल पूर्णिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सूची

वैदिक कृषि विज्ञान (१-३९)
राजा-राष्ट्रप्रमुखको कर्तव्य र कृषि, कृषिको प्रारम्भ, कृषिका आविष्कारक, पुराणमा कृषि, कृषिकर्ता ईन्द्र एवं मरुत्, वेदमा धान, **कृषिका लागि आवश्यक वस्तु-** कृषियोग्य भूमि, हलो र गोरु, भूमिका प्रकार, बीऊ, भूमि र वर्षा, बीऊ रोप्ने तरिका, कलमी प्रक्रिया, धूम, अभ्र एवं मेघ, **वैदिक कृषिकर्म-**उर्वरा भूमि, उत्कृष्ट बीऊ, सूर्यको किरण, वायु, जल एवं वर्षा, कीटादि निवारण, कृषिनाशक, मल (माटोको उर्वराशक्ति बढाउने), कृषिका साधन, सिँचाइका साधन, अन्नका प्रकार, मास र तिल, अन्नहरूको नाम, कृषि र यज्ञ **नेपालमा कृषिको परम्परा-** धानखेती, जौ खेती, कागुनी, **बोटविरुवा लगाउने प्रक्रिया**, बोटको दूरी, बगैँचाको रेखाङ्कन, वर्गाकार/आयातकार तरिका, षट्कोणाकार तरिका, पञ्चकोण, त्रिकोण तरिका, गह्रा कान्ला बनाउने तरिका, जुनार–सुन्तला, सुन्तला-जुनार खेतीका लागि आवश्यक वातावरण, रोग र तिनको उपचार, विभिन्न प्रकारका नास्पाति खेती, अनार खेती, मेवा खेती, केरा खेती, आँप खेती, कुरिलो खेती, प्राङ्गारिक कीटनाशक औषधी, पशुपालन र कृषि, जडीबुटीहरू, **मेघ विज्ञान (Meteorology)**- मेघ (बादल) कसरी बन्छ ?

पशुपालन (४०-४६)
पशु संवर्द्धन, पशुहत्याको निषेध र गौहत्या गर्नेलाई मृत्युदण्डको व्यवस्था, नेपालमा गाईपालन, स्थानीय गाई, नौमुठे गाई (अछामी), लुलु गाई, श्रीगाई, खैला गाई, पहाडी गाई, तराइया गाई, चौंरी गाई, मिथुन गाई, गौरी गाई, विदेशी गाईको विवरण, गोठ बनाउने तरिका, गोमुत्रको उपयोग, पहेँले रोग (जन्डिस)

वेदमा चिकित्सा (४७-६७)
वैदिक ऋचाहरूमा आयुर्वेदका अष्टाङ्गहरू, बाल चिकित्सा, काय चिकित्सा, विष चिकित्सा, ग्रह चिकित्सा, उर्ध्वाङ्ग चिकित्सा, शल्य चिकित्सा (चिरफार), जरा चिकित्सा (रसायन तन्त्र), जल चिकित्सा, जलचिकित्साका केही विधिहरू, **आयुर्वेद**- आँक/मदार, अमृता, गुर्जा, रक्तक्यान्सरको रोगीलाई, अशोक, अमला, अपमार्ग, घ्यूकुमारी,

वेदमा ज्योतिष (६८-८२)
ज्योतिष शास्त्र, वेदमा ज्योतिषसम्बन्धी पाइने तथ्य, सृष्टि (युग)को काल-निर्धारण, सात सौरमण्डल, सूर्यका सात रङ, सूर्यको आकर्षण, सौर्य परिक्रमा, सूर्यद्वारा चन्द्रमा प्रकाशित, सूर्य न उदाउँछन् न अस्ताउँछन्, विषुवत् रेखा, उत्तरायण एवं दक्षिणायन, उत्तरायण एवं दक्षिणायन, संवत्सर र नक्षत्र, राशि बाह्र हुन्छन्, नक्षत्रका नाम र देवता, नक्षत्र एवं महिनाका नाम, ग्रहहरूको नाम, वर्षचक्र र कालमान, ऋतु र महिना, अधिमास/मलमास, सावन दिन, महिना र वर्ष, महिना गणनाका प्रकार, महिना गणनाका दुई आधार, शरीरभित्र ग्रहले पार्ने प्रभाव, गुण, तत्त्व र स्वरूप, तिथिहरूको नाम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदमा गणितशास्त्र **(८३-९८)**

गणित शास्त्रको उत्पत्ति, पाटीगणित, अङ्कगणितको विषय, वेदमा संख्यासूचक शब्द, संख्यासूचक मन्त्र, संख्याको स्थानिक मान, संख्याशब्द समस्त एवं असमस्त, सम र विषम संख्याशब्दहरूको उल्लेख, १० संख्याका लागि 'ति' प्रत्यय लगाउन, ९ अङ्कका लागि आरोह अवरोहको ज्ञान, आरोह क्रमको उदाहरण, दशमपद्धतिको उल्लेख, संख्या बढाएर लेख्ने क्रम, वेदमा संख्याबोधक अन्य शब्द, पारिभाषिक शब्द, शब्दाङ्क प्रणाली, अङ्क बायाँबाट लेख्ने विधान, दशमलव लेख्ने विधान, वर्गमूल, वर्ग निकाल्ने विधि, शून्य के हो ?, बीजगणित, ज्यामिति/रेखागणित, सूर्यको किरण ज्ञान, वेदी राख्ने

विज्ञान

वेदमा भौतिक विज्ञान **(१०१-११७)**

ऊर्जा अविनाशी एवं अमर छ, ऊर्जाको रूपान्तरण, ऊर्जा पुञ्जीभूत हुन्छ, वैश्वानर अग्नि, अग्निको विराट रूप, ऊर्जाको स्वरूप, ऊर्जा सर्वव्यापक छ, अग्निमा सम्प्रेषण शक्ति, अग्निमा विद्युत् तरङ्ग, विद्युत्मा श्रवण शक्ति, वृक्ष आदिबाट अग्निको आविष्कार, जल मन्थनद्वारा अग्नि, भूगर्भीय पुरीष्य अग्नि, कलकारखानामा अग्नि, समुद्री अग्नि, १० प्रकारका अग्नि, आग्नेय ऊर्जाको अनन्त रूप, अग्निमा ऊर्जाका तीन रूप, जलबाट अग्निको जन्म, अग्नि (ऊर्जा)को स्थान, ऊर्जा विश्वव्यापी छ, ऊर्जा-हेतु विविध यन्त्र, जल र अग्निको चक्र, अग्नि विश्वको आधार, अग्निमा विस्तारण क्षमता, अग्निका विविध स्रोत, एउटा अग्निको अनेक रूप, सौर्य ऊर्जा, प्रकाशको गति, सूर्यका किरणको गति, सूर्यका किरण, सूर्य न उदाउँछ न अस्ताउँछ, सात सूर्य, सूर्यका हजारौं रश्मि, सूर्यग्रहण, सूर्यमा आकर्षण शक्ति, द्युलोकका धारक सूर्य, सूर्यले पृथिवीलाई रोकिराखेको छ, पृथिवीको केन्द्रविन्दु, सूर्यबाट पृथिवीको उत्पत्ति भएको हो, पृथिवीले सूर्यलाई परिक्रमा

अग्नि **(११८-११९)**

के हो अग्नि ?, अग्नि सर्वदेवमय, द्यु एवं अन्तरिक्षमा अग्नि, अग्निका तीन रूप, अग्नि तीनै लोकको धारक, अग्नि सूर्यको दूत

राजनीति

वैदिक राज्यव्यवस्था **(१२३-१८९)**

आधुनिक सन्दर्भमा राज्यव्यवस्था, वयं राष्ट्रे जागृयाम, राष्ट्र र राज्य, सभासद/नेता, न्यायाधीशको धर्म र कर्तव्य, राजदूत व्यवस्था, राष्ट्रप्रमुखको कर्तव्य, सञ्चार व्यवस्था, विज्ञान र प्रविधिको प्रयोग, सङ्गठन निर्माण प्रकृया, अर्थनीति, **वैदिक शासन-** राज्य र राजा, राष्ट्र, राज्याभिषेक, अनुत्तरित प्रश्न, सैन्य सुरक्षा हातहतियार, शस्त्रास्त्र, दिव्य अस्त्र, वायव्य अस्त्र, पाशुपत अस्त्र, ब्रह्मास्त्र, आथर्वण अस्त्र, सम्मोहन अस्त्र, तामस अस्त्र, वज्र, कौटिल्य अर्थशास्त्रमा वर्णित शस्त्रास्त्र, मानवीय अस्त्र, शस्त्र, रासायनिक युद्ध र शत्रुनाशन, **मन्त्री मण्डल (Council of Ministers)**, वेदमा नारीको भूमिका, राष्ट्र र राज्य, **वैदिक समाजवाद,** वैदिक मान्यताहरू, न्याय व्यवस्था, राजनीति सूक्तम्, मानवको कर्तव्य,

अर्थशास्त्र **(१९०-२०३)**

समाज व्यवस्था, राज्य कोषको व्यवस्थापन, गुप्तचरको दायित्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यात्म

अध्यात्म विज्ञान (२०७-२५२)

गायत्री रहस्योपनिषद्, साकार र निराकार साधना, वेद र विज्ञान- वैदिक विज्ञान तथा आधुनिक सन्दर्भ, मानव शरीरका सरल पक्षहरू, स्पष्टताको चार मुख्य तहहरू, ऋग्वेद, वैदिक वाङ्मयमा मनोवैज्ञानिक पक्ष, रोगका कारण, १. कुलज, २. मानसिक, ३. शारीरिक, **ज्ञानका सात भूमिका**

वेदमा भूगर्भ विज्ञान (२५३-२५४)

अग्निवासा पृथ्वी –अथर्ववेद, पृथ्वीमा प्राकृतिक ग्याँस, समुद्रमा रत्न भण्डार

पौरस्त्य शिक्षामा ६४ विद्या (कला) (२५५-२६७)

तान्त्रिक ग्रन्थमा ६४ उपकला, जीव विकास र षोडश कला, श्रीपाशुपतास्त्र महामन्त्र, वैदिक वस्त्र प्रयोग

वास्तु-विज्ञान (२६८-३०२)

दिशा र पञ्चतत्त्वको अवस्था, घडेरीको छनौट, माटोको रङ्गका आधारमा, समतलताका आधारमा, पत्र-पत्रका आधारमा, उब्जनीका आधारमा, दिशाका आधारमा, गन्धका आधारमा, घर बनाउनुपूर्व विचारणीय कुँराहरू, जल व्यवस्थापन, इनार कुवा, पानीको व्यवस्थापन, जल परीक्षा, जलशुद्धीकरण कसरी गर्ने ? वास्तुका नियमहरू, धनसार विचार, **व्यापार गृहवास्तु** कार्यालयको भित्री बनावट, भवनको पारम्परिक बनोट, भान्साघरको स्थान विचार, पूर्व फर्केर पकाउने भान्छाघर, दक्षिण-पूर्व कुनाको भान्छाघर, भोजन विचार, आधुनिक भान्छाकोठा, पूजाकोठा, स्नानघर (बाथरुम), शौचालय, वास्तुअनुसार जल व्यवस्थापन, **वनस्पतिको प्रयोग र वास्तु**, वास्तु अनुसार पुष्प प्रयोग, **रंगको प्रयोग**,रङ्गको प्रयोग कसरी गर्ने,राशिअनुसार रङ्गको प्रयोग

परिशिष्टाङ्क

मष्ट पूर्णिमा (३०५-३९०)

संस्कार र पहिचान- वैदिक कर्मका वैज्ञानिक आधारहरू, ब्रह्माजीका चार शिरको रहस्य, मानव शरीरमा लक्ष्मी, विद्याकी देवी सरस्वती, मानव मस्तिष्कमा गणेशजीको स्वरूप, **नवदुर्गा परिचय-** नवरात्रका अवसरमा पूजन गरिने दुर्गादेवीका नौ रूप, दशैं, यमपञ्चक, **'विश्वशान्ति' नेपालीको दायित्व, संविधान र हामी नेपाली, धर्म, संस्कृति र सभ्यताको सम्बन्धमा, संविधानसभा र अनुत्तरित प्रश्न ?, स्वदेश, स्वराज र स्वरोजगार, नेपाली समाजमा संस्कृतको प्रभाव, नेपालको सवाङ्गिण विकासका लागि सूत्रहरू, नक्षत्र अनुसार वृक्षरोपण,** वृक्षरोपणको चर्चा, **गर्भधान वैदिक विधि-** गर्भाधान पछि जीव विकासको प्रक्रिया, सामवेद र शरीर संरचना, **सोह्र संस्कार-** गर्भाधान, पुङ्सवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, जन्मोत्सव, चूडाकरण, कर्णवेध, अक्षरारम्भ, उपनयन, वेदारम्भ,समावर्तन, विवाह, अन्त्येष्टि, **श्रीमातृकुल शिक्षा, सन्दर्भ ग्रन्थहरू**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



वैदिक कृषि कर्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक कृषि विज्ञान

अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्नसम्भवः ।
यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ॥ श्रीमद् भगवत गीता..

'अन्नो वै प्राणा : वेद

वेदमा अन्न नै प्राण हो भनिएको छ । मानव जीवन अन्नमा नै निर्भर छ । शरीरमा पञ्चप्राणको अवस्थिति छ । प्राण, अपान, व्यान, समान र उदान । प्राणको पुष्टिका लागि अन्नको आवश्यकता पर्दछ । अन्नमय कोष विकासका लागि अन्न नै चाहिन्छ । अन्नको प्राप्तिविना मानिसको शरीर पोषणयुक्त र पूर्ण हुन सक्दैन । स्वस्थ शरीरका लागि अन्न आवश्यक छ । अन्न, जल र वायुविना मानिस निर्जीव हुन्छ । अन्न, पानी र वायु मिलेको शरीर नै शक्तिशाली, सुदृढ हुन सक्छ ।

शरीरमा अन्नको पौष्टिक तत्त्व रहेन भने मानिस सुस्वास्थ्य, दीर्घायुको कल्पनासमेत गर्न सक्दैन । सृष्टिको उत्पत्तिका साथै अन्न, वनस्पति र औषधिउत्पत्तिको विधान भएको छ । वेदमा प्रशस्त मन्त्रहरूमा अन्न, कृषि, कृषिको उपयोगिताबारे चर्चा भएका छन् । मानवजीवनको आधार नै कृषि हो । सृष्टिमा विविध प्रकारका प्राणी, जीव-जन्तु, वनस्पतिहरू रहेका छन्, ती यस प्रकार छन् :-

१. **अण्डज-** (फुल ओथरेर उत्पन्न हुने पक्षी आदि)
२. **पिण्डज/जरायुज-** (सालनालसहित उत्पन्न हुने मनुष्य, जीवजन्तु आदि),
३. **श्वेदज-** (उडुस, उपियाँ, जुम्रा, लिखा, भाइरस ब्याक्टेरिया आदि)
४. **उद्भिज-** (धरतीमा बीऊबाट उत्पन्न हुने वनस्पति, औषधी, लतागुल्म, अन्न, धान, जौ, तिल, कागुनी आदि) का बीऊका लागि जल आवश्यक पर्दछ ।

मनुष्य धरतीमा आउनुभन्दा तीन युगपहिले वृक्ष वनस्पति, लतागुल्म र अन्न आएको वेदमा उल्लेख भएको छ ।

या ओषधी पूर्वाजात... -यजुर्वेद ।

मानवको उत्पत्तिसँगै भोक-तिर्खा, चिसो-तातो, सुख-दुःख साथमा आएका छन् । भोक-तिर्खा निवारणका लागि अन्न आवश्यक छ । त्यसैका लागि व्यवस्थित कृषिको आवश्यकतालाई अनुभूत गरी सृष्टिको आरम्भमा भगवानशिव र पार्वती-अन्नपूर्ण अन्नको बीजका रूपमा विकास हुनुभएको हो । कृषिकार्यलाई गौरवपूर्ण कार्य मानिएको छ । कृषक साक्षात् परमात्माका सन्तान हुन् भन्ने भाव वेदमा रहेको छ । कृषिकार्यलाई गौरव, सम्मान र प्रतिष्ठाको कार्य भनेर प्रशंसा गरिएको छ । ईन्द्र र मरूतले सर्वप्रथम धरतीमा कृषिको आरम्भ गरेको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इन्द्रं सीतां निगृह्णातु । अथर्ववेद, ३.१७.४

अथर्ववेदमा वर्णन भएको छ- विराट ब्रह्मबाट ऋषिहरू उत्पन्न हुनुभयो । ऋषिमहर्षिहरूबाट मनुस्यको सृष्टि भएको वैदिक वाग्मयमा पाइन्छ । वैदिक वाग्मयमा संसारमा चार वर्णका मानिसहरू रहेका छन् । रातो वर्णका, सेतो वर्णका, कालो वर्णका र पहेलो वर्ण ।

पाँचौ मिश्रित वर्ण पनि देखिएको छ । जब मनुष्यको धर्तीमा आगमन भयो त्यसैक्रममा पूर्वदेखि नै हावा पानी वनस्पति लतागुल्म धर्तीमा रहेका थिए । सृष्टिमा ब्रह्माले इरावती (अन्नसम्मृद्धि)को विषयमा उपदेश गर्नुभयो । कृषिलाई उत्कृष्ट कार्य भन्दै सस्य (**पृथिवी सस्यशालिनी**) पृथिवी अन्नले सम्मृद्ध होऊन् । कृषिकार्य र मनुष्य जीवन एक-अर्काका पुरक हुन् । कृषिकार्यबाट नै अन्नसमृद्धिको परिकल्पना गरिएको छ ।

ते कृषिं च सस्यां मनुष्या उपजीवन्ति । अथर्वेद ८.१०.२४

जो कृषिमा निपूर्ण हुन्छन्, तिनीहरूलाई कृष्टराधि (सफल जीवन निर्वाह गर्ने मानव) भनिएको छ ।

कृष्टराधिरूपजीवनीयो भवति । अथर्ववेद, ८.१०.२४

सफल आजीविका भएका उत्कृष्ट पुरुषमा कृषकलाई मानिन्छ । कृषि विशेषज्ञलाई 'अन्नविद्' भनिएको छ । सफल अन्नविद्ले कृषिको नियम बनाए ।

यद् यामं चक्रुः अन्नविदः । अथर्ववेद, ६.११६.१

कृषिविद्या मानव कल्याणको उत्कृष्ट साधन हो ।

राजा-राष्ट्रप्रमुखको कर्तव्य र कृषि

यजुर्वेदमा राजधर्मको पालनकर्ताले कृषिकार्य गर्नु सर्वोत्कृष्ट बताइएको छ ।

राजाधिराजाय... -वेद ।

उत्कृष्ट राजा, राष्ट्रप्रमुखले कृषिकार्यलाई जनसमुदायमा प्रोत्साहन गर्नु पहिलो कर्तव्य बन्दछ । कृषिको निरन्तर उन्नति गरी सम्पूर्ण प्रजालाई उन्नतशील बनाऊन् । जनकल्याणका लागि धनधान्यको वृद्धि होस् । धनधान्यको वृद्धिबाट प्रजाको हित र सुरक्षा निश्चित छ तसर्थ उत्कृष्ट कृषिको व्यवस्था गर्नु राष्ट्रप्रमुखको प्रथम दायित्व हो ।

वैदिक मन्त्रमा ईन्द्रले कृषिकार्य गरेको प्रसङ्ग पाइन्छ । त्यस्तै जनक राजाले कृषिकार्य गरेको रामायणमा उल्लेख छ । राजा जनकले बाह्र वर्षसम्म वृष्टि नभएर आफैँले कृषिकार्य आरम्भ गर्न खेत जोत्दा सीतालाई प्राप्त गरेको प्रसङ्ग पाइन्छ ।

अन्नको विषय नबुझ्ने राजा-राष्ट्रप्रमुख एकछिन पनि शासनसत्तामा बस्ने अधिकारी हुँदैनन् । त्यसकारण राष्ट्रवासीहरूलाई प्रोत्साहन गर्नका लागि पनि राजा/राष्ट्रप्रमुखले कृषिकार्यमा संलग्न हुनैपर्छ । देशवासीलाई कृषिकार्यका लागि प्रोत्साहन गरी खाद्य सुरक्षाको व्यवस्था गर्ने र आपत्-विपत्काल एवं अनिकालमा जनसमुदायलाई अन्नसम्मृद्धि र भोजनको व्यवस्था गर्नु पर्दछ । त्यस्तो खाद्यसुरक्षा र कृषिकार्य गर्न नसक्ने राजा-राष्ट्रप्रमुख एकक्षण पनि शासन गर्न योग्य हुँदैन । त्यस्ता शासकलाई तुरुन्त पदच्युत गरी दण्डको व्यवस्था गर्नु पर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्यै त्वा क्षेमाय त्वा .... त्वा पोषाय त्वा । यजुर्वेद, ९.२२

अन्न सञ्चय गरी राष्ट्रिय भण्डार सधैं पूर्ण होस् । भण्डारमा अन्नपूर्णाको सधैं बास होस् । शतपथमा भनिएको छ । कृषिकार्य चार विभागमा व्यवस्थित गरिएको छ ।

कृषन्तः, वपन्तः, लुनन्तः, मृणन्तः । शतपथ० १.६१.३

क) **कर्षण** (खनजोत गर्नु)

ख) **वपन** (खनजोत गरिएको उत्कृष्ट भूमिमा बीऊ रोप्नु)

ग) **लवन** (पाकेको अन्नलाई गोड्नु, काट्नु, उठाउनु)

घ) **मर्दन** (स्वच्छ बनाउनु, कुट्नु, पिस्नु, केलाउनु, भण्डारण गर्नु)

अथर्ववेदमा भनिएको छ -

अन्नविना मानिस एकपल पनि बाँच्न सक्दैन ।

जीवन्ति स्वधयान्नेन मर्त्याः । अथर्ववेद, १२.१.२२

मनुष्य जीवनका लागि अन्न आवश्यक छ । बाँच्नका लागि मनुष्यले स्वावलम्वी बन्नुपर्दछ । जीवन जिउनका लागि कृषिकार्य उत्कृष्ट कार्य हो भनी अथर्ववेदमा ऋषिहरूले मन्त्रद्वारा व्यक्त गरेका छन् ।

कृषिको प्रारम्भ

पृथिवीमा कृषिविद्याको आरम्भ र विकासको रोचक प्रसङ्ग वेदमा उल्लेख भएको छ । वेदमा पृथिवीमा कृषिविद्याको कसरी विकास भयो ? यस विषयमा केही प्रसङ्ग पाइन्छन् । ऋग्वेद अनुसार सर्वप्रथम देवगण (पुरुषार्थी विद्वान्) अगाडि उत्पन्न भए । उनीहरूसँग एक एकओटा वञ्चरो थियो । उनीहरूले पहिले जङ्गल वा समतल भूमिमा रहेका बोटविरुवाहरू हटाए । अनावश्यक बोट विरुवाहरूलाई काटेर सफा गरे । उनीहरूसँग केही सहयोगी परिजन पनि थिए । उनीहरूले जङ्गलवाट प्राप्त गरेका दाउराका टुक्राहरूलाई बटुलेर र नदीकिनारामा राखे । त्यहाँ रहेको घाँस पनि काटे । उत्कृष्ट पुरोहितले मन्त्र मन्थनद्वारा अग्नि प्रज्वलित गरे ।

देवास आयन् परशुंरबिभ्रन्, वना वृश्चन्तो अभि विड्भिरायन् ।
नि सुद्रवं दधतो वृक्षणासु, यत्रा कृपीटमनु तद् दहन्ति । ऋग्वेद १०.२८.८

पृथिवीमा जङ्गल, वृक्ष-वनस्पतिको आधिक्यता थियो । जङ्गललाई फाँडियो र भूमिलाई समतल बनाई कृषिकार्य प्रारम्भ गरिएको कथन ऋग्वेदमा उल्लेख पाइन्छ । कृषिकार्यका लागि देवदूतहरू धर्तीमा भिन्नभिन्न रूपमा आए । उनीहरू सबै प्रकारले शक्तिशाली थिए भन्ने प्रसङ्ग वैदिक वाङमयमा उल्लेख छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृषिका आविष्कारक

ऋग्वेद, यजुर्वेदबाट हामी यो थाहा पाउँछौं - राजा वेनका पुत्र पृथी (पृथु) कृषिविद्याका आविष्कारक मानिन्छन् । पृथुभन्दा पहिले देवर्षिहरूले कृषिकर्म गरेको प्रसङ्ग पाइन्छ । उनले सबैभन्दा पहिले विभिन्न प्रकारका अन्न उत्पादनको रहस्यबारे जानकारी प्राप्त गरेका थिए । ऋग्वेदमा वेनका पुत्र पृथु राजा (पृथी वैन्य)को बारेमा उल्लेख गरिएको छ ।

पृथिवी यद् वा वैन्यः । ऋग्वेद, ८.९.१०

तस्या मनुर्वैवस्वतो वत्स आसीत्, पृथिवी पात्रम् ।

तां पृथी वैन्योऽधकोक्, तां कृषिं सस्यं चाधोक् । -अथर्ववेद, ८.१०.४

पृथिवी पात्र हुन् त्यसमा सुन्दर बीजहरू छरियो । उत्कृष्ट कृषिकार्यबाट धर्ती हराभरा भइन् । बीजहरू प्रसस्त छरियो जसबाट देवगणहरूले अन्नसमृद्धि प्राप्त गरे । बीज दैविक अंशबाट आएको सुन्दर प्रसङ्ग पाइन्छ । हजारौ प्रकारका बीजहरू देवर्षिहरूले धर्तीमा लगाएको प्रसङ्ग पाइन्छ । देवपरम्परा, ऋषि परम्परा, जीव, मनुष्य परम्परा सबैले कृषि कर्म गरेको पाइन्छ ।

अथर्ववेदमा स्पष्ट व्याख्या छ– राजा पृथुलाई कृषिविद्याको आविष्कारकका रूपमा मानिएको छ । वैवस्वत मनुको परम्परामा वेनका पुत्र पृथु राजा भए । उनले कृषिकार्य गरे । अन्न आदि विभिन्न खाद्यवस्तु उत्पादन गरे । कृषि कार्यबाट आएको अन्नमा सबैको जीवन निर्भर छ । कृषिविद्याको शरणमा सबै लागेका छन् ।

पुराणमा कृषि



महाभारतले राजाको स्थानमा पृथु (राजा पृथु)लाई कृषकका रूपमा प्रस्तुत गरेको छ । कृषिबारे वर्णन गरिएको छ - वेनका पुत्र पृथु एक प्रतापी राजा थिए । उनले अग्लो र होचो जमिनलाई समतल बनाए । अप्ठ्यारो भूमिबाट ढुङ्गा आदिलाई निकाले । त्यसलाई एकत्रित गरे ।

राजा पृथुर्वैन्यः प्रतापवान् ।

समतां वसुधायाश्च स सम्यगुदपादयत् ।

वैषम्यं हि परं भूमेरासीदिति च नः श्रुतम् ॥

उज्जहार ततो वैन्यः शिलाजालान् समन्ततः । -महाभारत शान्तिपर्व

यसैगरी महाभारतकै अर्को प्रसङ्गमा उल्लेख गरिएको छ- यसप्रकार पृथुले पृथिवीलाई समतल बनाएर कृषि एवं १७ प्रकारका अन्न उत्पादन गरे र ती अन्नहरू यज्ञमा प्रयोग भएको पाइन्छ ।

तेनेयं पृथिवी दुग्धा सस्यानि दश सप्त च । -शान्तिपर्व ५९.१२४

श्रीमद्भागवत महापुराणमा पनि राजा पृथुको यस प्रकार कृषिकर्मको बारेमा व्याख्या गरिएको छ । पृथुले नै सर्वप्रथम कृषिका लागि उपयोगी भूमिलाई समतल बनाए । त्यसलाई जोती कृषिकर्म गरे । श्रीमद्भागवतको चौथो स्कन्धको १६ देखि २३ अध्यायसम्म राजा पृथुले गरेको कृषिकर्मबारे व्याख्या गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कस्माद्दधार गोरूपं धरित्री बहुरूपिणी । यां, दुदोह पृथुस्तत्र कोवत्सो दोहनं च किम् ॥३॥

प्रकृत्याविषमा देवी केता तेन समा कथम् । तस्य मेध्यं हयं देवः कस्यहेतोरपाहरत् ॥४॥

विदुरजीले भन्नुहुन्छ पृथ्वीले अनेक रूप धारण गरिन तर गाईको रूपनै किन धारण गरिन त ? गाईलाई कसले दुहुनुभयो ? महाराज पृथुले धर्तीलाई दोहन गरे र धर्तीको नाम पृथिवी रहन गयो । धर्ती अग्लो होचो विभिन्न प्रकारका ढुङ्गा माटो काठ आदि सामग्रीलाई व्यवस्थीत गरी पृथिवीलाई समतल बनाएर ज्ञान विज्ञानले युक्त पृथु राजाले कृषि कर्म गर्नुभयो । पृथिवी पहिले अन्नहीन भएकी थिइन् । प्रजाहरू भोकतिर्खाले आकुलव्याकुल भए र पृथुले श्रेष्ठकर्म कृषिकर्म गर्नु भयो ।

अस्मिँल्लोकेऽथवामुष्मिन्मुनिभिस्तत्वदर्शिभिः । दृष्टा योगाः प्रयुक्ताश्च पुंसां श्रेयः प्रसिद्धये ॥३॥

तानातिष्ठति यः सम्युपायान् पूर्वदर्शितान् । अवरः श्रद्धयोपेत उपेयान् विन्दतेऽञ्जसा ॥४॥

- भागवत चौथो स्कन्ध १८ अध्याय

तत्त्वदर्शि मुनिहरूले यो लोक र परलोकमा मनुष्यको कल्याणका लागि कृषि र अग्निहोत्र कर्मको व्यवस्थापन गर्नुभयो । कृषि कर्मलाई व्यवस्थीत गरी पृथिवीमा बास गर्ने सबैको कल्यणका लागि कृषि नै सर्वश्रेष्ठ कर्म बताउनुभयो ।

कृषिकर्ता ईन्द्र एवं मरुत्

अथर्ववेदमा उल्लेख गरिएको छ- वाग्मती (सरस्वती), विष्णुमती, रुद्रमती, कर्णाली, कोशी जस्ता नदीको किनाराको उर्वरा भूमिमा माधुर्ययुक्त जौको खेती सुरु भयो । यसमा देवराज ईन्द्र कृषिकर्मका अधिष्ठाता थिए । मरुत् आदि देवताहरूले किसानको काम गरे ।

इमं देवा मधुना संयुतं यवं, सरस्वत्यामधि मणावचर्कृषुः ।

ईन्द्र आसीत् सीरपतिः शतक्रतुः कीनाशा आसन् मरुतः...

सुदानवः । -अथर्ववेद, ६.३०.१

यस मन्त्रको अभिप्राय- सबैभन्दा पहिले वाग्मती (सरस्वती)को किनार कृषिकार्यका लागि छानियो । वागमती नदीकिनारको भूमि अत्यन्त उर्वरा थियो । कृषिकार्यका नियन्ता राजा थिए र उनकै रेखदेखमा जौ खेती गरियो । यसबाट पनि हामी जानकारी पाउन सक्छौं - सबैभन्दा पहिले जौको खेती गरिएको थियो.।

यहाँ विचारणीय पक्ष के छ भने बीऊ कहाँबाट आयो ? त्यसको परीक्षण कसरी गरियो ? कृषिकर्मको कसरी विकास भयो ? कृषिका उपकरणको आविष्कार कसले गऱ्यो ? यी र यस्ता विषयमा प्रश्न उठ्नु स्वाभाविक हो ।

शुक्लयजुर्वेदमा एउटा मन्त्र छ-

व्रीहयश्चमे यवाश्चमे माषाश्चमे तिलाश्चमे मुद्गाश्च्चमे खल्वाश्च्चमे प्रियङ्गवश्च्च्मेऽणवश्चमे श्यामाकाश्च्चमे नीवाराश्च्चमे गोधूमाश्च्चमे मसूराश्च्चमे यज्ञेनकल्पन्ताम् । - यर्जुवेद

उत्कृष्ट कोटिको धान, जौ, मसुरो, तिल, मुङ, चना, कागुनी, सामा धान, निवार, गहुँ यी सबै यज्ञका लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कल्पना गरिएका वस्तु हुन् । यी अन्नको खेती भएको भने हिमवत् क्षेत्र नेपाल हो । यी आविष्कारक संसारकै लागि वास्तवमै पूजनीय छन् । कृषिको जुन परम्परा प्राचीनकालमा थियो, त्यही परम्परा नै अक्षुण्ण रूपमा अहिलेसम्म चलिआएको छ । हामी नेपाली सनातन वैदिक परम्परादेखि कृषिकार्य गरिरहेका छौँ ।

वेदमा धान

धान्यमसि धिनुहि देवान् प्राणायत्वोदानाय त्वा व्यानाय त्वा दीर्घामनु प्रसितिमायुषे धान्देवो वः सविता हिरण्यपाणिः प्रतिगृभ्णात्वच्छिद्रेण पाणिना चक्षुषे त्वा महिनां पयोऽसि ॥ शु.यजु. १. २०॥

धान हविष्यान्न तुष्टि र पुष्टि दिन्छौ । यज्ञमा आएका सबै देवता(अतिथि)हरूलाई पुष्ट र सन्तुष्ट गराइदेऊ ।

तदिद्वदन्त्यद्रयो विमोचने यामन्नञ्जस्पा इव धेदुपब्दिभिः ।

वपन्तो बीवमिव धान्याकृतः प्रिञ्चन्ति सोमम्न मिनन्ति बप्सतः ॥ऋग.१०.९४.१३॥

अन्नबालीलाई हानी नपुर्‍याइ मल हाली गोडमेल गर्नु पर्दछ ।

अक्षैर्मा दिव्यः कृषि मित् कृषस्व ॥ऋग्. ८.१७.२१॥

जुवा खेल्दा जितेर धन जम्मा गर्नुभन्दा कृषि कर्म गरेर धन जम्मा गर्नु अतिनै शुभकर्म मानिन्छ । शुद्ध पसिनाको कमाइ दिगो हुनेकुरा वेदमा चर्चा गरेको पाइन्छ ।

ते कृषिं च सस्यं च मनुष्या उपजीवन्ति ॥अथर्व ८.१०.१२॥

पृथिवीमा मानिसहरू अन्न (धान जौ तिल आदि)बाट नै जिविकोपार्जन गरिरहेका छन् ।

यवं न चर्कृषद् वृषा ॥ऋग्.१.१७.६२॥

जौ गहुँ आदि बालीलाई मलखादको व्यवस्था गरी खनजोत गर ।

यदश्नासि यत् पिवसि धान्यं कृस्याः पयः ।

यदाद्य यदनाद्यं सर्वते अन्नं अविषं कृणोमि ॥अथर्व. १८.२.१९॥

अन्न खेती र दूग्धपदार्थ सेवन गरी बाँच्ने मानिसले विष नभएको खाद्यान्न तयार गर । निरोगी बन । अन्नलाई सुस्वास्थ्यकर बनाऊ । जसरी दूध पिएर हामी शक्तिशाली बन्छैं त्यसैगरी धनधान्यले हामी परिपूर्ण बनौँ । अन्नलाई विष रहित गरौँ अथवा अन्नमा विष न मिलाऔँ ।

सोमेनादित्या बलिनः ॥ऋग्. १०.८५.२॥

अन्नलाई किटाणुरहित बनाइ भण्डारण गर । चन्द्र र सूर्यको प्रकाशबाट बालीनालीले शक्ति प्राप्त गर्दछन् । खेति गर्दा सूर्यको प्रकाश र चन्द्रमाको शीत आवश्यक पर्दछ ।

इषं तोकाय नो दधत् अस्मभ्यं सोम विश्वतः ॥

आ पवस्व सहस्रिणम् ॥ऋग्. ९.६५.२१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अमृतमय रस वर्षा गर्ने हे सोमदेव अन्नलाई विष नभएको बनाइदिनुहोस् ।

कृषन्नित फालमाशितं कृणोति ॥ऋग्. १०.११७.७॥

फाली कुटो कोदालोलाई धारिलो बनाइराख ।

मा वो रिषत् खनिता यस्मै चत्वा खनामि वः ।

द्विपाच्चतुष्पाद् अस्माकं सर्वमस्तु अनातुरम् ॥ ऋग्.१०.३०.२॥

खेति गर्दा अन्न र जमिनको उर्वराशक्ति ननासिने गरी खेति गर्नुपर्दछ । शुद्ध र सिद्ध अन्न फलोस नकि विषाक्त अन्न नफलोस् । विषाक्त अन्नले जनता रोगी नबनुन् । जनतालाई निरोगी बनाइ राख । विषाक्त अन्न खान नदेऊ ।

तेन मणिना अश्विनौ इमां कृषिम् अभिरक्षत ॥अथर्व. १०.६.१२॥

अश्विनी कुमार वैद्यले औषधीद्वारा हाम्रा खानेकुरा र अन्नलाई विषमुक्त र शुद्ध बनाऊन् ।

शतहस्त समाहर सहस्रहस्त संकिरः ॥अथर्ववेद॥

सय हातले कमाऊँ । हजार हातले बाँड । सयहातले पुरुषार्थ गरी धनार्जन गर । हजारहातले दान गर । दान गर्दा खुल्ला हृदयले दान गर ।

कुवन्नेवेह कर्माणि जिजीविषेच्छतं समा... ॥ शु.यजुर्वेद ॥४०.२॥

अल्छी भएर होइन कामै गरेर सय वर्ष बाँच्ने कामना गर ।

घर्मैतत्ते पुरिषं तेन बर्धस्व चाचप्यायस्व बर्धिषीमहि च वयमा चप्यासिषीमही ॥ऋग्. ॥

अन्नद्वारा हामी हृष्टपुष्ट बनौं । हामी बलशाली बनौं । हाम्रो शक्ति सामर्थ्य निरन्तर बढिरहोस् ।

कृषित्फाल आशितं कृणोतिद्र...।ऋग्.॥

कृषिको मुख्य औजार भनेको हलो र फाली नै हुन् । कृषिका मुख्य औजारलाई सुरक्षित राख ।

ऋषिहरूको असारे गीत –

गृमस्ते भूमे वर्षाणि सरद्धेमन्तः शिशिरो वसन्तः ।

ऋतवस्ते विहिता हायानी रहोरात्रे पृथवी नो दुहाताम्॥ अथर्व.॥

गृष्म ऋतुमा पृथिवीमा वर्षा होस् । शरद हेमन्त वसन्त ऋतुहरूमा निरन्तर कृषि कर्म गर्दै अन्नसम्वृद्धिको कामना गर ।

आहार शुद्धौ सत्वशुद्धिः

शुद्ध कमाइको आहार खानाले शरीर र मन पनि पवित्र हुन्छ । आहार शुद्धिद्वारा मन बचन कर्म शुद्धि हुन्छ ।

अन्नादेव खल्विमानि भूतानि जायन्ते अन्नेन जातानि जीवन्ति अन्न. प्रयन्त्यभिसंविशन्तीतिद्र ।

अन्नं न परिचक्षीत । तद्व्रतम् । अन्नं बहुकुर्वीत । तद्व्रतम् । अन्नं न निन्द्यात् । तद्व्रतम् । प्राणो वा अन्नम् ॥ तै.उपनिषद् ॥

अन्नलाई नमीठो भनेर कहिल्यै फ्याँक्नु हुँदैन । अन्नलाई नफ्याँक्नु पनि एउटा व्रत हो । अन्नले सबै प्राणि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्पन्न हुन्छन् । बाँच्दछन् । अन्नलाई नमीठो भनेर कहिल्यै फ्याँक्नु हुँदैन । अन्नको निन्दा गर्नुहुँदैन । यही व्रत हो । अन्न हाम्रो प्राण हो । अन्नबाली अत्यन्त धेरै फलाउनु पर्दछ । अन्न संवृद्धिको महान व्रत त्यही हो । अन्नले चराचर जगतका प्राणिहरू जीवित छन् ।

शतपथ ब्राह्मणले अन्नखेतीलाई तीन तहमा वर्गीकरण गरेको छ :

- ✓ खनजोत राम्ररी गर्नुपर्ने,
- ✓ वीउ विजन कीरा नलागेको हुनपर्ने,
- ✓ वर्षा वा सिचाइको राम्रो प्रवन्ध मिलाएको हुनुपर्नेछ ।

खनजोत, वीऊ र वर्षाको राम्रो व्यवस्था मिलाएमा कृषि उत्पादन धेरैभन्दा धेरै फलदायी हुन्छ भनिएको छ ।

अथैनं विकृषति अन्नं वै कृषि ...॥शत.ब्रा. ७.२.२.७॥

कृषक र कृषि शब्द वेदमा पाइन्छ ।

षड्युक्तान नुसेषिधत् । गोभिर्यवं न चर्कृषत् ॥

१२ वटा गोरुले दाइँ गर्ने विधान वेदमा पाइन्छ ।

अहानि विश्वा ततनन्त कृष्टयः ॥

कृषकले दिनभरि खेतमा काम गरे । अन्न सम्वृद्धिका लागि कर्म गरे ।

सं ग्रामेमिः सनिता सं रथोविलं विश्वामीः कृषि भिर्न अद्य ॥ऋग्. १.१०९॥

कृषकले रथमा चढेर आ-आफ्नो कृषिक्षेत्रको वेलावेलामा निरीक्षण गर्दथे ।

एनामि कृषिस्ततनाम विश्वाः पनाप्मोजो अस्मे समन्वितम्....॥ऋग्.१.१६०.५॥

आकाशले पानी दिने । पृथिवीले उब्जनि दिने । हाम्रा सवै कृषि कार्यको विस्तार र सुरक्षा दिई हामीलाई ऊर्जा बढाइदिने हे प्रकृतिका देवता तपाईलाई नमस्कार छ ।

मित्रो देवेष्वायुषुजनायवृक्तबर्हिषे । इष इस्टव्रता अकः ...॥ऋग्. ३.५९.९॥

पृथिवीमा सूर्यले धान रोपीसकेका जनतालाई उनीहरूले चाहेजति अन्न फलाइदिऊन् ।

शसा मिहान्द्रं यस्मिन् विश्वा आ सोमपाः कृष्टयः काममव्यन्... ॥ऋग्. ३.४९.१॥

कृषि कर्ता ईन्द्र स्वयंको ठूलो इच्छाले सोमयागमा प्रशस्त अन्न खर्च गरे ।

युनक्त सीरा वियुगा. (शु.यजु. १२.६८) **सीरा युञ्जन्ति कवयो युगानि.** (शु.यजु. १२.६७)
सुनावमारुहेयम्.(शु.यजु. २१.७)**येन वहसि सहस्रं.** (शु.यजु. १८.६१) **लाङ्गलं पवीरवत् .**(शु.यजु. १२.७१)
यवानां भागोऽस्य यवानाम्. (शु.यजु. १४.२६) **प्रतिश्रुत्का वा अर्तनं घोषा.** (शु.यजु. ३०.१९)
धान्यमसि धिनुहि.(शु.यजु. १.२) **युञ्जाथां रासभं युवम्.** (शु.यजु. ११.१६).. ॥.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यजुर्वेदको बाह्रौं अध्यायको ६७–७१ मन्त्रहरूमा हलो जुवा हलगोरुद्वारा जमिन जोतेर धान जौ आदिका बीऊ राप्ने त्यो पनि मात्र दुई महिनामा पाक्ने सिरु(श्रृणि) नामको धान रोप्ने कुराको चर्चा गरिएको छ। सूर्य र वायुसँग हाम्रो कृषि उत्पादन राम्रो होस् भनी प्रार्थना समेत गरिएको छ।

समुद्रादूर्मिमधुमाँ उदार दुपांशुना सममृतत्वमानट्. (शु.यजु. १७.८९) **एता अर्षन्ति हृद्यात् समुद्रात् शतव्रजा.** (शु.यजु. १७.९३)... ॥

समुद्रवाट पानीका विन्दुहरू वादलमा मिसिएर घनघोर वर्षा वनी पृथिवीमा झर्दछ।





श्रीवत्स चिह्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृषिका उपकरणहरू







Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृषिका लागि आवश्यक वस्तु

कृषियोग्य भूमि

कृषिका लागि सर्वप्रथम भूमिको आवश्यकता पर्दछ । यस सम्बन्धमा शुक्लयजुर्वेदमा एउटा प्रश्न गरिएको छ - बीऊ रोप्नका लागि उपयुक्त स्थान के हो ? यसको उत्तरका रूपमा भूमि नै बीज रोपणका लागि उपयुक्त स्थान हो भन्ने भाव त्यहाँ व्यक्त भएको छ ।

किं वा वपनं महत् । भूमिरावपनं महत् । यजुर्वेद २३.४५-४६

उपयुक्त भूमि प्राप्त भएपछि मात्र बीऊको आवश्यकता पर्दछ, जसवाट उत्कृष्ट कृषि उत्पादन हुन सकोस् । त्यसैले, यजुर्वेदको भनाइ हो - उत्कृष्ट अन्न दिने किसिमको कृषि कर्म गर ।

सुसस्याः कृषिस्कृधि । यजुर्वेद ४.१०

अश्माचमे मृत्तिकाचमे गिरियचमे पर्व्वताश्च्चमे सिकताश्च्चमे व्वनस्प्पतयश्च्चमे
हिरण्ण्यञ्चमेयश्च्चमे श्यामञ्चमे लोहञ्चमे सीसञ्चमेत्त्रपुचमे यज्ञेनकल्प्पन्ताम् ।

शुक्लयजुर्वेद १८.

सुन्दर पाषाण र श्रेष्ठ माटोले युक्त उब्जाउ भूमि आदि पर्वतहरू, हिमालय आदि विशाल पर्वत, सुन्दर रेतिलो भूमि, वनस्पति, औषधि, लतागुल्म, फलाम, तामा, सुन, काँसो, सिसा यज्ञका लागि कल्पना गरिएका यी सबै वस्तु मेरा लागि फलका रूपमा प्राप्त हुन् ।

हलो र गोरु



कृषिकार्यका लागि उत्कृष्ट भूमिका साथै उत्कृष्ट बीऊ, हलो/ कोदालो, गोरु र किसानको आवश्यकता पर्दछ । अथर्ववेदमा ९ ओटा मन्त्रको एउटा पूरै सूक्त कृषिकर्मसँग सम्बन्धित छ । यी मन्त्रहरूमा अधिकांश मन्त्र ऋग्वेद र यजुर्वेदमा पनि प्रयोग भएका छन् । अथर्ववेदको कथन छ -

१) कृषिका जानकार विद्वान्हरू अन्नसमृद्धिका लागि हलोहरूलाई जोत्छन् । हलो नजोत्नेलाई र कृषिकार्य नगर्नेलाई विद्वान् भन्न सकिन्न ।

सीरा युज्यन्ति कवयो युगा वि तन्वते पृथक् ।
धीरा देवता सुम्नयौ ॥ -अथर्ववेद ३.१७.१.यजुर्वेद १२.६७

२) हलो तयार गर । जुवामा गोरुलाई बाँध । तयारी गरिएको भूमिमा बीऊ छर । अन्नको उपज

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रा लागि भरिपूर्ण होओस् । कृषिउपज तयार भएपछि त्यसलाई हँसियाले काटेर पाकेको अन्न घर लिएर आओ ।

युनक्त सीरा वि युगा तनोत, कृते योनौ वपतेह बीजम् ।

विराजः नुष्टिः सभरा असन्नो, नेदीय इत् सृण्यः पक्वमा यवन् ॥

अथर्ववेद ३.१७.२., ऋग्वेद १०.१०१.३, यजुर्वेद १२.६८ ।

३) हलो बज्रसमान कठोर र चलाउन सहज हुनुपर्छ । यस किसिमको हलो नै अन्नसंमृद्धिद्वारा गोरु जोत्ने कार्य गर्नुपर्दछ । कृषिकार्यका लागि गोरु आवश्यक भएकोले गौको रक्षा पनि महत्त्वपूर्ण मानिएको छ ।

लाङ्गलं पवीरव सुशीमं सोमसत्सरु० । अथर्ववेद, ३.१७.३, यजुर्वेद १२.७१ ।

४) जोतिएको भूमिलाई ईन्द्रको वृष्टिद्वारा पुष्ट गरौं । पूषा (सूर्य)ले त्यसलाई रक्षा गर्नुहोस् । त्यस्तो भूमिमा प्रत्येक वर्ष उत्कृष्ट रसयुक्त अन्न प्राप्त होस् ।

इन्द्रः सीतां निगृह्णातु, तां पूषाऽभि रक्षतु ।

सा नः पयस्वती दुहाम्, उत्तरामुत्तरां समाम् ॥ अथर्ववेद, ३.१७.४, ऋग्वेद ४.५७.७

५) हलोको फालीले भूमिलाई सजिलै जोतोस् । किसानहरू गोरुको पछि-पछि हिँडून् । त्यसबाट प्रसन्न भएर वायु र सूर्यले उत्कृष्ट फलयुक्त बिरुवा उत्पन्न गरुन् र ती बिरुवाहरूले उत्कृष्ट उत्पादन गरुन् ।

शुनं सुफाला वि तुदन्तु भूमिं, शुनं कीनाशा अनु यन्तु वाहान् ।

शुनासीरा हविष तोशमाना, सुपिप्पला ओषधीः कर्तमस्मै ॥

-अथर्ववेद ३.१७.५, ऋग्वेद ४.५७.८, यजुर्वेद १२.६९ ।

६) गोरुहरू सुखी रहून् । गोरु जोत्ने विद्वान्हरू सुखी रहून् । हलोले सजिलै जोत्न सकोस् । जुवा आदिमा प्रयोग हुने डोरी राम्रोसँग बाँधिऊन् । सबैको सही किसिमले उपयोग गरियोस् ।

शुनं वहाः शुनं नरः शुनं कृषतु लाङ्गलम् । शुनं वरत्रा बध्यन्तां, शुनमष्ट्रामुदिङ्गय ॥

-अथर्ववेद, ३. १७, ऋग्वेद ४.५७.४ ।

७) हे वायु सूर्य हाम्रो यज्ञलाई स्वीकार गर । आकाशमा जुन जल छ, त्यो जलको वृष्टिले पृथिवीलाई सिञ्चित गर ।

शुनासीरेह स्म मे जुषेथाम् ।

यद् दिवि चक्रथुः पयस्तेनेमामुप सिञ्चताम् ॥ -अथर्ववेद, ३.१७.७ ऋग्वेद ४.५७.५

८) हे जोतिएको भूमि (सीता) हामी तिमीलाई अभिनन्दन गर्दछौं । तिमी हाम्रा लागि अनुकूल होऊ । साथै, हामीलाई उत्कृष्ट कृषि उपज देऊ ।

सीते वन्दामहे त्वार्वाची सुभगे भव ।

यथा नः सुमना असो यथा नः सुफला भुवः । अथर्ववेद, ३.१७.८, ऋग्वेद, ४.५७.६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त मन्त्रहरूबाट निम्नानुसारका तथ्य प्रकाशमा आउँछन् :

- ✓ बीऊ रोप्नुअघि खेतलाई सही रूपमा तयारी गर्नुपर्छ ।
- ✓ कृषिकर्मका लागि कृषक, हलो र गोरुको आवश्यकता पर्छ ।
- ✓ हलोको फाली अत्यन्त राम्रो एवं उपयोगी हुनुपर्छ । यो कडा किसिमको र तीखो हुनुपर्छ ।
- ✓ गोरुहरूलाई जुवामा राम्रोसँग डोरीले बाँध्नुपर्छ । त्यसका लागि डोरी बलियो हुनु आवश्यक छ ।
- ✓ सही रूपमा जोतिएको भूमिमा राम्रो तरिकाले बीऊ रोप्नुपर्छ ।
- ✓ समयानुकूल वर्षाका लागि यज्ञ गर्नुपर्छ ।
- ✓ कृषिका लागि जलवायुको अनुकूलता आवश्यक पर्छ । समयमै वर्षा हुनुपर्छ, जसबाट उत्कृष्ट अन्न उत्पादन हुन सक्छ । खेती तयारी भएपछि त्यसलाई हँसियाले काट्नुपर्छ ।
- ✓ कृषि उत्कृष्ट कार्यअन्तर्गत पर्दछ । राजा एवं विद्वान्‌हरूले पनि कृषिकर्म गर्दथे ।
- ✓ कृषिकर्मबाट उत्पन्न भएको अन्नले मानिस एवं सबै पशुपक्षीहरूलाई पुष्ट गर्दछ ।
- ✓ पृथिवी अन्नदात्री हुन्, त्यसैले पृथिवीलाई मातासमान आदरसम्मान गर्नुपर्दछ । पृथिवीलाई सम्मान गर । यी रसवती र गन्धवती पनि छिन् ।

भूमिका प्रकार

वेदमा कृषिका लागि उर्वरा भूमिको प्रयोग गरिएको छ । यस्तो भूमिलाई हलोले जोतिन्छ । उत्कृष्ट बीऊ रोपिन्छ, छरिन्छ । रातो माटो भएको पहेलो माटो भएको फुस्रो माटो भएको सेतो माटो भएको कालो माटो भएको भूमिको व्याख्या पाइन्छ । कुन प्रकारको बीऊ रोप्ने हो त्यस सम्बन्धित माटो बीऊ परीक्षण गर्नु पर्दछ । जमरा राख्ने आश्विन शुक्ल प्रतिपदा चैत्र शुक्ल प्रतिपदाका दिन जमरा राख्ने विधान भनेको माटोमा कुन प्रकारको बीऊ राम्रोसँग उम्रिन सक्न भन्ने परीक्षण पनि हो । जमराको विधान पनि नयाँ पुष्प पालुवा आदिको परिक्षणबाट उर्वरा भूमिको माटो परीक्षणको विधान हो । भगवती अन्नापूर्णा र बीऊको अन्योन्यास्रित सम्बन्ध छ ।



यथा बीजमुर्वरायां कृष्टे फालेन रोहति । अथर्ववेद, १०.६.३३

उर्वरा भूमिमा उत्पन्न हुने अन्नलाई 'उर्वर्य' भनिन्छ ।

नम उर्वर्याय । -यजुर्वेद, १६.३३

जुन भूमि कृषियोग्य छैन, त्यसलाई ऊषर अथवा इरिण (ऊसर, बाँझो) भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असौ च या न उर्वरा । ऋग्वेद, ८.९१.६

ऊषरं क्षेत्रम् (सायण) । इरिणानु । अथर्ववेद, ४.१५.१२

यस किसिमको भूमिमा क्षारमृत्तिका (नूनिलो) हुने भएकाले कृषिका लागि उक्त भूमि त्यति उपयोगी मानिँदैन । गुलियो अमिलो पिरो टर्रो आदि माटोको स्वादको सम्बन्ध दर्शाइएको पाइन्छ ।

बीऊ, भूमि र वर्षा

ऋग्वेदमा उत्कृष्ट अन्नका लागि उत्कृष्ट कोटिको बीऊ हुनुपर्नेमा जोड गरिएको छ । त्यसैलाई दृष्टिगत गरी किसानहरूले उत्कृष्ट बीऊ रोप्दछन् ।

वपन्तो बीजमिव धान्याकृतः । -ऋग्वेद, १०.९४.१३ ।

अथर्ववेदमा अन्नका लागि उत्कृष्ट भूमि र वर्षाको आवश्यकताबारे पनि चर्चा गरिएको छ । वर्षाले भूमिको उर्वरा शक्तिलाई बढाउँछ । यही अन्न नै सम्पूर्ण प्राणीहरूका लागि जीवनको प्रमुख आधार हो ।

यस्यामन्नं व्रीहियवौ यस्या इमाः पञ्चकृष्टयः ।

भूम्यौ पर्जन्यपत्न्यै नमोऽस्तु वर्षमेदसे । -अथर्ववेद, १२.१.४२ ।

बीऊ रोप्ने तरिका



बीऊ रोप्नुअघि भूमि परिष्कार हुनु आवश्यक छ । भूमिबाट घाँस, ढुङ्गा, काठ आदिलाई काटेर/निकाल्नु पहिलो आवश्यकता हो. । यसै विषयलाई दृष्टिगत गर्दै शुक्लयजुर्वेदमा भनिएको छ - भूमि परिष्कार गरिसकेपछि बीऊ रोप्नुपर्छ । बीऊ राख्ने ड्याङ् बनाउने बीऊको रक्षा गर्ने उम्रेको बीऊलाई उर्वरा भूमिमा रोप्ने बीऊहरू रोप्ता समदुरीका साथै उत्पादिन वृक्ष वनस्पतिको उचाइ त्यसले ढाक्ने क्षेत्रफलका कृषकलाई ज्ञान हुन आवश्यक रहेको छ ।

कृते योनौ वपतेह बीजम् । -यजुर्वेद १२.६८ ।

यजुर्वेद एवं अथर्ववेदका अनुसार बीऊ रोप्नुअघि जोतिएको भूमिमा मलखादको प्रशस्त प्रयोग गर्नुपर्छ । यसबाट भूमिको उर्वराशक्ति बढ्छ ।

घृतेन सीता मधुना समज्यताम्,

ऊर्जस्वती पयसा पिन्वमाना । -यजुर्वेद, १२.७० । अथर्ववेद ३.१७.९ ।

खेती उर्वरा बनाउन घिउ, मह, दूध मिसाएर खेती माटोमा सम्मार्जन गर्नुपर्छ । यसबाट खेती उर्वरा हुन्छ ।

यसैगरी वेदमा बीऊका विषयमा भनिएको छ - बीऊ छर्नुपूर्व त्यसलाई पानीमा भिजाउनुपर्छ । त्यसमा औषधि पनि राख्नुपर्छ । यसबाट बीऊमा औषधिको शक्ति आउँछ, त्यसको गुणवत्तामा पनि विकास हुन्छ । उर्वराशक्ति बढ्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कलमी प्रक्रिया

वैदिक कृषिमा एक वीजलाई अर्को वीजसँग सूक्ष्म सङ्क्रमण गरी उत्पादन बढाउने प्रक्रिया रहेको छ । कुनै वृक्षको मूल स्कन्द र अर्को वृक्षको टुप्पोको भाग जोडेर कलमी गरेर उत्पादन बढाउन सकिन्छ। पीपलको स्कन्द वरको हाँगो जोडेर वर उत्पादन गर्न सकिन्छ । कुन परिवारको वृक्षवनस्पति हो त्यसै परिवारसँग मात्र कलमी गर्नु पर्दछ। वनस्पतिहरूको पनि एक परिवार रहेको छ। वनस्पतिहरूमो पनि पुरुषकारक स्त्रीकारक नपुङ्सककारक उभयोलिङ्गी, द्वयोलिङ्गी परिवारका वनस्पतिहरू रहेका छन् । उत्पादन वृद्धिका लागि स–साना विरुवाहरूलाई विकास गर्ने मल खाद पानी सूर्यको किरणको सन्तुलन चाहिन्छ भन्ने सन्दर्भ रहेको छ । वैदिक कृषिमा स–साना टुसा (टिस्यू) विकासको प्रक्रियाको सन्दर्भमा चर्चा भएको छ । टुसा विकासबाट वृक्ष निर्माण उत्पादन वृद्धिका सुक्तहरू वैदिक बाङ्मयमा पाइन्छ ।

एउटा वनस्पतिलाई अर्को वनस्पतिसँग समन्वय मिलाइ वृक्षलाई स–साना विरुवामा विकास गर्न सकिन्छ । वनमा पाइने लतागुल्म वनस्पति घरबाहिर लगाउने घरभित्र लगाउने विभिन्न प्रकारका फल्नेफूल्ने वनस्पतिको चर्चा भएको छ । वीजलाई विकास गर्न शुद्ध पार्न भण्डारण निर्माणको प्रक्रियाका विषयमा पनि चर्चा पाइन्छ । कुनै पनि वीजलाई सुरक्षित राख्नु कृषकको प्रमुख दायित्व हो ।

कलमी गरेका वनस्पतिहरूमा स्कन्द जुन प्रजातिको हुन्छ त्यसको गुण धर्म कलमी गरेर फलाइएका फलफूलहरूमा प्रशस्त पाइन्छ । आँपलाई अरू कुनै प्रजातिको फेदसँग सङ्क्रमण (कलमी) गऱ्यो भने त्यसको गुण धर्म त्यसमा जस्ताको जस्तै सर्दछ ।

आचार्य कौटिल्य भन्दा पूर्वका आचार्यहरूले हजारौहजार वर्ष पहिलको कृषि अर्थशास्त्रको चर्चा गरेका छन् । नेपालमा कपिल, कणाद, जैमनि, व्यासआदि ऋषिहरूले वैदिक कृषि र त्यसका सम्भावना आर्थिक विनिमयका विषयमा चर्चा गरेका छन्। कौटिल्य अर्थशास्त्रको 'सीताध्यक्ष' प्रकरणमा कृषिसम्बन्धी विभिन्न उपयोगी विषयबारे व्याख्या गरेका छन् । कृषिबारे उनको कथन छ- धानको बीऊलाई सात दिनसम्म रातको ओसमा र दिउँसोको घाममा राख्नुपर्छ। मुग आदि बीऊलाई पनि यसैगरी तीन दिन-रात एवं पाँच दिन-रात राख्नुपर्छ ।

तुषारपायनम् उष्णशोषणं चासप्तरात्रादिति धन्यबीजानाम् ।

त्रिरात्रं पञ्चरात्रं वा कोशीधान्यानाम् । कौ०अर्थशास्त्र ।

बीऊ रोप्नुभन्दा पहिले चन्द्रमाको किरणमा बीऊलाई देखाउनुपर्दछ । तीन रात्रि, सात रात्रि, पाँच रात्रि, एकरात्रि सुँनपानीमा बीऊलाई भिजाएर राख्नुपर्दछ ।

प्रजापतये काश्यपाय देवाय नमः सदा ।

सीता मे ऋध्यतां देवी बीजेषु च धनेषु च ॥ कौ०अर्थशास्त्र ।

हे प्रजापति, धर्ती, काश्यपी तिमीलाई नमस्कार छ । उत्कृष्ट बीऊहरूलाई ग्रहण गर, उमार, वीजलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शक्तिशाली बन्न सहयोग गर । ती बीजहरूले उत्कृष्ट फल उत्पादन गरुन् र हामी समृद्धशाली बनौं ।

यसका अतिरिक्त आचार्य कौटिल्यले कुन भूमिका लागि कस्तो अन्न उपयुक्त भन्ने विषयमा समेत प्रशस्त चर्चा गरेका छन् । कुन ऋतुमा कहाँ कुन अन्न उपयोगी हुन्छ ? उत्कृष्ट अन्न उत्पादनका लागि कस्तो वातावरण उपयोगी हुन्छ ? वर्षा र गर्मीको कत्तिको आवश्यकता पर्दछ भन्ने आदि विषयमा पनि उनले चर्चा गरेका छन् । उनले सिँचाइलाई उल्लेख गरेका छन् । त्यही सिँचाइको सुविधालाई हेरेर नै कृषिकार्य गर्नुपर्ने सुझावसमेत उनले दिएका छन् । यसैगरी कुन अन्नलाई वर्षाअघि र कुन अन्नलाई वर्षापछि बीऊ छर्नुपर्छ भन्ने विषयमा समेत उनले चर्चा गरेका छन् ।

ततः प्रभूतोदकम् उष्णोदकम् अल्पोदकं वा सस्यं वापयेत् । - कौ. अर्थशास्त्र, पृष्ठ २४३

छरिने बीऊलाई मन्द तातो र चिसो पानीमा भिजाऊ । त्यस बीऊलाई छर्नयोग्य मानिएको छ । बीऊ रोप्नुभन्दा पहिले औषधि मिस्रित जलले बीऊलाई भिजाएर छर्नुपर्दछ ।

धूम, अभ्र एवं मेघ

शुक्लयजुर्वेदमा उल्लेख गरिएको छ - यज्ञबाट मेघ (बादल) बन्दछ । मेघ आकाशमा रहन्छ र वर्षाका रूपमा पृथिवीमा बर्सिन्छ ।

यज्ञ इन्द्रमवर्धयद् यद् भूमिं व्यवर्तयत् । चक्राण ओपशं दिवि । -ऋग्वेद० ८.१४.५

सायणले यो मन्त्रको अर्थ यस्तो गरेका छन्- यज्ञले ईन्द्र (मेघ)लाई बढाउँछ । उक्त मेघ अन्तरिक्षमा गएर शयन गर्दछ र भूमिमा वर्षाको रूपमा फर्किएर आउँछ । यजुर्वेदका अनुसार सूर्यका किरण नै वृष्टिका लागि मुख्य कारण हुन् । सूर्यको किरणले समुद्रबाट बाफका रूपमा पानीलाई माथितिर तान्छ र त्यसैबाट वृष्टि गराउँछ ।

सूर्यस्य रश्मये वृष्टिवनये । -यजुर्वेद, ३८.६ ।

सूर्यको प्रकाश र वायुको चापबाट वृष्टि उत्पन्न हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक कृषिकर्म

कृषिका लागि विशेषगरी निम्नलिखित पदार्थ आवश्यक हुन्छन्-

१. उर्वरा भूमि

२. उत्कृष्ट बीउ

३. सूर्यको किरण

४. स्वच्छ वायु

५. जल

६. खेतको सुरक्षा कीटादि निवारण

७. मल (माटोको उर्वराशक्ति बढाउने तत्त्व)

वेदमा यी वस्तुहरूका लागि स्पष्ट रूपमा निर्देश गरिएको छ।

१. उर्वरा भूमि

कृषिका लागि सर्वप्रथम उर्वरा भूमिको आवश्यकता पर्दछ। उर्वरा भूमिमा छरिएको बीउ सही रूपमा निस्किन्छ र त्यसले उत्कृष्ट उत्पादनसमेत दिन्छ। अथर्ववेदका अनुसार उर्वरा भूमिमा छरिएको बीउ सही रूपमा बाहिर निस्कन्छ। त्यसकारण त्यहाँ यस्तो भूमिलाई नमस्कार गरिएको छ।

यथा वीजमुर्वरायां कृष्टे फलेन रोहति। -अथर्ववेद १०.६.३३

नम उर्वर्याय। -यजुर्वेद १६.३३

२. उत्कृष्ट बीऊ

कृषिकार्यका लागि भूमिपछि उत्कृष्ट र उर्वरा बीउलाई लिइन्छ। जब उत्कृष्ट बीउ प्राप्त हुन्छ, त्यसपछि मात्र त्यसबाट उत्पादित अन्न पनि उत्कृष्ट नै हुन्छ। त्यसकारण यजुर्वेदमा भनिएको छ - भूमिलाई सही रूपमा परिष्कृत गरेर बीउ रोप्नुपर्छ।

कृते योनौ वपतेह वीज। -यजुर्वेद १२.६८।

ऋग्वेदमा किसानहरूले शुद्ध भूमिमा बीउ रोप्छन् भनिएको छ।

वपन्तो बीजमिव धान्याकृतः। -ऋग्वेद १०.१४.९३।

३. सूर्यको किरण

कृषिका लागि सूर्यको किरणको आवश्यकता अनिवार्य मानिएको छ। यदि रुख, वनस्पति, लतागुल्म आदिलाई सूर्यको पर्याप्त मात्रामा किरण प्राप्त हुँदैन भने तिनीहरू राम्रोसँग बढ्न सक्दैनन्। सूर्यको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किरणबाट नै उनीहरूले ऊर्जा प्राप्त गर्दछन् । उनीहरूलाई त्यसबाट पौष्टिक आहारका रूपमा भोजन प्राप्त हुन्छ । यजुर्वेदको कथन छ - सूर्यका किरणहरू बीउको उत्पत्ति र त्यसको वृद्धिका कारण हुन् ।

तस्यां नो देवः सविता धर्मं साविषत् । -यजुर्वेद १८.३०

४. वायु

कृषिका लागि वायुको आवश्यकता पनि अपरिहार्य छ । वायुबाट विशेषरूपमा वनस्पतीय पोषक आहार (कार्वनडाइअक्साइड)को आवश्यकता हुन्छ । यसबाट सबै वृक्ष वनस्पतिहरूलाई एकप्रकारले पोषक ऊर्जा एवं अर्को अक्सिजन/प्राणवायु मिल्दछ । उनीहरूले वनस्पतीय पोषक आहार (कार्वनडाइअक्साइड) लिन्छन् र जैविक प्राणवायु (अक्सिजन) उत्सर्जन गर्दछन् । त्यसैले, यजुर्वेदमा कृषिका लागि आवश्यक जल एवं वायुलाई एकैसाथ उल्लेख गरिएको छ । मन्त्रमा समुद्र एवं वायु तथा जल र वायुको उल्लेख गरिएको छ ।

समुद्राय त्वा वाताय स्वाहा । सरिराय त्वा वाताय स्वाहा । -यजुर्वेद, ३८.७

५. जल एवं वर्षा

शुक्लयजुर्वेदमा कृषिका लागि आवश्यक समयमा वर्षा हुनुपर्ने मन्त्रहरूमा उल्लेख भएको छ । सिँचाइका लागि विभिन्न साधन जलस्रोत नदी, कुवा, तलाउ, इनार आदिमा जल सञ्चय गरेर राख्नुपर्ने विषयमा समेत सबैलाई सचेत गराएको छ । त्यसैले, यजुर्वेदमा राष्ट्रिय प्रार्थनाका रूपमा **'आब्रह्मन ब्रह्मबर्चीसि...'** भनेर आवश्यक समयमा वर्षाको आवश्यकताको बोध गरिएको छ ।

निकामे निकामे नः पर्जन्यो वर्षतु । -यजुर्वेद २२.२२

अथर्ववेदमा भूमिलाई 'पर्जन्यपत्नी' एवं 'वर्षमेदस्' भनिएको छ ।

भूम्यौ पर्जन्यपत्न्यै नमोऽस्तु वर्षमेदसे । -अथर्ववेद, १२.१.४२

मेघ एवं वृष्टि नै पृथ्वीका पालक हुन् भन्ने प्रस्तुत मन्त्रको अभिप्राय हो । वर्षाबाट नै पृथिवीलाई जीवनशक्ति मिल्छ । यसबाट भूमि कृषियोग्य हुन्छिन ।

६. कीटादि निवारण

उत्कृष्ट भूमि एवं उपयोगी बीउ हुँदाहुँदै पनि यदि खेतको सुरक्षा गरिँदैन भने त्यहाँ राम्रो उत्पादन हुँदैन । त्यसैले, सुरक्षा अत्यावश्यक छ । सुरक्षाद्वारा नै उत्कृष्ट किसिमको कृषि उत्पादन गर्न सकिन्छ । यजुर्वेदमा भनिएको छ - हाम्रो कृषि उत्कृष्ट फलयुक्त होस् ।

...फलवत्यो न ओषधयः पच्यन्ताम्... । -यजुर्वेद, २२.२२

यजुर्वेदमा अन्यत्र पनि एउटा मन्त्रमा चार शब्दद्वारा कृषिको प्रक्रियाबारे व्याख्या गरिएको छ । सू, प्रसू, सीर एवं लय यी चार शब्द हुन् ।

...सूश्च मे प्रसूश्च मे सीरञ्च मे लयश्च मे... । -यजुर्वेद १८.७

सूको अर्थ हो - उत्पादन क्षमतावाला एवं उत्कृष्ट बीउ । प्रसूको अर्थ हुन्छ - प्रसव, उत्पादन एवं फलयुक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धान्य अर्थात् उत्कृष्ट उत्पादन । सीरको अर्थ हुन्छ - हलो अर्थात् हलोको प्रयोगबाट उत्पन्न भएको धान्य आदि अन्न । लयको अर्थ हुन्छ - कृषिनाशक तत्त्वहरूको नाश गर्नेवाला । यसप्रकार कृषिका लागि आवश्यक हुन् - उत्कृष्ट बीउ, उत्कृष्ट उत्पादन, सफल कृषि एवं कीराफटयाङ्ग्रा आदि नाश गर्ने ।

६. कृषिनाशक ...

कृषिलाई हानीनोक्सानी पुऱ्याउनेलाई 'इति' भनिन्छ । अथर्ववेदको एउटा सूक्तका तीनओटा मन्त्रमा कृषि-नाशक जीवाणुको बारेमा उल्लेख भएको छ । यिनलाई सर्वथा नष्ट गर्नुपर्ने पनि त्यहाँ उल्लेख गरिएको छ । मन्त्रमा उल्लेख गरिएको छ - कृषिका नाटक कीटपतङ्ग (कीराफटयाङ्ग्रा)हरूलाई नष्ट गर । बाली खान आउने मुसालाई नष्ट गर । यिनीहरूको शिर काट र ढाढ भाँचिदेऊ । यिनीहरूको मुख बाँधिदेऊ, जसबाट यिनीहरूले जौ खान नसकून् । यसप्रकार धान्य आदि बालीको रक्षा गर ।

हतं तदं समङ्कमाखुम् अश्विना छिन्तं शिरः... ।

अथाभयं कृणुतं धान्याय । -अथर्ववेद ६.५०.१

७. मल (माटोको उर्वराशक्ति बढाउने)

वेदमा कृषिलाई उब्जाउ बनाउनका लागि मलको प्रयोगलाई अनिवार्य मानिएको छ । मलका लागि करीष, शकन एवं शकृत (गोबर)को उल्लेख गरिएको छ ।

...गोष्ठे करीषिणीः । -अथर्ववेद ३.१४.३

शकमयं धूमम् । -ऋग्वेद १.१६४.४३

गोबर प्रायः गाई, बाछा, गोरुको हुनु अझ बढी उपयोगी हुने कुरा बताइएको छ । अथर्ववेदमा मललाई फलवती भनिएको छ ।

...करीषिणीं फलवतीं स्वधाम्...। -अथर्ववेद १९.३१.३

यसबाट हामी स्पष्ट हुन सक्छौँ कृषिका लागि मलको उपयोगिता अपरिहार्य छ ।

पिना– तेल निस्कने तिल सरसौ तोरी आलस कागुनी टिम्मुर विभिन्न प्रकारका औषधीय गुण धर्म भएका वनस्पतिहरूको पिना (छोक्रा)लाई मोहीसँग मिसाएर पातलो लेदो बनाएर कुनै पनि लहरा आउने फल्ने फूल्ने वनस्पतिहरू रोप्नुभन्दा पहिलो सानासाना खाडल बनाएर एकहप्तासम्म त्यो मल त्यो खाडलमा पुरेर राख्ने त्यसपछि त्यहाँ बीउ रोपिदिने । त्यो उर्वराको हिसाबले अत्यन्त फदायि हुन्छ । पिनालाई मसिनो धूलो बनाएर कुनै पनि बीउसारेका तीन देखि सातदिन भित्र त्यसको फेदमा वनस्पतिको पोषक खाद मल हाल्यो भने अत्यन्त राम्रो हुन्छ ।

वैदिक कृषिमा खाद मल बनाउने, बीउ सुरक्षा गर्ने, खेतीपाती वृद्धि गर्ने प्रशस्तै सूक्तहरू पाइन्छन् ।

कृषिका साधन

वेदमा कृषिका लागि आवश्यक सरसामान/साधनका विषयमा समेत वेदमा उल्लेख गरिएको छ -

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१. **हलो -** वेदमा हलोका लागि लाङ्गल एवं सीर शब्दको प्रयोग गरिएको छ ।

२. **सीता, फाली -** वेदमा हलोको जोत्ने भाग फालीलाई जनाउन सीता अथवा फाल शब्दको प्रयोग गरिएको छ । -अथर्ववेद ३.१७.५ ।

३. **इषा, युग, वरत्रा -** हलोमा लाग्ने हरिषलाई वेदमा ईषा शब्दले सम्बोधन गरिएको छ । यसको तल्लोभागमा फलामको फाली अवस्थित हुन्छ । यसको माथि जुवा (युग) राखिन्छ । हलो र जुवालाई डोरीले बाँध्ने चलन छ । -अथर्ववेद २.८.४ ।

४. **अष्ट्रा/लठ्ठी र ठेडी (चुकुल) -** किसानले कृषिको समयमा जुन साधन या लठ्ठीले गोरुलाई काममा उत्प्रेरित गरिन्छ त्यसलाई वेदमा अष्ट्रा भनिन्छ । (अष्ट्रा - लठ्ठी, चुकुल र ठेडी ।)

-अथर्ववेद ३.१७.६ ।

५. **गोरु -** गोरुका लागि वेदमा 'वाह' शब्दको प्रयोग गरिएको छ । अथर्ववेद एवं काठकसंहितामा ६, ८ र १२ ओटा जुवा भएको ठूलो हलोको समेत चर्चा पाइन्छ । एउटा जुवामा दुईओटा गोरु लाग्छन् । यसैगरी १२, १६ एवं २४ गोरु भएको ठूलाठूला हलोहरू पनि काममा आउँथे ।

-अथर्ववेद, ६.९१.१ । काठकसंहिता १५.२ ।

सिँचाइका साधन

ऋग्वेद, यजुर्वेद, अथर्ववेद र तैत्तिरीयसंहितामा सिँचाइका साधनहरूबारे पर्याप्त मात्रामा विवरण पाइन्छः-

क. वर्षाको जलबाट सिँचाइ

ख. कुलो/नहरहरूबाट सिँचाइ

ग. नदीहरूको जलबाट सिँचाइ

घ. तलाउको जलबाट सिँचाइ र कुवा आदिको सिँचाइबारे ती ग्रन्थहरूमा विश्लेषण पाइन्छ ।

अन्नका प्रकार

यजुर्वेद एवं तैत्तिरीयसंहितामा अन्नका दुईप्रकार उल्लेख गरिएको छ । यसका लागि "कृष्टपच्य" र "अकृष्टपच्य" शब्द प्रयोग गरिएको छ । गहुँ, धान आदि जो कृषिबाट उत्पन्न हुन्छन्, यसका लागि कृष्टपच्य शब्दको प्रयोग गरिएको छ । जो कृषि विना उत्पन्न हुन्छन्, तिनका लागि अकृष्टपच्य शब्दको प्रयोग गरिएको छ । जस्तै, जङ्गली धान, सामा वनकेरा जङ्गलमा हुने विभिन्न प्रकारका फलफूल आदि ।

-यजुर्वेद १८.१४, -तैत्तिरीयसंहिता ४.७.५ ।

यसैगरी अन्नका भेद उल्लेख गर्ने क्रममा वेदमा "वर्ष्य" र "अवर्ष्य" शब्दको पनि प्रयोग गरिएको छ । वर्षावाट उत्पन्न हुने अन्नलाई वर्ष्य र विनावर्षा उत्पन्न हुने अन्नलाई अवर्ष्य भनिन्छ । अवर्ष्य अन्न कुवा, नदी किनार र उर्वरा भूमिमा आफैँ उत्पन्न हुन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मास र तिल

तैत्तिरीयसंहितामा अन्नहरूलाई काट्नेदेखि लिएर बालीसम्मका विषयमा उल्लेख गरिएको छ। यससम्वन्धमा ग्रीष्म ऋतुमा काट्ने बालीको बारेमा उल्लेख गरिएको छ। यसअन्तर्गत जौ, गहुँ मुख्य रूपमा आएका छन्। यसैगरी शरद्मा काट्ने बालीका बारेमा पनि उल्लेख गरिएको छ। यसमा विशेषगरी धानलाई जोड दिइएको छ।

यवं ग्रीष्माय, व्रीहिन् शरदे०। -तैत्तिरीयसंहिता ७.२.१०.२।

हेमन्त एवं शिशिरमा काट्ने बालीअन्तर्गत मास एवं तिललाई जोड दिइएको छ।

अन्नहरूको नाम



वेदमा अन्न चर्चा

१. व्रीहि (धान) Oryza granulata
२. यव (जौ) Hordeum vulgare
३. मास (मास) Vigna mungo
४. तिल (तिल) Sesemum sesame
५. मुद्ग (मुङ) Phaseolus mungo
६. खल्व (चना) Cicer aurantium
७. प्रियङ्गु (कागुनी) Setaria italica
८. अणु (मसिनो धान) Oryza sativa
९. श्यामाक (सामा धान) Oryza sama
१०. नीवार (निवारो) Oryza nivara
११. गोधूम (गहुँ) Triticum aesetivum
१२. मसुर (मुसुरो) Lens culinaris

वेदमा विभिन्न प्रकारका अन्नहरू ऋतु अनुसार लगाउने विधान छ। ६वटा ऋतुमा प्रकृतिको गुणसँग मिल्ने कृषि गर्ने विधान पाइन्छ।

नेपालमा हजारौ प्रजातिका धानहरू पाइन्छन्। अर्यजा, रातो अनदी, सेतो अनदी, मन्सरा, आगा, रविजाडो, दर्पणी, कोदेगुण्डुरा, भैंसे गुण्डुरा, जेठो बुढो, रातो मार्सी, स्वयतभा, अटे, चन्दन चुर आदि।

सुगन्ध दिने धानहरूमा वासमती रातो, सेतो बासमती, कालो वासमती, स्वर्णभा, सौर्यजा, वागमतिजा, ईन्द्रजा, भर्गजा, विष्णुजा, रुद्रजा, कोशजा, राधजा, लालधोजे आदि धान नेपालका रैथाने धान हुन्।

व्रीहयश्च मे यवाश्च मे। -यजुर्वेद १८.१२, -तैत्तिरीयसंहिता ४.७.४.२।

वेदमा विविध प्रकारका वनस्पति अन्न आदिको चर्चा भएको पाइन्छ। यहाँ केही यज्ञमा प्रयोग हुने अन्नहरूको विषयमा मात्र चर्चा गरिएको छ। यज्ञमा प्रयोग हुने धान जौ तिल कागुनो आदि नेपाली मौलिक परम्पराका उत्पादन हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि र यज्ञ



अन्नको वृद्धि भएपछि सम्पूर्ण कर्महरू सिद्ध हुन्छन् । मानवको जन्मदेखि मृत्युसम्मका सोह्र संस्कार या ४२ संस्कार सबै संस्कारहरूमा तिल जौ अक्षता कुश अग्नि गाई विभिन्न प्रकारका वनस्पति समिधा आदिको प्रयोग भएको छ । गर्भाधान संस्कारमा हवन गर्दा अग्नि समिधा र घिउको आहुति दिने विधान छ । सबै सस्कारमा आगो बाल्ने होम गर्ने तिल, जौ चामलको प्रयोग गर्ने विधान पाइन्छ । यी सबै यज्ञका लागि बनेका अन्नहरू हुन् । यज्ञ नै मानव जिवनको कल्याणकारी मार्ग हो । यज्ञ नगरि कुनै पनि कार्य सिद्ध हुनसक्दैन । सबै प्रकारको संस्कारको यज्ञ अनिवार्य रहेको छ ।

सृष्टिचक्रलाई चलाउन जति पनि वृक्ष वनस्पति लता गुल्म जेजति छन् सबै यज्ञका लागि परिकल्पित छन । धर्तिमा मानवको उन्नती प्रगति संवृद्धिको आधार भनेकै यज्ञ हो । यज्ञबाट नै सम्पूर्ण चराचर जगत टिकेको हुन्छ । यज्ञगर्दा अन्न, फलफूलको वृक्ष वनस्पतिको वृद्धि हुन्छ । पशु चौपायका लागि आहार प्राप्त हुन्छ । पृथिवीमा सबै प्राणीले उचित किसिमका आहार प्राप्त गर्दछन् । पृथिवीमा अलौकिक शक्ति बढ्दछ । मनुष्यको आत्मा सन्तुष्टि मन तृप्त हुन्छ ।

वेदमा कृषिका लागि यज्ञका लागि विश्लेषण गरिएको छ । यज्ञलाई विष्णुको रूप पनि मानिएको छ ।

यज्ञो वै विष्णुः । -शतपथ, १.१.३.१३ ।

यज्ञ नै भगवान् विष्णु हुन् । यज्ञपुरुष भगवान्को पुष्टिका लागि यज्ञ गर्नुपर्दछ । यज्ञ नगरीकन अन्नसमृद्धि हुँदैन, तसर्थ संसारमा जीवकल्यणका लागि यज्ञ गरौं ।

यज्ञो वै भुवनस्य नाभिः । -तैत्तिरीय, ३.९.५.५ ।

यज्ञलाई संसारको नाभिका रूपमा समेत व्याख्या गरिएको छ ।

सम्पूर्ण सृष्टिचक्र यज्ञद्वारा नै चलेको छ । यो यज्ञ प्रकृतिमा स्वाभाविक रूपमा भइरहेको छ । यसमा वसन्त ॠतुले घिउको काम गरिरहेको छ । ग्रीष्म ॠतुले समिधा (दाउरा) र शरद् ॠतुले हवि सामग्रीको काम गरिरहेको त्यहाँ उल्लेख भएको छ ।

वसन्तोऽस्यासीदाज्यं ग्रीष्म इध्मः शरद् हविः । -यजुर्वेद, ३१.१४ ।

यजुर्वेदको अठारौं अध्यायमा 'यज्ञेन कल्पन्ताम्' भनिएको छ । १ देखि २७ मन्त्रसम्म यज्ञवाट हुने लाभबारे विस्तृत रूपमा व्याख्या गरिएको छ । यसमा कृषिसँग सम्वन्धित निम्नलिखित तथ्य प्राप्त हुन्छन्-

यज्ञवाट अन्न एवं फलफूलको वृद्धि हुन्छ ।

वाजश्च मे प्रसवश्च मे । -यजुर्वेद० १८.७ ।

वीउ अङ्कुरीत हुनु र त्यसले फलधारण गरोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

...सूश्च मे प्रसूश्च मे सीरं च मे लयश्च मे. । -यजुर्वेद १८.७ ।

उत्कृष्ट कृषिका लागि वर्षा अत्यावश्यक छ ।

...कृषिश्च मे वृष्टिश्च मे. । -यजुर्वेद १८.९ ।

अक्षय अन्न एवं धान आदि प्राप्त गर्नु ।

यज्ञद्वारा ईन्द्र (वर्षा) र मरुत् (वायु)को उत्पन्न हुन्छ ।

...इन्द्रश्च मे मरुतश्च मे. । -यजुर्वेद १८.१७ ।

राम्रोसँग पानी परेपछि खेतिपाती सप्रिन्छ । मेघको र वर्षाको समन्वयबाट कृषकले सुख पाउँदछन् । विद्वान तपस्विहरूले खेती गर्नु पर्दछ । खेतीबाट प्राप्त भएको अन्नले यज्ञ गरी परिवारको पालनपोषण गर्नु पर्दछ ।

वनस्पतिहरूमा तुलसी, वेल, समी, सुनखरी, आँप, चाँप, वर, पिपल, स्वामी, पलाँस, कुश, फूलहरूमा पारिजात, सुनखरी, रुखकमल, चम्पा, चमेली, जाई, बेल, धतुरो, गुराँसआदि पुष्पहरू पूजामा प्रयोग गर्ने विधान वेदमा वताइएको छ ।

प्राणदायिनि उर्जा **(Oxygen)** प्रदान गर्ने पिपल वृक्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



नेपाली हावा, पानी, माटो सुहाउँदो वैदिक कृषि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा कृषिको परम्परा

वैदिक कालदेखि नै हिमाली, पहाडी, मध्य भावर क्षेत्र र तराईका समतल भूमिहरूमा खेती भएका वैदिक सूक्तहरूवाट जानकारी पाउन सकिन्छ। कृषिको परम्परा मानवीय जीवनको महत्त्वपूर्ण अङ्ग हो।

या ओषधीः। पूर्वाजाता देवेब्भ्यस्त्रियुगं पुरा।

मनैनुबब्भ्रूणामहं शतन्धामानिसप्तच॥ शु.यजु. १२.७५॥

यो मन्त्रवाट भाव स्पष्ट हुन्छ, धरतीमा मनुष्यको आगमनभन्दा तीन युगअघि देवताले धरतीमा वनस्पति, सय प्रकारका लतागुल्मका जातिप्रजातिहरू र औषधी आए। नेपालमा लाखौं वर्षदेखि कृषि कर्म गरिरहिएको छ। परम्परागत कृषिको माध्यमबाट हाम्रो जीवन चलिरहेको छ। अन्न वासस्थान वस्त्र निर्माणमा हाम्रापूर्वज समृद्धशाली रहेका थिए। आफ्नै पौरख पुरुषार्थबाट खेतीपाती गर्ने, वासस्थान निर्माण गरेर नगर बसाएका तथ्यहरू पाइन्छन्। वस्त्र निर्माणमा पनि पारङ्गत थिए। वैदिक औपनिषद पौराणिक कालदेखि नै कृषि कर्म भएको तथ्यहरू पाइन्छन्।

धानखेती

धान्यमसिधिनुहिदेवान् प्राणायत्वोदानायत्वाव्यानाय त्वा।

दीर्घामिनुप्रसितिमायुषोधान्देवोवः सविता

हिरण्यपाणिः प्रति गृब्भ्णात्वच्छिद्रेण

पाणिनाचक्षुषोत्वामहीनाम्पयोसि॥ शु.यजु. १.२०॥

मन्त्रका भावले कृषिको परम्परा वैदिक कालमा विशेष थियो भन्ने स्पष्ट हुन्छ। वेदमा धानको वर्णन पाइन्छ। धानबाट गौको रक्षा जीवजन्तुको प्राण रक्षा एवं मनुष्यलाई दीर्घायु प्राप्तिका लागि धानको खेती भएको तथ्यहरू पाइन्छ।

व्रीहयश्चमेयवाश्चमेमाषाश्चमे. (शु.यजु.१८.१२॥) यो ऋचाले त झन् सर्वप्रथम धरतीमा धान, जौ, मसुरो, तिल आदिको खेती भएको पुष्टि गर्छ। हजारौं हजार वर्षदेखि नेपालमा कृषिको परम्परा रहेको पुष्टि हुन्छ। परम्परागत रूपमा चल्दै आएको कृषि प्रणालीलाई व्यावसायिक बनाउँदै धेरै मानिसले अहिले यसबाट आफ्नो जीविका आर्जन गरिरहेका छन्।

फलफूल खेतीका लागि जलवायु र माटोका आधारमा उपयुक्त जमिनको छनोट गरी गहिरो खनजोत गर्ने, सम्याउने, भिरालो भए गह्रा बनाउने र प्राकृतिक मल प्रयोग गरी माटो मलिलो बनाउनुपर्छ। पशु र जङ्गली जनावरबाट जोगाउन काँडा भएका बोटबिरुवाद्वारा बालिनालीको सुरक्षा गर्ने, ढुङ्गाको पर्खाल र सिउँडी आदिको बार लगाउने प्राचीन विधान नै हो। हुरीबतासबाट बचाउन हावा छेक्ने रुख जस्तै लहरे समी, पीपल, नीम, सिसौ, काँडा भएका वनस्पति आदिलाई हावाको आगमन जताबाट हुन्छ, त्यतातिर बार लगाउने वैदिक विधान हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धान खेती

धानका विभिन्न प्रजातिहरू पाइन्छन् । हिउँदे धान, वर्खे, धान, घैया, धान, कालो धान, मसिनो धान यिनीहरूको खेती पनि ऋतु अनुसार भिन्नभिन्न समयमा गरिन्छ । बीउ छरेर उम्रिएको विरुवालाई दूरी मिलाएर धान रोप्ने प्रकृया वर्षा ऋतुमा गरिन्छ । हिउँदमा धानको बीउलाई सीधै खेतमा छरेर गोडमेल गरी धान उत्पादन गरिन्छ । धान रोप्ने छर्ने विभिन्न परम्पराहरू हजारौहजार वर्षदेखि गरिरहेका छौं । उब्जनि बढाउनका लागि विभिन्न मल पानी प्रकृति र ऋतुसँग तालमेल मिलाएर रोप्यो वा छर्‍यो भने चाहेजस्तो उब्जनी पाउनसक्छौं । माटो उर्बरा हुनुपर्दछ । पानीको सिञ्चाईको राम्रो व्यवस्था हुनुपर्दछ । धान खेतीले पहाडी हिमाली भावर तराई क्षेत्रमा राष्ट्रिय बालीको रूपमा मान्यता पाएको छ । नेपालमा धानका हजारौं प्रजातिका पाइन्छन् । व्यवस्थित कृषि कर्म नै धनधान्य समृद्धिका लागि हो । धानको खेती वैशाख महिनादेखि आरम्भ भएर चैत सम्म १२ महिना ६ ऋतुमा कृषि कर्म नेपालमा गरिन्छ ।

जौ खेती

वसन्तऋतुमा जौ काट भनेर उपनिषद्मा वर्णन आएको छ । **वसन्ताय यवः...**जौ खेतिगर्दा वसन्त ऋतुमा काट्नेगरी खेती गर्नु पर्दछ । सीधै खन्जोत गरेर माटो परिस्कृत बनाएर छर्दाखेरी जौको उत्पादन राम्रो गरी लिन सकिन्छ । जौ सर्वाधिक पोषक तत्त्वले युक्त खाद्य वाली हो । यसको उब्जनी पहाडी, हिमाली भेगमा गर्न सकिन्छ । बहुमूल्य औषधीहरू लगाएर व्यवसायिक खेती गरेर प्रत्येक व्यक्तिको आर्थिक अवस्था सुधार्ने सूक्तहरू वैदिक वाङ्मयमा पाइन्छ ।

कागुनी

कागुनी उपत्यका र पहाडी भूभागमा प्रशस्त उब्जनी हुने पौष्टिक तत्त्वले युक्त खाद्य वाली हो । यसको खेतीले पनि किसान सम्वृद्धशाली हुनसक्छन् । लहराबाट उत्पन्न हुने कोशेवाली सागसब्जीको रूपमा प्रयोग गर्ने विभिन्न प्रकारका सागपात चिचिला लाग्ने, दाना फल्ने, वृक्ष, लता नेपाली भूभागमा हावापानी अनुसारको खेती गर्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बोटविरुवा लगाउने प्रक्रिया

बोटको दूरी



बिरुवा एक जीवित प्रणाली भएकाले प्रकृतिअनुसार बढ्दै जान्छ । बिरुवा लगाएमा खुला हावा र प्रकाशको अभावमा फुल्ने र फल्ने क्रम रोकिन्छ । जराहरूको आपसमा खाद्यतत्त्वका लागि प्रतिस्पर्धा हुन्छ। यसर्थ, फलफूलको किसिमअनुसार उपयुक्त दूरी राख्नुपर्नेमा पनि वैदिक कृषि प्रणालीले उद्घोष गरेको छ । बोटको दूरी, जात, कलमी वा बिजु, मलिलोपन, जलवायु, सिँचाइ, बोटको तालिम, काँटछाँट आदिमा निर्भर रहन्छ ।

बगैँचाको रेखाङ्कन

वैदिक कृषिका परम्पराहरूमा भूमि नाप्ने भिन्नभिन्न तरिकाहरू रहेका छन् । कृषि गर्दा करेसाबारीका रूपमा उपयुक्त ठाउँ हेरी बिरुवा लगाइन्छ । तर, व्यावसायिक बगैँचा लगाउन रेखाङ्कन कार्य गर्नैपर्छ । यसले बगैँचा बढी आकर्षक र कम खर्चिलो हुन्छ । बगैँचाको रेखाङ्कन निम्नानुसार गर्नुपर्छ :

वर्गाकार/आयातकार तरिका

वर्गाकार तरिकामा एक बोटदेखि अर्को बोटबीचको र दूरी बराबर राखिन्छ । यस तरिकाबाट रेखाङ्कन गर्दा पहिले बोट वा बारको बीचमा राख्ने दूरीको आधा जग्गा छोडी आधार रेखा खिचिन्छ र त्यसमा ३, ४, ५ सूत्रको प्रयोग गरी समान उचाइका कोण बनाई ठाडो रेखा तानिन्छ । यी दुवै रेखा बिरुवाको बीचमा राख्नुपर्ने दूरी बराबर चिन्ह लगाइन्छ । अब ठाडो रेखाको र आधार रेखाको पहिलो चिन्हबाट बिरुवाका लागि कायम गरिएको दूरीबराबरका दुईओटा डोरी तन्काउँदा दुई डोरीको छेउ जहाँ मिल्छन्, त्यहीँ किलो गाडेर यो चिन्ह दोस्रो रेखाको पहिलो चिन्ह हुन्छ । यसैगरी अरू चिन्ह र बिरुवा लगाउने स्थान प्राप्त हुन्छ । बोटबोटको दूरी र रेखाको दूरी फरक राखी रेखाङ्क गर्ने तरिकालाई आयातकार भनिन्छ । यी तरिकाहरू प्रायः समथर जग्गामा अपनाइन्छ ।

षट्कोणाकार तरिका

यसमा पनि पहिले बाटो र बारको समानान्तरमा आधार रेखा खिचिन्छ र बोटहरूबीच कायम राखिने दूरी बराबरमा चिन्ह लगाइन्छ । दुई चिन्हबाट त्यही दूरी बराबरका दुई डोरी तन्काउँदा छेउ जहाँ मिल्छन्, त्यहाँ एक किला गाडिन्छ । अरू चिन्ह लगाउने काम बढाउँदै लगेपछि दोस्रो आधार रेखा तयार हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यही क्रमले सम्पूर्ण क्षेत्रको रेखाङ्कन हुन्छ। यसमा प्रत्येक तीन बोटले समबाहु त्रिभुज र एक बोट केन्द्रमा पारेर वरपरका ६ बोटले षट्कोण हुन्छ। तर, त्रिभुज तरिकामा यसो नहुन सक्छ। उही जमिनमा सो तरिकाद्वारा रेखाङ्कन गर्दा वर्गाकार तरिकामा भन्दा १५ प्रतिशत बढी बिरुवा अटाउन सकिन्छ। महँगो र सिँचाइको सुविधा भएको ठाउँमा षट्कोण प्रणाली प्रयोग गर्नु राम्रो हुन्छ।

पञ्चकोण, त्रिकोण तरिका

यसमा वर्गाकार तरिकाअनुसार रेखाङ्कन गरी लगाइएका चार बोटको बीचमा एक अस्थायी बिरुवा थपिन्छ। यो छोटो अवधिमै फल्ने हुनुपर्छ र मुख्य बोटहरू फल्न थालेपछि अस्थायी बोट हटाइन्छ। यसमा वर्गाकार तरिकाका भन्दा दोब्बर बिरुवा अट्दछन्। यो भिरालो परेको जग्गामा अपनाउने विधान गरिएको छ।

गह्रा कान्ला बनाउने तरिका

पहाडको गह्रा कान्ला भएको जग्गामा यो तरिकाले रेखाङ्क गरिन्छ। जमिनको सबभन्दा सिरान र सबभन्दा पुछारको गह्रामा डोरी टाँगेर आधार रेखाहरू बनाइन्छ। सिरानको र पुछारको पहिलो चिन्हसम्म डोरी टाँगी बीच गह्राहरूको उपयुक्त ठाउँमा किला गाड्ने काम हुन्छ। यस्तै प्रकारले दोस्रो र तेस्रो किला हुँदै सबै जग्गामा रेखाङ्क गर्ने विधान छ।

जुनार–सुन्तला

जुनार–सुन्तला विभिन्न प्रजातिका फलहरूको नेपालमा महत्त्वपूर्ण स्थान रहेको छ। यस वर्गका फल ज्यादै पौष्टिक, स्वादिष्ट, रसिलो एवं व्यावसायिक खेतीका लागि लाभदायक मानिन्छन्।

फल टिप्ने तरिका

फल टिप्दा बोट हल्लाएर, लट्ठीले हानेर वा हातले बटारेर टिप्नु हुँदैन। यसरी टिप्दा घाउचोट लागेर फल चाँडै कुहिने हुन्छ। रुखमाथि चढेर वा भऱ्याङको प्रयोग गरेर फल काट्ने। कैंचीले फलसँग २ अङ्गुल भेट्नो छाडी सीधा हुने गरी काट्नुपर्छ। भेट्नोसहित र भेट्नोविनाको फल १ महिना भण्डारण गर्दा क्रमशः २० प्रतिशतभन्दा कम र ४७ प्रतिशत क्षति कम भएको पाइएको छ। टिप्ने व्यक्तिका हात सफा र नङ काटेको हुनुका साथै सुतीको पन्जा लगाउनु राम्रो हुन्छ। टिपेको फललाई कपडाको झोलामा राखी डोको, वाकस, टोकरीको भित्रपट्टि नरम घाँस, पराल बोरा राखी विस्तारै खन्याउनुपर्छ।

बोक्रा पकाउने

सुन्तलाको फलमा श्वासप्रश्वास क्रिया मन्द हुने भएकाले भित्री भाग छिप्पिएर पनि बोक्रा सुरुमा हरियो नै हुन्छ। सुन्तलाको बोक्राले रङ (पहेँलो) धारण गर्न, न्यानो दिन र शीतल रात हुनु जरुरी हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सरसफाइ

फललाई गोअर्क र ढुसीनाशक विषादीयुक्त पानीमा नरम सुती कपडाले सफा गरी सफा पानीले पखाल्नुपर्छ र सुक्खा कपडा वा हावाको प्रवाहद्वारा सुकाउनुपर्छ ।

चिस्याउनु वा धुवाँउनु

बगैँचा वा फलमा कीराको प्रकोप देखिएको अवस्थामा भण्डारण गर्नुपूर्व चिस्याउनुपर्छ वा धुवाँउने विषजस्तै टिम्मुर, अम्वरे खोर्सानी, तितेपाती डढाएर उपचार गर्नुपर्छ। यसो गर्नाले टाँसिएका कीरा, फुल, लार्भा आदि नष्ट भएर जान्छन् । यसो गर्नाले फललाई लामो समयसम्म सुरक्षित राख्न सकिन्छ ।

सुन्तला–जुनार खेतीका लागि आवश्यक वातावरण

नेपालको हावापानी सुन्तलाखेतीका लागि उपयुक्त मानिएको छ । स्थानीय प्रजाति र भौगोलिक बनावटअनुसार यसको खेती गर्न सकिन्छ ।

सुन्तला लगाउने समय जेठ-असार उपयुक्त मानिन्छ। ३-५ हात दूरीमा गहिरो खाल्डो खनी बिरुवा लगाउनुपर्छ। रोप्नुभन्दा अगाडि पाकेको प्राकृतिक मल र माटो मिलाइ खाल्डोमा राखी त्यसमाथि बीचमा विरुवा रोप्नुपर्छ । सुन्तलाको बोटमा चोरहाँगा आपसमा जोडिएको, सुकेको र टुप्पो सुकेको छ भने त्यसलाई झिकिदिनुपर्छ ।

रोग र तिनको उपचार

पिना, गोमूत्र, निमको पात र गोबर बराबर मिलाएर तीन गुणा गोमूत्र हाली उमाल्ने र त्यसलाई जराहरू कुहिने वृक्ष वनस्पतिहरूमा लगाउने गर्दा राम्रो हुन्छ ।

वीजमुर्वरायां कृष्टे फलेन रोहति... । -अथर्ववेद ।

उपयुक्त तरिकाले उर्वरा भूमिमा सुन्दर सुडोल बीऊलाई रोप्नुपर्छ। त्यसमा कुनै पनि परजीवी कीराहरूको आक्रमण हुँदैन । यो रोगमा पात पहेँलो भई मर्दै जाने र टुप्पाहरू सुक्दै जाने हुन्छ। निकासको व्यवस्था राम्रो गर्नुपर्छ ।

विभिन्न प्रकारका नास्पाति खेती



प्राचीन कालदेखि नै नेपालमा विभिन्न प्रजातिका नास्पातिको खेती भएको पाइन्छ। यो संसारभरमै सबैभन्दा लोकप्रिय फल हो। नेपालमा पनि यो खेती गरिन्छ । हिमाली क्षेत्रमा यसको खेती हुने गरेको छ। नास्पातिअति गुणकारी भएका कारण नै आज संसारको सबैभन्दा महत्त्वपूर्ण फलफूलमा यसको गणना हुने गरेको हो । यसको सेवनले गोडा सुन्निने, छाला झमझमाउने, मुटु पोल्ने, दाँत सड्नेजस्ता रोगबाट बचाउँछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वे भवत्यग्नयः समृधयः .....।

खेतीबाट विश्वभरि समृद्धि बढ्न सक्छ भन्ने आधार वैदिक कृषिको हो । नास्पाति खेतीले पनि समृद्धि ल्याउन सकिन्छ। नास्पातिको खेतीका लागि नेपालको माटो, हावा, पानी उपयुक्त हुन सक्छ। नास्पातिको बगैँचा स्थायी सम्पत्तिजस्तै हो। एकपटक स्थापना गरिसकेपछि यसलाई सार्न वा परिवर्तन गर्न सकिँदैन। नास्पाति लगाउनुअघि निकै ध्यान पुऱ्याउनुपर्छ। जस्तै : सडकबाट दूरी, जमिनको भिरालोपन (सामान्य भिरालो मात्र उपयुक्त हुन्छ), पानीको मुहान, हावाहुरी, नास्पाति फल्ने ठाउँ, जमिनको दिशा आदिबारे राम्रोसँग जानकारी लिएर मात्र नास्पाति खेती गर्नु उपयुक्त हुन्छ। चिस्यानलाई साँचेर राख्ने र प्राकृतिक जल निकास भएको दोमट माटो नास्पातिका लागि राम्रो हुन्छ।

नेपालमा विभिन्न जातका नास्पाति लगाउने गरिएको छ। एकबिघा जग्गामा ३०० र एक रोपनीमा ३० वटा नास्पातिका बिरुवा आवश्यक पर्छ। अन्य फलफूलको हकमा बोट र लाइनको बीचमा आवश्यक दूरी दिई रेखाङ्कन गरिन्छ।

अनार खेती

नेपालको वातावरणमा अनुकूल हुने अनार पनि व्यावसायिक सम्भावना भएको फल हो। यसको खेतीका लागि अति राम्रो हावापानी, माटो नेपालमै छ। यसको प्रभावकारी व्यावसायिक खेती अझै हुन सकेको छैन। विभिन्न किसिमको हावापानीमा लगाउँदा पनि सफल हुन सक्छ। जस्तो, जाडो, गर्मी, सुक्खा आदि। अरू बिरुवाका लागि जस्तो यसलाई धेरै पानी पनि आवश्यक पर्दैन।

अनार खेतीका लागि नेपाली भूभाग उपयुक्त मानिन्छ। चिम्ट्याइलो दोमट माटो यो खेतीका लागि उपयुक्त हुन्छ। कम मलिलोपना र अम्लीयदेखि केही क्षरीय भएको माटोमा पनि यसको खेती गर्न सकिन्छ। पानीको निकास हुनुपर्दछ। माघको पहिलो हप्तामा छिप्पिएका, औंलाजस्तै ९ अङ्गुलका अनारका हाँगालाई ९-१५ अङ्गुलमा काटी, फेदमा साढे एक अङ्गुल ताछी तयार गरिन्छ। त्यस्ता काटिएका बिरुवा रोप्न बालुवा र माटो मिसिएको जग्गामा ड्याङ् बनाउनुपर्छ। त्यसपछि प्रत्येक दिन पानीको व्यवस्था गर्नुपर्छ। यो एक वर्षभित्र सार्न योग्य बन्छ।

- ✓ बेदाना, कान्धारी, गणेश विशेषगरी अनारका उन्नत जात मानिन्छन्। प्रतिबिगाहा २६० देखि ३०० सम्म बिरुवा लगाएमा त्यसबाट अनारको फल राम्रो लाग्छ।
- ✓ अनारको बिरुवामा प्रत्येक वर्ष प्राकृतिक मल ५ पाथी, कृषि उर्वरा मल १ मानो राखी गोडमेल गरेमा यसले उत्पादन बढी दिन्छ।
- ✓ अन्य फलफूलमा जस्तै अनारमा पनि विभिन्न किसिमका कीरा लाग्न सक्छन्। यसलाई त्यस्ता कीराबाट बचाउन समयमै विचार पुऱ्याउनुपर्छ। प्रायः गरी यसका कीरा हाँगा र फलमा लाग्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

✓ अनारको हाँगामा कीरा लाग्ने भएकाले कीराले पारेको प्वालमा तारले घोची मार्ने या मट्टितेल प्वालमा राखेर नियन्त्रण हुन्छ भने फलमा कीरा नलागोस् भन्न फूल फुल्नुअघि फुलिसकेपछि र अनारको दाना अम्बाजत्रो भइसकेपछि २ पटक कीटनाशक प्राकृतिक औषधि राख्नुपर्छ। फल टिप्नुभन्दा ३०-३५ दिन अघि कुनै पनि किसिमको औषधि राख्नुहुँदैन।

मेवा खेती

नेपाली समाजले वर्षौंदेखि मेवा खेती गरिरहेको छ। मेवा खेतीका बारेमा यहाँ उल्लेख गरिएको छ। त्यसका लागि उपयुक्त हावापानी भएको स्थान आवश्यक हुने विभिन्न ग्रन्थहरूमा उल्लेख पाइन्छ। मध्य पहाडदेखि समथर मैदानी तराई भागसम्म मेवाको खेती हुने गरेको छ। नेपालका धेरै जिल्लामा यसको खेती हुन्छ। मेवा चाँडो तयार हुने फलअन्तर्गत पर्छ। मेवाखेती गर्दा भालेपोथीको पहिचानतर्फ भने पूर्वसावधानी अपनाउनुपर्छ। त्यसैले, भालेपोथीको पहिचान गरी बिरुवामध्ये १० प्रतिशत भाले लगाउनु उपयुक्त हुन्छ।

मेवाका जरा जमिनमुनि धेरै तल नजाने हुनाले ठूलो हावाहुरी आएको बेलामा टेकोको आवश्यकता पर्न सक्छ। यो ज्यादै छिटो बढ्ने हुनाले पर्याप्त मात्रामा मलखादको व्यवस्था भने पहिले नै गर्नुपर्छ। मेवाका लागि उचित चिस्यान भएको तर पानी नजम्ने ठाउँ उपयोगी मानिन्छ। पोटासको मात्रा बढी भएको माटो यसका लागि उपयुक्त हुन्छ।

मेवा लगाउन वर्षायाम सुरु भएपछिको समय उपयुक्त हुन्छ। यसलाई मलखाद दिने समय भने फागुन-चैततिर हो। यसको भाले बिरुवालाई बढी मल दिनुपर्दैन भने त्यसको तुलनामा पोथी बिरुवालाई भने दिनुपर्छ। यसमा पर्याप्त समान मात्रामा प्राङ्गारिक मल दिएर उर्बरा बनाउन सकिन्छ। गर्मी महिनामा १५ दिनको फरकमा र जाडोमा एक महिनाको बीचमा यसमा सिँचाइ गर्नुपर्छ। रोपेको ९ देखि १५ महिनामा यसले फल दिन्छ। फलेको ५ देखि ६ महिनामा मेवाले फेरि फल दिइरहन्छ।

केरा खेती

संस्कृतमा कदली फल भनेर चिनिने केराको खेतीका सम्बन्धमा पनि विभिन्न आर्षग्रन्थहरूमा उल्लेख गरिएको छ। यो नेपालको वातावरण सुहाउँदो फल हो। केराको जातअनुसार ठाउँ विशेषमा भिन्नभिन्न प्रजातिका केरा लगाउन सकिन्छ। नेपालमा मालबोक, मुङ्ग्रे, झप्री, चिनिचम्पा, भुइँचम्पा, हरिछाल, वरसाई आदि केराका प्रजातिको खेती गर्न सकिन्छ। जङ्गली केराका पनि विभिन्न प्रजातिहरू नेपालमा पाइन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



केराखेतीका लागि मलिलो माटो महत्त्वपूर्ण हुन्छ । यसका लागि पानीको निकास राम्रो हुनुपर्छ । जग्गाको रेखाङ्कन गरेर मात्र केरा लगाउनुपर्छ । अग्लो जात, सामान्य र मध्यम गरी तीन प्रकारको उचाइ भएका केराका बोट हुन्छन् । तिनीहरू उचाईअनुसार भूमिमा दूरी पनि निश्चित गरिरहनुपर्छ । पहाडतिर चैत-वैशाख र असोज-कात्तिमा केरा लगाउँदा राम्रो मानिन्छ । यो मौसम अनुकूल पनि हुन्छ । एउटै बिरुवाबाट धेरै बिरुवा निकाल्नु उपयुक्त हुँदैन । एउटा गाँजबाट दुईओटासम्म बिरुवा निकाल्न सकिन्छ । केरा पसाइसकेको २०-२५ दिनपछि बुङ्गोलाई हटाइदिनु उपयुक्त हुन्छ र फूललाई पनि हटाइ दिनाले केरा राम्ररी हुर्किन सक्छ । फल पनि व्यवस्थित लाग्दछ ।

केरामा लाग्ने कीरा

बोटमा प्वाल पार्ने कीराले फेदमा वा माटोमुनि फूल पार्दछ । फूलबाट निस्केका लाभ्रे(गवारो) गानो र फेदमा प्वाल पार्दै भित्र पस्छन् र माथिसम्म भित्रभित्रै चढ्छन् । नयाँ बोटमा यसको आक्रमण भए बोट नै मर्ने सम्भावना रहन्छ । त्यसैले, केराको बोटवरिपरि पानी निकासको राम्रो प्रबन्ध गर्नुपर्छ । उपचारका लागि कीरा नलागेको स्थानबाट ल्याई बिरुवा लगाउनुपर्छ । यसैगरी गोब्रे कीराले केराको बोट नै नोक्सानी गर्ने भएकाले गोमूत्र एवं प्राङ्गारिक मलको मिश्रण केराको फेद भागमा लगाइदिनाले त्यस्ता किसिमका कीराबाट केरालाई जोगाउन सकिन्छ ।

आँप खेती

वैदिक ग्रन्थहरूमा आम्रफलका रूपमा उल्लेख भएको पाइन्छ । आँप अत्यन्त स्वादिलो फलका रूपमा परिचित छ । नेपालमा पनि आँपको खेती धेरै अघिदेखि गरिँदै आएको हो । आँपको कोयाबाट बेर्ना तयार गरेको बिरुवाको तुलनामा उन्नत जातको कलमी गरी उत्पादन हुने बिरुवामा रोगकीराबाट कम आक्रमण हुने र आँप पनि बढी उत्पादन हुने हुन्छ । आँपका लागि मलिलो माटो हुनुपर्छ । पानीको निकास राम्रो भएको स्थान पनि यसका लागि उपयुक्त हुन्छ ।

आँपका जात धेरै भए पनि नेपालमा लगाइने जातहरूमा गोपालभोग, मध्यदसहरी, मल्लिका, आम्रपाली, सुपारी आदि छन् । आँप रोप्नका लागि पहिले जग्गाको रेखाङ्क गर्नु उपयुक्त हुन्छ । त्यसपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जातअनुसार खाल्डो कुनै ७-१० हातको फरकमा तयार गर्नुपर्छ । आम्रपालीका लागि ५-६ मिटरको दूरी हुनु उपयुक्त हुन्छ । खाल्डोको लम्बाइ, चौडाइ र गहिराइ मिलाएर खन्नुपर्छ । बिरुवा रोप्नु २ महिनाअघि खाल्डो तयार गरी मल राख्ने बेलामा पराल वा पातपतिङ्गर बालिदिएमा रोग र कीरा निर्मूल हुन्छ । गहुँत हालेमा झन राम्रो उब्जनी हुन्छ र कीरा पनि लाग्दैन ।

आँपमा लाग्ने कीराहरू

आँपलाई भित्री रूपमा खाने कीरालाई परजीवी कीरा भनिन्छ । यसले आँपका नयाँ र कलिला भागहरूमा आक्रमण गर्नाले साना फल झर्दछन् । फलमा कालो दाग हुन्छ र पछि भण्डारण गर्दा पनि कुहिँदै जान्छ । यो जीवाणुले गर्मीमा हावा र चिस्यान बढी भएमा आक्रमण गर्दछ ।

आँपमा विभिन्न किसिमका रोग लाग्न सक्छन् । ती रोगले फल उत्पादनमा नोक्सानी गर्ने भएकाले समयमै गहुँत तितेपातीको झोल, टिम्मुरको धूलो पानीमा मिसाएर छर्किएमा रोग नियन्त्रण गर्न सकिन्छ । रोग लागेका हाँगाहरू बटुली बालिदिनुपर्छ । रोग लागेका पातलाई टिप्नुपर्दछ । आँपको उत्पादन वृद्धिका लागि व्यवस्थित विरुवा रोप्न पानी मल खादको व्यवस्थापन महत्त्वपूर्ण हुन्छ ।

कुरिलो खेती



कुरिलो अत्यन्त पौष्टिक आहार हो । विशेष गरी नेपालको पहाडी भेगमा यसको खेती हुने गरेको छ । नेपालमा अझै यसको व्यावसायिक खेती भने हुने क्रममा छ । यसको खेती त्यति प्रभावकारी रूपमा हुन सकेको छैन । त्यसैले पनि यसका धेरै प्रकारका विरुवाहरू प्रयोगमा आएका छैनन् ।

सागसब्जीका रूपमा कुरिलोको उपयोग गर्न सकिन्छ । सीधा घाम नपर्ने खुला ठाउँमा सुकाएर पछि उपयोग गर्न सकिन्छ । हरियो वा बफाइएको कुरिलो सलादका रूपमा उपयोग गर्न सकिन्छ ।

कुरिलोको जमिनमुनिको भागमा गानो, चिल्लो जरा र रेसादार जराहरू हुन्छन् । रेसादार जराहरूले लवण र पानी सोस्छन् भने चिल्ला जराहरूले खाद्यपदार्थ सञ्चित हुन गई कुरिलोको बहुवर्षीय अङ्ग बन्न जान्छ । यसै भागबाट मुना उत्पादन हुन्छ । कुरिलोको टुसा खानयोग्य भाग हो । यसमा आँख्ला र अन्तर आँख्ला हुन्छन् । गर्मी समयमा टुसाको वृद्धि चाँडै हुन्छ ।

टुसा टिपिएन भने २ देखि ३ हात अग्लोसम्म कुरिलाको बोट बढ्छ र हाँगाहरू विकसित हुन्छन् । दोस्रो तहको हाँगाहरूबाट पात निस्कने हरेक आँखाबाट १-१ ओटा फूल निस्कन्छन् । साना घण्टी आकारका सेता हुन्छन् । पोथी फूलहरू भाले फूलभन्दा ठूला हुन्छन् । फल पाकेपछि राता, साना हुन्छन् । कुरिलो खेती न्यानो, समशीतोष्ण एवं उष्णवायु भएको र पानी नजम्ने स्थानमा राम्रो हुन्छ । नेपालको मध्यपहाडी भागमा यसको खेती गर्न सकिन्छ । यसका लागि हिउँदको चिसो तथा वसन्त र गृष्म ऋतु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपयुक्त हुन्छन् । अरू लहरामा फल्ने फूल्ने वनस्पति लगाउन सकिन्छ ।

आर्ष परम्पराका ग्रन्थमा कृषिसहित अन्य प्रसङ्गहरू आएका छन् :

स्वयं हन्ता घातयिता हर्ता हारयिता च बध्यः । -कौ. अर्थशास्त्र, पृष्ठ २६९ ।

शुक्लयजुर्वेद, १८ अध्याय, १२ मन्त्र :

धान, जौ, मास, तिल, मसुरो, मुङ, चना, कागुनो, रायो, साँवा, निवार, गहुँको वर्णन ।

शुक्लयजुर्वेद १८ अध्यायको १३ मन्त्र : खनिज पदार्थ, ढुङ्गा, माटो, साना र ठूला पर्वत, बालुवा, वनस्पति, सुन, चाँदी, फलाम, तामा, सिसा, टिन आदिको वर्णन ।

शुक्लयजुर्वेद, १८ अध्याय, १४ मन्त्र : बुट्यान, घाँस, बिरुवा, वनस्पति, लतागुल्म, औषधि, उब्जनीको आधार, घरपालुवा र जङ्गली जनावर ।

शुक्लयजुर्वेद, १८ अध्याय, १६ मन्त्र : यज्ञका लागि अग्निदेवता, सोमदेवता, ईन्द्रदेवता, सरस्वती, पूषा, वृहस्पति आदि देवता ।

शुक्लयजुर्वेद, १८ अध्याय, १७ मन्त्र : वरुण, मित्र, इष्टदेवता, धातादेवता, त्वष्टा, मरुत्, विश्वेदेवको वर्णन ।

शुक्लयजुर्वेद, १८ अध्याय, १८ मन्त्र : भूमि देवता, अन्तरिक्षदेवता, आकाशका देवता, वर्षाका देवता, नक्षत्रका देवता, दिशाहरूका देवता ।

शुक्लयजुर्वेद, १८ अध्याय, १९ मन्त्र : अंशदेवता, अंशु ग्रह, रश्मि ग्रह, अधिपति ग्रह, उपांशु ग्रह, अन्तर्याम ग्रह, ऐन्द्रवाहग्रह, मैत्रावरुण ग्रह, आश्विन ग्रह, प्रतिप्रस्थान ग्रह, शुक्र ग्रह, मन्थी ग्रहसहित आकाशीय ग्रहगोचरको बारेमा वर्णन ।

शुक्लयजुर्वेद, १८ अध्याय, २३ मन्त्र : व्रत, ऋतु, तप, संवत्सर, दिंन, राति, उर्वष्ठी, बृहद्रथान्तरको वर्णन ।

शुक्लयजुर्वेद, १८ अध्याय, २४ मन्त्र : एक, तीन, पाँच, सात, नौ, एघार, तेह्र, पन्ध्र, सत्र, उन्नाइस, एक्काइस, तेइस, पच्चीस, सत्ताइस, उनान्तीस, एकतीस विषमअङ्कको वर्णन ।

शुक्लयजुर्वेद, १८ अध्याय, २५ मन्त्र : चार, आठ, बाह्र, सोह्र, बीस, चौबीस, अठ्ठाइस, बत्तीस, छत्तीस, चालीस, चवालीस, अठ्चालीस सम अङ्कको वर्णन ।

शुक्लयजुर्वेद, १८ अध्याय, २६ मन्त्र : डेढ वर्षे, अढाइ वर्षे बाच्छाबाच्छी, गाईगोरुको वर्णन ।

शुक्लयजुर्वेद, १८ अध्याय, २७ मन्त्र : चार वर्षका गोरु, सेवा गर्न सक्षम गोरु, राम्रो दूध दिने गाई, गर्भ तुहेका गाई, गाढा तान्ने गोरु, भर्खर ब्याएका लैना गाई, पशुधनको वर्णन ।

शुक्लयजुर्वेद, १८ अध्याय, २८ मन्त्र : महिनाको वर्णन, वाजरूपी चैत महिना, जलक्रीडाका लागि प्रसव नामको वैशाख महिना, जेठ, असार, साउन, भदौ, कात्तिक आदि महिनाको वर्णन ।

शुक्लयजुर्वेद, १८ अध्याय, ३३ मन्त्र : वाज चराको वर्णन, जसले अन्नबालीको रक्षा गरोस् ।

शुक्लयजुर्वेदमा वनस्पति लतागुल्म गाई, गोरु, बाछाबाछी, सुनचाँदी फलाम विभिन्न प्रकारका सामग्रीहरू आकाशिय ग्रह, नक्षत्र, तारा, अङ्क विज्ञान सबै विषयको जानकारी रहेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राज्ञारिक कीटनाशक औषधी



वैदिक कृषिको प्रयोगमा औषधी बनाउने प्रयोग पाइन्छ । त्यसमा गोमुत्र (गहुँत), तितेपाती, तोरीको तेल मिसाएर कीटनाशक औषधी बनाउने विधान पाइन्छ । एक पाथी गहुँत तितेपाती सुकाएको धूलो दुई माना, तोरीको तेल एक माना तीन रात्रिसम्म तामाको भाँडामा हालेर राख्ने र चौथो रात्रि त्यो मिश्रित औषधी कीटनाशक सम्वन्धित कृषिमा छर्ने ।

गाईको गहुँत नीमको बोक्रा, पात र दानाको धूलो समान मात्रामा सात रात्रिसम्म तामाको भाँडामा राखी आठदेखि दश दिनसम्म फुल्न लागेको वनस्पति, बोटविरुवामा छर्नाले कीराहरूको प्रकोप समाप्त हुन्छ । हलेदो, तोरीको तेल, नीमको बोक्रा, पहाडे टिम्मुर र गहुँत, समान मात्रामा मिलाएर कीटनाशक औषधी बनाउन सकिन्छ । बालीमा लाग्ने विभिन्न प्रकारका कीराहरू मार्नका लागि गोमुत्र, गोबर, जङ्गली बाँसको जरा डढाएर बनाएको कोइलाको धूलो, धूपि, टिमुरको धूलो बनाएर कीराहरूको निवारण गर्न सकिन्छ ।

खादमल बनाउनका लागि जङ्गलमा प्राप्त हुने विभिन्न वनस्पतिहरूको पात, बोक्रा जरा, धान, गहुँ, जौ, मसुरो, कागुनी आदिको पराल दश हात गहिरो र पच्चीस हात गोलाकार खाडल बनाएर मुनिपट्टि काठका या बाँसका (भाटा) सराहरू तेर्स्याउने र त्यसमाथि लामालामा बाँस, निगालो आदिले छोप्ने । त्यसमाथि जङ्गलमा पाइने या खेतीमा प्राप्त भएका परालसहित अन्य गहुँ चना, मकै आदिका पातहरूले खाडल आधा भर्ने त्यसपछि माटो र गोबर मिलाएर त्यसमाथि राख्ने । त्यसमाथि फेरि पराल गहुँ, चना आदिको डाँठ पातले छोप्ने । त्यसमाथिबाट गोबरले त्यसपछि माटो र गोबर मिलाएर त्यसमाथि राख्ने । त्यसमाथि फेरि पराल गहुँ, चना आदिको डाँठ पातले छोप्ने । त्यसमाथिबाट गोबरले पुर्ने । त्यसमाथि हरियारुखका पातपतिङ्गरले छोप्ने । त्यसभित्र गँडेउलाहरू उब्जन्छन् । २७ देखि ३० दिनमा या धेरै भए ४० देखि ६० दिनमा मल तयार हुन्छ । वैदिक कृषि पद्धतिमा मल बनाउने विभिन्न विधानहरू छन् ।

यदी कृषि गर्ने ठाउँमा सर्प विच्छी आदि आएभने सर्पको काँचुली बिलौनेको पात जरा डढाएर त्यसको धूवा चारैतिर फैलायो भने सर्प विच्छीको डर हुँदैन । सर्प बिच्छी त्याहाँ आउँदैनन् ।

बीऊलाई चन्द्रमाको प्रकाशमा रात्रिकालिन समय देखायो भने बीऊमा कीरा पर्दैन । सूर्यको किरणमा सुकाएर रात्रिकालमा चन्द्रमाको प्रकाशमा राख्यो भने बीऊ उर्वरा हुन्छ । बीऊलाई निमको पातको पानी बेसार हलेदोको पातको पानी डुबाएको पानीमा बीऊलाई एक रात भिजाएर भोलिपल्ट रात्रिकालमा चन्द्रमाको प्रकाशमा राख्यो भने बीऊ उर्वरा हुन्छ । बीऊलाई निमको पातको पानी बेसार हलेदोको पातको पानी डुबाएको पानीमा बीऊलाई एक रात भिजाएर भोलिपल्ट छर्‍यो भने कीरा फट्याङ्गा आदि गरेका परजीवीको प्रभाव रहँदैन ।

वैदिक कृषिको प्रयोगमा त्यही भएका विभिन्न प्रकारका सामग्रीहरूलाई औषधीको रूपमा प्रयोग गरेर वैदिक कृषि गर्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपालन र कृषि

गाई, घोडा, हात्ति गोरु आदि पशुहरूको प्रयोग आफ्नो सुविधा अनुसार गर्नु पर्दछ । गाईलाई दूध गहुँत गोवर प्राप्तिका लागि पाल्नु पर्दछ । गोरुलाई हलो जोत्नका लागि पाल्नु पर्दछ । हात्ति घोडा सामान वोक्नका लागि प्रयोग गर्नु पर्दछ । गोठमा गाईहरू हृष्टपुष्ट तन्दुरुस्त स्वस्थ हुनुपर्दछ । गाईले पोसिलो स्वस्थ्य दूध दिन्छिन् । गाईका सुन्दर बा दूध दिन्छिन् । गाईका सुन्दर बाछाबाछीहरू हुन् । गाईबाट प्राप्त गरेको दूधले हामी निरोगी बनौं । गाईको गोबरले हाम्रो कृषि सम्वृद्धशालि होस् । गाईले पानी अन्न समानरूपले खान पाउन् । बुढागाई, युवति गाई, बाछाबाछी, खेतीमा प्रयोग हुने गोरु सबैले सुखपूर्वक बस्न खान पाउन् । वेदमा भनिएको छ ।

सबै प्रकारका पशुहरूलाई समानरूपले अन्नपानी सूर्यको प्रकाश र गोठमा व्यवस्थित रूपमा राख्नु पर्छ । दुई खुट्ट चार खुट्टा भएका कुनै पनि जीवजन्तुको हत्या नगर । कसैले घोडा मार्दछ भने त्यसलाई कडाभन्दा कडा सजायाँ देऊ । पशुपालनबाट दूध, दहि, घीउ, मोही प्राप्त गर्न सकिन्छ । भारिवोक्ने पशुहरूलाई चारो पानीले पुष्ट गर । भेडा, बाख्रा, च्याङग्र आदिको रौबाट ऊनीबस्त्र निर्माण गर । आफैं मरेका पशुहरूको छालाबाट विभिन्न प्रकारका उपयोग गर्ने सामग्री जुत्ता चप्पल जीउढाक्ने सामग्री बनाऊ । हात्तिको दाँतलाई विभिन्न कलाकृति बनाएर घरमा सजाऊ । हरिण मृगआदि वनचर प्राणिहरूको आफैं मृत्य भएपछि मृगचर्मको रूपमा प्रयोग गर । दूध दिने पशुलाई रक्षा गर । सबै लोक कल्याण र पशुपक्षीको सम्मान गर भन्ने मन्त्रहरू सबै वेदमा पाइन्छ ।

जडीबुटीहरू

चौध हजारभन्दा धेरै जडिबुटीहरू हिमाली क्षेत्रमा पाइन्छन् । यी जडिबुटीहरू विभिन्न यज्ञमा प्रयोग हुने वनस्पतिहरू हुन् जस्तै पञ्चपल्लव, जटामासी, भोजपत्र, धतुरो, अमला, अलैंची, अशोक, अश्वगन्धा, असुरो, अदुवा, आँक, आँप, इसवगोल, उदुम्बर, उसिर, कण्टकारी, कपिकच्छु, करञ्ज, करेला, काकडशृङ्गी, कागती, काफल, काँस, कुचिला, कुटकी, कटज, कुठ, कुरिलो, कुश, केरा, खयर, गहत, गुञ्जा, गुर्जो, गोकुलधूप, गोखुर, घण्टीफूल, घट्टेघाँस, घोडताप्रे, घिउकुमारी, चरिअमिलो, चितु, चिराइतो, चुत्रो, छतिवन, जटामसी, जाइफल, जामुनो, ज्वानो, जीरा, जेठीमधु, टाप्रे, टिमुर, तिल, तीतेपाती, तुलसी, दूधेझार, दुबो, द्रोणपुष्पी, धतुरो, धनियाँ, धयर, धसिंगरे, निर्गुण्डी (सिमली), निशोथ, नीम, पित्तपापडा, पलाँस, पारिजात, पालुङ्गो, पाखनभेद, पिप्ला, पृश्निपर्णी, पुदिना, पुनर्नवा, वकाइनो, बब्बुल, बर्रो, वलु, बाटुलपाते, बिहीं, बेथे, बेल,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बोझो, भलायो, भृङ्गराज, भुइँअमला, मजिठो, मरिच, मुसली, मेथी, मैनफल, मोथेराजवृक्ष, मोथे, राजवृक्ष, रास्ना, लज्जावती, लसुन, लाहा, लुँडे, लोध, ल्वाङ, वत्सनाभ, वरुण, वंशलोचन, वाकुची, वायु बिडङ्ग, विजयसार, शटी, शिरीष, श्रीखण्ड, सर्पगन्ध, सयपत्री, सिमल, सिन्दुरे, सिस्नो, सुकुमेल, सुप, सोमलता, हर्रो, हलेदो इत्यादि । विभिन्न प्रकारका औषधी लतागुल्म आदिको खेती गर्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेघ विज्ञान (Meteorology)

कृष्णं नियानं हरयः सुपर्णा अपो वसाना दिवमुत्पतन्ति । ऋग्. १.१६४.४७ ।

समानमेतदुदकम् उच्चैत्यव चाहभिः ।

भूमिं पर्जन्या जिन्वन्ति दिवं जिन्वन्त्यग्नयः ॥ ऋग्. १.१६४.५१ ।



यजुर्वेद र अथर्ववेदमा सूर्यको तापद्वारा सामुद्रिक जल वाफका रूपमा वायुले आकाशमा लैजान्छ । त्यहाँ मेघका रूपमा परिवर्तन भई वृष्टि हुन्छ भनिएको छ । यजुर्वेदले अझ यसलाई यसरी स्पष्ट्याएको छ - पहिला पानीको कण बाफको रूपमा सङ्गठित हुन्छ । त्यसपछि वायुद्वारा आकाशमा जान्छ । यजुर्वेदमा वर्णन गरिएको छ - पृथिवी आफ्नो प्रतिनिधिको रूपमा वाफ बनेर आकाशमा जान्छीन् र आकाशमा गइसकेपछि वर्षा लिएर पुनः पृथिवीमा नै आउँछन, अथर्ववेदले भने सूर्यको तापद्वारा पानीलाई बाफको रूपमा वायुले आकाशमा लैजान्छ । त्यसद्वारा वर्षा हुन्छ । जे भए पनि वृष्टि विज्ञानको बारेमा वेदमा विस्तृत चर्चा भएको पाइन्छ :

...आपो विद्युत् अभ्रं वर्षं ...।

मरुद्भिः पच्युता मेघाःप्रावन्तु पृथिवीमनु .. -अथर्ववेद ४.१५.९.

पानी या आगोबाट धुवाँ उत्पन्न हुन्छ र त्यो आकाशमा जान्छ । धुवाँबाट मेघ उत्पन्न हुन्छ, मेघबाट वृष्टि हुन्छ । मेघमा सोमीय कण (हाइड्रोजन) हुन्छ जसले जलीय कणलाई सङ्गठित गर्दछ र वृष्टिको कारण वन्दछ । वर्षाका लागि चार तत्त्वहरू सहायक हुन्छन्

१. पुरो वात (Easterlies)
२. अभ्र बादल (Clouds)
३. विद्युत् (Lightning)
४. स्तनयित्नु, गर्जन (Thunder) .

अग्निर्वै धूमो जायते, धूमादभ्रम्, अभ्राद् वृष्टिः । -शतपथ ५.३.५.१७

वेदमा वृष्टिविज्ञानको वारेमा प्रशस्त मन्त्रहरू पाइन्छन् । ती मन्त्रहरूको सार भनेको वृष्टिको सम्बन्धमा ज्ञान र त्यससँग सम्बन्धित भावहरू रहेका छन् । वृष्टिविज्ञानको सम्बन्ध मेघको रचना, त्यसको निर्माणमा सहायक कण, मेघका विभिन्न रूप, वर्षाका विभिन्न रूप, यज्ञको वृष्टिविज्ञानमा योगदान,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षाको उपयोगिता, वर्षाको कृत्रिम उपाय, अतिवृष्टि रोक्ने उपाय, वर्षाको भविष्यवाणी आदि विषय वृष्टिविज्ञानअन्तर्गत पर्दछन् । वेदमा यस विषयमा अनेकौं व्याख्या विवेचना भएका छन् ।

मेघ (बादल) कसरी बन्छ ?

सूर्यले आफ्नो किरणद्वारा खोलानाला, नदी, समुद्रआदिको जललाई वाफको रूपमा आफ्नो आकर्षणशक्तिद्वारा आकाशमा लैजान्छन् । आकाशमा गइसकेको वाफ विभिन्न धूलीकणको सम्पर्कद्वारा शीतल वायुसँग मिल्दछ र एकीकृत हुँदै बाक्लिन्छ । यो वाफलाई मेघको रूपमा परिवर्तन हुन निकै समय लाग्छ । सामान्यतया १ सय ९५ दिन अर्थात् साढे ६ महिनामा त्यो माथि गएको वाफ मेघको रूपमा परिवर्तन वदलिन्छ । यस शुक्लयजुर्वेदमा रहेको मन्त्रको भाव यही रहेको छ :

मरुतां पृषतीर्गच्छ, वशा पृश्निर्भूत्वा दिवं गच्छ,

ततो नो वृष्टिमावह । -यजुर्वेद २.१६ ।

उदीरयत मरुतः समुद्रतस्त्वेषो अर्को नभ उत् पातयाथ । मह ऋषभस्य नदतो नभस्वतो..

वाश्रा आपः पृथिवीं तर्पयन्तु ॥ -अथर्ववेद ४.१५.५ ।

मेघको रचना र वृष्टि हुनुमा वायुको भूमिका रहन्छ । ऋग्वेद र अथर्ववेदमा यसको वृहत् रूपमा व्याख्या गरिएको छ । समुद्र या जलाशयमा रहेको पानीलाई बाफको माध्यमद्वारा आकाशमा लाने काम वायुको हो । आकाशमा गएर बादल बनिसकेको पानीलाई यताउता लैजाने र वायुसँग ठोक्काउने र त्यसलाई वर्षाका रूपमा वृष्टि गराउने काम पनि वायुको नै हो । तसर्थ, वृष्टि प्रक्रियामा वायुको विशेष योगदान रहेको हुन्छ :

उदीरयथाः मरुतः समुद्रयतो यूयं वृष्टिं वर्षयथा पुरीषिणः । -ऋग्वेद ५.५५.५ ।

मरुद्भिः प्रच्युता मेघा वर्षन्तु पृथिवीमनु । -अथर्ववेद ४.१५.७ ।

कुनै पनि द्रव्य यज्ञको अग्निशिखामा जलेपछि ग्यास बनेर माथि जान्छ भने त्यसको सूक्ष्म कण (Ions) विद्युत्शक्तियुक्त (Charged) हुन्छ । त्यो आकाशमा हुने धुलीकणका साथ मिल्दछ । यज्ञमा हवन गरिएको वस्तु केही अंशमा धुवाँ बनेर माथितिर जान्छ भने केही अंश ग्यास बनेर आगोमा मिल्दछ । यसमा ताप र रासायनिक संयोग रहन्छ । यज्ञ गरेर प्रकृतिलाई सन्तुलित बनाउन सकिन्छ ।

यज्ञ/हवनद्वारा धुवाँ उत्पन्न हुन्छ । धुवाँ वायुको माध्यमबाट आकाशमा जान्छ । आकाशमा गएपछि वृष्टि हुन्छ । वृष्टिपछि अन्न उत्पन्न हुन्छ । अन्न प्राप्तिपछि यज्ञ गर्नुपर्दछ । हवनमा चाहिने सामग्री औषधीय जडीबुटीहरूको उपयोग गर्नुपर्दछ र वृष्टि पनि सुखद र शुभदायक हुन्छ । त्यसैकारणले प्रत्येक दिन हवन गर्नुपर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपालन

ऋग्वेद, अथर्ववेदमा पशुपालन एवं पशु संवर्द्धनमा विशेष जोड दिइएको छ । अथर्ववेदका दुई सूक्त पशु संवर्द्धन एवं गौशाला (गोठ)सँग सम्बन्धित छन् । ऋग्वेदका अनुसार पशुको संवर्द्धनका लागि व्रज (गोठ) बनाऊ ।

व्रजं न पशुवर्धनाय । -ऋग्वेद ९.९४.१ ।

गोठमा यस्ता सुविधा उपलब्ध हुनुपर्छ, जसबाट गाई, घोडा आदि पशुहरूले आफूलाई आवश्यक वस्तु सहजै प्राप्त गर्न सकून् ।

शर्म सप्रथो गवेऽश्वाय यच्छत । -ऋग्वेद ८.३०.४ ।

यजुर्वेदमा गोठका लागि गोष्ठ शब्दको प्रयोग गरिएको छ । गोष्ठः, -अथर्ववेद ३.१४.५ ।

पशु संवर्द्धन

वेदमा विभिन्न मन्त्रहरूमा पशुपालन सम्बन्धी लेखिएको छ - पशु आहाराका लागि सुन्दर व्यवस्था होस्, जसबाट उनीहरू हृष्टपुष्ट हुन सकून् । उनीहरू घाँस खाऊन् र शुद्ध पानी पिऊन् । घुम्नका लागि बाहिर जाऊन् र गोधनद्वारा श्रीवृद्धि होस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुहत्याको निषेध र गौहत्या गर्नेलाई मृत्युदण्डको व्यवस्था

वेदका धेरै मन्त्रमा पशुहत्या एवं गौहत्या निषेध गरिएको छ। यस्तो नीच कार्य गर्नेलाई दण्डनीय अपराधका रूपमा बताइएको छ । गाई एवं घोडालाई हानीनोक्सानी नपुऱ्याऊ । त्यसमा नै तिमीहरूको कल्याण छ। अथर्ववेदमा भनिएको छ - दुई पाउवाला एवं चार पाउवाला पशुपक्षीको हत्या नगर । यस्ता विषय यजुर्वेदमा पनि प्रशस्त ठाउँमा व्याख्या गरिएको छ। यदि कसैले गौहत्या गर्दछ भने त्यसलाई मृत्युदण्डको सजाय हुनुपर्नेसमेत वेदमा बताइएको छ। कौटिल्यको अर्थशास्त्रमा भनिएको छ - यदि कसैले गाईलाई स्वयम् मार्छ अर्थात् मार्न लगाउँछ भने त्यसलाई मृत्युदण्ड दिँदासमेत केही फरक पर्दैन ।

नेपालमा गाईपालन

गाई विश्वकी जननी (आमा) भनिएको छ। गाईले हामीलाई अमृततुल्य दूध प्रदान गरेर सुस्वास्थ्य दीर्घायु प्रदान गरेर लोकहित गरेकी छन् । गाईको गहुँत, गोबर पनि त्यत्तिकै पवित्र मानिएको छ । जन्मदेखि मृत्युसम्म सम्पूर्ण संस्कारहरूमा गाईको दूध, गहुँत, गोबर सबै आवश्यक पर्दछ। गाईलाई अन्य प्राणीको तुलनामा एक सचेत प्राणीका रूपमा लिने गरिन्छ। यसको महत्त्व परापूर्वकालदेखि अहिलेसम्म पनि उत्तिकै रहेको छ । गाईको दूधलाई औषधिका रूपमा समेत प्रयोग गरिँदै आएको छ । बालबालिकाका लागि पनि आफ्नी आमाको दूधको विकल्पका रूपमा समेत गाईको दूध बढी पोषणयुक्त हुन्छ। पछिल्लो समय नेपालमा व्यावसायिक गाईपालन गर्ने क्रम बढेको छ । यसले एकातिर मानिसलाई रोजगारीको अवसर सृजना गरेको छ भने अर्कोतिर न्यून मात्रामा रहेको दूधको उपलब्धतालाई बढाइदिएको छ। यो वास्तवमै हाम्रा लागि गौरवको विषय हो ।

नेपालमा प्राप्त हुने लोपोन्मुख अवस्थामा रहेका गाइको संरक्षण आवश्यक रहेको छ । लोपोन्मुख गाइको वास्तविक प्रजातिको रक्षा गरेर नेपालको कृषि पशुपालन क्षेत्रको सर्वाङ्गीण विकास गर्न सकिन्छ। लोपोन्मुख अवस्थामा रहेका प्रजातिहरू नौ प्रकारका छन् ।

स्थानीय गाई

नेपालमा मूलतः ९ किसिमका स्थानीय गाई पाइन्छन् । यो विश्वमा पाइने ८ सय किसिमका स्थानीय गाईको १.१ प्रतिशत हो । यसको विवरण निम्नानुसार छ :

१) नौमुठे गाई (अछामी)
(Bos indicus)

पश्चिम नेपालको अछाम र छेउछाउका जिल्लामा मात्र पाइने खुरको समानान्तर मुठी राखेर त्यसमाथि अर्को मुठी राख्दै जाँदा पेटमा पुगेपछि नौ मुठी हुने हुँदा नौमुठे नाम रहेको हो । केही दशकयता वर्णशङ्कर उत्पादन भई यसको मूल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रजाति लोप हुने अवस्थामा पुगेको छ । अछामका लेकहरूमा मात्र फाट्टफुट्ट शुद्ध नश्लको पाइन्छ । (Bos indicus) वेदमा वर्णन भएको ब्राह्मी गाई यही नै हो । यो प्रजातिको रक्षा गरेर विश्वभरि दुर्लभ मानिने गाईको संरक्षण अत्यावश्यक देखिन्छ । नेपालको गौरव पनि यसैमा निहित छ ।

२) लुलु गाई (Bos indicus+Bos grunniens+Bos taurus)

यो गाई मुस्ताङ जिल्लामा मात्र पाइन्छ। यसका तीन प्रजातिको वर्णशङ्करका रूपमा लुलु गाईको आनुवंशिकको विकास भएको कुरा विज्ञानले पुष्टि गरेको छ । (Grunniens) वंस चाहिँ चौंरीगाई हो (Bos taurus) युरोपेली मूलको लोप भइसकेको प्रजाति हो । शेयर बजारमा (Bull) भनी चित्रित गरिने गाईको अगाडि फर्केको ठाडो सिङ हुन्छ । यो त्यही (Bos taurus) को gene हो । अहिले (Bos taurus) भनिने गाईहरू यसका केही गुणसूत्र लिएका मात्र हुन् । यो लोप हुँदै छ र यसको नश्लमा परेको (Bos taurus) को गुणसूत्र जोगाउन पनि लुलु संरक्षण गर्नुपर्ने जिम्मेवारी नेपालीको काँधमा आइपरेको छ ।

३) श्रीगाई



यो गाईको दूध यज्ञमा प्रयोग हुन्छ । यज्ञमा श्रीप्राप्तिका लागि श्रीविद्या उपासना गर्दा श्री गाईको दूध र जौको चामल पकाएर खाने विधान गरिएको छ । नेपालको पूर्वीभागमा पाइने भिन्नै प्रकारको गाई हो । यसलाई लोप नै भइसकेको भनिएको छ । स्थानीय जानकार हरूका अनुसार ५० देखि १०० वटा सम्म पाउन सकिन्छ । सूचनाका आधारमा यसको संकलन र संरक्षण गर्न पूर्वी नेपालका जनसमुदाय उत्साहित हुनुपर्नेछ र श्रीसम्पत्ति प्राप्तिका लागि यो गाईको पालन गरेर सबैप्रकारका कल्याण प्राप्तहुनेछ ।

४) खैला गाई



यो नेपालका पहाडी गाउँघरमा पाइन्छ । यो प्रजातिको गाइ लोपोन्मुख स्थितिमा रहेको हुँदा संरक्षण आवश्यक छ । यो गाईको दूध अत्यन्तै पौष्टिक सुस्वाद र मधुर स्वादको हुन्छ । यो गाईको दूध अत्यन्त शक्तिवर्द्धक र घ्यू बनाएर नपुङ्सकलाई खुवायो भने उसले सन्तान उत्पादन गर्ने सामर्थ्य प्राप्त गर्दछ । महिलालाई सन्तान प्राप्तिमा अप्ठयारो छ भने यो गाईको घिउ शिवलिङ्गी,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुत्रजीवक मिलाएर पाक बनाइ खायोभने सम्पूर्ण कष्ट निवारण हुन्छ । सन्तान वृद्धिका लागि उपयुक्त मानिएको छ ।

५) पहाडी गाई



पहाडी भेगमा पाइने यो गाई अत्यन्त दुधालु रहेको छ । यो गाई कैलो रङ्गको हुने हुँदा यज्ञ याज्ञादिमा पनि पवित्र मानिन्छ । यो कालो रङको स्थानीय प्रजाति हो । यो गाइको संरक्षण आदर्श गौशालामा गराइनेछ । यो गाईको दूधदही सर्वाधिक पौष्टिकताले युक्त रहेको छ । व्यवसायिक हिसावले यो गाई पालन गर्ने हो भने नेपालीको आर्थिक स्थीति सर्वाधिक सवल हुनेछ ।

६) तराइया गाई

यो सेतो रङको स्थानीय प्रजाति हो । यो गाईको रक्षाबाट राष्ट्रको कृषि समृद्धिमा टेवा पुग्नेछ । गोबरमलको उपयोगिता महत्त्वपूर्ण रहेको छ। यो गाईको मल उपयोगी मानिन्छ।



७) चौंरी गाई (Bos grunniens)

चौंरी गाई नेपालको गौरव हो । यसको रक्षाबाट नेपालको शान र नेपाली परिवेशलाई विश्वभरि चिनाउन महत्त्वपूर्ण योगदान पुग्नेछ ।

८) मिथुन गाई (Bos frontalis)

यो गौरी गाईको घरपालुवा प्रजाति हो । यो नेपालबाट लोप भयो भनिएको छ। तर, पुनःस्थापित गर्न सकिन्छ।

९) गौरी गाई (Bos gaurius)

यो गाई नेपालको तराईको जङ्गलमा पनि फाट्टफुट्ट पाइन्छ । यसलाई घरेलु तुल्याउन गाह्रो छ । तर, शिवजीलाई दूध चढाउन अपरिहार्य भएको हुँदा यसलाई संरक्षण गर्न जरुरी छ ।

विदेशी गाईको विवरण

नेपालमा भित्रिएका तर नेपालका लागि फाइदा भए/नभएको नहेरिएका गाईको एउटा छुट्टै गौशाला बनाउनु पर्ने आवश्यकता देखिन्छ । जसले गाईपालन र त्यसबाट आम नागरिकलाई अरू प्रोत्साहित बनाओस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१) गुजराती गाई (Bos indicus)

यो गाई रणबहादुर शाहको पालामा नेपालमा भित्रिएको मानिएको छ। तर, अहिले यो लोप हुन पुगेको छ।

२) जर्सी गाई (Bos taurus)

यो गाई जुद्धशमशेरको पालामा नेपाल भित्रिएको मानिएको छ।

३) डेष्टर गाई (Bos taurus)

यो गाईलाई गरीबको गाई पनि भनिन्छ। घाँस थोरै दिए पुग्ने तर दूध धेरै दिने यो गाईका आयातकर्ता अखण्डशमशेर राणा हुन्।

४) होलेस्टोन गाई (Bos taurus)

यो गाई हिमालय विक्रम शाहले नेपालमा झिकाएको मानिन्छ। यसका छाडा साँढेहरू अझै पनि काठमाडौंमा देख्न पाइन्छ।

५) भेचुर गाई (Bos indicus)

संसारको सबैभन्दा सानो मानिने यो गाई नेपालको चिडियाखानामा डा. मुक्तिनारायण प्रमुख हुँदा प्रदर्शनमा थियो। यो गाई विश्वमा २०० ओटा मात्र रहेको भनिएको छ। घरायसी पालन सम्भव तुल्याउने हो भने यो गाईप्रतिको वृद्धि गर्न सकिन्छ।

यी बाहेक अन्य फाइदाजनक हुने गाईका नमूना प्रदर्शनस्थल तयार गर्नु, प्रयोग गरी हेर्नु र जानकारी दिनु नेपाली नागरिकको परम कर्तव्य हो। समूलमा यो यस्तो गाई केन्द्र बनोस्, जसमा वैज्ञानिक, सामान्य मानिस र कृषक सबैले भरोसा गर्न सकून्।

आधुनिक समयमा गाईको (DNA) र जिन (अनुवाशिक प्रजातिगत गुणधर्म) प्रजातिको वीज सङ्क्रमण गरेर विभिन्न प्रजातिका गाईका बाछाहरू कृतिम गर्भधानबाट जन्माइँदैछन्। यस्तो प्रकारका अप्राकृतिक गतिविधिले प्रकृति र गौ वंशमाथि घनघोर अन्याय भइरहेको छ। यसले आगामी दिनहरूमा सम्पूर्ण मानव समुदायलाई आसाध्य रोग सन्ताप कष्ट उत्पन्न हुने छ। दूधको लोभमा यस्ता प्रकारका जीन र डिएनए परिवर्तन गरी कृतिम गर्भधानबाट जन्मिएका बाछाबाछी र तिनीहरू गाईको रूपमा रूपान्तरण भएर प्राप्त हुने धेरै दूधले मानव समूदायलाई हित गर्छ भन्ने लाग्दैन। किनकी प्रकृतिको बरदानको रूपमा प्राप्त भएका नेपाली मौलिक गाईहरूको संरक्षण गर्न सक्नु पर्दछ।



गोठ बनाउने तरिका :

पशु आहार दुग्ध दही घिउ उत्पादनका लागि गौपालन महत्त्वपूर्ण हुन्छ। गौशाला बनाउनका लागि कुन प्रजातिका गाई छन् त्यसै अनुसार प्रकृतिको सिद्धान्तानुसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गौपालन गर्नु पर्दछ । हिमाली भेगमा हुने गाई पहाडी भावर तराई समतल क्षेत्रमा हुने गाईको वर्ण जात स्वभावानुसार गोठ निर्माण गर्नु पर्दछ । काठ, माटो, ढुङ्गा, गोठको छानो, गाईलाई न्यानोपन, पानी, खाना औषधी, गहुँत, गोबर भण्डारण, मलखाद निर्माणको सम्वन्धमा वेदमा आर्ष ग्रन्थमा चित्रण गरिएको छ ।

गोमुत्रको उपयोग

परिचय

सनातन कालदेखि गाईलाई माताको रूपमा सम्मान गरिएको छ । गाईबाट प्राप्त हुने गोबर, गहुँत, दूध आदि सम्पूर्ण पदार्थहरू अति उपयोगी रोगनिवारक शक्ति भएका र पवित्र मानिन्छन् । हिन्दू सनातन संस्कृतिमा गाईको सर्वप्रथम पूजा, जन्मदेखि मृत्युपर्यन्त गोमूत्र, गोबर, दही, दूध, घ्यू, पञ्चगव्य आदिको प्रयोग सनातन कालदेखि गरेको पाइन्छ । गाईले विसर्जन गर्ने गोमूत्रलाई गोमुत्र भनिन्छ। गोमूत्रको प्रयोग दिनानुदिन बढ्दै गइरहेको छ ।

यसको नियमित सेवनले सम्पूर्ण रोगहरू नाश हुने वैज्ञानिक तथ्य पनि सार्वजनिक भइसकेका छन् । गोमूत्र साधारण रोगका साथसाथै क्यान्सर, दमआदि रोगनिवारणका लागि अत्यन्त उपयोगी मानिन्छ । १० देखि १५ मिलीग्राम गोमूत्रको दिनमा दुईपटक नियमित सेवन गर्नाले सबै रोग छिट्टै नै निको हुन्छन् । आधुनिक वैज्ञानिक विश्लेषणको आधारमा पनि गोमूत्र (गहुँत)मा (नाइट्रोजन, फोस्फरस, क्याल्सियम, म्याग्नेसियम, युरिया, युरिक अम्ल, पोटाशियम, सोडियम, कार्बोलिक अम्ल, लैक्टोज एवं हार्मोन्स) विभिन्न तत्वहरू पाइन्छन् । जसले सम्पूर्ण रोगमाथि आ-आफ्नो प्रभाव छाड्दछन् । रोग समाप्त पार्न सहयोग पुऱ्याउँदछन् । गोमूत्रको उपयोग विभिन्न रोगको निवारणका लागि गर्न सकिन्छ ।

उपयोग

एक पातलो सफा कपडालाई आठ तह गरेर पट्याउने र त्यही कपडामा गोमुत्रलाई छान्ने गर्नुपर्दछ। यसरी छानिएको गोमूत्रको सेवन गरेको केही घण्टापछि गोमूत्रको औषधीय प्रभाव शरीरमा पर्न थाल्दछ। भर्खरै ब्याएको अर्थात् सुत्केरी गाईको मूत्र प्रयोग भने गर्नु उचित ठहरिँदैन । गाई ब्याएको दुई महिनापश्चात् मात्र गोमूत्र प्रयोग गर्न सकिन्छ। यदि प्रत्येक दिन गोमूत्र सम्भव छैन भने यस्तो अवस्थामा गोमूत्रलाई छानेर कुनै एक सिसीमा राख्नुपर्दछ । यसलाई नियमित रूपमा सेवन गर्ने गर्नुपर्दछ । जसलाई मधुमेहसम्बन्धी समस्या छ । तिनीहरूले गोमूत्रसँगै मह मिसाएर सेवन गर्नसक्दछन् । यसको सेवनले मधुमेहको समस्याबाट छुटकारा मिल्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोमूत्रलाई आँखाको औषधिको रूपमा पनि प्रयोग गर्न सकिन्छ । तामाको भाँडोमा गोमूत्रलाई घट्नेगरी पकाउने र त्यसलाई छानेर सिसीमा राख्ने । यसरी राखेको गोमूत्र साँझ र बिहान एक या दुई थोपा आँखामा राख्ने गर्नाले आँखासम्बन्धी समस्याबाट मुक्त हुनसकिन्छ ।

पहेँले रोग (जन्डिस)

खानपिनमा ध्यान नदिँदा, अन्न या पानीको मात्रा दूषित र कम भएमा पहेँले रोग लाग्दछ । यसको निदानका लागि घरेलु उपचार अति लाभदायी रहन्छ ।

१) काँचो मेवा उसिनेर प्रशोधित गोमूत्र र नीमको पातको धुलो मिसाएर सेवन गर्नाले जन्डिस निको हुन्छ ।

२) जन्डिस या पहेँले रोग उपचारका लागि आँकको सानो कोमल पात र गोमूत्र पानको पत्तामा राखेर चबाउने गर्नाले पित्तजनित रोग शान्त हुन्छ ।

३) गोमूत्र र वन घिरौंला रात्रिकालीन समयमा तामाको भाँडामा भिजाएर बिहान त्यसको तितो पानी सफा कपडाले छानेर खायो भने जन्डिस निको हुन्छ ।

४) वनमा पाइने पहेँल किसिमको लहरा जसको जरा हुँदैन । यो रुखमा लहराको रूपमा अवस्थित हुन्छ । त्यसको लहरा कुटेर पानीमा भिजाएर बिहान बेलुका गोमूत्रसँग सेवन गर्नाले जन्डिस निको हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदमा चिकित्सा

वैदिक ऋचाहरूमा समाविष्ट आयुर्वेदिक सूत्रहरू पाइन्छन् । निरोगी रहँने आयुर्दासुक्तहरू वैदिक बाङ्मयमा प्रशस्त पाइन्छ ।

संसारकै अति प्राचीन ऋषि महर्षिहरूका खोज अनुसन्धानबाट पुस्तौं पुस्ताको निरन्तर प्राप्ति र हस्तान्तरणले कतै मलिन, कतै चहकिलो रूपमा देखा परेको प्राकृतिक चिकित्सा अन्तर्गतको आयुर्वेद आजको एक्काइसौं शताब्दीको वैज्ञानिक युगमा अति नै आवश्यक महशूस हुन थालेको छ । यही आयुर्वेदिक उपचार पद्धतिको मूल मुहान ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदमा रहेको छ ।

ऋग्वेदमा आयुर्वेद सम्बन्धि विभिन्न उपचार पद्धतिहरूको बारेमा सूत्रात्मक रूपमा चिन्तन प्रस्तुत भएको पाइन्छ । यसमा विभिन्न औषधीहरूको लाभ, प्राणीका विभिन्न अङ्गहरूको नाम अवस्था तिनिहरूको उपचार पद्धतिका बारेमा सूत्रहरू भेटिन्छन् । जहाँ अग्नि चिकित्सा, वायु चिकित्सा, जल चिकित्सा, हस्तस्पर्श चिकित्सा, सूर्य चिकित्सा, शल्य चिकित्सा, यज्ञ चिकित्सा, दीर्घ आयु चिकित्सा, विष चिकित्साआदिका साथै प्राणीका शरीरमा रहेका ओज, तेज, स्वप्न, मन आदिलाई अनुकूल राख्न गरिने चिकित्साका बारेमा पद्धति फेला पर्दछन् । वेदका बारेमा भनिएको छ **सर्वज्ञानमयो हि सः ।**

आयुर्वेदमा विभिन्न औषधीहरूको नाम, शारीरिक अङ्गहरूका नाम, दीर्घायुका लागि पञ्चमहाभूतको प्रयोग सम्बन्धि ऋचाहरू भेटिन्छन् । तुलनात्मक रूपमा ऋग्वेदमा भन्दा यजुर्वेदमा केही कम आयुर्वेदि सूत्रहरू फेला पर्दछन् ।

सामवेद गायनपरक वेद भएको हुनाले यसमा ऋग्वेद, यजुर्वेदको भन्दा निकै कम सूत्रहरू आयुर्वेदिक भेटिन्छन् । जहाँ आत्मज्योतिको वृद्धि, तेज, वल, दीर्घायु, सामान्य चिकित्सा आदिका बारेमा सूत्रहरू पाइन्छन् ।

अथर्ववेद वेदहरूमध्येको कान्छो वेदका रूपमा चिनिन्छ । अथर्ववेदलाई तन्त्रवेद पनि भनिन्छ । अथर्ववेद लौकिक साहित्य र तन्त्रप्रयोगको ग्रन्थका रूपमा लिइन्छ । आयुर्वेदका विभिन्न अङ्ग उपाङ्गहरूको सविस्तार वर्णन यसमा पाइन्छ । अथर्ववेदलाई आयुर्वेदको सहयोगी ग्रन्थको रूपमा बुझ्न सकिन्छ । यसमा उपचार पद्धति, आरोग्यता, विभिन्न मुद्रा, विभिन्न मानवेतर प्राणीहरूको चिकित्सा पद्धति आदिका बारेमा वर्णन गरिएको छ । अथर्ववेदको अथर्व शब्दलाई विभिन्न विद्वानहरूले आफ्ना ग्रन्थहरूमा भेषज लगाएकाछन् । अथर्ववेदलाई भेषक वेद पनि भन्न पुगेका छन् । तुलनात्मक रूपमा ऋग्वेद, यजुर्वेद र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामवेदमा भन्दा अथर्ववेदमा आयुर्वेदिक सूत्रहरूका साथै राजनैतिक, आर्थिक र प्रशासनिक चिन्तन पाइनु अथर्ववेदको विशिष्टता हो ।

येऽथर्वाणः तद्भेषजम् (गोपथब्रा. १.३.४)

वैदिक ऋचाहरूमा आयुर्वेदका अष्टाङ्गहरू

वैदिक ऋचाहरू मूर्त वर्णनात्मक र सपाट चिन्तनका अभिव्यक्तिहरू होइनन् । यी ऋचाहरूमा कतै लाक्षणिक, कतै अमूर्त व्यञ्जनात्मक, कतै अनुमानात्मक त कतै अभिधात्मक पनि देखिन्छन् । त्यसैले वैदिक वाङमयका ऋचाहरूमा नाम अन्तर परे पनि आयुर्वेदलाई आठ अङ्गमा चर्चा गरिएको पाइन्छ । यो अष्टाङ्ग आयुर्वेदको विभाजन अत्यन्त प्राचीन मानिन्छ । प्राचीन वैद्यहरू चरक, सुश्रुत, अष्टाङ्ग हृदय आदिले यी आठ अङ्गहरूलाई विभिन्न अलगअलग नामले उल्लेख गरेका छन् ।

आयुर्वेदको अष्टाङ्ग हृदय -

- ✓ बाल चिकित्सा
- ✓ काय चिकित्सा
- ✓ शल्य चिकित्सा
- ✓ विष चिकित्सा
- ✓ ग्रह चिकित्सा
- ✓ रसायन चिकित्सा
- ✓ उर्ध्वाङ्ग चिकित्सा
- ✓ वृष चिकित्सा भनेर अष्टाङ्ग आयुर्वेदका बारेमा प्रस्तुति दिएका छन् ।

अर्का प्राचीन आयुर्वेदिक विद्वान् सुश्रुतले आयुर्वेदिक अष्टाङ्ग चिकित्सा पद्धतिलाई यसरी बताएका छन् -

- ✓ शल्य चिकित्सा
- ✓ शालाक्य चिकित्सा
- ✓ काय चिकित्सा
- ✓ कौमार भृत्य
- ✓ अगदतन्त्र
- ✓ भूतविद्या
- ✓ रसायन तन्त्र
- ✓ बाजीकरण तन्त्र भनी विभाजन गरेका छन् ।

अर्का प्राचीन आयुर्वेदिक विद्वान् चरकले आफ्नो चरक संहितामा आयुर्वेदिक अष्टाङ्ग चिकित्सा पद्धतिका बारेमा निम्नानुसार व्याख्या गरेका छन् :

- ✓ काय चिकित्सा
- ✓ शालाक्य चिकित्सा
- ✓ शल्यापहर्तृक
- ✓ विषगर-वैरोधिक-प्रशमन (अगद तन्त्र)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- ✓ भूतविद्या
- ✓ कौमार भृत्य
- ✓ रसायन
- ✓ बाजीकरण

चरकले चरक संहितामा उल्लेख गरेका छन् ।

यो जसको स्रोत विभिन्न वैदिक ऋचाहरू हुन् भन्ने प्रष्ट हुन्छ । नाम एकैजस्तो भए पनि यी आठ अङ्गहरूलाई निम्नानुसार समेट्न सकिन्छ । यी नै आयुर्वेदिक अष्टाङ्गहरूको चिनारी यसप्रकार प्रस्तुत गर्न सकिन्छ ।

बाल चिकित्सा

बालबालिकाहरूको जन्मकालिक अवस्थादेखि सामान्य बाल अवस्थासम्मलाई लिइन्छ । त्यस समयमा लाग्ने बालबालिका सम्बन्धी विभिन्न रोगहरूको निदानका लागि विभिन्न बाल चिकित्साका पद्धतिहरू यस अन्तर्गत पर्दछन् । यस चिकित्सा पद्धतिलाई अंग्रेजीमा Paediatrict भनिन्छ । बाल चिकित्सा सबैभन्दा प्रमुख चिकित्सा हो । बाल्यकालमा नै बालकको राम्ररी हेरचाह, स्वास्थ्यको सम्बन्धमा ऋषिहरूले बालकको सर्वाङ्गिण विकासका लागि ध्यान दिनुपर्ने बताएका छन् ।

काय चिकित्सा

शरीरको विभिन्न भागमा रहेका सूक्ष्म वा स्थूल अङ्ग उपाङ्गहरूको उपचार पद्धति अन्तर्गतका विभिन्न ऋचाहरू काय चिकित्साको बारेमा समेटिएका छन् । प्राणीका शरीरमा रहेको अग्निलाई रोगको अवस्था अनुसार जठराग्निलाई प्रयोग गर्न सकिन्छ । सम्बन्धित रोगलाई भष्म पार्ने प्रयोग यस अन्तर्गत पर्दछ । यसलाई मानव शरीरभित्र रहेका र आवश्यकता अनुसार पूर्ति हुन नसकेका कतिपय बाह्य तत्त्वलाई थप गरी वा आन्तरिक तत्त्वलाई कम गरी उपचार गरिन्छ ।

विष चिकित्सा

प्राणीका शरीरमा रहेको शारीरिक आवश्यकीय तत्त्वमा कुनै कारणवश बाह्य विषतत्त्वको प्रवेश भएर अत्यन्त पीडा भएको छ र त्यसलाई कुनै बाह्य विषको प्रयोग गरी उपचार गरिन्छ भने यसलाई अंग्रेजीमा Toxicology विष चिकित्सा भनिन्छ । कुनै जनावर पशुपक्षी वा उभयचर प्राणीले टोकेर मानव शरीरमा विष प्रवेश गरेको छ र त्यसलाई निदान गर्नु छ भने अन्य कडा विषको प्रयोग गरेर उपचार गरिन्छ । त्यसलाई नै विष चिकित्सा पद्धति भनिन्छ ।

ग्रह चिकित्सा

यो चिकित्सा पद्धति विभिन्न यज्ञयागादि अनुष्ठानबाट गरिन्छ । तन्त्र मन्त्र र यन्त्रको प्रयोग गरी उपचार गर्ने वैदिक, तान्त्रिक वा कर्मकाण्डीय पद्धतिलाई नै ग्रहचिकित्सा पद्धति भनिन्छ । विभिन्न आपद् विपद्बाट मुक्ति प्राप्त गर्नका लागि अदृष्य शक्तिको पूजा अर्चना गरिन्छ । यो उपचार पद्धति नेपालबाट नै संसारभरि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गएको र प्रचलित भएको मान्न सकिन्छ । संसारकै प्रचलित र प्राचीन पद्धतिका रूपमा विकसित तथा विस्तारित भएको पाइन्छ । ग्रहको पूजा, हवन, तर्पण, मार्जन ग्रहको निर्धारित संख्याको जपबाट पनि रोगी व्यक्तिलाई निरोगी बनाउन सकिन्छ ।

उर्ध्वाङ्ग चिकित्सा

मानव शरीरलाई सामान्यतया तीन भागमा वर्गीकरण गरिएको देखिन्छ -

- उर्ध्वाङ्ग,
- मध्याङ्ग
- वाह्याङ्ग

उर्ध्वाङ्ग

उर्ध्वाङ्ग चिकित्सा भनेको कण्ठभन्दा माथि आँखा, कान, नाक, घाँटी आदिको उपचार गर्ने पद्धतिलाई भनिन्छ । आँखा, नाक, कान, घाँटीलाई अलग्गै उपचार गर्ने पद्धतिको विकास भएको देखिन्छ । उपचार पद्धतिमा यसलाई काय चिकित्सा अन्तर्गत नै राख्न सकिने भए पनि सुगम उपचारका लागि अलग्गै राखिएको पाइन्छ ।

शल्य चिकित्सा (चिरफार)

वैदिक ऋचाहरूमा अन्य चिकित्सा पद्धति जस्तै शल्य चिकित्साका बारेमा पनि सूत्रात्मक ऋचाहरू पाइन्छन् । कुनै पनि मानव वा मानवेतर प्राणीका अङ्गहरू अधिक विकसित भए, अङ्गले काम गरेनन्, प्रतिस्थापन गर्नु पर्ने भयो, अकार घटाउनु पर्ने भयो भने शल्य चिकित्सा गरेर त्यस्तो रोगको निदान गरिन्छ । यसैलाई नै शल्य चिकित्सा (चिरफार) पद्धति भनिन्छ । यसमा तीखा धारिला औजारहरूको प्रयोग गरेर प्राणीका अङ्गहरूको चिरफार गरिन्छ र शारीरिक अवस्था अनुकूलित बनाइन्छ ।

प्राणीहरू पुस्तौं पुस्तासम्म अस्तित्ववान भएर रहनका लागि तिनीहरूको जन्म अवश्यम्भावी रहन्छ । सन्तान दर सन्तानको परम्पराले संसारको विकास र ज्ञानलाई स्थायित्व दिएको हुन्छ । खानपान, रहनसहन र पूर्ववर्ती संस्कारका कारणले परेको प्रभावले गर्दा कतिपय मानव वा मानवेतर प्राणीहरूका सन्तान हुँदैनन् । सन्तान हुनका लागि पुङ्सत्त्व वा शुक्रकीट र अण्डको मिलनबाट मानव शरीर निर्माण हुन्छ । यदि पुङसत्त्व वा स्त्रित्त्व कुनै एक तत्त्वको कमी भयो भने सन्ततिको प्राप्ति हुँदैन । सन्तति प्राप्त नभए यस लोकमा सुख शान्तिको प्राप्ति हुँदैन ।

अपुत्राणां किलं नास्ति स्वर्ग नैव च नैव च ।

सन्तति नहुँदा परापूर्वकालदेखि पुस्तौं पुस्ता हस्तान्तरण हुँदै आएको कूलको गौरव गाथा समाप्त हुन पुग्दछ । त्यसैले कूललाई अविच्छिन्न राख्नका लागि बीज वा अण्डजको उत्पत्ति र विकासका लागि यो वृष चिकित्सा पद्धतिका सूत्रात्मक ऋचाहरू वैदिक ग्रन्थहरूमा भेटिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जरा चिकित्सा (रसायन तन्त्र)

मानव स्वभावैले असन्तुष्ट प्राणी हो । मानवको तन वृद्ध, कृश र जर्जरावस्था प्राप्त गरेको भए पनि मन त्यस्तो अवस्थाको हुँदैन । निश्चित आयुसम्म ज्ञान आर्जन गर्ने, गृहस्थ प्रवेश गर्ने, वानप्रस्थ र संन्यास आश्रमको व्यवस्था, पूर्वीय वाङ्मयमा पाइन्छ । यी आश्रम अनुसार नै आयुको वर्गीकरण पनि गरिएको पाइन्छ । सो आश्रमजन्य आयुको व्यतिरेक भएर मानव असफल नहोस्, युवावस्थाको उमेरमा बलवृद्धिले अनेकौं बाधा व्यवधान नगरोस् । मानव जीवन सरल सुगम सहज होस् भनेर वैदिक ऋचाहरूमा सूत्रात्मक चिन्तन प्रयोग गरिएको पाइन्छ । मानवलाई तन मनले सशक्त उन्नत युवावस्थाको बनाएर राख्नका लागि अनेकौं व्यायाम औषधोपचार आदिको व्यवस्था गरिएका ऋचाहरू यस अन्तर्गत समेटिएको देखिन्छ । वैदिक वाङ्मयमा छरपष्ट भएर रहेका ऋचाहरूलाई प्राचीन आयुर्वेदिक वैद्यहरू सुश्रुत, अष्टाङ्ग हृदय, चरक आदिले आफ्ना ग्रन्थहरूमा वर्गीकरण गर्दै विस्तारमा विवेचना गरेका छन् ।

अनेकौं जडिबुटी वनस्पति आदिको झोल (रस) तयार गरी नियमित सेवन गर्नाले वृद्धपन हट्ने हुनाले यो चिकित्सा पद्धतिलाई रसायन पद्धति वा रसायन तन्त्र पनि भनेको पाइन्छ । आश्रम व्यवस्था अन्तर्गत जन्मदेखि पच्चीस वर्षसम्म शिक्षा आर्जन गर्ने, ब्रह्मचार्य आश्रम, उमेरको पच्चीसदेखि पचास वर्षसम्म गृहस्थ आश्रम भनिएको यो समयमा शरीरका अङ्गप्रत्यङ्ग दरा, खँदिला प्रजनन् प्रकृया अगाडि बढाउन सामर्थ्य रहन्छन् । जीवनको महत्त्वपूर्ण समय गृहस्थ आश्रम भनिएको हो । पचास देखि पचहत्तर वर्षसम्म शरीरका अङ्गहरूले काम गर्न अमर्थ हुँदै जान्छन् । वानप्रस्थ भनिएको हो । पचहत्तरदेखि बाँचुञ्जेलसम्म सन्यास आश्रम भनिएको हो । यो समयमा चिकित्सकको अत्यन्त आवश्यक रहने भएको हुनाले आयुर्वेद चिकित्साको आवश्यकता गर्भधान संस्कारदेखि जीवन रहुञ्जेलसम्म आवश्यकता पर्दछ ।

जल चिकित्सा :



प्रकृतिमा रहेका सम्पूर्ण वनस्पति जगत् कुनै न कुनै औषधिको रूपमा प्रयोग हुन्छन् । हावा, पानी, माटो, औषधि आदिको समिश्रणबाट चिकित्साको अतिप्राचीन पद्धतिको निर्माण भएको हो । ऋग्वेद र अथर्ववेदमा जल चिकित्सा पद्धतिका बारेमा प्रशस्त मन्त्रहरू पाइन्छन् । रुद्र र वरुण देवता जलका अग्रगण्य देवता हुन् । रुद्र दिव्य भिषक् भनिएको छ । रुद्र जल चिकित्सक हुन् । वरुण वैद्यहरूका स्वामी हुन् । सोम राजा भनेर जललाई भनिएको छ । सोम सम्पूर्ण औषधिमा विराजमान हुनुहुन्छ । उहाँले सम्पूर्ण रोगको निवारण गर्न सक्नुहुन्छ । जलमा विभिन्न औषधीय गुणहरू रहेका हुन्छन् । आधुनिक विज्ञानअन्तर्गत एचटुओ (H_2O) हाइड्रोजनको मात्रा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुई भाग र अक्सिजनको मात्रा एक भाग रहेको शुद्ध जल भनिन्छ । वैदिक चिकित्सा पद्धतिअनुसार वरुणं, सोम र मित्रको समिश्रणबाट शुद्ध जल बन्दछ । वैदिक चिकित्सा पद्धतिमा मानव, बोट विरुवा, पशुपक्षीआदिलाई जीवनदानियी शक्ति जलबाट प्राप्त हुन्छ ।

वेदका धेरै मन्त्रहरूमा जललाई अमृत भनिएको छ । जललाई औषधीय गुण रहेको भनिएको छ । जलले शरीरलाई शक्ति प्रदान गर्दछ र सम्पूर्ण रोगहरू नाश भएर जान्छन् । सोमआदि रसलाई सेवन गर्नाले मनुष्यले दीर्घायु प्राप्त गर्दछ । जल चिकित्साको विषयमा अनुवंशानुगत रोगहरू पनि ठीक हुन्छन् । जललाई औषधीय गुणले युक्त भएको अमृत भनिएको छ । जलमा अपार शक्ति रहेको छ, जसबाट हामीले जीवन प्राप्त गर्न सक्दछौँ । यहाँबाट बिजुली पनि प्राप्त गर्न सक्दछौ । जलमा अपार गुण रहेको छ । सम्पूर्ण शरीरलाई स्वस्थ राख्नका लागि जलको अति नै आवश्यक पर्दछ । हिमालबाट निस्किने जलले विशेष लाभ प्रदान गर्दछ । यसले हृदयको रोगलाई ठीक पार्दछ । हिमालबाट निस्किने शुद्ध जलले मानिसलाई दीर्घायु र स्वस्थता प्राप्त हुन्छ । जलअन्तर्गत सबैभन्दा उत्तम जल हिमालबाट झरेको जललाई मानिन्छ भने वृष्टिबाट प्राप्त जललाई उत्तम औषधी भनिएको छ । जल बलबर्धक र सौन्दर्य बर्धक पनि हो । जलले मनुष्यलाई आमातुल्य सुख र शान्ति प्रदान गर्दछ । जल नै जीवनको आधार हो । यसविना मनुष्य जीवित रहनै सक्दैन । पृथिवीको गर्भबाट निस्किएको जललाई पनि शुद्ध र पवित्र मानिन्छ । जलले सम्पूर्ण शरीरभित्रको विकारलाई नष्ट गर्दछ । रोग, कष्ट, दुःख नाश गर्दछ । दिव्य गुण र तेज प्राप्त हुन्छ । अथर्ववेदमा शरीरविज्ञानको दृष्टिले आठ प्रकारका जलको विधान गरिएको छ । भगवान् रुद्रलाई जलका आविष्कारक मानिन्छ । जल चिकित्सा यहाँ वर्णन गरिएको छ । जल चिकित्साबाट सम्पूर्ण कष्टहरू नाश हुन्छन् ।

जलचिकित्साका केही विधिहरू

चरक, सुश्रुत र वागभट्टले जल चिकित्सांको बारेमा विस्तृत चर्चा गरेका छन् । पतञ्जलिले योगशास्त्रको बारेमा पनि जलको महत्त्वको बारेमा पनि वर्णन गरेका छन् । यसमा वर्षाको जल, नदीहरूको जल, समुद्रको जल, भूगर्भको जल, चिसो जल, तातो जल, पिउन योग्य जल, अपेय जल, कुवाको जलका बारेमा चर्चा गरेको पाइन्छ । वैदिक चिकित्सा पद्धति अन्तर्गत जललाई पर्याप्त रूपमा शोधन गर्न आवश्यक पर्दछ । रोग कस्तो प्रकारको छ । सर्वप्रथम रोगका बारेमा जान्न आवश्यक पर्दछ । बात, पित्त, कफजनित रोग हो या स्नायु, हड्डी र आन्तरिक या गुप्त कुन खालको रोग हो । रोगको सर्वप्रथम अलग अलग परीक्षण आवश्यक पर्दछ । जलमा तीन प्रकारको विशिष्ट गुणहरू प्राप्त हुन्छन् । १. रगतमा विद्यमान विकृत पदार्थलाई निकाल्ने । रगतमा घोलिएको विषलाई निष्कासन गर्ने, स्वच्छ र शुद्ध रूपमा शरीरलाई रक्तसञ्चालनमा गति प्रदान गर्ने, शीतको जलको बारेमा पनि वैदिक चिकित्सा पद्धतिमा वर्णन गरिएको पाइन्छ । कुनैऔषधीय वृक्षमा प्राप्त हुने शीतलाई पनि प्राप्त गर्न सकिन्छ । जमेको जलको बारेमापनि चर्चा पाइन्छ ।

चिकित्सा पद्धति

✓ यदि खुट्टा दुखेको छ अथवा पोल्छ भने चिसो पानीमा दुई चम्चा दुबोको रस, एक चम्चा, टिमुरको धुलो हालेर खुट्टा धुने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- ✓ यदि शरीरको कुनै ठाउँमा घाउ छ भने मनतातो पानीमा फिटकिरी हाल्ने र धुने । यसले घाउ सुकाउन सहयोग हुन्छ ।
- ✓ यदि पैताला चिरिन्छ अथवा फुट्दछ भने तातो पानीमा दुई चम्चा नुन, दुई चम्चा तोरीको तेल र तीन चम्चा बेसार राखेर पाँच लिटर पानीमा खुट्टा डुबाएर राख्ने ।
- ✓ यदि शरीरमा गाँठागुठी निस्किएका छन् भने तातो पानीमा एउटा कपडा चोपल्ने र त्यसलाई निचोरेर वाफ आउँदै गरेको कपडालाई गाँठोमाथि राख्ने ।
- ✓ आँखासँग सम्बन्धित समस्या छ भने खाली खुट्टा दुबो घाँसमाथि परेको शीतमा बिहान खालीखुट्टा घुम्ने गर्नुपर्दछ ।
- ✓ जलको वाफ बनाएर गरिने प्रयोगबाट शरीरभित्र रहने वात, पित्त, कफ आदिको व्यवस्थापन हुन्छ । वाफ स्नानको विधान आधुनिक चिकित्सा पद्धतिमा विधान गरिएको छ ।
- ✓ शरीरमा घाउ, फोकाफोकी, दाद या चर्मरोग छ भने धमिराको देवलको माटो, शुद्ध जल र निमपत्तालाई मिसाएर लेप बनाएर लगायो भने चर्मरोग निको हुन्छन् ।
- ✓ जल आयुर्वर्धक रसायन हो । अथर्ववेदमा उल्लेख गरिएको छ- रोगग्रस्त क्षेत्रमा मनतातो पानीमा वाफले सेक्यो भने जुनसुकै असाध्य रोग पनि निको हुन्छ ।
- ✓ ठूलो भाँडोमा आधा पानी राखेर कमर भन्दा तलको भाग डुबाएर मनतातो पानीमा बस्नाले कमरको रोग र दुखाइ, स्नायुको नसाको समस्या बिस्तारै ठीक भएर जान्छ ।
- ✓ यदि पेट दुख्ने समस्या छ भने तातो पानीमा कपडा भिजाएर पेटमाथि राख्यो भने पेटको दुखाइ बिस्तारै ठीक हुन्छ ।
- ✓ तातोपानीमा मोटो कपडा भिजाएर निचोरी पेटमाथि राख्यो भने पेटसम्बन्धी समस्या निको हुन्छन् ।
- ✓ बिहानै उठेर शौचजानुभन्दा पूर्व नै एकदेखि तीन गिलास मनतातो पानी पिउने गर्नुपर्छ । जसले कब्जियतसम्बन्धी विभिन्न रोग निको हुन्छन् ।
- ✓ आकाशबाट पर्दै गरेको पानीमा थापिएर स्नान गर्नाले चर्म रोग सम्बन्धी समस्याबाट छुटकारा मिल्दछ ।
- ✓ आकाशबाट परेको जल कुनै कसिङ्गर नपर्ने ठाउँमा थापेर सेवन गर्ने गर्दा शरीरका प्रायः सबै रोग नष्ट हुन जान्छन् । एकै पटक धेरै आकाशको पानी खानु हुँदैन । औषधीको रूपमा मात्र लिने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आयुर्वेद

अति प्राचीन ऋषिमहर्षिहरूका खोज अनुसन्धानबाट पुस्तौं पुस्ताको निरन्तर प्राप्ति र हस्तान्तरणले कतै मलिन तथा कतै चहकलो रूपमा देखा परेको प्राकृतिक चिकित्सा अन्तर्गतको आयुर्वेद आजको एक्काइसौं शताब्दीको वैज्ञानिक युगमा अति नै आवश्यक महशूस हुन थालेको छ। आयुर्वेदिक उपचार पद्धतिको मूल मुहान ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदमा प्राप्त हुन्छ। अन्य वेदहरूमा भन्दा ऋग्वेदमा आयुर्वेदिक उपचार पद्धतिका बारेका सूत्रहरू प्रशस्त भेटिन्छन्।

ऋग्वेदमा आयुर्वेद सम्बन्धि विभिन्न उपचार पद्धतिहरूको बारेमा सूत्रात्मक रूपमा चिन्तन प्रस्तुत भएको पाइन्छ। यसमा विभिन्न औषधीहरूको लाभ प्राणीका विभिन्न अङ्गहरूको नाम, अवस्था, तिनीहरूको उपचार पद्धतिका बारेमा सूत्रहरू छरिएका भेटिन्छन्। जहाँ अग्नि चिकित्सा, वायु चिकित्सा, जल चिकित्सा, हस्तस्पर्श चिकित्सा, सूर्य चिकित्सा, शल्य चिकित्सा, यज्ञ चिकित्सा, दीर्घ आयु चिकित्सा, विष चिकित्साआदिका साथै प्राणीका शरीरमा रहेका ओज, तेज, स्वप्न, मन आदिलाई अनुकूल राख्न गरिने चिकित्साका बारेमा प्रशस्त सूत्रहरू फेला पर्दछन्। त्यसैले वेदका बारेमा भनिएको **छ सर्वज्ञानमयो हि सः।**

यजुर्वेदमा कर्मकाण्डीय ऋचाहरू प्रशस्त छन् जहाँ आयुर्वेदका सूत्रहरू पनि कुनै न कुनै रूपमा उद्धृत भएको पाइन्छ। जहाँ विभिन्न औषधीहरूको नाम, अङ्गका नाम, दीर्घायुका लागि पञ्चमहाभूतको प्रयोग सम्बन्धि ऋचाहरू भेटिन्छन्। तुलनात्मक रूपमा ऋग्वेदमा भन्दा यजुर्वेदमा केही कम आयुर्वेदि सूत्रहरू फेला पर्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामवेद गायनपरक वेद भएको हुनाले यसमा ऋग्वेद, यजुर्वेदको भन्दा निकै कम सूत्रहरू आयुर्वेदिक भेटिन्छन् । जहाँ आत्मज्योतिको वृद्धि, तेज, बल, दीर्घायु, सामान्य चिकित्सा आदिका बारेमा सूत्रहरू पाइन्छन् ।

अथर्ववेद लौकिक साहित्य र तन्त्रप्रयोगका लागि महत्त्वपूर्णग्रन्थका रूपमा लिइन्छ । आयुर्वेदका विभिन्न अङ्ग उपाङ्गहरूको सविस्तार वर्णन यसमा पाइन्छ । अथर्ववेदलाई कतिपयले आयुर्वेदको मूल ग्रन्थका रूपमा चिनाउन चाहन्छन् । यसमा उपचार पद्धति, आरोग्यता, विभिन्न मुद्रा, विभिन्न मानवेतर प्राणीहरूको चिकित्सा पद्धति आदिका बारेमा वर्णन गरेको भेटिन्छ ।

येऽथर्वाणः तद्भेषजम् (गोपथ ब्रा. १.३.४)

आँक/मदार

अंग्रेजी नाम : Madar

रक्तार्क पुष्पं मधुरं सतिक्तं कुष्ठः क्रिमिघ्नम् कफनाशनम् च ।

अर्षो विषं हन्ति च रक्तपित्तं सङ्ग्राही गुल्मे स्वथो हितंतात ॥ -भावप्रकाश

आँक दुईदेखि तीन मिटरसम्म अग्लो हुनसक्ने दुधिलो झाडीदार वनस्पति हो । यसको पात १० देखि २० सेमी लामा र २.५ देखि ७.५ सम्म चौडा हुन्छन् । पात दुई खालका हुन्छन्- गोलाकार र लम्बाकार । यसको फलभित्र सेतो रुवाको जस्तो सानासाना बीऊहरू हुन्छन् भने यसको चोप दूधजस्तो सेतो रूपमा निस्किन्छ । यो वनस्पति समुद्री सतहदेखि १२०० मिटरको उचाइमा पाइन्छ । आँक फुल्ने समय फागुन र जेठ महिना हो । आँक नेपालका सबै ठाउँमा पाइने सर्वोपयोगी औषधि हो । आँक तीन किसिमको हुन्छ । सुख्खा र अग्लो ठाउँमा सरल रूपले विकसित भएको हुन्छ । विषको रूपमा यसलाई लिन सकिन्छ । यदि यसको सेवन धेरै गर्‍यो भने पेटको समस्या, जलन र विभिन्न प्रकारका अप्ठ्याराहरू उत्पन्न हुन्छन् । आयुर्वेद संहितामा पनि यसको गणना उपविषअन्तर्गत गरिएको छ । अत्यधिक मात्रामा सेवन गरियो भने यसले वमन हुने र झाडापखाला लाग्ने पनि हुनसक्छ । यसको समुचित मात्रामा सेवन गरेमा सम्पूर्ण रोगहरू निवारण हुने कुरामा दुई मत छैन । आँकको डाँठ विभिन्न रोगहरूको औषधिको रूपमा प्रयोग हुन्छ । यसका तीन प्रजाति पाइन्छन् :

१. **रातो फुल्ने आँक :**

यसको बाहिर सेतो रङ्ग हुन्छ भने फूलको भित्री भाग रातो हुन्छ । फल भने आँपजस्तो र सेतो हुन्छ । यसमा कम दूध आउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. सेतो आँक :

यसको फूलं अलि ठूलो हुन्छ। हल्का पहेँलो रङ्गको हुन्छ। यसमा विशेष सेतोपना बढी हुन्छ। यसको भित्री केस्रा पनि सेतै हुन्छ। यसमा दूध (चोप) अति धेरै आउँछ।

३. राजा आँक

यसको एउटै मात्र डाँठ हुन्छ। यसमा चारवटा पात लाग्छन्। यसको फूल भने चाँदीजस्तो अति सेतो हुन्छ। यो भने सर्वाधिक दुर्लभ मानिन्छ।

औषधीय प्रयोग

१. रातो या सेतो दुईप्रकारका आँक पेटको विमारी, बाथ, कुष्ट, पिलिया, पेटसँग सम्बन्धित समस्या, जुका र किरा नष्ट गर्न।

२. सेतो आँकको फूल वीर्यवर्धक र श्वासको समस्याको निदानकारक हुन्छ।

३. आँकको पञ्चाङ्ग (जरा, पात, फूल, फल, डाँठ) कुटेर गुलाबजलसँग एक भाग पञ्चाङ्ग, तीन भाग गुलाब जल मिलाएर आँखामा लगायो भने आँखाको वरिपरी आउने फोकाफोकी निको हुन्छन्। आँकको जरा डढाएर कोइला बनाउने, त्यसलाई गुलाबजलसँग मिलाए गाजल बनाउन सकिन्छ। यो गाजल प्रयोग गरेमा आँखासम्बन्धी विभिन्न समस्याहरू निको हुन्छन्।

४. मिर्गी रोग लाग्यो भने सेतो आँकको फूल एकभाग, तीन भाग गुण मिलाएर यसको फूलसँग पिसेर गुणको पाकमा पकाएर चनाको गोलीजस्तो बनाएर बिहानबेलुका एक एक गोली सेवन गरेमा मिर्गी रोग निको हुन्छ।

५. आँकको आठदेखि दश वटा पात २५० ग्राम तेलमा तारेर त्यस तेलले मालिस गरेको खण्डमा शरीर झम्झमाउने रोग निको हुन्छ।

६. आँकको दूध सिसा या माटोको भाँडोमा राखेर मालकागुनीको तेल मिलाएर मालिस गर्‍यो भने अर्धागो बात, जिउ शिथिल हुने रोग निको हुन्छ।

७. आँकको दूध एक भाग, मिस्री १० भाग मिलाएर तीन गिलास पानीमा पारिजातको पात तीन वटा मिलाएर काँडा बनाई उमालेर सेवन गरेमा मलेरियाको ज्वरो निको हुन्छ।

८. आँकको बोक्रा, अदुवाको रस, मरिच र सिदे नुन मिलाएर गोली बनाइ सुकाउने र एक गोली बिहान बेलुका पुदिनासँग मिलाएर सेवन गरेमा पेटसम्वन्धी रोग निको हुन्छ।

९. सुकाएको आँकको बिरुवा भिरिङ्गी रोग, आँउ, बाथ, छालासम्वन्धी रोग, शक्तिबर्धक, कफ, कुष्ठरोग, खकार निकाल्न, रगत सफा गर्न र पेटको कीरा मार्ने औषधीको रूपमा प्रयोग गरिन्छ। आँकको जराको लेदो लगाएमा हात्तीपाइले रोग निको हुन्छ।

१०. आँकको पातको रस मनतातो गरी वा तेलमा पकाएर दुई चार थोपा एक दिनमा दुई चारपटक कानमा राख्नाले कान दुःखेको निको हुन्छ।

११. आँकको दूधमा रुई भिजाएर घ्यूसँग मोलेर ढाडमा लगाउनाले ढाडसम्वन्धी समस्या समाधान हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१२. आँकको दूधमा नुन मिसाएर दाँतमा लगाउनाले दन्तपीडा शान्त हुन्छ ।

१३. सेतो आँकको दूधलाई ५ ग्रामदेखि १० ग्रामसम्म गुड (भेली)सँग मिलाइ गोली बनाएर सेवन गर्नाले कफसम्वन्धी समस्या निको हुन्छ ।

१४. आँकको दूधमा कपास भिजाइ बत्ती बनाएर सर्स्युं तेलमा भिजाएर व्रण(घाउ)मा लगाउनाले लाभ मिल्छ ।

अमृता



नेपाली नाम : गुर्जो

संस्कृत नाम : गुडुची, अमृतवल्ली, छिन्ना, मधुपरिणी, वत्सादिनी, कुण्डलिनी

हिन्दी नाम : गिलोय

अंग्रेजी नाम : Tinospora

ल्याट्रिन नाम : Tinospora Cordifolia (Willd) Miers

गुडुची कटुका तिक्ता स्वादुपाका रसायनी ।
संग्रहणी कषायोष्णा लघ्वी वल्याग्निदीपनी ॥
अमृता साग्राहिका वातहर-दीपनीय ।
श्लेष्मशोभित्‌विम्बन्धप्रशमनानाम्‌ ॥ चरक.
पिवेत्‌ वा षट्फल सर्विरभयां वा प्रयोजयेत्‌ ।
त्रिफलायाः कषाय वा गुडूव्या रसमेव वा ॥ चरक.

गुर्जो

गुर्जो कहिल्यै नसुक्ने एउटा अद्‌भूत औषधीय वनस्पति हो । यो समुद्रको सतहबाट लगभग १ हजार फिटभन्दा माथिको उचाइमा पाइन्छ । यसको लहरा मोटो र हरियो हुन्छ । यो डोरीजस्तो आकारको लामो हुन्छ । यसमा पहेंला र हरिया फूलहरू फुल्दछन्‌ । अमृताको पात पानआकारको हुनुका साथै फल केराउका दानाजस्ता हुन्छन्‌ । यो सदासर्वदा हरियो देखिन्छ । लहर सुकेर नष्ट हुँदैन । लहराको वाहिर बोक्राहरू फुस्रा हुन्छन्‌ । यस वनस्पतमि औषधीय विशेषता प्रशस्त रहेका हुन्छन्‌ । विशेष गरेर यो पहाडी भेगमा पाइन्छ । यसको लहरालाई कलम गरेर कहीँ पनि रोप्यो भने तुरुन्तै उम्रिन्छ र विकसित हुन्छ । यसमा एउटा विशेषता छ- जुन वृक्ष (रुख)मा यो जेलिन्छ, त्यस वृक्षको केही गुण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफूभित्र समाहित गर्दछ। त्यसैले नीम, पारीजात, हर्रो, बर्रो र अमला र रुद्राक्षको वृक्ष (रुख)मा जेलिएको गुर्जो अत्यन्त उत्तम औषधीय गुण भएको मानिन्छ। लहराको आन्तरिक संरचना हरियो र गुदीयुक्त हुन्छ। यसको लहरामा चिप्लोपन रहन्छ। यसमा फल्ने फल फूलहरूको गुच्छामा लाग्ने गर्दछ। यसको फल पाक्यो भने रातो हुन्छ। बीऊ सेतो, चिल्लो र केही बाङ्गो खुर्सानीको दानाजस्तो हुन्छ।

गुर्जो फल त्रिदोषनाशक। गुर्जोले बात, पित्त र कफलाई निको पार्न सहयोग पुऱ्याँउदछ। क्यान्सर, हृदयरोग, एलर्जी, पोलेको, कपाल झर्ने समस्या आदि धेरै डरलाग्दा रोगहरूलाई पनि निको पार्ने औषधीय गुण यसमा रहेको हुन्छ। हृदय रोगको लागि अति शक्तिशाली औषधि मानिन्छ। रक्तविकार र पाण्डु रोग शान्त गर्न पनि यसले विशेष भूमिका खेल्छ। खोकी, दुर्बलता, मधुमेह, छालासम्बन्धी रोग र ज्वरो आएको समयमा पनि यसको प्रयोग गर्नु उचित हुन्छ। आधुनिक चिकित्सा शास्त्रीहरूको विचारमा गुर्जो सूक्ष्मतम विषाणुदेखि लिएर ठूलाठूला रोगहरूको निवारण गर्नका लागि उपयोगी सिद्ध भएको छ।

रासायनिक सङ्गठन

गुर्जोको जरामा (गिलोइन) नामक तीतो (ग्लुकोसाइड) रहन्छ। यसमा १.२ प्रतिशत स्टार्च (चिनी) रहन्छ। तीतो यसमा रहन्छ। (ग्लुकोसाइड), (एल्कोलाइड) र (गिलोइन) रहन्छ। यसमा बर्बेरिन, क्षारासभ प्राप्त हुन्छ। यसको अतिरिक्त तीतो ग्लुकोसाइड, ग्लोमिन, कैसमेथिन, पामारिन, रीनात्पेरिन, टिनास्पोरिक नामक जैवी सक्रिय पदार्थ सक्रिय रहन्छ। यसमा उड्डयनशील तेल, बोशो, अल्कोहल, ग्लिस्टोराइल, एकभाग एशेन्सियल तेल, विभिन्न प्रकारको बत्सा प्राप्त हुन्छ।

औषधी प्रयोग :

१. गुर्जोको रसमा त्रिफला मिलाएर क्वाथ (सुप) बनाएर पीपलको धुलो अथवा मह मिसाएर बिहान बेलुका सेवन गर्नाले नेत्रज्योति बढ्दछ।

२. गुर्जोको ११.५ ग्राम रसमा मह, सिधेनुन १-१ ग्राम मिलाई राम्रोसँग आगोमा खहऱ्याएर गाजल लगाउनाले तिमिर, पिल्ल, अर्श एवं नेत्ररोग नष्ट हुन्छन्।

३. गुर्जोको २०-३० ग्राम क्वाथमा दुई चम्चा मह मिलाएर दिनमा तीनचार पटक सेवन गर्नाले आँखाको समस्या निको हुन्छ।

४. यसको लहराको सानासाना टुक्राको १०८ माला बनाएर लगाउनाले पनि नेत्रज्योति ठीक हुन्छ।

५. हर्रो, गुर्जो, धनिया तीनै वनस्पतिको २०-२० ग्रामलाई आधाकिलो पानीमा पकाएर चार भागको एक भाग झोल (सुप) मा सख्खर राखेर बिहानबेलुका सेवन गर्नाले सबैप्रकारका अर्श रोग नष्ट हुन्छन्।

६. दूधसँग २-५ ग्राम चूर्ण मिश्रित गरी सेवन गर्नाले गाँठागुठी पर्ने र मूत्राम्लता सम्बन्धी रोग नष्ट हुन्छन्।

७. १०-२० ग्राम गुर्जोको रसमा ५० मिलिलिटर तेल मिलाएर प्रतिदिन बिहानबेलुका खाली पेट सेवन गर्नाले बात रोग निको हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८. गुर्जो र सुकेको अदुवाको चूर्ण (सोंठ) को नस दिनाले वाडुल्की बन्द हुन्छ। गुर्जोको चूर्ण एवं सोंठको चूर्णको हिम बनाएर त्यसमा दूध मिलाएर सेवन गर्दा पनि बाडुल्की निको हुन्छ।

९. गुर्जोको ५-१० मिलिलिटर रस, ३-६ ग्राम चूर्ण, १०-२० ग्राम कल्क अथवा ४०-६० ग्राम रसलाई दिनदिनै केही समय सेवन गर्नाले रक्तवात निको हुन्छ।

१०. गुर्जोको रस, षट्फल, घ्यू, त्रिफलाको रस मिलाएर सेवन गर्नाले विषमज्वर र प्रमेह रोग निको हुन्छन्।

११. गुर्जोका १०-२० वटा पातलाई पिसेर एक गिलास पानी मिलाएर छानेर बिहान सेवन गर्नाले कानोपन ठीक हुन्छ।

१२. गुर्जोको १०-२० ग्राम रस दिनमा तीन चार पटक नियमित तीन चार महिनासम्म सेवन गर्नाले कुष्ठ रोग निको हुन्छ।

१३. गुर्जोको रसमा भैंसीको घ्यू ५-१० ग्राममा यसको चौगुना दूधमा मिलाएर सेवन गर्नाले शरीर पुष्ट हुन्छ।

१४. १ ग्राम गुर्जोसत्मा ३ ग्राम मह मिलाएर बिहानबेलुका सेवन गर्नाले सम्पूर्ण रोगहरूबाट बच्न सकिन्छ।

१५. गुर्जोको चूर्णमा १०-२० ग्राम बावचीलाई पिसेर शरीरमा लगाउनाले शरीर तन्दुरुस्त हुन्छ।

१६. गुर्जोको रस १०-१५ ग्राममा ४-६ ग्राम मिश्री मिलाएर बिहान बेलुका पिउने गर्नाले वमन शान्त हुन्छ।

१७. ६ दिनभन्दा पनि बढी ज्वरो आइरह्यो भने गुर्जोको ४० ग्राम रसलाई माटोको भाँडोमा २५० ग्राम पानी मिलाएर रातभर ढाकेर राख्ने। त्यसलाई बिहान छानेर २० ग्रामका दरले दिनमा तीन पटक सेवन गर्नाले ज्वरो निको हुन्छ।

१८. गुर्जोको डाँठलाई पानीमा भिजाएर घोट्ने, त्यसलाई सफा पातलो वस्त्रले छान्ने र २-२ थोपा दिनमा दुई पटक कानमा राख्नाले कानमा रहेको मयल निस्केर जान्छ।

१९. जौ र गहूँको जमराको रस र गुर्जोको रस मिलाएर सेवन गर्दा/गराउँदा ब्लड क्यान्सर पनि ठीक हुन्छ।

रक्तक्यान्सरको रोगीलाई

गुर्जोको दुई फीट लामो लहरा एक अङ्गुलजस्तो मोटो र १० ग्राम गहूँको हरियो जमरा मिलाएर पिस्ने, कपडाले छानी निचोर्ने, जमराको रस र गुर्जोको रस मिलाएर प्रयोग गर्ने, एक कप रस खाली पेट खुवाउँदा रक्तक्यान्सर रोग ठीक हुन्छ। यो तथ्य स्वामी रामदेवको प्रयोगबाट सिद्ध भएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अशोक

अशोकः शीतलस्तिक्तो ग्राही वर्ण्यः कषायकः।
शोषापचितृषादाह मिशोथविषास्त्रजित् ॥ भावप्रकाश
अशोकस्य त्वचा रक्तप्रदरस्य विनाशिनी ।
अशोकवल्कलक्वाथ श्रृतं दुग्ध सुशीतलम् ।
यथा बलं पवेत्प्रातस्तीव्रासृग्दरनाशनम् ॥ च.द.

संस्कृत ताम्रपल्लव, अशोक, मधुपुष्पः
नेपाली अशोक
अंग्रेजी Ashok tree Caesalpiniacae

परिचय

अशोक वृक्ष नेपालको मध्य तराई र मध्यपहाडी भागहरूमा पाइने सुन्दर वृक्ष हो । यो समुद्र सतहबाट दुई हजार फिटसम्म पाइन्छ । नेपालमा बाटोको वरिपरि, घर र बगैँचाहरूमा २५ देखि ३० फुटसम्मको उँचाइ प्राप्त गरी सोभा बढाइरहेको छ । यो वृक्षलाई अति शुभ मानिन्छ । जसले सम्पूर्ण शोकलाई नाश गर्दछ त्यसैको नाम अशोक हो । अशोक रातो फुल्ने रक्त वर्णको र सेतो र मिश्रित फुल्ने गर्दछ । यसको बोक्रा खस्रा हुन्छन् भने पात चिल्ला र लाम्चा हुन्छन् । रुद्राक्षको पात जस्तै कोमल र राम्रा हरिया सग्ला पातहरूले गर्दा यो वृक्ष शोभायमान देखिन्छ । कोमल पातहरू र श्वेत, रक्त तथा हरित वर्णका पातहरू हुन्छन् । पातको किनारसम्म राम्रा रेसाहरू गएका हुन्छन् । यसको फूल रातो र सुगन्धित हुन्छन् । वैशाख जेठ महिनामा यस वृक्षलाई लगाउन सकिन्छ । यसको फल कालो र वैगनी रङ्गका हुन्छन् । यसको बीज १ देखि १.५ इन्च लामो र चेप्टो हुन्छ भने बाहिर रातो बोक्राले बिउलाई सुरक्षित राखेको हुन्छ ।

रासायनिक सङ्गठन

अशोकको बोक्रामा ट्यानिन्स, क्याटेकल, एसेशियल आयल, हीमेटोक्सीलिन एक कीटोस्टेरल, एक ग्लाइकोसाइड, सेपोनिन्स, एक क्याल्शियम युक्त र एक लौहयुक्त कार्बोनिक यौगिक पाइन्छ । अशोकको बोक्राको कीटोस्टेरलमा 'एस्ट्रोजन हार्मोन' जस्ता तत्त्वहरू पाइन्छ ।

औषधीय प्रयोग

- ✓ अशोकको बोक्रा र ब्राह्मीको चूर्ण बराबर मात्रामा मिलाएर एकएक चम्चा विहान बेलुका दूधसँग सेवन गर्नाले बुद्धि तीव्र हुन्छ ।
- ✓ अशोकको बोक्रा पकाएर बाक्लो झोल तयार गरी त्यसमा तोरीको तेल बराबर मात्रामा मिलाएर डण्डीफोर, पीलो आएको ठाउँमा लगाउँदा फाइदा हुन्छ ।
- ✓ यसको बीऊको धूलो बनाएर चामलको दाना बराबरको मात्रामा पानसँग दिनमा ६।७ पटक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेवन गर्दा श्वासरोगमा फाइदा पुग्छ ।

- ✓ अशोकको बोक्राको पानीमा तोरी पिधेर घाम नलागेको ठाउँमा सुकाउने र लगाउने बेलामा त्यस तोरीलाई त्यही बोक्राको पानीमा पिसेर लगाउँदा त्वचा नरम र सुन्दर हुन्छ ।
- ✓ अशोकको फूल पिँधेर स्तनमा लगाइ दूध पिलाउँदा बच्चाको वमन रोकिन्छ ।
- ✓ अशोकको फूल पानीसँग पिँधेर पिउनाले रक्त अतिसारमा लाभ प्राप्त गर्न सकिन्छ ।
- ✓ १५ ग्रा. फूल र १५ ग्रा. बोक्रा बेलुका एक गिलास पानीमा भिजाउने र बिहान उठेर कपडामा छानेर पिउने । त्यसै गरी बिहान भिजाएको बेलुका पिउने । यसो गर्दा रक्त बवासीरमा शीघ्र आराम प्राप्त गर्न सकिन्छ ।
- ✓ १।२ ग्रा. बीऊलाई पानीमा पिसेर दुई चम्चाको दरले नियमित सेवन गर्नाले पिसाब तथा पथरीको कष्टबाट छुटकारा पाइन्छ ।
- ✓ अशोकको बोक्राको ६ ग्रा. चूर्ण बिहान वेलुका दूधमा मिलाएर सेवन गर्ने र त्यही लेप लगाउनाले भाँचिएको हड्डी जोडिन्छ र दुख्न पनि कम हुन्छ ।

अमला

हन्ति वातं तदम्लत्वात् पित्तं माधुर्यशैत्यतः ।
कफं रुक्षकषायत्वात् फलं धात्र्यास्त्रिदोषजित् ॥
हरीतक्यामलकविभीतकानि त्रिफला ।
त्रिफला कफपित्तघ्नी मेहकुष्ठ विनाशिनी ॥
जात्यामल कुमुस्तानि तद्धन्ववय वासकम् ।
विवद्धदोषों ज्वरितः कषायं सगुणं पिवेत् ॥
आमलकीहरीतकी पिप्पल्यश्चित्रकश्चेति ।
आमलक्यादिरित्येष गणः सर्वज्वरापह ॥
अम्लं समधुरं तिक्तं कषायं कटुकं सरम् ।
चक्षुष्यं सवदोषघ्नं वृष्यमामलकी फलम् ॥

जडीबुटीहरूको महत्त्वको बारेमा चर्चा गर्दा अमलाको चर्चा अनिवार्य देखिन्छ । अमला नेपालको सबै भेगमा पाइने औषधि हो । मध्य तराई र मध्यपहाडी भेगमा अमला पाइन्छ । कफ, बात र पित्तजनित रोगव्याधिलाई निको पार्न धातृफल अति महत्त्वपूर्ण मानिन्छ । जसलाई त्रिदोषनाशक पनि भनिन्छ । हर्रो, वर्रो र अमला मिलाउँदा त्रिफला बन्दछ । जसले कफ, बात र पित्तजनित ज्वर कष्ट आदिलाई शमन गर्दछ । पाचनक्रियालाई सन्तुलित बनाउन र पेटसँग सम्बन्धित रोग निको पार्न सहयोग पुऱ्याउँदछ । यो वृक्ष समुद्री सतहदेखि ४५०० फीटको उचाइसम्म पाइन्छ । अमलाको पात र फूल भगवान् शिवको कृपा प्राप्त गर्नलाई चढाइन्छ । यसको दैनिक प्रयोगले दीर्घायु प्राप्त हुनुका साथै वृद्धावस्थालाई टाढै राख्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकिन्छ। यसको सेवन गर्ने सधैँ किशोरावस्थाको अनुभव गर्न सक्दछ। आयुर्वेदमा अमलालाई अमृतफल अथवा धात्रीफल भन्ने गरिएको छ। अमला दुईप्रकारको हुन्छ :

१) जङ्गली अमला : यो अमला सानो र केही कठोर हुन्छ।

२) ग्राम्य अमला : यो अमला जङ्गली अमलाको अनुपातमा ठूलो र केही मोटो अनि गुदी र रसयुक्त हुन्छ।

अमलाको रासायनिक सङ्गठन

अमलामा भिटामिन सी प्रचूरमात्रामा पाइन्छ। हल्का पहँलो खालको अमलामा भिटामीन अत्यन्त धेरै पाइन्छ। अमलामा गैलिक एसिड, टनिक एसिड, निर्यास, मीठोपन, एल्ब्युमिन, सेल्युलोज एवं क्याल्सियम प्रशस्त रूपमा पाइन्छ। सय ग्राम अमलाको रसभित्र पाइने रासायनिक सङ्गठनको मात्रा निम्नानुसार रहेको छ।

जलको मात्रा ८१.२ मि.ग्रा.

प्रोटिन ०.५ मि.ग्रा.

वसा ०.१

फास्फोरस ०.२

क्याल्सियम ०.५

लोह १.२ मिलीग्राम

निकोटिनीक एसिड ०.२



औषधी गुण

१) २०-५० ग्राम अमलाको धूलोलाई दुईघण्टासम्म आधालिटर पानीमा राख्ने र त्यसलाई नरम कपडाले छानेर दिनमा तीनपटक आँखामा राखियो भने नेत्ररोग ठीक हुन्छ।

२) अमलाको रस १० ग्राम, पाकेको केरा एउटा, मह ४ ग्राम र दूध २५० ग्राम गरी सबैलाई एकत्र गरेर सेवन गर्दा पिसावसँग सम्वन्धित समस्या (मूत्रातिसार) नष्ट हुन्छ।

३) अमलाको रस २० ग्राममा एक ग्राम जिराको धूलो मिलाएर दिनमा दुईपटक सेवन गर्ने, अथवा ताजा अमला सम्भव छैन भने सुकेको अमलाको धूलो २० ग्राम रातिमा भिजाएर विहान सेवन गर्दा, विहान भिजाएर बेलुकीको समयमा रसलाई छानेर सेवन गर्दा पित्तप्रकोपबाट हुने रक्तस्रावसँग सम्बन्धित समस्या निको हुन्छ।

४) ५-६ वटा अमलालाई पिसेर लिङ्गमा लगाउनाले मूत्राघात निको हुन्छ।

५) अमलाको २० मिलीलिटर रसमा ५ ग्राम सख्खर (भेली) र १० ग्राम महलाई मिलाएर पिउनाले योनीदाहसम्वन्धी रोग निको हुन्छ।

६) अमला, वेसार र मोथे ५०-५० ग्राम पानीसँग उमालेर २ चम्चा मह मिलाएर दिनमा ३ पटक पिउनाले वातजनित रोग शान्त हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७) अमलाको २-५ ग्राम धूलो (चूर्ण)लाई १ चम्चा महसँग मिलाएर बिहानको समयमा खालीपेट खानाले पित्तशूल शान्त हुन्छ ।

८) १२५ मिलीलिटरदेखि २५० मिलीलिटर लौहभस्मका साथ अमलाको सेवन गर्नाले रक्ताल्पता हुने समस्या नष्ट हुन्छ ।

९) अमलाको २-५ ग्राम धूलो (चूर्ण)मा एक गिलास पानीसँग मिलाएर सेवन गर्ने र त्यही पानीले मूत्रेन्द्रियमा पिचकरी दिँदा मूत्रेन्द्रियसम्बन्धी जलन शान्त हुन्छ । साथै यदि मूत्रेन्द्रियमा घाउ आएर पीप पनि बगेको छ भने पनि ठीक हुन्छ ।

१०) अमलाको रस, मह, गाईको घ्यू सबैलाई मिलाएर सेवन गर्नाले नेत्रको परेलीमा आउने रोगहरू नष्ट भएर जान्छन् ।

११) यदि धारिलो हतियारले शरीरको कुनै भागमा काट्यो र धेरै रक्तस्राव हुनथाल्यो भने तत्काल अमलाको ताजा रस निकालेर घाउमा लगाइदिनाले रक्तस्राव हुन कम हुन्छ ।

१२) शरीरमा फोका, खटिरा, बिँबिराआदि आएका छन् भने अमलाको रस लगाइदिनाले निको भएर जान्छन् ।

१३) अमलाको गेडालाई आगोमा डढाएर भस्म गराउने, त्यसमा नरिवलको तेल मिलाएर लुतो (सुकेको या नसुकेको) मा लगाउनाले लुतो ठीक भएर जान्छ ।

१४) अमलाको १०-२० ग्राम रसमा १० ग्रामं घ्यू मिलाएर दिनमा दुईपटक सेवन गर्नाले विसर्प रोग नष्ट हुन्छ ।

१५) अमलाको धूलो ३-६ ग्रामलाई २ चम्चा मह र १ चम्चा घ्यूका साथ दिनमा दुईपटक सेवन गर्नाले शरीर फुर्तिलो र स्वस्थ रहन्छ ।

१६) अमलाको धूलोलाई रातको समयमा घ्यू, मह अथवा पानीसँग मिलाएर सेवन गर्नाले आँखा, कान र नाक आदि इन्द्रियहरूको वल बढेर जान्छ । साथै जठराग्नि पनि तेज हुन्छ र यौवन प्राप्त भएको अनुभूति हुन्छ ।

१७) बबासिरको दुखाइ ठीक गर्न र रक्तस्राव धेरै भयो भने तीनदेखि आठ ग्राम अमलाको चूर्ण दहीसँग दिनमा तीनदेखि चारपटक सेवन गऱ्यो भने बबासिरको समस्या समाधान हुन्छ ।

१८) महिलाको मासिक धर्म बिग्रिएको या स्वेत छ भने अमलाको बीऊ तीनदेखि ६ ग्राम अथवा आठ ग्रामसम्म सिलौटामा राम्ररी पिसेर कपडाले छानेर महसँग दिनमा तीन पटक सेवन गऱ्यो भने महिलाको सेतो पानी (श्वेतप्रदर) बग्ने समस्या समाधान हुन्छ ।

१९) निरन्तर वमन (उल्टी) भयो भने अमलाको २० ग्राम रस १ चम्चा मह, १० ग्राम रक्तचन्दनको चूर्ण मिलाएर सेवन गरेमा वमन रोकिन्छ ।

२०) पिसाब पोल्छ भने १० देखि १५ ग्राम अमलाको रुखको बोक्रा २ ग्राम बेसार, १० ग्राम मह बिहान र बेलुका सेवन गऱ्यो भने पिसाबको ज्वलन ठीक हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२१) यदि कपाल झर्ने समस्या छ भने सुकेको अमला ३० ग्राम, बर्रो १० ग्राम, आँपको कोयाको धुलो ५० ग्राम, लौहचूर्ण १० ग्राम, रिठ्ठो २० ग्राम मिलाएर रातभरि फलामको कराईमा भिजाएर राख्ने र बिहान उठेर त्यही पानी र झोलले कपाल धुने गर्दा कपाल झर्ने समस्या निको हुन्छ।

अपमार्ग

तदेव युक्तं भैषज्यं यदारोग्याय कल्पते ।
स चैव भिषजां श्रेष्ठो रोगेभ्यो यः प्रमोचयेत् ॥

(सबैभन्दा राम्रो औषधी त्यो हो, जसले रोग निवारण गरोस् र प्रतिक्रियास्वरूप अरू बिरामी उत्पन्न नगरोस्)

-चरक संहिता

आधुनिक विज्ञानका सबै उपलब्धिहरू पौराणिक वैदिक विज्ञानसँग सम्बन्धित छन् । परापूर्वकालमा सबै किसिमका रोगहरू निको पार्न जडीबुटीहरू नै प्रयोग गर्ने गरिन्थ्यो । यस्ता अचुक औषधीय महत्त्व भएका जडिबुटीहरू हाम्रो देश नेपालमा जताततै पाइन्छ । यस्तै एक अनुपम औषधीय महत्त्व बोकेको जडिबुटी हो- **"अपमार्ग"** ।



यो वनस्पति लेखदेखि वेशीसम्म सुख्खा या चिस्यान ठाउँमा जताततै पाइन्छ । वर्षा ऋतुमा उम्रिएर शरद् ऋतुमा फुल्ने अनि हिउँदमा फल्ने गर्छ । यो वनस्पतिको जीवनचक्र एकवर्षको हुन्छ । यसको फल छिप्पिएको बेला टाँसिने हुनाले यसलाई चलनचल्तीको भाषामा "उल्टो कुरो" पनि भन्ने गरिन्छ। अपमार्ग दुई किसिमका हुन्छन् - रातो र सेतो । सेतो अपामार्गको डाँठ र पातहरूमा सेता फुस्रा थोप्लाहरू हुन्छन् भने रातो अपामार्गमा राता थोप्लाहरू हुन्छन् । यी दुई मध्ये सेतो अपमार्गलाई श्रेष्ठ मानिएको छ । अंग्रेजी भाषामा यसलाई प्रिक्ली चाफ फ्लावर भनिन्छ । यसैगरी ल्याटिन भाषामा यो एचिरेन्थस एस्पेराको नामबाट चिनिन्छ । हिन्दी भाषामा यसलाई चिर्चिटा भन्दछन् ।

अपमार्गको औषधीय प्रयोजन यसकार रहेको छ :

रोगका प्रकार	फाइदा
दाँत दुखेको	अपामार्गको पातको रस दुखेको दाँतमा लगाउँदा पीडा शान्त हुन्छ ।
लुतो	अपामार्गको जरा, डाँठ, फूल, फल बराबरमा मात्रामा पानीमा उमालेर नुहाउँदा लुतो निको हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्प, बिच्छिआदिको टोकाइ	अपमार्गका पातहरूको रस सर्प, बिच्छिआदिले टोकेको ठाउँमा लगाउँदा विषको असर कम हुन्छ ।
स्वप्नदोष	अपामार्गको जरा कुटेर मिश्रिसँग मिश्रित गरी दिनको तीन पटक सेवन गर्नाले स्वप्नदोष सम्बन्धी समस्या निराकरण हुन्छ ।
वजन घटाउन	अपामार्गको वीऊ पकाएर खानाले मोटोपन घटेर जान्छ ।
वजन बढाउन	अपामार्गको वीऊ भुटेर मिश्रि र दूधसँग मिश्रित गरी सेवन गर्नाले वजन बढ्दछ ।
कपाल खुइलिएकोमा	अपामार्गका पातहरू डढाएर तोरीको तेलसँग मिसाई नियमित लगाउनाले झरेका कपाल पुनः उम्रिन्छन् ।

माथि उल्लिखित फाइदाहरूवाट अपमार्ग औषधीय गुणहरूले भरिपूर्ण भएको वनस्पति मान्न सकिन्छ । यसका गुणहरू वुझेर यथोचित संरक्षण र सम्वर्द्धन गरेको पाइँदैन । यसलाई खेतबारीका कान्लाहरूमा सजिलैसँग लगाउन सकिन्छ । यसलाई घाँसको रूपमा पनि प्रयोग गर्न सकिन्छ । त्यसैले यसको व्यावसायिक खेतीले जनजीवनमा सुधार ल्याउने कुरामा दुई मत छैन ।

घ्यूकुमारी



संस्कृत नाम : घृतकुमारी

अंग्रेजी नाम : Aloe vera

नेपाली नाम : घ्यूकुमारी

कुमारी भेदनी, शीता, तिक्ता नेत्र्या रसायनी ।

मधुरा बृंहणी बल्या वृष्ण बातविप्रणुत् ।
गुल्मप्लीहयकृदवृद्धिकफज्वरहरी हरेत ॥
ग्रन्थ्यग्निदग्धविस्फोटपित्तरक्तत्वगामयान् ॥ -भावप्रकाश
गृह कन्या हिमा तिक्ता मद्गन्धि कफा पहा ।
पित्तकासविषश्वासकुष्टघ्नी च रसायनी ॥ (रा.नि.)
वीरास्रावः सहासारः कुमारीरससम्भवः ।
सहासारोऽग्निजननः पित्तनिर्हरणोमतः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बलकृद्रेचनः पुण्यजननो गर्भपातनः ।
विद्सड्ढे कृमिरोगे च सन्यासेऽपस्मृतौ तथा ॥
लुप्ते रजसि नारीणां शीतपित्ते शिरोरुजि ।
ज्वरे श्लेष्मोद्भवे ह्लीह्मिन्देऽग्नौ च प्रयुज्यते ॥
अर्शसस्तं न सेवेत नान्तर्वत्नी न पुष्पिणी ।
न चासृग्गदरिणी नापि यकृदवृक्कादि रोगान ॥ -आ.वि.
यकृत्कृमिप्लीह विबन्ध गुल्शूलादिकेष्वैलमुशान्ति वैद्याः ॥ (सै.मं.भा.)

परिचय :

यो नेपालका सवै जसो भागमा प्राप्त हुन्छ । यसलाई घरको भित्र या बाहिर गमलाआदिमा लगाउन सकिन्छ ।

बाह्यस्वरूप :

यसमा काँडा हुँदैन । यसको बनावट फेददेखि माथि चारैतिर मोटा मोटा घिउले युक्त पातहरूले सहित भएको हुन्छ । यसका पात १ देखि २ इन्च जति चौडाइमा फैलिएका हुन्छन् । यसैको बीचबीचमा सानासाना काँडा रहेका हुन्छन् । यसका पातलाई काट्ने हो भने र्‍याल जस्तो चिप्लो पानी निस्किन्छ । जुन चिसो भएपछि सुक्दछ ।

औषधी प्रयोग :

१) टाउको दुखेमा घ्यूकुमारीको पातको भित्री भागबाट आउने पानीमा थोरै मात्रा हरिद्राको धूलो मिसाएर तातो बनाएर दुखेको ठाउँमा लगाउने हो भने टाउको दुखेको तत्काल सञ्चो हुन्छ ।

२) घ्यूकुमारीलाई नरम बनाएर शिरमा लेपन गर्ने हो भने झरिरहेको कपाल फेरि आउने हुन्छ ।

३) यसको गुदीलाई आँखामा लगाउनाले गर्मी हट्दछ ।

घ्यूकुमारीको १ ग्राम गुदीमा ३७५ मि.ग्रा. अफिम मिलाएर अनि पानीमा भिजाएर आँखाको बाहिरी भागमा लगाउने र एक दुई थोपा रस आँखाको भित्रीभागमा राख्नाले पनि नेत्रपीडा शान्त हुन्छ ।

घ्यूकुमारीको गुदीमा थोरै वेसार राखेर, त्यसलाई तताएर आँखामा लगाएमा नेत्रपीडा शान्त हुन्छ ।

४) घ्यूकुमारीको रसलाई तातो बनाएर जुन कान दुखेको छ, दुखेको कानभन्दा अर्को कानमा दुई दुई थोपा रस राखिदिने हो भने दुःखेको कान ठीक हुन्छ ।

५) गर्मीका कारण कानमा कीरा पर्ने समस्या बढी हुन्छ । यसको दुई दुई थोपा रस कानमा राख्नाले पनि कानका कीरा मर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६) घ्यूकुमारीको गुदीलाई नुनसँग धूलो पारेर १२ ग्राम विहानबेलुका सेवन गर्नाले पनि बुढो खोकी र कफआदि नष्ट भएर जान्छ ।

७) घ्यूकुमारीको गुदी ६ ग्राम, गाईको घ्यू ६ ग्राम र हरितकी चूर्ण १ ग्राम, नुन १ ग्राम गरेर सबैलाई मिलाएर बिहानबेलुका सेवन गर्नाले वायुगोला नष्ट भएर जान्छ ।

८) घ्यूकुमारीको गुदीलाई पेटमा लगाउनाले पनि पेटको गाँठो बस्छ । कठोर पेट नरम हुन्छ । पेटमा जम्मा भएको मयल बाहिर निस्केर जान्छ ।

९) घ्यूकुमारीको १०-२० जराको निचोरेर छानेर त्यसैमाथि हिङलाई फुराएर सेवन गर्नाले पेटको शूल सञ्चो हुन्छ ।

१०) घ्यूकुमारीको ताजा ५-१० ग्राम गुदीमा शख्खर (भेली) मिलाएर खानाले मुत्रकृच्छ र पोल्ने पीडा शान्त हुन्छ ।

११) साना बच्चाहरूको नाइटोमा (नाभि) मा साबुनका साथसाथै घ्यूकुमारीको गुदीलाई लगाइदिनाले कब्जियत ठीक भएर जान्छ ।

१२) घ्यूकुमारीको ५ ग्राम गुदी २५० मिलीग्रामदेखि ५०० मिलीग्राम मिलाएर सेवन गर्नाले पनि मधुमेह सञ्चो हुन्छ ।

१३) घ्यूकुमारीको जराको १०-२० ग्राम क्वाथ दिनमा तीनपटक सेवन गर्नाले ज्वरो शान्त हुन्छ ।

१४) घ्यूकुमारीको १० ग्राम गुदीमा ५०० मिलीग्राम पलाशको क्षार मिलाएर दिनमा दुईपटक सेवन गर्दा महिलाहरूको मासिक धर्म शुद्ध हुन्छ ।

१५) महिलाहरूको स्तनमा चोट अथवा अन्य कुनै कारणले गाँठो आएमा घ्यूकुमारीको जराको कल्के बनाएर त्यसमा थोरै हरिद्राको धुलोलाई तातो बनाएर लगाउनाले स्तनमा लागेको चोट ठीक भएर जान्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदमा ज्योतिष



ज्योतिष शास्त्र

खगोल र भूगोल दुवैसँग ज्योतिषशास्त्रको सम्बन्ध रहेको छ। यो एउटा स्वतन्त्र शास्त्र हो। यसको भौतिक रूपमा गणित, भूगोल, वातावरण आदिसँग साक्षात् सम्बन्ध रहेको छ। अन्य विज्ञानका शाखाप्रशाखाहरूसँग पनि यसको कुनै न कुनै रूपमा सम्बन्ध रहेको छ। पृथिवी, सूर्य, चन्द्र, ग्रह आदिको गतिको गणना, कालचक्रको निर्धारण, वर्षचक्र, ऋतु, विभिन्न पर्व आदिको ज्ञान, सूर्यग्रहण, चन्द्रग्रहण, शुभ-अशुभ मुहूर्तको ज्ञान आदि विषय प्रत्येक मानिससँग सम्बन्धित छन्। ज्योतिषलाई जीवनसँग सम्बद्ध शास्त्र एवं विज्ञानका रूपमा लिने गरिएको छ। वेदमा यज्ञको बारेमा चर्चा पाइन्छ। चारवेदमा असीहजार मन्त्रहरू कर्मकाण्डसँग सम्बन्धित छन्। सोह्र हजार मन्त्रहरू उपासनासँग सम्बन्धित छन्। चार हजार मन्त्र ज्ञानसँग सम्बन्धित छन्। वैदिक यज्ञका लागि काल (समय) निर्धारण गरिएको छ। त्यसका लागि ज्योतिष शास्त्र अन्तर्गत मुहूर्तको आवश्यकता पर्दछ। सबै प्रकारका इष्टिहरूमा दर्शमासपूर्ण, अग्नीहोत्रादि यज्ञमा ग्रहं, नक्षत्र, तिथि, बार, योग, करणको जानकारी ज्योतिष शास्त्रबाट प्राप्त गर्न सकिन्छ। खगोलिय ज्ञानविज्ञानको जानकारीका लागि ज्योतिषको ज्ञान अनिवार्य छ।

वेदा हि यज्ञार्थमभिप्रवृत्ताः कालानुपूर्वा विहिताश्च यज्ञाः।
तस्मादिदं कालविधानशास्त्रं यो ज्योतिषं वेद स वेद यज्ञम्॥ -वेदाङ्ग ज्योतिष, याजुष०
यथा शिखा मयूराणां नागानां मणयो यथा।
तद्वद् वेदाङ्गशास्त्राणां गणितं मूर्धनि स्थितम्॥ -वेदाङ्ग, याजुष०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समयको जानकारी जसरी मयुरको शिखाविना मयुरको सुन्दरता रहँदैन मणिविनाको नाग त्यस्तै, ज्योतिष शास्त्र गणितबिनाको कुनै शोभा दिँदैन । सम्पूर्ण शास्त्रहरूको शीरको मुकुट भनेको ज्योतिष नै हो । वेदाङ्ग शास्त्रहरूमा ज्योतिष शास्त्र आँखा हो । चराचर जगत कालको अधिनमा छन् भने काल कसैको अधिनमा छैन ।

कालस्य वशगा सर्वे न काल कस्यचिद्वशः ।

भूत भविष्या बर्तमान कसैको बसमा छैन । सम्पूर्ण जगत काल (समय)ले चराचर जगतलाई वशमा गरेको छ । ज्योतिष कालविज्ञानको शास्त्र पनि हो । यसले समयको वास्तविक स्वरूपसँग परिचित गराउँछ । अथर्ववेदको १९औं काण्डका दुई सूक्त (५३ र ५४) का १५ ओटा मन्त्रमा कालको विराट् रूपको वर्णन गरिएको छ । सम्पूर्ण सृष्टि, सम्पूर्ण देवता, सम्पूर्ण वेद आदि शास्त्र तथा सबै समयका अधीनमा छन् । काल नै महाकाल हुन् । काल नै सम्पूर्ण देवताको आधार एवं अधिष्ठाता हुन् । सूर्य, चन्द्र, अग्नि, वायु आदि सबै उसको आज्ञामा सञ्चालित हुन्छन् । जगत्को सृष्टि, स्थिति र प्रलय पनि कालको अधीनमा छ । कालको आदेशद्वारा नै सूर्यले उदाउने र अस्ताउने काम गर्दछन् । सम्पूर्ण ज्ञान एवं विज्ञान कालको नै अधीनमा छ । ज्योतिषले त्यही कालको अङ्ग एवं उपाङ्गहरूका विषयमा व्याख्या गर्दछ ।

काले ह भूतं भव्यं चेषितं ह वि तिष्ठते । -अथर्ववेद १९.५३.५ ।

कालो ह ब्रह्म भूत्वा बिभर्ति परमेष्ठिनम् । । -अथर्ववेद १९.५३.९ ।

कालः स ईयते परमो नु देवः । । -अथर्ववेद १९.५४.५ ।

वेदमा ज्योतिषसम्बन्धी पाइने तथ्य –

चारै वेदका ऋचाहरूमा केही न केही ज्योतिष शास्त्रसम्बन्धी तथ्य प्राप्त हुन्छन् । ज्योतिष विज्ञान हो । चार वेदअन्तर्गत यजुर्वेदमा ज्योतिषलाई विज्ञानका रूपमा व्याख्या गरिएको छ । यसमा नक्षत्रको गति आदिको परीक्षा गरिन्छ । ग्रह एवं नक्षत्रहरूलाई हेरेर तिनका स्थान, गति आदिको अध्ययन गरिन्छ । यजुर्वेदमा विज्ञानका लागि प्रज्ञान शब्दको प्रयोग गरिएको छ :



...प्रज्ञानाय नक्षत्रदर्शम्...।-यजुर्वेद ३०.१० ।

सृष्टि (युग)को काल-निर्धारण

अथर्ववेदमा वर्णन गरिएको छ- एउटा महायुग अथवा सृष्टिको आदिदेखि अन्त्य (उत्पत्तिदेखि प्रलय)सम्मको समय ४ अर्ब ३२ करोड वर्ष हुन्छ : विनाश पछि निमार्ण, निमार्णबाट विनाश चलिरहन्छ ।

...शतं तेऽयुतं हायनान् द्वे त्रीणि चत्वारि कृण्मः... । -अथर्ववेद, ८.२.२१ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त मन्त्रअनुसार १ सय अयुतमा प्रारम्भमा ४३२ जोड्दा युगको कालको ज्ञान हुन्छ । अयुतको अर्थ हुन्छ - दश हजार । त्यसमा १ सयको गुणा गर्नुपर्छ । अर्थात् १०,०००१००=१०,००,००० अर्थात् दश लाख । यसमा प्रारम्भमा ४३२ जोड्नुपर्छ । त्यसैले, यो संख्या ४,३२,००,००,००० (चार अर्ब बत्तीस करोड वर्ष) हुन्छ । गणितको नियम छ - **अङ्कानां वामतो गतिः** अर्थात् अङ्क दायाँदेखि बायाँतर्फ लेखिन्छ । मन्त्रमा २,३,४ लेखिएको छ, जसको अर्थ हुन्छ- ४३२ ।

सूर्य, आदित्य, भाष्कर, दिवाकर ......

सूर्यका विषयमा केही विशेष तथ्य वेदहरूमा प्राप्त हुन्छन् । सूर्य संसारको आत्मा हो ऋग्वेद, यजुर्वेद, अथर्ववेदमा उल्लेख गरिएको छ - सूर्य चर एवं अचर सम्पूर्ण संसारको आत्मा हो । सम्पूर्ण जगत्को ऊर्जाको स्रोत सूर्य हो ।

...सूर्य आत्मा जगतस्तस्थुषश्च । -ऋग्वेद १.११५.१, अथर्ववेद १३.२.३५, तै. सं. १.४.४३.१ ।

सात सौरमण्डल



अथर्ववेदका अनुसार सात सौरमण्डल छन् । पृथिवी जस्तै अरू पृथिवीहरू छन् । सूर्यजस्तै अरू छवटा सूर्यहरू छन् । मङ्गल पृथिवीबाट छुट्टिएर गएको एक गोल हो । सम्पूर्ण खगोलमा करोडौकरोड तारा, नक्षत्र र आकाशगङ्गा छन् । मानव आँखाले देख्न नसक्ने वायुमण्डलहरू छन् । चराचर जगतलाई सूर्यले प्रकाश प्रदान गर्दछन् । चन्द्रमाले शीतलता रस प्रदान गर्दछन् ।

यस्मिन् सूर्या अर्पिताः सप्त साकम् । -अथर्ववेद, १३.३.१० ।

सबै सौर्यमण्डलमा शक्ति प्रकाश र ऊर्जा रहेको छ ।

ऋग्वेदको एउटा मन्त्रमा भनिएको छ - सूर्य अनेक छन् । तिनमा विभिन्न सूर्य उदित हुन्छन् ।

सप्तदिशो नाना सूर्याः । -ऋग्वेद, ९.११४.३ ।

आकाशमा सप्तसौर्य मण्डलमा विभिन्न प्रकारका सूर्यहरू प्रकाशित छन् । सूर्यबाट सात प्रकारको रङ्ग ज्योतिर्मय भएर निस्कन्छ ।



सूर्यका सात रङ

अथर्ववेदअनुसार सूर्यका सात रङलेयुक्त किरणहरू छन् । तिनै सात रङका कारण नै वर्षा हुने गरेको तथ्यसमेत अथर्ववेदमा वर्णित छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अव दिवस्तारयन्ति सप्त सूर्यस्य रश्मयः । -अथर्ववेद, ७.१०७.१ ।

सूर्यका सप्तरङ्गी किरणहरू छन् । ७ गाढा रङ, सात फिका रङ्ग हुन्छन् । यी सातका संयोजनबाट ७ गुणा ७ गरेर फेरि ४९ रङ्ग प्रवाह गर्दछ । यी ४९ प्रकारका सूर्यका किरणसँग ४९ वायुको सम्बन्ध छ । सम्पूर्ण रङ प्रदान गर्दछन् भन्ने विषय अथर्ववेदमा बताइएको छ । आर्य खस जातिहरूले पूजा गर्ने मष्ट पनि ४९ नै हुन् । मष्टको अर्थ मरुत् देवता हो । सूर्यका सात रङका किरण गाढा, मध्यम र हल्का गरी २१ प्रकारका पनि मान्न सकिन्छ । तिनै २१ प्रकारका रङले नै सम्पूर्ण संसारलाई रङ्गीन बनाउँछन् । यसले २१ कुललाई परिभाषित गर्दछ ।

ये त्रिषप्ताः परियन्ति विश्वा रूपाणि बिभ्रतः । -अथर्ववेद १.१.१ ।

सूर्यको आकर्षण

ऋग्वेद एवं यजुर्वेदमा भनिएको छ- सूर्यको आकर्षणद्वारा नै पृथिवी अडिएको छ । सूर्यले आफ्नो आकर्षणशक्ति (नियन्त्रणशक्ति)द्वारा पृथिवीलाई अड्याएको छ ।

सविता यन्त्रैः पृथिवीम् - अरम्णात् । -ऋग्वेद १०.१४९.१ ।

ऋग्वेदको अर्को मन्त्रमा भनिएको छ - सूर्यले पृथिवीलाई आफूतर्फ तानिरहेको छ ।

चकृषे भूमिम् । -ऋग्वेद १.५२.१२ ।

यजुर्वेदमा पनि स्पष्ट रूपमा व्याख्या गरिएको छ - सूर्यले आफ्नो किरणद्वारा चारैतर्फबाट पृथिवीलाई अड्याइराखेको छ ।

दाधर्थ पृथिवीम् - अभितो मयूखैः । -यजुर्वेद ५.१६ ।

सूर्य एवं पृथिवीको आकर्षण

ऋग्वेदमा स्पष्ट उल्लेख गरिएको छ - सूर्य एवं पृथिवी दुवैमा आकर्षण शक्ति विद्यमान छन् । दुवै एकअर्कालाई आफूतर्फ तानिरहेका छन् । त्यही आकर्षणद्वारा नै पृथिवी आकाशमा अडिएको छ ।

एको अन्यत्-चकृषे विश्वम् आनुषक् । ऋग्वेद १.५२.१४ ।

सौर्य परिक्रमा

ऋग्वेद र यजुर्वेदमा व्याख्या गरिएअनुसार पृथिवीले सूर्यलाई प्रदक्षिणा गर्दछ । ऋग्वेदमा भनिएको छ - पृथिवी (क्षाः)ले सूर्य (शुष्ण)लाई चैतर्फी प्रदक्षिणा गर्दछ ।

क्षाः...शुष्णं परि प्रदक्षिणित् । ऋग्वेद १०.२२.१४ ।

अथर्ववेद, ऋग्वेद एवं यजुर्वेदमा पनि यससम्बन्धी प्रसङ्ग पाइन्छ । यो पृथिवी (गौः)ले अन्तरिक्षरूपी मातासमान रहेर पितारूपी सूर्यलाई परिक्रमा गर्दछ ।

आयं गौः पृश्निरक्रमीदसदन् मातरं पुरः ।
पितरं च प्रयन् स्वः । -यजुर्वेद ३.६ । ऋग्वेद. १०.१८९.१, अथर्ववेद. ६. ३१.१ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यजुर्वेदमा स्पष्ट रूपमा यो पनि उल्लेख गरिएको छ कि सूर्य पनि घुमिरहन्छ । यजुर्वेदका अनुसार सूर्य, पृथिवी एवं उषाकाल यी सबै घुमिरहन्छन् । सम्पूर्ण संसार पनि घुमिरहन्छ ।

समाववर्ति पृथिवी समुषाः समु सूर्यः । समु विश्वमिदं जगत् । -यजुर्वेद २०.२३ ।

ऋग्वेदमा पनि यससम्बन्धी उल्लेख पाइन्छ - सूर्यले सम्पूर्ण सौरमण्डललाई घुमाउँछन् ।

...अवर्तयत् सूर्यो न चक्रम्... । -ऋग्वेद २. ११.२० ।

वर्षचक्र परिभ्रमण

...वर्तीर्ति चक्र परिव्राम ऋतस्य... । -ऋग्वेद १. ६४.११ ।

नक्षत्रमण्डल निरन्तर परिभ्रमण भइरहन्छ । चित्रा आदि गरिएका नक्षत्रहरू आकाश मण्डलमा तीव्रतर वेगले घुम्दछन् । सूर्यको वरिपरी ग्रहहरू परिक्रमा गर्दछन् ।

...चित्राणि साकं दिवि रोचनानि सरीसृपाणि भुवने जवानि । -अथर्ववेद १९.७.१ ।

अहोरात्र घुमिरहन्छ। ऋग्वेदको भनाइ छ - दिन र रातको चक्र सदा आफ्नो नियन्त्रित गतिमा घुमिरहन्छन्। **वेद्याभिः** शब्दले विशिष्ट गतिमा घुम्ने अर्थलाई जनाउँछ ।

अहश्च कृष्णम् अहरर्जुनं च । वि वर्तते रजसी वेद्याभिः । -ऋग्वेद ।

सूर्यद्वारा चन्द्रमा प्रकाशित

शुक्लयजुर्वेदमा भनिएको छ - सूर्यको सुषुम्ण नामक किरणले चन्द्रमालाई प्रकाशित गर्दछ । चन्द्रमा स्वयंप्रकाशित ग्रह होइन । यो सूर्यको प्रकाशद्वारा प्रकाशित रहन्छ । अन्य महर्षिहरूले पनि चन्द्रमालाई स्वयं प्रकाशित नभएर सूर्यद्वारा प्रकाशित मानेका छन् । सूर्यको एक किरण नै चन्द्रमा प्रकाशित हुनका लागि पर्याप्त मानिएको छ । सूर्यले नै चन्द्रमालाई प्रकाशित गर्दछ ।

सुषुम्णः सूर्यरश्मिश्चन्द्रमा गन्धर्वः । -यजुर्वेद १८.४० ।
अथाप्यस्यैको रश्मिश्चन्द्रमसं प्रति दीव्यति ।
आदित्यतोऽस्य दीप्तिर्भवति । -निरुक्त २.६ ।

सूर्य न उदाउँछन् न अस्ताउँछन्

ऐतरेयब्राह्मण एवं गोपथ ब्राह्मणमा स्पष्ट रूपमा सूर्यको उदय र अस्तका विषयमा वर्णन गरिएको छ। सूर्य न कहिल्यै उदाउँछ न अस्ताउँछ । भौगोलिकताका कारण व्यवहारका लागि मात्र उदय एवं अस्त देखिएको हो । रात्रिको अन्त्यलाई सूर्योदय र दिनको अन्त्यलाई सूर्यास्त भनिन्छ । सूर्य सदा प्रकाशित छ । पृथिवीले परिक्रमा गर्ने क्रममा रात्रिको समाप्ति भएपछि जब प्रकाश पृथिवीमा पर्न थाल्छ, त्यसपछि सूर्योदय हुन्छ । त्यसैगरी जब सन्ध्याकालमा जब प्रकाश ओझेल हुन लाग्छ, त्यसपछि सूर्यास्त हुन्छ । सूर्य भने आफ्नो स्थानमा सप्तरङ्गी किरणका साथ सधैं ज्योतिर्मय छन् ।

स वा एष आदित्यः न कदाचनास्तमेति नोदेति । -ऐतरेयब्राह्मण ३.४४ ।
ख स वा एष आदित्यः न कदाचनास्तमेति नोदेति । -गो.ब्रा. उत्तर० ४.१० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्य नै संसारका धारणकर्ता हुन्

ऋग्वेदको एउटा मन्त्रमा भनिएको छ - सूर्यले सम्पूर्ण संसारलाई धारण र प्रकाशित गरेका छन् ।

धारयन्त आदित्यासो जगत स्थ । -ऋग्वेद २.२७.४ ।

सूर्यकिरणका कारण नै दिन र रात हुन्छ

अथर्ववेदका अनुसार सूर्यका सप्तरश्मी किरणका कारण नै दिन र रात हुन्छन् । दिन र रातरूपी ऊर्जा नै सूर्यको चारैतर्फ फैलिएका छन् ।

अहोरात्रे परि सूर्यं वसाने, प्रास्य विश्वा तिरतो वीर्याणि । -अथर्ववेद १३.२.३२ ।

अहोरात्रमा तीस मुहूर्त हुन्छन्

चारै वेदमा अहोरात्रमा तीस मुहूर्त हुन्छन् भन्ने उल्लेख गरिएको छ । त्यहाँ प्रयोग भएका मन्त्रमा मुहूर्तका लागि 'धाम' शब्दको प्रयोग गरिएको छ ।

त्रिंशद् धाम विराजति वाक् ... प्रतिवस्तोऽरहद्युभिः । -ऋग्वेद १०.१८.९.३ ।

उव्वट एवं महीधरका अनुसार पनि धाम शब्द मुहुर्तका लागि नै प्रयोग गरेको हो । 'प्रति वस्तोः' को अर्थ हुन्छ - प्रतिदिन ।

एक महिनामा तीस अहोरात्र हुन्छन्

अहोरात्रका बारेमा अथर्ववेदमा उल्लेख गरिएको छ - एक महिनामा तीस अहोरात्र हुन्छन् ।

अहोरात्रैर्विमितं त्रिंशदङ्गम् । -अथर्ववेद १३.३.८ ।

एक वर्षमा बाह्र महिना

ऋग्वेदका अनुसार एउटा वर्षचक्रमा बाह्र महिना हुन्छन् । यो सूर्यको चक्र द्युलोकमा निरन्तर घुमिरहन्छ । कहिल्यै पनि जीर्ण हुँदैन ।

द्वादशारं नहि तज्जराय वर्वर्ति चक्रं परि द्यामृतस्य । -ऋग्वेद १.१६४.११ ।

एक वर्षमा ७ सय २० अहोरात्र

ऋग्वेदमा एक वर्षमा हुने अहोरात्रका विषयमा पनि चर्चा गरिएको छ । त्यहाँ बताइएअनुसार १ वर्षमा ७ सय २० अहोरात्र हुन्छन् । अहोरात्र वर्षका जुम्ल्याहा पुत्रसमान हुन् भनेर पनि ऋग्वेदमा उल्लेख गरिएको छ । यसप्रकार ३ सय ६० दिन र ३ सय ६० रात्रि मिलाउँदा ७ सय २० अहोरात्र हुन्छ ।

आ पुत्रा अग्ने मिथुनासो अत्र । सप्त शतानि विंशतिश्च तस्थुः । -ऋग्वेद १.१६४.११ ।

वर्षको आधार महिना हो

ऋग्वेदका अनुसार वर्ष गणनाको आधार महिना हो । वर्षको आकृति (परिमाण) सम्बन्धी ज्ञानका लागि मास (महिना)को बोध आवश्यक छ । **समानां मास आकृतिः ।** -ऋग्वेद १०.८५.५ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्ष गणनाको प्रारम्भ रात्रिबाट हुन्छ

गणनाको प्रारम्भ रात्रिबाट हुने अथर्ववेदमा उल्लेख गरिएको छ । त्यसैले, रात्रिलाई वर्षकी पत्नी (रक्षक, पालक) भनेर सम्बोधन गरिएको छ ।

संवत्सरस्य या पत्नी । -अथर्ववेद, ३.१०.२ ।

यही सूक्तमा रात्रिलाई संवत्सर (वर्ष)को प्रतिमा अर्थात् माता अथवा गणनाको आधारका रूपमा लिइएको छ ।

संवत्सरस्य प्रतिमां यां त्वा रात्रि...। -अथर्ववेद, ३.१०.३ ।

यसैको वर्णन गर्ने क्रममा भनिएको छ - सबैभन्दा पहिले रात्रि उत्पन्न भएको हो, त्यसपछि मात्र दिन ।

इयमेव सा या प्रथमा व्यौचछत्...। -अथर्ववेद, ३. १०.४ ।

विषुवत् रेखा, उत्तरायण एवं दक्षिणायन

ऋग्वेद एवं यजुर्वेदमा विषुवत् रेखा (मध्यवर्ती रेखा)बारे उल्लेख गरिएको छ । विषुवत्लाई विषुवत्का रूपमा पनि उल्लेख गरिएको छ । विषुवत् रेखाको माथिल्लो भागका लागि 'परि' शब्द रहेको छ । तलतिरको भागका लागि 'अवर' शब्दको प्रयोग गरिएको छ । यसै आधारमा सूर्य दक्षिणदेखि उत्तरतर्फ जाने समयलाई 'उत्तरायण' र उत्तरदेखि दक्षिणतर्फ जाने समयलाई 'दक्षिणायन' भनिएको हो । सूर्योदय उत्तरतिर ढल्किने क्रमलाई उत्तरायण र दक्षिणतिर ढल्किने क्रमलाई दक्षिणायन भनिन्छ ।

विषूवता पर एनावरेण । -ऋग्वेद १.१६४.४३, -अथर्ववेद, ९.१०.२५ ।

शतपथब्राह्मण, गोपथ एवं ताण्ड्यब्राह्मणमा पनि यससम्बन्धी व्याख्या पाइन्छ ।

आत्मा वै संवत्सरस्य विषुवान्, अङ्गानि पक्षौ-
दक्षिणः पक्षः, उत्तरः पक्षश्च । -गोपथ. पू० ४.१८ ।
महासुपर्ण एव यत् संवत्सरः ।
तस्य यान् पुरस्ताद् विषुवतः षण्मासान् उपयन्ति सोऽन्यतरः पक्षः,
अथ यान् षड् उपरिष्टात् सोऽन्यतर आत्मा
विषुवान् । -शतपथ, १२.२.३.७ ।

उत्तरायण एवं दक्षिणायन

मैत्रीउपनिषद्मा पनि उत्तरायण र दक्षिणायन सम्बन्धी विषयमा उल्लेख गरिएको छ। सूर्य मघा नक्षत्रको प्रारम्भदेखि दक्षिणायन प्रारम्भ हुन्छ । त्यसैगरी धनिष्ठा (श्रविष्ठा)को मध्यभागमा हुन्छ, त्यसपछि उत्तरायण प्रारम्भ हुन्छ ।

मघाद्यं श्रविष्ठार्धम् आग्नेयं क्रमेणोत्क्रमेण सार्पाद्यं श्रविष्ठार्धान्तं सौम्य । -मैत्रीउपनिषद् ६.१४ ।

यद्यपि, वेदाङ्ग ज्योतिषका अनुसार सूर्य र चन्द्रमा दुवैले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रविष्ठा नक्षत्रको सुरुमा उत्तरतर्फको गति लिन्छन् । त्यसपछि उत्तरायण प्रारम्भ हुन्छ । त्यसैगरी अश्लेषाको मध्यमा दक्षिणायन प्रारम्भ हुन्छ । सूर्यले माघ महिनामा उत्तरतर्फको गति लिन्छ भने साउन महिनामा दक्षिणतर्फको गति लिन्छ । यसैलाई नै उत्तरायण र दक्षिणायन भन्ने गरिएको छ ।

प्रपद्येते श्रविष्ठादौ सूर्याचन्द्रमासावुदक् ।
सार्पार्धे दक्षिणार्कस्तु माघश्रावणयोः सदा । -वेदाङ्ग, याजुष

संवत्सर र नक्षत्र

तैत्तिरीय संहिता संवत्सर र नक्षत्रसम्बन्धी विषयमा सङ्केत गरिएको छ - वर्षको नक्षत्रसँग घनिष्ठ सम्बन्ध छ । नक्षत्र संवत्सरको प्रतिष्ठा हो र संवत्सरको आधार पनि हो ।

संवत्सरोऽसि नक्षत्रेषु श्रितः । -तैत्तिरीय. ३.११.१.१४ ।
नक्षत्राणि संवत्सरस्य प्रतिष्ठा । -तैत्तिरीय. ३.११.१.१३ ।

राशि बाह्र हुन्छन्

ऋग्वेदको एउटा मन्त्रमा 'प्रधि' शव्दद्वारा राशिचक्रबारे उल्लेख गरिएको छ । प्रधिको अर्थ मास पनि हो । ऋग्वेदका अनुसार वर्षचक्रमा बाह्र प्रधि हुन्छन् । तीन नाभि हुन्छन् र ३ सय ६० शङ्क हुन्छन् । तीन नाभि भन्नुको अभिप्राय ग्रीष्म, वर्षा र शरद्रूपी तीन ऋतु हुन् । ३ सय ६० शङ्कुको अभिप्राय भने एक वृत्तमा ३ सय ६० अंश एवं यसैद्वारा नै वर्षमा ३ सय ६० दिन हुन्छन् भन्ने गणना गरिएको हो । १२ वटा प्रधिद्वारा नै वर्षमा १२ महिना हुन्छन् भन्ने उल्लेख गरिएको छ । यहाँ १२ राशिलाई निम्नानुसार देखाइएको छ :

वैदिक राशि चक्रः

मेष - (Aries)

वृष - (Taurus)

मिथुन - (Gemini)

कर्कट - (Cancer)

सिंह - (Leo)

कन्या - (Virgo)

तुला - (Libra)

वृश्चिक - (Scorpio)

धनु - (Sagittarius)

मकर - (Capricorn)

कुम्भ - (Acquarius)

मीन - (Pisces)

नक्षत्रका नाम र देवता

अथर्ववेद, तैत्तिरीय, मैत्रायणी एवं काठक संहितामा २८ नक्षत्रको नाम दिइएको छ । तैत्तिरीयसंहितामा अभिजित् नक्षत्रलाई छोडेर केवल २७ नक्षत्रको गणना गरिएको छ । यसमा नक्षत्रका साथ तिनका देवता पनि दिइएको छ । नक्षत्रका नाम एवं देवता निम्नानुसार देखाइएको छ -

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नक्षत्र	देवता	नक्षत्र	देवता
अश्विनी	अश्वयुजौ	भरणी	यम
कृत्तिका	अग्नि	रोहिणी	प्रजापति
मृगशिरस्	सोम	आर्द्रा	रुद्र
पुनर्वसु	अदिति	पुष्य	बृहस्पति
आश्लेषा	सर्प	मघा	पितर
पूर्वाफाल्गुनी	अर्यमा	उत्तराफाल्गुनी	भग
हस्त	सविता	चित्रा	ईन्द्र
स्वाति	वायु	विशाखा	(खे)ईन्द्राग्नि
अनुराधा	मित्र	ज्येष्ठा	ईन्द्र
मूल	पितर	पूर्वाषाढा	आपः
उत्तरषाढा	विश्वेदेवाः	अभिजित्	वायु
श्रवणा	विष्णु	श्रविष्ठा	वसवः
शतभिष	ईन्द्र	पूर्वभाद्रपदा	अज एकपाद्
उत्तरभाद्रपदा	अहिर्बुध्न्य	रेवती	पुषा (भगवान सूर्य)

अथर्ववेदअनुसार यी २८ नक्षत्र दिइएको हो । यद्यपि, तैत्तिरीय, मैत्रायणी एवं काठकसंहितामा यिनीहरूको विषयमा पाठभेद पाइन्छ ।

नक्षत्र एवं महिनाका नाम

महिनाका नाम नक्षत्रहरूको आधारमा निहित छन् । यसको उल्लेख ब्राह्मणग्रन्थहरूमा प्रशस्त पाइन्छन् । ब्राह्माणग्रन्थहरूमा केवल यी महिनाका मात्र नाम प्राप्त हुन्छन् । फाल्गुन, चैत्र, वैशाख, तैष्य एवं माघ । नक्षत्रको नामअनुसार महिनाको नाम राखिएको छ । पूर्णिमाको दिन जुन नक्षत्र पर्दछ । त्यही नक्षत्रानुसार महिनाको नामाकरण भएको छ ।

चित्रा - चैत्र,
विशाखा - वैशाख,
ज्येष्ठा - जेठ,
उत्तर/पूर्वषाढा - आषाढ,
श्रवण - श्रावण,
उत्तर/पूर्व भाद्रपदा - भदौ

अश्विनी - आश्विन
कृत्तिका - कार्तिक,
मृगशीश - मार्गशीर्ष,
पुष्य - पौष,
मघा - माघ,
उत्तर/पूर्वफल्गुनी - फागुन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्यतया एक नक्षत्रको भोग एक दिन रहन्छ। त्यसैले, एक महिनामा नक्षत्रहरूको एक चक्र पूरा हुन्छ। अथर्ववेदका अनुसार २८ वटा नक्षत्र छन्। यद्यपि, परवर्ती ज्योतिष साहित्यमा अभिजित् नक्षत्रलाई गणना गरिँदैन। त्यसैले २७ नक्षत्र मात्र मानिएको छ।

ग्रहहरूको नाम

अथर्ववेदमा **'दिविचरा ग्रहाः'** भनेर आकाशीय ग्रहहरूको वारेमा उल्लेख गरिएको छ।

शन्नो दिविचरा ग्रहाः। अथर्ववेद १९.९.७।

आकाशमा ग्रहहरू स्वस्व वृत्तमा विचरण गर्दछन्। अथर्ववेदको एउटा मन्त्रमा चार ग्रहका सम्वन्धमा केही लेखिएको छ। ती हुन् - चन्द्रमा, सूर्य, राहु, धूमकेत अर्थात् केतु।

शन्नो ग्रहाश्चन्द्रमसाः शमादित्यश्च राहुणा।
शन्नो मृत्युर्धूमकेतुः...। अथर्ववेद, १९.९.१०।

यो मन्त्रमा चन्द्रमास र ग्रहहरूवारे उल्लेख गरिएको छ। यसबाट अन्य ग्रहहरू अभिप्रेरित छन्। यसैरी शतपथ व्राह्मणमा सूर्यलाई ग्रहका रूपमा व्याख्या गरिएको छ।

एष वै ग्रहः। य एष (सूर्यः) तपति। शतपथव्राह्मण, ४.६.५.१।

शतपथ व्राह्मणको अर्को मन्त्रमा **'अष्टौ ग्रहाः'** भनेर आठवटा ग्रहहरूवारे व्याख्या गरिएको छ।

अष्टौ ग्रहाः। शतपथव्राह्मण, १४.६.२.१।

तैत्तिरीयव्राह्मणमा तिष्य नक्षत्रलाई वृहस्पति ग्रहको प्रतिनिधिका रूपमा विश्लेषण गरिएको छ।

वृहस्पतेस्तिष्यः (नक्षत्रविशेषः)। तैत्तिरीयह्मण १.५.१-२।
प्रथमेऽहन्, द्वितीये, तृतीये०....। यजुर्वेद, ३९.६।

यसैगरी ऋग्वेद र अथर्ववेदमा केही तिथिका नाम प्राप्त हुन्छन्। राका (पूर्णिमाका लागि), पौर्णमासी, अमावास्या, कुहू (औंसीका लागि), सिनिवाली (औंसीपछि आउने प्रतिपदाका लागि), एकाष्टका (पूर्णिमापछि आउने अष्टमीका लागि) जस्ता शब्द यसका केही उदाहरण हुन्।

राकाम्। ऋग्वेद, २.३२.४। अथर्ववेद, ७.४८.१।
पौर्णमासी। अथर्ववेद, ७. ८०.१।
अमावास्या। अथर्ववेद, ७.७९.१-४। ऋग्वेद, २.३६.३।
कुहूं देवीम्। अथर्ववेद ७.४७.१।
सिनीवाली...। ऋग्वेद, २.३२.६। अथर्ववेद, ७.४६.१।
एकाष्टके। अथर्ववेद, ३.१०.५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षचक्र र कालमान

वर्षचक्र र कालमानबारे अथर्ववेदको एउटा मन्त्रमा संवत्सरलाई विभाजन गरिएको छ।

ऋतून् यज... आर्तवान् उत हायनान्।

समाः संवत्सरान् मासान्०। अथर्ववेद ३.१०.९।

मन्त्रमा कालमान सम्वन्धी आएका छन् -ऋत, आर्तव, हायन, समा, मास, संवत्सर। सम्बत्सर विभाजनमा पाँच भागमा गरिएको छ।

ऋतु र महिना

यजुर्वेदमा बाह्र महिनाका वैदिक नाम र ६ ऋतुहरूको नाम दिइएको छ। महिनाको नाम चैत्र आदिको स्थानमा मधु, माधव आदि नाम दिइएको छ। १२ महिना र ६ ऋतुका नाम यसप्रकार छन् :

पारिभाषिक नाम	प्रचलित नाम	ऋतु
मधु-माधव	चैत्र-वैशाख	वसन्त
शुक्र-शुचि	ज्येष्ठ-आषाढ	ग्रीष्म
नभस्-नभस्य	श्रावण-भाद्रपद	वर्षा
इष-ऊर्ज	आश्विन-कार्तिक	शरद्
रुच–रुचस्य	मंसिर-पुस	हेमन्त
सहस्-सहस्य	माघ-फाल्गुन	शिशिर

अधिमास/मलमास

सूर्यको आधारमा गरिएको गणनालाई सौरवर्ष भनिन्छ। सूर्यले एक नक्षत्र-चक्रलाई बाह्र महिना अथवा ३ सय ६५ दिनमा पूरा गर्छन। त्यसैले, सौरवर्ष ३ सय ६५ दिनको मानिन्छ। चान्द्र वर्ष चन्द्रमाको परिक्रमाको आधारमा मानिन्छ। चान्द्र वर्ष ३ सय ५४ दिनको हुन्छ। चान्द्रवर्ष प्रतिवर्ष करिव ११ दिन पछि जान्छ। त्यसैले, वर्षगणना पूरा गर्नका लागि प्रत्येक चौथो वर्ष एउटा तेह्रौं महिनालाई मान्नुपर्ने अवस्था छ। अथर्ववेदमा यसलाई 'त्रयोदश मासः' अर्थात् तेह्रौं महिना भनिएको छ।

त्रयोदशो मास इन्द्रस्य। अथर्ववेद, ५.६.४।

यही तेह्रौं महिनालाई अधिमास अथवा मलमास भन्ने गरिएको छ। यजुर्वेदमा यसलाई 'संसर्प' एवं 'मलिम्लुच' नाम दिइएको छ।

संसर्पाय, मलिम्लुचाय। यजुर्वेद, २२.३०।

तैत्तिरीयसंहितामा यसका लागि 'अंहस्पति' शब्द प्रयोग गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सावन दिन, महिना र वर्ष

सूर्योदयदेखि आउने दिनको सूर्यास्तसम्मको ६० घडी (२४ घन्टा)को समयलाई सावन दिन भनिन्छ। यस्तै ३० दिनको समय एक महिना हुन्छ। यस्तै बाह्र महिनालाई एक वर्ष भनिन्छ। बाह्र महिनामा ३ सय ६५ दिन हुन्छ। खगोलीय वृत्तलाई ३ सय ६० अंशको वृत्तमा विभाजन गरिएको छ। ३०-३० अंशको बाह्र भाग ३ सय ६० अंश, तर ३ सय ६५ दिनको एक वर्ष हुन्छ। एउटा सावन दिन प्रातः, मध्याह्न र सायंकाल गरी सवन (यज्ञ) हुन्छ तर एक दिनको मानलाई 'एकाह' सोमयाग र ६ दिनको षडह हुन्छ। यसप्रकार पाँच षडहको ३० दिन मानिन्छ। एक सौरमहिनाको लागि ३ सय ६० को दिनलाई एक सावन वर्ष मानिन्छ।

सावनशब्दोऽहोरात्रोपलक्षकः। षडहेन पञ्चकेन एको मासः।
तादृशैर्द्वादशसभिर्मासैः संवत्सरसत्रम्। ब्राह्मण.... ॥

महिना गणनाका प्रकार

सामवेद र श्रौतसूत्र ग्रन्थमा पाँच प्रकारका महिना उल्लेख भएका छन्।

क. ३२४ दिनको एक वर्ष। यसमा २७ दिन र बाह्र महिनाको गणना गरिन्छ। एउटा नक्षत्रको भोगकाललाई एक दिन। त्यस्तै २७ नक्षत्रको एक महिना। २७x १२ .=३२४ एक नक्षत्र वर्ष।

ख. ३५१ दिनको एक वर्ष। यसमा २७ दिन, बाह्र महिना। २७ दिन र तेह्रौं महिनाको एक महिना। २७ x१३ . ३५१ दिनको एक वर्ष।

ग. ३५४ दिनको एक वर्ष। चान्द्रमासको २९+१/२ (साढे २९) दिनको एक महिना। एक वर्षमा ११ दिन कम। ३६५-११=३५४ दिन। एक चान्द्रवर्ष।

घ. ३ सय ६० दिनको एक सावन वर्ष। यसमा ३० दिनको एउटा महिना र बाह्र महिना बराबर ३ सय ६० दिनको एक वर्ष हुन्छ। ३० x१२ .=३६० दिनको एक सावन वर्ष।

ङ. ३ सय ७८ दिनको एक वर्ष। यो अधिकमास वा मलमास भएको वर्ष ३७८ दिनको मानिन्छ। चान्द्रवर्ष, सावन वर्षको प्रत्येक वर्ष ६ दिन घट्दै जान्छ। सावन वर्षसँग समन्वय मिलाउन तीन वर्षमा १८ दिन बढ्दछ। त्यही १८ दिन गएर ३७८ दिनको एउटा वर्ष हुन्छ। ३६०+१८=३८७ दिनको एक वर्ष।

वेदाङ्ग र याजुष ज्योतिषशास्त्रमा ३६६ दिनको एक वर्ष हुने उल्लेख गरेको पनि पाइन्छ। गर्ग आदि ऋषिहरूले यससम्बन्धी उल्लेख गरेका छन्।

त्रिशत्यह्नां सषट्षष्टिरब्दः। वेदाङ्ग ज्योतिष, ..। याजुष० २८।

आचार्य कौटिल्यको मतमा विविध प्रकारका महिनाहरूको उल्लेख गरिएको छ। कर्मचारीलाई तलब दिने सन्दर्भमा महिनाको उल्लेख गरिएको छ -

प्रकर्ममास - तलब दिनका लागि ३० दिनरातको एकमहिना मानिन्छ।
सौरमास - साढे तीस अहोरात्रको एउटा मास हुन्छ।
चान्द्रमास - साढे उनन्तीस अहोरात्र बराबर एक चान्द्रमास हुन्छ।
नक्षत्रमास - सत्ताइस अहोरात्र बराबर एउटा नक्षत्रमास हुन्छ।
मलमास - बत्तीस अहोरात्रको एउटा मलमास हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अश्ववाह मास - अश्ववाह (घोडाको रेखदेख गर्ने व्यक्ति)लाई ३५ दिनमा तलब दिने प्रचलन थियो। त्यसैले, आचार्य कौटिल्यका अनुसार अश्ववाहका लागि ३५ दिनको महिनाका रूपमा गणना गर्ने गरिन्थ्यो।

आचार्य कौटिल्यले सौर एवं चान्द्रमासको अन्तर स्पष्ट रूपमा उल्लेख गरेका छन्। उनका अनुसार सूर्य प्रत्येक दिन ६०औं भाग (एक घडी) अगाडि बढ्दछ। अर्थात्, सूर्य एक दिनमा एक घडी बढ्छ। यसैगरी एउटा ऋतु अथवा ६० दिनमा सूर्य एक दिन बढ्छ। यस्तै चन्द्रमा एक दिनमा एक घडी कम हुँदै चल्दछ। यसबाट दुई महिनामा चन्द्रमा एक दिन घट्छ। यसप्रकार ३६० दिनमा सूर्य ६ दिन बढ्छ। अर्थात्, ३६६ दिनको सौरवर्ष हुन्छ। दोस्रो, चन्द्रमा प्रत्येक दिन एक घडी घट्ने हुँदा दुई महिनामा एक दिन एवं एक वर्षमा ६ दिन घट्छ। यसबाट चान्द्रवर्ष ३६०-६=३५४ दिनको हुन्छ। यसप्रकार एक वर्षमा चान्द्रमास र सौरमासमा १२ दिनको अन्तर पाइन्छ। दुई वर्ष ६ महिनामा यो बढेर ३० दिन हुन्छ। त्यसैले, दुई वर्ष ६ महिनामा एउटा अधिकमास पर्दछ। मलमास अथवा अधिकमास ग्रीष्म ऋतुमा पऱ्यो भने त्यसपछि पर्ने अधिकमास हेमन्त ऋतुमा पर्दछ।

आचार्य कौटिल्यका अनुसार असार महिनामा मध्यान्हको सूर्यको छायाँ हुँदैन। अर्थात् सूर्य शिरको माथि हुन्छ यतिखेर। साउनदेखि पुससम्म (६ महिना) मध्यान्हमा छाया दुई अङ्गुली बढ्दछ। त्यसैगरी, माघदेखि जेठसम्म (६ महिना) छायाँ घट्दै जान्छ। यसैगरी उत्तरायण र दक्षिणायनको विषयमा पनि कौटिल्यले वताएका छन्। शिशिर, वसन्त र ग्रीष्म ऋतु उत्तरायण मानिन्छन्। वर्षा, शरद् र हेमन्त दक्षिणायन मानिन्छन्।

शिशिराद्युत्तरायणम्। वर्षादि दक्षिणायनम्। कौटिल्य अर्थशास्त्र पृष्ठ २२६।

महिना गणनाका दुई आधार

ब्राह्मणग्रन्थहरूको अध्ययनबाट महिना गणना दुई प्रकारले गर्ने गरिन्थ्यो। एउटा महिनाको समाप्ति पूर्णिमाबाट भयो भने त्यसलाई पूर्णिमान्त महिना भनिन्छ। महिनाको समाप्ति अमावास्याबाट भयो भने त्यसलाई अमान्त महिना भन्ने गरिन्छ। पूर्णिमान्त महिना कृष्णपक्षबाट आरम्भ हुन्छ र यसको समाप्ति पूर्णिमामा हुन्छ। पूर्णिमा, पौर्णमास अथवा पौर्णमासी शब्दले महिना यो दिन पूर्ण भयो। अमान्त महिना शुक्लपक्षबाट प्रारम्भ हुन्छ र अमावास्यामा समाप्त हुन्छ। तैत्तिरीयसंहितामा दुवै प्रकारका महिनाबारे उल्लेख गरिएको छ।

शरीरभित्र ग्रहले पार्ने प्रभाव

प्रत्यक्षं ज्योतिषं शास्त्रं चन्द्रार्कौ तत्र संस्थितौ।

ज्योतिष शास्त्र प्रत्यक्ष शास्त्र हो। चन्द्र र सूर्य जसरी आकाशमा प्रत्यक्ष छन् त्यसैगरी ज्योतिष शास्त्र पनि प्रत्यक्ष शास्त्र रहेकोछ। सौरपरिवारभित्रका नौवटा ग्रह, तारामण्डल, पुच्छ्रेतारा, आकाशगङ्गा र असंख्य तारामण्डलले खगोलमा चम्कीरहेका नक्षत्रहरू सौरपरिवारभित्रका सदस्यहरू हुन्।

ज्योतिष शास्त्रअनुसार बाह्रवटा राशि छन्। ती राशि तीन प्रकारका हुन्छन्। त्यसमा पहिलो गतिशील, दोस्रो स्थिर र तेस्रो द्विस्वभाव। त्यसअन्तर्गत मेष, कर्कट, तुला र मकर गतिशील संज्ञक हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



वृष, सिंह, बृश्चिक र कुम्भ स्थिर संज्ञक हुन् भने मिथुन, कन्या, धनु र मीन द्विस्वभाव संज्ञक हुन् । यसरी बाह्रवटा राशिलाई तीन विभागमा विभाजन गरिएको छ ।

DNA जीवकोष (Dioxyribonuclic Acid) शरीरमा रहने विशेष प्रकारको अंश र अणुको रूपमा अवस्थित कणलाई भनिन्छ । प्रत्येक मानवशरीरभित्र अंश, अणु र कणको रूपमा रहेको कोषिकाले मानवशरीरलाई गति, क्रियाशीलता, ऊर्जावान्, सुस्वास्थ्य र शुभचिन्तनको आधार निर्माण गर्दछ । क्रियात्मक र गुणात्मक शक्तिलाई गति प्रदान गर्दछ। आकाशमा देखिने बाह्र राशिको स्वरूप र हाम्रो शरीरभित्र रहेको DNAजीवकोष (Dioxyribonuclic Acid) को प्रत्यक्ष स्वरूप अन्योन्याश्रित, समन्वयात्मक, समस्वरूपात्मक रहेको हुन्छ ।

शरीरभित्र रहेको पञ्चतत्त्व पृथ्वी, जल, तेज, वायु र आकाश, यी पाँचै तत्त्वहरूको अंश कणको स्वरूपमा शरीरभित्र रहेको छ ।

यत्पिण्डे तत्ब्रह्माण्डे ...

- ✓ जो बाहिर छ, त्यो भित्र पनि छ र जो भित्र छ, त्यो बाहिर पनि छ ।
- ✓ DNAको एक तत्त्व पृथिवी हो, जसलाई वैज्ञानिकहरूले Guanine भन्दछन् ।
- ✓ अर्को तत्त्व जल हो, जसलाई Adenine भनिन्छ ।
- ✓ त्यसै गरी अर्को तत्त्व तेजलाई Thymine भन्दछन् ।
- ✓ चौंथो तत्त्व वायु हो, जसलाई वैज्ञानिकहरूले Cytosine भन्दछन् ।

आकाशमा घुम्ने ग्रहहरूले पृथ्वीवासी मनुष्यलाई सूक्ष्म रूपमा प्रभाव पारीरहेका हुन्छन् । त्यसकै गणनात्मक पद्धतिद्वारा बुझ्ने प्रक्रियालाई फलित ज्योतिष भनिन्छ । जसले भूत भविष्य र वर्तमानको बारेमा बुझ्नलाई सहयोग पुऱ्याउँदछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुण, तत्त्व र स्वरूप

DNA को स्वरूप	राशि	गुण	तत्त्व
T-Base Thymine (Fire)	मेष Aries	गतिशील	अग्नि
G-Phosphate Guanine (Earth)	वृष Taurus	स्थिर	पृथ्वी
C-Sugar Cytosine (Air)	मिथुन Gemini	द्विस्वभाव	वायु
A-Base Adenine (Water)	कर्कट Cancer	गतिशील	जल
T-Phosphate Thymine (Fire)	सिंह Leo	स्थिर	अग्नि
G-Phosphate Guanine (Earth)	कन्या Virgo	द्विस्वभाव	पृथिवी
C-Base Cytosine (Air)	तुला Libra	गतिशील	वायु
A-Phosphate Adenine (Water)	वृश्चिक Scorpio	स्थिर	जल
T-SugarThymine (Fire)	धनु Sagittarius	द्विस्वभाव	अग्नि
G-Base Guanine (Earth)	मकर Capricon	गतिशील	पृथिवी
C-Phosphate Cytosine (Air)	कुम्भ Aqarius	स्थिर	वायु
A-Sugar Adenine (Water)	मीन Pisces	द्विस्वभाव	जल

तिथिहरूको नाम

तिथिका लागि वेदमा 'अहन्' अथवा 'दिन' शब्दको प्रयोग गरिएको छ । ऐतरेयब्राह्मणमा तिथि शब्दको व्याख्याका क्रममा लेखिएको छ - अघिल्लो दिनलाई छाडेर जुन नयाँ दिनको उदय हुन्छ, त्यो नै तिथि हो ।

यां पर्यस्तमियादभ्युदियादिति सा तिथिः । ऐतरेयब्राह्मण, ७.११ ।

नयाँ दिनसँगसँगै नयाँ तिथिको सुरुवात हुन्छ भन्ने प्रस्तुत मन्त्रको अभिप्राय हो । शुक्लयजुर्वेदमा तिथिको ठाउँमा अहन् शब्दको प्रयोग गरिएको छ । त्यहाँ प्रथम, द्वितीय, तृतीय, चतुर्थ, पञ्चम, षष्ठ, सप्तम, अष्टम, नवम, दशम, एकादश एवं द्वादश शब्दको प्रयोग गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदमा गणितशास्त्र (Mathematics)

गणित र गणनाको विधान हुँदैनथ्यो भने कति ठूलो संसारमा समस्याहरू उत्पन्न हुन्थे होलान् ? ती समस्याहरूलाई समाधान गर्न विश्वको सबैभन्दा प्राचीन लिपिबद्ध प्राप्त ज्ञान ऋग्वेदमा गणनाको विषयमा वर्णन गरिएको छ -

गणित समस्त विज्ञानको मूल स्रोत हो । गणित नै सृष्टि रचनाको मूलमा छ । संसारका प्रत्येक वस्तु कुनै न कुनै नियममा आवद्ध छन् । सृष्टिका प्रत्येक वस्तुमा गति छ । त्यो गतिलाई गणना गर्ने शास्त्र नै गणितशास्त्र हो । क्रमबद्ध ज्ञान गणितको विषय हो । क्रमवद्ध ज्ञानबाट नै गणितको गतिलाई बुझ्न सकिन्छ । सूर्यचन्द्र, नक्षत्र, ग्रह एवं पृथिवीको गतिको ज्ञानद्वारा नै सूर्योदय, सूर्यास्त, सूर्यग्रहण, चन्द्रग्रहण, भू-परिक्रमा आदिको ज्ञान हुन्छ । सम्पूर्ण ज्योतिषशास्त्र गणितमा आधारित छ । स्थान र समयको निर्धारण पनि गणितको आधारमा नै गरिन्छ । गतिको निरन्तरताको नाम समय हो । जोड, घटाउ, गुणन र भाग । यही मूल सिद्धान्त गणनाको आरम्भिक चरण हो । गणितद्वारा गतिको आँकलन गर्न सकिन्छ । गणित विज्ञानको आधारशीला नै हो । वेदाङ्ग ज्योतिषशास्त्रमा पनि गणितशास्त्रको बारेमा वर्णन गरिएको छ । जसरी मयुरको शिखा, नागको मणिको सर्वोच्च स्थान छ, त्यस्तै गरेर गणितशास्त्र पनि महत्त्वपूर्ण छ ।



वेदाङ्ग ज्योतिषमा भनिएको छ -

यथा शिखा मयूराणां नागाणां मणयो यथा ।

तद्वद् वेदाङ्गशास्त्राणां गणितं मूर्धनि स्थितम् ॥ सिद्धान्तसिरोमणि

चराचर जगत्मा यस्तो कुनै वस्तु छैन, जसको मूलमा गणित नहोस् । गणितज्ञान विभिन्न शाखाहरूमा विभाजित छ -

बहुभिर्विप्रलापै किं त्रैलोक्ये सचराचरे ।

यत् किञ्चिद् वस्तु तत्सर्वं गणितेन विना नहि ॥

धेरै प्रलाप गरेर कुनै लाभ छैन । यो सम्पूर्ण चराचर जगत्मा जति पनि वस्तु छन्, गणितविना कुनैको गति छैन । वेद छन्दको रचनामा मूल गणित छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गायत्री छन्द (८.८ । त्रिपाद २४ वर्ण ।) अनुष्टुप् छन्द (८.८.८.८ चतुर्पाद, ३२ वर्ण) त्रिष्टुप्छन्द (११.११.११.११=चतुर्पाद ४४ वर्ण) जगती छन्द (१२.१२.१२.१२=चतुर्पाद ४८ वर्ण) आदि विभिन्न छन्दहरूको विशिष्टताको सृष्टि भएको हो ।

गणित शास्त्रको उत्पत्ति

वेदमा गणित शास्त्रसँग सम्बद्ध पर्याप्त सामग्री उपलब्ध छन् । वेदमा एक परार्ध संख्यासम्मको उल्लेख भएको छ । त्यसमा १० संख्याको महत्त्व, त्यसको गुणन, स्थानमान तथा भाग आदिको वर्णन गरिएको छ । गणितसँग सम्वन्धित अन्य शब्दहरू पनि भेटिन्छन्, जसबाट ज्ञात हुन्छ - वैदिक कालमा गणनाको विधिको ज्ञान थियो । यजुर्वेद (३०.२०) र तैत्तिरीय ब्राह्मण (३.१४.१५)मा गणक (गणना गर्नेवाला, ज्योतिषी) शब्द भेटिन्छ । गणनासूचक गण, गणपति, गणश्रि, गण्य आदि शब्द ऋग्वेद र यजुर्वेदका धेरै मन्त्रहरूमा आएका छन् ।

ऋग्वेदमा 'व्रातंव्रातम्, गणंगणम् ' शब्द गणनाको आधारमा गरिएको समूह अथवा वर्गका लागि हो ।[१] यसैगरी यजुर्वेद र अथर्ववेदमा निधि, निधिपति, निधिपा शब्द कोष (सम्पत्ति) र कोषागार (सम्पत्तिको रक्षा गर्ने व्यक्ति)को अध्यक्षका लागि जनाउन आएका छन् ।[२] यिनले कोषको गणना गर्थे । यजुर्वेदमा वित्तध शब्द पनि कोषागारको अध्यक्षका लागि नै प्रयुक्त भएका छन् ।[३] यजुर्वेदमा ज्योतिषीका लागि 'नक्षत्रदर्श' शब्द छ र गणितविद्या जान्ने भएका कारण उसको ज्ञानको प्रशंसा पनि गरिएको छ । छान्दोग्योपनिषद्मा गणितशास्त्रलाई 'राशिविद्या' र ज्योतिषलाई 'नक्षत्रविद्या'का नामले चिनिन्छ ।

एक प्रसङ्गमा सनत्कुमारजीले सोधेपछि नारदजीले वताउनुभयो - मैले यी विद्याहरू पढेको छु । ती विद्याहरूमा नारदजीले चारै वेद, इतिहास पुराण, ब्रह्मविद्या आदिका साथै राशिविद्या र नक्षत्रविद्याको पनि उल्लेख गर्नुभएको छ । राशिविद्या शब्द अङ्कगणितका लागि हो । नक्षत्रविद्या ज्योतिषका लागि हो । यसबाट पनि थाहा हुन्छ - अध्यात्म अथवा पराविद्याको जिज्ञासुका लागि गणित र ज्योतिषको पनि ज्ञान अपेक्षित एवं अनिवार्य हुन्छ ।

जैनहरूले पनि आफ्ना अनुयायीहरूका लागि गणितको ज्ञानमा बढी जोड दिएका छन् । गणितानुयोग र संख्यानको महत्त्व दिइएको छ ।[४] बौद्धिष्टहरूले पनि गणना र संख्यानलाई प्रमुखता दिएका छन् ।[५] गौतम वुद्धले पनि वाल्यकालमा गणितको शिक्षा प्राप्त गर्नुभएको थियो । शिक्षा प्रारम्भ लिपि (वर्णमाला) र संख्यान (गणित)वाट नै हुनुपर्छ ।[६] रूप (रेखागणित) र गणना (गणित)को उल्लेख गरिएको छ । प्राचीन वैदिक साहित्यमा तीन प्रकारका गणितको उल्लेख पाइन्छ :-

---

१ व्रातंव्रातं गणंगणम् । ऋग्० ३.२६.६ । ५.५३.११

२ निधीनां त्वा निधिपतिम् । यजु० २३.१९ । अथर्व० ७.१८.४ ।

३ वित्तधम्, यजु० ३०.११ ।

४ भगवतीसूत्र, सूत्र ९० । उत्तराध्ययन सूत्र ३५.७.८.३८ ।

५ विनयपिटक खण्ड ४, पृष्ठ ७ । मज्झिमनिकाय खण्ड १, पृष्ठ ८५

६ वृत्तचौलकर्मा लिपिं संख्यानं चोपयुञ्जीत । कौटि० अर्थ० १.४.४.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१. **मुद्रा** (औंलामा गन्ने),

२. **गणना** (सामान्य गणित, मौखिक गणित),

३. **संख्यान** (उच्च गणित) वस्तु पदार्थबाट ।

दीर्घनिकाय, विनयपिटक, दिव्यावदान र मिलिन्दपञ्हो ग्रन्थहरूमा यी तीन प्रकारका गणितको उल्लेख पाइन्छ । गणितको अर्थमा 'संख्यान' शव्दको प्रयोग विभिन्न ग्रन्थहरूमा पाइन्छ ।

भद्राबाहुकृत कल्पसूत्र, भगवतीसूत्र पृ० ११२, अर्थशास्त्र १.५.२ प्राचीन गणितमा सिद्धान्त ज्योतिष पनि सम्मिलित थियो ।

क्षेत्रगणित अथवा ज्यामितिको विवरण वेदाङ्गको रूपमा प्रचलित 'कल्पसूत्र' एवं 'शुल्बसूत्र'हरूमा पाइन्छ । ज्योतिष स्वतन्त्र विषयका रूपमा स्थापित भयो र क्षेत्रगणित अथवा ज्यामिति गणितका अङ्ग भए । अगाडि गएर अज्ञात राशिसँग सम्वन्ध राख्ने बीजगणितका रूपमा परिचित भयो । यही पृथकीकरण सर्वप्रथम ब्रह्मगुप्तले गरे । उनले ब्राह्मस्फुट सिद्धान्त ग्रन्थमा बीजगणितसँग सम्वद्ध अध्यायलाई 'कुट्टकाध्याय' भनेका छन् । भाष्कराचार्यले पाटीगणित र बीजगणितलाई पृथक् मानेका छन् र तिनमाथि छुट्टाछुट्टै ग्रन्थको रचना गरेका छन् ।

पाटीगणित

गणितको सामान्य प्रश्न पाटी (तखता, पट्टा अथवा फल्याक)मा अथवा माटोमा अङ्क लेखेर गर्ने गरिन्थ्यो । त्यसैले, अङ्कगणितको नाम 'पाटीगणित' अथवा 'धूलिकर्म' बन्न गयो । अङ्कगणितमा संख्याहरू व्यक्त हुन्छन् । त्यसैले ''व्यक्तगणित' र संख्याहरू अव्यक्त हुने भएकाले बीजगणितलाई 'अव्यक्तगणित' पनि भनिन्छ ।

अङ्कगणितको विषय

गणितका विभिन्न कार्यहरूका लागि सामान्य रूपमा 'परिकर्म' (Fundamental operations) शब्दको प्रयोग हुन्थ्यो । ब्रह्मगुप्तले 'ब्रह्मस्फुट सिद्धान्त' मा अङ्कगणितमा २० वटा विषय र ८ वटा व्यवहार सम्मिलित गरेका थिए ।

१) सङ्कलित (जोड)	२) व्यवकलित (घटाउनु)
३) गुणन (गुणन गर्नु)	४) भागहार (भाग दिनु)
५) वर्ग	६) वर्गमूल
७) घन	८) घनमूल
९) पञ्चजाति (भिन्नका पाँच प्रकार)	१०) त्रैराशिक आदि ।

भास्कराचार्यले लीलावतीमा अभिन्न-परिकर्माष्टक (पूर्णसंख्याहरूको ८ परिकर्म) र भिन्नपरिकर्माष्टक (अपूर्ण संख्याहरूको ८ परिकर्म) अङ्कगणितका विषय बताएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भास्कराचार्यले लीलावतीमा अभिन्न-परिकर्माष्टक (पूर्ण संख्याहरूको ८ परिकर्म) र भिन्न परिकर्माष्टक -अपूर्ण संख्याहरूको ८ परिकर्म) अङ्कगणितका विषय बताएका छन् । दुवैमा ८ परिकर्मका रूपमा व्यक्त भएका तत्त्व निम्न छन् :-

१)	सङ्कलन(जोड्नु)	२)	व्यवकलन, व्यवकलित (घटाउनु)
३)	गुणन (गुणन गर्नु)	४)	भागहार (भाग दिनु)
५)	वर्ग	६)	वर्गमूल
७)	घन	८)	घनमूल ।

आद्यं घनस्थानमथाघने द्वे पुनस्तथाऽन्त्याद्... पङ्क्त्यां न्यसेत् तत्कृतिमन्त्यनिघ्नीं त्रिघ्नीं...॥

मुख्य रूपमा परिकर्म दुई मात्र छन् । प्राचीन गणितज्ञहरूका अनुसार गणितका सबै परिकर्म विशेषगरी दुई परिकर्म अर्थात् सङ्कलित (जोड्नु) र व्यवकलित (घटाउनु)मा नै आश्रित छन् । यस विषयमा भास्कर प्रथमको भनाइ यसप्रकार रहेको छ -

'यो गणित यद्यपि चार प्रकारमा व्याप्त छ । मूल रूपमा यसका दुई प्रकार छन् । ती दुई प्रकार वृद्धि र ह्रास हुन् । अर्थात्, जोड्नु र घटाउनु नै हुन् । जोड्नु वृद्धि हो भने घटाउनु ह्रास हो । यिनै दुई भेदमा सम्पूर्ण गणित व्याप्त छ ।

'गुणन र गत (वर्ग) जोडका भेद हुन् । भाग र गतमूल (वर्गमूल) अन्तर (घटाउनु)का भेद भनिएको छ । यसैगरी सम्पूर्ण गणितशास्त्रलाई वृद्धि र ह्रास (जोड्नु र घटाउनु)मा नै व्याप्त देखेर यसका केवल दुई प्रकार मात्र मान्नुपर्छ ।

वेदमा संख्यासूचक शब्द

यजुर्वेद, तैत्तिरीय संहिता, मैत्रायणी एवं काठकसंहिताहरूमा एकदेखि परार्धसम्म संख्याहरूको नाम पाइन्छ। यिनीहरूमध्ये प्रत्येक अलग संख्या दश गुणा छन् । तिनीहरू यसप्रकार छन् :-

एक (१),

दश (१०),

शत (१००),

सहस्र (१०००),

अयुत (हजार),

नियुत (१ लाख),

प्रयुत (१० लाख),

अर्बुद (१ करोड),

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न्यर्बुद (१० करोड),

समुद्र (१ अर्व),

मध्य (१० अर्व),

अन्त (१ खर्व),

परार्ध (१० खर्व) ।

ऋग्वेदमा एक, दश, शत (१.२४.९), सहस्र (१.२४.९), अयुत (४.२६.७) सम्म नै संख्या शव्द पाइन्छन् ।

अथर्ववेद (८.८.७)मा शत, सहस्र, अयुत र न्यर्बुदसम्म संख्याहरू दिइएको छ

संख्यासूचक मन्त्र

एका च दश च शतञ्च सहस्रञ्च, अयुतं च, प्रयुतं च, अर्बुदं च, न्यर्बुदं च, समुद्रश्च, मध्यं च, अन्तश्च, परार्धश्च । यसैगरी यजुर्वेदका सत्रौं अध्यायको दोस्रो मन्त्र एवं तैत्तिरीयसंहिताको ४.४.११, ७. २. २० र मैत्रायणी संहिताको २.८.१४ मा पनि अङ्कको विषयमा व्याख्या पाइन्छ ।

पञ्चविंश ब्राह्मणमा पनि न्यर्बुदसम्मको यजुर्वेदकै संख्याको वर्णन पाइन्छ । निखर्व, वाडव, अक्षिति आदि नाम छन् । सांख्यायन श्रौतसूत्रमा न्यर्वुदसम्म गणना भएको छ । सांख्यायनश्रौत्रसूत्र १५.११.४ मा पनि यससम्वन्धी वर्णन छ । दशगुणोत्तर संज्ञा भनिएको छ ।

संख्याको स्थानिक मान (Notational places)

स्थानमानको भावना विकास भएको छ । दशमलव पद्धति लेखिने क्रम वैदिक परम्पराअनुसार हिमवत्खण्ड नेपालमा विशेष प्रकारका आविष्कार भएको हो । आर्य भन्ज्याङमा जन्मिएका आर्यभट्टले गणितशास्त्रको सम्वन्धमा र अन्य महर्षिहरूले पनि गणितशास्त्रका विशद् ग्रन्थहरूको वर्णन गरेका छन् । कुनै पनि संख्यालाई दश गुणित गर्ने क्रम आर्य परम्पराको हो ।

एक, दश, सय, हजार, दशहजार, लाख, दशलाख, करोड, दशकरोड, अर्बुद, दशअर्बुद, खर्ब, दशखर्ब, नील, दशनील, पद्म, दशपद्म, शंख, दशशंख । यसरी यो क्रम नेपाली भूमिमा अङ्कको विकास भएको बुझ्न सकिन्छ ।

यजुर्वेदको सत्रौं अध्यायको दोस्रो मन्त्रको १८ संख्यासम्म अङ्कको वर्णन गरिएको छ । अठार संज्ञाको सन्दर्भ लीलावती आदि ग्रन्थहरूमा पनि पाइन्छ ।

भास्कराचार्यको लीलावतीमा यसप्रकार वर्णन गरिएको छ :

एकदशशतसहस्रायुत-लक्ष-प्रयुतकोटयः क्रमशः ।
अर्बुदमब्जंखर्बनिखर्बमहापद्मशंखवस्तस्मात् ॥
जलाधिश्चान्त्यं मध्यं परार्धमिति दशगुणोत्तर संज्ञाः ॥
एवं एकाद्यष्टादशसंख्यासंज्ञासंहिता इष्टकाः ॥ महीधरभाष्य, यजु० १७.२ ।

संख्याको गणना बिन्दुबाट आरम्भ हुन्छ । बिन्दुको विस्तार शून्य हो । शून्यदेखि एक, दुई हुँदै अठार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संख्यासम्म पुग्दा अष्टादश संख्या हुन्छ । त्यसलाई परार्ध भनिन्छ ।

(.) बिन्दु

(०) शून्य

एक (१)

दश (१०)

शत (१००)

सहस्र (१०००)

अयुत (१० हजार)

नियुत (लक्ष) (१ लाख)

प्रयुत (१० लाख)

कोटि (१ करोड)

अर्बुद (१० करोड)

न्यर्बुद (अब्ज) (१ अर्ब)

खर्व (१० अर्ब)

निखर्व (१ खर्ब)

महापद्म (१० खर्ब) (महासरोज)

शङ्कु (१ नील)

समुद्र (जलधि) (१० नील)

मध्य (१०० नील) (अन्त्य)

अन्त (अन्त्य) (१हजार नील) (मध्य)

परार्ध (१० हजार नील)

संख्यावाचक शब्दहरूको आधार १० संख्या ।

उल्लिखित विवरणवाट पनि थाहा हुन्छ कि वैदिक संख्यापद्धतिको आधार १० गुणा अङ्क रहेका छन् । त्यसैले, दश, शत, सहस्र आदि संख्याहरूको 'दशगुणाःसंज्ञा' अथवा 'दशगुणोत्तरं सज्ञा' भनिएको हो । दशदेखि परार्धसम्मका संज्ञाहरू क्रमशः दशगुणा हुँदै चल्दछन् ।

संख्याशब्द समस्त एवं असमस्त

एकदेखि दशसम्मको संख्यामा कुनै समास छैन । यसबाट अगाडिका संख्याहरू समस्त भएका छन् । जस्तै, असमस्त शब्दहरू एक, द्वि, त्रि, चतुर, पञ्च, षट्, सप्त, अष्ट, नव एवं दश । त्यसैगरी समस्त शब्द - एकादश (१+१०), द्वादश (२+१०), त्रयोदश (३+१०) आदि । यसैगरी ११ देखि १९ सम्मका संख्याहरू समस्य (समासयुक्त) छन् । शत, सहस्र, अयुत आदि शब्द असमस्त (समासरहित) छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम र विषम संख्याशब्दहरूको उल्लेख

१. विषम संख्याहरू : १ देखि ३३ सम्म : यजुर्वेदको एक मन्त्रमा १ देखि ३३ सम्म केवल विषम संख्याहरू दिइएको छ

एका, तिस्रः, पञ्च, सप्त, नव, एकादश, त्रयोदश, पञ्चदश, सप्तदश... एकविंशति, त्रयोविंशति.... एकत्रिंशत्, त्रयस्त्रिंशत् । यजु० १८.२५ ।

२. सम संख्याहरू ४ देखि ४८ सम्म : यजुर्वेदको एउटा मन्त्रमा ४ देखि ४८ सम्म सम संख्याहरू दिइएको छ

चतस्रः, अष्टौ, द्वादश, षोडश, विंशति, चतुर्विंशतिः, अष्टाविंशतिः.. चत्वारिंशत्, चतुश्चत्वांरिंशत्, अष्टाचत्वारिंशत् । यजु० १८.२५ ।

३. संख्याहरू १ देखि २०० सम्म संक्षेपमा : तैत्तिरीय संहिताको एक मन्त्रमा १ देखि १०० सम्मका संख्यापछि २०० सम्मका संख्याहरू संक्षेपमा यसप्रकार दिइएको छ ।

क. १ देखि १९ सम्म पुरै संख्या - १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५, १६, १७, १८ र १९ ।

ख. यसपछि केवल ९ अङ्क भएका संख्याहरू ९९ सम्म । २९, ३९, ४९, ५९, ६९, ७९, ८९, ९९ ।

ग. पुनः १०० देखि २०० सम्म । यसकार १ देखि २०० सम्मका संख्याहरू सम्झाइएको छ । यसपछि १० वटा मन्त्रको अन्तिममा ‘सर्वस्मै स्वाहा ।’ भनिएको छ । यसको अभिप्राय यो हो कि यसैगरी अगाडिका संख्याहरू पनि बनाउँदै जानुपर्छ ।

४. २ को गुणा २० सम्म : तैत्तिरीयसंहिताको एउटा मन्त्रमा २ लाई गुणा गर्दै २० सम्म दिइएको छ द्वाभ्याम्, चतुर्भ्यः, षड्भ्यः,

षोडशभ्यः, अष्टादशाभ्यः, विंशत्यै० । तैत्तिरीय संहिता ७.१.१३

५. ४ र ५ लाई गुणा गर्दै २० सम्म : तैत्तिरीय संहिताको एक मन्त्रमा २० सम्म यसप्रकार उल्लेख गरिएको छ

चतुर्, अष्ट, द्वादश, षोडश, विंशति । तैत्तिरीय संहिता ७.२.१५ ।

पञ्च, दश, पञ्चदश, विंशित । तैत्तिरीय संहिता ७.२.१६ ।

यसैगरी वेदहरूमा १० देखि १००, २० देखि १०० र १०० देखि १००० सम्मका गुणा पनि वेदमा प्रशस्त पाइन्छ ।

१० संख्याका लागि ‘ति’ प्रत्यय लगाउनु

दश संख्याका लागि “ति” प्रत्यय लगाउनुलाई भाषाविज्ञानका दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिन्छ । १० का लागि ति प्रत्ययको प्रयोग अंग्रेजीमा पनि हुन्छ । यसको अर्थ यो हो - दशगुणा । अंग्रेजीमा यो Ten (१०) को संक्षिप्त रूप Ty हो । संस्कृतमा अङ्कको गणना अँग्रेजीमा धातु जस्ताको तस्तै गएको छ : जस्तै -

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संख्या	संस्कृत	नेपाली	अंग्रेजी
१	एकम्	एक	One
२	द्वे	दुई	Two
३	त्रय	तीन	Three
४	चत्वारी	चार	Four
५	पञ्चम	पाँच	Five
६	षष्ठ	छ	Six
७	सप्त	सात	Seven
८	अष्ट	आठ	Eight
९	नव	नौ	Nine
६०	षष्टि (षप्+ति)	साठी	Sixty (Six+ty)
७०	सप्तति (सप्त+ति)	सत्तरी	Seventy (Seven+ty)
८०	अशीति (अष्ट+ति)	असी	Eighty (Eight+ty)
९०	नवति (नव+ति)	नब्बे	Ninety (Nine+ty)

संस्कृतमा हस्त Hand तरु Tree द्वार Door मुखम् Mouth अक्षी Eyes मातर Mother पितर Father यस्तै धेरै शब्दहरू अँग्रेजीमा संस्कृतबाट गएका छन् । तसर्थ विश्वभाषाको जननी संस्कृत भाषा हो ।

९ अङ्कका लागि आरोह अवरोहको ज्ञान

वेदमा १९, २९, ३९ आदि संख्याहरूमा ९ अङ्कका लागि आरोह र अवरोह दुवै क्रम अपनाइएको छ। आरोह क्रमको अभिप्राय संख्याको अगाडि बढ्दै जानु हो । यस्तै अवरोह क्रमको अभिप्राय अघिल्लो संख्या दिएर पछितिर फर्किनु हो । नेपालीमा १९, २९, ३९ आदि गणनामा अवरोहक्रम अपनाइएको छ । जस्तै, २९ का लागि (उन-तीस, तीसमा एक कम), यसैगरी ६९ का लागि (उन-सत्तरी, सत्तरीमा एक कम), ७९ का लागि (उन-असी, असीमा एक कम) । नेपालीमा यस किसिमको विधि वैदिक विधिबाट लिइएको हो ।

चारै वेदमा १९, २९ आदिका लागि आरोह एवं अवरोह क्रम दुवै अपनाइएको छ । जस्तै, १०+९=१९, ६०+९=६९, ८०+९=८९ । अर्कोतर्फ १९, २९ आदिमा 'एक कम'को अर्थमा 'एकोन' 'एकान्न' एवं केवल 'उन' (ऊन=न्यून अर्थात् थोरै) शब्दहरूको प्रयोग पाइन्छ । एकोनविंशति भनिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आरोह क्रमको उदाहरण -

यजुर्वेद रं तैत्तिरीयसंहितामा प्रशस्त शब्दहरू मिल्छन् ।

नवदश (१९) नवविंशति (२९)

नवचत्वारिंशत् (४९) नवषष्टि (६९)

नवशीति (८९) नवनवति (९९, ऋग्वेद, १.८४.१३)

यस्ता अङ्क जनाउने शब्दहरू पर्याप्त पाइन्छन् ।

आरोह क्रमको उदाहरण -

अथर्ववेद र तैत्तिरीयसंहितामा 'एकोन' 'एकान्न' शब्दहरूको प्रयोग भेटिन्छ । अथर्ववेदमा एकोनविंशति, उन्नाइस (१९, एक कम बीस) प्रयोग भेटिन्छ। एकत्रिंशत्, एकोनचत्वारिंशत्, एकोनपञ्चाशत्, एकान्नाशीति, एकान्नशत् आदि शब्दहरू प्रशस्त उपलब्ध छन् । जसले गणितशास्त्रको व्यापकतालाई जनाउँदछन् ।

अवरोह क्रममा दशमांश अथवा दश गुणा कम

यस विषयको चर्चा ऋग्वेदमा पाइन्छ । ऋग्वेदमा सुन्दर उक्तिहरू प्रशस्तै छन् ।

त्वं सहस्राणि शतादश । ऋग्वेद २.१.८ ।

गणनापद्धतिको विषयमा वैदिक वाङ्मयमा प्रशस्त चर्चा गरिएको छ । दशगुणोत्तर, सहस्र (हजार), शत (१००), दश (१०), हजारको दशौं कम भाग १००, १०० को दशौं कम भाग १० यसरी मन्त्रहरू रहेका छन् ।

दशमपद्धतिको उल्लेख

अथर्ववेदको प्रथम सूक्तको एघारौं मन्त्रमा एकदेखि लिएर हजारसम्मका संख्याको दशमपद्धति दिइएको छ ।

एकाचमे दशचमे, द्वाविंशति, त्रिंशच्चमे, दशम्, शतम्, सहस्रम् ....

अथर्ववेद ५.१५ देखि ५.११ औं सूक्तसम्म

गणनाकै विषयमा यस्ता मन्त्रहरू पाइन्छन् । (१ को १०. २ को २०, ३ को ३०, ४ को ४०, ५ को ५०, ६ को ६०, ७ को ७०, ८ को ८० र ९ को ९०, १० को १००, १०० को १००० आदि ।) गणनाको यस्तो भाव यजुर्वेदमा पनि पाइन्छ ।

जोड्नु (+) - एकादश (एक र दश), द्वादश (दुई र दश), एकाशीति (एक र असी), नवनवती (९९)

घटाउनु (-) - एकोनविंशति (२० मा एक कम), एकोनषष्टि (साठीमा एक कम), एकोनशत (सयमा एक कम), गुणन

द्वि. पञ्च (२×५=१०) (द्विर्यत्पञ्चं, ऋग्वेद १.१२२.१३), द्विर्दश (२×१०=२०) (अथर्ववेद २०, २१.९), त्रिषप्त त्रिःसप्त (७×३=२१) (ऋग्वेद, ९.७०.१) । त्रिणवः (३×९=२७), षडशीति (६×८०=४८०) (अथर्ववेद, ११.३.२९) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संख्या बढाएर लेख्ने क्रम

साठी हजार (६०,०००) लेख्नुपर्दा षष्टिसहस्रम् । यसैगरी साठी हजार उनान्सय (६००९९) लेख्दा षष्टिसहस्रानवतीनव (अथर्ववेद, २०.२१.९) । त्यस्तै, चत्वारि अयुता अष्टासहस्रा (चार अयुत र आठ हजार) एक अयुतबराबर १० हजार अर्थ हुन्छ । चार गुणा १० हजारबराबर ४० हजार जोड ८ हजार बराबर ४८ हजार । यसरी पारिभाषिक शब्दहरूको भेटिन्छ । **ऋग्वेद ८.२.४१ ।**

अथर्ववेदमा एक युगको मान ४ अर्ब ३२ करोड वर्ष बताइएको छ । त्यसलाई लेख्ने प्रक्रिया शत (१००) अयुत (१०,०००)+४३२ आदिमा जोड्ने । अयुत × १०० - १०,००० = १०, ००,००० । प्रारम्भमा ४३२ जोड्ने । यति ४ लाख ३२ हजार वर्ष एउटा युगको परिमाण हो ।

शतं तेऽयुतं हायनान् द्वे युगे त्रिणी चत्वारि कृण्मः । अथर्ववेद ८.२.२१ ।

यजुर्वेदमा संख्याको सन्दर्भमा प्रशस्त जानकारी पाइन्छ । एकदेखि ४८ सम्म सांख्य शब्दहरूको बारेमा वर्णन गरिएको छ । एउटा मन्त्रमा एकदेखि १२ सम्म संख्या शब्द

सविता प्रथमेऽहनि, द्वितीये, तृतीये...द्वादशे । यजुर्वेद ३९.६ ।

योदश, चतुर्दश, पञ्चदश, षोडश, सप्तदश । यजुर्वेद ९.३४ ।

यी मन्त्रहरूले त्रयोदश (१३), चतुर्दश (१४), पञ्चदश (१५), षोडश (१६), सप्तदश (१७) गणनापद्धतिहरू रहेका छन् । ऋग्वेद, यजुर्वेद, अथर्ववेद आदि ग्रन्थहरूमा गणनाको बारेमा प्रशस्तै मन्त्रहरू पाइन्छन् ।

वेदमा संख्याबोधक अन्य शब्द

वेदमा केही यस्ता शब्दहरू पनि पाइन्छन्, जो एक, दुई आदिजस्तै संख्याबोध नगराएर विभिन्न संख्याहरूका विषयमा जानकारी दिन्छन् । यी संख्याबोधक शब्दले संख्यावाचक शब्दजस्तै भूमिका निर्वाह गर्छन् । जस्तै, संस्कृतमा इयत् (यति), तावत् (त्यति) कति (कति), उभ, उभय (दुवै) आदि शब्द पाइन्छन् । वेदमा प्रयोग भएका यस्ता शब्दहरू निम्नानुसार दिन सकिन्छ ।

१. **अन्य :** यसले कुनै दोस्रो अर्थलाई बताउँछ ।
   जस्तै - **तयोरन्यः पिप्पलम्** (ऋग्वेद १.१६४.२०) मा अन्य शब्दको अर्थ 'ती दुईमा एउटा' भन्ने हो ।
२. **उभ, उभय :** यी शब्दले दुवै भन्ने अर्थ बुझाउँछन् ।
३. **असंख्येय, असंख्यात** : असंख्याता रुद्राः रुद्र असंख्य छन्, अगणित छन्) ।

पारिभाषिक शब्द

अथर्ववेदमा पारिभाषिक शब्द पनि पाइन्छन् -

एकर्च - (एक ऋचा भएको सूक्त),
त्रिच - (तीन ऋचा भएको सूक्त),
क्षुद्र - (छोटो, थोरै),
उपोत्तमः - (अन्तिमभन्दा पहिलो अक्षर),
महागण - (अन्तिम योगभन्दा पहिलो), आदि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दाङ्क प्रणाली

वैदिककालमा अङ्कलेखनलाई महत्त्वपूर्णशब्दद्वारा जनाउने विधान गरिएको थियो । यसअन्तर्गत शून्य (खं ब्रह्म) शून्यलाई ख अर्थात् आकाश भनेर चिनाइन्थ्यो । ब्रह्म शब्दजस्तै सर्वव्यापक छन् । ऋग्वेदको एक मन्त्रमा द्वादश अर्थात् बाह्र महिना भएको वर्ष भनिएको छ ।

देवहितिं जगुपुर्द्वादशस्य । ऋग्वेद ७.१०३.९ ।

यसैगरी सूर्यको किरणलाई सप्तरश्मि भनिएको छ । त्रिशप्त पनि भनिएको छ ।

अङ्क बायाँबाट लेख्ने विधान

अङ्क लेख्दा वैदिक ज्योतिषशास्त्र र आधुनिक समयमा पनि देब्रेबाट लेख्ने विधान गरिएको छ । **अङ्कानां वामतो गतिः** अङ्कलाई एक सामान्य नियम छ, बायाँतर्फबाट लेख्ने । अग्निपुराणमा पनि यस विषयमा चर्चा गरिएको पाइन्छ । ख-ख-अष्ट-मुनि-राम-अश्वि-नेत्र-अष्ट-सर-रात्रिपाः । यसको अर्थ हुन्छ (दुईवटा शून्य), अष्ट (आठ), मुनि (सात) राम (तीन), अश्विन् (दुई), नेत्र (दुई) अष्ट (आठ), शर (पाँच), रात्रिपः (एक) । यसप्रकार युद्धमा मर्नेहरूको संख्या महाभारतमा ६६ करोडसम्म बताइएको छ ।

दशमलव लेख्ने विधान

विन्दु (.) खं (०), एकम् (१), द्वे (२), त्रीणि (३), चत्वारि (४), पञ्च (५), षट् (६), सप्त (७), अष्ट (८), नव (९) आदि ।

अङ्कका लागि प्रयुक्त शब्द

अङ्क	संकेत दिने शब्दहरू
०	- शून्य, ख, गगन, अम्बर, अनन्त, वियत् ।
१	- चन्द्र, विदु, सोम, अब्ज, भू, धरा, गो, रूप, तनु ।
२	- यम, अश्विन्, नेत्र, अक्षि, कर्ण, कर, पक्ष, अयन, युगल
३	- राम, गुण, भुवन, काल, अग्नि, त्रिनेत्र, लोक, पुर ।
४	- वेद, श्रुति, सागर, वर्ण, आश्रम, युग, तुरीय, कृत, अय, दिश ।
५	- वाण, शर, भूत, प्राण, तत्त्व, इन्द्रिय, विषय ।
६	- रस, अङ्ग, ऋतु, दर्शन, अरि, तर्क, कारक, षण्मुख ।
७	- नग, अग, पर्वत, ऋषि, मुनि, वार, स्वर, छन्द, द्वीप, धातु, अश्व ।
८	- वसु, अहि, नाग, गज, सर्प, सिद्धि, भूति, अनुष्टुप् ।
९	- अङ्क, नन्द, निधि, ग्रह, रन्ध्र, छिद्र, द्वार ।
१०	- दिश, दिशा, अङ्गुली, पंक्ति, ककु ।
११	- रुद्र, ईश्वर, हर, ईश, भव, महादेव ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१२ - रवि, सूर्य, अर्क, मास, राशि, व्यय, भानु, दिवाकर ।

१३ - विश्व, काम, अतिजगती ।

१४ - विद्या, मन, ईन्द्र, लोक, चक्र ।

१५ - तिथि, दिन, अहन् ।

१६ - नृप, भूप, भूपति, अष्टि, कला ।

१७ - अत्यष्टि ।

१८ - धृति, पुराण ।

१९ - अतिधृति ।

२० - नख, कृति ।

२१ - उत्कृति, स्वर्ग, प्रकृति ।

२२ - आकृति ।

२३ - विकृति ।

२४ - गायत्री, जिन, अर्हत्, सिद्ध ।

२७ - नक्षत्र, उडु, भ ।

३३ - देव, अमर, सुर, त्रिदश ।

४९ - तांन ।

३२ - दन्त ।

वर्गमूल (Square, Square-root)

वेदमा स्पष्ट रूपमा वर्ग, वर्गमूल, घन र घनमूलको साङ्केतिक रूपमा वर्णन पाइन्छ । घन र घनमूलको प्रत्यक्ष अथवा अप्रत्यक्ष रूपमा सङ्केत गरिएको छ । आर्यभट, भास्कर आदिका ग्रन्थहरूमा 'कृति' शब्दको प्रयोग भएको छ ।

वर्ग निकाल्ने विधि

जुन संख्याको वर्ग निकाल्ने हो, त्यसका लागि त्यति नै विषम संख्या लिनुपर्छ । जस्तै, १ का लागि केवल १ विषम संख्या, २ का लागि २ विषम संख्या, ३ का लागि ३ विषम संख्या, १० का लागि १० विषम संख्या । जस्तै, १ देखि १० सम्मको वर्गका लागि १० सम्मका विषम संख्याहरू लिएर तिनलाई जोड्नुपर्छ। त्यसपछि त्यही वर्गको संख्या हुन्छ ।

१) १ . १

२) १ + ३ . ४ (२ को वर्ग) २२

३) १ + ३ + ५ . ९ (३ को वर्ग) ३२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४) १ + ३ + ५ + ७. १६ (४ को वर्ग) ४२
५) १ + ३ + ५ + ७ + ९ . २५ (५ का वर्ग) ५२
६) १ + ३ + ५ + ७ + ९ + ११ . ३६ (६ को वर्ग) ६२
७) १ + ३ + ५ + ७ + ९ + ११ + १३ . ४९ (७ को वर्ग) ७२
८) १ + ३ + ५ + ७ + ९ + ११ + १३ + १५ . ६४ (८ को वर्ग) ८२
९) १ + ३ + ५ + ७ + ९ + ११ + १३ + १५ + १७. ८१ (९ को वर्ग) ९२
१०) १ + ३ + ५ + ७ + ९ + ११ + १३ + १५ + १७ + १९. १०० (१० को वर्ग) १०२

यसप्रकार १ देखि ३३ सम्म १७ विषम संख्याहरूको जोड २८९ हुन्छ । यो १७ संख्याको वर्ग हो । श्रीधर, महावीर, भास्कर द्वितीय आदिले पनि यस विधिबारे प्रशस्त मात्रामा उल्लेख गरेका छन् ।

शून्य के हो ?

शून्य वस्तु विश्वकै लागि एउटा रहस्य हो । यसको तात्त्विक विवेचन आजसम्म कसैले पनि गर्न सकेको छैन । तर्कपूर्ण विवेचनाबाट शून्यलाई सिद्ध गर्न अत्यन्त जटिल छ । सृष्टिको आदि पनि शून्यबाट र विलय पनि शून्यमै हुन्छ । यति महान्, महत्त्वपूर्ण, रहस्यात्मक विषयको ज्ञान प्राप्त गर्ने महर्षिहरूले खं ब्रह्म भनेर शून्यलाई प्रतिपादन गरे । यसको अर्थ आकाशजस्तै अनन्त ब्रह्माण्ड भन्ने हुन्छ । अणुलाई बुझाउने विन्दुको विस्तार शून्य हो । शून्यको विस्तार अनन्त हो । अनन्त नै अनन्त मिलेर महाअनन्त निर्माण हुन्छ । यजुर्वेदमा खं ब्रह्म भनेर व्याख्या गरिएको छ । आकाश, इन्द्रिय, अन्तरिक्ष, देवलोक आदिको परिभाषा भिन्नभिन्न छन् ।

बीजगणित

जहाँ अङ्कको सहायताविना सङ्केताक्षर अथवा वर्णहरूद्वारा गणितको कार्य सम्पादन गर्न सकिन्छ त्यसलाई नै बीजगणित भनिन्छ । यजुर्वेद, ऐतरेय ब्राह्मण आदि ग्रन्थमा बीजगणितबारेका केही सङ्केताक्षर प्रयोग भएको पाइन्छ ।

ख = शून्य अथवा आकाश (खं ब्रह्म० यजु० ४०.१७)

क = प्रजापति अथवा ईश्वर (प्रजापतिर्वै कः, ऐत०ब्रा० २.३८)

अव्यक्तवर्गादि यदाऽवशेषं......व्यक्तस्य मूलस्य समक्रियै..... अव्यक्तमूलर्णगरूपतोऽल्यं....॥

क्षेपं विशुद्धिं परिकल्य्य रूपं पृथक्....... अभीप्सितक्षेपविशुद्धिनिघ्न्यौ स्वहारतष्टे.....

ज्यामिति/रेखागणित

वेदमा रेखागणित सम्बन्धी सामग्री सूत्ररूपमा पाइन्छन् । तिनको विस्तृत व्याख्या पछि गरिएको छ । वेदमा जुन सामग्री पाइन्छ, त्यसको संक्षिप्त रूपरेखा दिइएको छ । ऋग्वेदका केही मन्त्रमा रेखागणित सम्बन्धी पारिभाषिक शब्द पाइन्छन् । यज्ञवेदीको चर्चा गर्ने क्रममा ऋग्वेदमा प्रश्न गरिएको छ, यसको नाप के हो ?, यसको रूपरेखा कस्तो थियो, यसको परिधि के थियो ? आदि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कासीत् प्रमा प्रतिमा किं निदानम्, आज्यं किमासीत् परिधिः कः आसीत् ।
छन्दः **किमासीत् प्रउगं किमुक्थं यद् देवा देवमयजन्त विश्वे ॥** ऋग् १०.१३०.३ ।

उपर्युक्त मन्त्रमा रेखागणितसँग सम्बन्धित यस्ता शब्द प्रयोग भएका छन् :-

प्रमा - नाप, परिमाण

प्रतिमा - नक्सा, रूपरेखा

निदानम् - कारण, मूल सिद्धान्त

परिधि - घेरा

छन्द - नापका लागि चाहिने साधन, डोरी आदि ।

ऋग्वेदको एउटा मन्त्रमा वृत्तबारे केही जानकारी दिइएको छ :-

चतुर्भिः साकं नवतिं च नामभिः चक्रं न वृत्तं व्यतींरवीविपत् । ऋग्० १.१५५.६ ।

उपर्युक्त मन्त्रानुसार एउटा वृत्तमा ४x९० = ३६० अंश हुन्छन् । सम्पूर्ण वृत्तको मान ३६० अंश हुँदा खगोलीय अवस्थाको गणना गर्न सहज हुन्छ । भूगोललाई पनि चार भागमा विभाजन गरिन्छ। ९०+९०+९०+९० . ३६० अंशको वृत्त हुन्छ। यही आधारमा गणना गर्न सकिन्छ। ऋग्वेदमा प्रस्ट वर्णन गरिएको छ, पृथ्वीको गोलाकार अवस्थालाई नाभिकेन्द्रबाट चार भागमा विभाजित गरी बृहच्चक्र वृत्तलाई गणना गर्ने विधान ऋग्वेदमै वर्णन गरिएको छ ।

द्वादश प्रधयश्चक्रमेकं त्रीणि नभ्यानि क उ तच्चिकेत ।
तस्मिन् साकं त्रिशता न शङ्कवो अर्पिताः षष्टिर्न चलाचलासः ॥

ऋग्० १.१६४.४८, अथर्व० १०.८.४।

वर्षचक्रको वर्णन गर्दै द्वादश चक्रको विधान गरिएको छ। पारिभाषिक शब्दहरू पाइन्छन्। एक चक्र पूरा हुन ब्राह्र राशि उपस्थित हुन्छन्। तीनतीन खण्डको चार भागले बाह्र भाग बन्दछ। बाह्र प्रभाग बन्दछन्। प्रत्येक बाह्र प्रभागभित्र ३०-३० अंश हुन्छ। ३० अंशको १ राशि बन्दछ। १ राशिबराबर बाह्र अंश, बाह्र गुणा ३० गर्दा ३६० अंश पुग्दछ। अंश प्रत्येक राशिको प्रभागभित्र रहेको छ। पूरै चक्रलाई चारवटा केन्द्रमा विभाजित गरी ९० अंशका चार केन्द्र, बाह्र राशिका बाह्र केन्द्र, ३० अंशको प्रभाग बन्दछ। पूरै चक्रलाई ३६० अंशमा विभाजित गरिएको छ। सम्पूर्ण खगोलशास्त्रको अन्वेषणका लागि वेदमा गणितीय ज्ञान रहेको छ।



सूर्यको किरण ज्ञान

तिरश्चीनो विततो रश्मिरेषाम् अधः स्विदासीद् उपरि स्विदासीत् । यजु० ३३.७४ ।

वेदमा सूर्यको किरणको वर्णन गरिएको छ । सूर्यका किरणहरू तेर्सो गतिमा आउँछन् । तल आएर फैलिन्छन् । माथितिर फर्की फैलिन्छन् । तेर्सो गतिमा प्रकाशित हुन्छन् । यसप्रकार त्रिभुजका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीन भुजा हुन्छन् । यसमा तल एउटा रेखा र दुवैतिर तेर्सो किसिमका रेखा हुन्छन् । यसप्रकार त्यही त्रिकोणबाट विभिन्न आकृतिमा विस्तार गरिन्छ । जस्तै श्रीयन्त्र -अग्निको स्वरूपको वर्णन वैदिक वाङ्मयमा प्रशस्त पाइन्छ । ऋग्वेदको पहिलो मन्त्र नै अग्निशब्दबाट आरम्भ हुन्छ ।

अग्निमीडे... । ऋग्० १.१.१ ।

त्यसकारण ऊर्जा र अग्निको आदिमभूमि नेपाल नै हो । यो भूगोलमा आगोको पत्ता लागेको वैदिक ग्रन्थ ऋग्वेदबाट निश्चित हुन्छ । तसर्थ, वैदिक ग्रन्थहरूमा अग्निलाई पनि तीन भागमा विभाजन गरिएको छ :- **क) गार्हपत्य ख) आहवनीय ग) दाक्षिणाग्नि**

शतपथब्राह्मणग्रन्थहरूमा आकारका बारेमा वर्णन गरिएको छ । गार्हपत्य अग्निवेदी मण्डलाकार हुन्छ ।

वेदी राख्ने

आह्वनीय वेदी चतुर्भुजाकार हुन्छ । दाक्षिणाग्नि वेदी अर्धवृत्ताकार अर्थात् अर्धचन्द्राकार हुन्छ । यसका लागि क्षेत्रफल बराबर हुनु आवश्यक छ । एक व्याममा ९६ अङ्गुल अथवा चार हात हुन्छ । चार हात बराबर चार हात वेदी निर्माण हुन्छ । वेदी बनाउन रेखागणितको ज्ञान अत्यावश्यक छ । जसलाई वृत्त, चतुर्भुज, अर्धवृत्ताकार, अर्धचन्द्राकार बनाउन रेखागणितीय ज्ञान आवश्यक देखिन्छ । विभिन्न प्रकारका वेदी निर्माणको विधि वैदिक ग्रन्थहरूमा रहेको छ । चतुष्कोण, त्रिकोण, अर्धचन्द्राकार आदि वेदी निर्माणका लागि रेखागणितीय ज्ञानको वर्णन गरिएको छ :-



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदीको नाम	आकार	परिमाण
वर्ग १		
१. आहवनीय	चतुर्भुज	१ को व्याम
२. गार्हपत्य	वृत्त	१ को व्याम
३. दाक्षिणाग्नि	अर्धवृत्त	१ को व्याम
	समद्विबाहु	१७२ वर्गपद
वर्ग २		
१. महावेदी अथवा सौमिक वेदी	" " "	(महावेदीको २/३ (३२४ वर्गपद)
२. सौत्रामणी वेदी	" " "	
३. पैतृकी वेदी	आयत	सौत्रामणीको १/९
४. प्राग्वंश		" " "
वर्ग ३		
१. चतुरस्र श्येनचित्	पञ्छीको आकार	
२. वक्रपक्ष-व्यस्त-पुच्छश्येन	पञ्छीको आकार	साढे सात वर्ग पुरुष
३. कङ्कचित्	पञ्छीको आकार	साढे सात वर्ग पुरुष
४. प्रउग	त्रिभुज	साढे सात वर्ग पुरुष
५. उभयतः प्रउग	समबाहु चतुर्भुज	
६. रथचक्रचित्	वृत्त	साढे सात वर्ग पुरुष
७. द्रोणचित्	दुवैको आकृति	साढे सात वर्ग पुरुष
८. श्मशानचित्	समद्विबाहु चतुर्भुज	साढे सात वर्ग पुरुष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



विज्ञान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदमा भौतिक विज्ञान (Physics)

ऋग्वेद, यजुर्वेद, अथर्ववेद र सामवेदमा भौतिक विज्ञानसँग सम्वन्धित विषय पाइन्छन् । अग्निविद्या, ऊर्जा आदि विषयलाई लिएर यी ग्रन्थहरूले प्रकाश पारेका छन् । चारै वेदमा अग्निविद्या अथवा अग्निविज्ञानसँग सम्बन्धित धेरै मन्त्र छन् । ती मन्त्रहरूमा अग्निका गुण, धर्म, कर्तृत्व, व्यापकता आदि विषयको बारेमा विस्तृत विवेचना गरिएको छ । आधुनिक विज्ञानअनुसार भौतिकमा यी विषयमाथि विचारविमर्श हुने गर्छ - Force (शक्ति), Motion (गति), Energy (ऊर्जा), Power (सामर्थ्य), Heat (ताप), Sound (ध्वनि), Light (प्रकाश), Magnetism (चुम्बकत्व), Electricity (विद्युत्), Nuclear Energy (नाभिकीय ऊर्जा) आदि । यिनीहरूमध्ये अधिकांशको सम्वन्ध अग्निविज्ञानसँग रहेको छ ।

ऊर्जाको विषयमा यसप्रकारको नियम रहेको छ - Energy can neither be created nor destroyed. It can be transformed from one form to another form. अर्थात् ऊर्जा न उत्पन्न गर्न सकिन्छ, न नष्ट गर्न नै । यो केवल रूपान्तरित हुन्छ । वेदमा ऊर्जाको प्रतिनिधिका रूपमा अग्निलाई लिइएको छ । अग्नितत्त्वको मीमांसा नै ऊर्जाको विवेचन हो ।

ऊर्जा अविनाशी एवं अमर छ



यजुर्वेदका अनुसार अग्नि (Energy) अक्षय एवं अमर छ । यो नश्वर जगत्मा अमर (Indestructible) छ । ऊर्जामा हुने वयस् (Potential Energy) लाई यसको कारण मानिएको छ । वेदहरूमा Potential Energy का लागि वयस् शब्दको प्रयोग गरिएको छ ।

मर्तेषु - अग्निरमृतो नि धायि । यजुर्वेद १२.२४

अग्निरमृतो अभवद् वयोभिः । यजुर्वेद १२.२५

चारै वेदमा अग्निविद्या या अग्निविज्ञानसँग सम्वन्धित अनेकौं मन्त्रहरू छन् । यिनीहरूमा अग्निको गुण, धर्म, कर्तृत्व, व्यापकताआदिको विस्तृत विवेचना पाइन्छ ।

आधुनिक विज्ञानमा पनि उपर्युक्त विषयमा विशेष व्याख्या भएको पाइन्छ । जस्तै : Force(शक्ति), Motion (गति), Energy (ऊर्जा), Power (सामर्थ्य), Heat (ताप), Sound (ध्वनि), Light (प्रकाश) Magnetism (चुम्बकत्व), Electricity (विद्युत्), Nuclear Energy (नाभिकीय ऊर्जा) आदि । यिनीहरूमध्ये अधिकांश विषयको सम्बन्ध अग्निविज्ञानसँग रहेको छ । ऊर्जाको विषयमा एउटा नियम प्रचलित छ - ऊर्जा न उत्पन्न गर्न सकिन्छ, न त नष्ट नै गर्न सकिन्छ । यो त केवल रूपान्तरण हुन्छ । वेदमा ऊर्जाको प्रतिनिधिका रूपमा अग्निलाई लिइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऊर्जा अविनाशी र अमर छ

यजुर्वेदले अग्निलाई अविनाशी र अमर रहेको स्पष्ट पारेको छ। ऊर्जा अविनाशी र अमर छ। यो नश्वर जगत्मा अमर (Indestructible) छ। यसलाई यसरी स्पष्ट्याइएको छ- ऊर्जामा वयस् (Potential Energy) छ। वेदमा Potential Energyका लागि वयस् शब्द प्रयोगमा आएको छ।

मर्तेषु-अग्निरमृतो नि धायि। यजु० १२.२४

अग्निरमृतो अभवद् वयोभिः। यजु० १२.२५

ऊर्जाको रूपान्तरण (Transformation of Energy)



वेदमा ऊर्जाको विषयमा व्यापक चर्चापरिचर्चा भएको पाइन्छ। वेदका अनेक मन्त्रहरूले अग्नि ऊर्जा (Energy)एकै हुन्छ। यसको रूपान्तरण मात्र हुन्छ। त्यसैले यसका अनेक नाम छन्। यसमा सबै कार्य गर्ने क्षमता अन्तर्निहित हुन्छ। अतः यसलाई विश्वकर्मा भनिएको हो। यो महाशक्तिशाली छ। यसले अनेक रूप धारण गर्न सक्दछ। अनेक रूप धारण गर्ने भएकाले नै यसलाई 'पुरुरूप' भनिएको हो। पुरुरूपको अर्थ पनि अनेक रूप धारण गर्नेवाला हुन्छ। ऊर्जाले शब्द, रूप, प्रकाश, गतिआदिलाई अन्तर्निहित गर्दछ। त्यसैले यसलाई विश्वरूप पनि भनिएको हो। यो समूहमा चल्दछ। अतः संहत् (समूह, पुञ्जीभूत) भनिएको हो।

यो देवानां नाधा एक एव। ऋग्० १०.८२.३

अग्ने...त्मना शतिनं पुरुरूपम्। ऋग्० २.२.९

स्तीर्णा अस्य संहतो विश्वरूपाः। ऋग्० ३.१.७

ऊर्जा पुञ्जीभूत हुन्छ

ऊर्जाको सङ्ख्या हजारौं अश्वशक्ति (घोडाको शक्ति)का रूपमा हुन्छ। अतः यसलाई शतिन् (१ सय अश्वशक्ति) र सहस्रिन् (१ हजार अश्वशक्ति) आदि भनिएको छ। अग्निलाई ऊर्जाको स्वामी र शक्तिको छोराका (सहसः सूनु) आदि नामले वेदमा सम्बोधन गरिएको छ।

शतिनं पुरुरूपम्। ऋग्० २.२.९

अग्ने बृहतो दाः सहस्रिणः। ऋग्० २.२.७

सूनो सहस ऊर्जां पते। ऋग्० ८.१९.७

वेदमा गविष्टि र अश्वमिष्टि शब्द पारिभाषिक शब्दका रूपमा प्रयोग भएका छन्। गविष्टि- गो+इष्टि गो शब्दको अर्थ सूर्यको किरण हो। अतः गविष्टि भनेको सूर्य-किरण-विज्ञान अर्थात् सूर्यको किरणको विवेचन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र विश्लेषण हो । अश्वमिष्टि- अश्व+इष्टि शब्दको अर्थ अग्निआदिको अश्वशक्ति अथवा कार्यपरिमाणको (Horse Power H.P) को विश्लेषण गर्नु हो । आधुनिक विज्ञानअनुसार अश्वशक्ति हुन्छ । वेदमा यसैलाई अश्वमिष्टि भनिएको छ ।

मघवन् गविष्टये...अश्वमिष्टये । ऋग्० ८.६१.७
अंग्ने .... अश्वमिष्टे । ऋग्० २.६.२

वैश्वानर अग्नि (Universal Energy)

वेदले विश्वको प्रत्येक कण (Molecule) मा ऊर्जा (Energy) छ भनेको छ । विश्वव्यापी ऊर्जालाई वेदमा वैश्वानर अग्नि भनेर विश्लेषण, व्याख्या गरिएको छ । यसलाई सृष्टिको प्रत्येक वस्तुको उत्पादक र सृष्टिकर्ता भनेर सम्वोधन गरिएको छ । यो सम्पूर्ण संसारलाई आफ्नो आकर्षणशक्ति (Magnetism) द्वारा आफ्नो वशमा गरेको छ । यसको ऊर्जा हजारौं प्रकारको गति दिन समर्थ छ । अत: यसलाई वेदमा **शतनीभिः** भनिएको हो । सूर्यको किरणदेखि मानवजगत्, वृक्षवनस्पतिदेखि पानी र समुद्रमा समेत यसको साम्राज्य छ ।

वैश्वानरो विश्वकृत् । अथर्व० ६.४७.१
वैश्वानर नाभिरसि क्षितीनाम् । ऋग्० १.५९.१
वैश्वानरो महिम्ना विश्वकृष्टिः । ऋग्० १.५९.७
आ सूर्ये..ओषधीष्वप्सु-मानषेषु-राजा । ऋग्० १.५९.३

अग्निको विराट रूप

ऊर्जाका विभिन्न नाम - ऋग्वेदमा ऊर्जा अग्नि, (Energy) लाई ईन्द्र, विष्णु, ब्रह्मा, धाता, मित्र, वरुण, अर्यमा, त्वष्टा, रुद्र, मरुत्, पूषाआदि देवताका रूपमा चित्रित गरिएको छ । ऊर्जामा केवल देवता मात्र नभएर महान् देवीहरूको रूप पनि विद्यमान् छ भनिएको छ । विभिन्न क्रियाकलापका आधारमा ऊर्जा नै अदिति, इडा, सरस्वती र भारतीका रूपमा विद्यमान् भएको वेदले स्वीकारेको छ । वेदले प्रत्येक देव र देवी नै ऊर्जाका विभिन्न रूप हुन् भनेर प्रष्टयाएको छ । जस्तै : कर्तृत्वका रूपमा ऊर्जा ब्रह्मा हो । धाता अथवा पालनकर्ताका रूपमा यो विष्णु हो र संहारकका रूपमा रुद्र रूप पनि हो ।

त्वमग्नि इन्द्रः त्वं विष्णुः,त्वंब्रह्ममा० ।
त्वं वरुणः, त्वं मित्रः, त्वं अर्यमा० । ऋग्० २.१.३-४
त्वं रुद्रः, त्वं मारुतं, त्वं पूषा० । ऋग्० २.१.६
त्वम् अदितिः, त्वं भारती, त्वम् इडा, त्वं सरस्वती । ऋग्० २.१.११

ऊर्जाको स्वरूप

ऊर्जा व्यक्त र अव्यक्त, स्थूल र सूक्ष्म हुन्छ । मूलतः ऊर्जा मूल रूपमा अव्यक्त वस्तु हो । यो सूक्ष्म र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थूल एवं मूर्त र अमूर्त पनि छ । त्यसैले अग्नि (ऊर्जा) लाई 'गुहा सन्तम्' अथवा **'गह्वरेष्ठ'** भनिएको हो । किनकि, यो सूक्ष्मरूपमा प्रकट हुन सक्दैन । यो कतै रुख, भूगर्भ, समुद्रआदिमा अप्रकटित रूपमा छ । यस्तो अवस्थामा रुख, समुद्रआदिमा घर्षण (Friction) भयो भने यसले आफ्नो सक्कली रूप देखाउँछ, अर्थात् ऊर्जा प्रकट हुन्छ ।

त्वं वनेभ्यः...जायसे शुचिः । ऋग्० २.१.१
त्वामग्ने...गुहा सन्तम् । ऋग्० ५.८.३
या ते अग्ने..तनूः..गह्वरेष्ठा । यजु० ५.८



ऊर्जा सर्वव्यापक छ (Energy Omnipresent)

चारै वेदमा ऊर्जा सर्वव्यापक छ भनेर व्याख्या, विश्लेषण गरिएको छ । यो द्युलोक, अन्तरिक्ष र पृथिवीको प्रत्येक कणकणमा व्याप्त छ । ऊर्जाका कारण नै गति, स्थिति र परिवर्तन हुन्छ । अग्नि (ऊर्जा) ले नै विश्वलाई चेतना प्रदान गर्दछ । यो विश्वको गतिको केन्द्रबिन्दु पनि हो । यो सम्पूर्ण चराचर जगत्मा व्याप्त छ ।

विश्वस्य केतुः, भुवनस्य गर्भः, आ रोदसी अपृणात्
यजु० १२.२३

आ रोदसी भानुना भात्यन्तः । ऋग्० १०.४५.४

अग्निमा सम्प्रेषण शक्ति (Power of Transmission)

यजुर्वेदका दुई मन्त्रमा उल्लेख भएअनुसार अग्नि संसारको अमर दूत हो । यसले यताको सन्देश उता र उताको सन्देश यता ल्याउँदछ । यो सन्देशवाहक हो । वेदमा अग्नि (Energy) को सम्प्रेषणशक्तिलाई जनाउन द्रूतगामिताको सूचकका रूपमा 'द्रुतवत्' शब्दको प्रयोग भएको छ । यही शब्दबाट संस्कृतमा द्रुत (Qwick, Swift, Speedy) शब्द बनेको हो । द्रुतवत् शब्दको दौडेर जाने भन्ने अर्थ हुन्छ । ऊर्जाको सम्प्रेषणशक्तिको आधारमा नै रेडियो र टेलिभिजनआदिको निर्माण भएको हो ।

विश्वस्य दूतममृतम् । स दुद्रवत्स्वाहुतः । यजु० १५.३३.३४

अग्निमा विद्युत् तरङ्ग (Electric-waves)

ऋग्वेदमा ऊर्जा (अग्नि) लाई अति तीव्रगामी, अमरदूत भनिएको छ । ऊर्जाको तरङ्ग, समुद्रको तरङ्ग र हावाको वेगभन्दा पनि अत्यन्त तीव्र हुन्छ ।

जीरम् दूतम् अमर्त्यम् ।
सिन्धोरिव ...ऊर्मय..अग्नेर्भ्राजन्ते अर्चयः ।
ऋग्० १.४४.११.१२



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



विद्युत्मा श्रवण शक्ति (Power of Hearing)

ऋग्वेदमा श्रुतकर्ण शब्दले यस्तो सङ्केत दिएको छ - विद्युत्द्वारा ध्वनिको तरङ्गलाई सम्प्रेषण गर्न सकिन्छ र एकआपसमा वार्तालाप गर्न सकिन्छ ।

श्रुधि श्रुत्कर्ण वह्निभिः । ऋग्० १.४४.१३

यस मन्त्रमा बह्नि (अग्नि) ऊर्जाले ध्वनिलाई वहन गर्न सक्दछ र कानसम्म ध्वनिलाई पुऱ्याउन सहयोग गर्दछ । ऊर्जाद्वारा नै शब्दको बोध हुन्छ । यसैकारणले यजुर्वेदमा **श्रवो वयः** भनिएको छ । ऊर्जाको तरङ्गबाट ध्वनि सम्प्रेषणमा सहयोगी भूमिका रहन्छ । वैदिक मन्त्रहरूमा प्रशस्त रूपमा पाइने ऊर्जा र ध्वनिको विज्ञानसम्मत व्याख्या भएको छ । आधुनिक समयमा टेलिफोन, मोबाइल, इन्टरनेट, इमेलआदिको सन्दर्भमा वैदिक वाङ्मयमा प्रशस्त मन्त्रहरू रहेका छन् । ती मन्त्रहरूले विद्युतीय तरङ्गलाई संयोजन गरेर ध्वनि, फोटो र विभिन्न प्रकारका डकुमेण्ट (श्रव्यदृश्य) हरू सम्प्रेषण गर्न सकिन्छ ।

सृष्टिको प्रथम वैज्ञानिक अथर्वा ऋषिलाई मान्न सकिन्छ । अथर्ववेद, यजुर्वेद र ऋग्वेद तीनै वैदिक ग्रन्थहरूमा विद्युत्को प्रभाव र मानवको उपयोगिताको सन्दर्भमा प्रशस्त मन्त्रहरू गाइएका छन् । वृक्षआदिमा अग्निको आविष्कार घर्षणबाट हुन्छ । यज्ञमा अरणिमन्थनको पद्धतिबाट यज्ञाग्नि निर्माणको विधि गरिएको छ । अथर्वा ऋषिले जलमन्थनबाट पनि अग्नि प्राप्त हुन्छ भनेका छन् -

अग्नि मन्मथा पूर्वथा । ऋग्० ३.२९.१ ।

जलमन्थनबाट पनि अग्नि प्राप्त हुन्छ ।

वृक्ष आदिबाट अग्निको आविष्कार

अथर्वा ऋषिले सर्वप्रथम अरणि नामक वृक्षका दाउरा घोटेर अग्निको आविष्कार गरेका थिए । ऋग्वेद एवं यजुर्वेदमा यसको विस्तृत विवरण उल्लेख गरिएको छ । यजुर्वेदका अनुसार अथर्वा ऋषिले मन्थन (घर्षण) द्वारा अग्निलाई उत्पन्न गरे । यज्ञमा यही अग्निको सर्वप्रथम प्रयोग अथर्वाका पुत्र दधीचि ऋषिले गरेका हुन् ।

अथर्वा त्वा प्रथमा निरमन्थद् अग्ने । यजुर्वेद ११.३२

तमु त्वा दध्यङ् ऋषिः पुत्र ईधे अथर्वणः । यजुर्वेद ११.३३

ऋग्वेदमा अथर्वा ऋषिको बारेमा १५ स्थानमा उल्लेख गरिएको छ । ऋग्वेदमा अरणिहरूको घर्षणबाट उत्पन्न गर्ने अग्निबारे वर्णन गरिएको छ । त्यहाँ भनिएको छ - अरणि नामक वृक्षका दाउराहरूमा अग्नि निहित छ । त्यसका दुई दाउराको घर्षणबाट अग्नि उत्पन्न हुन्छ ।

अरण्योर्निहितो जातवेदाः । ऋग्वेद ३.२९.२

नवं जनिष्टारणी । ऋग्वेद ५.९.३

अग्निं मन्याम पूर्वथा । ऋग्वेद ३.२९.१

यो अश्मनोरन्तरग्निं जजान । ऋग्वेद २.१२.३

ऋग्वेदका अनुसार दुई ढुङ्गाबीचको घर्षणबाट पनि अग्नि उत्पन्न हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जल मन्थनद्वारा अग्नि

अथर्वा ऋषिको द्वितीय आविष्कार जलीय विद्युत् हो । ऋग्वेद, यजुर्वेद, सामवेद एवं तैत्तिरीयसंहितामा उल्लेख गरिएको छ - अथर्वा ऋषिले तलाउको जल मन्थन गरेर जलीय विद्युत्को आविष्कार गरेका थिए।

त्वामग्ने पुष्करादधि-अथर्वा निरमन्थत । ऋग्वेद ६.१६.१३ ।

यजुर्वेद ११.३२ । सामवेद ९ । तैत्तिरीयसंहिता ३.५.११.३ ।

भूगर्भीय पुरीष्य अग्नि (Oil and Natural Gas)



अथर्वा ऋषिको तृतीय आविष्कार हो - भूगर्भीय अग्निलाई पत्ता लगाउनु र त्यसलाई उत्खननको माध्यमद्वारा निकाल्नु । यसको विस्तृत वर्णन ऋग्वेद, यजुर्वेद एवं तैत्तिरीयसंहितामा पाइन्छ । ऋग्वेद आदिमा यसका लागि **'पुरीष्यासो अग्नयः** शब्दको प्रयोग गरिएको छ । यसलाई पृथ्वी एवं समुद्रबाट उत्खनन गरेर निकाल्नुपर्नेसमेत उल्लेख गरिएको छ। भूगर्भीय अग्निअन्तर्गत प्रज्वलनशील पदार्थ, पेट्रोल, ग्यास, किरोसिन तेल (माटोको तेल) आदिलाई लिइएको छ। यजुर्वेदको ११ अध्यायको २८ देखि ३२ मन्त्रमा यसको उच्च प्रज्वलनशीलताको विषयमा विस्तृत वर्णन गरिएको छ। वेदमा **'पुरीष्योऽसि विश्वभरा** शब्दद्वारा भूगर्भीय पेट्रोल, ग्यास आदि विश्वका लागि अत्यन्त उपयोगी छन् भनेर उल्लेख गरिएको छ। यिनैले सम्पूर्ण संसारलाई पालनपोषण गर्दछन्।

पुरीष्योऽसि विश्वभरा अथर्वा त्वा प्रथमा निरमन्थदग्ने । यजुर्वेद ११.३२

पृथिव्याः सधस्थाद् अग्निं पुरीष्यम्..खनामः । यजुर्वेद ११.२८

अपां पृष्ठमसि योनिरग्नेः समुद्रम् अभितः पिन्वमानम् । यजुर्वेद ११.२९

अग्निमन्तर्भरिष्यन्ती ज्योतिष्मन्तम् अजस्रमित् । यजुर्वेद ११.३१

पुरीष्यासो अग्नयः । ऋग्वेद ३.२२.४, यजुर्वेद १२.५० । तैत्तिरीय ४२.४३ ।

यजुर्वेदका मन्त्रमा 'योनिरग्नेःबाट स्पष्ट हुन्छ - यी अग्निका अत्यन्त प्रज्वलनशील पदार्थ हुन्। 'समुद्रम् अभितःद्वारा स्पष्ट गरिएको छ यी अग्निहरू (ग्यास, पेट्रोल आदि) समुद्रका धेरै विस्तृत भागमा फैलिएका छन्।

कलकारखानामा अग्नि

अथर्ववेदमा कोइला आदि खानीबारे उल्लेख गरिएको छ । त्यहाँ यी खानीको भित्री भागमा हुने अग्निको भयङ्करताको विस्तृत वर्णन गरिएको छ। खानीहरूमा हुने अग्निको वर्णन गर्ने क्रममा त्यहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनिएको छ - यो अग्नि अत्यन्त घातक (म्रोक), दम बढाउने (मनोहा), शरीरलाई कमजोर बनाउने र फोहोर गर्ने किसिमको, पोल्ने किसिमको (निर्दाह) पनि रहेको छ ।

म्रोको मनोहा खनो निर्दाह आत्मदूषिस्तनूनूषिः । अथर्ववेद १६.१.३

घोरं तदेतत् । अथर्ववेद १६. १८

समुद्री अग्नि

अथर्ववेदका अनुसार समुद्रमा पनि अग्नि व्याप्त छ । सामुद्री अग्नि घोर एवं शान्त दुवै किसिमका छन् ।

अपाम् अग्रम् असि समुद्रं वोऽभ्यवसृजामि । अथर्ववेद १६.१.६

यो व आपोऽग्निराविवेश...घोरं तदेत् । अथर्ववेद १६.१.८

शिवान् अग्नीन् अप्सुसदः । अथर्ववेद १६.१.१३

१० प्रकारका अग्नि

ऋग्वेदमा उल्लेख गरिएको छ - ईन्द्रको धुराले दश अग्नीलाई धारण गर्दछ । यस्ता अग्नि १० प्रकारका छन् । जस्तै, जलीय ऊर्जा, भूगर्भीय ऊर्जा, सौर ऊर्जा, वृक्ष आदिबाट उत्पन्न ऊर्जा आदि । यी दश प्रकारका अग्निहरू कहीँ पनि गणनामा आउँदैनन् । आधुनिक विज्ञानमा पनि ऊर्जाका विभिन्न प्रकार वताइएका छन् - जस्तै मेकानिक ऊर्जा, रासायनिक ऊर्जा, नाभिकीय ऊर्जा, सौर ऊर्जा आदि ।

दश प्रति धुरं वहन्ति वह्नयः । ऋग्वेद ८.३.२३

आग्नेय ऊर्जाको अनन्त रूप

ऋग्वेदमा ईन्द्रको रथमा प्रयोग हुने घोडाहरूको संख्या दुईदेखि १०, २०, ३०, ४०, ५०, ६०, ७०, ८०, ९० गणना गर्दै १०० सम्म हुन्छ । यो घोडाको मात्र होइन, ऊर्जाको असंख्य संख्याको रूपको वर्णन गरिएको हो । ऊर्जाको सानोभन्दा सानो एकाइ पनि ठूलोभन्दा ठूलो हुन्छ । यसलाई मन्त्रमार्फत सङ्केत गरिएको छ :

आ द्वाभ्यां ...याहि शतेन हरिभिः । ऋग्वेद २.१८.४

यजुर्वेदमा पनि ऊर्जाका अनन्त रूपको वर्ण गर्ने क्रममा भनिएको छ - ऊर्जाका सहस्र रूप छन् । 'सहस्रियं वाजम् भनेर ऊर्जाको सहस्र रूपका बारेमा वर्णन गरिएको छ ।

सहस्रियं वाजम्...जातवेदः । यजुर्वेद १२.४७

अग्निमा ऊर्जाका तीन रूप

यजुर्वेदमा । सौर ऊर्जा, भौतिक अग्नि र सामुद्री अग्नि गरी अग्निका तीन रूपका बारेमा वर्णन गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिवस्परि प्रथमं ...द्वितीय जातवेदाः । तृतीयमप्सु । यजुर्वेद १२.१८

यजुर्वेदको एउटा मन्त्रमा सामुद्री अग्नि, जलीय ऊर्जा, सौर ऊर्जा र पार्थिव ऊर्जाबारे उल्लेख गरिएको छ । त्यहाँ बताइएको छ - यो ऊर्जा सम्पूर्ण संसारमा फैलिएको छ ।

समुद्रे त्वा...अप्सु अन्तः, तृतीये रजसि । यजुर्वेद १२.२०

रोदसी भानुना भाति अन्तः । यजुर्वेद १२.२०

यजुर्वेदको नै अर्को एउटा मन्त्रमा ऊर्जा, आकाशीय ऊर्जा र भौतिक ऊर्जाको बारेमा उल्लेख गरिएको छ । यो मन्त्रमा पृथिवीको भित्री भागमा ऊर्जाको केन्द्र रहेको कुरा बताइएको छ । यसको वास्तविकता के हो भने पृथिवीको भित्री भागमा पनि ऊर्जा (ग्यास, आदि)को भण्डार निहित छ ।

दिवि ते जन्म, अन्तरिक्षे नाभिः, पृथिव्याम् अधि योनिरित् । यजुर्वेद ११.१२

जलबाट अग्निको जन्म

यजुर्वेद एवं अथर्ववेदमा उल्लेख गरिएको छ - अग्निको पिता पित्त (उष्मा) हो । यसका अभिप्राय यो हो - जलमा अग्नि सदासर्वदा विद्यमान छ । जसरी घर्षण अथवा मन्थनबाट दहीदेखि घिउ र दूधबाट नौनी निकाल्न सकिन्छ, त्यसैगरी जलको मन्थनद्वारा अग्नि प्रकट हुन्छ ।

अग्ने पित्तम् अपामसि । यजुर्वेद १७.६ । अथर्ववेद १८.३.५

अग्नि (ऊर्जा)को स्थान

अथर्ववेदको एउटा सूक्तका सात मन्त्रमा अग्नि अथवा ऊर्जाका स्थानको विवरण दिइएको छ । यी स्थान हुन् - जल, ढुङ्गा, औषधि र वनस्पति, पशुपक्षी एवं मनुष्य, सबै किसिमका द्विपाद् (मनुष्य आदि) र सबै चतुष्पाद् (पशुचौपाया आदि), द्युलोक, पृथिवी एवं अन्तरिक्ष, विद्युत् एवं वायु आदि ।

ऊर्जा विश्वव्यापी छ

अथर्ववेदको यो कथन अत्यन्त महत्त्वपूर्ण छ - ऊर्जा द्युलोक, अन्तरिक्ष, पृथिवी, विद्युत्, वायु आदि सबै क्षेत्रमा व्याप्त छ । यसको अभिप्राय यो हो - विश्वमा यस्तो कुनै ठाउँ छैन, जहाँ ऊर्जा प्रत्यक्ष अथवा अप्रत्यक्ष रूपमा नरहोस् । यसकारण जहाँ पनि घर्षण हुन्छ, त्यहाँ विद्युत् अवश्य नै उत्पन्न हुन्छ ।

दिवं पृथिवीमनु - अन्तरिक्षं ये विद्युतम् अनुसञ्चरन्ति ।

ये दिक्ष्वन्तर्ये वाते अन्तस्तेभ्यो अग्निभ्यः । अथर्ववेद ३.२१.८

ऊर्जा-हेतु विविध यन्त्र

तैत्तिरीयसंहितामा ऊर्जाहेतु प्रयुक्त केही यन्त्रबारे उल्लेख गरिएको छ -

१) **वातयन्त्र :**
यो वायु उत्पन्न गर्न तथा वायुको दाब नाप्नका लागि प्रयुक्त हुन्थ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२) **ऋतुयन्त्र :**
यो गर्मीसर्दी आदिलाई नाप्नका लागि प्रयोग हुन्थ्यो ।

३) **दिशायन्त्र :**
यो दिशाबोधक यन्त्र थियो ।

४) **तेजस्-यन्त्र :**
यो तेज अर्थात् प्रकाश आदिको उत्पत्तिका लागि प्रयुक्त यन्त्र थियो ।

वातानां यन्त्राय, ऋतूनां यन्त्राय, दिशां यन्त्राय, तेजसे यन्त्राय । तैत्तिरीयसंहिता १.६.१.२

तैत्तिरीयसंहितामा वाग्यन्त्रको वारेमा उल्लेख गरिएको छ । यो सम्भवतः ध्वनितरङ्गलाई नाप्ने यन्त्र थियो । यन्त्र शब्दको प्रयोग नियन्त्रण गर्ने शक्तिका लागि पनि गरिएको छ (ऋग्वेद १.३४.१) । ऋग्वेदमा आकर्षण शक्तिका लागि पनि यन्त्र शब्दको प्रयोग भएको छ । सूर्य आफ्नो यन्त्र अर्थात् आकर्षण शक्तिद्वारा पृथिवीलाई रोकिरहेको छ ।

जल र अग्निको चक्र

यजुर्वेदमा एउटा महत्त्वपूर्ण विषयवारे स्पष्ट पारिएको छ - सृष्टिमा जल एवं अग्निको चक्र चलिरहेको छ । दुवै एकअर्काका परिपूरक एवं आधार हुन् । जलवाट अग्नि, अग्निबाट जल एवं पुनः जलवाट अग्नि । यही चक्र विश्वको आधार हो । अग्निलाई पनि आफ्नो स्थितिका लागि जल आवश्यक छ ।

प्रसद्य भस्मना योनिम् अपश्च पृथिवीमग्ने ।
संसृज्य मातृभिष्ट्वं ज्योतिष्मान् पुनरा सदः ।
पुनरासद्य सदनमपश्च पृथिवीमग्ने । यजुर्वेद १२.३८.३९
अप्सु-अग्ने सधिष्ट्व । यजुर्वेद १२.३६

अग्नि विश्वको आधार

यजुर्वेदका अनुसार अग्निले संसारलाई ऊर्जा एवं चेतना प्रदान गर्दछ । अग्नि नै सृष्टिको आधार हो । यो द्युलोक एवं पृथिवीमा सर्वत्र व्याप्त छ । अग्नि नै वृक्ष एवं वनस्पतिहरूको आधार हो ।

विश्वस्य केतुर्भुवनस्य गर्भः आ रोदसी अपृणात्० । यजुर्वेद १२.१३
गर्भो अस्योषधीनां गर्भो वनस्पतीनाम् ।
गर्भो विश्वस्य भूतस्य । यजुर्वेद १२.३७

अग्निमा विस्तारण क्षमता

यजुर्वेदका अनुसार अग्निमा तापद्वारा विस्तार गर्ने शक्ति विद्यमान छ । यसै आधारमा संसारको विस्तार हुन्छ । अग्निद्वारा भू, अन्तरिक्ष आदिको विस्तार भएको छ । यसलाई बुझाउनका लागि मन्त्रमा 'त्वेष' शब्द प्रयोग गरिएको छ ।

अग्ने ..येनान्तरिक्षम् उर्वाततन्थ त्वेषः स... । यजुर्वेद १२.४८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अग्निका विविध स्रोत

वेदमा अग्निका विभिन्न स्रोतबारे उल्लेख गरिएको छ। तिनीहरूको विस्तृत विवरण पनि पाइन्छ। तिनलाई निम्नानुसार देखाउन सकिन्छ –

एउटा अग्निको अनेक रूप

ऋग्वेदका अनुसार अग्नि एउटै छ। तर, यसलाई विभिन्न प्रकारबाट प्राप्त गर्न सकिन्छ। अग्नि निकाल्ने अनेक उपाय छन्।

त्वमग्ने..अद्भ्यः, अश्मयः, वनेभ्यः, ओषधीभ्यः । ऋग्वेद २.१.१

भूगर्भीय अग्नि अत्यन्त शक्तिशाली हुन्छ।

पुरीष्यासो अग्नयः । ऋग्वेद ३.२२.४

जलमा अग्निको निवास छ।

या अग्निं दधिरे ...आपः । अथर्ववेद १.३३.१

अग्नि सूर्य, समुद्र र जलद्वारा प्राप्त गर्न सकिन्छ।

त्रीणि ...समुद्र एकं दिवि-एकम् अप्सु । ऋग्वेद १.९५.३

नदीहरूमा जुन उछाल देखिन्छ, त्यसमा ठूलो मात्रामा बिजुली रहन्छ।

अपां नपादा ह्यस्थात्..विद्युतं वसानः । ऋग्वेद २.३५.९

औषधि एवं वनस्पतिहरूमा पनि अग्नि विद्यमान छ। घर्षणबाट यसमा अग्नि प्राप्त गर्न सकिन्छ।

त्वम् ओषधीभ्यः जायसे शुचिः । ऋग्वेद २.१.१

नदीहरूको सङ्गमस्थल ऊर्जाको महत्त्वपूर्ण स्थल हो।

ये नदीनां संस्रवन्ति उत्सासः सदमक्षिताः । अथर्ववेद १.१५.३

सूर्य, समुद्र एवं वायु ऊर्जाका स्रोत हुन्।

त्रयः कृण्वन्ति भुवनेषु रेतः ।

सूर्यस्य, समुद्रस्य, वातस्येव प्रजवः । ऋग्वेद ७.३३.७-८

वृक्ष-वनस्पतिहरू, नदी एवं समुद्र एवं सूर्यबाट ऊर्जा प्राप्त गर्न सकिन्छ।

समग्नयः ओषधीः, सिन्धून्, दिव्यातपन्ति । अथर्ववेद १२.३.५०

सौर्य ऊर्जा

वेदमा सौर ऊर्जासँग सम्बन्धित पर्याप्त सामग्री उपलब्ध छन्। तिनीहरूलाई निम्नानुसार देखाउन सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



१. सूर्यबाट ऊर्जाको दोहन

ऋग्वेद एवं यजुर्वेदमा वर्णन गरिएको छ - सूर्यबाट ऊर्जाको दोहन त्रितले गरेका हुन् । त्रित भनेर तीन देवतालाई भन्न सकिन्छ - ईन्द्र, गन्धर्व एवं वसु । ईन्द्रले ऊर्जाबारे सर्वप्रथम ज्ञान हासिल गरे । गन्धर्वले त्यसको परीक्षण गरे वसुले त्यसलाई मूर्तरूप दिए । वसु त्यस्ता विद्वान् हुन्, जो भौतिक विज्ञानका विद्वान्का रूपमा मानिन्छ । त्यसैले, सौर ऊर्जाको सफल आविष्कारको श्रेय ईन्द्र, गन्धर्व एवं वसुलाई जान्छ ।

त्रित एनम् आयुनक्, इन्द्र एणं प्रथमो अध्यतिष्ठत्

गन्धर्वो अस्य सशनाम् अगृह्णात्, सूरादश्वं वसवो निरतष्ट ॥ ऋग्वेद १.१६.३.२, यजुर्वेद २९.१३

२. सूर्य ऊर्जाको स्रोत

अथर्ववेदका अनुसार सूर्य समस्त ऊर्जाको स्रोत हो । त्यसैले, उसलाई ऊर्जाको स्वामी पनि भनिन्छ । यसको अभिप्राय यो हो - हामीलाई कुनै प्रकारको ऊर्जाको आवश्यकता पर्‍यो भने सूर्य नै त्यसको अन्तिम आश्रय हो ।

सविता प्रसवानाम् अधिपतिः । अथर्ववेद ५.२४.१

अथर्ववेदको एउटा मन्त्रमा भनिएको छ - विराट् ब्रह्म ऊर्जाको रूपमा व्याप्त छ । सबैभन्दा पहिला यो ऊर्जा सूर्यलाई प्राप्त भएको हो । देवताहरूले त्यस ऊर्जालाई दोहन गरेर ऊर्जा प्राप्त गरे ।

३. सौर ऊर्जाका आविष्कारक वशिष्ठ र भारद्वाज ऋषि

ऋग्वेदका अनुसार भगवान्ले सूर्यमा ऊर्जालाई खजानाका रूपमा राख्नुभएको छ । एउटा अन्य मन्त्रमा भनिएको छ - ऋषिहरूले सूर्यबाट त्यस ऊर्जा (घर्म, ऊष्मा)लाई निकाले । सौर ऊर्जा निकाल्ने श्रेय वशिष्ठ, वशिष्ठ पुत्र एवं भारद्वाज ऋषिका वंशजलाई जान्छ ।

स शेवधिं नि दधिषे विवस्वति । ऋग्वेद २.१३.६

आ सूर्याद् अभरन् घर्ममेते । ऋग्वेद १०.१८१.३

४. सूर्यमा अक्षय धन

ऋग्वेदमा भनिएको छ - सूर्य एवं जल (नदी एवं समुद्र)मा अक्षय धन विद्यमान छ । सूर्य सम्पूर्ण संसारलाई भोजन दिन्छ । अर्थात् सूर्यको ऊर्जाबाट नै उत्कृष्ट कृषि एवं अन्न उत्पादन हुन्छ ।

अप्सु सूर्ये महद् धनम् । ऋग्वेद ८.६८.९

अधारयद् हरितोर्भूरिं भोजनम्,

ययोरन्तर्हरिश्चरत् । ऋग्वेद ३.४४.३

Prof. Madhav Pra... Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. सूर्यका घातक किरण

ऋग्वेदमा सूर्यका घातक किरणका बारेमा पनि चर्चा गरिएको छ। किरणबाट हुने भयको सङ्केत पनि गरिएको छ । यी किरणहरूले पुरुष आदिलाई खाइदिन्छन् । त्यसैले, त्यस्ता किरणलाई 'पुरुषाद' भनिन्छ। त्यस्ता भयङ्कर किरणहरूद्वारा सम्पूर्ण संसार भयभीत छ । यस्ता किरणबाट रक्षाका लागि प्रार्थना गरिएको छ । अथर्ववेदमा यी किरणहरूलाई कृषिको नाशक तत्त्व बताइएको छ ।

वयः प्र पतान् पूरुषादः ।
अथेदं विश्वं भुवनं भयाते । ऋग्वेद १०.२७.२२
अवः सूर्यस्य बृहतः पुरीषात् । ऋग्वेद १०.२७.२१
न घ्रन् तताप, न हिमो जघान । अथर्ववेद १.१८.२

६. सूर्यका सात किरण



ऋग्वेद एवं अथर्ववेदमा सूर्यका सात प्रकारका किरणहरूलाई सप्तरश्मि, सप्ताश्व, सप्तसप्ति आदि शब्दद्वारा बताइएको छ। यी सबै सात रङका किरणको वैज्ञानिक दृष्टिबाट अत्यन्त महत्त्व छ । प्रत्येक किरणको अलगअलग प्रभाव छ । यसबाट नै संसारका सबै पदार्थले रूपरङ् प्राप्त गर्दछन् । यिनै विभिन्न प्रकारका रङहरूलाई टाढा गर्ने काम गर्दछ । यी रङको प्रभावले कृषि उपज घट्ने-बढ्ने गर्दछ ।

यी सात रङका किरणलाई अंग्रेजीमा पनि विभिन्न नामले पुकारिन्छ । यिनीहरूको तरङ्ग एवं आवृत्ति पनि फरकफरक छन् । यसको संक्षिप्त विवेचना यहाँ गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाम	संकेत	नाम संकेत	प्रभाव
Violet	V	बैजनी	शीतल, रातो कणहरूको वर्द्धक, क्षय रोगनाशक, पराक्रम पुरुषार्थ
Indigo	I	प्याजी	शीतल, पित्तज रोगहरूको नाशक, पौष्टिक, उत्साह, उमङ्ग, साधनासिद्धि
Blue	B	नीलो	शीतल, पित्तज रोगहरूको नाशक, ज्वरनाशक, आरोग्य सूचक
Green	G	हरियो	समशीतोष्ण, वातजनित रोगहरूको नाशक, रक्तशोधक
Yellow	Y	पहेँलो	उष्ण, कफजनित रोगहरूको नाशक, मानसिक शक्तिवर्द्धक
Orange	O	सुन्तला	शीतल, पित्तज रोगहरूको नाशक, पौष्टिक, अध्यात्मिक उन्नति ज्ञान वर्द्धक
Red	R	रातो	शौभाग्यवृद्धि, ताप,कफजनित रोगहरूको नाशक, उत्तेजक, शूरवीरता, सौर्यता

सूर्यका सप्तरङ्गी किरणहरूमा ७ गाढा रङ, सात फिका रङ्ग हुन्छन् । यी सातका् संयोजनबाट ७ गुणा ७ गरेर फेरि ४९ रङ्ग प्रवाह गर्दछ । यी ४९ प्रकारका सूर्यका किरणसँग ४९ वायुको सम्बन्ध छ । सम्पूर्ण रङ प्रदान गर्दछन् भन्ने विषय अथर्ववेदमा वताइएको छ । मष्टको अर्थ मरुत् देवता हो ।

प्रकाशको गति

सूर्यविषयक ऋग्वेदमा एउटा मन्त्र तरणिर्विश्वदर्शतःको व्याख्याक्रममा आचार्य सायणले भनेका छन् - प्रकाशको गति वैज्ञानिक दृष्टिमा पनि महत्त्वपूर्ण छ । सायणले अगाडि लेख्छन् -

तथा च स्मर्यते -
योजनानां सहस्रे द्वे, द्वे शते द्वे च योजने ।
एकेन निमिषार्धेन, क्रममाण नमोऽस्तु ते ॥

सायण । ऋग्वेद १.५०.४ मन्त्रको व्याख्या

हे सूर्य तिम्रो गति आधा निमेषमा २ हजार २ सय योजनको रहेको छ । सूर्यको किरणको गति कति तीव्र छ भन्ने विषय माथि वर्णन गरिएको पक्षबाट पनि स्पष्ट हुन्छ ।

सूर्यको गति कत्तिको तीव्र छ ? आदि विषयमा महाभारतमा केही सहयोगी विषय प्राप्छ हुन्छन् । कालसम्वन्धी ज्ञानका लागि महाभारतको निम्नलिखित श्लोक उपयोगी हुन सक्छ -

काष्ठा निमेषा दश पञ्च चैव,
त्रिंशत् तु काष्ठा गणयेत् कलां ताम् ।
भागः कलाश्चापि भवेन्मुहूर्तो
भागः कलाया दशमश्च यः स्यात् ।
त्रिंशन्मुहूर्तं तु भवेदहश्च । महाभारत शान्तिपर्व, अध्याय २३१, श्लोक १२ र १३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालगणना यसप्रकार गर्न सकिन्छ - १५ निमेषको एक काष्ठा, ३० काष्ठाको १ कला, ३० कला र ३ काष्ठाको एक मुहूर्त । ३० मुहूर्तको एक दिन-रात हुन्छ ।

गणना

क)	१ दिनरात २४ घन्टा	- -	२४ घन्टा ३० मुहूर्त
ख)	१ मुहूर्त १ मुहूर्त	- -	४८ मिनेट ३० १/३० कला
ग)	१ कला १ कला	- -	करिब सवा मिनेट (१.३३ मिनेट अथवा ८० सेकेन्ड) ३० काष्ठा
घ)	१ काष्ठा १ काष्ठा	- -	करिब २.७ सेकेन्डमा केही कम १५ निमेष
ङ)	१ निमेष आधा निमेष	- -	करिब २ सेकेन्डमा केही कम अथवा सेकेन्डको पाँचौं भाग ८/७५ (अथवा सेकेन्डको दसौं भाग)

सूर्यका किरणको गति

वेदमा सूर्यको किरणको गति कस्तो हुन्छ भन्नेमा पनि व्याख्या भएको छ । यहाँ सूर्यको गतिलाई बुझ्न सजिलोका लागि तालिका दिइएको छ ।

सूर्यका किरण

१ सेकेन्डमा	१ लाख ८६ हजार माइल
१ मिनेटमा	१ करोड ११ लाख ६० हजार माइल
८ मिनेटमा	८ करोड ९२ लाख ८० हजार माइल
बाँकी १० सेकेन्डमा	२२ लाख माइल

दिइएको तालिकाअनुसार ८ मिनेट १० सेकेन्डमा सूर्यको किरण पृथ्वीमा आइसक्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्य न उदाउँछ न अस्ताउँछ



ब्राह्मण ग्रन्थहरूमा सूर्यसम्बन्धी विषयमा केही महत्त्वपूर्ण विषयबारे चर्चा गरिएको छ । ऐतरेयब्राह्मणमा वर्णन गरिएको छ - सूर्य न उदाउँछ न अस्ताउँछन् । सूर्य सधैं गतिसिल रहन्छन् । त्यहीँ एकै ठाउँमा रोकिएजस्तो पृथ्वीलाई देखिन्छ ।

केवल पृथिवीले सूर्यलाई परिक्रमा गर्दछ । यसै आधारमा दिनको अन्त्यमा सूर्यास्त र रात्रिको अन्त्यमा सूर्योदयको प्रक्रिया चलिरहेको छ । व्यावहारिक दृष्टिकोणबाट मात्र सूर्य उदाउँछ र अस्ताउँछ भन्न सकिन्छ । तर, सैद्धान्तिक/शास्त्रीय दृष्टिले भने सूर्योदय हुँदैन, सूर्यास्त पनि हुँदैन ।

स वा एष -आदित्यः) न कदाचनास्तमेति, नोदेति । ऐतरेयोपनिषद् ३.४४

स वा एष (आदित्यः) नः कदाचनास्तमयति नोदयति । गो० उत्तर० ४.१०

सात सूर्य

ताण्ड्यब्राह्मणमा उल्लेख भएअनुसार सूर्य सात प्रकारका छन् । यहाँ महासूर्यका बारेमा उल्लेख गरिएको छ । यी महान् सात सूर्य सात सौरमण्डलका ज्ञात हुन्छन् ।

सप्त आदित्याः । ताण्ड्यब्राह्मण २३.१५.३

सूर्यका हजारौं रश्मि

ब्राह्मणग्रन्थहरूमा सूर्यका रश्मि (किरण) हजारौं हुन्छ भनेर उल्लेख गरिएको छ । त्यहाँ भनिएको छ - सूर्यका किरण १००-३६० अथवा १ हजार छन् । यो सूर्यको किरणको सूक्ष्म विश्लेषण हो । शतपथब्राह्मणमा भनिएको छ - सूर्य १ सय प्रकारका छन् । त्यसैले, त्यसका किरण १ सय प्रकारका नै छन् । शतपथब्राह्मणमा अन्यत्र ३ सय ६० किरणको पनि उल्लेख गरिएको छ । जैमिनीय उपनिषद्ब्राह्मणमा सूर्यका किरणको संख्या १ हजार दिइएको छ । ऋग्वेदमा पनि यसै किसिमको वर्णन गरिएको छ ।

स एष (आदित्यः) एकशतविधः, तस्य रश्मयः शतं विधाः । शतपथ० १०.२४.३

षष्टिश्च ह वै त्रीणि शतानि - आदित्यस्य रश्मयः । शतपथ० १०.५.४४

सहस्रं हैत आदित्यस्य रश्मयः । जै० उप० १.४४.५

हरयः शता दश । ऋग्वेद ६.४७.१८

सूर्यग्रहण

ऋग्वेद एवं अन्यग्रन्थहरूमा सूर्यग्रहणको बारेमा विशद् व्याख्या भएको छ । ऋग्वेदमा भनिएको छ - स्वर्भानु (राहु)ले सूर्यलाई आफ्नो अन्धकारद्वारा ढाक्छ अथवा आच्छादित गर्छ । पृथ्वी एवं सूर्यको बीचमा चन्द्रमा आउने भएकाले यसलाई सूर्यग्रहणका रूपमा विश्लेषण गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यत् त्वा सूर्य स्वर्भानुः तमसाविध्यदासुरः । ऋग्वेद ५.४०.५

स्वर्भानुर्वा आसुरिः सूर्यं तमसाविध्यत् । गोपथ उ० ३.१३

यही भाव ऋग्वेद (५.४०.६ र ९) मा पनि प्रकट भएको छ । त्यहाँ भनिएको छ - पृथ्वी र सूर्यको वीचमा चन्द्रमा आउने भएकाले सूर्यग्रहण लाग्छ ।

सूर्यमा आकर्षण शक्ति

वेदमा सूर्यको आकर्षण शक्तिका बारेमा पनि विभिन्न स्थानमा उल्लेख भएको छ ।

द्युलोकका धारक सूर्य

ऋग्वेदमा वर्णन गरिएको छ - सूर्यले अवलम्बनरहित स्थानमा द्युलोकलाई आफ्नो आकर्षण शक्तिद्वारा रोकिराखेको छ । सूर्यको आफ्नो आकर्षणका कारण नै द्युलोक रोकिएको छ । साथै, द्युलोकका सबै नक्षत्र आदि सूर्यको आकर्षण शक्तिद्वारा रोकिएका छन् ।

सूर्येण उत्तभिता द्यौः । ऋग्वेद १०.८५.१

अस्कम्भने सविता द्याम् अदृंहत् । ऋग्वेद १०.१४९.१

सूर्यले पृथिवीलाई रोकिराखेको छ

ऋग्वेदमा वर्णन गरिएको छ - सूर्यले आफ्नो आकर्षण शक्तिद्वारा पृथिवीलाई रोकिराखेको छ । त्यसैले, पृथिवी हल्लिन अथवा झर्न पाउँदैन । यसका लागि प्रयोग भएका मन्त्रमा आकर्षण शक्तिका लागि 'यन्त्र' शब्दको प्रयोग गरिएको छ । यन्त्र शब्दको अर्थ हुन्छ - नियन्त्रण गर्ने शक्ति ।

सविता यन्त्रैः पृथिवीम् - अरम्णात् । ऋग्वेद १०.१४९.१

यजुर्वेदमा यसै कुरालाई अझ स्पष्ट शब्दमा भनिएको छ - सूर्यले आफ्ना किरणहरूद्वारा अर्थात् आफ्नो किरणको आकर्षण शक्तिद्वारा पृथिवीलाई चारैतर्फबाट रोकेर राखेको छ । यति मात्र होइन, सम्पूर्ण द्यावापृथिवीलाई उसले आफ्नो आकर्षण शक्तिले रोकेको छ ।

व्यस्कम्ना रोदसी विष्णवेते,
दाधर्थ पृथिवीमभितो मयूखैः ॥ यजुर्वेद ५.१६

ऋग्वेदके एउटा अन्य मन्त्रमा पनि उल्लेख गरिएको छ - सूर्यले आफ्नो आकर्षण शक्तिद्वारा भूमिलाई पनि रोकिराखेको छ ।

चकृषे भूमिम् । ऋग्वेद १.५२.१२

सूर्यको आकर्षण शक्तिद्वारा नै नक्षत्र आदि पनि रोकिएका छन्

ऋग्वेदमा सूर्यको आकर्षण शक्तिबाट नै सबै नक्षत्र आदि स्थित भएको कुरा उल्लेख भएको छ । त्यहाँ भनिएको छ - सबै नक्षत्र आदिमा आआफ्नो आकर्षण शक्ति हुन्छ । साथै, द्युलोक, पृथिवी, अन्तरिक्ष एवं नक्षत्र आदिलाई सूर्यको आकर्षण शक्तिले आकर्षित गरिरहेको छ । उक्त मन्त्रमा आकर्षण शक्तिको ज्ञानका लागि ओजस् (तेज) शब्दको प्रयोग गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृथिवीको केन्द्रबिन्दु

अथर्ववेदमा वर्णन गरिएको छ - पृथिवीको केन्द्रबिन्दु आकाश हो । अर्थात् आकाशस्थ सूर्य पृथिवीको केन्द्र हो, जसबाट पृथिवीले ऊर्जा प्राप्त गर्दछ ।

यस्यां हृदयं परमे व्योमन् । अथर्ववेद १२.१.८

सूर्यबाट पृथिवीको उत्पत्ति भएको हो

अथर्ववेदका ११ ओटा मन्त्रमा उल्लेख गरिएको छ - पृथिवी बाहुच्युता हो । अर्थात् हातद्वारा दिइएको वस्तुबराबर सूर्यको हातबाट दिइएको वस्तु हो । आफ्नो सुरक्षाका लागि द्युलोकले पनि सूर्यको आश्रय लिन्छ ।

बाहुच्युता पृथिवी द्यामिवोपरि । अथर्ववेद १८.३.२५

ऋग्वेदको एउटा मन्त्रमा पनि यही भाव पाइन्छ । त्यहाँ भनिएको छ - वरुण भगवान्ले सूर्यको सहायताले पृथिवीको निर्माण गरे ।

वि यो ममे पृथिवीं सूर्येण । ऋग्वेद ५.८५.५

पृथिवीमा आकर्षणशक्ति रहेको छ । सूर्यले पृथिवीलाई पृथिवीले सूर्यलाई विपरित दिशामा तानिरहेको छ । गुरुत्वाकर्षण शक्तिका कारण पृथिवी अडिएकी छिन् । आर्यभट्ट भाष्कराचार्यआदिले पृथिवीको आकर्षणशक्तिको बारेमा आफ्ना ग्रन्थहरूमा चर्चा गरेका छन् ।

पृथिवीले सूर्यलाई परिक्रमा

चारै वेदमा एउटा मन्त्र प्रयोग भएको छ, जसले पृथिवीले सूर्यको परिक्रमा गर्दछ भन्ने सङ्केत गर्दछ । मन्त्रका अनुसार यो सम्पूर्ण पृथिवी घुम्दछ । आफ्नो माता (अन्तरिक्ष)समान रहेर सूर्यरूपी पितालाई परिक्रमा गर्दछ । ऋग्वदेमा एउटा मन्त्र स्पष्टसँग यसबारेमा अझ स्पष्ट पारेको छ । त्यहाँ भनिएको छ - पृथिवी (क्ष) ले सूर्य (शुष्ण)लाई परिक्रमा गर्दछ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अग्नि (Energy)

के हो अग्नि ?

चारै वेदका मन्त्रहरूमा अग्निलाई प्रधान देवताका रूपमा चित्रण गरिएको छ । अग्नि विभिन्न रूपमा संसारमा व्याप्त छन् । अग्नि ऊर्जाको स्रोत हो । यो विश्वव्यापी ऊर्जा हो । यो संसारका सबै पदार्थको गति एवं ऊर्जा अग्निले नै प्रदान गर्ने गरेको छ । त्यसैले, अग्निलाई वेदमा विभिन्न रूपमा प्रस्तुत गरिएको छ - भौतिक अग्नि, जलीय अग्नि एवं सूर्य एवं विद्युत्का रूपमा यसलाई व्याख्याविश्लेषण गरिएको छ । केही मन्त्रबाट पनि भनिएको छ - अग्नि द्युलोक, अन्तरिक्ष, पृथिवी, विद्युत्, वायु एवं सबै दिशामा व्याप्त छ। यसका नै विभिन्न रूप छन् । जलमा विद्युत्, मेघमा बिजुली, मनुष्यहरूमा स्फूर्ति (ऊर्जा), ढुङ्गाहरूको घर्षणबाट निस्कने झिल्का, वृक्ष-वनस्पतिहरूमा ऊष्मा एवं पशुपक्षीहरूमा पाइने स्फूर्ति सबै अग्निका विभिन्न स्वरूप हुन् ।

क) **रक्षन्तु त्वाऽग्नयो ये अप्स्वन्तः ।** अथर्व० ८.१.११

ख) **दिवं पृथिवीमन्तरिक्षं ये विद्युतमनु सञ्चरन्ति ।**
ये दिक्ष्वन्तर्ये वाते अन्तः ० । अथर्व० ३.२१.७

ग) **ये अग्नयो अप्स्वन्तर्ये वृत्रे ये पुरुष ये अश्मसु ।**
य आविवेशोषधीर्यो वनस्पतीन् । अथर्व० ३.२१.१.२

अग्नि सर्वदेवमय

विश्वमा जहाँ पनि गति, ज्योति, प्रकाश अथवा प्रगति छ, त्यहाँ सबै अग्निको प्रभाव छ । त्यसैले, अग्निलाई सर्वदेवमय भनिएको हो । अग्निका सबै देवतासँग सम्बन्ध छ । अग्निलाई सबै देवताको आत्मा एवं 'सर्वदेवत्य भनिएको हो । ऐतरेयब्राह्मणले स्पष्ट रूपमा भनेको छ - वायु आदि सबै देवता अग्निका विभिन्न रूप हुन् । अग्नितत्त्वका कारण नै वायुमा गतिशीलता आएको हो ।

क) अग्निर्वै सर्वा देवताः । ऐत० १.१ । शत० १.४.४.१०

ख) सर्वदेवत्योऽग्निः । शत० ६.१.२.२८

ग) अग्निर्वै सर्वेषां देवानामात्मा । शत० १४.३.२.५

घ) अग्नेर्वा एताः सर्वास्तन्वो यदेताः (वाय्वादयः) देवताः । ऐत० ३.४

द्यु एवं अन्तरिक्षमा अग्नि

यजुर्वेदमा अग्निको विराट रूपको वर्णन गरेर भनिएको छ - यही अग्नि द्युलोक, पृथिवी एवं सबै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वृक्ष-वनस्पतिहरूमा व्याप्त छ । यसैलाई नै अग्नि, जातवेदस् (स्वभावबाट नै ज्ञानवान्), अर्क (पुजनीय) भनिएको छ । यो सबै लोकमा व्याप्त छ ।

क) पृष्टो दिवि... पृथिव्यां... विश्वा ओषधीरा विवेश ।
वैश्वानरः...अग्निः० । यजु० १८.६६

अग्निका तीन रूप

ऋग्वेदमा वर्णन गरिएको छ - अग्निका तीन रूप छन् । यी तीन स्थानमा विद्यमान छन् । अग्निका तीन शरीर छन् - अग्नि, वायु, विद्युत र सूर्य । पृथिवीमा अग्नि, अन्तरिक्षमा वायु एवं विद्युत् र द्युलोकमा सूर्य ।

क) अग्ने...त्री सधस्था,
तिस्र उ ते तन्वः० । ऋग्० ३.२०.२

ऋग्वेदको भनाइ छ - अग्निको प्रताप द्यु-भू, अन्तरिक्ष, जल एवं वृक्ष-वनस्पतिहरूमा व्याप्त छ । यही श्रेष्ठ ऋषि हो र सर्वत्र ज्ञान-अग्निको प्रसारका लागि यसलाई प्रदीप्त गरिन्छ ।

क) अग्ने यत् ते दिवि वर्चः पृथिव्यां,
यदोषधीष्वप्स्वा यजत्र ।
येनान्तरिक्षमुर्वाततन्थ० । ऋग्० ३.२२.२

ख) अग्ने..ऋषिः श्रेष्ठः समिध्यसे । ऋग्० ३.२१.३

अग्नि तीनै लोकको धारक

अग्नि द्यु-भू एवं अन्तरिक्षको धारक हो भनेर ऋग्वेदले उल्लेख गरेको छ । अग्नि (ऊर्जा) नै आफ्नो आकर्षण शक्तिद्वारा द्यु-भू एवं अन्तरिक्षलाई रोकिराखेको छ भन्ने यसको अभिप्राय हो । सम्पूर्ण लोक, सबै सूर्य, सबै ग्रह-नक्षत्र वस्तुतः सूर्यको आकर्षण शक्तिद्वारा रोकिइराखेका छन् । अग्नि (ऊर्जा) ले नै यी सबैको सन्तुलन मिलाएको छ ।

अग्नि सूर्यको दूत

ऋग्वेदका विभिन्न मन्त्रले अग्निलाई सूर्यको दूतका रूपमा व्याख्या/विश्लेषण गरेको छ । विभिन्न मार्गबाट स्रोतका रूपमा आएको अन्तरिक्षका लोकहरूलाई प्रकाशित गर्दछ । अग्नि एवं सूर्य एकै तत्त्व हुन् भन्ने यसको अभिप्राय हो । यही अग्निले नै सूर्यको प्रतिनिधित्व गर्दछ ।

होता यद् अभवद् विवस्वतः ।
वि साधिष्ठेभिः पथिभी रजो ममे ॥ ऋग्० १.५८.१

अन्धकारलाई सूर्यको प्रकाशले हटाउँदछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्व मानचित्र
(World Map)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



राजनीति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक राज्यव्यवस्था

वैदिक राज्य व्यवस्थाको सञ्चालन वेदमा सूत्रगतरूपमा प्राप्त गर्न सकिन्छ । दैविक राज्य व्यवस्थापन, मानव राज्य व्यवस्था, ग्रहराज्य व्यवस्था आदि चर्चाहरू आर्ष वाङ्मयमा पाउन सकिन्छ । शैवतन्त्रशास्त्र, शुक्रनीति, विदूरनीति, मनुस्मृतिमा राज्यसञ्चालनका लागि आवश्यक ७ वटा अङ्गको वर्णन गरिएको छ। राज्यका सात अङ्ग:

१. राजा/राष्ट्रप्रमुख (शासक),

२. अमात्य (मन्त्री),

३. पुर वा दुर्ग (राज्यको सिमाना र सेना सुरक्षावल)

४. राज्य (जनपद जिल्ला, नगर, गाउँहरू)

५. कोष (अर्थव्यवस्था),

६. दण्ड (न्यायव्यवस्था),

७. सुहृद् (मित्र) राष्ट्रका छिमेकीहरू

यी सात अङ्गको व्यवस्थापन राम्रोसँग गर्न सक्नु नै राज्य सञ्चालन गर्न सक्नु हो । वैदिक राज्यव्यवस्थामा सभा, समिति, स्वतन्त्र न्यायपालिका, वैधानिक राष्ट्रसभा, जनप्रतिनिधिआदिको बारेमा विस्तृत वर्ण गरिएको पाइन्छ । वैदिक वाङ्मयमा राज्यसञ्चालनको पूर्ण व्यवस्थालाई राज्यव्यवस्था भनिन्छ । जनताका हक, अधिकारलाई सुनिश्चित गर्न र वैदिक पद्धतिअनुसार न्यायपूर्ण पद्धतिबाट जनतालाई समृद्धशाली बनाउनु नै वैदिक राज्यव्यवस्थाको मूल आधार हो । सत्य र धर्मको पालन गर्ने, सम्पूर्ण राष्ट्रबासीको हितका निम्ति कार्य गर्दै विश्वमा शान्तिको कामना गर्ने नै वैदिक राज्यव्यवस्थाको मूल मन्त्र हो । आधुनिक विश्वपरिवेशको राजनैतिक परिकल्पनाको आधार भनेको जनतालाई नाना, खाना र छानाको समान उपभोग प्रदान गर्नु र समतामूलक समाज स्थापना गर्नु नै हो । न्यायपूर्वक शान्तिपूर्ण बाँच्न पाउनु मानवको नैसर्गिक अधिकार हो । वैदिककालीन राज्यव्यवस्थामा पनि यिनै दार्शनिक चिन्तन, आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक, भौगोलिक, सांस्कृतिक र भाषिक अधिकारलाई सुनिश्चितता प्रदान गर्नु र न्यायपूर्ण समाजको स्थापना गर्नु नै राष्ट्रि स्थायित्वको आधार मानिएको थियो । पृथिवीमा धेरै प्रकारका राज्यव्यवस्थाहरू भएको वेदमा वर्णन पाइन्छ ।

राज्यको बारेमा राजतन्त्रात्मक व्यवस्था, साम्यवादी व्यवस्था, समाजवादी वैदिक व्यवस्था या मानवतावादी व्यवस्था सबैको मूल स्रोत भनेको वेद नै हो । मानवीय विकासक्रमसँगै एक समूह र अर्को समूहबीच हुने भय, त्रास, आक्रमणजस्ता आपद्विपद्बाट बच्न र बचाउने सन्दर्भमा समूहको निर्माण भएको हो । सामूहिक सहभागिताबाट आफ्नो समुदायको रक्षाका लागि सङ्गठनको आवश्यकता पर्दछ । यही आवश्यकताबाट नै सङ्गठनको उपयोगिता प्रष्ट हुन्छ । यिनै समूहको रूपान्तरणस्वरूप राष्ट्रको जन्म वा उदय भएको हो भन्ने बुझिन्छ । वैदिक ग्रन्थहरूमा राष्ट्रको बारेमा सूक्ष्म र विशिष्ट चिन्तन गरिएको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चार वेदमध्ये यजुर्वेद र अथर्ववेदमा राष्ट्रको अर्थनीति, कूटनीति, काम, कर्तव्य, अधिकार, स्वतन्त्र न्यायपालिका, कार्यपालिका, अनुशासनको व्यवस्थापनजस्ता कुराहरूको सूक्ष्म रूपमा सूत्रात्मक सङ्केत गरिएको छ । पृथिवीलाई देवीको रूपमा मानेर राष्ट्र बन्नका लागि शक्ति, धन, धान्य, जल, वनस्पति, पशुपक्षी, सुवर्ण, खोलानाला, आवास, प्रजनन, भोजन, मानिसहरू समूहसँग हुनुपर्ने र सबैले आफ्नो कार्य पूरा गर्नुपर्ने विचार व्यक्त गरिएको छ ।

ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रले आ-आफ्नो योग्यता अनुसारको काम गर्नुपर्ने विधान गरिएको पाइन्छ। वैदिककालीन राष्ट्रगान गाउने र सबैको कल्याण चाहने तथा अनेकौं यज्ञयागादि गर्ने परम्परा बसेका प्रमाणहरू पाइन्छन् । शुक्लयजुर्वेदको दशौं अध्यायको तेस्रो र चौंथों मन्त्रमा आफ्नो राष्ट्रका साथै सबैको कल्याणको कामना गरिएको छ ।

अर्थेतस्थराष्ट्रदाराष्ट्रम्मे दत्त, ओजस्वतीस्थराष्ट्रम्मे० । यजु.१०-३ ।

सूर्यवर्चसस्थराष्ट्रदाराष्ट्रम्मे, मान्दास्थ० । यजु.१०-४ ।

समाजमा कलङ्क आउने कार्य कसैले नगरून् । पृथिवी, जल, तेज आदिलाई कुनै व्यक्तिले दूषित नगरून्। यदि कसैले त्यस्तो गर्दछ भने राष्ट्रप्रमुखले दण्ड दिनुपर्दछ ।

पृथिवी मातर्मा मा हिंसी, मो अहं त्वाम् । यजु. १०-२३ ।

आफ्नो राष्ट्र (पृथिवी)लाई मातासमान हेरचाह गर्नुपर्दछ । पृथिवीको मर्मस्थलमा घात गर्ने कुनै पनि आणविक कार्य कसैबाट हुनुहुँदैन । कसैले त्यस्तो कार्य गर्दछ भने नियमानुसार राष्ट्रप्रमुखले दण्ड दिनुपर्दछ । राष्ट्रको हितमा सधैँ चिन्तन गर्ने, राष्ट्र र राष्ट्रवासीका लागि सेवा गर्न दृढसङ्कल्पका साथ सबैलाई सहभागी गराउनुपर्दछ ।

बृहद् राष्ट्रं संवेश्यं दधातु । अथर्व ३-८-१ ।

आफ्नो राष्ट्रलाई हरेक दृष्टिवाट समृद्धशाली विशिष्ट बृहद् (विस्तार गर्ने) बनाउने कार्यमा सचेत भएर सबै राष्ट्रवासीलाई सहभागी गराउनुपर्दछ ।

यसैगरी अथर्ववेदको भूमिसूक्तमा पृथिवीलाई माता र आफूलाई पुत्र भनिएको छ । आफ्नो गर्भमा दश महिना राखेर आफूले अनेकौं दुःखकष्ट खेपेर माताले जसरी सन्ततिलाई जन्म दिन्छिन्, लालनपालन गर्दछिन्, त्यस्तै आफ्नी आमाको दुःखलाई यौवनावस्थामा प्राप्त सन्ततिहरूले रक्षा गर्नुपर्दछ । सन्तानको दायित्व बन्दछ राष्ट्रको रक्षाका लागि निरन्तर लागी पर्नुपर्दछ ।

माता भूमि पुत्रोऽहं पृथिव्या । अथर्व १२-१-१२ ।

राष्ट्रको उन्नति चाहने व्यक्तिले सत्यवादी, मधुरभाषी, कर्तव्यनिष्ठ हुनुपर्दछ । आफ्नी माताको (राष्ट्रको) रक्षाका लागि आफ्नो ज्यान मात्र होइन, आफ्ना सन्ततिको उत्सर्ग पनि गर्न पछि पर्नुहुँदैन ।

राष्ट्राय मह्यं बध्यताम्, सपत्नेभ्यः पराभुवे । अथर्व १-२९-४ ।

वयं राष्ट्रे जागृयाम पुरोहिताः । यजु. ९-२३ ।

विरोधी शत्रुहरूले कुनै पनि बेला राष्ट्रलाई घात गर्न सक्छन् । राष्ट्र कुनै पनि बेला परतन्त्र हुनसक्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसैले सधैँ शत्रुबाट आफ्नो राष्ट्रलाई बचाउन सम्पूर्ण राष्ट्रवासी तयार रहनुपर्दछ। आन्तरिक सुरक्षा राम्रो भएन भने कुनै पनि बेला राष्ट्रमा समस्या उत्पन्न हुनसक्छ। त्यसैले बेलैमा सावधान रहनुपर्दछ। जहाँ सत्य, सदाचार, कर्तव्यनिष्ठ, नेता, जनता, राजा (शासक) छन्, न्यायपूर्ण व्यवस्था मौलाएको छ भने त्यस्तो राष्ट्रको भूमिले सदैव वीर सपूत मात्र जन्माउँछिन्। पृथिवी र पृथिवीवासीलाई प्रदूषणमुक्त गराई ज्ञानयुक्त प्राकृतिक सम्पदाको संरक्षणको चेतना पनि जगाउँदछिन्। राष्ट्रको आन्तरिक सुरक्षामा सचेतता अपनाएर बाहिरी हस्तक्षेपको अवस्था आउन नदिनु राष्ट्रवासीको कर्तव्य हो। राष्ट्र सञ्चालनका लागि सभा, समिति र वैधानिक राष्ट्रिय सभा आवश्यक पर्दछ।

या सभा अधिभूम्याम्।

ये सङ्ग्राम समितयस्तेषु चारु वदेम। अथर्व १२-१-५६।

यस्तो सभा राष्ट्रको केन्द्रीय स्तरदेखि गाउँ, नगर, जनपदसम्मको हुनुपर्दछ। स्थानीय स्तरका वादविवाद, अपराध र अन्याय स्थानीय स्तरमा समाधान गर्दै विवादको स्तर हेरी नगर क्षेत्र वा केन्द्रले समाधान गर्नुपर्दछ।

तमेवे पृथिवी पञ्चमानवाः। अथर्व १२-१-१५।

पञ्च जना मम होत्रं जुषध्वम्। ऋग्वेद ५-३५-२।

पञ्च शब्दको प्रयोग वेदमा पाइन्छ। आफ्ना राष्ट्र वा स्थानका चारै दिशाका चार जना र एक जना केन्द्रका गरी पाँचलाई नै पञ्च भनिएको छ। अड्डाअदालत आदिमा पञ्चको निर्णय सर्वमान्य हुन्छ। पञ्च भनेको सबै दिशाका प्रजा वा जनता भन्ने हुन्छ र प्रतिनिधित्व मानिन्छ।

सर्वज्ञानमयो हि सः। वेदमा हरेक ज्ञानका सूत्रहरू छन्। राष्ट्रवादका अनेकौँ सूत्रहरू वेदमा छन्। अहिलेको राजनीतिक चिन्तनको बीज वेद नै हो। वेदको निर्देशनमा हिँडेको राष्ट्र कहिल्यै पनि पराधीन हुँदैन। जस्तो हाम्रो नेपालको इतिहास साक्षी छ। वेदले निर्देशन गरेको व्यवस्था छोडेर हामीले आफ्नै मनखुशी व्यवस्था अँगाल्यौं भने राष्ट्र दुर्घटनामा पर्नसक्छ। मनपरी र छाडातन्त्रलाई प्रजातन्त्र या लोकतन्त्रको आवरणमा निरङ्कुशता, व्यक्तिवादी सोचलाई प्रोत्साहन दिइयो भने राष्ट्रबासीले ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ। त्यसैले समयमै सचेत भएर सम्पूर्ण जातजाति, भाषाभाषी, शिल्पकला, विद्या, साहित्य, संस्कृति आदि सबैको उत्थानका लागि राष्ट्रलाई एकजूट बनाइ सतातन राज्यव्यवस्थालाई व्यवस्थित गर्नलाई सबै सङ्गठित हुनुपर्ने आवश्यकता देखिन्छ। धेरै वर्षको खोज अनुसन्धानबाट लेखक यो निष्कर्षमा पुगेको छ अब राष्ट्रका नौ अङ्गको आवश्यकताको अनुभूति भएको छ। यी निम्न प्रकारका छन् :

आधुनिक सन्दर्भमा राज्यव्यवस्था

१. राष्ट्रप्रमुख (शासक),
२. अमात्य (मन्त्री),
३. पुर वा दुर्ग (राज्यको सिमाना र सेना सुरक्षाबल)
४. राष्ट्र (जनपद जिल्ला, नगर, गाउँहरू)
५. कोष (अर्थव्यवस्था),

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. दण्ड (न्यायव्यवस्था),
७. सुहृद् (मित्र) राष्ट्रका छिमेकीहरू
८. सूचना तथा सञ्चार व्यवस्था
९. विज्ञान प्रविधिको प्रयोग

वयं राष्ट्रे जागृयाम...

हामी सबै मिलेर यो राष्ट्रको जागरणमा पहरेदार भएर निरन्तर लागिराखौं । राष्ट्र रहे हामी रहन्छौं, हाम्रो धर्म, संस्कृति, सभ्यता एवं मानवीय मूल्य, मान्यता, आदर्श स्थापना गर्न सक्दछौं । सबै मिलेर राष्ट्रनिर्माणको महाअभियानमा जुटौं । राष्ट्रविना हाम्रो अस्तित्त्व मेटिनेछ । सम्पूर्ण पराक्रम, पुरुषार्थ र शौर्य शक्ति हामीमा आओस् । षड्यन्त्र, विद्वेषकारीलाई हामी मेटाउन सकौं । वैरीको टाउकोमा खुकुरी र खुँडा बजार्न सकौं । वीर पुर्खाहरूले आर्जेको राष्ट्रलाई एकजूट भएर निर्माणको निरन्तरतालाई बढाइराखौं।

माता भूमि पुत्रोऽहम् पृथिव्याः । भूमि (धरती) मेरी माता हुन् । म धरतीपुत्र हुँ । यो धरतीको रक्षा न्यायपूर्ण सामाजिक व्यवस्थाका लागि निरन्तर कटिबद्ध भएर जागरणमा जुटिराखौं । यो वैदिक उद्घोष आजभन्दा ३० हजार वर्षपहिले वैदिककालमा गाइएका मन्त्रहरू हुन् । आजको परिवेश र आवश्यकता यस्तो छ राष्ट्र मत, पन्थ, सम्प्रदाय र वादमा रुमलिएको छ। यसबाट राष्ट्रको सर्वाङ्गीग विकास र न्यायपूर्ण सामाजिक व्यवस्थाका लागि निरन्तर लागि राखौं ।

अर्थेतस्थराष्ट्रदाराष्ट्रम्मे दत्तस्वाहार्त्येतस्थराष्ट्रदाराष्ट्रममुष्मै
दत्तौजस्वतीस्थ राष्ट्रदाराष्ट्रम्मेदत्तस्वाहौजस्वतीस्थ
राष्ट्रदाराष्ट्रममुष्मैदत्तापः परिवाहिणीस्थ
राष्ट्रदाराष्ट्रम्मेदत्तस्वाहापः परिवाहिणीस्त्थ
राष्ट्रदाराष्ट्रममुष्मै दत्तापाम्पतिरसि
राष्ट्रदाराष्ट्रम्मे देहिस्वाहापाम्पातिरसि
राष्ट्रदाराष्ट्रममुष्मै देक्रपाङ्गर्ब्भोसि
राष्ट्रदाराष्ट्रम्मे देहिस्वाहापाङ्गर्ब्भोसि
राष्ट्रदाराष्ट्रममुष्मै देहिसूर्य्यत्वचसस्थ ।
सूर्यवर्चसस्थराष्ट्रदाराष्ट्रम्मे, मान्दास्थ, शविष्ठास्थ, शक्वरीस्थ.. । यजु.१०-३,४

हे निरन्तर गतिशील भई बहने जलाधाराहरू हो। तिमीहरू धन कमाउन समर्थ छौ । हामीलाई राष्ट्र प्रदान गर । तिमीलाई हामी सम्पूर्ण आहूति समर्पित गर्दछौं । तिमीहरू ऐश्वर्यका बलले शक्तिशाली छौ, ओजस्वी छौ । तिमीहरू पराक्रमी पनि छौ । तिमीहरू राष्ट्र प्रदान गर्नमा समर्थ छौ, त्यसका लागि हामी आहूति समर्पण गर्दछौं । तिमीहरू बल र उत्कृष्ट सेनाले शक्तिशाली बनेका छौ । सेना र शक्तिका कारण तिमीहरू बलशाली छौ, हामीलाई राष्ट्र प्रदान गर । हामी आहुति प्रदान गरिरहेका छौं । तिमीहरू शक्तिशाली भएकाले नै तिमीहरूलाई आहूति प्रदान गरिएको छ । अनेकौं खालका सैनिक र सैन्यगण तिमीहरूसँग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । सेनाले युक्त भएका छौ । त्यसैले, शक्तिशाली, पराक्रमी, ओजस्वी छौ, हामीलाई राष्ट्र प्रदान गर्नमा समर्थ छौ । तिमीहरू सम्पूर्ण जलधाराका संरक्षक हौ । पालक हौ । सम्पूर्ण जगत्लाई आफ्नो अधिनमा राख्न सक्षम छौ । योग्य पुरुषलाई मात्र राष्ट्रको भोग प्रदान गर । हामी निरन्तर रूपमा आहुति प्रदान गरिरहेका छौं । तिमीहरू सूर्यको कान्तिले उत्पन्न भएका स्वयं पनि प्रकाशमान हुँदै सबैलाई तेज प्रदान गरिरहेका छौ । तिमीले राष्ट्र प्रदान गर्न समर्थशाली भएकाले तिम्रो स्तुति गरिरहेका छौं ।

सम्पूर्ण विश्वको पालनपोषण र धारणकर्ता शक्तिशाली पुरुषलाई राष्ट्र प्रदान गर । माधुर्यमय सम्पूर्ण शक्तिसहित क्षत्रिय बल भएका पराक्रमी यजमानलाई आफूले अभिषेक गर्दै राष्ट्र प्रदान गर । हे जलकण हो ! राक्षसहरूलाई हराउने बल प्रदान गर । क्षत्रिय शक्तिको निर्माण गर्दै यही क्षेत्रमा निरन्तर प्रतिष्ठित होऊ ।

समाजमा कलङ्क आउने कार्य कसैले नगरून् । पृथिवी, जल, तेज आदिलाई कुनै व्यक्तिले दूषित नगरून् । यदि कसैले त्यस्तो गर्दछ भने राष्ट्रप्रमुखले दण्ड दिनुपर्दछ ।

अथर्ववेदको बाह्रौं काण्डको प्रथम सूक्त भूमिसूक्त हो । यसमा भूमिप्रतिको कर्तव्य, राष्ट्रको रक्षा, समर्पण, सभा, समिति र मातृभूमिका लागि बलिदान कसरी दिने भन्ने बारेमा उल्लेख गरिएको छ । विश्वसाहित्यको कुनै पनि धार्मिक ग्रन्थमा यति उच्चकोटिको मातृभूमिप्रतिको स्नेहभाव प्रकट गरिएको छैन । यस सूक्तमा के भनिएको छ भने जन्मभूमि आमा हुन् र हामी उनकै पुत्र हौं । जसरी आफ्नी जन्म दिने आमाप्रति आफ्नो छोराले सर्वश्व अर्पण गर्छ, त्यसैगरी नै एउटा सत्पुत्रले राष्ट्रका लागि बलिदान आवश्यक छ । यस्तौ राष्ट्रिय भावनाले राष्ट्रप्रति बलिदान दिन उत्प्रेरित गर्दछ । जसरी एउटा परिवारमा विभिन्न विचारधारा भएका मानिसहरूको निवास हुन्छ, त्यसरी नै राष्ट्रमा पनि विभिन्न जात-जाति, धर्मावलम्बी, भाषा, साहित्यप्रति झुकाव राख्ने समुदायको बसोवास रहेको हुन्छ । यसको अभिप्राय राष्ट्रमा रहेका विभिन्न धर्म, भाषा, जात जातिलाई मिलेर बस्नुपर्छ भन्नु नै हो । जुन देशका मानिसमा यसप्रकारको उच्चकोटिको भावना जागृत हुन्छ, त्यो राष्ट्रले सदैव उन्नति गर्दछ । राष्ट्रको कल्याणको लागि नेतृत्वकर्ताले जनतामा सहिष्णुता, हार्दिक सामञ्जस्य र प्रेमको भावना जागृत गराउनु आवश्यक छ । राष्ट्रकल्याणका दृष्टिले हेर्ने हो भने अथर्ववेदका यी मन्त्रहरू विचारणीय छन् :

माता भूमिः पुत्रोऽहं पृथिव्या : । अथर्व. १२-१-१२ ।

वयं तुभ्यं बलिहृतः स्याम । अथर्व. १२-१-६२ ।

जनं बिभ्रती बहुधा विवाचसं, नाना धर्माणां पृथिवी यथौकसम् ।

सहस्रं धारा द्रविणस्य मे दुहां ध्रुवेव धेनुरनपस्फुरन्ती ॥ अथर्व. १२-१-४५ ।

यसै गरी हामीले एकअर्काप्रति जुन व्यवहार देखाउँछौं, सबैलाई मधुर र प्रिय एवं प्रेमदृष्टिले गर्नुपर्दछ, जसले राष्ट्रिय एकतालाई सबल एवं सशक्त बनाउन सहयोग गर्दछ । अतः राष्ट्रिय कल्याणका लागि मिष्टभाषी हुनु आवश्यक छ । हामीहरूले परस्परमा आत्मीय भावको आदानप्रदान गरौं, जसले शान्ति र प्रेमको भावना जागृत हुन्छ :

यद् वदामि मधुमत् तद् वदामि, यदीक्षे तद् वनन्ति मा । अथर्ववेद १२-१-५८ ।

हामीहरू आफ्नो जन्मभूमिको रक्षाका लागि सधैं तयार रहनुपर्छ र जुन समयमा राष्ट्र सङ्कटमा पर्छ, त्यतिखेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शत्रुहरूको विनाश गर्नका लागि हामी तम्तयार रहनुपर्छ। राष्ट्रका लागि राष्ट्रिय सुरक्षा अत्यावश्यक छ। यदि राष्ट्रमा सुरक्षाको व्यवस्था कमजोर भयो भने कोही पनि स्वतन्त्र हुन सक्दैन। हामी जुन कुनै समयमा पनि परतन्त्र हुन सक्छौं। वेदमा यही कुरालाई बारम्बार दोहोऱ्याइएको छ : -

राष्ट्राय मह्यं बध्यतां सपत्नेभ्यः पराभुवे। अथर्ववेद १-२९-४।

वयं राष्ट्रे जागृयाम पुरोहिताः। यजुर्वेद ९-२३।

हामीहरू विश्वविजयी हुने क्षमता राख्छौं। जहाँ जान्छौं, त्यहीं विजय प्राप्त गरौं आफ्नो विजयको झण्डा फहराऔं।

अभीषाडस्मि विश्वाषाड् आशामाशां विषासहिः। अथर्ववेद १२-१-५४।

अथर्ववेदमा सत्यलाई विशेष महत्त्वका साथ व्याख्या गरिएको छ। राष्ट्रशान्ति, राष्ट्रोन्नति र राष्ट्रकल्याणका लागि सत्य आवश्यक हो। जहाँ सत्यको वास हुन्छ, त्यहाँ इमानदारिता र परस्पर विश्वासको भावना जागृत हुन्छ, जसले गर्दा प्रत्येक मानिस राष्ट्रकल्याणका लागि अग्रसर हुन्छ। जहाँ सत्यको अभाव छ, त्यहाँ अवनति, दुर्गति र विनाशै विनाश छ। त्यसैले, अथर्ववेदमा सत्यताले सम्पन्न राष्ट्रको कल्पना गरिएको छ। यस्तो वातावरण सिर्जना भयो भने राष्ट्रको सदा कल्याण हुन्छ। जनताहरू सुखी र सन्तोषी रहन्छन् :

इदं राष्ट्रमकरः सूनृतावत्। अथर्ववेद १३-१-२०।

इदं राष्ट्रं प्रविशत् सूनृतावत्,

स त्वा राष्ट्रय सुभृतं बिभर्तु। अथर्ववेद १-१३-१.१।

वेदमा सभासमितिलाई पनि विशेष महत्त्व दिइएको छ। सभा र त्यहाँ बस्ने व्यक्तिहरूको बारेमा वेदका मन्त्रहरूले उत्कृष्ट वक्ता हुनुपर्ने वस्तुतथ्यलाई विशेष महत्त्व दिएका छन्। यसबाट के स्पष्ट हुन्छ भने उत्कृष्ट वक्ताले नै आफ्नो क्षेत्रका सम्पूर्ण समस्याको सरल ढङ्गले समाधान गर्न सक्छ :

या सभा अधि भूम्याम्,

ये संग्रामाः समितयस्तेषु चारु वदेम। अथर्ववेद १२-१-५६।

यसैगरी आफ्नो राज्यको प्रशंसा र आफ्नो राष्ट्रको आन्तरिक मामिलालाई सुदृढ र समस्यामुक्त बनाउने सन्दर्भमा वेदले विभिन्न प्रसङ्गमा विभिन्न मन्त्रहरूद्वारा अपराधी, भ्रष्टाचारी र देशद्रोहीलाई तत्काल नष्ट गर्नुपर्ने र त्यसका लागि जस्तोसुकै कठोर निर्णय लिनुपरे तापनि लिनका लाीग छुट रहेको वेदका मन्त्रहरूद्वारा स्पष्ट पारेको छ :

अर्चन् अनु स्वराज्यम्। ऋग्वेद १-८०-१।

अस्य हि स्वयशस्तरं, सवितु कच्चन प्रियम्।

न मिनन्ति स्वराज्यम्। ऋग्वेद ५-८२-२।

व्यचिष्ठे बहुपाय्ये, यतेमहि स्वराज्ये। ऋग्वेद ५-६६-६।

राज्यलाई अर्चन गर। आफ्नो राज्यको सर्वाङ्गिण विकासमा लागिरहू।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्र र राज्य

वैदिक दर्शनमा राज्य र राष्ट्रको भिन्नताको विषयमा प्रष्ट उल्लेख गरिएको छ । राज्य सानो इकाइ हो भने राष्ट्र अखण्ड, सनातन संस्कृति र सभ्यताको एकीकृत विशाल स्वरूप हो । जसमा धर्म, संस्कृति, सभ्यता, दर्शन, एकीकृत समर्पणको भाव, राष्ट्रप्रतिको उत्तरदायित्वको विषयमा विस्तृत चर्चा भएको छ । व्यक्तिगत स्वतन्त्रता, सामूहिक सहभागिता, उत्तरदायित्व, समानुपातिक सहअस्तित्त्वसहितको सहभागिताको महत्त्वपूर्ण अभ्यासको एकीकृत स्वरूप नै बचाएर राख्नु, सबैको हितका निम्ति कार्य गर्नु, **सर्वे भवन्तु सुखिनः**... को भावलाई आत्मसात् गर्नु नै राष्ट्रिय जीवनको उच्चतम आदर्श हो । **इदं राष्ट्राय नमम** ... व्यक्तिले प्राप्त गरेको ज्ञान, शिल्प, विद्या, आर्जेको पुरुषार्थ सबै राष्ट्रका लागि समर्पण भन्ने भाव नै उच्च राष्ट्रिय भावनाले ओतप्रोत अभिव्यक्ति हो ।

वैदिक वाङ्मयमा राष्ट्रिय जीवनसँग सम्वन्धित विभिन्न कार्यहरूको व्यवस्थापन र प्रयोगको बारेमा चर्चा भएको छ । यसअन्तर्गत सभा, समिति, सङ्घ, जनवर्ग, जनहित, जनगणना, जनतन्त्रको अभ्यासबाट जनताको हक, अधिकार सुनिश्चित गर्ने उच्चतम आादर्शयुक्त व्यवस्था वैदिक दर्शनमा रहेको छ । राज्यको मौलिकता, क्षेत्राधिकारबारे प्रशस्त चर्चाहरू पाइन्छन् । प्रजाको हित र सुखका लागि सभा, समिति, विधान र ढाँचाका बारेमा सूक्तहरू पाइन्छन् ।

सभासद/नेता

सभालाई सत्यवचन सत्कर्म सत्यनिष्ठाले अगाडि बढाउने जनप्रतिनिधि सभासद होऊ । सधैँ सत्यनिष्ठ इमान्दारिता सामाजिक उत्तरदायित्व बोध गर्ने न्यायपूर्ण अभिव्यक्ति प्रदान गर्ने व्यक्तिनै सभासद हो । **नेतुम् शक्नोतीति नेता**... जसले समाजलाई नेतृत्व दिन सक्छ त्यही 'नेता' हो । जसको आदर्शबाट समाज प्रभावित होस्, नेताका सम्पूर्ण त्यागमय गुणहरूको सर्वत्र चर्चा चलोस्, सबैमा समान भाव राख्न सकोस्, राष्ट्र, समाज, संस्कृति र सभ्यताप्रति उत्तरदायित्वको अनुभूति गरोस्/गराओस् । जसको सक्षम नेतृत्वबाट समाजले गति प्राप्त गर्दछ त्यो व्यक्ति मात्र नेता बन्न सक्दछ । जसमा विचलन, विखण्डन, वितृष्णा, विवेकहीनता, वैचारिक अकर्मण्यता, ईर्ष्या, क्रोध, हिंसा, लोभ, लालच, पाखण्डीपन, राजनीतिका नाममा ढोङ पाखण्ड मच्चाउँछ, त्यो नेता बन्न अयोग्य मानिन्छ । सफल नेता बन्नका लागि यी सम्पूर्ण अवगुणबाट टाढा रहन सक्नुपर्छ ।

अथर्ववेदमा सभासद्को बारेमा वर्णन गरिएको छ । जो सभामा उपस्थित भएर सभालाई मर्यादित र न्यायपूर्ण बनाउँछ, सम्पूर्ण प्रजाको हकअधिकार सुनिश्चित गर्न प्रयत्नशील रहन्छ, न्यायपूर्ण, समृद्धशाली समाजका लागि कार्य गर्दछ भने त्यो उत्कृष्ट सभासद् हो । प्रजाद्वारा निर्वाचित समूहभित्रको व्यक्तिलाई प्रमुख अमात्य (प्रधानमन्त्री)सहित उपप्रधानमन्त्री, रक्षा-सुरक्षामन्त्री, महामन्त्री, कोष, जन, संस्कृति, शिक्षा, स्वास्थ्य, खाद्य, खेलकूद, ऊर्जा, औषधि, आयात-निर्यात, कूटनीतिक, परराष्ट्र, सामाजिक, आदि विभिन्न विभागका लागि अमात्यहरू निर्वाचित गरिन्छ । मनोनयनको प्रक्रियाबाट पनि नियुक्तिको विधान रहेको छ । जुन विभागमा जुन प्रमुखलाई नियुक्त गर्नुछ त्यस विषयको सम्पूर्ण ज्ञान प्राप्त गरेको व्यक्तिलाई मात्र अमात्यको जिम्मेवारी दिइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रजाको हकअधिकारलाई व्यवस्थित गर्न प्रजाद्वारा विचार र मनन गरेर योग्य मन्त्रणाबाट छानिएको व्यक्ति नै मन्त्री हुन्छ। मनो योग द्वारा एकीकृत स्वरूप सम्पूर्ण प्रजाको हितका लागि निरन्तर चिन्तन मननमा लागिरहने व्यक्ति नै मन्त्री बन्न योग्य मानिन्छ। शासनको व्यवस्थित सञ्चालनका लागि सक्षम मन्त्रीको आवश्यकता पर्दछ। बृहस्पति, शुक्राचार्यसहित आचार्य कौटिल्यको मतमा राष्ट्रलाई सही रूपमा सञ्चालनका निम्ति अर्थशास्त्रको महत्त्वपूर्ण भूमिका रहेको बताएका छन्। **अर्थस्य मूलं राज्यं** ... अर्थको मूलस्रोत राज्य हो, जनताबाट प्राप्त कर, राष्ट्रिय उत्पादनबाट प्राप्त कर, आयातनिर्यातबाट प्राप्त कर आदि सम्पूर्ण प्रकारका करको व्यवस्थापन राम्रोसँग गरेमात्र राज्यका इकाइहरू र राष्ट्र सबल र शक्तिशाली रहन सक्दछ। विश्वप्रसिद्ध कौटिल्यको अर्थशास्त्रनै हो। जनतन्त्र, हिन्दू राजतन्त्र, प्रजातान्त्रिक जनतन्त्र आदिमा विभिन्न पद्धतिहरूको विषयमा चर्चा भएको छ। सबै राज्यहरूको समान विकासमा अर्थको महत्त्वपूर्णभूमिका रहन्छ। यसअन्तर्गत मुद्राको व्यवस्थापनलाई यजुर्वेदको १५.११.१३ मा मुद्रक शब्द प्रयोग भएको छ। ऐतरेयोब्राह्मणमा पनि ८.१४ प्रजातान्त्रिक शासन प्रणाली र मुद्राको बारेमा चर्चा आउँछ। महाभारतमा पनि अर्थशास्त्रको विषयमा प्रशस्त चर्चा गरिएको पाइन्छ।

कौटिल्यको अर्थशास्त्रमा मन्त्रीपरिषद् र सभाको बारेमा चर्चा व्यापक रूपमा भएको छ। धर्मसूत्र, धर्मशास्त्र, अर्थशास्त्र, राजशास्त्रआदि ग्रन्थमा पनि प्राचीन वैदिक ग्रन्थहरूबाट साभार गरेर शुक्राचार्यको शुक्रनीति, बृहस्पतिको नीति, विदुरनीति, याज्ञवल्क्यस्मृतिआदि ग्रन्थमा राज्यको अर्थशास्त्रका विभिन्न विश्लेषण भएका छन्। शासन व्यवस्थालाई व्यवस्थित गर्नका लागि गाम्रीण विकास योजना, नगर विकास योजना, पुरविकास योजना, राज्यविकास योजना आदिका विषयमा आचार्य कौटिल्यको मत महत्त्वपूर्णछ। अर्थद्वारा नै यी उपर्युक्त विषयहरू पूर्णहुन सक्छन्।

शासनव्यवस्थालाई व्यवस्थित गर्न पाँच सदस्यीय व्यवस्थापकीय प्रमुख बनाइएको छ। यसका साथै **'पञ्चमानवाः'** भनेर प्रजाद्वारा चुनिएका पाँच प्रमुख व्यक्ति **(पञ्चमानवाः न्यायं कुर्वन्ति)** ले मात्र प्रजाको हकअधिकारलाई व्यवस्थित र न्याय गर्न सक्दछन् भन्ने सन्दर्भ पनि विभिन्न ग्रन्थमा कौटिल्यले वर्णन गरेका छन्। कौटिल्यले राज्यका लागि आर्थिक आयको साधनलाई पनि स्पष्ट्याएका छन्। औद्योगिक आधारभूमिमा रहेर आर्थिक नीति अवलम्बन गर्दा नै राज्यमा आर्थिक उन्नति हुन्छ भन्ने कौटिल्यको धारणा छ। कौटिल्यको अर्थनीतिका प्रमुख तीन सिद्धान्त छन्-

पहिलो सिद्धान्तः उद्योगलाई विशेष महत्त्वका साथ वर्णन गरिएको पाइन्छ। जसअन्तर्गत उद्योगलाई राज्यको स्वामित्वमा राख्ने र तिनीहरू राज्यबाट नै सञ्चालित हुनुपर्ने दृष्टिकोण रहेको छ। उद्योगको पूँजी, श्रम र प्रबन्धको दायित्व राज्यको नै हुनुपर्ने नीति रहेको छ। यसप्रकारका महत्त्वपूर्णउद्योगमा सुन, चाँदी, हिरा, शिलाजित, तावा, टिन, फलाम, मणि, खनिजपदार्थ, वस्त्र, यातायातका सामग्री, दैनिक उपभोग्य वस्तु र खाद्यसामग्रीहरू पर्दछन्। श्रम शिल्पको समान सहभागिताबाट गाउँ, नगरका साथै सम्पूर्ण राज्य सबल हुन सक्छ भन्ने हो।

दोस्रो सिद्धान्तः सम्पूर्ण उद्योगहरू, कलकारखानासँग प्रत्यक्ष जनताको सम्बन्ध हुनुपर्छ भन्ने हो। राज्यमा सञ्चालित उद्योगलाई प्रजाको निजी सम्पत्तिका रूपमा लिइएको छ। उद्योगको सङ्गठन, सञ्चालन र पूँजी, श्रम र प्रबन्धको दायित्व पनि जनताको नै हुन्छ/हुनुपर्छ भन्ने कौटिल्यको अर्थनीतिअन्तर्गत पर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो सिद्धान्तः समाजमा सुव्यवस्था कायम राख्ने सन्दर्भमा आधारित छ । जसमा राज्यमा रहेका सम्पूर्ण उत्पादनको वितरण र उपभोगको रेखदेख शासनसत्तालाई लिइएको छ । उपर्युक्त सबै उद्योग तथा व्यवसायमा राज्यको स्वामित्व नै किन ? भन्ने सन्दर्भमा राज्यको अर्थबल सबल हुने र समाजका सबै वर्ग क्रियाशील बन्न सक्दछन् भन्ने ध्येय कौटिल्यको रहेको छ ।

न्यायपूर्ण समाज, वस्तुको समान वितरण, धर्म, राजनीति र विज्ञानको समन्वयबाट मात्र समाज गतिशील हुनसक्दछ । न्याय र धर्मद्वारा स्थापित समाजमा सुखशान्ति र समृद्धि प्राप्त गर्न सकिन्छ । बेरोजगारलाई रोजगारको व्यवस्थापन, शिल्पविद्या र सीपबाट उन्नतिको शिखरमा पुग्न सकिन्छ भन्ने मत रहेको छ । धर्म, दर्शन, काव्य र कलाआदि जति पनि विषय छन्, उनीहरूमा धर्म, अर्थ, काम र मोक्ष यी वर्गचतुष्टयको उपयोगिताको अनेक प्रकारले विचारविमर्श गरिएको छ ।

अर्थशास्त्रले ऐहिक जीवन (चलिरहेको जीवन) सँग सम्बन्धित व्यापारको विवेचना गरेको छ । राष्ट्रिय अर्थनीतिलाई सबल बनाउनका लागि राज्यमा प्रत्येक व्यक्तिले हातमा सीप, स्वरोजगार र स्वदेशीको भावना हुनुपर्छ भन्ने मान्यता रहेको छ । क्रय-विक्रयलाई व्यवस्थित गर्दै अर्थनीतिलाई व्यस्थित गर्नुपर्दछ । अर्थनीतिलाई व्यस्थित गरिएन भने राष्ट्रमा अनेक समस्या उत्पन्न हुन्छन् । कृषि उत्पादन, वस्त्र निर्माण (सिलाई-बुनाई) तान आदिको प्रयोग, काठ, जडिबुटी, औषधी, पानी, माटो, ढुङ्गा रङआदिको प्रयोगबाट वनाइएका हस्तकलाको विकास अति महत्त्वपूर्ण रहेको छ । स्वराज, स्वदेश र स्वरोजगारबाट नै सम्पूर्ण प्रजाको हित हुने कुरा आफ्ना विभिन्न अर्थनीतिमा उल्लेख गरेकाछन् ।

न्यायाधीशको धर्म र कतर्व्य

प्राचीन राज्यव्यस्थाको मूल स्रोत भनेको न्यायव्यवस्था हो । धर्मको सर्वोच्च स्थान रहेको थियो । समाजका सवै वर्ग, जाति, वर्ण र नागरिक समुदायको हक, अधिकारलाई न्यायपूर्ण तरिकाले व्यवस्थापन गर्नु मूल लक्ष्य रहेको थियो । सम्पूर्ण कार्य र प्रणालीको मूल धर्म भनेको नीति र नियमको निर्देशनमा रहने व्यवस्था न्यायव्यवस्था हो । न्यायपरिषद्को सर्वोच्च स्थान अथवा नागरिकलाई सत्य-तथ्यको अनुसन्धान गरी अन्यायमा परेकोलाई न्याय दिनु नै मूल धर्म रहेको छ । समाजमा सबै समान छन् । न्यायमा समान अधिकार प्राप्त गर्नुपर्दछ । राष्ट्रप्रमुख, प्रधानमन्त्री, मन्त्री, नागरिक, सैनिक, शासक, प्रशासक, जनता, गुरु, पुरोहित र सम्पूर्ण नागरिक सबैलाई समान न्यायको अवसर प्राप्त हुनु नै न्यायको प्रमुख ध्येय हो । धर्मसूत्र र मनुस्मृति आदि ग्रन्थहरूमा धर्म र नीतिद्वारा सञ्चालित समाजले मात्र शान्ति, समृद्धि र न्याय प्राप्त गर्दछ भन्ने विधान रहेको छ । राज्यको एउटा महत्त्वपूर्ण अङ्ग न्यायालय हो । यो स्वतन्त्र हुनुपर्दछ । न्यायाधीश भनेको परमात्माको अंश हो । जसले सबैलाई समान रूपमा न्याय दिनुपर्दछ । धर्मराजको प्रतिनिधि प्रमुख न्यायधीश हो ।

राज्यव्यवस्थामा दण्डनीतिको महत्त्वपूर्णस्थान रहेको हुन्छ । नीति, नियम र कानूनविरुद्ध जाने जो कोहीले पनि दण्डको भागी हुनुपर्दछ । प्राचीन शासनव्यवस्थामा न्यायविभागलाई स्वतन्त्र राखिएको थियो । जहाँ कसैको पनि हस्तक्षेप हुनसक्दैन । राष्ट्रप्रमुखले पनि न्यायपरिषद्को प्रमुखलाई नियुक्त गरे पनि यसपछि सम्पूर्ण रूपले नागरिक र सबैको समान रूपले न्याय दिने नै न्यायाधीश हुन्छ । धर्म र नीतिद्वारा सञ्चालित नियम कानूनले नै सबैको अधिकारलाई सुनिश्चित गर्दछ । राष्ट्रप्रमुख, मन्त्री, कर्मचारी, गुरु,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरोहित, सैनिक, सेवक र नागरिक सबैलाई समान दण्ड दिनुपर्ने प्रावधान रहेको छ। आचार्य कौटिल्यको नीतिअनुसार न्यायाधीशहरूको संख्या ३ राख्नुपर्ने र न्यायव्यवस्थाको सारा काम न्यायपरिषद्का ३ जना प्रमुख न्यायाधीशमा निर्भर रहनुपर्ने विधान गरिएको छ। जनपद, नगर र प्रान्तहरूमा पनि न्यायाधीश र न्यायालयको आवश्यकताको बारेमा वर्णन गरिएको छ। पक्ष र प्रतिपक्षको जाँच गरी पीडक र पीडितका बारेमाअनुसन्धान गर्न गुप्तचर, सुरक्षा निकाय र जनप्रतिनिधिहरूको सहयोगबाट प्राप्त सत्य-तथ्यबाट उचित न्यायको व्यवस्थापन गर्नुपर्ने विधान रहेको छ।

न्यायपरिषद्मा न्यायाधीशको नियुक्ति र न्यायाधीशको धर्मको बारेमा स्पष्ट वर्णन गरिएको छ। उच्चन्यायालयको प्रमुखं न्यायाधीशलाई 'प्राड्विवाक' भनिन्छ। न्यायाधीश न्यायविभागको मन्त्री पनि हुने कौटिल्यको विधान छ। धर्मशास्त्र र धर्माधिकारी विभागको विषयमा पनि आचार्य कौटिल्यको स्पष्ट मत रहेको छ। राजपुरोहित, कुलपुरोहित जसलाई (धर्माधिकारी) भनिन्छ। न्यायाधीशको धर्म भनेको सबैका लागि न्याय उपलब्ध गराई न्यायोचित कार्य गर्नु हो। दोषीलाई दण्ड र निर्दोषलाई न्याय दिनु पनि न्यायाधीशको काम, कर्तव्य र अधिकारअन्तर्गत पर्दछ।

राष्ट्रको कुनै पनि स्थानमा राष्ट्रिय नीति, नियम र अनुशासनको पालना गरिएको छ/छैन। जनताद्वारा जनताका लागि स्थापित न्यायपरिषद्लाई परमात्माको अंशको रूपमा मानिन्छ। न्यायाधीश साक्षात् देवताका प्रतिमूर्ति हुन्। तसर्थ न्यायाधीशले धर्म र न्यायनिसाफको बारेमा स्पष्ट हुनुपर्दछ। न्यायाधीश सदा सर्वदा पवित्र, चोखो, विद्वान् र ज्ञानी, उच्च चरित्रको हुनु आवश्यक छ। यदि न्यायाधीशले कुनै पनि अन्यायमा परेकोलाई न्याय दिन सकेन र दण्डसजाय पाउनुपर्ने व्यक्तिलाई दण्डसजाय दिएन भने त्यो न्यायाधीशको एक्काइस कूलले दुःख पाइरहन्छ। न्यायाधीसको पूर्वका १० कूल र आउने १० कूल र ऊ स्वयम्सहित २१ कूल नरकमा वास गर्दछ। तसर्थ नरकको बासबाट बच्न र पापको भागी हुनबाट बच्नको निम्ति सत्यतथ्य पत्ता लगाई न्यायनिसाफ दिनुपर्दछ। आफ्ना आफन्त या पराइ जसलाई पनि सही न्याय दिनु न्यायाधीशको परमकर्तव्य हो। न्यायाधीशको धर्म भनेको धर्मलाई धारण गर्नु, पवित्र र इमान्दार एवं नैतिकतापूर्ण जीवन यापन गर्ने हुनुपर्दछ। न्यायाधीशको आचरणलाई हेरेर सत्यको प्रतिमूर्ति हो भन्ने जनतालाई अनुभूति हुनुपर्दछ।

नेति कौटिल्यः। पूर्वपश्चाद्वागतस्य साक्षिणः प्रमाणम्।
असक्षिके घातः कलहोपलङ्गनं वा।
घाताभियोगमप्रतिब्रूवतः तदहरेव पश्चात्कारः।
कलहे द्रव्यमपहरतो दशपणो दण्डः।

कौटिल्यको कथनअनुसार यो उचित या अनुचित, अगाडि या पछाडि साक्षी र प्राप्त विवरणअनुसार न्यायाधीशले स्पष्ट न्याय गर्दै कुनै पनि मुद्दाको निर्णय गर्नुपर्दछ। यदि साक्षीको अभावमा कुन खालको घटना हो, त्यसै अनुसारको लक्षणलाई हेरेर वास्तविकता पत्ता लगाएर न्यायनिसाफ दिनुपर्दछ। कुनै पनि विवादलाई सुल्झाउँदा वादी प्रतिवादीसँग पूर्वाग्रही र कसैलाई पनि अपमानजनक व्यवहार नगर्ने न्यायाधीश हुनुपर्नेमा आचार्य कौटिल्य जोड दिन्छन्। यसैगरी व्यक्तिगत मामिलामा व्यक्तिगत दबावको सिर्जना पनि गर्नुहुँदैन। अस्पष्ट बयानलाई टार्ने र स्पष्ट बयानलाई अन्यथा या सन्दिग्ध रूपमा व्याख्या नगर्ने न्यायाधीश हुनुपर्ने कौटिल्यको अर्थशास्त्रमा उल्लेख छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजदूत व्यवस्था

कुनै पनि राज्यव्यवस्थामा राजदूतको महत्त्वपूर्ण भूमिका हुन्छ । कौटिल्यले पनि आफ्नो अर्थशास्त्रमा राजदूतका बारेमा विस्तृत चर्चा परिचर्चा गरेका छन् । कौटिल्यका अनुसार राजदूत तीन प्रकारका हुन्छन् -

१. **निसृष्टार्थ**
२. **परिमितार्थ**
३. **शासनहर ।**

राजदूतलाई चाहिने विभिन्न सवारी साधन, सेवक र सम्पूर्ण सामग्रीसहित पठाउनु पर्दछ । राजदूतलाई पहिले नै थाहा हुनुपर्छ कि त्यहाँ गएपछि आफ्नो देशको सन्देश यसरी भन्नेछु। यसको उत्तर यस किसिमको भयो भने म यस्तो कुरा गर्नेछु र उनीहरूको आन्तरिक कुरा सकेसम्म बुझ्ने प्रयास गर्नेछु आदि । विभिन्न पूर्वाधारसहित तयारी हुनुपर्ने कुरा आचार्य कौटिल्यले आफ्नो अर्थशास्त्रमा उल्लेख गरेका छन् ।

सम्बन्धित देशमा गइसकेपछि राजदूतले त्यहाँ रहने सम्पूर्ण नगरबासी, ग्रामबासी सबैसँग नरम एवं लालित्यपूर्ण बोलीले आफ्नो पक्षमा बनाउँदै सुमधुर सम्बन्ध कायम राख्नुपर्दछ । यसले गर्दा त्यहाँ भएका आन्तरिक कुरालाई बुझ्न सजिलो हुन्छ । यसैगरी सम्बन्धित राज्यको सीमाना, उसको आम्दानी, त्यहाँ हुने अन्नबालीआदि उपज, आजीविकाको साधन, राष्ट्ररक्षाको तरिका, त्यहाँका राम्रा र नराम्रा कुराहरूको जानकारी राख्नु पनि राजदूतको कर्तव्य हो भन्ने कुरा कौटिल्यको अर्थशास्त्रमा उल्लिखित छ । कुनै पनि राज्यमा जानुपूर्व राजदूतले त्यस राज्यको प्रमुखसँग या अन्तरराष्ट्रिय मामिला हेर्ने प्रमुखसँग आगमनको आज्ञा लिनुपर्दछ ।

जबसम्म सम्बन्धित देशको राष्ट्रप्रमुखले आफ्नो राज्यबाट जानका लागि आज्ञा दिँदैन, तबसम्म राजदूत त्यहीँ रहनुपर्ने व्यवस्था पनि कौटिल्यको अर्थशास्त्रमा दिइएको छ । राजदूतको आचरणका बारेमा कौटिल्य यसरी भन्छन् -

- ✓ सम्बन्धित देशले दिएको सम्मानमा गर्व गर्नुहुँदैन ।
- ✓ यदि उनीहरूले दुर्वाच्य बोले भने पनि सहन गर्नुपर्दछ ।
- ✓ स्त्रीप्रसङ्ग या मद्यपानबाट सधैं टाढा रहुनपर्दछ ।
- ✓ उनीहरूको बीचमा रहँदा आफूलाई कहिल्यै पनि सर्वशक्तिमान् सम्झनुहुँदैन ।

आफ्नो स्थानमा एक्लै सुत्ने गर्नुपर्दछ र प्रपञ्ची एवं अधिक भाषण गर्नुहुँदैन । राजदूतको आचरणले त्यस देशका नागरिकलाई कुनै असुविधा हुनुहुँदैन । आफ्नो राज्यको भौगोलिक सीमा, सुरक्षानिकाय, नागरिकको स्वतन्त्रता, सांस्कृतिक, धार्मिक, वैचारिक अवस्थाको जानकारी हुनुपर्दछ । व्यापारव्यवसाय, शिक्षा, स्वास्थ्य, रोजगारीसँग सम्वन्धित आफ्नो राज्यको हित हुने कार्य गर्नुपर्दछ ।

राष्ट्रप्रमुखको कर्तव्य

त्वां विशो वृणतां राज्याय त्वामिमाः प्रदिशः पञ्च देवीः ।
वर्ष्मन् राष्ट्रस्य ककुदि श्रयस्व ततो न उग्रो वि भजा वसूनि ॥ अथर्ववेद तृ.सू.४.२

हे राष्ट्रप्रमुख तिमीलाई राज्य गर्नका लागि चुनिएको छ । पाँचै दिशामा पाँच देवीहरू देदीप्यमान रहेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । तिनीहरूले तिमीलाई उपयुक्त छ भनेर घोषणा गरून् । त्यसपछि राष्ट्रको सिंहासनमा तिमी सुशोभित होऊ । त्यसपछि राष्ट्रका विधर्मी आन्तरिक र बाहिरी शत्रुहरूलाई दमन गर । तिमी अजर, अमर बन । राष्ट्रबासीलाई सुख, शान्ति र कल्याण प्रदान गर । राष्ट्रबासी जनताले राज्यसञ्चालनका लागि निष्पक्ष पद्धतिबाट आफ्नो राज्यको राज्यप्रमुख या राष्ट्रप्रमुख चुन्न पाउने अधिकारलाई अथर्ववेदमा विशेष महत्त्वका साथ दर्शाइएको छ ।

राजा–युद्धविजय वा जनताले अनुमोदनबाट आउन सक्दछन् । राज्यप्रमुख या राष्ट्रप्रमुख चुनिएपछि या निर्वाचित भइसकेपछि पनि तिनीहरूले प्रजातान्त्रिक प्रणालीलाई अपनाउनुपर्ने र सबैमा यही सिद्धान्त लागु गराउनुपर्ने निर्देशन पनि गरिएको छ । **त्वां विशो वृणतां राज्याय** । निर्वाचनमा उपस्थित प्रजाले तपाईंलाई राष्ट्रप्रमुखको रूपमा चुनेकाछन् । यसकारण तपाईं सबैको माननीय हुनुहुन्छ । तपाईं सभासद् पनि हुनुहुन्छ र तपाईंलाई सभासद्हरूको समूहले चुनेर प्रमुख बनाउँदछ । यसकारण **न उग्रो विभजा वसूनि** । जनतालाई तिमीले विभाजन नगराऊ । जाति, वर्ण, वर्ग, लिङ्ग, भाषाआदिको भेदभावबाट राष्ट्र र राष्ट्रवासीलाई मुक्त राख ।

धर्माय यशसेऽर्थाय कामाय स्वजनाय च...

धर्म, राजनीति र विज्ञानको समन्वय गरेर राष्ट्रको यश, कीर्ति, सम्पूर्ण राष्ट्रवासीलाई स्वजन समान प्रेम गर ।

अच्छ त्वा यन्तु हविनः सजाता अग्निर्दूतो अजिरः सं चरातै ।

जाया पुत्राः सुमनसो भवन्तु बहुं बलिं प्रति पश्यासा उग्रः ॥

राजन् तिम्रो सजातीय अन्य राष्ट्रका प्रमुखहरू तिम्रो आज्ञा पालन गरून् । तिमीसँग सहकार्य र सहमति गरी सम्पूर्ण विश्वको हितका लागि आपसमा सद्भावको विकास गरून् । राष्ट्रको सर्वाङ्गीण उन्नतिका लागि निरन्तर कार्य गर । तिमीद्वारा प्रेषित दूतहरूले चारै दिशाको भ्रमण गरून् । तिम्रा बलवान् दूतहरू गुप्तचरहरू क्रियाशील बनून् । तिम्रा आफन्त, बन्धु, बान्धव, पत्नी, पुत्र अति बलशाली बनून् । राष्ट्रवासीको सर्वाङ्गीण विकासका लागि लागून् । आफ्नो स्वार्थमा कहिल्यै पनि नलागून् । राष्ट्रको भौगोलिक अखण्डता, सांस्कृतिक विविधता, धर्म, संस्कार, परम्परा, रीतिरिवाज, मूल्य, मान्यताको संरक्षण गर्न निरन्तर क्रियाशील बनून् । सनातन कालदेखि चलिआएका रीतिरिवाज र प्रचलनहरूलाई मेटाउने प्रयास नगरून् । सम्पूर्णको हितका लागि कार्य गरून् । न्यायपूर्ण समृद्धशाली शासनव्यवस्था जनतन्त्रलाई सबैले अनुशीलन गरून् ।

सञ्चार व्यवस्था

आज प्रविधिको होडवाजीले संसार एकमुठिमा अटेको जस्तो अनुभूति हुन्छ । विभिन्न प्रकारका सञ्चार सम्प्रेषण गर्ने माध्यमहरू सर्वत्र पाइन्छ । सञ्चार प्रविधिको व्यवस्थापनद्वारा अभिव्यक्ति अगाडि बढाइ समाजलाई सत्य निष्ठ सबै प्रकारका सूचना प्रदान गर्ने माध्यम बन्नु पर्दछ । प्रविधिको समुचित सदुपयोगवाट समाजका सबै समुदायलाई सूचना मनोरञ्जन सबै प्रकारका सन्देशहरू पुऱ्याउने माध्यम सञ्चार हुनु पर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विज्ञान र प्रविधिको प्रयोग

निरन्तर अनुसन्धानबाट प्राप्त गरिएका प्राविधिक सामग्रीहरूको सदुपयोगबाट संसारमा हुने विभिन्न प्राकृतिक प्रकोप मानव समाजलाई पर्ने नकारात्मक प्रभावको न्यूनिकरण गर्न सकिन्छ । वायु, यान, जल यान, युद्ध यान सबै प्रकारका यातायातका सहति विविध सामग्रीहरूको समुचित प्रयोगबाट राष्ट्रको सर्वाङ्गिण विकास गर्न सकिन्छ ।

सङ्गठन निर्माण प्रकृया

राष्ट्रको सर्वाङ्गिण विकासका लागि सङ्गठनको आवश्यकता पर्दछ । महान् दार्शनिक चाणक्यले सङ्गठनको निर्माण निर्देशक सिद्धान्त तयार पारेर राज्यको परिभाषा प्रदान गरे । ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेदसहित विभिन्न पौराणिक शतपथब्राह्मण ग्रन्थहरूमा भएका सूत्रहरूलाई व्यवस्थित गरेर निर्देशक सिद्धान्त तयार पारेर सङ्गठनको विस्तार गरी विशाल राष्ट्रनिर्माणमा योगदान पुऱ्याए ।

अर्थनीति

आज विश्वभरि पहिलो अर्थशास्त्र बृहस्पतिको अर्थनीति, शुक्राचार्यको युद्धनीति, आचार्य चाणक्यको कूटनीति प्रसिद्ध छ । ऋषिपरम्पराबाट आएको ज्ञानलाई विश्वभरी फैलाउन सफल आचार्य चाणक्य सम्पूर्ण शास्त्रको प्रयोगकर्ता पनि हुन् । यसै सन्दर्भमा आचार्य चाणक्यद्वारा व्यवस्थाको सन्दर्भमा गरिएका प्रयोगहरू यहाँ प्रस्तुत गरिएको छ -

मनुष्यको जीवन अर्थपूर्ण छ । मनुष्य परमात्माको अतिघनिष्ठ र सुन्दर कृति हो । कर्म नगरी संसारमा आएर कुनै मानिसको अस्तित्त्व र इतिहास रहँदैन । भूमि प्राप्ति, भूमिको रक्षा, त्यसको व्यवस्था त्यो अर्थशास्त्र हो । त्यो अर्थशास्त्र ३२ प्रकारको युक्तिले सुशोभित छ । जसको नाम यसप्रकार छ -

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१. अधिकरण	२. विधान	३. योग	४. पदार्थ	५. हेत्वर्थ
६. उद्देश्य	७. निर्देशक	८. उपदेश	९. अपदेश	१०. अतिदेश
११. परदेश	१२. उपमान	१३. अर्थापत्ति	१४. संशय	१५. प्रसङ्ग
१६. विपर्यय	१७. वाक्यशेष	१८. अनुमत	१९. व्याख्यान	२०. निर्वचन
२१. निदर्शन	२२. अपवर्ग	२३. स्वरसंज्ञा	२४. पूर्वपक्ष	२५. उत्तरपक्ष
२६. एकान्त	२७. अनागतवेक्षण	२८. अतिक्रान्तावेक्षण	२९. नियोग	३०. विकल्प
३१. समुच्चय	३२. ऊहा			

यी बत्तीस प्रकारको लक्षण अर्थशास्त्रका विभागहरू हुन् ।

अधिकारपूर्वक भनिएको अर्थको नाम अधिकरण हो । सम्पूर्ण पृथिवीलाई प्राप्त गर्ने, पालन गर्ने अधिकरण हो । यसैप्रकारले आ-आफ्नो अधिकार प्राप्तिपूर्वक निरूपण गर्ने विषय विनयाधिकार अध्यक्ष प्रचारक आदि अधिकरण हो ।

प्रकरण अनुसार शास्त्रको महत्त्वलाई भन्नु, निर्देशन स्वीकार्नु, अनुपालन गर्ने विषय विधान हो। वाक्यलाई संयोजन गर्नु योग हो । चातुर्वर्ष्याश्रम व्यवस्था चारै लोक वर्णव्यवस्थामा आधारित छ। केवल पदको अर्थलाई पदार्थ भनिन्छ । अर्थलाई सिद्धि गर्ने तत्त्व नै हेत्वर्थ हो । जस्तै : धर्म र काम अर्थमा निर्भर हुन्छ । धारणा विना धर्मप्राप्त हुँदैन । धारण गर्नु नै धर्म हो । धर्मद्वारा नै संसार गतिशील छ । प्रत्येक वस्तु र पदार्थ नै स्वस्वगुणधर्म त्यागे भने संसार विनाश हुन्छ । धर्मद्वारा अर्थप्राप्ति हुन्छ । जीवन अर्थपूर्ण छ। संयोग, संवेग र सत्त्वबाट जीवनको अर्थ प्राप्त हुन्छ ।

जीवनलाई बुझ्न सृष्टिको गतिलाई निरन्तरता प्रदान गर्न काम र कामनाको आवश्यकता पर्दछ। कर्मवादी बन्नका लागि काम आवश्यक छ । जीवन उद्देश्यपूर्ण छ । विद्या, विनय र इन्द्रियविना मानिस सुखी रहन सक्दैन । विस्तृत वाक्यलाई भन्नु, निर्देशन गर्नु, नाक, छाला, आँखा, जिब्रो, कान, शब्द, स्पर्श, रूप, गन्धआदिबाट बच्न इन्द्रिय जय हो । उपदेश, धर्म, अर्थअनुसार नै आचरण गर्ने मानिस सुखी हुन्छ। धर्म र अर्थविना शान्तिपूर्ण तरिकाले कोही बाँच्न सक्दैन । अमुक व्यक्तिले यसो भन्यो, उसो भन्यो, यसो गऱ्यो उसो गऱ्यो भनेर भाग्नु, शङ्का गर्नु अपदेश हो ।

निर्देशक सिद्धान्तविना मानिस बाँच्न सक्दैन । त्यसका लागि विधान चाहिन्छ । विधानविनाको मनुष्य, असफल, अविवेकी र मूढी हुन्छ । एउटा सामान्य मानिसको पनि आफ्नै आचरण व्यवहार, वैयक्तिक चिन्तन रहन्छ । उसको आफ्नै शैली, आफ्नै तरीकाबाट बाँच्ने प्रयास निरन्तर गर्दछ । त्यस्तै राज्यको पनि निर्देशक सिद्धान्त हुन्छ । त्यसलाई विधान भनिन्छ । विधान विना विधिको शासन स्थापित हुन सक्दैन । विधिको शासन स्थापित भएपछि राज्य वास्तविक राज्यका रूपमा सङ्गठित र सशक्त हुन्छ । सामाजिक दायित्व सबैले आ-आफ्नो सुन्दर चरित्रको अनुशरणले मात्र प्राप्ति हुन्छ । कुनै पनि भनिएको विषयलाई भनिएको छैन भन्नु द्वैध चरित्रबाट नेतृत्वकर्ता ननिक्लिकन समाजले गति प्राप्त गर्न सक्दैन । व्यक्ति, समाज र राज्यमा यही भावको अभ्यास हुनु नै आदर्श शासन व्यवस्था हो । व्यक्तिगत स्वार्थलाई सामाजिक स्वार्थसँग जोडेर हेर्ने प्रवृत्ति अधर्म हो ।

अनैतिकता हो । समाजलाई अनिर्णयको बन्दी बनाउनु हो । सामाजिक दायित्वको पूर्तिको भावनाबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवधान उत्पन्न भएपछि नेतृत्वपंक्ति विक्षिप्त बन्दछ । विक्षिप्त नेतृत्वपंक्तिले समाजलाई गति प्रदान गर्न सक्दैन । सत्यलाई असत्य, असत्यलाई सत्य सिद्ध गर्ने प्रयासमा जुट्दछ । आफ्नो जीवन पारिवारिक जीवन·सामाजिक राज्यीय दायित्वबाट विमुख बन्दछ । उसले वास्तविक उन्नति प्राप्त गर्नुभन्दा पनि हीनभावनाबाट ग्रसित बन्दछ । द्वैधभावमा विचरण गर्दछ । सत्यको अनुशरण गर्नेहरूलाई, सत्य वक्तालाई विभिन्न बहाना, उपबहाना बनाई आक्रमण गर्ने प्रयास गर्दछ । त्यसैले विक्षिप्त नेतृत्वलाई विस्थापित गर्न सङ्गठित हुन संघ, समिति र सङ्गठनको आवश्यकता पर्दछ ।

सङ्गठन सत्य, निष्ठा र समर्पण र अनुशासनमा आधारित हुन्छ । साङ्गठनिक संरचना व्यक्तिव्यक्तिको सहभागिताबाट निर्माण हुन्छ । अप्ठ्यारो परिस्थिति सृजना गर्ने व्यक्तिबाट सङ्गठन सञ्चालित हुन सक्दैन । सङ्गठनको रूपरेखा तयार पार्दा विचार, समर्पण, सक्रियता र सत्य र यथार्थमा आधारित पूर्ण नीतिगत हुनुपर्छ । नीतिविनाको संगठन कहिल्यै पनि लक्ष्यप्राप्तिको नजिक पुग्न सक्दैन । लक्ष्यनिर्धारण गरेर मात्र गन्तव्यलाई व्यवस्थित गर्दै लामो यात्राको तयारी गर्नुपर्छ । विचलित नहुने कार्यकर्ता उत्साहित नेतृत्व, समाज र राष्ट्रका लागि सम्पूर्ण जीवन समर्पण गर्ने योग्य कर्मठ व्यक्तिव्यक्तिको समूहबाट सङ्गठन निर्माण हुन्छ ।

त्यो सङ्गठनले कार्ययोजनाहरू तयार पारी निर्देशक सिद्धान्तमा हिँड्ने सङ्कल्प तयार पार्दछ । सङ्कल्पको माध्यमबाट सहज बाटोमा हिँड्न निरन्तर क्रियाशील रहन्छ । निरन्तर क्रियाशील रही विचरण गर्ने माहुरीले महको विशाल भण्डार निर्माण गर्दछ । **चरैवेति चरैवेति चरन्वै मधुविन्दते** को भावलाई आत्मसात् गर्दछ । निरन्तर काम गरिरहने नै सफलताको शिखरमा पुग्दछ । सफलता प्राप्तिपछि परमानन्दको अनुभूति गर्दछ ।

प्रत्येक वर्ग, समुदाय, मतपन्थ, विभाजित भए पनि वर्गसङघर्षबाट होइन, वर्गसमन्वयबाट समाज र आदर्श राज्य स्थापित हुन्छ । आदर्श राज्यबाट सम्पूर्ण राज्यका नागरिकहरू सुखी र शान्तपूर्ण समृद्धिको कामना गर्दछन् । सङ्गठन विस्तारमा एकरूपता, निर्देशक सिद्धान्तनीति अनुसार राष्ट्र, समाजको र संस्कृति या मानवीय धर्मको रक्षाका लागि निरन्तर सङ्गठित हुनुपर्छ । आदर्शपूर्ण राज्य स्थापनाका लागि र राष्ट्रको रक्षाका लागि सङ्गठित हुनु अत्यावश्यक छ । सम्पूर्ण समाजको सहअस्तित्त्व सामाजिक मान्यता धार्मिक सद्भाव स्थापनाका लागि पनि सङ्गठित हुनु आवश्यक छ ।

युद्धको रचना, विधर्मीलाई परास्त गर्ने नीति, सङ्गठित कार्ययोजना, समाजका प्रत्येक व्यक्तिले चाहेको नाना, खाना र छानाको प्रत्याभूति दिनसक्ने दरिलो आधार प्रदान गर्नु प्रमुख दायित्व हो । समर्पण र अनुशासनबाट मात्र सङ्गठन विस्तार हुनसक्छ । सामाजिक दायित्वबोधबाट पन्छिने व्यक्तिले सङ्गठनमा आबद्ध रहेर लामो समयसम्म काम गर्न सक्दैन । ऊ व्यक्तिगत स्वार्थ, सानोतिनो लोभ, स्वार्थमा अल्झिन पुग्दछ । तसर्थ, सामाजिक, राजनीतिक आर्थिक, धार्मिक, अस्तित्त्वरक्षाका लागि सङ्गठन आवश्यक पर्छ । विनासङ्गठन राज्यको रक्षा गर्न सकिँदैन । आचार्य चाणक्यले सुखको मूल धर्म, धर्मको मूल अर्थ, अर्थको मूल राज्य, राज्यको मूल इन्द्रियजय, इन्द्रियजयको मूल विनयभावको विकास, विनय भावको विकास वृद्धहरूको सेवा, वृद्धहरूको सेवाको मूल भाव नै विज्ञान हो भनेका छन् । प्रत्येक मनुष्यले आफ्नो र आफूलाई विज्ञानले सम्पन्न बनाउनुपर्दछ । आत्मोन्नतिमा निरन्तर लागिरहनुपर्छ । जो पुरुष विज्ञानले सम्पन्न हुन्छ । त्यसले संसार जित्न सक्दछ । उसले आफैंलाई नियन्त्रण गर्न सक्दछ । आफूलाई जित्ने व्यक्ति नै विश्वविजेता बन्दछ । विश्वविजयको अभियानको सुरुवात आफैंबाट गर्नुपर्छ । सङ्गठनमा सङ्गठित हुने मूल आधार पनि यही हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक शासन

वेदमा शासन प्रणालीको सम्बन्धमा विस्तृत चर्चा भएको छ । वैदिक दर्शनअनुसार सम्पूर्ण पृथिवीमा हिमालयदेखि समुद्रसम्म पृथिवीको अस्तित्त्व छ, त्यहाँसम्म बस्ने विवेकसम्पन्न मानव सबै हाम्रा कुटुम्ब हुन् **बसुधैव कुटुम्बकम्** ... ।

शासन प्रणालीका विभिन्न प्रक्रियाको उल्लेख भएको छ । सम्पूर्ण पूर्व, पश्चिम, उत्तर, दक्षिण, आग्नेय, नैर्ऋत्य, वायव्य, ईशान, पृथिवीलोक निवासीलाई सर्वमान्य उत्कृष्ट विधानको व्यवस्था गरिएको छ । अन्तरिक्षमा ग्रहहरू पनि मन्त्रीमण्डलीय नियमानुसार सञ्चालित हुन्छन् । सौर वा चान्द्रवर्ष अनुसार ग्रहहरूको मन्त्रीमण्डल नियुक्त हुन्छ । सबैको समान शक्ति र सहभागिता रहेपनि सूर्यका वरिपरि घुम्ने ग्रहहरूको क्रमशः तिथि, वार, योग, करणअनुसार मन्त्रीमण्डलको चयन-वरण हुन्छन् । पञ्चाङ्गको जन्म पनि सौरमण्डल ग्रहको मन्त्रीमण्डल अनुसार हुन्छ । यी सबै एक अर्काका पूरक पनि हुन् ।

ऐतरेय, शतपथ तथा गोपथ ब्राह्मण ग्रन्थहरूमा राजसूय यज्ञको प्रसङ्ग र विभिन्न शासन प्रणालीहरूको विषयमा उल्लेख मिल्दछ । साङ्केतिक रूपमा सम्पूर्ण पृथिवीसहित आर्यावर्तमा यस्ता शासन प्राणालीहरूको व्यवस्था भएको पाउँदछौं । ऋग्वेदमा शासक र शासन प्रणालीको बारेमा उल्लेख छ । सात प्रकारका राज्यव्यवस्था र विधानको बारेमा चर्चा भएको छ, जो यस प्रकार छन् -

१. विराट (वैराज्य)
२. राज्य (राजा) राज्यसहित
३. साम्राज्य (सम्राट् साम्राज्ञी)
४. स्वाराज्य (स्वराट)
५. अधिराज्य (अधिराज)
६. आधिपत्य, अधिपति (अधिपति)
७. जनराज्य (जनराजा)

यजुर्वेदमा यी शासन प्रणाली वा शासकको बारेमा उल्लेख गरेको पाइन्छ ।

१. राज्य (राजा रानी)
२. वैराज्य (विराट् विराज)
३. साम्राज्य (सम्राट्) राष्ट्र
४. स्वराज्य (स्वराट्)
५. आधिपत्य (अधिपति अधिपत्नी)
६. जनराज्य (जनराजा)

शासन र शासन प्रणालीको बारेमा अथर्ववेदमा पनि उल्लेख गरिएको छ ।

१. राज्य .(राजा)
२. साम्राज्य (सम्राट् सम्राज्ञी)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. वैराज्य (वैराज, विराट्) निर्वाचन द्वारा चयन
४. स्वराज्य (स्वराट्)
५. जनराज्य (जनराजा) निर्वाचन द्वारा
६. आधिपत्य (अधिपति)

ऐतरेय ब्राह्मण ग्रन्थको अष्टम पञ्जिकामा विविध शासन प्रणालीको विस्तृत वर्णन गरिएको छ। शासकहरूको पनि नाम उल्लेख गरिएको छ । ती प्रणालीहरू निम्न प्रकार छन् -

१. साम्रज्य (सम्राट्)
२. भौज्य (भोज)
३. स्वराज्य (स्वराट्)
४. वैराज्य (विराट्)
५. पारमेष्ठ्य (परमेष्ठी)
६. राज्य (राजन् राजा)
७. महाराज्य (महाराज्य, महाराजन्)
८. अधिपत्य (अधिपति)
९. स्वावश्य
१०. आतिष्ठ्य । ऐतरेयोपनिषद् ८।४।१८ ।

पद्धतिमा पारमेष्ट्य, महाराज्य, आधिपत्य आदि ऐतरेय ब्राह्मण ग्रन्थमा मरुत्, अङ्गिरस् (मौद्गल्य, मुद्गल, भामेस्व, परम्पराको राज्य व्यवस्था प्रचलित थियो । ऐतरेयब्राह्मण ग्रन्थमा वर्णित दिशा र त्यहाँ भएका राजाहरूको वर्णन पाइन्छ ।

प्राची (पूर्व) दिशामा	शासक वा राजा रानी
दक्षिण दिशा	शासक विराट्
प्रतीची (पश्चिम)	शासक सम्राट्
उदीची (उत्तर) दिशा	शासक स्वराट्

बृहती (ऊर्ध्व) दिशा शासक अधिपति या अधिपत्नी

यसबाट के बुझ्न सकिन्छ भने वैदिक कालमा यी शासन प्रणालीहरू विभिन्न दिशाका देशहरूमा प्रचलित शासकीय पद्धतिहरू अभ्यासमा थिए ।

राज्य र राजा

शासन प्रणालीहरूको बारेमा वेदमा उल्लेख भएको छ । राज्यका उच्चतम शासक राजा हुन् । ऋग्वेद, अथर्ववेद, तैत्तिरीय संहिता, ऐतेरेय ब्राह्मण आदिमा स्पष्ट उल्लेख गरिएको छ । शतपथ ब्राह्मणग्रन्थमा राजाले राजसूय यज्ञ गरेपछि मात्र राजत्व प्राप्त गर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्ञएव राजसूयम्,

राजा वै राजसूये नष्ट्वा भवति । शतपथ ब्राह्मण ५।१।१।१२ ।

जो राजा राजसूय यज्ञ गर्दैन त्यो राजा हुने अधिकार राख्दैन । राजसूय यज्ञपछि नै राज्याभिषेक गर्नुपर्ने नियम रहेको छ । पाणिनिले गरेको राज्यको परिभाषाअनुसार जुन शासन प्रणाली या पद्धतिमा राजा सर्वोच्च अधिकारी हुन्छ, त्यसलाई राज्य भनिन्छ । भूपति, अधिपति भनेको नै राजा हो । शासनतन्त्र सञ्चालन गर्न विभिन्न अधिकारीहरूको निर्वाचन गर्ने योग्य कर्मठ अमात्य (मन्त्री) आदि नियुक्ति गरी राज्य सञ्चालन गर्ने विधान रहेको छ ।

राष्ट्र, राज्याभिषेक

महोत्साह स्थूललक्षः कृतज्ञो वृद्धसेवकः...

धार्मिकोव्यसनश्चैव प्राज्ञः शुरो रहस्यवित्...नराधिपः । -महर्षि याज्ञवल्क्य

नेपाल याज्ञवल्क्य ऋषिको भूमि हो । महर्षि यज्ञवल्क्यले राजधर्म प्रकरणमा भनेका छन्- राजा राज्यहरूका प्रमुख राजा हुन् । राज्य-राज्यहरूको विशाल एकीकृत भाग नै राष्ट्र हो । राज्यको प्रमुख राजा हुन् भने राष्ट्रको प्रमुख सम्राट हुन् । नेपालको सन्दर्भ वाइस र चौवीस राज्यहरूको एकीकृत स्वरूप राष्ट्र हो। यहाँको प्रमुख शास्त्रसम्मत सैद्धान्तिक रूपमा सम्राट हुन् । तत्कालीन नेपालका वाइसे-चौवीसे राज्यमध्ये ६ वटा राज्यमा ब्राह्मणहरू राजा थिए । ब्राह्मणहरूको बुद्धि कौशलता, कुटनीतिक चातुर्यता, नेपाली समाजका सवै पक्ष, लिङ्ग, वर्ण समुदायको समान सहभागिताबाट राष्ट्रको निर्माण भएको हो । यो देश सवैको साभा हो । एकीकरणपछि सवै वाईसे-चौवीसे राजाहरूले कतै सन्धिबाट त कतै युद्धबाट एकीकृत हुने अवस्थालाई स्वीकार गरेका हुन् ।

राजा र वैधानिक राज्याभिषेकको सन्दर्भमा राजालाई सौर्यता, पराक्रमी, वीर, साहसिक योद्धा, उत्साही, कृतज्ञ, वृद्धहरूको सेवा गर्ने, सत्यवादी, कुलीन, कोमल प्रकृतिको, आफ्नो कर्म, धर्म, इमानलाई नछाड्ने, अध्यात्म विद्या, राजनीतिक शास्त्र, समाज शास्त्र, अर्थशास्त्र, कुटनीतिज्ञ, सैन्य सञ्चालनमा निपूर्ण, विभिन्न भाषाहरूको जानकार, सुस्वास्थ्य, धर्मशास्त्रमा पारङ्गत, राजधर्म र कर्ममा निपूर्ण, परा-अपरा विद्याको जानकार, दण्डनीतिको अभ्यास गर्नसक्ने, सन्धि र विग्रहको जानकार, यहलौकिक, पारलौकिक विषयमा आस्थावान नै राजा वा शासकमा हुने गुणहरू हुन् । शासकमा हुनुपर्ने सकारात्मक गुणहरू हुन्। श्रौतकर्म, नित्य हवन, नित्य पूजा, कूलमर्यादाको पालक, सत्यवादी राजालाई नै राज्याभिषेकको लागि उपयुक्त मानिएको छ। ज्योतिष शास्त्रअनुसार राजयोग भएको, शासन, प्रशासन, अनुशासनलाई अनुसरण गर्ने हुनुपर्दछ ।

शरीरका कुनै अङ्ग, प्रत्यङ्ग खण्डित, दण्डित, अनुचारी, व्यभिचारी, मदिरासेवक, व्यापार गर्ने, कुकर्मरत, धर्मशास्त्रका मान्यतालाई नमान्ने, राजसूयादि यज्ञ नगरेको, लोभी, पाखण्डधर्मलाई अपनाउने, गौ, ब्राह्मण, विद्वान् र आफ्नो कुल परम्पराका मान्यताहरूको निन्दक, नित्य हवन, दान, यज्ञ नगर्ने, राज्यबाट तलवभत्ता बुभ्ने कदापि पनि सुयोग्य राजा वा शासक हुन सक्दैन । त्यस प्रकारका अवगुण भएका व्यक्ति यदि राजा वा शासक भएमा भने राज्यकै पतन हुन्छ, व्यवस्था विरुद्ध नै विद्रोह हुनसक्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वयं राष्ट्रे जागृयाम पुरोहिताः -यजुर्वेद

हामी सबै मिलेर राष्ट्रको जागरण र रक्षाका लागि पुरोहित (विद्वान) भएर जुटौं ।

वैदिक वाङ्मयमा 'राष्ट्र' शब्द प्रशस्त उल्लेख भएका छन् । राष्ट्र भनेको विराट स्वरूप हो । धर्म, संस्कृति, परम्परा तथा नैतिक सदाचारयुक्त, न्यायपूर्ण र गतिशील जीवनपद्धति नै राष्ट्र हो । राष्ट्रोन्नतिका लागि प्रत्येक नागरिक जागरुक बन्नुपर्दछ । राष्ट्रमा आइपर्ने जुनसुकै प्रकृतिका चुनौतिहरू (राजनीतिक, सामाजिक, सांस्कृतिक, दैविक प्रकोप तथा वाह्य आक्रमण)को अवस्थामा राष्ट्रवासीहरू सशक्त र सौर्यताका साथ एकीकृत हुनुपर्दछ। राष्ट्रका सबै अङ्गहरू- आन्तरिक र वाह्य सुरक्षा, कुटनीतिक, आर्थिक, सामाजिक, सवल तथा सशक्त हुनु आवश्यक छ ।

राज्यसत्ता सञ्चालनका लागि आवश्यक सातवटा अङ्गको वर्णन वैदिक वाङ्मय र मनुस्मृति तथा शुक्रनीतिमा गरिएको छ । राज्यका सात अङ्ग भनेका १. राष्ट्रप्रमुख (शासक, राजा), २. अमात्य (मन्त्री), ३. पुर वा दुर्ग (राज्यको सिमाना र सेना सुरक्षावल) ४. जनपद, जिल्ला, नगर, गाउँहरू ५. कोष (अर्थव्यवस्था), ६. दण्ड (न्यायव्यवस्था), ७. सुहृद् (मित्र) राष्ट्रका छिमेकीहरू हुन् । यी सात अङ्गको व्यवस्थापन राम्रोसँग गर्नसक्नु नै राज्य सञ्चालन गर्नसक्नु हो । वैदिक राज्यव्यवस्थामा सभा, समिति, स्वतन्त्र न्यायपालिका, वैधानिक राष्ट्रसभा, जनप्रतिनिधिआदिका बारेमा विस्तृत वर्ण गरिएको पाइन्छ । राज्यसञ्चालनको पूर्ण व्यवस्थालाई राज्यव्यवस्था भनिन्छ । जनताका हक, अधिकारलाई सुनिश्चित गर्नु र जनतान्त्रिक पद्धतिअनुसार न्यायपूर्ण तरिवाटवाट जनतालाई समृद्धशाली वनाउनु नै वैदिक राज्यव्यवस्थाको मूल ध्येय हो । सत्य र धर्मको पालन गर्नु, सम्पूर्ण राष्ट्रवासीको हितका निम्ति कार्य गर्दै विश्वमा शान्तिको कामना गर्नु नै वैदिक राज्यव्यवस्थाको मूल मन्त्र हो ।

आधुनिक विश्वपरिवेशको राजनैतिक परिकल्पनाको आधार भनेको जनतालाई नाना, खाना र छानाको समान उपभोगको अवसर प्रदान गर्नु र समतामूलक समाज स्थापना गर्नु हो । न्यायपूर्वक शान्तिपूर्ण रूपमा बाँच्न पाउनु मानवको नैसर्गिक अधिकार हो ।

वैदिककालीन राज्यव्यवस्थामा पनि यिनै दार्शनिक चिन्तन, आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक, भौगोलिक, सांस्कृतिक अधिकारलाई सुनिश्चितता प्रदान गर्नु र न्यायपूर्ण समाजको स्थापना गर्नु नै राष्ट्रिय स्थायित्वको आधार मानिएको थियो । पृथ्वीमा धेरै प्रकारका राज्यव्यवस्थाहरू भएको वेद तथा उपनिषद्मा वर्णन पाइन्छ । लगभग १० औं हजार वर्षको राजनीतिक अभ्यासबाट राजतन्त्रात्मक व्यवस्था (राज परम्परा), वैदिक साम्यवादी व्यवस्था, समाजवादी व्यवस्था या मानवतावादी व्यवस्था अभ्यास भएको र ती सबैको मूल सैद्धान्तिक स्रोत भनेको वेद र वैदिक वाङ्मय नै हुन् ।

मानवीय विकासक्रमसँगै एक समूह र अर्को समूहवीच हुने भय, त्रास, आक्रमणजस्ता आपद्विपद्बाट वच्न र वचाउने सन्दर्भमा समूहको निर्माण भएको हो । सामूहिक सहभागिताबाट आफ्नो समुदायको रक्षाका लागि सङ्गठनको आवश्यकता अनुभूति गरी किल्ला, दुर्गको रचना भयो । धनुर्वेद, क्षत्रिय धर्मको विस्तार पनि यसै सन्दर्भमा भएको हो । यसबाट नै सङ्गठनको उपयोगिता प्रष्ट हुन्छ । यिनै समूहको रूपान्तरणस्वरूप राज्य वा राष्ट्रको जन्म वा उदय भएको हो भन्ने बुझिन्छ । अनादिपरम्परका वैदिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थहरूमा राष्ट्रको बारेमा सूक्ष्म र विशिष्ट चिन्तन गरिएका छन् जो आधुनिक राजनीतिक भाष्यहरूमा त्यत्ति नै विस्तृत र सुक्ष्म रूपमा चिन्तन गरेको पाइँदैन ।

राष्ट्र सञ्चालनका लागि सभा, समिति र वैधानिक राष्ट्रिय सभाको आवश्यकता पर्दछ । ग्राम, जनपद, महाजनपद, हुँदै राष्ट्रसभाका प्रमुखको चयन गर्नुपर्दछ । स्थानीय स्तरका वादविवाद, अपराध र अन्याय स्थानीय स्तरमा समाधान गर्दै विवादको स्तर हेरी नगर क्षेत्र, जनपद वा केन्द्रले समाधान गर्नुपर्दछ । राष्ट्रको एकता, अखण्डता, सार्वभौमिकता रक्षाका लागि प्रत्येक घर-घरबाट राष्ट्रनिर्माणको महायज्ञमा योगदान दिनु नै नागरिक कर्तव्य हो ।

चार वेदमध्ये यजुर्वेद र अथर्ववेदमा राष्ट्रको अर्थनीति, कूटनीति, काम, कर्तव्य, अधिकार, स्वतन्त्र न्यायपालिका, कार्यपालिका, अनुशासनको व्यवस्थापनजस्ता कुराहरूको सूक्ष्म रूपमा सूत्रात्मक सङ्केत गरिएको छ । पृथ्वीलाई देवीको रूपमा मानेर समृद्ध राष्ट्र बन्नका लागि सौर्य, पराक्रम, निष्ठा, समर्पण, सैन्यशक्ति, नैतिकता र सदाचार शिक्षा-दीक्षा, अनुशासन, धन-धान्य, जल, वनस्पति, पशुपक्षी, सुवर्ण, खोलानाला, आवास, प्रजनन, भोजन, कला, साहित्य, सिर्जना, संस्कृति र वितरणको समान सदुपयोगबाट नै राष्ट्र निर्माण हो भनीं मानिएको छ । राष्ट्रदेवी, वागदेवी, ससरपरी, विशालाक्षी, राष्ट्रसमृद्धिकी देवी हुन् । राष्ट्र सामूहिक सम्पदा हो ।

कर्मव्यवस्था

श्रमको विभाजन नै वर्ण व्यवस्था हो । कर्मव्यवस्था राज्यको कानूनको रूपमा भन्दा पनि व्यक्तिको गर्ने कर्म वा पेशाको आधारमा उद्‌भव भएको र पछि त्यसलाई राज्यले समाज व्यवस्थाको रूपमा स्वीकार गरेको इतिहास हो । कुनै राजा वा शासकले परिकल्पना गरी वर्ण व्यवस्थालाई लागू गरेको कदापि होइन। समाजलाई चार कर्म व्यवस्थामा विभाजित गर्दा तिनीहरूको यथोचित पहिचान तथा राज्यव्यवस्थामा उनीहरूको स्थान तथा पहुँच पनि सुनिश्चित गरिएको थियो । ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रले आ-आफ्नो योग्यताअनुसारको काम गर्नुपर्ने विधान गरिएको पाइन्छ । त्यही कर्मव्यवस्था कालान्तरमा वर्णको रूपमा रूपान्तरण भएको बुझिन्छ । सीमित जनसंख्याबाट गरिनुपर्ने विभिन्न कार्यहरूलाई श्रमको विभाजनबाट व्यवस्थापन गर्ने प्रचलन आधुनिक व्यवस्थामा पनि झन् व्यापक रूपमा गरिएकै छ ।

वैदिककालमा पनि नागरिकले राष्ट्रगान गाउने राष्ट्रदेवी, वागदेवीको स्तुति गर्नु राष्ट्रवासीको दायित्व थियो । सामाजिक सद्भाव अझ दरिलो रूपमा अघि बढाउन सम्पूर्ण जनसमुदायको कल्याणको कामना गर्ने र ईश्वरीय शक्तिको स्तुति, प्रार्थना गर्ने मन्त्रहरूको उल्लेख पाइन्छ ।

अर्येतस्थराष्ट्रदाराष्ट्रम्मे दत्त...
ओजस्वतीस्थराष्ट्रम्मे... । -यजुर्वेद
सूर्यवर्चसस्थराष्ट्रदाराष्ट्रम्मे...। -यजुर्वेद

समाजमा कलङ्क आउने कार्य कसैले नगरून् । पृथिवी, जल, तेज, वृक्ष, वनस्पतिलाई कसैले दूषित नगरून् । राष्ट्रको समृद्धिका लागि समान सहभागिता र न्यायपूर्ण व्यवस्थाको आवश्यक पर्दछ । कृषिकार्य, वाणिज्य-व्यापार तथा श्रम विभाजन अनुसार कार्य गर्दै जनसमुदाय समृद्ध बनून् । अध्यात्मको साधनामा तल्लीन रहुन् । गृहस्थ धर्म, परिवार पालनपोषणमा निरन्तर क्रियाशील बनून् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृथिवी मातर्मा मा हिंसी... । -यजुर्वेद

पृथिवी हाम्री आमा हुन् । हामी धर्तीपुत्र हौं । हिमालयदेखि समुद्रसम्म विवेकसम्पन्न मानिस हाम्रा कुटुम्ब हुन् । वैदिक वाङ्मयमा सम्पूर्ण पृथिवीलाई नै राष्ट्र मानिएको छ । यो विशाल धर्तीमा मनुष्य-मनुष्यबीचको प्रेम, सद्भाव, सदाचार र एकताबाट मनुष्यमा करुणा र प्रेमको विकास हुन्छ । संसारभरिका सबै मनुष्यहरूको सम्पूर्ण दायित्वबाट पृथिवी (राष्ट्र)लाई मातासमान हेरचाह, रक्षा र सुरक्षा गर्नुपर्दछ । प्रकृतिका सास्वत् नियमको पालना गर्नु सम्पूर्ण मनुष्य जातिको प्रथम कर्तव्य हो ।

पृथ्वीको मर्मस्थलमा घात गर्ने कुनै पनि अशुभ कार्य कसैबाट हुनुहुँदैन । कसैले त्यस्तो कार्य गर्दछ भने नियमानुसार सम्पूर्ण मानवता विरोधी भनेर दण्डको व्यवस्था गर्नुपर्दछ । राष्ट्रको हितमा सधैं चिन्तन गर्ने, राष्ट्र र राष्ट्रवासीका लागि सेवा गर्न दृढसङ्कल्पका साथ सबैलाई सहभागी गराउनु पर्दछ । विश्व शान्तिको कामना नै वैदिक राज्य व्यवस्थाको पहिलो उद्घोष हो । आकाश, धर्ती, वायु, जल तथा वनस्पतिका साथै सम्पूर्ण मानवले शान्ति प्राप्त गरुन् ।

भौगोलिक अवस्था र मानवीय वसोवास, समान सांस्कृतिक परम्परा र तत्कालीन सामाजिक मूल्य-मान्यता तथा वर्ष (वृष्टि)लाई आधार मानी विश्वलाई नौ खण्डमा विभाजन गरियो । त्यही नवखण्ड नै विभिन्न वर्षको रूपमा रहेका छन् । नवखण्डभित्र नेपाल एक अखण्ड, अविभाज्य हिमवत राष्ट्र हो । **हिमायत्वा, माही**, आदि शब्दबाट नेपालको अस्तित्त्व वैदिक वाङ्मयमा प्राप्त गर्न सकिन्छ ।

माता भूमिपुत्रोऽहंम् पृथिव्या । अथर्व १२-१-१२

अथर्ववेदको भूमिसूक्तमा पृथिवीलाई माता र व्यक्तिलाई पुत्र भनिएको छ । आफ्नो शरीरमा नौ महिना गर्भाधारण गरेर अनेकौं दुःखकष्ट खेपेर माताले जसरी आफ्ना सन्ततिलाई जन्माउँछिन्, लालनपालन गर्दछिन्, त्यस्तै आफ्नी आमालाई आइपरेका दुःख-कष्ट र उपद्रवबाट बचाउनु सन्ततिको पहिलो कर्तव्य हो । आज राष्ट्र विषम् परिस्थितिमा रहेको बेला, प्रत्येक राष्ट्रवासी राष्ट्ररक्षाका लागि जागरुक बन्नै पर्दछ ।

राष्ट्रको उन्नति चाहने व्यक्तिले सत्यवादी, मधुरभाषी, कर्तव्यनिष्ठ हुनुपर्दछ । आफ्नी माताको (राष्ट्रको) रक्षाका लागि आफ्नो ज्यान मात्र होइन, आफ्ना सन्ततिको उत्सर्ग पनि गर्न पछि पर्नुहुँदैन । राष्ट्रभित्रका अन्तर्घाती र राष्ट्र बाहिरका विरोधी शत्रुहरूले कुनै पनि बेला राष्ट्रलाई घात गर्न सक्छन् । राष्ट्र कुनै पनि बेला परतन्त्र हुनसक्दछ । त्यसैले सधैं शत्रुबाट आफ्नो राष्ट्रलाई बचाउन सम्पूर्ण राष्ट्रबासी तयार भएर रहनुपर्दछ । जहाँ सत्य, सदाचार, कर्तव्यनिष्ठ, नेता, जनता, राजा (शासक) छन्, न्यायपूर्ण जनतन्त्रात्मक व्यवस्था मौलाएको छ भने त्यस्तो राष्ट्रको भूमिले सदैव वीर सपूत मात्र जन्माउँछिन् । ती सपूत् वीर-वीराङ्गनाको सङ्गठित प्रयासबाट राष्ट्र निर्माण भएको हुन्छ ।

राष्ट्रवादका अनेकौं सूत्रहरू वेदमा छन् । सम्पूर्ण विश्वभरिको राजनीतिक चिन्तनको बीज नै वेद हो । वेदको निर्देशनमा हिँडेको राष्ट्र कहिल्यै पनि पराधीन हुनुपर्दैन । वेदले प्रार्दुभाव गरेको, १० औं हजार वर्षको अभ्यासबाट खारिएको हाम्रो आफ्नो व्यवस्थाको सिर्जना गर्न छोडी आयातीत र प्रायोजित वादका पछि लाग्दा ती वादहरूसँगै आउने विकृतिहरू अहिले हाम्रो समाजले भोगिरहेको छ । मनपरी र छाडातन्त्रलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोकतन्त्र या गणतन्त्र भन्न सकिँदैन । दलगत आवरणमा निरङ्कुशता, व्यक्तिवादी सोचलाई प्रोत्साहन दिँदा राष्ट्रबासीले ठूलो मूल्य चुकाएको अवस्था वर्तमान परिस्थिति हो ।

त्यसैले संमयमै सचेत भएर सम्पूर्ण जात-जाति, भाषा-भाषी, शिल्पकला, विद्या, साहित्य, संस्कृति आदि सबैको उत्थानमा लाग्दै राष्ट्रलाई एकजूट बनाइ सतातन राज्यव्यवस्थालाई व्यवस्थित गर्न सबै सङ्गठित हुनुपर्ने आवश्यकता देखिन्छ ।

अनुत्तरित प्रश्न

नेपाल वर्तमान ७७ वटा जिल्ला र ७ वटा राज्य (प्रदेश)मा विभाजन गरिएको छ । यो हिजो जुन ठाउँमा जसका राज्यहरू थिए त्यहाँका वैधानिक राजप्रतिनिधिहरूको आजको अवस्था के छ ? यी प्रश्नहरू अनुत्तरित छन् । एकीकृत अवस्थामा नेपाल अखण्ड, अविभाज्य स्वीकार गरिएको अवस्थामा एक भएको नेपाललाई फेरि छिन्नभिन्न पार्ने प्रयास स्वरूप प्रदेशको विभाजन हो भन्ने मतहरू पनि प्रकट भइरहेका छन् । नेपाल एक अखण्ड, अविभाज्य प्रशासनिक संरचनाहरू रहनुपर्छ भन्ने विचारहरू पनि नआएका होइनन् । यसमा नेतृत्व वर्गको दृष्टिकोण के हो ?

राष्ट्र पराधीन हुने परिस्थिति सिर्जना गर्ने तत्त्व, कुटील जातीयताको बीजारोपण गर्ने, राष्ट्रवासीका प्रत्येक समुदायलाई आपसमा भिडाउने, द्वन्द्वात्मक भौतिकवादका नाममा आपसमा मिलेर बसेका जनसमुदायलाई लडाउने नाटक मञ्चन कसले गर्दैछ ? विदेशी शक्तिको प्यादा बनेर लाभान्वित हुनेहरूबाट राष्ट्रको शान्ति, सुरक्षा, समृद्धि र जनकल्याणको आशा गर्नु तर्कसङ्गत होला ?

सैन्य सुरक्षा हातहतियार

राष्ट्र महत्त्वपूर्ण अङ्ग भनेको सैन्य सुरक्षा हो । प्रहरप्रहरमा परिवर्तन भइराख्ने सुरक्षाको चाँजोपाँजो व्यवस्थित मिलाइराख्ने प्रहरप्रहरमा सेवा सुरक्षा दिने भएको हुनाले प्रहरी भनिएको हो । वैशम्पायनले अक्षौहिणी सेनाको सन्दर्भमा यसरी व्याख्या भएको छ ।

	रथ	हात्ति	घोडा	पदाति (पैदल सैनिक)
पति	१	१०	१,०००	एक लाख
सेनामुख	३	३०	३,०००	तीन लाख
गुल्म	९	९०	९,०००	नौलाख
गण	२७	२७०	२७,०००	२७ लाख
वाहिनी	८१	८१०	८१,०००	८१ लाख
पृतना	२४३	२,४३०	२,४३,०००	२ करोड ४३ लाख
चमू	७२९	७,२९०	७,२९,०००	७ करोड २९ लाख
अनीकिनी	२,१८७	२१,८७०	२१,८७,०००	२१ करोड ८७ लाख
अक्षौहिणी	२१,८७०	२,१८,७००	२,१८,७०,०००	२,१८,७०,००,०००

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नीतिप्रकाश आदि ग्रन्थहरूमा राजालाई सेनाको सर्वोच्च अधिकारी मानिएको छ। (परमसेनाधिपति मानिएको छ) युवराजलाई त्यो भन्दा तल्लो स्थान दिएको छ । सुवर्णनायक भनेर अर्थ व्यवस्थालाई व्यवस्थित गर्ने लाई सम्मान गरिएको छ । सैनिक न्यायव्यवस्थापन गर्नेलाई सैनिक न्यायाधीश भनिएको छ । सैन्य सुरक्षभित्र कुनैपनि आपदविपद पर्दा न्यायअन्याय छुट्ट्याउने अलग्गै न्यायालय बनाइएको हुन्थ्यो । त्यो निष्पक्ष र परमाधिपतिलाई पनि निर्देशन दिने सामर्थ्य राख्दथ्यो । पति सेनाप्रमुख गुल्मप्रमुख गणप्रमुख (गणपति) वाहिनी प्रमुख (वाहिनीपति) पृतनाप्रमुख (पृतनापति) चमूप्रमुख (चमूपति) अनीकिनीप्रमुख अक्षौहिणीप्रमुख गरेर सैन्य व्यवस्थापन उनिहरूको योग्यतानुसार व्यवस्थित गरिन्थ्यो । प्रत्येक घोडा सवारी गर्ने सैनिकसँग हातहतियार सुसज्जित हुन्थे । हात्ति सवारी युद्धमा पारङ्गत माउते हात्तिको पीठिउँमा चारै दिशातिर फर्केर युद्धमा तयार रहने योद्धा बस्दथे । रथमा पनि चारै दिशाफर्केर रहने योद्धा रथ कुदाउने सारथी रहन्थे ।

पैदल सैनिकसँग विभिन्न प्रकारका हातहतियार युद्धकलामा निपूर्ण सैनिकहरू रहन्थे । युद्धमा हात्तिचालक सारथी ध्वजापताका झण्डा बोक्ने चक्र मुसल बोक्ने, उँट चलाउने, सन्देश वाहक गुप्तचर विभिन्न प्रकारका पञ्छी परेवा वाज आदि गरेका सन्देश वाहक पञ्छीको व्यवस्थापक, गायक भाट मुख्य विरुधक सैन्यको भण्डार, भोजन व्यवस्थापन, खरखजाना व्यवस्थापक सैनिकहरूलाई उपचार गर्ने वैद्य, वार्ताका कुटनीतिज्ञ, सैन्यसामग्री निर्माणकर्ता, भोजन खाद्यअखाद्य परीक्षणकर्ता, विष कन्या, विभिन्न प्रकारका विषालु सर्प विच्छिआदिको विष सङ्कलन कर्ता, हात्तिघोडा आदिलाई खाने आहार व्यवस्थापक हात्तिबाँध्ने डोरी अङ्कुश, घोडाको टापसहित सम्पूर्ण सामग्री व्यवस्थापक आदिलाई साथमा लिएर सैन्य छाउनीहरू निर्माण गरिन्थ्यो । राष्ट्रिय झण्डा, राष्ट्रिय गान, सैनिकको टोपीसहित पोशाकको रङ्ग, पोशाक निर्माणकर्ताको व्यवस्थापक सबैलाई एकआपसमा समन्वय गरेर लाने प्रमुख दायित्व बहन गर्ने, सबैलाई समन्वय गर्ने व्यक्ति, पुरोहित, आचार्य, सैन्य प्रशिक्षणकर्ता गुरु, सबै सैन्य प्रमुखहरूको झण्डा देउता मन्दिर अर्चनाविधि व्यवस्थापन गरिएको हुन्थ्यो ।

धनुर्वेद यजुर्वेदको उपवेद हो । नेपालका वहुसंख्यक जनसमुदाय यजुर्वेदीय छन् । नेपालीहरूको उपवेद धनुर्वेद युद्धशास्त्रसँग सम्बन्धित ज्ञान हो । आज संसारभरि राष्ट्रदेवी महाकाली र गोरक्षनाथको कृपाबाट गोरखकाली सेना संसारभरि प्रसिद्ध छ । हाम्रो रगतको कणकणमा साहस पुरुषार्थ रहेको छ । भगवान पीनाकी युद्धका देउता हुन् । सम्पूर्ण सैन्य कार्यमा जाने योद्धाहरूले जप्ने महामन्त्र शत्रुनाशका लागि आचार्यले प्रदान गर्दथे । यो मन्त्र नित्यजप्नाले युद्धमा विजय निश्चित हुन्थ्यो ।

मन्त्र यस प्रकार छ : **ॐ नमो भगवते धर्म धनुर्वेदाय माम् रक्ष रक्ष मम शत्रून् भक्ष भक्ष हुँ फट् स्वाहा।** यो ३२ अक्षरको मन्त्र ३२ हजारपटक पढेर युद्धमा जाने बेलामा सैनिकहरूलाई दीक्षाको माध्यमबाट शक्तिशाली बनाएर युद्ध मैदानमा लगिन्थ्यो । सबै प्रकारका सैनिकहरूले एकआपसको समन्वयमा युद्ध गर्दथे। यो मन्त्रका ऋषि अहम् हुन् । गायत्री देवता हुन, महेश्वर एवं अरिनिग्रहका लागि यसको विनियोग गरिन्छ। विभिन्न प्रकारका अस्त्रशस्त्रको चर्चा धनुर्वेदमा आएको छ । अग्निपुराणमा शस्त्रअस्त्रको चर्चा भएको छ। मुक्त शस्त्र, अमुक्तशस्त्र, मुक्तामुक्त शस्त्र, मन्त्रयुक्त शस्त्र, धनुर्वेदमा भनिएको छ। जो छोडिन्छ धनुष वाँण भाला भिण्डीपाल शक्ति द्रूघाण तोमरनलिका, लगुण (बन्दूक) पाश, चक्र, दन्तकण्टक, आदि भुसुण्डी, शूलआदि मुक्ताशस्त्रमा पर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अमुक्तशस्त्र बज्र, इलि, परशु (बन्चरो) गोशिर्ष, गोखुर (खुकुरी) असिधेनु लवित्र आस्तर कुन्त (कुञ्जो) हस्तउडा (हतौडो) पाश पीनाक वा त्रिशूल, गदा, मुदगर, सीर मुसल पट्टिश, मौष्टिक, परिघ, मयूखी सनघ्नी आदि पर्दछन् । मुक्तामुक्त शस्त्र जो हातबाट फ्याक्न सकिन्छ जो हातबाट फ्याक्न सकिँदैन । जो हातमै राखेर लडिन्छ । यस्ता प्रकारका अस्त्रशस्त्रको प्रयोग धनुर्वेदमा गरिएको छ । विष्णुचक्र, वज्रस्त्र ब्रह्मास्त्र, कालपाश, नारायणास्त्र यमपाश, जाल, पाशुपतास्त्र, महादेव अस्त्र हुन् । धनुर्वेदमा धनुषको निर्माण प्रकृया ताँदो, तिर, डोरी तिरमा लाउने विष विभिन्न प्रकारका धनुषबाँण बाँणका प्रकारहरू को बारेमा चर्चा भएको छ । बाँणको रङ्ग धनुषको रङ्ग तीन हात पाँच हात सात हात नौ हात लामा धनुष दुई हात छ हात आठहात लामा तिरहरू तीरको बनावट सिंहमुखी धनु, गजमुखी धनु, आदि धनुषको चर्चा भएको छ । धनुषकाँणहरू काठको बाँसको फलामको अन्य विविध प्रकारका विषालु वनस्पतिहरूको काठको धनुषको चर्चा भएको छ । हड्डिहरूको बाँण जस्तै दधिचीआदि गरेका ऋषिहरूको हड्डिको बाँणको चर्चा भएको छ । धनुषबाँण राख्ने टोकरी व्यवस्थीत गर्न विष डोरी आदिको प्रयोग गर्ने विधान चर्चा धनुर्वेदमा भएको छ । दण्डचक्र धर्मचक्र कालचक्र ऐंन्द्रचक्र, धर्मपाश, बरुड पाश, आदि विभिन्न प्रकारका अस्त्रहरूको चर्चा भएको छ । शुक्रनीतिमा तोपलाई वृहन्नालिका भनिएको छ ।

बन्दुकलाई लघु नालिका भनिएको छ । बारुदलाई अग्निचूर्ण भनिएको छ । बारुद बनाउने विधि गोला बन्दुक बनाउने विधिहरू नीतिप्रकाशिका आदिग्रन्थमा चर्चा पाइन्छ । सीसा, ताँमा, पित्तल, फलामका गोली आदि गुलेलीमा हान्ने मट्याङ्रा कोइला गन्धक विभिन्नि प्रकारका भूमि खनिजबाट पाउने धातुहरूको गोली आदिको चर्चा पाइन्छ । रामायण र महाभारतमा आग्नेयास्त्रको वर्णन पाइन्छ । त्यसको आधार भनेको बहुनालीका धेरैवटा मुख भएको अथवा ठूलो मुख भएको तोपको व्यख्या हो । त्यो धेरै मुख भएको फलामको आयुधमा चक्का लाउने विधान गरिएको छ । मदार, खयर, ऐंसेलु, टुनी, पलाश आदि गरेका वनस्पतिहरूको कोइलाको प्रयोग त्यसलाई बारुद बनाउने विधान गन्धको प्रयोग पनि पाइन्छ । एक भाग कोइला, गन्धक, शोडा आदि गरेका रसायनबाट बारुद बनाइन्छ । प्राचिन समयमा तोप स्वचालित गोला बारुद बम आदिको प्रयोग पाइन्छ । विभिन्न प्रकारका युद्धहरूको चर्चा धनुर्वेदमा पाइन्छ । धर्मयुद्ध कुटयुद्ध तुष्णीयुद्ध मल्लयुद्धको बारेमा चर्चा पाइन्छ । व्यापारयुद्ध शस्त्रअस्त्रको युद्ध विभिन्न छलकपटबाट गरिने युद्धको चर्चा पाइन्छ ।

रोगाणु जीवाणु दंशयोग छलकपटवाट शत्रुको खाना भोजन पानीमा विषको प्रायोग किल्लाहरूमा आक्रमण शत्रुलाई छलकपटबाट परास्त गर्ने विधिको बारेमा चर्चा पाइन्छ । राष्ट्र रक्षाका लागि प्रत्येक घरवाट एकव्यक्ति सैन्यक्षेत्रमा जानुपर्ने व्यवस्था गरिएको थियो । आवश्यकता अनुसार सहकार्य गरेर सैन्यव्यवस्थापनमा साथ दिन अनिवार्य प्रत्येक नागरिकले सुरक्षाको प्रशिक्षण लिनुपर्दथ्यो । जुनसुकै बेला पनि राष्ट्रमा आउने सङ्कट समाधानका लागि एकअर्कामा परिपूरकका रूपमा प्रत्येक नागरिकले सैन्य अधिकारीहरूसँग सहकार्य गर्नु पर्दथ्यो । राष्ट्र हितका लागि सीमाको व्यवस्थापन अनिवार्य रूपमा गर्नु पर्दथ्यो।

शस्त्रास्त्र

वैदिक वाङमयमा शिल्प विज्ञान शस्त्रअस्त्रको चर्चा पाइन्छ । विभिन्न प्रकारका हातहतियार निर्माणको प्रसङ्ग रहेको छ । शुक्रनीतिमा आयुधको बारेमा चर्चा पाइन्छ । मन्त्र या यन्त्रद्वारा फ्याकिने अस्त्र या

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शस्त्रको बारेमा चर्चा भेटिन्छ। जसलाई हातमा लिएर लडाइँ गरिन्छ त्यसलाई शस्त्र भनिन्छ। असि शब्द वैदिक वाङमयमा पाइन्छ। असि शब्दले शस्त्रलाई बुझाउँदछ। जसलाई फ्याँकिन्छ मिसिनद्वारा आकाशमा शत्रुलाई प्रहार गरिन्छ त्यसलाई अस्त्र भनिन्छ।

दिव्य अस्त्र

वेदमा दिव्य अस्त्रको बारेमा चर्चा रहेको छ। विद्युत, अग्नि, वायु या देवता या ऋषिद्वारा प्राप्त गरिएको शक्ति प्रकृतिक शक्ति आग्नेय अस्त्र या अग्निवाण दिव्य अस्त्रको बारेमा चर्चा पाइन्छ। अथर्ववेदमा भनिएको छ। आग्नेय अस्त्रद्वारा शत्रुलाई विहोस गरेर ईन्द्रले शत्रुको शिर छेदन गरेको प्रसङ्ग रहेको छ। अहिलेको दिव्य अस्त्र भनेको "क्षेव्यास्त्र" लाई लिन सकिन्छ।

तेषां वो अग्निमूढानाम् इन्द्रो हन्तु वरंवरम् ॥अ.६.६७.२॥

शत्रुको आँखालाई अन्धो बनाएर पराजित गरेको प्रसङ्ग रहेको छ।

चर्क्षुषि – अग्निरादत्तां पुनरेतु पराजिता ॥अ. ३.१.६॥

वायव्य अस्त्र

वायुद्वारा अस्त्रलाई सहिदिशामा भेदन गर्ने पद्धति आँधी वायु बतासलाई दिव्य प्रयोगबाट शक्ति निर्माण गरी शत्रुलाई तितरवितर गर्ने पद्धति रहेको छ।

अग्नेर्वातस्य ध्राज्या तान् विषूचो वि नाशय ॥अ.३.१.५॥

पाशुपत अस्त्र

यो अस्त्रलाई रुद्रको अस्त्रको रूपमा व्याख्या गरिएको छ। श्रीपशुपति, शिवमा रहेको र सञ्चालन गरिएको अस्त्र पाशुपत अस्त्र हो। **परिणोहेतीरुद्रस्य वृज्या** ॥ऋग् २.३३.१४॥

ब्रह्मास्त्र



ब्रह्मद्वारा सञ्चालिन अस्त्रलाई ब्रह्मास्त्र भनिन्छ। अथर्ववेदमा वर्णन गरिएको छ यो अस्त्र प्राप्त गर्नका लागि घोर तपस्या गर्नु पर्दछ। **ब्रह्मणो हेते तपसश्च हेते। मेन्या मेनिरसि.** ॥

अथर्व. ५.६.९॥

आथर्वण अस्त्र

अथर्वण ऋषिद्वारा आविष्कार गरिएको अस्त्र हो। "आथवर्ण अस्त्र" हिंसक पशुलाई बन्धिबनाउने र त्यसलाई मार्नका लागि प्रयोग गरिने अस्त्र हो। ऋगवेद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यजुर्वेद अथर्ववेद नाग पाश बरुण पाश आदिको वर्णन पाइन्छ ।

यत् संयमो न वि यमो..., आथर्वणमसि व्याघ्रजम्भनम् ॥अथर्व. ४.३.७॥

ये ते पाशा वरुण सप्तसप्त..., ॥अथर्व. ४.१६.६॥

सम्मोहन अस्त्र

सम्मोहन गर्न र शत्रुलाई मोहित बनाइ पराजित गराउने अस्त्र सम्मोहन अस्त्र हो ।

अग्नि: ... स सेनां मोहयतु परेषां निर्हस्ताँ च कृणवज्जातवेदा । अथर्व ३.१.१॥

तामस अस्त्र

अश्रुग्याँस जसले आँखा पोल्दछ चारैतिर धुवाँ नै धुवाँ हुन्छ । शत्रुका सेनाले केही देख्दैनन् । शत्रुतिरका सेनापति सहित सबैलाई विहोस बनाउन प्रयोग हुने अन्धकार निम्त्याउने अस्त्रको बारेमा चर्चा पाइन्छ।

तां विध्यत तमसापव्रतेन, यथैषामन्यो अन्यं न जानात् ॥अथर्व. ३.२.६॥

वज्र



ईन्द्रले प्रयोग गरेको सवैभन्दा उच्चकोटिको अस्त्र ईन्द्रको वज्र हो ।

अभ्येनं वज्र आयसः सहस्रभृष्टि ॥ऋग्. १.८०.१२॥

वज्रेण त्रिषन्धिना ॥अथर्व. ११.१०.३॥

वज्रेण शतपर्वणा तीक्ष्णेन. ॥अथर्व. १२.५.६६॥

मेनिः शतवधा हि सा ॥ अथर्व. १२.५.१६॥

वज्रेण खानि – अतृणन् – नदीनाम् ॥ऋग्.... २.१५.३॥

एक सयवटा गाँठा भएको अत्यन्त शक्तिशालि यन्त्रमुक्त पाणिमुक्त अस्त्रको चर्चा पाइन्छ ।

यन्त्रमुक्तं, पाणिमुक्तं, मुक्तसंधारित चयत् अमुक्त बाहुयुद्धं च, पञ्चधा तत् प्रकीर्तितम् । अग्निपु. अ.२४८.२॥

कौटिल्य अर्थशास्त्रमा वर्णित शस्त्रास्त्र

सर्वतोभद्र : सवैतिरबाट शत्रुलाई घेराबन्दी गरी पराजित गर्ने ।

जामदग्न्य : अग्निको पर्खाल बनाउन पित तेल (पेट्रोल) आदिको प्रयोग गरेर शत्रुलाई परास्त्र गर्ने ।

विश्वासघाती : खाल्डो खनेर काठका मुढाहरूको धराप बनाएर विभिन्न प्रकारका हातहतियारद्वारा घात गर्ने अस्त्रशस्त्र ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्जन्यक : आगो निभाउनलाई प्रयोग गरिने पानी आदि फ्याँक्ने अस्त्र ।

लोहजाल, लोहजालिका, लोहपट्ट, लोहकवच, सूत्रकङ्कट, मिश्रितकवच आदि अस्त्रहरू विभिन्न प्रयोजनका लागि काममा ल्याइन्छ ।

मानवीय अस्त्र, शस्त्र



धनुष, वाँण हातले प्रयोग गर्ने अस्त्र ।

धनुर्बिभर्षि ...सहस्रघ्नि शतवधं. ।
रुद्रस्येषु. । अथर्व. ११.२.१२॥

शत्रुलाई वध गर्नका लागि विषमा धनुषको तिर डुवाएर विषयुक्त बनाउने पद्धति को चर्चा

शल्याद् विषं निरवोचम् ॥अथर्व. ४.६.५॥

इषुधि, तूणीर, सृक, हेति, मेनि, प्रहेति, अशनि, ऋष्टि,

सिसाको गोली : शत्रुलाई परास्त्र गर्न विभिन्न प्रकारका गोलीहरू बनाउने विधान गरिएको छ ।त्यसमा सिसाको तामाको फलामका गोली बनाउने विधान रहेको छ ।

तं त्वा सीसेन विध्यामः ॥अथर्व. १.१६.४॥

हलमुख यन्त्र शक्ति, प्रास, कुन्त, हाटक, भिण्डिपाल, शूल, तोमर, असि आदि

स्वायसा असय : सन्ति नो गृहे । अथर्व.१०.१.२०॥

निस्त्रिंश, मण्डलाग्र, असियष्टि, स्वधिति, परशु, क्षुर, वाशी, कृपाण, इत्यादि

चोदयो नून् कार्पाणे शूर वज्रिवः ॥ ऋग्.१०.२२.१०॥

शूल, त्रिशूल आदि अस्त्रको प्रयोग पाइन्छ ।

चक्र, सुदर्शन चक्र आदिको प्रयोग पाइन्छ । **नि चक्रेण रथ्या. ॥ ऋग्. १.५३.९॥**

उल्का : आगोको वर्षा गराउने अस्त्रशस्त्र । **वि सृज विष्वगुल्काः ॥** ऋग्. ४.४.२,

रासायनिक युद्ध र शत्रुनाशन

विभिन्न प्रकारका हातहतियारहरू निर्माण गरी त्यसलाई रासायनिक सङ्क्रमणबाट युद्धको तयारी गर्ने विधान पाइन्छ । रासायनिक हतियारको प्रयोगको विधि ऋगवेदमा प्रष्ट उल्लेख छ । धुवाँ नै धूवा बनाएर शत्रुलाई परास्त्र गर्ने विधि पाइन्छ । **धूमाक्षी सं पततु ॥अथर्व. ११.१०.७॥ सद्यः प्राणहारक धूमयोगः । चित्रभेक ...सद्यः प्राणहरमेतेषां वा धूम ॥** कौटि. अर्थशास्त्र पृ ९०३–९०४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्री मण्डल (Council of Ministers)

शुक्रचार्य मतानुसार

राजा	– रानी : राष्ट्रप्रमुख Head of State
प्रमुख अमात्य प्रधान	– अध्यक्ष President of the Council
पुरोहित	– धर्ममन्त्री Minister of Religion
प्रतिनिधि	– प्रतिनिधि Representative of पौर जनपद
सचिव	– सेनापति, रक्षामन्त्री Minister of War
मन्त्री	– गृह Home Minister
प्राडविवाक	– न्यायमन्त्री Minister of Justice and Chief Justice
पण्डित	– आमात्य विधिमन्त्री Ministrer of Law
सुमन्त्र	– वित्तमन्त्री Minister of finance
अमात्य	– कृषिमन्त्री Minister of Revenue and Agriculture
वृत्त	– विदेशमन्त्री Minister of Diplomacy

राज्यका राष्ट्रको सबै प्रकारले उन्नतीका लागि कार्य विभाजन योग्यतानुसार महत्त्वपूर्ण रहेको छ। जुन विषयको जो विज्ञ हो त्यही विषयको प्रमुख बनाउने विधान हो । मन्त्रीमण्डल चयन गर्दा पनि विषयको विज्ञतालाई विशेष जोड दिएको पाइन्छ । अर्थसँग सम्बन्धित कार्यका लागि अर्थमन्त्री, सुरक्षाको कार्यका लागि सुरक्षामन्त्री, वृत्तसँग सम्बन्धित जानकारीका लागि वृत्तमन्त्री (विदेशमन्त्री) विषयको विज्ञतालाई सम्बन्धित विषयको जिम्मेवारी दिँदा राष्ट्रमा सर्वाङ्गीण हित सम्भव हुन्छ। वेदमा लोक कल्याणका महत्त्वपूर्ण पक्षहरू हरेका छन् । राजनीतिक शास्त्रको प्रथम ग्रन्थ भगवान विरूपाक्षले एक करोड श्लोकको व्याख्या गर्नु भयो । भगवान शङ्करको उपदेशबाट हिरण्यगर्भले प्राप्त गरेको ज्ञान ऋषिहरूलाई उपदेश गर्नुभयो। प्रथम मनुलाई मनुष्यका हितका लागि उपदेश गरेको महानग्रन्थ एक करोड श्लोकको महाग्रन्थ विराट विशाल भएको हुनाले एकलाख श्लोकको ऋषिहरूले शुक्राचार्यलाई उपदेश गर्नुभयो । शुक्राचार्यपछि धेरै ऋषिहरूले व्याख्या गर्दै मनुपछि नेमुनिले नेपालमा यसको व्याख्या गर्नुभयो । पछिल्लो समय आचार्य चाणक्यले अर्थशास्त्रको रूपमा संक्षिप्तीकरण गर्नुभयो । यही ग्रन्थको केही सारांश यहाँहरूको हातमा छ। वेदमा भएका विभिन्न सूत्रहरू यहाँ समावेश गरिएका छन् । आधुनिक समयको साम्यवाद समाजवाद जनवाद विभिन्न तन्त्रहरू लोकतन्त्र प्रजातन्त्र गणतन्त्र जनतन्त्र सबै तन्त्रको स्रोत भनेको वैदिक समाजवाद, साम्यवाद नै हो । चाहे त्यो राजतन्त्रात्मक राज्यव्यवस्था नै किन नहोस् ।

आधुनिक राजनीकि शास्त्रानुसार केन्द्रिय परिषद, राज्यपरिषद्, स्थानीय शासन व्यवस्थालाई विशेष महत्त्व दिएको देखिन्छ । तर प्रचिन राज्यव्यवस्थामा विराट पुरुषको शरीर र शरीरका अङ्गहरूसँग प्रस्तुत गरिएको छ । राष्ट्र विराट पुरुषको पृष्ठ भाग, जनता घाँटी, काँध कान र हात, कोश अर्थ श्री सम्पति शीर, यसकृति प्रजाको सुख, तेजस्विता गतिशिलता गाला जुँगादारी, राजा राष्ट्र प्रमुख आत्म, मित्रताको वल शरीरका सबै अङ्ग, क्षेत्रिय धर्म आत्म प्राण, ज्ञानविज्ञान नाइटो धर्म न्याय खुट्टा । सम्पूर्ण सबल शरीर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको राज्यरूपी वृक्षको सम्पूर्ण अङ्गप्रत्यङ्ग पुष्ट सन्तुष्ट हुनुपर्दछ। एउटा रुखका हाँगापात जस्तै सेना प्रजा उसको फूल राष्ट्ररूपी वृक्षको फल भनेको साराजनता जनार्दन वैदिक राज्य व्यवस्थामा अनेकातामा एकता सम्पूर्ण जनताजनार्दनको सुख शान्ति समवृद्धि न्यायपूर्ण अध्यात्मय जीवनयापनको विधान गरिएको छ।

यत्र विश्वं भवत्वेकनीडम् सम्पूर्ण विश्व एउटै सिद्धान्तमा आश्रित रहन सक्छ। त्यो भनेको सुखी शान्ति समवृद्धि र न्यायपूर्ण सामाजिक व्यवस्था नै हो यजुर्वेदमा भनिएको छ – राज्यले समवृद्धिका लागि प्राप्त गर्नुपर्ने मूल आधार भनेको तेजस्वि, ओजस्वि सामर्थवान् प्रजा, शिक्षामा सबैको सहभागिता ज्ञानमूलक, सीपमूलक व्यवहारिक शिक्षा, कृषि वाणिज्य व्यापारमा सर्वशक्तिमान् राष्ट्रिय ढुकुटी प्रजामा निरोगिता, सुस्वास्थ कल्याण राज्यको कीर्ति। राज्यको सर्वाङ्गिण विकासका लागि राजनीतिक, सामाजिक सांस्कृतिक, समन्वयकारी शिक्षा आपसी सदभाव, धर्म, अधर्मको बोध, सत्यनिष्ठा, परोपकार, सहिष्णुता आदि गुणले युक्त, आर्थिक उन्नतीका लागि कृषि सिँचाइ भूमिको व्यवस्थापन, शान्ति सुरक्षा सुव्यवस्थाआदिको विषयमा यजुर्वेदमा चर्चा गरिएको छ।

वेदमा नारीको भूमिका

अधः पश्यस्व मोपरि, संतरां पादको हर। मा ते कशप्लकौ दृशन् स्त्री हि ब्रह्मा बभूविथ ॥ऋग् ८.३३.१९॥

ऋग्वेदमा वर्णन गरिएको छ। पतिपत्ती मिलेर यज्ञ गर्नु यज्ञमा शुद्ध पवित्र बस्त्र धारण गरेर यज्ञमा सहाभागि हुने, घरमा सुख शान्ति समवृद्धि प्राप्तीका लागि यज्ञ पुरुषसँग प्रार्थना गर्ने। जीवनमा आउने कुनै पनि विघ्नबाधा निवारणका लागि यज्ञमा सहभागी हुने। यज्ञमा पत्नीले ब्रह्मा स्थानलिन सक्छिन्। यज्ञमा स्त्रीले यज्ञको आचार्यत्व गर्ने विधान रहेको छ। स्त्रीले वेद पढ्नु हुन्छ। स्त्रीले ब्रह्मत्व प्राप्त गर्न यज्ञ गर्नु पर्दछ।

या दम्पती समनसा सुनुत आ च धावतः ॥ऋग् ८.३१.५॥

यो वां यज्ञेभिरावृतोऽधिवस्त्रा वधूरिव सपर्यान् शुभे चक्राते अश्विना ॥ऋग. ८.२६.१३॥

स्त्री आस्रय हुन्। स्त्री भवन अर्थात् वासस्थान हुन्। स्त्री रातको मीठो निद्रा हुन्। स्त्री अतिथि सत्कार सेवा गृहस्थधर्म गृहस्वामिनी हुन्। जुन घरमा स्त्री छैनन् त्यो घरमा लक्ष्मीको बास कमै मात्रामा हुन्छ। यसकारण घरको शोभा भनेको स्त्री हुन्।

जायेदस्तम्० ॥ऋग् ३.५३.४॥

स्त्री सङ्गीत हुन्। स्त्री कोइली ध्वनी स्वरूपा हुन्। ऋग्वेदमा भनिएको छ –सुलक्षणा गीत सङ्गीत साधनामा अगाडि रहेर नृत्यकला सङ्गीतकला आदिमा निपूर्ण स्त्रीले घरको शोभा बढाउदछिन्। नारी धर्म र शिक्षा अनिवार्य रूपमा दिनु पर्दछ।

कल्याणीर्जाया सुरणं गृहे ते ॥ऋग् ३.५३.६॥

स्त्रीजातिको गुण धर्म भनेको दान दिनु हो। अरुको पीडा सुन्नु हो। अरुको चहऱ्याइरहेको घाउमा मलमपट्टि लगाउनु स्त्रीले घरका सबैसदस्यको दुःखसुखको साथीको रूपमा रहेर कल्याणको कामना गर्दै परिवारलाई सुखमय बनाउदछिन्। जुन नारी घरमा आएका अतिथिलाई दान दिन्छिन् उनी सुन्दर सुलक्षण विलक्षण हृदयकी हुन्छिन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत त्वा स्त्री शशीयसी पुंसो भवति वस्यसी अदेवत्रादराधसः ॥ऋग् ५.६१.६॥
वि या जानाति जसुरिवि तृष्यन्तं वि कामिनम्० ॥ऋग् ५.६१.७॥

ऋग्वेदमा भनिएको छ। नारी कर्मठ सत्यवादी परिवारको उन्नती चाहने शौभाग्यले युक्त ऐश्वर्ययुक्त नारी सर्वत्र पुजनीय हुन्छिन्।

इषुध्यव ऋतसापः पुरंधीर्वस्वीर्नो अत्र पत्नीरा धिये धुः ॥ऋग ५.४१.६॥
युक्तामातासीद् धुरि दक्षिणायाः ॥ऋग १.१६४.९॥

स्त्रीलाई सैन्य शिक्षा दिइन्थ्यो। ऋग्वेदमा भनिएको छ – नारी सेनापति बन्न सक्छिन्। स्त्रीलाई सेनामा हत्यार चलाउने परीक्षण दिनुपर्दछ। अन्याय अत्याचार विरुद्ध लड्नका लागि तयार पार्नुपर्दछ। वेदमा इन्द्रायणीको भनाइ छ– मलाई कसैले अवला नसंझ। म वीर ईन्द्रकी पत्नी हुँ। मेरा पुत्रहरू महान योद्धा छन्।

स्त्रीयो हि दास आयुधानि चक्रे ॥ऋग् ५.३०.९॥
अवीरामिव मामयं शरारुरभि मन्ये। उतामस्मि वीरिणीन्द्रपत्नी० ॥अथर्व २०.१२६.९॥
संहोत्रं स्म पुरा नारी समनं वाव गच्छति ॥अथर्व २०.१२६.१०॥

नारी यज्ञ गर। स्त्री यज्ञ कार्यमा जुट। श्रीवृद्धिका लागि पतिपत्नी मृगचर्ममा बसेर यज्ञ गर। बालबच्चापरिवारका सबैसदस्यलाई सहभागी गराइ यज्ञ गर। शारीरिक मानसिक सबै प्रकारको रोग शान्तिका लागि यज्ञ गर। याज्ञिक कार्यमा सकृय बन।

यतस्रुचा मिथुना या सपर्यतः भद्रा शक्तिर्यजमानाय सुन्वते ॥अथर्व २०.२५.३॥
...० अधि चर्मणि रोहिते। तत्रोपविश्य सुप्रजा इममग्निं सपर्यतु ॥अथर्व १४.२.२३॥
आरोहन्तु जनयो योनिमग्रे ॥अथर्व १८.३.५७॥

नारीले आफ्ना मातापिता वा मान्यजनको नमस्कार गरुन्। सबैसँग शिष्टाचारपूर्वक सहकार्य गर। यज्ञमा सहभागी सबैलाई अभिवादन गर। यज्ञमा सहभागी हुने पुजनीय सबैलाई सम्मान गर।

पितृभ्यश्च नमस्कुरु ॥अथर्व १४.२.२०॥

नारी गुणले भरिपूर्ण हुन्। परिवारलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छिन्। आफ्ना पितृ पुर्खालाई नमस्कार गर।

अहं केतुरहं मूर्धाऽहमुग्रा विवचनी ॥ऋग्१०.१५९.२॥
मम पुत्राः शत्रुहणोऽथो मे दुहिता विराट्। ...पत्यौ मे श्लोक उत्तमः ॥ ऋग् १०.१५९.३॥

यदि स्त्री मधुरवाणीले युक्त भइनभने उनी उनका पति शौभाग्यशाली हुन्। जसका पुत्र शत्रुहरूलाई घात गर्न सक्छन्। उनीहरूकी आमा शक्तिशाली र विराट हृदयकी हुन्।

जाया पतिं वहति वग्नुना सुमत्। पुंस इद् भद्रो बहतुः परिकृतः ॥ऋग् १०.३२.३॥

नारीको स्वभाव सुशील होस्। पतिब्रत धर्मलाई नित्य निर्वाह गर्न सक्छिन्।

याभिः सोमो मोदते हर्षते च कल्याणीभिर्युवतिभिर्न मर्यः ॥ऋग् १०.३०.५॥

स्त्री पतिव्रता हो। त्यो घर कल्याण हर्ष र सुख शान्तिले भरिपूर्ण छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुव्रता रोहिणी रोहितस्य ॥अथर्व १३.१.२२॥

पतिपत्नीको प्रेम होस् । गृहस्थधर्म नित्य अगाडि बढोस् । परिवारमा सुख शान्ति छाओस् । रोहिणी नक्षत्र चन्द्रमाका साथ रहन्छिन् त्यस्तै गरी परिवारमा सबैको साथ सुखपूर्वक रहन्छिन् ।

एवेद्यूने युवतयो नमन्त सं जानते मनसा सं चिकित्रे ॥ऋग् १०.३०.६॥

नारी सेनापति हुनसक्छिन् । इन्द्रायणी हातमा धनुष धारण गरेर शत्रुको सेनालाई परास्त गर्दै अगाडि बढ्छिन् । इन्द्रायणीले युद्धमा विजय प्राप्त गर्न सक्छिन् ।

विषूच्येतु कृन्तती पिनाकमिव बिभ्रती ॥अथर्व १.२७.२॥

इन्द्राण्येतु प्रथमाजीतामुषिता पुरः ॥अथर्व १.२७.४॥

नारी सम्राज्ञी होस् । महारानी होस् । राजकाज एक्लैले सम्हान सकुन ।

सम्राज्ञी श्वशुरे भव, सम्राज्ञी श्वश्वां भव । ननान्दरि सम्राज्ञी भव, सम्राज्ञी अधि देवृषु ॥ऋग् १०.८५.४६॥

नारी हरण गर्नु महाकलङ्क हो । राष्ट्रका लागि नारीको अस्मिता पवित्रता जोगाइराख्नु महापुण्य हो । प्रजाका हितका लागि नारीले आफ्नो पक्षहरू राख्दथिन् । उचित अनुचित कार्यको परिणामका लागि पनि होसियार रहन्थिन् । जुन देशमा नारीको सम्मान हुँदैनथ्यो त्यहाँ गएर अधिकार प्राप्तिका लागि कार्य गर्दथिन् ।

भीमा जाया ब्राह्मणस्योपनीता, दुर्धां दधाति परमे व्योमन् ॥ऋग्१०.१०९.४॥

नारी नेता बनुन् । सामाजिक कार्यका लागि नारी निडरताका साथ अगाडि बढून् । सामाजिक कार्यका लागि नेतृत्वमा अगाडि आऊन् । प्रत्येक नारीले सामाजिक सङ्गठन बनाऊन् । निडरताका साथ लज्जा, सङ्कोच त्यागेर सफलता प्राप्तिका लागि अगाडि बढून् । विदुषी क्रान्तिकारी बनेर, समाजसुधारक बनेर, समाजको सर्वाङ्गिण हितका लागि काम गरून् । युद्धकलामा निरन्तर निपूर्ण बनून् । शत्रुलाई परास्त गर्न सेनापतिको भूमिकामा रहेर आफ्नो सैन्यशक्ति विस्तार गर्दै सेनामा उत्साह बढाउँदै युद्ध मैदानमा अग्रणी स्थान ग्रहण गरून् ।

अग्र एति युवतिरह्रयाण ॥ऋग्७.८०.२॥

इन्द्राणी वै सेनायै देवता । सैवास्य सेनां सं श्यति ॥तैत्ति० सं० २.२.८.१॥

इन्द्रायणीले सेनाको सेनापति बनेर युद्धमा महत्त्वपूर्ण स्फूर्तिका साथ योगदान दिइन् ।

नारी परिवारको लालनपालन चुल्हाचौका गर्ने मात्र होइन राष्ट्र समाज संस्कृतिकी संवाहक हुन् । परिवारमा-भरणपोषण कार्यमा मात्रै होइन सम्पूर्ण राष्ट्रको नेतृत्व गर्ने अवस्थामा पुगून् । विभिन्न वन्धनबाट मुक्त भएर परिवारको सर्वाङ्गीण हित चाहँदै राष्ट्रको मुक्तिका लागि कार्य गरून् । जहाँ स्त्रीको सम्मान हुन्छ त्यहाँ देवताहरूले वास गर्दछन् ।

राष्ट्र र राज्य

वैदिक काल (नक्षत्र कालगणना अनुसार हजारौहजार वर्ष पहिले) राज्य र राष्ट्रको भिन्नताको विषयमा प्रष्ट उल्लेख गरिएको छ । राज्य ससाना इकाइ हुन् भने राष्ट्र अखण्ड, सनातन, सार्वभौमसत्ता सम्पन्न संस्कृति र सभ्यताको एकीकृत विशाल स्वरूप हो । राष्ट्रमा, राष्ट्रिय धर्म संस्कृति, सभ्यता, रहनसहन अन्योन्याश्रित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बन्ध रहेको हुन्छ । **धारणात् धर्ममित्याहु ....** सच्चरित्र र न्यायपूर्ण समाजको व्यवस्थालाई व्यवस्थित गर्ने चरित्रवान शासकले राष्ट्रलाई व्यवस्थित र सन्तुलित बनाएका हुन्छन् । यजुर्वेद अनुसार विराटपुरुषको स्वरूप राष्ट्र हो । पुर्खाले आर्जेको सनातन अखण्ड भूभाग, तेजस्विता, सुरक्षा, न्याय, दर्शनको एकीकृत भावको अभ्यास गर्ने, न्यायपूर्ण सन्तुलित भाव नै 'राष्ट्रिय एकता' हो । वेदमा राष्टप्रति समर्पणको भाव, राष्ट्रप्रतिको उत्तरदायित्वको विषयमा विस्तृत चर्चा भएको छ ।

व्यक्तिगत स्वतन्त्रता, सामूहिक सहभागिता, उत्तरदायित्वपूर्ण शासन व्यवस्था समानुपातिक सहअस्तित्त्वसहितको एकीकृत स्वरूपलाई बचाएर राख्नु सबैको हितका निम्ति कार्य गर्नु **सर्वे भवन्तु सुखिनः**को भावलाई आत्मसात गर्नु नै राष्ट्रिय जीवनको उच्चतम आदर्श हो । **इदम् राष्ट्राय नामम** ... व्यक्तिले प्राप्त गरेको ज्ञान, शिल्प, विद्या, आर्जेको पुरुषार्थ सबै राष्ट्रको लागि समर्पण भन्ने भाव नै उच्च राष्ट्रिय भावनाले ओतप्रोत अभिव्यक्ति हो । जातीय श्रम, शिल्प, स्वायत्ततावाट मात्र राज्यको स्वरूप निर्धारण हुन्छ । जब जातजातिको धर्म, संस्कृति, सभ्यता, चाडबाड, आपसी सहिष्णुताको विकास हुन्छ, जातीय सहभागिता नभएर श्रम, शिल्प र वर्गीय सहभागिताबाट राज्यको विस्तार हुँदै विराट राष्ट्रको स्वरूप बन्दछ ।

वैदिक वाङ्मयमा राष्ट्रिय जीवनसँग सम्बन्धित विभिन्न कार्यहरूको व्यवस्थापन र प्रयोगको बारेमा चर्चा भएको छ । जसअन्तर्गत सभा, समिति, सङघ, जनवर्ग, जनहित, जनगणना, जनतन्त्रको अभ्यासबाट जनताको हक, अधिकार सुनिश्चित गर्ने उच्चतम आदर्शयुक्त व्यवस्था वैदिक दर्शनमा रहेको छ। राज्यको मौलिकता, क्षेत्र अधिकारका बारेमा प्रशस्त चर्चाहरू पाइन्छन् । प्रजाको हित र सुखका लागि सभा, समिति, विधान र ढाँचाका बारेमा प्रशस्त सूक्तहरू पाइन्छन् ।

अरूले विकास गरेका समाजशास्त्र, अर्थशास्त्र नेपाल मात्र होइन, दक्षिण एशियाकै निम्ति उपयुक्त हुनै सक्दैन । राष्ट्र, समाज र संस्कृतिको रक्षाविना राष्ट्रिय एकता सबल हुन सक्दैन । तीसौं हजार वर्षदेखि अभ्यास भएको वैदिक शासन व्यवस्थाको तिरस्कारले आज यही क्षेत्रमा माटोबाट उब्जिएको धर्म, संस्कृति र सभ्यताको रक्षाबाट मात्र नेपालको राष्ट्रिय एकता र अखण्डता, सामूहिक सद्भावबाट नेपालको सर्वाङ्गीण विकास सम्भव छ। वैदिक समाजवाद सर्वाङ्गीण न्यायपूर्ण समाजविकासको सूत्र हो ।

आधुनिक राजनीति चिन्तन् अनुसार राज्य र राष्ट्रको भिन्नतालाई द्विविधापूर्ण व्याख्या गरेर विश्वभरि अशान्ति, अव्यवस्था र द्वन्द्व फैलाउने निहित स्वार्थ बोकेर राजनैतिक पाखण्डपनको कारण विवश र निरीह जनसमुदाय पीडित बनेका छन् । समाजको भलो गर्नु भन्दा पनि सामाजिक द्वन्द्व फैलाएर राजनीतिक दलका नाममा व्यक्तिवादी चिन्तन हावी भएको छ । समाजको भलाइका लागि वैदिक समाजवाद भन्दा दोस्रो विकल्प अरू सान्दर्भिक नहोला ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक समाजवाद

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग् भवेत् ॥

सबै सुखि हुन, सबैले खाना, नाना र छाना समान रूपमा पाउन । कोही पनि रोगी नहुन । सबैले राम्रा राम्रा कुरा मात्र सुनुन्, गरुन् । राम्रोसँग सुखमय जीवन यापन गरुन्, कोही पनि दुखी नहुन् ।

भगवान राम लक्ष्मणलाई सम्झाउँदै भन्नुहुन्छ, राज्यको उत्पत्ति सातवटा तत्त्वले हुन्छ । राज्यको स्वामी राजा (शासक), अमात्य (मन्त्री), जनपद (राज्य), दुर्ग (राज्यको सिमाना, किल्ला), कोष (अर्थव्यवस्था, खरखजाना), बल (सेना) र दण्ड (न्याय व्यवस्था), सुहत् (राज्यका मित्रराज्यहरू) । यसभित्र रहने सम्पूर्ण न्याय तथा शान्तिप्रेमी जनसमुदाय जनता हुन् । यी सात प्रकारले युक्त भएका राज्यहरूको समूहलाई एकीकृत भएपछि नै सम्पूर्ण राष्ट्र बन्दछ । राज्यको प्रमुख राजा हो भने राष्ट्रको प्रमुख सम्राट हुन्, सात अङ्गविनाको राज्य पूर्ण हुन सक्दैन । राज्यका सबै अवयवहरूलाई सङ्गठित र व्यवस्थित गर्नु पर्दछ ।

जनताका दायित्वहरू र राजधर्मका सन्दर्भमा कुलीनता, परम्परागत मूल्य-मान्यता, सत्य-मार्ग, सदाचार, न्यायपूर्ण सामाजिक व्यवस्थालाई गतिशील जीवनपद्धतिले राष्ट्र उभिएको हुन्छ । जनताका मान्यताहरू- सामाजिक, धार्मिक, राजनीतिक, न्यायिक व्यवस्थाबिना जनताका मान्यताहरू स्थापित हुन सक्दैनन् । राज्यको नेतृत्व गर्नेहरूमा सत्यवादिता, शील-स्वभाव र सदाचार, उदारता, शीघ्रकारिता (कुनै पनि कार्यलाई चाँडोभन्दा चाँडो पूरा गर्ने स्वभाव), अतिसम्वादिता (झूटो कुरा भनेर, आश्वासन दिएर जनतालाई छलकपटद्वारा दुःखी बनाउने) यस्ता प्रवृत्तिबाट टाढा रहने, सत्य भाषण गर्ने (सत्य बोल्ने) नेतृत्वकर्तामा हुनैपर्ने गुणहरू हुन् । वृद्धहरूको सेवा गर्ने, सबैप्रति उदारभाव राख्ने, कसैले गरेको उपकारलाई कहिल्यै नबिर्सने, प्राणीको उपकारका लागि निरन्तर तल्लीन रहने, देवता, ऋषि र सामाजिक मूल्य-मान्यतामा अडिग रहने, नित्य पुरुषार्थ गर्ने, देवता, पितृ तथा मान्यजनको आशिर्वादका लागि निष्ठावान् रहने शासकमा रहनुपर्ने गुणहरू हुन् ।

वृद्धि, सुश्रूषा (प्रज्ञायुक्त चेतनाले काम गर्नु), अक्षुद्र परिवारिता (परिवारका सदस्य जो स्वार्थपरायण छन् तिनीहरूबाट टाढा रहनु) यथाशक्य सामर्थ्य अनुसार सबैको कल्याणका लागि कार्य गर्नु, दुरदर्शिताभाव (दुरदर्शी स्वभावले नित्य कार्य गर्नु), दीर्घदर्शिता (भविष्यमा घटने घटनाप्रति अनुमान गर्नु तथा त्यसका समाधानका उपायहरू खोज्नु), नित्यउत्साहित रहनु, आफ्नो कार्यप्रति समर्पण भावले लाग्नु, शुद्ध चित्त, निडर स्वभाव, आफ्नो विचार र सङ्कल्पप्रति कहिले पनि विचलित नहुने स्वभाव नेतृत्वमा रहनुपर्दछ । जितेन्द्रियता (इन्द्रियको गुणधर्मबाट विचलित नहुनु), प्रज्ञा र चेतनायुक्त भएर कार्य गर्नु, कुरताविहीन हुनु, शत्रुमाथि विजय प्राप्त गर्ने क्रममा आक्रामक भएर प्रस्तुत हुनु, राष्ट्रोन्नतिको साधनापथमा लागिरहनु, पवित्र र शुद्ध हृदयले आत्मकल्याण र लोककल्याणको भावना राख्नु, परिवारको सुख-शान्तिजस्तै राज्यका प्रत्येक नागरिकको सुख-शान्तिको लागि क्रियाशील रहनु शासकको प्रमुख कर्तव्य हो । सुस्वास्थ्य रहनु,

Prof. Madhav Prasad ... Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रेष्ठ वचन बोल्नु, अर्थशास्त्रको राम्रो ज्ञान हुनु, साम, दाम, दण्डभेद नीतिको सञ्चालनमा क्रियाशील रहनु, युद्धमा शारीरिक, मानिसक र आध्यात्मिक बलले शक्तिशाली हुनु, स्मृतिवान बन्नु (कुनै विषयलाई बिर्सने स्वभावको नहुनु), दण्डनीतिमा निपुर्ण रहनु (न्यायव्यवस्थाका धारा-उपधाराको जानकार रहनु, विधि-प्रक्रिया, राज्यसञ्चालनका सम्पूर्ण विषयवस्तुको जानकारी हुनु, व्यवहारकुशल हुनु, गुप्तविद्या, कूटविद्या, पराविद्या, अध्यात्म आदि ६४ विद्यामा निपुर्ण रहनु, शास्त्रको ज्ञान हुनु, अस्त्र (हातहतियार, विज्ञानप्रविधिको ज्ञान प्राप्त गर्नु), सूचना आदान-प्रदान, घटनाको विश्लेषण, व्यवहारिक पक्षमा सुदृढ रहनु ।

कुनै पनि अमर्यादित, अकुशल कर्म, राष्ट्रद्रोह, राष्ट्र र राष्ट्रवासीका निम्ति अहित हुने कार्य गर्नेहरूलाई तुरुन्त दण्ड दिन सक्षम हुनु । न्यायव्यवस्थाको पहिलो धर्म हो । न्यायव्यवस्थाले निर्देशन गरेका अपराधी, अमर्यादित गतिविधिमा संलग्न, अनैतिक कार्य गर्ने, विचार, व्यवहार र कर्मद्वारा राष्ट्रलाई घात गर्नेलाई तुरुन्त दण्ड दिन तल्लीन रहनु । असल दण्डनीतिलाई व्यवस्थित गर्नु । न्याय व्यवस्थाको दायित्व हो । सुरक्षाका सबै अङ्गहरूलाई सक्षम, सबल र समृद्ध बनाउनु सैन्य प्रमुखको दायित्व हो। राष्ट्रका किल्ला (दुर्ग) सिमानाहरूको रक्षा गर्नु, राष्ट्रभित्र र बाहिर हुने विद्रोह तथा राष्ट्रघातीलाई पहिचान गरी दण्ड दिन तल्लीन रहनु, बाहिरी आक्रमणबाट राष्ट्रलाई जोगाउनु सुरक्षा व्यवस्थाका सबै अङ्गहरूको दायित्वभित्र पर्दछ । शत्रुहरूले छोडेको कुनै पनि प्रकारको साम, दाम, दण्डभेदलाई पहिल्यै निस्तेज गराउनु सैन्यप्रमुखको दायित्व हो । साहस, समर्पण र शूरताले युक्त रहनु, शत्रुका कुनै पनि षडयन्त्रलाई तुरुन्त गुप्तविद्याको प्रयोग गरेर बुझ्नु र त्वरित कारवाही गर्नु सुरक्षाकर्मीको दायित्वभित्र पर्दछ। गुप्तचर हरूको परिचालन, तिनीहरूको कार्य, दायित्व, विषयप्रति सक्षम अन्वेषण, कुनै पनि लोभलालचमा नपर्ने इच्छाशक्ति, दृढनिश्चयी गुप्तचरहरूको व्यवस्था गर्नु सैन्यप्रमुखको दायित्वभित्र पर्दछ ।

सन्धिविग्रह तत्त्वविद्, शत्रुहरूको शक्तिको पूर्वानुमान, उनीहरूको बल र सामर्थ्य आकलन गर्नसक्ने क्षमता र सन्धिविग्रहका ६ वटै अवस्थाको जानकारी अनुसार सन्धि तथा बिग्रह गर्ने सामर्थ्य प्राप्त गर्नु कुटनीतिज्ञको कर्तव्य हो । कूतधर्मको जानकार रहनु, शत्रुका सम्पूर्ण चाल, सामर्थ्य, उनीहरूको वैभवका बारेमा जानकारी राख्नु, शत्रुको सामर्थ्यलाई बुझेर कार्य गर्नु ।

गुढमन्त्रणा र आफूले प्रयोग गरेका शक्तिहरूको बारेमा गुप्त र रहस्यमय स्थितिमा राख्नु, रहस्यमय विद्यामा जानकार रहनु, तन्त्र, ज्योतिष, सामुद्रिक शास्त्रको जानकार रहनु । व्यक्तिको हाउभाउ, कटाक्षबाट उसको चरित्रको जानकारी राख्ने कलाको ज्ञान हुनु, शत्रुलाई कुन समयमा आक्रमण गर्दा शत्रु पराजित गर्न सकिन्छ, मुहुर्तको जानकारी राख्नु, शत्रुका गुप्त योजनाहरूलाई पहिल्यै थाह पाउनु, शत्रु देशभित्र आफ्ना गुप्तचरहरूलाई क्रियाशील बनाउनु, शत्रुको मूलमर्ममा प्रहार गर्ने समयको जानकारी राख्नु, युद्धज्योतिषको नियुक्त गर्नु कूटनीतिक दायित्व हो । राष्ट्रभित्रका सत्पात्र, सज्जन र विद्वान्हरूको जानकारी राख्नु । क्रोध, लोभ, भय र दम्भ, द्रोह, स्तम्भन (अरूप्रतिको आकर्षण विकर्षण), चञ्चलता, चपलता (धेरै बोल्ने), विचार गरीकन कुनै ठाउँमा जाने, खाने र बोल्नेबाट टाढै रहने सज्जनको खोजी गर्ने, त्यस्ता सज्जन, निष्ठावान् व्यक्तित्वलाई राष्ट्रका प्रमुख सल्लाहकार, शुभचिन्तक नियुक्त गर्ने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक मान्यताहरू

सर्वे भवन्तु सुखिनः भनेर चराचर स्थावर जङ्गम समस्त प्राणीगण खुशी राख्ने सिद्धान्त हो ।

लौकिक साम्यवाद मानवअधिकार नाना, छाना र खानामा सीमित छ । लौकिक साम्यवाद हिंसात्मक र परिवर्तनशील छ । द्वन्द्वात्मक भौतिकवादलाई प्रोत्साहन दिन्छ । बन्दूकको नालबाट अधिकार प्राप्त गर्न हिंसात्मक गतिविधिलाई प्रोत्साहन गर्दछ । तसर्थ साम्यवादी व्यवस्था जनताकै नजरबाट असान्दर्भिक अतार्किक बन्दै गएको छ । साम्यवादी घोडाका चरित्रहरू हिंसात्मक, काम, क्रोध, लोभ, विग्रह, छलकपटबाट राज्यसत्ताको चरम दुरूपयोग गर्दै राष्ट्रको ढुकुटी सिध्याउने, व्यक्तिवादी चरित्रलाई प्रोत्साहन गर्ने, अनैतिक र असान्दर्भिक क्रियाकलापमा लिप्त रहने चरित्रको निर्माण गर्छ ।...

- ✓ वैदिक दर्शनअनुसार एष धर्मः सनातनः जुन यो धर्म छ, त्यो सनातन हो ।
- ✓ बुद्ध धर्मअनुसार एष धम्मो सनन्तनो भनिन्छ । सबै विषय एउटै हुन् ।
- ✓ धर्मको लक्षण यसरी गरिएको छ : दशकं धर्मलक्षणम् । धर्मका दश लक्षण छन् ।
- ✓ धृतिः क्षमा दमस्तेयं शौचमिन्द्रियनिग्रहः ....।
- ✓ बुद्धले संक्षेपमा पञ्चशील भन्छन् ।
- ✓ ऋषिमहर्षिको मत छ, सबै धर्मको सार एउटै हो । सर्वश्रेष्ठ ज्ञानविज्ञाले ओतप्रोत धर्म भने वैदिक धर्म नै हो ।
- ✓ सृष्टिको आदिमा नासदासीन्नोसदासीत्
- ✓ न सत् थियो न असत् थियो ।

(यो तमो भूत अज्ञात अलक्षण अपरिभाषित अव्यक्तो व्यञ्जन यन्निदं अव्यय)

- ✓ बुद्ध वचन बहुजनहिताय बहुजनसुखाय - बहुजनको हित जहाँ छ, बहुजनले जेमा सुख प्राप्त गर्छन्, त्यही कल्याणकारी मार्ग हो । अन्धकार पन्छाउने प्रकाश लिएर निरज्जन निराकार ज्योतिस्वरूप ईश्वर साकार भाष्कर सूर्य भएर आए ।

सूर्य आत्मा जगतस्तथ्युतश्च सूर्य जगत्को पनि आत्मा हो भनेर साकार निराकारको एकाकार भयो ।

न राज्यं न च राजासीत् न दण्डो न च दाण्डिकः ।
धर्मेणैव प्रजाः सर्वा रक्षन्तेस्म परस्परम् ।

- ✓ न राजा थिए । न राज्य थियो । न दण्ड व्यवस्था थियो । न दण्डदाता नै थिए । धर्मका दुईओटा अक्षरले सबै जनसमुदायले एकआपसमा रक्षा गर्थे । वैदिक राज्यव्यवस्थामा पनि धर्मानुशासनद्वारा राज्यको रक्षा गर्न सकिन्छ ।
- ✓ **धर्मो रक्षति रक्षित :** धर्मको रक्षा गऱ्यो भने धर्मले हाम्रो रक्षा गर्छ । धर्म भनेको मानव धर्म हो । मानवता भनेको नै वैदिक समाजवाद हो ।

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग् भवेत् ॥

सबै खुशी रहून् । सबै निरोगी होऊन् । सबैले भलो देखून् । कुनै एउटा पनि दुःखभागी नहोस्

Prof. Madhav Pra... Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनेर ईश्वरको सृष्टि भएको हो । अनन्त कोटि ब्रह्माण्डका स्थावर जङ्गम चौरासी लाख जातिका असङ्ख्य जीवजन्तु सबै सर्वथा सर्वदा सर्वत्र सुखी रहून्, खुशी होऊन् भन्ने धर्मको उद्देश्य हो । चर, अचर कुनै पनि प्राणीले विनाकारण कुनै प्रकारले पनि कहिल्यै पनि दुःखी हुन नपरोस् भन्ने दार्शनिक भावना मात्र होइन, धर्मले मनसा वाचा कर्मणा आचरणलाई पनि आत्मसात् गरेको छ ।

कुनै एकाङ्गी खण्ड विचारमा मात्र सीमित नभई वेदले अखण्ड विचारधारालाई अङ्गीकार गरेको छ। **आचारः प्रथमो धर्मः** (आचार, सदाचार नै प्रथम धर्म हो) भन्ने ध्रुवधारणा यसको मूल ध्येय हो । अधिनायकवाद छैन । व्यक्ति स्वतन्त्र छ । चार्वाक्‌लाई पनि आफ्नो विचार व्यक्त गर्ने अधिकार छ भन्ने मान्यता राख्छ ।

इत्थं यदा यदा बाधा दानवोत्था भविष्यति ।

तदा तदावतीर्याहं करिष्याम्यरिसंक्षयम् ॥ श्रीमार्कण्डेय पुराण

जब जब धर्तीमा अन्याय अत्याचार बढ्छ, महाशक्तिको प्रादूर्भाव हुन्छ । त्यसैले, एकता शक्तिलाई दुर्गा शक्ति अपार शक्ति हुन् । त्यसैले, नारी शक्ति अपार शक्ति हो । नारी शक्ति जाग्नुपर्छ । राष्ट्र, समाज र संस्कृतिको रक्षामा नारीको महत्त्वपूर्ण भूमिका छ ।

...बहुजनहिताय बहुजनसुखाय धम्मो ।

जे गर्दा धेरै मानिसको हित एवं सबै मानिसको उन्नति प्रगति हुन्छ, त्यही नै वास्तविक धर्म हो भन्ने बौद्ध सिद्धान्त छ । यस्तै जैन आदि सिद्धान्तले पनि यिनै विषयलाई अपनाएका छन् । संसारका सबै सज्जनको सिद्धान्त पनि यही किसिमको छ ।

...ग्रामस्यार्थे कुलं त्यजेत् ।

गाउँको भलो हुन्छ भने एउटै घरलाई छोडिदिनु भन्ने मनुको सिद्धान्त छ ।

...सर्वनाशे समुत्पन्ने अर्धं त्यजति पण्डितः ।

विश्वका समस्त विद्वान्‌हरूको एकमत छ । हिंसा कसैले नगरुन ।

...अहिंसा परमो धर्मः ।

अहिंसा परम धर्म हो, हिंसा नै परम पातक हो ।

...दया धर्मस्य मूलं हि ।

दया नै धर्मको मूल हो । दया छैन, धर्म छैन । मारकाट गर्दा, काँडो बिझ्दा पनि आफूलाई नराम्रो लाग्छ भने कुनै काम अरूप्रति गर्नुहुँदैन । यसो गर्दा व्यक्ति स्वतन्त्रताको हनन हुन्छ ।

...समत्वं योग उच्यते । योग सूत्र

समता नै योग हो । विषमता नै वियोग हो । योगमा पनि वैदिक राष्ट्रव्यवस्थाको वर्णन छ । समर्पण योग नै वैदिक राष्ट्रव्यवस्था हो । राष्ट्रप्रति जीवनको समर्पण नै योग हो । **इदं राष्ट्राय नमम** सम्पूर्ण जीवन राष्ट्रका लागि हो ।

योगः कर्मसु कौशलम् । योग सूत्र

विश्वका समस्त कर्ममा कौशलता प्राप्त गर्नु योग हो । आलस्यको नाम योग होइन । संसारका ६४ कला ६४ उपकलाहरूमा निपुणता प्राप्त गर्नु पनि योग हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

...कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः ।

जनकादि राजर्षि र सनकादि देवर्षिहरू पनि कर्मले नै सिद्ध भएका हुन् ।

...कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः ।

सत्कर्म गर्दै सय वर्षसम्म मानवले बाँच्ने इच्छा राख्नुपर्छ ।

उद्योग योग उच्यते ।

उद्योगलाई पनि योग भनिन्छ । अध्यवसाय परिश्रम पनि योग हो ।

उद्योगिनं पुरुषसिंहमुपैति लक्ष्मी
दैवेन देयमिति का पुरुषा वदन्ति ।
दैवं निहत्य कुरु पौरुषमात्मशक्त्या

पूर्वजन्ममा गरेको कर्म नै दैव हो र दैवका मात्र भर पर्ने होइन । आत्मशक्तिले पुरुषार्थ गर्नुपर्छ । प्रयत्न गर्दा पनि सिद्ध भएन भने कुन त्रुटि कोऽत्र ? भनेर परिशीलन गरी निर्दोष कर्म गरेमा अवश्य सिद्ध हुन्छ, पाखुराका भरमा पर्नुपर्छ । दैवले देला र खाउँला भनेर कहिल्यै भन्नुहुन्न भन्नेमा वेदले जोड दिन्छ । कर्म गर्नुपर्छ । दैवका आशामुखी काँतर हुन् । जस्तो खेती गर्‍यो, उस्तै खानुपर्छ, सुखदुःख अरूले दिएर पाइन्न । आफैले परिश्रम गरेर त्यसबाट पाइएको फल मात्र प्रभावशाली हुन्छ । आँप रोपे आँप नै फल्छ र त्यो फल खान पाइन्छ । नीम रोपे नीम नै खान पाइन्छ ।

...अत्युग्रपुण्यपापानामिहैव फलमश्नुते ।

अति उग्र कामको फल तत्काल पाइन्छ । प्रमाण प्रत्यक्ष छन् । जन्मदेखि मृत्युसम्म मानव जीवन विद्योपार्जनमय छ । मानवले जानी नजानी प्रत्येक पल केही न केही नौलो कुरा सिकिरहेको हुन्छ । सिक्दासिक्दैको अवस्थामा मानिस मर्नुपर्छ र अर्को जन्ममा पनि पाइलापाइलामा नवीन कुरा जानिरहनुपर्छ ।

...उपस्थिता प्राक्तनजन्मविद्या ।

पूर्वजन्मको विद्या पनि साथै उपस्थित हुन्छ । त्यसैले कसैले ज्ञान हासिल गर्छन् भने भने कसैले ढिलो । तर सबैले ग्रहण गर्दछन् । निशारा मृत्युको अर्को नाम हो । त्यसैले, मानिस कहिल्यै पनि निराश हुनुहुँदैन ।

...आशामयं जीवनम् ।

जीवन आशामय र उद्योगमय हुनुपर्छ । अल्छी हुनु भनेको त जिउँदै मरेको (जीवनमृत) जस्तै हो ।

...योगस्थः कुरु कर्माणि ।

योगमा रहेर सबै राम्रा कर्म गर्नु राम्रो हो । योग भनेको धर्म हो । धर्मका दश लक्षण हुन्छन् - धृति, क्षमा, दम, अस्तेय, शौच, इन्द्रिय निग्रह, धी, विद्या, सत्य र दया । योगका दश यम नियम हुन्छन्- अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह, शौच, सन्तोष, तपस्या, स्वाध्याय र ईश्वर प्रणिधान । पञ्चशीलमा यिनै अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह छन् । योग भने पनि धर्म भने पनि पञ्चशील भने पनि कुरा एउटै हो । शब्दमा केही अन्तरजस्तो देखिए पनि अर्थमा अन्तर छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

...एकं सद् विप्रा बहुधा वदन्ति ।

एउटै ईश्वरको सृष्टि गर्दा एक नाम हुन्छ । स्थिति गर्दा अर्को नाम र उपसंहार गर्दा अर्कै नाम हुन्छ।

...निस्त्रैगुण्ये शिवाय नमो नमः ।

त्रिगुणातीत अवस्थामा कल्याणस्वरूप शिव एउटै रहन्छ ।

बहुलरजसे विश्वोत्पत्तौ भवाय नमो नमः ।
प्रबलतमसे तत्संहारे हराय नमो नमः ।
जनसुखकृते सत्त्वोद्रिक्तौ मृडाय नमो नमः ।
प्रमहसि पदे निस्त्रैगुण्ये शिवाय नमो नमः । (शिवमहिम्नः)

वैदिक समाजवादमा ईश्वर पनि छ । ईश्वरको अस्तित्त्व स्वीकार गरिएको छ । अरूले जीवनसम्म जानेका छन् । वैदिक राष्ट्रव्यवस्थाले धर्म र समाज दुवैको परिभाषा गर्छ । यहाँ मानव धर्म छ । अरूले धर्मलाई अफिम मानेका छन् । तर, धर्म कहिल्यै अफिम हुन सक्दैन । विश्वलाई स्वस्थ रूपमा धारण गर्ने ईश्वरीय प्राकृतिक नियमका नाम धर्म हो । अरूलाई नाना-खान र छाना भए पुग्छ । तर वैदिक राष्ट्रव्यवस्थामा शरीरलाई खाना, मानवलाई बास र शरीर ढाक्नलाई नाना चाहिन्छ । त्यसको समान वितरण, सन्तुलित न्यायपूर्ण व्यवस्था वैदिक समाजवादको प्रथम ध्येय हो ।

धर्तीलाई स्वर्ग बनाउने व्यवस्था शान्ति, समृद्धि र सर्वाङ्गीण विकासको आधारबाट धर्तीमा सत्यं शिवं सुन्दरं परिभाषित हुन सक्छ । अरूलाई मरेपछि केही चाहिन्न । वैदिक दर्शनमा यो लोक पनि सुखी हुनुपर्छ र परलोक पनि सुध्रिनुपर्छ । जीवनको अन्त्यपछि पनि शाश्वत शान्ति आत्मसाक्षात्कार चाहिन्छ।

...तज्जलानिति शान्त उपासीत । जसबाट जन्मेको हो, जसमा जीवित थियो र जसमा गएर लीन हुने हो, त्यो केन्द्र सबैको एउटै हो । एकताको केन्द्रबिन्दु हिन्दू मात्रको होइन, सबै मानव र चराचर प्राणीको हो । जाने पनि छ, नजाने पनि छ । माने पनि छ, नमाने पनि छ । सूर्यलाई कसैले माने पनि छ र नमाने पनि छ । पृथ्वी माने पनि छ नमाने पनि छ । आँखा नदेख्ने व्यक्तिले खाँबो देखेन भन्दैमा खाँबो छैन भन्नुहुँदैन ।

लाटोकोसेरोले देखेन भन्दैमा सूर्य नै छैन भन्नु मूर्खता हो । छैन भनेर हात हाले पनि आगोले पोलेरै छाड्छ । छैन भनेर हामफाले पानीले डुबाएरै छाड्छ । छैन भनेर कुहिनाले हाने पनि पहरो छ नै । यस्तै कसैले कुनै कारणले ईश्वर छैन भनेर नमाने पनि ईश्वरीय शक्ति अवश्य नै छ । जसले जे भने पनि रिसाउँदैन । आफ्ना काममा लागिरहन्छ, काम गर्ने मान्छेलाई बहस गर्ने फुर्सद हुँदैन । ईश्वर निरञ्जन निराकार ज्योतिस्वरूप सच्चिदानन्दमय हुनुहुन्छ । हामी सबै ईश्वरका सन्तान हौं । वैदिक समाजवादले यही उद्घोष गर्दछ ।

नदी समुद्रको बाटो बिर्सेर दायाँबायाँ लागे पनि ढिलोचाँडो घुमिफिरी समुद्रमै पुग्छ । जीवले शिवलाई बिर्सेर यताउता भड्किए पनि चौरासी परिक्रमा गरेर एक दिन अवश्य आइपुग्छ । अज्ञानमद, यौवनमद, धनमद, मानमद, पदमद आदि कुनै मदले "जीवनभर ईश्वर छैन" भनेर कुर्लिए पनि अन्तिम समयमा मभन्दा पनि कुनै बलियो रहेछ भनेर **योऽसि सोऽसि नमोऽस्तुते** भनेर मर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षिति जल पवनात्म व्यौम बलेन्दुसूर्या ।
जगति विततरूपा मूर्तयोऽष्टौ हि यस्य ।

ईश्वरका साकार विराट् अष्टमूर्ति पृथ्वी, जल, अग्नि, वायु, आकाश, चन्द्र, सूर्य, आत्मा (जीवात्मा)मा प्रत्यक्ष स्वरूपमा विद्यमान छन् ।

...तत् सृष्ट्वा तदेवानुप्राविशत् ।

अष्टमूर्तिको सृष्टि गरेर आठै मूर्तिका मनमन्दिरमा बसेर जसले चलाइराखेको छ । यन्त्रारूढानि मायमा । सबैको हृदयमा ईश्वरको बास छ ।

...ईशावास्यमिदं सर्वम् । सर्वं खलु इदं ब्रह्म ।

पृथ्वी, जल, तेज, वायु, आकाश उहिलेकै छन् । यिनै पञ्चमहाभूतले बनेको तिम्रो शरीर पनि उहिलेकै हो । शब्द, स्पर्श, रूप, रस र गन्ध पञ्चतन्मात्रा उहिलेकै हुन् । नौलो कसैले केही बनाएको छैन । उहिलेको कुरा खुइलिने नै भन्ने हो भने उहिलेका पाँचै महाभूत छाडिदेऊ । पाँचै तन्मात्रा छाडिदेऊ । पञ्चमहाभूतको पिञ्जरा शरीर पनि छाडिदेऊ । सबै नौलो अहिलेकाले र उसैमा बसेर कुरा गर । हामी त उहिलेको पुरानामा नै बसेर कुरा गर्छौं ।

हामीलाई आकाश नौलो छैन र धर्ती पनि । हामी पुरानैमा अटाएका छौँ । हाम्रो विचार पनि सनातन छ। माटोको धर्म छोड्यो भने समाज भाँडिन्छ । समाज भाँडियो भने संस्कृति मासिन्छ। संस्कृति मासियो भने समाज, राष्ट्र केही रहँदैन । पहिलो कर्तव्य धर्मसंस्कृतिको रक्षा र राष्ट्रको रक्षा नै हो ।

...आत्मा खलु विश्वमूलम् ।

विश्वको मूल आत्मा उहिलेकै छ ।

...आत्मनः प्रतिकूलानि परेषां न समाचरेत्

आफूलाई नराम्रो लाग्ने कुनै व्यवहार अरूप्रति पनि नगर्नू भन्ने आचारसंहिता वैदिक राष्ट्रव्यवस्थाको उद्घोष हो। अधर्मवादीहरूको बोलवाला हुँदा कुनै ठोस पदार्थको अस्तित्त्व स्वीकार गर्दिनँ भन्छन्। के उनीहरूले पृथ्वी, पानी, आगो, बतास, आकाश, रूप, रस, गन्ध, स्पर्श, शब्द आदि सबै खारेज गर्न सक्छन् ?

धर्मनिरपेक्ष चाहनेहरूले आगोको धर्म, पानीको धर्म, पृथ्वीको धर्म, फलको धर्म, बाबुको धर्म, आमाको धर्म, छोराको धर्म, छोरीको धर्म, पतिको धर्म, पत्नीको धर्म निरपेक्ष गर्न सक्छन् ?

पहिले पृथ्वी र पार्थिव शरीर छोड्नुपर्‍यो । अनि अरू पुराना रूढीवादी मान्यतालाई फालेर सबै कुरा नौला र सुकिला कुरा गर्नुपर्‍यो । उहिलेको पृथ्वीमा पाइला हाल्न, उहिलेको पानी खान, उहिलेका उज्यालामा आँखा तर्न पाइन्न । उहिलेको हावामा सास फेर्न र उहिलेको आकाशमा टाउको ठडयाउन पाइन्न। सबै आफ्नै बनाउनुपर्छ। सबै नौला र नयाँ बनाउनुपर्छ। त्यस्तो विचार राख्ने व्यक्तिले डाँडाकाँडा, खोलानाला, चन्द्रसूर्य, नदीसमुद्र, ढुङ्गामाटो, वृक्षलहरा, फलफूल, अन्न आदि समस्त वस्तु उहिलेको फालेर अहिलेको आफ्नै नौलो र झिलिमिलि बनाउन सक्छन् ?

पहिलेका पञ्चमहाभूतबाहेकको आफ्नै नौलो पञ्चमहाभूत भएको शरीर बनाएर आफ्नै शब्द सृष्टि गरेर कुरा गर्नु कल्याणकारी हुन्छ ।

Prof. Madhav Pras... ...llection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

...मायान्तु प्रकृतिं विद्यान्मायिनंतु महेश्वरम् ।

प्रकृति माया हुन् । महेश्वर मायी हुन् । ईश्वर अंश जीव अविनाशी छ । आकाश, वायु, तेज, जल, पृथ्वी, पार्थिव पदार्थ सबै उहिलेका हुन् । शब्द, स्पर्श, रूप, रस, गन्ध आदि सबै उहिलेका । पञ्चतत्त्व, पञ्चतन्मात्रा, पञ्चप्राण, पञ्चउपप्राण, पञ्च अन्तःकरण, प्रकृति-पुरुष, ईश्वर सबै उहिलेका नै हुन् । अहिलेको एउटा पनि छैन । स्थूल पदार्थ सबै पृथ्वीका विकार हुन् । नामरूपात्मक जगत् उहिलेकै हो । सत्-चित्-आनन्द-आत्मा सबै उहिलेकै हुन् ।

हाम्रा स्वर्ग, नरक यहीँ छन् । स्वर्ग खोज्न आकाशमा जानुपर्दैन । नर्क खोज्न पातालमा जानुपर्दैन । जस्तो कर्म गऱ्यो त्यस्तै फल मिल्छ । कर्म राम्रो गर । यही हो वैदिक व्यवस्था ।

...इहैव स्वर्गः इहैव नरकः । यत्सुखं स स्वर्गः यद् दुःखं, स नरकः ।

स्वर्ग यहीँ छ र नरक पनि । जहाँ दुःख छ, त्यसैलाई नरक भनिन्छ । जहाँ सुख छ, त्यही नै स्वर्ग हो । यो आफ्नै कर्मशील हातले बनाइन्छ । सुखदुःख आफ्नै कमाइको फल हो, जो अवश्य नै भोग्नुपर्छ । वैदिक समाजवादमा कुनै किसिमको विवाद छैन । सबै कुरा निर्विवाद छन् । निर्विकल्प छन् ।

वेदमा -

कलिः शयानो भवति, उज्जिहानस्तु द्वापरः ।
उत्तिष्ठंस्त्रेता भवति, कृतं सम्पद्यते चरन् । ऐतरेय ब्राह्मण
तस्मात् चरैवेति चरैवेति ।

सुतुवा, अल्छी, झगडा गर्ने देश एवं जाति बढी हुने अवस्था कलियुगको हो । उठौं कि नउठौं भनेर सन्देह गर्ने द्वापरयुग हो । अब त उठ्नैपऱ्यो भनेर उत्थानशील एवं विकासोन्मुख युगलाई त्रेतायुग भनिन्छ । राम्रो र महान् लक्ष्य लिएर निरन्तर क्रियाशील मानिसले सफलताको शिखरमा पुग्न सक्छ । मौरीले निरन्तर कर्म गर्छ, जसले अत्यन्त मीठो महलाई एकीतृत गर्दछ । मौरीबाट हामीले धेरै गुण सिक्न सक्छौं । सङ्घे शक्ति कलौ युगे । सङ्गठनको शक्तिबाट मात्र मूल गन्तव्यमा पुग्न सकिन्छ ।

युगलाई हामीले जस्तो चाह्यौं उस्तै बनाउन सकिन्छ । महिषासुरले कलियुग ल्याएको थियो । दुर्गाले त्यो फालेर सत्ययुगको स्थापना गरिन् । मनुले सत्ययुग चलाएका थिए । वेनले कलियुग मच्चाएको थियो; । पृथुले सत्ययुगको स्थापना गरे । रावणले ऋषि मुनिको रक्तकरसम्म लिने कलियुग चलाएको थियो; । रामले रामराज्यको स्थापना गरे । कंसले कलियुगको करकाप लगाएको थियो । कृष्णले सत्ययुगको स्थापना गरे । जनक दशरथका राज्यमा सतयुग थियो । हामीले वैदिककालको सत्य व्यवहार चलायौं भने सत्ययुग हुन्छ, हुन्छ चलाउनैपर्छ । सबै मिली चलाऊँ । कल गरे कलि हुन्छ, सत्य गरे सत्य हुन्छ ।

एकै दिनमा चार युग हुन्छन् । ६ घन्टा अर्थात् १५ घडीको एक युग हुन्छ । ब्रह्ममुहर्त बिहान ४ बजेदेखि दश बजेसम्म सत्ययुग हुन्छ । दश बजेदेखि सायं ४ बजेसम्म त्रेतायुग हुन्छ । सायं ४ बजेदेखि रात्रि १० बजेसम्म द्वापर युग हुन्छं र रात्रि दश बजेदेखि बिहान ४ बजेसम्म कलियुग हुन्छ । यसरी ६० घडी/२४ घण्टा अहोरात्रभित्र पनि चारै युग आउँछन् र आफ्नो प्रभाव देखाउँछन् । विवेक दृष्टिले हेर्दा सबै छर्लङ्ग देखिन्छ । यो हो सामान्य प्रकृतिको नियम । यसमा पनि मानव प्रयत्नले चाहेजस्तो युग बनाउन सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनीश्वरवादीहरूले ईश्वर छैन भन्छन् । तर, वैदिक समाजवादमा ईश्वर छ । प्रकृति-पुरुष पनि छन् । संसार छ, संसारको जन्मदाता विधाता पनि छ । छोराछोरी छन्, छोराछोरीका जन्मदाता मातापिता पनि छन् । यसैगरी सबै चराचरका जन्मदाता जगन्माता जगत्पिता पनि छन् ।

माता च पार्वती देवी पिता देवो महेश्वरः ।

बान्धवा मानवाः सर्वे स्वदेशो भुवनत्रयम् ।

विश्वमानव जातिकी माता पार्वती र पिता महादेव हुन् । समस्त मानव भाईबन्धु हुन् । तीन लोक चौध भुवन अनन्त कोटि ब्रह्माण्ड स्वदेश हुन् । परदेश हो भन्ने सङ्कीर्ण विचार हो ।

ॐ द्यौमे पिता । माता मे पृथिवी । पुत्रोऽहं पृथिव्याः । नमो मात्रे पृथिव्यै ।

अयं निजः परोवेति गणना लघुचेतसाम् ।

उदार चरितानां तु वसुधैव कुटुम्बकम् ।

ईशावास्यमिदं सर्वम् । सर्व खल्विदं ब्रह्म । आत्मा खलु विश्वमूलम् ।

कृण्वन्तो विश्वमार्यम् । वेदोऽखिलो धर्ममूलम् । धर्मो धारयते प्रजाः ।

तस्माद्वा एतस्मादात्मन आकाशः सम्भूतः । आकाशाद् वायुः ।

वायोरग्निः अग्नेरापः । अद्भ्यः पृथ्वी । पृथिव्या अन्नम् ।

अन्नात् पुरुषः (प्राणी) पुर्षु शेते पुरुषः । जीवः ।

समस्त-स्थावर-जङ्गम-जीव निवहः ।

यस विचित्र विश्वको निर्माता कुनै अकारण करुणावरुणालय छ । कारण नभइ कार्य हुँदैन । कर्ता नभई कार्य हुँदैन । कर्ता नभई एउटा सानो खरको छाप्रो पनि बन्दैन । धोती बन्दैन, टोपी, कागज, कलम, मसी, सियो केही बन्दैन । कुनै वस्तुको निर्माता कुनै व्यक्ति वा संस्था हुनैपर्छ । कसैको कर्ता अगाडि प्रत्यक्ष देखिन्छ भने कसैको कर्ता परोक्ष हुन्छ ।

केही छ भने कोही पनि अवश्य छ । हाम्रा आँखाले देखोस् वा नदेखोस् । बाजे परबाजे जिजुबाजे देखिन्नन् । तर, छैनन् थिएनन् भन्न कसैले पाउँदैन । छैनन् भन्न कसैले सक्दैन । त्यस्तै ईश्वर छैन भन्न कसैले सक्दैन । भन्छ भने आफू छुँइन भन्ने बुझ्नुपर्छ । मानसिक सन्तुलन बिग्रिएको बौलाहाले मात्र म छैन, ईश्वर छैन, पापपुण्य छैन, स्वर्ग, नरक, माता-पिता, भक्ष्याभक्ष्य केही छैन भन्छ ।

वैदिक समाजवादमा **पण्डिताः समदर्शिनः** हुन्छन् **समवर्तिनः** हुन्नन् । विवेकी विवेक दृष्टिले सर्वत्र आत्मलाई टम्म-सम्म देख्छन् । व्यवहार दृष्टिले संसारको कुलको मर्यादा पनि राखेर काम गर्छन्; जथाभावी गर्दैनन् । एउटै हातका पाँचै औंला समान हुँदैनन्; रक्तमा, नाडीमा, सुखदुःखमा, थर, गोत्र, प्रवरमा, खान लाउनमा, यस्ता अरू काममा पनि बराबर हुन्छन् । उचालाई काटेर र होचालाई तन्काएर बराबर गर्ने चलन छैन । प्रकृतिदेवीले जे जस्तो गर्छिन्, संसारको अस्तित्त्व रहेसम्म उस्तै रहन्छ । त्यस बेलासम्म **सर्वं खलु इदं ब्रह्म** हुन्छ ।

वैदिक समाजवादमा अहिंसाको महिमा छ । अहिंसाको विवेक र परिसंख्या छ । **बहुजनहिताय बहुजनसुखाय**का साथमा **ग्रामस्यार्थे कुलं त्यजेत्** भन्ने मानसिकता छ ।

Prof. Madhav Pras... llection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अग्निदो गरदश्चैव शस्त्रपाणिर्धनापहः ।
क्षेत्रदाराहरश्चैव षडेते ह्याततायिनः ।
आततायिनमायान्तं हन्यादेवाविचारयन् ।
आततायिवधे दोषो हन्तुर्भवति कश्चन ।
एकहिंसा लक्षरक्षा न हिंसा पालनं हि तत् ।

आगो लगाउने, विष खुवाउने, हतियार लिएर आइलाग्ने, धन हरण गर्ने, भूमिहरण गर्ने र नारी हरण गर्ने यी ६ प्रकारका आततायी हुन्छन् । यस्ता आततायी जोसुकै भए पनि कुनै विचार नगरेर तुरुन्त मारिदिनुपर्छ। आततायीलाई जसरी मारे पनि पाप लाग्दैन भनिएको छ ।

वैदिक समाजवादमा बाँडेर खाऊँ, बाँडेर लाऊँ, मिलेर बस भन्ने छ । सबैलाई भोकानाङ्गा सुकुमवासी राखेर एक्ले बाँदर नबन भन्ने छ ।

दीयतामथ भुज्यताम् ।
केवलाघो भवति केवलादी ।
अन्नं ब्रह्मा रसो विष्णुर्भोक्ता देवो महेश्वरः ।
एवं ज्ञात्वा तु यो भुङ्क्ते अन्नदोषैर्न लिप्यते ।

खाने कुरा सबै अन्न हो, अन्न ईश्वर हो, अन्न खाने पनि ईश्वर नै हो । एउटै ईश्वर प्रकृति देवीका तीन गुणको विभाग गरेर तीन रूप लिएर तीन नामले सम्बोधित छ । अन्न ब्रह्मा, अन्नको रस विष्णु र अन्न खाने रुद्र हो । एउटै ईश्वर सृष्टिमा रजोगुणको आश्रय लिएर ब्रह्मा हुन्छ । स्थितिमा सत्त्वगुणको आश्रय लिएर विष्णु हुन्छ । प्रलयमा तमोगुणको आश्रय लियेर रुद्र बन्छ ।

बहुलरजसे विश्वोत्पत्तौ भवाय नमो नमः ।
प्रबलतमसे तत्संहारे हराय नमो नमः ।
प्रमहसि पदे निस्त्रैगुण्ये शिवाय नमो नमः ।

सर्वे भवन्तु सुखिनः भन्ने वैदिक समाजवादमा मबाहेक अरू सबै सुखी रहून् भनेको होइन । सर्वे भन्नाले सर्वनाममा तँ, म, तिमी, हामी, यो, त्यो, यिनी, तिनी, सबै सुखी रहून् भनेको हो । सर्व भन्दा प्रथम-मध्यम-उत्कृष्ट सबैको ग्रहण हुन्छ । वेदमा भेद छैन । वेदवादी भेदवादी हुँदैन । वेद भनेको फेद हो । फेदमाथि सबै हाँगाबिँगा जन्मेर बाँचेका हुन्छन् ।

...सृष्टेर्मूलकन्दो भाषा भाषायाः पल्लवः सृष्टिः ।

सृष्टिको मूल कन्द भाषा हो । भाषाका पालुवा सृष्टि हुन् । सृष्टि असंख्य छन् ।

...मूर्तित्वे परिकल्पितः शशभृतः ।

भाषा भनेको निरञ्जन निराकार ज्योतिस्वरूप परमात्माको प्रतिनिधि प्रतिमूर्ति सूर्य (ज्योति) हो ।

...सूर्य आत्मा जगतस्तस्थुषश्च । वेद

स्थावर एवं जङ्गम समस्त जगत्को आत्मा साकार ईश्वर सूर्य नै हुन् ।

...पुत्रनामासि स जीव शरदः शतम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्यका प्रकाशले चन्द्र-तारा-ग्रह-नक्षत्र-पृथ्वी प्रभृति सबै प्रकाशित र जीवित छन् । सूर्य पनि ईश्वरबाट प्रकाशित छ । स्वतः प्रकाशित छैन । ईश्वर मात्र स्वतः प्रकाशित र स्वतः प्रमाणित छ । ईश्वरलाई देखाउने अर्को ईश्वर चाहिन्न । बत्तीलाई देखाउन अर्को बत्ती चाहिँदैन । वैदिक समाजवादमा शिक्षाको प्रथम स्थान छ ।

शिक्षाविकारे सकलो विकारः...

शिक्षासुधारे सकलः सुधार...

आदर्श शिक्षा पद्धति गुरुकुलीय शिक्षा पद्धति हो । जन्मदेखि संस्कारयुक्त शिक्षाले मानवलाई महामानव बनाउन सक्दछ । शिक्षा नै सम्पूर्ण ज्योतिको पुञ्ज हो । शिक्षा प्राप्तिमा कुनै प्रमाद आलस्यता हुनुहुँदैन । आदर्श राज्यको स्रोत भनेको शिक्षा हो । शिक्षाले अमृतत्त्व प्रदान गर्दछ । जुन शिक्षाले जिवन मुक्ति यो लोक र परलोक सुध्रिन्छ । त्यो शिक्षा महत्त्वपूर्ण हुन्छ । समाजलाई अगाडि बढाउन शिक्षा नै महत्त्वपूर्ण हो । शिक्षा बिग्रियो भने सबै बिग्रिन्छ । शिक्षा सपार्न सके सबै कुरा सप्रिन्छ । शिक्षाले नै राजा-रङ्क, नर-नारी, वाल-वृद्ध, धनी-निर्धन सबै बनाउँछ । शिक्षा राम्रो राख्ने व्यवस्था समाजको हातमा हुन्छ । विदेशी विजाति विधर्मी शोषक सामन्ती शासकले शिक्षालाई प्रहार गर्दछ । शिक्षामा जागरणका लागि जनता जागरुक हुन आवश्यक छ । देश, कला पात्रानुकूल अनुशासनशील वैदिकानुशासन अनुसार शिक्षा विवेकपूर्ण हुनुपर्छ । अध्यात्मवादी शिक्षाले मानवलाई पूर्णत्वतर्फ लैजान्छ । शिक्षामा अनुशासन, नैतिकता चाहिन्छ ।

न्याय व्यवस्था

वैदिक समाजवादमा न्याय व्यवस्था निष्पक्ष र निष्कलङ्क हुन्छ । मेरो-तेरो, शत्रु-मित्र, सानो-ठूलो, जातिवाद, पातिवाद, नातावाद, कृपावाद, थैलावाद, रैलावाद, धनी-निर्धन, प्रमोद, उपेक्षा, लिप्सा, जुगुप्सा कुनै भेदभाव हुँदैन । नीरक्षीरविवेकी राजहंसले जस्तै गर्ने न्याय हुन्छ । वकिलका अकिलले लेखिएका कागजका तागतमा भर नपरी स्थानीय जनताका लागि धर्मशास्त्रसम्मत सङ्लो न्याय हुन्छ । अन्याय अशान्ति कतै हुँदैन । सर्वत्र निःशुल्क निष्कलङ्क राजहंसन्याय हुन्छ ।

"सत्य मेव जयते" को भावना उपनिषद्को हो । सत्यको सधैँ जित हुन्छ । न्यायकी देवी सधैँ सत्यको पक्षमा रहन्छिन् । कसैमाथि अनाहकमा अन्याय नहोस् । न्याय दिन ढिलो गर्नु भनेको अन्याय गर्नु हो । न्याय निष्कलङ्क निष्पक्ष हुनुपर्छ । सबैलाई समान न्याय दिनु पर्दछ । सानो ठूलो गरिब धनी सबैलाई न्याय समान हुन्छ । न्याय किनबेच हुँदैन । न्यायधीशले न्याय गर्दा लोभ लालच अन्याय अत्याचारीलाई सहयोग गर्दछ त्यसलाई तुरुन्त मृत्युदण्ड दिनुपर्दछ । न्यायमा सबैको समान पहुँच हुनुपर्दछ । न्यायधीशलाई साक्षात न्यायमूर्ति, धर्ममूर्ति राष्ट्रको धरोहर भनिएको छ । न्याय व्यवस्था सबल भयो भने राज्य, राष्ट्र सबल बन्दछ ।

गुरुरात्मवतां शास्ता राजा शास्ता दुरात्मनाम् ।
प्रच्छन्न कृतपापानां शास्ता वैवस्वतो यमः... ।

आत्मवान्, अध्यात्मवादी, सुशिक्षित, अनुशासनशील, कुलीन, शालीन, सभ्य, सज्जन र गुरु, गुरुकुल, ऋषि-मुनि, ऋषि-कल्प, ज्ञानी-ध्यानी, योगीजन हुन्छन् । उच्छङ्खल, उद्दण्ड, उत्कोची, अन्यायी, लोभी, पापी, दुराचारी, भ्रष्टाचारी, अनाचारी, स्ववैरी, समाजदूषक, दुर्दान्त आदि दुष्टहरूले जस्तै गरी समाजको शोषण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने, प्रशासनलाई पनि नटेर्ने समाज, कण्टकका शासक सर्वज्ञ यमराज हुन्छन् ।

वैदिक समाजवादमा राजा वा राष्ट्रप्रमुखले नित्यप्रति पञ्च महायज्ञ गर्नु अनिवार्य हुन्छ ।

...**दुष्टस्य दण्डः सुजनस्य पूजा**– दुष्टलाई दण्ड दिन सञ्जन व्यक्तिलाई प्रोत्साहन गर्नु राष्ट्र प्रमुखको दायित्व हो ।

न्यायेन कोषस्य च सम्प्रवृद्धिः– न्यायद्वारा राज्यकोषको सम्वृद्धि गर्नुपर्दछ ।

अपक्षपातोऽर्थिषु राष्ट्ररक्षा

पञ्चैव यज्ञाः कथिता नृपाणाम् ।

राजा राष्ट्रं विरक्षति । सप्तप्रकृति राष्ट्रम् ।

राजा प्रकृति रञ्जनात् स्वाम्यमात्यसुहृद्कोषराष्ट्रदुर्गबलानि च ।

प्रकृतिकोपो हि सर्व कोपेभ्यो गरीयान् ।

हन्ति राष्ट्रं सनायकम् ।

अनायक हुँदा पनि नाश हुन्छ । धेरै नायक हुँदा पनि राष्ट्रको नाश हुन्छ । किनकी धेरै नायक भएपछि विवाद कलह अनास्था लोभ लालच अहङ्कार वैमनस्याले राष्ट्रलाई क्षति पुग्दछ ।

अनायका विनश्यन्ति नश्यन्ति बहुनायकाः ।

स्त्रीनायका विनश्यन्ति नश्यन्ति शिशुनायकाः ॥

मालाकार इव प्रयोग कुशलो राजा चिरं नन्दति ।

दुष्टलाई दण्ड दिनैपर्छ; सज्जनको पूजा गर्नैपर्छ । अन्यायले होइन न्यायपूर्वक राष्ट्रकोषको वृद्धि गर्नुपर्छ । राष्ट्रकोष र राजकोष एउटै हुन्छ । राष्ट्रध्वज र राजध्वज एउटै रहन्छ ।

राष्ट्रिय झण्डा सवैको साझा हुनैपर्छ । त्रिकोण चारकोण पाँचकोण षडकोण त्रिभुजाकार रातो सेतो हरियो नीलो पँहेलो प्रकृतिसँग मेल खाने झण्डा हुनै पर्छ । राष्ट्रिय गान, राष्ट्रिय झण्डा, राष्ट्रिय चिन्ह, राष्ट्रिय पोशाक, राष्ट्रिय खाना, राष्ट्रिय रङ्ग, राष्ट्रिय चरो, राष्ट्रिय जनावर चाहिन्छ । राष्ट्रको उन्नति प्रगति सम्वृद्धिका लागि राष्ट्रिय जिवन राष्ट्रिय चरित्र चाहिन्छ । रणनीति युद्धनीति कुटनीति समाजनीति राजनीति कसरी गतिशिल छ त्यसको ज्ञान आवश्यक छ ।

अर्थार्थी, विद्यार्थी, कन्यार्थी, धनार्थी, धान्यार्थी, मानार्थी, शरणार्थी, क्षेत्रार्थी, वासार्थी, न्यायार्थी, स्वास्थ्यार्थी, दीक्षार्थी, ज्ञानार्थी, गवार्थी इत्यादि सबैले आआफ्नो दायित्व पूरा गर्नैपर्छ । आर्थिक विषयमा निष्पक्ष दान दिनैपर्छ । यज्ञ-महायज्ञ गरोस् वा नगरोस्; यी पाँच महायज्ञ राजा, राष्ट्रपति, अध्यक्ष अथवा देशका कुनै पनि नायकले यी पञ्चमहायज्ञ गर्नैपर्छ । नत्र सबैको नाश हुन्छ । सबैतिरबाट राष्ट्रको रक्षा गर्नेलाई राजा वा राष्ट्रपति आदि भनिन्छ ।

राष्ट्रमा सात अङ्गका प्रकृति हुन्छन् - स्वामी, अमात्य, सुहृत्, कोष, राष्ट्र, दुर्ग र बल । स्वामी भनेको राजा, राष्ट्रपति अध्यक्ष अधिनायक आदि हो । अमात्य भनेको मन्त्री सचिव परामर्शदाता आदि हुन् । राम्रो हृदय भएका मित्र र मित्रराष्ट्रहरू हुन् । कोष भनेको राष्ट्रकोष/राजकोष हो । राष्ट्र भनेकै राष्ट्रका समस्त जनता हुन् । ढुङ्गो, माटो, पानी मात्र राष्ट्र होइन । राष्ट्र रक्षाका स्तम्भ दुर्ग हुन् र दुर्ग धेरै प्रकारका हुन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जलदुर्ग, मरुदुर्ग, नरदुर्ग, नवदुर्ग आदिमा सर्वोत्तम शैलदुर्ग हो । बल पनि धेरै प्रकारका हुन्छन् । सैन्यबल, जनबल, धनबल, मनोबल आदिमा उत्कृष्ट बुद्धिवल हो ।

...बुद्धिर्यस्य बलं तस्य निर्बुद्धेस्तु कुतो बलम् ...

आत्मबल पनि यही हो । बुद्धिमान् नायकले सातै अङ्ग परस्पर बलिष्ठ सम्बन्धले मिलाई राख्छ । कुनै कारणले प्राकृतिक प्रकोप भयो भने नायकसमेत राष्ट्रको हत्या हुन्छ । सबै प्रकारका प्रकोपको तुलनामा प्रकृति प्रकोप प्रमुख हो । जसको योग्य एउटा नायक छैन, तिनको नाश हुन्छ । जसका धेरै नाइके आफूखुशी छन्, तिनको पनि नाश हुन्छ ।

ससरपरी, घोषा विद्युत्तमा, सौराज्ञी, सम्पदा, षष्ठीका, भृकुटी, तारा, दुर्गा, चन्द्रप्रभा, शुरप्रभा आदि आदर्श नारी योग्य नायक पनि हुन्छन् । जसको नायक शिशु छ अथवा शिशुस्वभावको छ, त्यस्ताको पनि नाश हुन्छ । दृष्टान्त प्रत्यक्ष त्यस्तै देशको माली पनि **योग्यं योग्याय दातव्यम्** भनेजस्तै यथायोग्य स्थानमा योग्य व्यक्तित्व छानेर राख्नुपर्दछ । कुशलतापूर्वक राज्य चलाउन सक्ने राजा राष्ट्रपति वा अध्यक्षादि कुशल नायक भए भने सबैको भलो हुन्छ । त्यस्तो योग्य नायक नपाइएको खण्डमा समाजका मनीषी महर्षिहरूले नै राज्य चलाउनुपर्छ । जसरी धर्मका दुईओटा अक्षरका आधारमा वैदिक कालमा वैदिक समाजवाद चिरस्थायी भएर चलेको थियो ।

धर्मेणैव प्रजा सर्वा रक्ष्यन्ते स्म परस्परम् ।

न राज्यं न च राजासीन्न दण्डो न च दाण्डिकः । प्रजासीत् केवलं भुवि ।

वैदिक समाजवादमा भोजन गरिसकेपछि घरका परिवार एकत्र बसेर दिनभरि गरिएका कार्यका बारेमा - के के काम भए ? कस्ता भए ? देवताले गर्ने कार्य भए कि मानवले गर्ने कर्म- भए वा दानवले गर्ने कुकृत्य भए ? सबैको कल्याण गर्ने कर्म भयो कि सबैको हानि गर्ने काम भयो ? कुन कुन दोहऱ्याउने ? कुन कुन न दोहऱ्याउने ? भनेर लाभ-हानि वा पापधर्मका बारेमा छलफल गरिन्छ ।

आत्मनः प्रतिकूलानि परेषां न समाचरेत् भन्ने मानव धर्मको ध्यान राखेर प्रत्यहं प्रत्यवेक्षेत नर चरितमात्मनः । **किन्नु मे पशुभिस्तुल्यं किन्नु सत्पुरुषैरषि ।**

यसले व्यक्ति, परिवार, समाज, राष्ट्र, विश्वको उत्थान हुन्छ, पतन हुन्न । वैदिक समाजवादमा धनी र निर्धनको समानता देखाइएको छ ।

धनवन्तमदातारं दरिद्रं चातपस्विनम् ।

द्वावम्भसि निवेष्टव्यौ गले बद्ध्वा दृढां शिलाम् ।

धनी भएर पनि दानी नहुने, निर्धन भएर देवताहरूका द्वादश गणका अधिपति गणपति गणेशको वाहन तर्कशास्त्रप्रतीक मोदकप्रिय मुसक सामोद बसेको छ । एकातिर अठार विद्या, चौध विद्या, दश महाविद्या, पराविद्या, अपराविद्याकी अधिष्ठात्री गौरीपुत्री-सर्वगुरु सर्वशुक्ला सरस्वतीको वाहन मुक्ताहारी नीरक्षीर विवेकी दूधको दूध पानीको पानी सत्य न्याय गर्ने राजहंस सौम्य मुद्रामा बसेको छ । शिवका अलङ्कार नवकुली नागहरू अङ्ग-प्रत्यङ्ग यथास्थान झकमक्क उज्याला भएर सात्त्विक प्रशान्त भावले बसेका छन् । षोडशमातृगण, चतुष्षष्टियोगिनीगण, प्रमथगण, अष्टभैरवगण, एकादश रुद्रगण, अष्टसिद्धि, नवनिधिगण, देवगण, दानवगण, मानवगण, ऋषि-मुनि, सिद्ध, यक्ष, किन्नर गणादि यथास्थान शिवशान्ति मुद्रामा बसेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । कसैको कसैसित असन्तोष आग्रह विग्रह छैन । सबै शान्त छन् । नितान्त सौम्य भद्र छन् । हृष्ट पुष्ट सन्तुष्ट छन् । जरा, रोग, मृत्यु, भय केही छैन; भोक, शोक पनि छैन । मृत्युञ्जय शिवका सन्निध्यमा मार्कण्डेय, वामदेव, दुर्वासा, उपमन्यु, नारद, भृगु आदि सनकादि ऋषि-मुनि सिद्धजन विश्वकल्याणका प्रश्न गर्छन् । शिवले सबैको कल्याण गर्ने उपदेश दिनुहुन्छ । यो हो वैदिक शाश्वती शिव शान्तिको स्वरूप । वैदिक समाजवादमा राष्ट्रमा यस्तै शिवशान्ति हुन्छ । हामी सबै प्राणीहरू यसै शिवशान्तिका उपासक हौं ।

...तन्मे मनः शिवसङ्कल्पमस्तु ।

वैदिक समाजवादमा सर्वत्र ईश्वरको दर्शन हुन्छ -

ईशावास्यमिदं सर्वं यत् किञ्च जगत्याञ्जगत् ।
तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्य स्विद्धनम् ॥

ईश्वरले बास गरेको छ यस जगत्‌मा । जहाँतहीँ छ जगत् । तिनै ईश्वरले दिएका वस्तुको उपभोग गर, अरू कसैको धनमा गिद्धे आँखा नलगाऊ । लोभ नगर अर्थात् गतिशील पृथ्वीमा गतिशील सबै जीवजन्तुलाई छोडेर अचर स्थावर वस्तुले जीविका गर । जङ्गम जीव न खाऊ, स्थावर साग-पात, कन्दमूल, फल-फूल, अन्न-पानी, गोरस खाऊ । सात्त्विक खाऊ, अरू नखाऊ भनेर वेदमा आग्रह गरिएको छ ।

द्वा सुपर्णा सयुजा सखाया समान वृक्षं परिषष्वजाते ।
तयोरेकः पिप्पलं स्वाद्वत्ति, अनश्नन्नन्योदअभिचाकशीति ।

दुई पन्छी सहचर साथी एउटै रुखमा बसेका छन् । तीमध्ये एउटाले स्वादिला फल खाइरहेछ भने अर्को नखाई हेरी मात्रै रहेछ । मानवादि चौरासी लाख जीव-जातिका शरीरमा आत्मा र जीवात्मा दुई पन्छी बसेका छन् । जीवात्मा आफ्नो कर्मको फल खान्छ । आत्मा अकर्ता, अभोक्ता भएर साक्षी रूपले बसेको छ ।

अजामेकां लोहितशुक्लकृष्णां
दक्रः प्रजाः सृजनामां सरूपाः ।
अजोत्येको जुषमाणोऽनुशेते
जहात्येवां भुक्तभोगामजोऽन्य ॥

सेतो, रातो, कालो, - सत्त्व, रज, तम तीन गुणका तीन रङ्ग भएकी अजन्मा अजा प्रकृति देवी आफूजस्तै धेरैथरि प्रजा जन्माउँछिन् । जीवनमा अनुयायी हुन्छ । शिवनाम अग्रगामी हुन्छ । विवेकले शिव-जीवको एकता हुन्छ । शिव-शक्तिको अभिन्नता छ ।

तपोधनानां श्रुतिपारगाणां यशोधनानां रणपारगाणाम् ।
लसद्धनानां निधिपारगाणां सेवापराणां सहयोगयागाः ॥
चातुर्वर्ण्यं मया सृष्टं गुणकर्म विभागशः ।

वेद प्रतिपादित धर्म सबैको कल्याणकारी मार्ग हो भनिएको छ । नागरिकका निज कला-कौशलमा कुशल भएर हातखुट्टा, पेट, टाउको मिलेर जसरी शरीर स्वस्थ भएको छ । त्यसैगरी देश चलायमान हुनलाई सबै गतिशिल हुनपर्छ । त्यसैगरी यथायोग्य, यथारुचि समुचित वृत्ति चुनेर राष्ट्र सुचारु रूपले चल्ने गर्छन् । शीत, उष्ण, समशीतोष्ण पृथ्वी प्रकृतिअनुरूप प्राकृत पदार्थहरूको सदुपयोग गर्न सक्ने खालको शिक्षा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिएर **निज खनिज विकासैरेव राष्ट्रे विकासः** । आफ्नै खनिज विकासले नै राष्ट्रको यथार्थ विकास हुन्छ भन्ने विकास सिद्धान्तले सबै प्रकारका विकास गरिन्छन् ।

आध्यात्मिक, आधिदैविक, आधिभौतिक विकासको समन्वय गरेर समाजमा सामञ्जस्य राखिनुपर्छ । कुनै पनि विषय असन्तुलन, कुनै विषयको असन्तोष र कुनै वस्तुको अभाव रहनुहुँदैन । सभ्य, संस्कृत एवं संयमी/मितव्ययी वैदिक राष्ट्रका अनिवार्य साधारण आवश्यकताबाहेक कुनै विलास र व्यसनका वस्तुहरूको निर्यात र पैठारी गर्नु हुँदैन । सम्पूर्ण समाज सविवेक रमाउने हुनुपर्दछ । भ्रूणहत्या, मानवहत्या, जीवहत्या, आत्महत्या आदि कुनै पनि हत्या वैदिक समाजमा हुँदैन ।

...अभयं सर्वभूतेभ्यः ।

समस्त चराचर प्राणीगणलाई अभयदान दिइन्छ, जन्मदेखि पहिलो पच्चीस वर्ष ब्रह्मचर्य शिक्षामय, दोस्रो २५ वर्ष गृहस्थ सदर्थ र सत्सन्ततिमय तेस्रो २५ वर्ष वानप्रस्थ समाजसेवा धर्मप्रचारमय र चौथो २५ वर्ष योगाश्रममा अध्यात्मविद्यामय अष्टाङ्ग योगाभ्यासद्वारा दशम द्वारोद्घाटन गरेर चार आश्रम रहने गरेका छन् ।

ॐ इत्येकाक्षरं ब्रह्म व्याहरन् मामनुस्मरन्,
यः प्रयाति त्यजन्देहं स याति परमां गतिम् ।

जल, वायु, प्रकृति, आहार-विहारअनुसार समुत्पन्न सन्ततिमा कुनै विकृति नहुने र मनमस्तिष्क स्वस्थ रहने संख्यानुपातमा वैवाहिक सम्वन्ध गरेर न्यूनाधिक हुन नदिने नियम अष्टाङ्ग आयुर्वेदद्वारा स्थिर राख्ने स्वास्थ्य व्यवस्था रहन्छ । दैवागत समस्याको समाधान धर्मशास्त्र र समसामयिक समाज सम्पत्तिले गर्ने नियम रहन्छ । कदाचार, दुराचार, भ्रष्टाचार, व्यभिचार, स्वेच्छाचारजस्ता घातक पातक गर्ने गराउनेले कठोर दण्ड पाउँछन् । वैदिक समाजवादमा विसङ्गतिवादी कुनै काम हुँदैन । सर्वकर्म वेदसंवादी हुन्छन् । अर्थशौचको विशेष स्थान रहन्छ ।

न मृद्वारिशुचिः शुचिः । योऽर्थतस्तु शुचिः शुचिः ।
मनः सत्यं वचः सत्यं कर्मसत्यं त्रिसत्यवत् ।

समस्त मानव परिवार मन-वचन-कर्मले सत्यको पालना गर्छन् । सत्यको हत्या कसैले गर्दैन । कर्मद्वारा सत्यको पालन गर्नुपर्छ ।

...सत्येन पन्था विततो देवयानः ।

सत्यले नै आकाशमा विमानगामी देवताहरूको पन्थ चलेको छ । सत्यको अनुसरण गर्नेलाई कहिल्यै डर हुँदैन ।

मनस्येकं वचस्येकं कर्मण्येकं महात्मनाम् ।
मनस्यन्यद् वचस्यन्यत् कर्मण्यन्यद् दुरात्मनाम् । नीति

महात्मा र दुरात्माको परिभाषा यस्तो छ - मन, वचन एवं कर्ममा एकात्मकता हुनु महात्मा र मन-वचन-कर्ममा पृथक्ता हुनु दुरात्मा हुन् ।

श्रमजीवी-परिश्रमी जो भए पनि उद्यमी नहुने दुवै समान अपराधी हुन् । तिनीहरूलाई समान किसिमको दण्ड दिनुपर्छ । वेदमा निष्पक्ष रूपमा दण्डको विधान गरिएको छ । यथापराध दण्ड भयो भने सबैलाई सन्तोष मिल्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शस्त्रेण रक्षिते राष्ट्रे शास्त्रचिन्ता प्रवर्तते । ब्रह्म च क्षत्रं चोभे श्रियमश्नुताम् ।

शस्त्रद्वारा सुरक्षित राष्ट्र मात्र शास्त्रको मनन-चिन्तन, पठन-पाठन, स्वाध्याय-अनुसन्धान, लेखन-सर्जन, उत्पादन-आविष्कार हुन्छ । जस्तो राजर्षि मनु जनकादिका पालामा भो । ब्रह्मशक्ति र क्षत्रशक्तिको समन्वय भयो भने मात्र राष्ट्रमा आभ्यन्तर शान्ति र विकास हुन्छ। आध्यात्मिक, आधिदैविक, आधिभौतिक उन्नति प्रगति हुन्छ। कोही पनि भोको, नाङ्गो सुकुमवासी रहन्न । देशका कुना-कुनामा समान शिक्षा, न्याय, यातायात, खानेपानी, सिँचाइ पानी, कृषि, पशुपालन, कुटीर उद्योग, व्यापार, वनपालन र जनपालन समान सन्तुलित हुन्छ र सर्वत्र शिव शान्ति हुन्छ शवशान्ति हुन्न । असन्तुष्टि रहन्न। वैदिक समाजवादमा शान्ति हुन्छ, शिवका परिवारमा जस्तो शान्ति छ । राष्ट्र मरिसकेपछि राष्ट्रिय चरित्र सबै मर्दछ ।

आधुनिक समाजवादले चरित्र निर्माण गर्दैन । बन्दुकको नालबाट गोली निस्कन्छ त्यबाट अधिकार प्राप्त हुन्छ भन्ने खालको चरित्र निर्माण हुन्छ । मानवलाई वस्तु संझन्छ । उपयोग गर्दछ । मानिसको आत्मा सम्मानलाई मार्दछ । आत्मियशक्तिलाई स्वीकार गर्दैन । मार्क्सवादी समाजवादी चरित्रले शरीर मरिसक्यो मुटु मरिसकेका छैन टाउको मरेको छैन भनेको जस्तै हो । मरेको मान्छेको आँखा मुटु कलेजो फोक्सो अर्काको शरीरमा सार्न सकिएला तर जुन शरीरमा ऊ जन्मियो त्यो हुँदैन । राष्ट्रिय चरित्र मरिसकेपछि आत्मबल सकिएपछि नागरिक हतास भएपछि असन्तोष बढेपछि विद्रोह आरम्भ भएपछि आदर्श सबै मरेर जान्छ। बन्दुकको नालबाट गोली निस्कन्छ। मानिसको मृत्यु हुन्छ। मृत्युपछि लाशमाथि राजनीति गर्नेहरू उदाउँछन्। उनीहरूको चरित्र राष्ट्रिय चरित्र बन्यो भने समाज हिंसाको बाटोमा जान्छ। प्रतिहिंसा जन्मिन्छ। मानिस आपसमा अविश्वासी अमर्यादित असांस्कृतिक असान्दर्भिक बन्दछ।

नागरिकलाई नैतिक शिक्षा, समाजलाई सामाजिक शिक्षा, नेतालाई राजनीतिक शिक्षा चाहिन्छ।

वैदिक समाजवाद समाजको प्रतिविम्ब हो समाजको सुख शान्ति सम्वृद्धि न्यायपूर्ण सामाजिक व्यवस्थाको आधार नै मानव कल्याण विश्वकल्याण हो ।

शिव भनेको कल्याण हो। कल्याणकारी शिवका हृदयमा जस्तो शान्ति छ, शिवका परिवारमा जस्तो शान्ति छ, त्यो हो शिवशान्ति। शिवका कैलाश परिवारमा, शिवा पार्वतीमाताका भद्र परिवारमा सबै सदस्य ज्ञानमय, तपोमय, सन्तोषमय, न्यायमय, कल्याणमय, सुखसमृद्धिमय, दानमय, दयामय, सत्यनिष्ठामय, शान्ति, शिवा र शिवबाट प्राप्त हुन्छ।

आगम-निगमद्वारा समस्त देव-दानव-मानवादि चराचर जगत्लाई शिवशान्तिमय ज्ञान दिएर सबैलाई शान्त दान्त राख्ने विश्वशान्तिका स्रोत विश्वपिता विश्वगुरु शिवका वाहन त्याग तपस्या सत्य दया चतुष्पात् सकलो धर्मः सबैको मङ्गल कामनाको अमृत वर्षा गर्ने वसाहा दर्शनीय नन्दी सानन्द बसेको छ। एकातिर तेत्तीस कोटी देवी-देवताका प्रधान सेनानी स्कन्दपुराणका प्रवक्ता स्कन्दकुमारको वाहन हिमाली मयूर नौरङ्गी डाँफे भद्रमुद्रामा वसेको छ।

एकातिर **गणानान्त्वा गणपतिं हवामहे** .... भनिएका समग्र पृथ्वी कतै कहिल्यै पनि बाँझो नराखेर सधैं हरियाली बनाउने व्यवस्था हुन्छ। समग्र पृथ्वी **सस्यश्यामला** हुन्छिन्। मरुभूमि, बाँझो भन्ने नामै हुन्न। समाज मिलेर सामूहिक खेती बाह्रै महिना गर्छन्। तेरो-मेरो भन्ने स्वार्थी भावना हुन्न, हाम्रो भन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राम्रो उदार पावन भावना सबैमा हुन्छ । अन्न भन्नाले भात-रोटीलाई मात्र मानिन्न । वायु पनि अन्न हो । पवित्र वायु अहोरात्रमा मात्र २१ हजार ६ सयपटक सामान्यतया खानुपर्छ । पानी पनि अन्न हो । ४ पटकदेखि २४ पटकसम्म खानुपर्छ । दूध फल, रस, दाल, भात, रोटी, साग, राइतो, दही, मही, घिउ, मह, मिष्ठान्न, कन्दमूल, फल-फूल, ६ रस, ८४ व्यञ्जनको सर्वत्र सुभिक्ष रहन्छ । दुर्भिक्ष कतै हुन्न । सिँचाइको कुनै व्यवस्था हुन नसक्ने ठाउँमा यथा समय –

...निकामे निकामे नः पर्जन्यो वर्षतु

सुवृष्टि सङ्कल्प होमादि यज्ञ गरेर अतिवृष्टि अनावृष्टि नभई सुवृष्टि हुन्छ । यज्ञबाट चराचर जगत्को हितकारी मेघ अमृत वर्षन्छ । यज्ञ नै ब्रह्मा, विष्णु, शिव शक्ति हुन् र विधिवत् गायत्री मन्त्रबाट चरु हवि सप्त समाधि समिधाग्निमा हवन गरेको सूर्यमण्डलामा पुगेर अभीष्ट वृष्टि गर्छ भन्ने ऋषि कृषिमय समाजको सहयोग हुन्छ । सबैलाई अन्न, जल प्राप्त हुन्छ । मानव समाजले यज्ञद्वारा देव समाजलाई आहारा पुऱ्याउँछ, देव समाजले प्रसन्न भएर अमृतमय वर्षा गरेर मानवादि समस्त प्राणीगणको पालन गर्छ । सबैको कल्याण सबैको उदय राष्ट्र उदय हो । राष्ट्र उदय भनेको नागरिकको उदय हो ।

...परस्परं भावयन्तः श्रेयः परममवाप्नुवन्ति ।

यज्ञवाट वर्षा हुन्छ । वर्षावाट अन्नजलादि हुन्छ । अन्न जलबाट स्थावर जङ्गम जीव जन्तुको जीवन सुखमय हुन्छ । यस्तो यज्ञ वैदिक सत्कर्मबाट हुन्छ; कर्म ब्रह्मवाट हुन्छ; अक्षर ब्रह्मबाट प्रकट हुन्छ । यसरी ब्रह्म नित्य यज्ञमा प्रतिष्ठित छ भन्ने ज्ञान सुशिक्षित समस्त समाजमा सदा रहन्छ ।

...नही ज्ञानेन सदृशं पवित्रमिह विद्यते ।

ज्ञान सदृश पवित्र वस्तु यस विश्वमा अरू छैन । विद्वान् विदुषी नर नारी नै देवता मानिन्छन् ।

विद्वांसो वै देवाः ।

यसरी वैदिक समाजवादले मानवलाई दानव समाजबाट देवसमाज बनाउँछ । यस्तो आर्ष शिक्षा प्रणालीवाट मात्र हुन्छ भन्ने रहस्य जानेर शिक्षाको अभिभारा पञ्चधा महर्षि समाजले स्वयं सञ्चालित गर्छ र यथा देश यथाकाल यथापात्र सन्तुलित शिक्षा रहन्छ अनि सारा समाज खुसी रहन्छ । यस्तो बेलामा सबैको भावना हुन्छ -

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया : ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग् भवेत् ॥
न मे स्तेनो जनपदे न कदर्योन मद्यपः ।
नानाहिताग्निर्नाविद्वन् न वैरी स्वैरिणी कुतः ?

न हाम्रा जनपदमा एउटा चोर छ; न एउटा छुचो कञ्जुस नै । न कोही मद्यपान, धुमपान न कि धुम्रपान गर्ने छ न कुनै दुर्व्यसन गर्ने नै छ । न एउटा अग्निहोत्रादि यज्ञ नगर्ने छ न कोही अशिक्षित छ । न कोही निरक्षर छ । न कोही अविद्वान् छ न कोही छाडा छ । सबैजना सज्जन, शिक्षित, स्वयम् कर्मठ, ज्ञानी, ध्यानी, सक्षम, स्वावलम्बी, स्वाभिमानी छन् । सबैले अग्निहोत्र गर्दछन् । देवताको पूजा र पितृहरूको तर्पण गर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकवर्णमिदं विश्वं कर्मभिर्वर्णतां गतम् ।
मानुष्येकं चैकविद्यम् एकोऽहं वहुः स्यां प्रजायेय ॥

एक वर्णको यो विश्व अनेक कर्मले गर्दा अनेक वर्णमा विभक्त छ । अरू जातिजस्तै मनुष्य पनि एक प्रकारको जाति नै हो । यसको कारण एउटै ईश्वरले एक्लै छु, धेरै रूपको धेरै नामको हुन्छु, भनेर इच्छाशक्तिद्वारा सारा संसारको साकार विराट्रूप धारणा गर्नुभएको हो ।

कर्मचण्डालदेखि समस्त मनुष्यका लागि शास्त्रको प्रयोजन समान छ । अर्थात् भोक-प्यास, चिसो-तातो, मान-अपमान, पुण्य-पापादि सबै द्वन्द्व सबैका समान नै छन् । विधाताले चारै वर्णको सृष्टि गुण र कर्मका विभागले गरेको छ । सत्त्वगुण, रजोगुण, तमोगुण तीन गुण छन् । सात्त्विक, राजस, तामस तीन कर्म छन् । समिश्रणले तीनका चार हुन्छन् । कालो, गोरो, रातो, सेतो चार वर्ण पनि देश, काल, पात्र, जल, वायु, ताप, आहारविहार आदिले भिन्न हुन्छन् । कर्तव्य अधिकार धर्म आदि भिन्न हुन्नन् । त्यसैले **जन्मकर्म विभागशः** न भनेर **गुणकर्मविभागशः** भनिएको हो ।

जन्मना जायते शूद्रः संस्काराद् द्विज उच्यते ।
वेदाभ्यासाद् भवेद् विप्रो ब्रह्मणो ब्रह्मबोधतः ॥

सवै मानिस जन्मँदा निर्विशेष शूद्र भएर जन्मन्छन् । शिक्षा संस्कार एवं ज्ञान र गायत्री मन्त्र साधनाद्वारा संस्कारवान आर्य वन्दछ । दीक्षा संस्कार भएर दोस्रो जन्म भएपछि द्विज हुन्छन् । वेदको अभ्यास गरेपछि विप्र हुन्छन् र ब्रह्मको बोध भएपछि ब्राह्मण हुन्छन् । ब्राह्मण हुनलाई ब्रह्म ज्ञान हुनुपर्दछ ।

...शिक्षा रक्षा कृषिः सेवा चतुर्ण वृत्तिरुच्यते ।

शिक्षा दिनु, रक्षा गर्नु, कृषि गर्नु र सेवा गर्नु चारै वर्णको वृत्ति हो ।

देश, जाति, धर्म आदि सबैको क्षतिवाट रक्षा गर्नाले क्षत्र-क्षत्रीय-क्षतृ-क्षेत्री-छेत्री-खत्री शब्द सबै भुवनमा प्रसिद्ध छ । त्यो क्षत्रीय हो, जो सज्जनहरूको त्राण (रक्षा) गर्छ र दुष्टको दमन गर्छ । त्यही कार्मुक्त धनु हो, जो रक्षा गर्ने कर्ममा शक्तिशाली छ ।

नत्वहं कामये राज्यं न स्वर्गं नापुनर्भवम् ।
कामये दुःखतप्तानां प्राणिनामार्ति नाशनम् ॥

न राज्यको कामना छ, न त स्वर्गको इच्छा । न त मुक्तिको नै आकाङ्क्षा छ । छ भने केवल दुःखले सन्तप्त प्राणीहरूको दुःखनाश गर्ने मात्र छ । राष्ट्र प्रमुखले प्रत्येक दिन गर्ने सङ्कल्प भनेको सम्पूर्ण प्राणीको हित गर्नु हो । जनताजनार्दनको सेवा गर्नु हो । राष्ट्र प्रमुख भएर अहङ्कार गर्नु हुँदैन । अहङ्कारले स्वयंलाई नष्ट गर्दछ । राष्ट्रको सेवक राजा मन्त्री कर्मचारी सवै राष्ट्र सेवक हुन् ।

यन्तु नद्यो वर्षन्तु पर्जन्याः सुपिप्लाद ओषध्यो भवन्तु ।
अन्नवतामोदनवतामामिक्षवतामेषां राजा भुयासम् ॥

वगिरहून् नदीनाला सङ्लो जल लिएर आफ्नै पात्रमा वर्षिरहून् । यथासमय परिमित जल प्रजाका कल्याणकारी पर्जन्य मेघ । सस्यश्यामला विशाल वसुधामा सबै प्रकारका कन्दमूल, फलफूल, घाँस-पात तथा सबै प्रकारका औषधि र अन्नहरू उम्रिरहून्, उब्जिरहून्, फुलिरहून्, फलिरहून्, पाकिरहून्, भकारी भरिरहून्,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शोक-शोक-रोग-अभाव हरण गरिरहून् । अनि प्रशस्त काँचो अन्न भएका, प्रशस्त पक्वान्न भएका यस्ता जनता भएका जनपदको मुखिया हुन पाऊँ, प्रतिनिधि हुन पाऊँ, प्रशासक हुन पाऊँ, प्रमुख हुन पाऊँ, अध्यक्ष हुन पाऊँ, प्रधानमन्त्री हुन पाऊँ, राष्ट्रपति/राजा हुन पाऊँ । दुःखी दरिद्र देशको सम्राट बन्नु नपरोस् । कसैको दुःख देख्नु नपरोस् । म नीतिद्वारा स्थापित न्याय व्यवस्थाको नेता हुन पाऊँ । समाजलाई सही मार्गमा लान पाऊँ । मार्ग दर्शक बन्न पाऊँ ।

ओदनमुद्ब्रुवते । परमेष्ठी वा एष यदोदनः परमामेवैनं श्रियां गमयति ।

भोजनको व्याख्या हुन्छ; भोजन भनेको परमेष्ठी ब्रह्मा हो । जानेर भोजन गर्‍यो भने भोक्तालाई परमश्री, शोभा, स्वास्थ्य, सन्तोष, तुष्टि र पुष्टि सबै सुख दिन्छ । सबैलाई पुग्छ । सर्वत्र शान्ति हुन्छ ।

मा भ्राता भ्रातरं द्विक्षन् मा स्वसारमुत स्वसा ।
सम्यञ्चा सव्रता भूत्वा वाचं वदन भद्रया ॥

दाजुभाइले एकआपसमा द्वेष गर्नुहुन्न । दिदीबहिनीहरूले पनि एकआपसमा द्वेष गर्नुहुन्न । सबैले मिलेर एउटै व्रत एउटै विचार एउटै इष्ट लक्ष्य र साधना गरेर भद्र भावना भद्रभाषामय सबैको भलो गर्ने वैदिकचर्या एवं मानवचर्या गर्नुपर्छ । यो उपदेश भान्सामा भोजन पस्कने बेला आमाले पनि दिने हो र रात्रि भोजन भइसकेपछि सारा परिवार एउटै समितिमा बसेको बेला पिताले पनि भनेर दिने हो । समस्त विद्या परिवार बसेको बेला गुरुकुलमा कुलगुरुले पनि दिने र सभामा सभापतिले पनि सभ्यहरूमा दिने वेदोपदेश हो । यसले विश्वशान्ति, विश्वकल्याण, विश्वमैत्री, विश्वविकास र विश्वसह अस्तित्त्व हुन्छ ।

वसुधैव कुटुमम्बकम् ।

संसारका मानिस हाम्रा कुटुम्ब हुन् ।

अन्नपूर्णे सदापूर्णे शङ्कर प्राणबल्लमभे ।
ज्ञानवैराग्यसिद्ध्यर्थं भिक्षां देहि च पार्वति ॥

अन्नधन आदिले सदा परिपूर्ण शङ्कर कल्याणकारी शिवको प्राणप्रिय हे । माता पार्वती ज्ञान वैराग्य सिद्धिका लागि अमृतमय भिक्षा दिनुहोस् भनी भोजन गर्नाले सदा स्वास्थ्य हुन्छ ।

अयं निजः परोवेति गणना लघुचेतसाम् ।
उदारचरितानान्तु वसुधैव कुटुम्बकम् ॥

यो मेरो; यो अरू पराइको हो भन्ने भावना सानो चित्त भएका व्यक्तिको हो । उदार चरित्र भएका महान् आत्माहरूका लागि त समग्र भूमण्डल/ब्रह्माण्ड नै एउटै विशाल, सभ्य एवं संस्कृत सौम्य परिवार हो ।

ॐ द्यौर्मे पिता । माता मे पृथिवी । पुत्रोऽहं पृथिव्याः । नमो मात्रे पृथिव्यै ।

आकाश हाम्रा पिता हुन् । पृथिवी हाम्री माता हुन् । हामी पृथ्वी माताका सन्तान हौं । पृथ्वी मातालाई नमस्कार छ ।

वागर्थाविव सम्पृक्तौ वागर्थप्रतिपत्तये ।
जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ ॥

शब्द र अर्थको ज्ञान प्राप्तिका लागि वाणी र अर्थझैं एकात्म भएर मिलेका जगत्का मातापिता पार्वती र परमेश्वरको वन्दना गर्छौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवस्याभ्यन्तरे शक्तिः शक्तेरभ्यन्तरो शिवः ।

अन्तरं नैव जानीयाच्चन्द्रचन्द्रिकयोरिव ॥

शिवभित्र शक्ति छन् । शक्तिभित्र शिव छन् । शिव र शक्तिमा भेद छैन । जस्तै चन्द्रमा र चाँदनीमा भेद छैन । दुवै निरन्तर छन् । अन्तर मान्नु छैन ।

ॐ अमृतस्य पुत्राः ।

हामी सबै उनै एकात्मा अमृतमय परमात्माका सन्तान हौँ ।

सर्वं परवशं दुःखं सर्वमात्मवशं सुखम् ।

एतद् विद्यात् समासेन लक्षणं सुखदुःखयोः॥

पराधीन सबै दुःख हो । स्वाधीन सबै सुख हो । संक्षेपमा सुख दुःखको लक्षण यत्ति हो ।

खम् भनेको ब्रह्म हो; खम् भनेको सुख हो; सुख भनेको आनन्द हो । आनन्दमा सबै कर्मेन्द्रिय ज्ञानेन्द्रिय अन्तःकरण सानन्द रहन्छन् । सुखी र स्वस्थ रहन्छन् ।

सुखार्थी सर्वलोकानां प्रवृत्तिः प्रथिता क्षितौः गाँस-बास-कपास आदि सुखको आशा सबैलाई छ ।

सुखस्य मूलं धर्मः । धर्मस्य मूलमर्थः । अर्थस्य मूलं राज्यम् राज्यमूलमिन्द्रियजयः ।

इन्द्रियजयस्य मूलं विनयः । विनयस्य मूलं वृद्धोपसेवा । वृद्धसेवया विज्ञानं भवति ॥ कौटिल्य अर्थ.

सुखको मूल धर्म हो । धर्मको मूल अर्थ हो । अर्थको मूल राज्य हो । राज्यको मूल इन्द्रिय जय हो । इन्द्रिय जयको मूल विनय हो । विनय भनेको सभ्य सुशील शिक्षा हो । विनयको मूल वृद्धहरूको सेवा हो । वृद्ध सेवाले विज्ञान प्राप्त हुन्छ । विज्ञान भनेको विशिष्ट ज्ञान हो । ज्ञानवयोवृद्ध नै वृद्ध हुन् ।

अष्टादशपुरणेषु व्यासस्य वचनद्वयम् ।

परोपकार पुण्याय पापाय परपीडनम् ॥

अठारै पुराणमा वेदव्यासका दुईओटा वचन छन् । पुण्यका लागि परोपकार र पापका लागि परपीडा । अर्थात् परोपकार गरे पुण्य प्राप्त हुन्छ भने परपीडाले पाप प्राप्त हुन्छ ।

सच्चित्सुखात्मकं ब्रह्म नामरूपात्मकं जगत् ।

ब्रह्म सत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः ॥

सत्-चित्-आनन्द ३ स्वरूपको ब्रह्म छ । नाम रूप २ स्वरूपको जगत् छ; ब्रह्म सत्य छ र जगत मिथ्या छ । जीव ब्रह्म हो अर्को होइन । ईश्वरअंश जीव अविनाशी ।

मन एव मनुष्याणां कारणं बन्ध-मोक्षयोः ।

बन्धस्तु विषयासक्तं मुक्ति निर्विषयं मनः ॥

मन नै मनुष्यको बन्धन र मुक्तिको कारण हो । सविषय रहनु बन्धनको कारण हो भने निर्विषय रहनु मुक्तिको कारण हो ।

तन्मे मनः शिवसङ्कल्पमस्तु । त्यो मेरो मन शिव सङ्कल्पमा लागोस् ।

...आत्मा वा अरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यः ।

अरे मानव आत्मको दर्शन गर्नुपर्छ । श्रवण गर्नुपर्छ । मनन गर्नुपर्छ । निर्विकल्प ध्यान गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मा खलु विश्वमूलं तत्र प्रमाणं न कोऽप्यर्थयते ।
कस्य वा भवति पिसासा गङ्गा-स्रोतसि निमग्नस्य ॥

आत्मा नै विश्वको मूल हो । यसमा प्रमाणको प्रार्थना कसैले गर्दैन । गङ्गा, कोशी, गण्डकी, कर्णाली आदि नदीमा सानन्द डुबुल्की लगाएर बसेका कसलाई प्यास लाग्छ र ?

आत्मनस्तु प्रियाय सर्वं प्रियं भवति ।

आत्मा भनेको आफू हो । आफूलाई प्रिय लाग्ने सबैलाई प्यारो हुन्छ ।

आत्मनः प्रतिकूलानि परेषां न समाचरेत् ।

आत्मका प्रतिकूल कुनै काम कसैले अरू प्रति पनि नगरोस् ।

आत्मा नदी संयम-पुण्यतीर्थ
सत्योदका शीलतटा दयोर्मि ।
तत्राभिषेकं कुरु शौचकाम
न वारिणा शुद्धयति चान्तरात्मा ॥

आत्मारूपी नदीमा यम, नियम, संयमका पुण्य तीर्थ छन् । सत्यको जल छ, शील स्वभावका तट छन्, दयाको तरङ्ग छ । हे पवित्रता खोज्नेहरू हो ! यस्ती आत्मनदीमा नुहाऊ । बाहिरको पानीले अन्तरात्मा शुद्ध हुँदैन ।

...तीर्त्वा तिष्ठति पातकं भुवि ततं तीर्थं ततः कथ्यते ।

भवसागरमा फिजिएका अपार पातक जलराशिलाई तारेर तीरमा उभिएको हुनाले तीर्थ भनिन्छ, जसले सबैलाई तार्छ । माता-पिता दाजु-दिदी सबै तीर्थ हुन् । **सत्यं शिवं सुन्दरम्**को ज्ञान दिनेलाई सद्गुरु भनिन्छ । सद्गुरुको वचन-वचनमा तीर्थ छ र यस्ता सज्जनका पनि प्रत्येक वचनमा तीर्थ हुन्छन् र सबैलाई तार्छन् ।

...यावद् भ्रियेत जठरं तावत् स्वत्वं हि देहिनाम् ।

जतिले पेट भरिन्छ, त्यतिमा मात्र सङ्कलन गर्नुपर्दछ । सबै प्राणीको त्यसभन्दा अधिकमा अधिकार रहन्न । जसले आफूलाई चाहिनेभन्दा अधिक संग्रह गर्छ त्यो कुकर्म हो ।

.... दूर मञ्ज्योतिषाञ्ज्योतिरेकन्तन्मे मनः शिवसङ्कल्पमस्तु ।

दुरगामी सबै ज्योतिहरूको एक मात्र परमज्योति त्यो हाम्रो मन शिवसङ्कल्प (राम्रो सङ्कल्प) मा लागोस् ।

मनीषिणः सन्ति न ते हितैषिणो,
हितैषिणः सन्ति न ते मनीषिणः।
सुहृच्च विद्वानपि दुर्लभो तृष्णां,
यथौषधंस्वादु हिताञ्च दुर्लभम् ॥

त्यस्ता मनका रथमा बसेर सर्वत्र पुग्ने मनीषि महर्षिहरू रहेछन् । तर, ती सबै सबैका हितैषी छैनन् । जो हितैषी हितचिन्तक छन्, ती मनीषी छैनन् । त्यस्तै मित्र र विद्वान् पनि मानवमध्ये दुर्लभ छन्, जस्तै स्वादिष्ट र हितकारी औषधी पनि दुर्लभ छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्रजन्ति ते मूढधियाः पराभवं
भवन्ति मायाविषु ये न मानियः ।
प्रविश्य हि ध्नन्ति शठास्तथा विधा-
नसंवृताङ्गान् निशिक्ष इवेषवः ।

मूढ बुद्धिका पराजित हुन्छन्, जो मायावीहरूसित मायावी हुँदैनन् । किनकि, शठहरू त्यस्ता असुरक्षित अङ्गका पेटमा पसेर तीखा बाणझैँ मर्मभेद गर्छन् । तीन प्रकारको शिक्षा संसारलाई आवश्यक छ। आध्यात्मिक, सामाजिक र जीविकोपार्जनको शिक्षा ।

दरिद्रलाई दिनुपर्छ, धनीलाई दिएर धर्म लाग्दैन, जसरी रोगीलाई औषधी दिनुपर्छ निरोगीलाई दिएर काम लाग्दैन । प्रतिदिन दिनभरिका चरित्रमाथि सिंहावलोकन गरेर मात्र सुत्नुपर्छ । आजको मेरो चरित्र सज्जनको जस्तो छ कि पशुपन्छीको जस्तो छ भनेर नित्य आत्मनिरीक्षण गर्नेको उन्नति प्रगति हुन्छ।

अनङ्गवेदी वसुधाकुल्या जलधि स्थली च पातालम् ।
वाल्मीकश्च सुमेरुः कृतप्रतिज्ञस्य वीरस्य ॥

भीष्मप्रतिज्ञा गरेर भगीरथ प्रयत्न गर्ने शूरवीरका अगाडि सारा भूमण्डल घरको सानो आँगनबरावर हुन्छ। अपार सागर सानो कुलो जस्तै लाग्छ । विशाल पाताल सानो थलोजस्तै आभास हुन्छ । गगनचुम्वी बृहत् सुमेरु पर्वत पनि घमिराको गोलोबराबर हुन्छ । दुष्कर ठूलो काम पनि सहज र सजिलो हुन्छ । अध्यवसायी उत्साही लोकसंग्रहकारी वीरका वीराङ्‌णनाहरूले मात्र गर्न सक्छन् । काँतरले राष्ट्र, समाज र सरकारको रक्षा गर्न सक्दैनन् ।

वीरभोग्या वसुन्धारा ।

मातृभूमि पितृभूमि पुण्यभूमिको रक्षा वीरवीराङ्गनाहरूले मात्र गर्न सक्छन् । भीरु काँतरले रक्षा गर्न सक्दैनन्।

सुर्वणपुष्पितां पृथ्वी विचिन्वन्ति नरास्त्रयः ।
सूरश्च कृत विद्या च यश्य जानाति सेवितुम् ॥

विशाल पृथ्वीमा फुलेका सुनौला फूल, तीनजनाले मात्र टिप्न सक्छन् ।

१. शूरवीर, २. परा अपरा सबै विद्या पढेका र ३. सेवा धर्म, परमगहनो भनेर सबै प्रकारको सेवा गर्न जानेका । यी तीनजना मात्र फूलमाला लगाउँछन् र मधुर फल खान्छन् ।

राज्ञि धर्मिणि धर्मिष्ठाः पापे पापाः समेसमाः ।

राष्ट्रप्रमुख राजनेता धर्मात्मा भए प्रजा जनता समाज सत्मार्गी हुन्छन् । राजा पापी भए प्रजा पनि पापी नै हुन्छन्। राजा समान भए प्रजा समान हुन्छन् । प्रजा राजाका अनवर्ती हुन्छन् जस्ता राजा हुन्छन् प्रजा पनि उस्तै हुन्छन्।

कालस्य कारणं राजा राजा वा कालकारणः ।
इति ते संशयो माभूत् राजा कालस्य कारणम् ॥

काल समय युगको कारण राजा हो कि कालले राजा बनाउँछन् ? भन्ने संशय नहोस् । राजा नै कालको कारण हो । अर्थात् प्रशासनले युगको निर्माण गर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजनीति सूक्तम् -

अहं राष्ट्री सङ्गमनी । राजृ दीप्तौ । राजते राजति । राजा राट् । विराट् ।
इदं ब्रह्म च क्षत्रं चोभेश्रियमश्नुताम् । क्षतात् त्रायते क्षत्रम् ।
क्षतात् किल त्रायत इत्युदग्रः क्षत्रस्य शन्दो भुवनेषु रूढः ।
स क्षत्रियस्त्राणसहः सतां यस्तत् कार्मुकं कर्मसु यस्य शक्तिः ।
शक्तिः शक्नोति सर्वं कर्तुम् । शक्तिर्यस्यास्ति शक्तिमान् ।
रचाम्यमात्य सुहृत्कोषराष्ट्रदुर्गबलानि च ।
सप्ताङ्गप्रकृति राष्ट्रम् । राजा प्रकृतिरञ्जनात् । खम् ब्रह्म ।
सच्चित्सुखात्मकं ब्रह्म । नामरूपात्मकं जगत् ।
सुखार्था सर्वलोकानां प्रवृत्तिः प्रथिता किल । सुष्ठु खम् सुखम् ।
सुखस्य मूलं वृद्धोपसेवा । वृद्धोपसेवया विज्ञानं भवति ।
न सा सभा यत्र न सन्ति वृद्धा । वृद्धा न ते ये न वदन्ति धर्मम् ।
धर्मो नासितौ यत्र न सत्यमस्ति सत्यं न तद् यच्छलमभ्युपैति ।
सत्यं शिवं सुन्दरम् । सत्यं ज्ञानमनन्तं ब्रह्म । सत्येन पन्था विततो देवयानः ।
राजा राष्ट्रं विरक्षति । विशतीति विष्णुः । पृथिवीपतिः । नराणाञ्च नराधिपम् ।
नृ नये । नयन्ति कर्माण्यन्तमिति नराः नार्यः । जाति पादुर्भावले जायन्त इति जनाः ।
जनानां समूहो जनता । तस्य समूहः । माङ् माने शब्दे च । या रक्षणे ।
माता माति पिता पाति । गु शब्दस्त्वन्धकारः स्याद् रुशब्दस्तन्निरोधकः ।
अन्धकार निरोधित्वाद् गुरुरित्यभिधीयते । आचिनोति च शास्त्रार्थानाचारे स्थापयत्यपि ।
स्वयमाचरते यस्मात् तस्मादाचार्य उच्यते । न तिथिर्विद्यते यस्य सोऽतिथिः कथितो बुधैः ।
मातृदेवो भव । पितृदेवो भव । आचार्यदेवो भव । अतिथिदेवो भव । सत्यं वद ।
धर्मं चर । स्वाध्यायान्मा प्रमद । स्वाध्यायो वेदः । वेदो विद्या तथा ज्ञानम् । ज्ञा अवबोधने ।
अज्ञेयं ज्ञायते यस्मात् तस्माज्ज्ञानं निगद्यते । ज्ञाने लाभे च सत्तायां विद् धातुः पठ्यते बुधैः ।
प्रत्यक्षेणानुमित्या वा यस्तूपायोन विद्यते । एवं वदन्ति वेदेन तस्माद् वेदस्यवेदता ।
यस्य निश्वसितं वेदा यो वेदेभ्योऽखिलंजगत् । निर्ममे तमहं वन्दे विद्यातीर्थं महेश्वरम् ।
ईशु इच्छायाम् । इष्टे स ईश्वरः शम्भुर्महानीशो महेश्वरः । महेश्वरस्त्र्यम्बक एव नापरः।
सर्वथा यत् पशून् पाति तैश्च यद् रमते सह । तेषामधिपतिर्यश्च तस्मात् पशुपतिः स्मृत ।
शिवः श्रीगोरक्षेऽभवदखिल गोरक्षणकृते । हरिः श्रीगोपालोऽभवदखिल गोपालनकृते । बृंहणादुच्यते ब्रह्म ब्रह्मा ब्राह्मण एव च । बृंहणं भव्यते व्यासो वेदव्यासस्तु वेदतः विद्यानामालयो विद्यालयो विद्वान विदा मतः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थः प्रयोजनं यस्या मा तु विद्यार्थिनीमता । अर्थः प्रयोजनं यस्य स विद्यार्थी निगद्यते ।
वित् संविज् ज्ञानमाख्यातं विद्वाँश्च विदुषी तथा । पराविद्याऽपराविद्या द्वे विद्ये विदिते विदाम् ।
तथा दश महाविद्या विद्याः ख्याताश्चतुर्दश । अङ्गानि विदाश्चत्वारो मीमांसा न्यायविस्तरः ।
पुराणं धर्मशास्त्रं च विद्या एताश्चतुर्दश । उपवेदैश्चतुर्भिश्च विद्या अष्टादश स्मृताः ।
इत्थं विषयभेदैस्तु विद्या शतसहस्रधा । सर्वासामेव विद्यानामालया जनतागृहः ।
साधारणा रक्षणीयाः सर्वैः सर्वात्मना सदा । ऋग्वेदः सामवेदश्चयजुर्वेदोऽप्यथर्वणः।
आयुर्वेदो धनुर्वेदो गान्धर्वः शिल्पवेदकः । शिक्षा कल्पो व्याकरणं निरुक्तं छन्द एव च ।
ज्यौतिषं षष्ठमाख्यातं षडङ्गो वेद पूरुषः । अथ शिक्षां व्याख्यास्यामः ।
स्वरोवर्णौ मात्रावलं साम सन्तानः । इत्युक्तः शिक्षाध्यायः । शिक्षा विकारे सकलो विकारः ।
शिक्षा सुधारे सकलः सुधारः । शिक्षया ऋषयो जाताः । शिक्षया च कृषीबलः ।
शिक्षया सकला लोकाः कुशलाऽकुशलाः कृताः । लिपिरक्षरविन्यासो भाषा भावस्य वाहनम् ।
भाषायां भावनाबद्धा भावनायांच सभ्यता । सभ्यताया संस्कृतिश्च संस्कृतौ धर्म आधृतः ।
धर्माधाराधरा सर्वा धर्मे राज्यं प्रतिष्ठितम् । धारणाद् धर्ममित्याहुर्धर्मोधारयते प्रजाः ।
यत् स्याद् धारणसंयुक्तं सधर्म इति निश्चयः।
यतोभ्युदय निश्रेयस सिद्धिः स धर्मः। धर्मो निस्सीमभूमा ॥ भावानुवाद..

राजनीतिक सूक्त प्रत्येक राज्यसञ्चालकले पाठ गर्नेपर्छ, मनन् गर्नेपर्छ । जसबाट आफ्नो कर्तव्यको अनुभूति भइराखोस् । राज्यको समग्र अवस्थितिबारे प्रतिदिन अनुभूति हुनुपर्छ ।

म राष्ट्रिय एकता हुँ । यो ब्रह्म तथा क्षत्र दुवै श्रीसम्पदा सम्पन्न रहून् तथा समस्त मानव सुख समृद्धियुक्त रहून् ।

सबै काम गर्न सक्नेलाई सामर्थ्यवान् भनिन्छ । जसमा शक्ति हुन्छ, उसलाई शक्तिमान् भनिन्छ। शक्ति र शक्तिमान् एकअर्कामा अभिन्न हुन्छन् । स्वामी, अमात्य, मित्र, कोष, राष्ट्र (जनता), दुर्ग, बल यी सप्ताङ्ग राष्ट्रका प्रकृति हुन् । प्रकृतिको मनोरञ्जनपूर्वक प्रतिपालन गर्ने नै राजा हो ।

प्रकृतिकोपो हि सर्वकोपेभ्यो गरीयान् ।
हन्ति राष्ट्रं हन्ति राष्ट्रं सनायकम् ।

कम् ब्रह्म खम् ब्रह्म, सच्चिदानन्दस्वरूप ब्रह्म छ । नाम रूप दुई स्वरूपको जगत् छ । सबैको प्रवृत्ति सुखतिर लम्कन्छ । सबैले सुख चाहन्छन् । सुखको मूल धर्म हो । धर्मको मूल अर्थ हो । अर्थको मूल राज्य हो। राज्यको मूल इन्द्रिय जय हो । इन्द्रियजयको मूल विनय हो । विनय भनेको सुशील शिक्षा हो । विनयको मूल वृद्धसेवा हो, वृद्धसेवाले विज्ञान प्राप्त हुन्छ, विशिष्ट ज्ञान भनेको नै विज्ञान हो ।

त्यो सभा सभा होइन, जसमा वृद्धजन छैनन् । ती वृद्ध पनि वृद्ध होइनन्, जो धर्मको व्याख्यान गर्दैनन् । त्यो धर्म पनि धर्म होइन, जसमा सत्य छैन । त्यो सत्य पनि सत्य होइन, जसमा छलकपट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिसिएको छ। जो सत्य छ, त्यही नै शिव हो। जो शिव छ, त्यही सुन्दर हो। सत्य ज्ञान हो, ज्ञान अनन्त छ, अनन्त ब्रह्म छ। सत्यले आकाशको मार्ग पनि फैलिएको छ।

जसमा देवीदेवताहरू विमानद्वारा यात्रा गर्छन्। जसले राष्ट्रको राम्ररी रक्षा गर्छ, त्यही राजा हुन्छ। जो प्रत्येक हृदयमा प्रवेश गरेर प्रतिपालन गर्छ, त्यही विष्णु हो। अविष्णु पृथ्वीपति हुन सक्दैन। मनुष्यहरूमा सर्वलक्षणसम्पन्न नराधिप ईश्वरको अंश हुन्छ।

नृ धातु नीतिको अर्थमा छ। यही धातुबाट नै नर शब्द बन्छ। सबै कार्य प्रारम्भ गरेर पनि पूर्ण गर्नेलाई नर नारी भनिन्छ। जनि धातु प्रादुर्भावको अर्थमा छ। जो जन्मन्छ त्यो जन हो। जनहरूका समूहलाई जनता भनिन्छ। माङ् धातु मान र शब्दको अर्थमा छ। पा धातु पालन गर्ने अर्थमा छ। माङबाट माता शब्द हुन्छ। पा बाट पिता शब्द हुन्छ। माताले मातृभाषाद्वारा सन्तानलाई धर्मशिक्षा दिन्छिन्। पिताले कुमार्ग कुसंगतिबाट बचाएर राम्रो शिक्षा दिन्छन्। गु शब्द अन्धकार हो। रु शब्द प्रकाश हो। अन्धकारको हरण गरेर प्रकाश गर्नेलाई गुरु भनिन्छ। वेदादि धर्मशास्त्रहरूबाट सदाचारको चयन गरेर प्रकाश गर्नेलाई गुरु भनिन्छ।

वेदादि धर्मशास्त्रहरूबाट सदाचारको चयन गरेर आफूलाई तथा अरू सबैलाई सदाचारी बनाइ राख्ने आचार्य हुन्छ। जसको आउने तिथिमिति अनिश्चित छ त्यो अतिथि हो।

मातृदेवो भवः आमालाई देवता समान मान।

पितृ देवो भवः पितालाई देवता समान मान।

आचार्यदेवो भवः गुरुलाई देवता समान मान।

अतिथिदेवो भवः पाहुनालाई देवता समान मान।

सत्यम् वद साँचो बोल। धर्म चर - सत्य वोल धर्म गर।

स्वाध्यायान्मा प्रमद आफ्नो अध्ययनबाट प्रमाद नगर। स्वाध्याय भनेको वेद हो। वेदलाई विद्या तथा ज्ञान भनिन्छ। ज्ञा धातु सबै कुराको बोध गराउने अर्थमा आउँछ। जानी नसक्नु कुरा पनि जसबाट जानिन्छ त्यसलाई ज्ञान भनिन्छ। ज्ञान लाभ सत्ता आदि अर्थमा विद् धातु छ। प्रत्यक्ष अनुमान आदि प्रमाणले जुन वस्तु जान्न सकिन्न त्यसलाई पनि जसले जानिन्छ त्यो वेद हो। विद्वाट वेद बनेको हो। विद् भएका विद्वान् विदुषी हुन्छन्। महान् ईश्वरलाई महेश्वर भनिन्छ। महेश्वर त्र्यम्बक त्रिनेत्र पशुपतिनाथ हुन्। सर्वथा जो पशुहरूको प्रतिपालन गर्छन् र पशुहरूका साथमा सञ्चार गर्छन्, पशुहरूका हृदयमा विराजमान छन्, जो सबै प्राणीका अधिपति छन्। त्यसकारणले पशुपतिलाई पशुपतिनाथ भनिन्छ।

...पश्यन्ति कर्म फलानि पशवोजीवाः।
जो आफ्ना शुभाशुभ कर्मको फल भोग्छन् ती सबै जीवहरू पशु भनिन्छन्।

वेदको विषय विभाजन गर्नेलाई वेदव्यास भनिन्छ। सबै प्रकारका विद्याहरूका आलयलाई विद्यालय भनिन्छ। विद्या अर्थ प्रयोजन जसको छ, त्यसलाई विद्यार्थी/विद्यार्थिनी भनिन्छ। विद् संवित् धातु ज्ञानको अर्थमा आएको हो। विद्वान्/विदुषी वित् भएकालाई भनिन्छ। पराविद्या र अपराविद्या दुई प्रकारका विद्या सर्वविदित छन्। दश महाविद्या, चौध विद्या र अठार विद्या तथा उपविद्या अनेक छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष ६ अङ्ग, ऋग्वेद, यजुर्वेद, सामवेद, अर्थर्ववेद चार वेद आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद, शिल्पवेद, मीमांसा, न्याय (विधिशास्त्र), पुराण, धर्मशास्त्र यी अष्टादश विद्या हुन् । सबै विद्याका आलय विद्यालय समस्त जनताका साझा घर हुन् । सबैले संरक्षण गर्नुपर्छ । एउटै शिक्षाका पनि ६ अङ्ग हुन्छन् ।

यसैगरी प्रत्येक विद्याका अङ्ग प्रत्यङ्ग सबैले जान्नुपर्छ । शिक्षाका विकारले सबै कुरा बिग्रन्छ । शिक्षाका सुधारले सबै कुरा सुध्रन्छ । शिक्षाले ऋषि-मुनि, मनु-मानव बनायो । शिक्षाले नै संसारका सबै नागरिक सबल सफल हुन्छन् । लिपि अक्षर विन्यास हो । भाषा भावनाको वाहन हो । भाषामा भावना हुन्छ । भावना सभ्यता हुन्छ । सभ्यतामा संस्कृति हुन्छ । संस्कृतिमा धर्म हुन्छ । धर्मका आधारमा विश्व खडा छ ।

मानवको कर्तव्य :

धारणम् पोषणम् धर्मः । वस्तुस्वभावो धर्मः ।

धारणाद् धर्ममित्याहुर्धर्मोधारयते प्रजाः ।

धारण गर्ने तत्त्व धर्म हो । पोषण गर्ने विषय धर्म हो । वस्तु वा पदार्थको स्वभाव गुणधर्म ।

श्रुतिः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः ।

एतच्चतुर्विधंप्राहुः साक्षाद् धर्मस्य लक्षणम् ॥

श्रुतिःस्मृतिः सदाचार युक्त जिवन धर्मका लक्षण हुन ।

धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः ।

धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ॥

अहिंसा-सत्यास्तेय-ब्रह्मचर्याऽभ्युदयनिश्रेयससिद्धिः स धर्मः ।

यस्मिन् यथा वर्तते यो मनुष्यस्तस्मिंस्तथा वर्तितव्यं स धर्मः ॥

अहिंसा सत्यमा आधारित दश लक्षणले युक्त धर्मको अनुसरण गरी जिवनलाई सार्थक बनाउनु धर्म हो।

मायाचारो मायया वर्तितव्यः साध्वाचारः साधुना प्रत्युपेयः ॥

शठे शाठ्यं समाचरेत् । आर्जवं हि कुटिले षुन नीतिः ।

आत्मनः प्रतिकूलानि परेषां नसमाचरेत् ॥

जो जस्तो छ त्यसलाई त्यस्तै प्रकारले व्यवस्थापन गर्नु पहिलो कर्तव्य पुरुषार्थ हो ।

धर्मोविश्वस्य जगतः प्रतिष्ठा । धर्मो निस्सीमभूमा ।

सेवा धर्मः परमगहनो योगिनामप्यगम्यः ।

अयन्तु परमो धर्मो यद्योगेनात्मदर्शनम् ॥

धर्मले नै विश्व प्रतिष्ठित छ । धर्मविहीन प्रकृति पनि एक निमेष पनि अडिन सक्दिनन् ।

धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः ।

तस्माद्धर्मो न हन्तव्यो मानोधर्मोहतोवधीत् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो धर्मं बाधते धर्मो न स धर्म उदाहृतः ।
धर्मेण लभ्यते सर्वं धर्मे सर्वं प्रतिष्ठितम् ॥
यतो धर्मस्ततो जयः ।
भूयो भूयो भविनो भूमिपालन् नत्वा नत्वा याचते रामचन्द्रः ।
सामान्योऽयं धर्मसेतुर्नृपाणां काले काले पालनीयो भवद्भिः ॥
शरीरमाद्यं खलु धर्मसाधनम् । शरीरं व्याधिमन्दिरम् ।
स्वास्थ्यं हि परमो धर्मः । जगत्स्वास्थ्यं परोधर्मः ।
सर्वे भवन्तु सुखिनः सर्वेसन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग् भवेत् ॥ भावानुवाद

धारण गर्नु र पोषण गर्नु धर्म हो । जुन वस्तुको जस्तो स्वभाव छ, त्यही त्यसको धर्म हो । धारण गरिने भएकाले धर्म भनिएको हो । धर्मले आकाश आदि महाभूत तथा समस्त प्राकृतिक प्रजाको धारण गर्छ, त्यो धर्म हो । यसरी जो धारणरूपी धर्मले युक्त छ, त्यही धर्म हो, यो निश्चय छ । वेद, वेदानुकूल धर्मशास्त्र, वेद र धर्मशास्त्रानुकूल सज्जनहरूको आचार, श्रुति-स्मृति-सदाचारअनुरूप आत्मनिश्चय यी चार प्रकारका साक्षातधर्मलक्षण धर्मशास्त्रीहरूले भनेका छन् ।

धैर्य धारण गर्नु, क्षमा गर्नु, मनलाई वशमा राख्नु, कुनै चोरी नगर्नु, सबै प्रकारको पवित्रता राख्नु, ज्ञानेन्द्रिय, कर्मेन्द्रियहरूलाई वशमा राख्नु, धारणाशील बुद्धिलाई शुद्ध राख्नु, पराविद्या र अपराविद्याको पठनपाठन गर्नु, मन, वचन कर्मले सत्यको पालन गर्नु, क्रोध नगर्नु, दया गर्नु यी १० प्रकारका सर्वसामान्य मानव धर्मको लक्षण हो । अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह यी पाँच यम हुन् । शौच, सन्तोष, तपस्या, स्वाध्याय, ईश्वरप्रणिधान यी पाँच नियम पनि मानवताका लक्षण हुन् । अखिल वेद नै अखिल धर्मको मूल हो । धर्मशास्त्र, शील, स्वभाव, सदाचार आदि वेदले गर्नु भनेर विधान गरेको विधि धर्म हो । वेदले ""नगर्नू" भनेर निषेध गरेको अधर्म हो । रागद्वेषरहित सज्जनहरूको नित्य विधिपूर्वक आचरण गरेको र आफ्नै शुद्ध हृदयले अनुमति दिएको जो विधि छ, मानव धर्म तथा वैदिक धर्म त्यही हो भनेर समस्त मानवले जान्नुपर्छ । जसबाट इहलोकमा अभ्युदय, भौतिक उन्नति र परलोकमा निश्रेयस सिद्धि मोक्ष प्राप्ति हुन्छ, त्यही धर्म हो । जो मनुष्य जसमा जस्तो व्यवहार गर्छ, त्यसमा त्यस्तै व्यवहार गर्नु, त्यही धर्म हो । मायाजाल फैलाउनेसित मायाजालले नै व्यवहार गर्नुपर्छ । साधु आचार गर्नेका साथमा साधु नै भएर व्यवहार गर्नुपर्छ । शठका साथमा शठता नै गर्नुपर्छ । कुटिलहरूका साथमा ऋजुता गर्नु नीति होइन, धर्म पनि होइन । आफ्ना प्रतिकूल कुनै कामकुरा अरूप्रति गर्नुहुन्न, यो धर्म हो । धर्म समस्त जगत्को आधार हो । धर्मको कुनै सीमा छैन । सेवारूपी धर्म परमगहन छ र योगीहरूका लागि पनि परम अगम्य छ । यो त परधर्म हो, जो अष्टाङ्ग योगद्वारा आत्मदर्शन गरिन्छ । धर्मले नै मारे मार्छ, पाले पाल्छ, त्यसकारणले धर्मको हत्या गर्नुहुन्न, हाम्रो हत्या पनि धर्मले नगरोस् । जो धर्म धर्मका नामले धर्मलाई बाधा दिन्छ, त्यो धर्म धर्म होइन, धर्मनामधारी अधर्म हो । जहाँ धर्म छ, त्यही विजय हुन्छ ।

दान र दानको पालनमध्ये, दानभन्दा अनुपालन श्रेयस्कर छ । जो जगत्का हितकारी स्थितिकर्ता पुरातन राजाहरूको धार्मिक स्थितिको अनुपालन गर्लान्, तिनीहरू जहाँ चिरकालपर्यन्त निज भार्या झैं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजलक्ष्मीका साथमा रही मरेर पनि ईन्द्रसमान भएर स्वर्गवास गरून् । एउटा मात्र सुवर्ण मुद्रा, एउटी मात्र गाई, एक अङ्गुल मात्र भए पनि भूमिहरण गर्नेले नरकबास पाउँछ ।

शरीर धर्मपालनको प्रथम साधन हो । शरीर रोगको घर पनि हो । स्वास्थ्य नै परमधर्म हो । जगत्‌को स्वास्थ्य नै परम धर्म हो । सबै सुखी रहून् । सबै निरोगी रहून्, सबैले भलो देखून्, भलो गरून्, कोही पनि दुःखी नहोस् । यो हो मानवधर्म तथा धार्मिक भावना हो ।

न्यायकारी अकारण करुणावरुणालय परमपिता परमात्मा एवं परमशिव र शिवकी इच्छा शक्तिरूपा जगदम्बा शिवाले सर्वदा सर्वथा सर्वत्र सबैको रक्षा गरून् । सबैका लागि सुखभोग दिऊन् । सबैतिरबाट प्रतिपालन गरून् । साथै वीर्यवान्, बलवान् र सर्वशक्तिसम्पन्न बनाऊन् । हामीले पढे-पढाएको स्वाध्याय गरेको शास्त्र तेजस्वी रहोस् । हामीलाई तेजस्वी बनाओस् । हामीले प्राप्त गरेको जन्मसिद्ध मानवअधिकार र राष्ट्रिय अधिकार ओजस्वी रहोस् । सबैलाई ओजस्वी बनाओस् ।

सर्वत्र सदैव ईर्ष्या बढाउने, कलह उन्पन्न गर्ने, असन्तोष उत्पन्न गर्ने, अशान्ति फैलाउने अकल्याणकारी काम कदापि नहोस् । वसुधैव कुटुम्बकम् भन्ने भावना स्थायी रहिरहोस् । यही हो वैदिक समाजवादको आजको शिक्षामा यो छैन, त्यसैले यस्तो अवस्था सृजना भएको हो ।

अर्थशौचवारे न मृद्वारिशुचिः शुचिः । योऽर्थतस्तु शुचिः शुचिः ।

माटो पानी लगाएर हुने शुद्ध मात्र शुद्धता होइन, सच्चा शुद्धता त त्यो हो जो अर्थले शुद्ध हुन्छ । जसको लेखाजोखा शुद्ध छ र सत्यको कमाइ छ, त्यो विशेष शुद्ध हो, जो दया र सत्यको रक्षक र पवित्र उपार्जनले जीविका चलाउँछ, त्यसले लोभ र पाप गर्दैन ।

...मितं भुङ्क्ते अमितं कर्म कृत्वा ।

अर्थशास्त्रको अनर्थ गर्दैन **आयादल्पतरो व्ययः** भनेर आयभन्दा व्यय थोरै गर्छ । तनशुद्धि, मनशुद्धि, धनशुद्धि, अन्नशुद्धि, सर्वशुद्धि भएको मानव नै यथार्थ शुद्ध हो । वैदिक समाजवादमा यस्तो अर्थाशौच हुन्छ ।

ॐ कलिः शयानो भवति उज्जिहानस्तु द्वापरः ।
उत्तिष्ठंस्त्रेता भवति कृतं सम्पद्यते चरन् ॥
तस्माश्चरैव चरैवेति ...

व्यक्ति, जाति, समाज र राष्ट्र जो भए पनि सुतुवा अल्छी हुनु कलियुगको लक्षण हो । उठौं कि नउठौं भनेर सन्देह गर्नु द्वापर युगको लक्षण हो । लठ्ठी टेकेर भए पनि उठ्न खोज्ने विकासोन्मुख हुनु त्रेतायुगको लक्षण हो । नर नारीका सबल दुवै खुट्टाले उभिएर, राम्रो उच्च लक्ष्य बोकेर सत्यपथमा लम्कने प्रगतिशील हुनु सत्ययुगको लक्षण हो । वैदिक युग यस्ता छन् -

ॐ चत्वारि शृङ्गा त्रयोऽअस्य पादा द्वे शीर्षे सप्त हस्तासोऽअस्य ।
त्रिधा बद्धो वृषभो रोरवीति महादेवो मर्त्यानाविवेश ।

चारवटा सिङ, तीन वटा पाउ, दुई वटा शिर र सात वटा हात छन् जसका । तीन प्रकारले तीन ठाउँमा बाँधिएको जो वृषभ बसाहा (गोरु) बारम्बार गर्जदै उत्सवले उत्साह गर्दै महान् देवता मर्त्यलोकमा मानवादिहरूका हृदयमा आएर प्रवेश गर्दैछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् यस शब्दब्रह्म ध्वनिशास्त्रका परा, पश्यन्ती, मध्यमा र वैखरी तथा नाम आख्यात उपसर्ग निपात आदि ४ सिङ छन् । उदात्त-अनुदात्त-स्वरित, ह्रस्व-दीर्घ-प्लुत, एकवचन-द्विवचन-बहुवचन, भूत-भविष्य-वर्तमान आदि ३ पाउ छन् । सुबन्त-तिङन्त आदि २ शिर छन् ।

प्रथमा-द्वितीया-तृतीया-चतुर्थी-पञ्चमी-षष्ठी र सप्तमी गरी ७ विभक्तिरूप सात हात छन् । शिरसि उरसि, कण्ठे, शिर-छाती-कण्ठमा तीन ठाउँ मा ३ प्रकारले बाँधिएको समस्त मनोकामनाको अमृत वर्षा गर्ने । उत्साह सम्पन्न चौसठ्ठी वर्ष, षोडश मात्रा, सात स्वर, तीन ग्राम, सर्वलक्षण सम्पन्न सर्वाङ्गपूर्ण र सर्वत्र छन् ।

...वाचं धेनुमुपासीत । यथेमां वाचं कल्याणी मा वदानि जनेभ्यः ।

कल्याणी वेदवाणीको प्राणबल्लभ बृषभ शब्दब्रह्म मानवादि समस्त प्राणीगणका हृदयगुहामा आएर प्रवेश गर्दछ । मातृभाषाका रूपमा प्रवेश गरिरहेको छ । जसले गर्दा सबैको व्यवहार छोटो, छिटो र छरितो भएको छ ।

...अग्निर्यथैको भुवनं प्रविष्टो रूपं रूपं प्रतिरूपं बभूव ।

जसरी सूर्यपुत्र अग्नि सम्पूर्ण भुवनमा प्रवेश गरेर नाना रूपको भएको छ । त्यस्तै शब्दब्रह्म पनि **तत् सृष्ट्वा तदेवानुप्राविशत्** । सारा सृष्टि गरेर सृष्टिमा प्रवेश गरी सृष्टिको सञ्चालन गरिरहेछ । शब्दब्रह्म सर्वत्र टम्म र सम्म छ । कुनै ठाउँ खाली छैन । यो पनि वैदिक समाजवाद हो ।

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥

यो शब्दब्रह्म स्वयं पूर्ण छ, सर्वत्र पूर्ण छ । त्यो पूर्ण हुनाले त्यसबाट जन्मेको यो जगत् पनि पूर्ण छ । पूर्णबाट पूर्णै उम्रन्छ । पूर्णको पूर्णता लिएर पूर्णमा पूर्ण नै शेष रहन्छ । जति घटाए पनि उति नै रहने र जति वढाए पनि उति नै रहने निर्विकार अव्यय । पूर्ण आत्मा ब्रह्म पनि यस्तै पूर्ण छ ।

सदृशं त्रिषु लिङ्गेषु सर्वासु च विभक्तिषु ।
वचनेषु च सर्वेषु यन्नव्येति तदव्ययम् ॥

जो तीनै लिङ्ग, तीनै काल, सातै विभक्ति र तीनै वचनमा समान छ । कतै पनि जसको विकृति हुन्न, त्यो अव्यय अक्षय ब्रह्म नै शब्दब्रह्म हो ।

सह नाववतु । सह नौ भुनक्तु । सह वीर्यं करवावहै ।
तेजस्वि नावधीतमस्तु मा विद्विषावहै ॥

हामी दुवै गुरु-शिष्य, माता-पिता, पति-पत्नी, छोरा-छोरी, भाइ-भाइ, सखा-सखी, इष्ट-मित्र, नेता-कार्यकर्ता, राजा-प्रजा, सेना र सेनापति पनि हौं । गृह-गृहपति, कुल-कुलपति, राष्ट्र-राष्ट्रपति, ग्राम-ग्राममुख्य, सभा-सभापति, वक्ता र श्रोता पनि । समान रूपमा सबैले समस्त सुख सम्पदा पाऊँ । हाम्रो आपसमा राग, द्वेष, ईर्ष्या, कलह, हठ, तीतो, पीरो, पिरमर्का पर्ने कुनै व्यवहार नहोस् । सदासर्वदा सौम्य मधुर व्यवहार होस् । देश स्वर्गजस्तै सुन्दर बनोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मित्रस्य चक्षुषा समीक्षे । मित्रस्य चक्षुषा समीक्षन्ताम् ।
मित्रस्य चक्षुषा समीक्षा महे ।
अनुशासनशीलस्य नित्यं वृद्धोपसेविनः ।
चत्वारि तस्य वर्धन्ते आयुर्विद्यायशोबलम् ॥

जो सदा अनुशासनशील रहेर ज्ञानवयोवृद्ध माता-पिता गुरुजनको सेवा गर्दछ । सज्जनको सङ्ग र सत्शास्त्रको स्वाध्याय गर्दछ, त्यसको आयु, विद्या, यश र बल चारै गुणहरूको निरन्तर वृद्धि भइरहन्छ।

यत्रापि कुत्रापि गता भवन्ति हंसा महीमण्डलमण्डनाय ।
हानिस्तु तेषां हि सरोषराणां येषां मरालैः सह विप्रयोगः ॥

ती अनुशासनशील सुपात्र छात्र स्नातकहरू विश्वमा जता गए पनि दूधको दूध पानीको पानी छान्न सक्ने कला भएको राजहाँसजस्तै भूमण्डलको अलङ्कार हुन्छन् ।

कुलं पवित्रं जननी कृतार्था विश्वम्भरा पुण्यवती च तेन ।
अपारसंवित् सुखसागरेऽस्मिल्लीनं परे ब्रह्मणि यस्य चेतः ॥

तिनै पुत्रीकी जननी कृतार्थ हुन्छिन्, जसले कुल पनि पवित्र हुन्छ र जन्मभूमि पुण्यतीर्थ धाम हुन्छ। जसको चित्त अपार सुख संवित् सागरस्वरूप परब्रह्ममा लीन हुन्छ । जुन कुलमा ज्ञानी-ध्यानी-मुनि सन्तान जन्मन्छन्, त्यो कुल पवित्र हुन्छ ।

तदस्ति नास्तीतिय एष संशयः परस्य वाक्यैर्न ममात्र निश्चयः ।
अवेत्य तत्त्वं तपसा शमेन च स्वयं ग्रहिष्यामि यदञ्च निश्चितम् ॥

यो आत्मा बुझ्नेले ईश्वर छ भन्छन् नबुझ्नेले छैन भन्छन् । यो अस्ति-नास्तिको जो शङ्का छ, त्यसका विषयमा पराया वाक्यले निश्चय हुन सक्दैन । यो त तपस्या तथा समाधिले स्वयम् प्रत्यक्ष गरेर ग्रहण गर्नेछौ, जो यहाँ निश्चित छ ।

...कृण्वन्तो विश्वमार्यम्, कुर्वन्ते विश्वम् आर्यम्,

जसरी अठासी हजार महर्षिगणले विश्वलाई आर्यजस्तै गर्दै विश्वको यात्रा गरेका थिए, त्यसरी नै आज पनि यात्रा गर्नु अनिवार्य छ । गतशील त्रिकालदर्शी ऋषि-महर्षिहरूको सभ्यता संस्कृतिलाई धर्मको आर्यता अथवा आर्य परम्परा भनिन्छ ।

...मन्तारो वेद्तन्वादमन्तारो मनुयोमनश्च ।

मननशील वेदका तत्त्वज्ञ सर्वज्ञ ज्ञानीजनहरूलाई मुनि र मनु भनिन्छ । मुनिबाट मौन बन्छ। मानवबाट मानवता बन्छ। ऋषिमुनि, महर्षि, महामुनि, मनु, मानव, मानवता, प्रवृत्तिहरूको उत्पत्ति यसरी नै हुन्छ। यस कुरालाई जान्ने-जनाउने, मान्ने-मनाउने प्रत्येक मानवको पहिलो कर्तव्य हो ।

...सङ्गच्छध्वम् । संवदध्वम् । संवोमनांसि जानताम् ।

सङ्गठन गरौं, सम्मेलन गरौं । मानव सभ्यताबाट सबै मिलेर सभामा शान्त र स्वस्थ भएर बसौं। संवाद गरौं, भद्र भाषामा प्रश्नोत्तर शङ्का समाधान गरौं । मनमा सत्यं शिवं सुन्दरमम् । सत्यं ज्ञानमनन्तं ब्रह्मको बोध हुन्छ । परमात्माको आत्मा हो । अज्ञानीहरू लड्छन्, ज्ञानीहरू लड्दैनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संसारका समस्त चौरासी लाख चराचर प्राणीगण सर्वदा सर्वथा सर्वत्र सुखी रहून् । सबै निरोगी रहून् । कुनै प्रकारको पनि रोग नलागोस्, सबैको भलो होस् । भलो गर्ने भलो देख्ने कुनै प्राणीलाई पनि दुःख देख्नु नपरोस् । सबै सुखी रहून्, कोही पनि दुःखी नहोऊन् । यो हिन्दू भावना हो । विश्वमा मानवधर्मको प्रचारप्रसार गरेर विश्वलाई सर्वथा सर्वदा सर्वत्र स्वस्थ राख्ने हामी सबैको कर्तव्य हो । पृथिवीमा बास गर्ने सबैको जय होस् । कल्याण होस् । सबैले सम्पूर्ण सुखभोग गरून् । विश्वब्रह्माण्डको जय होस भन्ने भाव वैदिक, वैज्ञानिक समाजवादको हो ।

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया : ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग् भवेत् ॥

हामी सबै मिलेर यो राष्ट्रको जागरणमा पहरेदार भएर निरन्तर लागिराखौं । राष्ट्र रहे हामी रहन्छौं, हाम्रो धर्म, संस्कृति, सभ्यता एवं मानवीय मूल्यमान्यता, आदर्श स्थापना गर्न सक्दछौं । सबै मिलेर राष्ट्रनिर्माणको महाअभियानमा जुटौं । राष्ट्रविना हाम्रो अस्तित्त्व मेटिनेछ । सम्पूर्ण पराक्रम, पुरुषार्थ र शौर्य शक्ति हामीमा आओस् । षड्यन्त्र, विद्वेषकारीलाई हामी मेटाउन सकौं । वैरीको टाउकोमा खुकुरी र खुंडा बजार्न सकौं । वीर पुर्खाहरूले आर्जेको राष्ट्रलाई एकजूट भएर निर्माणको निरन्तरतालाई बढाइराखौं । भूमि (धरती) मेरी माता हुन् । म धरतीपुत्र हुँ । यो धरतीको रक्षा न्यायपूर्ण सामाजिक व्यवस्थाका लागि निरन्तर कटिबद्ध भएर जागरणमा जुटिराखौं । आजको परिवेश र आवश्यकता यस्तो छ राष्ट्र मत, पन्थ, सम्प्रदाय र वादमा रुमलिएको छ । यसबाट राष्ट्रको सर्वाङ्ग विकास र न्यायपूर्ण सामाजिक व्यवस्थाका लागि निरन्तर लागि राखौं ।

आधुनिक विश्वपरिवेशको राजनीतिक परिकल्पनाको आधार भनेको वैदिककालीन राज्यव्यवस्था नै हो । राजतन्त्रात्मक व्यवस्था, समाजवादी व्यवस्था, साम्यवादी व्यवस्था या मानवतावादी व्यवस्था सबैको मूल स्रोत भनेको वेद नै हो । मानव विकासको क्रमसँगै एक समूह र अर्को समूहबीच हुने भय, त्रास, आक्रमणजस्ता आपद्विपद्बाट बच्न र बचाउने सन्दर्भमा समूहको निर्माण भएको हो । सामूहिक सहाभागिताबाट आफ्नो समुदायको रक्षाका लागि संगठनको आवश्यकता पर्दछ । यही आवश्यकताबाट नै सङ्गठनको उपयोगिता प्रष्ट हुन्छ । यिनै समूहको रूपान्तरणस्वरूप राष्ट्रको जन्म वा उदय भएको हो भन्ने बुझिन्छ । हजारौं वर्षपूर्व रचना भएका वैदिक ग्रन्थहरूमा राष्ट्रको बारेमा सूक्ष्म र विशिष्ट चिन्तन गरिएको पाइन्छ । चार वेदमध्ये यजुर्वेद र अथर्ववेदमा राष्ट्रको अर्थनीति, कूटनीति, काम, कर्तव्य, अधिकार, स्वतन्त्र न्यायपालिका, कार्यपालिका, अनुशासनको व्यवस्थापनजस्ता कुराहरूको सूक्ष्म रूपमा सूत्रात्मक सङ्केत गरिएको छ ।

पृथिवीलाई देवीको रूपमा मानेर राष्ट्र बन्नका लागि शक्ति, धन, धान्य, जल, वनस्पति, पशुपक्षी, सुवर्ण, खोलानाला, आवास, प्रजनन, भोजन, मानिसहरूको समूहसँग हुनुपर्ने र सबैले आफ्नो कार्य पूरा गर्नुपर्ने विचार व्यक्त गरिएको छ । मानिसले आआफ्नो योग्यताअनुसारको काम गर्नुपर्ने विधान गरिएको पाइन्छ । वैदिककालीन राष्ट्रगान गाउने र सबैको कल्याण चाहने तथा अनेकौं यज्ञयागादि गर्ने परम्परा बसेका प्रमाणहरू पाइन्छन् । शुक्लयजुर्वेदको दशौं अध्यायको तेस्रो र चौंथो मन्त्रमा आफ्नो राष्ट्रका साथै सबैको कल्याणको कामना गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थेतस्थराष्ट्रदाराष्ट्रम्मेदत्तस्वाहार्त्येतस्थराष्ट्रदाराष्ट्रममुष्मैदत्तौजस्वतीस्थराष्ट्रदाराष्ट्रम्मेदत्तस्वाहौ जस्वतीस्थराष्ट्रदाराष्ट्र ममुष्मैदत्तापः परिवाहिणीस्थराष्ट्रदाराष्ट्रम्मेदत्तस्वाहापःपरिवाहिणीस्त्य राष्ट्रदाराष्ट्रममुष्मै दत्तापाम्पतिरसिराष्ट्रदाराष्ट्रम्मे देहिस्वाहापाम्पपतिरसिराष्ट्रदाराष्ट्रममुष्मै देह्यपाङ्गर्भोसिराष्ट्रदाराष्ट्रम्मेदेहि स्वाहापाङ्गर्भोसिराष्ट्रदा राष्ट्रममुष्मै देहि । यजु.१०-३ ॥

सूर्यवर्चसस्थराष्ट्रदाराष्ट्रम्मे, मान्दास्थ, शविष्ठास्थ, शक्वरीस्थ... । यजु.१०-४

हे निरन्तर गतिशील भई बहने जलाधाराहरू हो ! तिमीहरू धन कमाउन समर्थ छौ । हामीलाई राष्ट्र प्रदान गर । तिमीलाई हामी सम्पूर्ण आहूति समर्पित गर्दछौं । तिमीहरू ऐश्वर्यका बलले शक्तिशाली छौ। ओजस्वी छौ हामीलाई राष्ट्र प्रदान गर । तिमीहरू पराक्रमी पनि छौ । त्यसो भएकाले तिमीहरू राष्ट्र प्रदान गर्नमा समर्थ छौ, त्यसका लागि हामीले आहूति समर्पण गर्दछौं । तिमीहरू बल र उत्तम सेनाले शक्तिशाली बनेका छौ । सेना र शक्तिका कारण तिमीहरू बलशाली छौ, हामीलाई राष्ट्र प्रदान गर। हामी आहूति प्रदान गरिरहेका छौं । तिमीहरू शक्तिशाली भएकाले नै तिमीहरूलाई आहूति प्रदान गरिएको छ। अनेकौं खालका सैनिक र सैन्यगण तिमीहरूसँग छन् । सेनाले युक्त भएका छौ ।

त्यसैले, शक्तिशाली, पराक्रमी, ओजस्वी छौ, हामीलाई राष्ट्र प्रदान गर्नमा समर्थ छौ । तिमीहरू सम्पूर्ण जलधाराका संरक्षक हौ । पालक हौ । सम्पूर्ण जगत्लाई आफ्नो अधीनमा राख्न सक्षम छौ, योग्य पुरुषलाई मात्र राष्ट्रको भोग प्रदान गर, हामी निरन्तर रूपमा आहूति प्रदान गरिरहेका छौं । तिमीहरू सूर्यको कान्तिले उत्पन्नभएका स्वयं पनि प्रकाशमान हुँदै सबैलाई तेज प्रदान गरिरहेका छौ । तिमी राष्ट्र प्रदान गर्न समर्थशाली भएकाले तिम्रो स्तुति गरिरहेका छौं । सम्पूर्ण विश्वका पालनपोषण र धारणकर्ता शक्तिशाली पुरुषलाई राष्ट्र प्रदान गर । माधुर्यमय सम्पूर्ण शक्तिसहित क्षत्रिय बल भएका पराक्रमी यजमानलाई आफूले अभिषेक गर्दै राष्ट्र प्रदान गर । हे जलकण हो ! राक्षससित नहार्ने बल प्रदान गर। क्षत्रिय शक्तिको निर्माण गर्दै यही क्षेत्रमा निरन्तर प्रतिष्ठित होऊ ।

समाजमा कलङ्क आउने कार्य कसैले नगरून् । पृथिवी, जल, तेज आदिलाई कुनै व्यक्तिले दूषित नगरून्।

...पृथिवी मातर्मा मा हिंसी र्मो अहं त्वाम् । यजु. १०.२३

आफ्नो राष्ट्र (पृथिवी)लाई मातासमान हेरचाह गर्नुपर्दछ । पृथिवीको मर्मस्थलमा घात गर्ने कुनै पनि आणविक कार्य कसैबाट हुनुहुँदैन । कसैले त्यस्तो कार्य गर्दछ भने नियमानुसार राष्ट्रप्रमुखले दण्ड दिनुपर्दछ । राष्ट्रको हितमा सधैँ चिन्तन गर्ने, राष्ट्र र राष्ट्रवासीका लागि सेवा गर्न दृढसङ्कल्पका साथ सबैलाई सहभागी गराउनुपर्दछ ।

...बृहद् राष्ट्रं संवेश्यं दधातु । अथर्व ३-८-१

आफ्नो राष्ट्रलाई हरेक दृष्टिबाट समृद्धशाली विशिष्ट बृहद् (विस्तार गर्ने) बनाउने कार्यमा सचेत भएर सबै राष्ट्रवासीलाई सहभागी गराउनुपर्दछ ।

यसैगरी अथर्ववेदको भूमिसूक्तमा पृथिवीलाई माता र आफूलाई पुत्र भनिएको छ । आफ्नो तनमा नौ महिना राखेर आफूले अनेकौं दुःखकष्ट खेपेर माताले जसरी आफ्ना सन्ततिलाई लालनपालन गर्दछिन् त्यस्तै आफ्नी आमाको दुःखलाई यौवनावस्थामा प्राप्त सन्ततिहरूले रक्षा गर्नुपर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

...माता भूमि पुत्रोऽहं पृथिव्या । अथर्व १२-१-१२

राष्ट्रको उन्नति चाहने व्यक्तिले सत्यवादी, मधुरभाषी, कर्तव्यनिष्ठ हुनुपर्दछ । आफ्नी माताको (राष्ट्रको) रक्षाका लागि आफ्नो ज्यान मात्र होइन, आफ्ना सन्ततिको उत्सर्ग पनि गर्न पछि पर्नुहुँदैन ।

...राष्ट्राय मर्त्यं बध्यताम् सपत्नेभ्यः पराभुवे । अथर्व १-२९-४

विरोधी शत्रुहरूले कुनै पनि बेला राष्ट्रलाई घात गर्न सक्छन् । राष्ट्र कुनै पनि बेला परतन्त्र हुन सक्छ । त्यसैले सधैँ शत्रुबाट आफ्नो राष्ट्रलाई बचाउन सम्पूर्ण राष्ट्रवासी तयार रहनुपर्दछ । आन्तरिक सुरक्षा राम्रो भएन भने राष्ट्र कुनै पनि बेला राष्ट्रमा समस्या उत्पन्न हुन सक्छ । त्यसैले बेलैमा सावधान रहनुपर्दछ । जहाँ सत्य, सदाचार, कर्तव्यनिष्ठ, नेता, जनता, राजा, प्रजा छन्, प्रजातान्त्रिक व्यवस्था मौलाएको छ भने त्यस्तो राष्ट्रको भूमिले सदैव वीर सपुत मात्र जन्माउँदिनन्, संसारलाई आफ्नै विवेकको वशीभूत गराउने धनधान्य, ज्ञान, चेतनाले प्राकृतिक सम्पदाको संरक्षणको चेतना पनि जगाउँदछिन् । राष्ट्रको आन्तरिक सुरक्षामा सचेतता अपनाएर बाह्य हस्तक्षेपको अवस्था आउन नदिनु राष्ट्रवासीको कर्तव्य हो । राष्ट्रसञ्चालनका लागि सभा, समिति र वैधानिक राष्ट्रिय सभा आवश्यक पर्दछ ।

...या सभा अधिभूम्याम् । ये संग्राम समितयस्तेषु चारु वदेम । अथर्व १२-१-५६

यस्तो सभा राष्ट्रको केन्द्रीयस्तरदेखि नगर, गाउँसम्मको हुनुपर्दछ । स्थानीयस्तरका विवाद, अपराध स्थानीयस्तरमा समाधान गर्दै विवादको स्तर हेरी नगर क्षेत्र वा केन्द्रले समाधान गर्नुपर्दछ ।

तमेवे पृथिवी पञ्चमानवाः । अथर्व १२-१-१५

पञ्च जना मम होत्रं जुषध्वम् । ऋग्वेद ५-३५-२

पञ्च शब्दको प्रयोग वेदमा पाइन्छ । आफ्ना राष्ट्र वा स्थानका चारै दिशाका चार जना र एक जना केन्द्रका गरी पाँचलाई नै पञ्च भनिएको छ । अड्डा-अदालत आदिमा पञ्चको निर्णय सर्वमान्य हुन्छ । पञ्च भनेको सबै दिशाका प्रजा वा जनता भन्ने हुन्छ र प्रतिनिधित्व मानिन्छ ।

...सर्वज्ञानमयो हि सः...

राष्ट्रवादका अनेकौं सूत्रहरू वेदमा छन् । वेदको निर्देशमा हिँडेको राष्ट्र कहिल्यै पनि पराधीन हुँदैन । जस्तो हाम्रो नेपालको इतिहास साक्षी छ ।

वेदले निर्देशन गरेको व्यवस्था छोडेर हामीले आफ्नै मनखुशी व्यवस्था अँगाल्यौं भने राष्ट्र दुर्घटनामा पर्न सक्छ । मनपरी र छाडातन्त्रलाई प्रजातन्त्र या लोकतन्त्रको आवरणमा निरंकुशता, व्यक्तिवादी सोचलाई प्रोत्साहन दिइयो भने राष्ट्रवासीले ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ । त्यसैले, समयमै सचेत भएर सम्पूर्ण जातजाति, भाषाभाषी, शिल्पकला, विद्या, साहित्य, संस्कृति आदि सबैको उत्थानका लागि राष्ट्रलाई एकजूट बनाई सनातन राज्यव्यवस्थालाई व्यवस्थित गर्नलाई सबै सङ्गठित हुनुपर्ने आवश्यकता देखिन्छ ।

अथर्ववेदको बाह्रौं काण्डको प्रथम सूक्त भूमिसूक्त हो । यसमा भूमिप्रतिको कर्तव्य, राष्ट्रको रक्षा, समर्पण, सभा, समिति र मातृभूमिका लागि बलिदान कसरी दिने भन्ने बारेमा उल्लेख गरिएको छ । पनि धार्मिक ग्रन्थमा यति उच्चकोटिको मातृभूमिप्रतिको स्नेहभाव प्रकट गरिएको छ । सूक्तमा के भनिएको छ भने जन्मभूमि आमा हुन् र हामी उनकै पुत्र हौं । जसरी आफ्नी जन्म दिने आमाप्रति आफ्नो छोराले सर्वस्व अर्पण गर्छ, त्यसैगरी नै एउटा सत्पुत्रले राष्ट्रका लागि बलिदान आवश्यक छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै राष्ट्रिय भावनाले राष्ट्रप्रति बलिदान दिन उत्प्रेरित गर्दछ । जसरी एउटा परिवारमा विभिन्न विचारधारा भएका मानिसहरूको निवास हुन्छ, त्यसरी नै राष्ट्रमा पनि विभिन्न जातजाति, धर्मावलम्बी, भाषा, साहित्यप्रति झुकाव राख्ने समुदायको बसोवास रहेको हुन्छ । यसको अभिप्राय राष्ट्रमा रहेका विभिन्न धर्म, भाषा, जात जातिलाई मिलेर बस्नुपर्छ भन्नु नै हो । जुन देशका मानिसमा यसप्रकारको उच्चकोटिको भावना जागृत हुन्छ, त्यो राष्ट्रले सदैव उन्नति गर्दछ भनेर बताइएको छ । राष्ट्रको कल्याणको लागि नेतृत्वकर्ताले जनतामा सहिष्णुता, हार्दिक सामञ्जस्य र प्रेमको भावना जागृत गराउनु आवश्यक छ। राष्ट्रकल्याणका दृष्टिले हेर्ने हो भने अथर्ववेदका यी मन्त्रहरू विचारणीय छन् :

माता भूमिः पुत्रोऽहं पृथिव्या : । अथर्ववेद १२-१-१२

वयं तुभ्यं बलिहृतः स्याम । अथर्ववेद १२-१-६२

जनं बिभ्रती बहुधा विवाचसं,

नाना धर्माणां पृथिवी यथौकसम् ।

सहस्रं धारा द्रविणस्य मे दुहां

ध्रुवेव धेनुरनपस्फुरन्ती ॥ अथर्ववेद १२-१-४५

यसै गरी हामीले एकअर्काप्रति जुन व्यवहार देखाउँछौं, सबैलाई मधुर र प्रिय एवं प्रेमदृष्टि राख्नुपर्दछ। जसले राष्ट्रिय एकतालाई सबल एवं सशक्त बनाउन सहयोग गर्दछ । अतः राष्ट्रिय कल्याणका लागि मिष्टभाषी हुनु आवश्यक छ। साथै हामीहरूले परस्परमा आत्मीय भावको आदानप्रदान गरौं, जसले शान्ति र प्रेमको भावना जागृत होस् :

यद् वदामि मधुमत् तद् वदामि,

यदीक्षे तद् वनन्ति मा । अथर्ववेद १२-१-५८

हामीहरू आफ्नो जन्मभूमिको रक्षाका लागि सधैं तयार रहनुपर्छ र जुन समयमा राष्ट्र सङ्कटमा पर्छ, त्यतिखेर शत्रुहरूको विनाश गर्नका लागि हामी तम्तयार रहनुपर्छ । राष्ट्रका लागि राष्ट्रिय सुरक्षा अत्यावश्यक छ। यदि राष्ट्रमा सुरक्षाको व्यवस्था कमजोर भयो भने कोही पनि स्वतन्त्र हुन सक्दैन । हामी जुन कुनै समयमा पनि परतन्त्र हुन सक्छौं । वेदमा यही कुरालाई बारम्बार दोहोर्‍याइएको छ :

...राष्ट्राय मह्यं बध्यतां सपत्नेभ्यः पराभुवे । अथर्ववेद १-२९-४

हामीहरू विश्वविजयी हुने क्षमता राख्छौं । जहाँ जान्छौं, त्यहीँ विजय प्राप्त गरौं आफ्नो विजयको झण्डा फहराऊँ :

अभीषाडस्मि विश्वाषाड् आशामाशां विषासहिः । अथर्ववेद १२-१-५४

अथर्ववेदमा सत्यलाई विशेष महत्त्वका साथ व्याख्या गरिएको छ । राष्ट्रशान्ति, राष्ट्रोन्नति र राष्ट्रकल्याणका लागि सत्य अति नै आवश्यक वस्तु हो । जहाँ सत्यको वास हुन्छ, त्यहाँ इमानदारिता र परस्पर विश्वासको भावना जागृत हुन्छ, जसले गर्दा प्रत्येक मानिस राष्ट्रकल्याणका लागि अग्रसर हुन्छ । जहाँ सत्यको अभाव छ त्यहाँ अवनति दुर्गति, विनाशै विनाश छ । त्यसैले, अथर्ववेदमा सत्यताले सम्पन्न राष्ट्रको कल्पना गरिएको छ । यस्तो वातावरण सिर्जना भयो भने राष्ट्रको सदा कल्याण हुन्छ । जनताहरू सुखी र सन्तोषी रहन्छन् :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इदं राष्ट्रमकरः सूनृतावत् । अथर्ववेद १३-१-२०

इदं राष्ट्रं प्रविशत् सूनृतावत्,

स त्वा राष्ट्रय सुभृतं बिभर्तु । अथर्ववेद १-१३-१.१

वेदमा सभासमितिलाई पनि विशेष महत्त्व दिइएको छ । सभा र त्यहाँ बस्ने व्यक्तिहरूको बारेमा वेदका मन्त्रहरूले उत्तम वक्ता हुनुपर्ने वस्तुतथ्यलाई विशेष महत्त्व दिएका छन् । यसबाट के स्पष्ट हुन्छ भने उत्तम वक्ताले नै आफ्नो क्षेत्रका सम्पूर्ण समस्याको सरल ढङ्गले समाधान गर्न सक्छ :

या सभा अधि भूम्याम्,

ये सङ्ग्रामाः समितयस्तेषु चारु वदेम । अथर्ववेद १२-१-५६

यसैगरी आफ्नो राज्यको प्रशंसा र आफ्नो राष्ट्रको आन्तरिक मामिलालाई सुदृढ र समस्यामुक्त बनाउने सन्दर्भमा वेदले विभिन्न प्रसङ्गमा विभिन्न मन्त्रहरूद्वारा अपराधी, पापी, भ्रष्टाचारी र देशद्रोहीलाई तत्काल नष्ट गर्नुपर्ने र त्यसका लागि जस्तोसुकै कठोर निर्णय लिनुपरे तापनि लिनका लागि छुट रहेको वेदका मन्त्रहरूद्वारा स्पष्ट पारेको छ :

अर्चन् अनु स्वराज्यम् । ऋग्वेद १-८०-१

अस्य हि स्वयशस्तरं, सवितु कच्चन प्रियम् ।

न मिनन्ति स्वराज्यम् । ऋग्वेद ५-८२-२

व्यचिष्ठे बहुपाङ्ग्ये, यतेमहि स्वराज्ये । ऋग्वेद ५-६६-६ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थशास्त्र

सुखस्य मूलं धर्मः । धर्मस्य मूलमर्थः । अर्थस्य मूलं राज्यम् राज्यमूलमिन्द्रियजयः ।
इन्द्रियजयस्य मूलं विनयः । विनयस्य मूलं वृद्धोपसेवा । वृद्धसेवया विज्ञानं भवति ॥ कौटिल्य

राष्ट्रको मूल स्तम्भ भनेको अर्थशास्त्र हो । अर्थशास्त्रबिना समाज चल्न सक्दैन । धर्मनीति चलाउन अर्थनीति चाहिन्छ । सम्पूर्ण राज्यको कारण अर्थ हो । अर्थ प्रधान राष्ट्र नै सम्मृद्धशाली मानिन्छ । व्यापारबाट धनवृद्धि गर्नु पर्दछ । राज्यको उन्नतिका लागि जनताको व्यक्तिगत सम्पत्ति, सामूहिक सम्पत्ति सबैमा करको व्यवस्थापन गर्नुपर्दछ । सुखको मूल धर्म हो । धर्मको मूल अर्थ हो । अर्थको मूल स्वरूप राज्य हो ।

कृषिपाशुपाल्ये वाणिज्य च वार्ता धान्यपशुहिरण्यकुप्यविष्ट प्रदानादौपकारिकी ।
तया स्वपक्षं परपक्षञ्च वशीकरोति कोशदण्डाभ्याम् ॥ कौटिल्य

कृषि, पशुपालन र व्यापार यी तीनवटा वार्ताविद्याका विषय हुन् । यो विद्या, अन्न बाली, पशु, सुनचाँदी आदि खनिज पदार्थ र नोकरचाकर आदि कुराहरू जुटाइदिने ज्यादै लाभदायी हुन्छ । यस विद्याबाट आर्जन गरिएको कोश र सेनाका बलले नै (राजा) राष्ट्रप्रमुखले आफ्नो पक्ष र अर्काको पक्षलाई नियन्त्रणमा राख्न सक्दछन् ।

आन्वीक्षिकीत्रयी वार्तान योगक्षेम साधनो दण्डः । तस्य नीतिर्दण्डनीतिः ।
अलब्ध लाभार्था लब्धपरिरक्षणी रक्षित विवर्धनी वद्धस्य तीर्थेषु प्रतिपादनी च ॥ कौटिल्य

आन्वीक्षकी, त्रयी र वार्ता यी सबै विद्याहरूकै सुखसमृद्धि दण्डमाथि निर्भर रहन्छ । दण्ड वा शासनलाई प्रतिपादित गर्नसक्ने नीति नै दण्डनीति हो भनिन्छ । अप्राप्त वस्तु प्राप्त गराउँछ, प्राप्त भएको वस्तुको रक्षा गराउँछ, रक्षा गरिएका वस्तुको वृद्धि गराउँछ, त्यसरी वृद्धि भएका वस्तुलाई उचित कार्यमा लगानी गर्नका लागि निर्देशित गराउँछ । यस्तैप्रकारले संसारका सबै किसिमका लोक व्यवहारहरू निर्भर रहेका हुन्छन् । संसार उचित मार्गमा चलोस् भन्ने इच्छा भएका (राजा) राष्ट्रप्रमुख सधैँभरि नै उद्यतदण्ड – दण्डदिनका लागि तयार रहनुपर्दछ । असल नागरिकलाई प्रोत्साहन, खराब व्यक्तिलाई दण्डको व्यवस्था अनिवार्य रूपमा गर्नुपर्दछ । राष्ट्रहितका लागि दण्ड सजाय र पुरस्कार दुवै समान रूपमा रहनु पर्दछ । शासन तन्त्रलाई व्यवस्थित गर्न विद्याहरूको सही प्रयोगबाट राष्ट्र सवल बन्दछ ।

धर्मार्थाविरोधेन कामं सेवेत । न निःसुखः स्यात् । समं वा त्रिवर्गमन्योन्यानुबन्धम् ।
एको ह्यत्यासेवितो धर्मार्थकामानामात्मानमितरौ च पीडयति ॥ कौटिल्य

राष्ट्रप्रमुख(राजा)ले कामवासनाको भोग गरून् भोगबाट कहिले पनि तृप्ति मिल्दैन । अनुशासनमा रहेर भोग गर्दै मर्यादित तर त्यसमा लिप्त नभई आफ्नो कर्तव्य पुरा गरून् । भोगबाट राष्ट्रको धन र प्रमुखको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्तव्यमा अलिकति पनि बाधा पर्नुहुँदैन । वासना सुखबाट वञ्चित जीवनयापन गर्नुहुँदैन । धर्म, अर्थ, र काम यी तीन कुराहरूको एकआपसमा सन्तुलन राखेर उपभोग गरून् । यी त्रिवर्गको असन्तुलित उपभोगबाट अति नै दुःख हुन्छ । तसर्थ धर्म,अर्थ,काम तीनओटै भावको समान र सन्तुलित उपभोग गरेर मात्र राष्ट्रमा समान व्यवस्था स्थापित गर्न सकिन्छ ।

अर्थ एव प्रधान इति कौटिल्यः अर्थ मूलौ हि धर्मकामाविति ॥ कौटिल्य

धर्म, अर्थ र काममध्ये सबैभन्दा प्रमुख अर्थ नै हो भन्ने आचार्य कौटिल्यसहित अन्य पूर्वाचार्यहरूको मतमा एकरूपता छ । धर्म गर्नका लागि अर्थ प्रधान हो । धर्मको मूल अर्थ हो । अर्थको मूल राज्य हो । राज्यको मूल सेवा हो । अर्थमा नै धर्म र काम पनि निर्भर हुने गर्दछ ।

उपधाभिः शुद्धामात्यवर्गो गूढपुरुषानुत्पादयेत् कापटिकोदास्थित गृहपति वैदेहकतापसव्यञ्जनान् सत्रितीक्ष्णरसदभिक्षुकीश्च ॥ कौटिल्य

धर्म अनुशासनको परीक्षाबाट परीक्षित मन्त्रीवर्गहरूको विषयमा जानकारी प्राप्त गरिसकेपछि अनुशासित व्यक्तिलाई मात्र राष्ट्रको सेवामा नियुक्ति गर्नुपर्दछ । अनुशासनको परीक्षामा अमात्य (मन्त्री) वर्गको परीक्षा गरिसकेपछि राष्ट्रप्रमुख (राजा)ले मन्त्रीसहित गुप्तचरहरूको नियुक्ति गर्नुपर्दछ। कापटिक, उदास्थित, गृहपतिक, वैदेहक, तापस, सत्री, तीक्ष्ण, रसद र भिक्षुकी आदि अनेक प्रकारका गुप्तचरहरू हुन्छन् । ती गुप्तचरहरूलाई भिन्नभिन्न क्षेत्रमा लगाउने उनीहरूलाई कसरी सुव्यवस्थित सुरक्षित सन्तुलित गुप्तचरी विद्यामा निपूर्ण बनाइ कार्यक्षेत्रमा पठाउने । विभिन्न भेषमा नियुक्त भएका गुप्तचरहरू कसरी कार्य सम्पादन गर्छन् त्यसको परीक्ष गर्ने। परीक्षा पश्चात महत्त्वपूर्णकार्यको निर्देशनका साथ कार्यक्षेत्रमा नियुक्ति गर्ने ।

कर्षको वृत्तिक्षीणः प्रज्ञाशौचयुक्तो गृपतिकव्यञ्जनः ।
स कृषिकर्म प्रदिष्टायां भूमाविति समानं पूर्वेण ॥ कौटिल्य

बुद्धिमान, पवित्र हृदय भएका र गरिब किसानका भेषभुषामा रहने गरेका गुप्तचरलाई गृहपतिक भन्दछन् । तिनीहरूले खेतीपातीका लागि खाटाइएका भूमिमा गएर उदास्थित गुप्तचरहरूको जस्तै काम गर्नुपर्दछ ।

वाणिजको वृत्तिक्षीणः प्रज्ञाशौचयुक्तो वैदेहकव्यञ्जनः स वणिक्कर्म प्रदिष्टायां भूमाविति समानं पूर्वेण ॥ कौटिल्य

बुद्धिमान, पवित्र हृदय भएका र गरिब व्यापारीका भेषभुषामा रहने गरेका गुप्तचरलाई वैदेहक भन्ने गरिन्छ । तिनीहरूले व्यापारका प्रयोजनले काममा लगाइएका भूमिमा गएर उदास्थित गुप्तचरहरूको गर्नेझैं कामकाज गर्दै बर्स्नुपर्दछ ।

द्वादशपणमुद्रो जानपदो दद्यात् ।
कूटमुद्रायां पूर्वः साहस दण्ड । तिरोजनपदस्योत्तमः ॥ कौटिल्य

विनामुद्रा आवतजावत गर्नेलाई बाह्र पण दण्ड तिराउनु पर्दछ । जाली मुद्रा देखाएर आवागमन गर्नेलाई प्रथम साहस र अर्को देशको हो भने उत्तम साहस दण्ड दिनुपर्दछ ।

विवीताध्यक्षो मुद्रां पश्येत् ॥ कौटिल्य

अनुमतिपत्र अर्थात् मुद्राबिना नै वा जाली मुद्रा लिएर जङ्गल विहार गर्ने जोसुकैलाई विविताध्यक्षले हेर्नुपर्छ।

Prof. Madhav Prasad ... Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्रव्य हस्तिवनाजीवं वर्तनीं चोररक्षणम् ।
सार्थाति वाह्यं गोरक्ष्यं व्यवहारञ्च कारयेत् ॥ कौटिल्य

विविताध्यक्षले द्रव्यवन, हस्तिवन, घाँस, दाउरा, कोइला आदिको व्यवस्था गर्नु पर्दछ । वनकिल्लाको बाटो हिँड्नेको कर, चोरबाट जोगाएर उठाएको कर, गाई पालेको कर यस्ता सबै वस्तुहरूको किनबेच गर्ने व्यवस्था पनि विवीताध्याक्षले गर्नुपर्दछ ।

समाज व्यवस्था

गृहस्थधर्मलाई अगाडि बढाउन वैवाहिक सम्बन्ध आवश्यक पर्दछ । सबैभन्दा सबल परोपकारी लोकहितकारी आश्रम भनेको गृहस्थ आश्रम हो । यसमा विभिन्न वैधानिक समस्याहरू आउनसक्छन् । पतिधर्म पत्नीधर्मलाई व्यवस्थापन गर्नुपर्ने शास्त्रीय निर्देशन छ । यदी परिवारमा कुनै प्रकारको समस्या आयो भने त्यसलाई निराकरण गर्न शास्त्रमा स्पष्ट निर्देशन गरिएको छ । नारी अधिकारका लागि सबैभन्दा महत्त्वपूर्ण नीतिशास्त्रमा वर्णन गरिएको राजधर्मसँग सम्बन्धित व्यवस्था हो । परिवारको समन्वय र सहकार्यमा परिवारको सामूहिक सहभागितामा विवाह बन्धनमा नारी र पुरुष बाँधिएपछि गृहस्थधर्म आरम्भ हुन्छ । यसमा आउने विभिन्न समस्याहरूको बारेमा यहाँ वर्णन गरिएको छ :-

तदात्मपुत्रस्नुषभर्मीणि प्रवासाप्रति विधाने च भार्याया भोक्तुमदोषः । प्रतिरोधक व्याधि दुर्भिक्ष भयप्रतीकारे धर्मकार्ये च पत्यु । सम्भूय वा दम्पत्योर्मिथुनं प्रजातयोस्त्रि वर्षोपभुक्तञ्च धर्मिष्ठेषु विवाहेषु नानुयुञ्जीत । गान्धर्वासुरोपभुक्तं सवृद्धिकमुभयं दाप्येत । राक्षस पैशाचोपभुक्तं स्तेयं दद्यात् ॥ कौटिल्य

विभिन्न कार्यका लागि पति परदेश गएका स्त्रीको जीवन निर्वाहका लागि अरू कुनै आयस्रोत छैन भने आफ्ना सन्तानको जीवन निर्वाहका लागि निजी धन खर्च गर्नसक्छिन् । विपत्ति, बिरामीसहित आकस्मिक सङ्कटका लागि, धर्म कार्यका लागि, पतिले पनि स्त्रीको निजी धन खर्च गर्नसक्छ । दुई सन्तान जन्मेपछि स्त्रीपुरुष मिलेर त्यो धन खर्च गरेमा दोष लाग्दैन । धर्मानुसार विवाह भएका स्त्रीपुरुषको सन्तान जन्मेको छैन भने पनि तीन वर्षसम्म त्यो धन खर्च गर्न सक्छन् । गान्धर्व वा आसुर विवाह गरेकाले आपसी सल्लाहमा स्त्रीको धन खर्च गरे भने ब्याजसहित मूल धन जम्मा गर्नुपर्छ । राक्षस तथा पैशाच विवाह गरेका पतिपत्नीले यदी स्त्रीधन खर्चगरे भने चोरीको दण्ड दिनुपर्छ ।

मृते भर्तरि धर्मकामा तदानीमेवास्थाप्याभरणं शुल्कशेषञ्च लभेत ।
लब्ध्वा वा विन्दमाना संवृद्धिकमुभयं दाप्येत ।
कुटुम्बकामा तु श्वशुरपतिदत्तं निवेशकाले लभेत ॥ कौटिल्य

स्त्रीजातिको लोग्ने मरेपछि आफ्नै धर्मकर्ममा रहन रुचाउने स्त्रीले आफ्नो र परिवारको धन लिनुपर्दछ । त्यो धन लिइसकेपछि उसले अर्को लोग्ने रोजी वा खोजी भने त्यो धन ब्याजसहित फिर्ता गर्नुपर्दछ । यदी स्त्रीले परिवारको सल्लाह अनुसार अर्को बिहे गर्ने हो भने मृतपति र ससुराको धन बिहेकै बेलामा पाउँछ, त्यसभन्दा पहिले पाउँदिन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न्यायोपगतायाः प्रतिपत्ता स्त्रीधनं गोपायेत् ॥ कौटिल्य

न्यायपूर्वक स्त्रीलाई रक्ष ागर्ने पतिले नै उसको धनको पनि सुरक्षा गरिदिनुपर्छ । अर्को बिहे गर्नखोज्ने स्त्रीले मृत पतिको उत्तराधिकार पाउँदिन । दोस्रो विवाह गरेको खण्डमा जोसँग दोस्रो विवाह त्यो स्त्रीको भरणपोषण त्यो पतिले गर्नुपर्छ ।

पतिदायं विन्दमाना जीयेत । धर्मकामा भुञ्जीत । कौटिल्य

धर्मपूर्वक जीवन बाँच्न खोज्नेले मृत पतिको धन उपभोग गरेर रहनुपर्दछ । पति आकश्मिक रूपमा मरेभने बालबच्चाको लालनपालनमा निरन्तर तल्लिनरही पतिले आर्जन गरेको सम्पत्ति खर्च गरी बालबच्चाको रेखदेख गर्नुपर्दछ ।

पुत्रवती विन्दमाना स्त्रीधनं जीयेत । तत्तु स्त्रीधनं पुत्रा हरेयुः । कौटिल्य

छोराछोरीकी आमाले अर्को बिहे गर्ने हो भने आफ्नो स्त्रीधनको पनि अधिकार पाउँदिनन् । उसको स्त्रीधन छोराछोरीले लिनुपर्छ ।

पुत्रभरणार्थं वा विन्दमाना पुत्रार्थं स्फातीकुर्यात् ॥ कौटिल्य

छोराछोरी पाल्नका लागि अर्को बिहे गर्न खोजेकी स्त्रीले आफ्नो सम्पत्ति छोरालाई नामसारी गराउनु पर्छ ।

बहुपुरुषप्रजानां पुत्राणां यथा पितृदत्तं स्त्रीधनमवस्थापयेत् ॥ कौटिल्य

धेरैवटा विवाह गर्ने धेरै पुरुषसँग लागेर भिन्नभिन्न ठाउँमा सन्तान जन्माउने, कुनै पुरुषसँग सन्तुष्ट नरहने, छोराछोरी धेरै जन्मिएको अवस्थामा जुन बाउको जुन सन्तान हो त्यसैलाई ती सन्तान जिम्मा दिनु पर्दछ । धेरैवटा लोग्नेका तर्फबाट धेरैवटा छोराछोरी जन्मेका भए आआफ्ना पिताको धन स्त्रीले ती छोराछोरीलाई जिम्मा लगाउनु पर्छ । पिताको सम्पत्तिमा छोराछोरीको अधिकार सधैं रहिरहन्छ ।

काम कारणीयमपि स्त्रीधनं विन्दमाना पुत्रसंस्थं कुर्यात् ॥ कौटिल्य

आफ्ना सन्तान छोडेर आफूखुसी खर्च गर्नका लागि लिएको धन पनि अर्को विवाह गर्ने स्त्रीले छोरालाई जिम्मा लगाउनु पर्छ ।

अपुत्रा पतिशयनं पालयन्ती गुरुसमीपे स्त्रीधनं आयुःक्षयाद् भुञ्जीत ।
अपदर्थ हि स्त्रीधनम् । उर्ध्वं दायादं गच्छेत् ॥ कौटिल्य

धर्मपारायण पतिव्रता स्त्रीले पतिव्रत धर्म पालन गर्दै गुरुको संरक्षणमा रहने अपुत्रा स्त्रीले पनि जीवनभरि स्त्रीधन उपभोग गर्नपाउँछन् । स्त्रीधन आपद्का लागि हो । उनको सेखपछि उत्तराधिकारीले पाउँछ ।

जीवति भर्तरि मृतायाः पुत्रा दुहितरश्च स्त्रीधनं विभजेरत् ।
अपुत्राया दुहितरः । तदभावे भर्ता । कौटिल्य

विवाहपश्चात पति जीवित छँदै पत्नीको मृत्यु भयो भने उनको धन उनका सन्तानले आपसमा बाँढ्नुपर्छ । छोरा नभएकाको त्यो धन छोरीले बाँढ्छन् । छोरी पनि नभए लोग्नेले पाउँछ । लोग्ने पनि नभए अरू कुनै पारिवारिक सदस्यले पाउँदछन् ।

Prof. Madhav Pras... ...llection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुल्कमन्वाधेयमन्यद् वा बन्धुभिर्दत्तं बान्धवा हरेषु ॥ कौटिल्य

छोरीचेलीलाई दाइजो वा पेवाका रूपमा आफन्तले दिएको धन यदी छोरीले राम्रो कर्म गरिनन् भने त्यो सम्पत्ति उनीहरूले फिर्ता लिन पाउँछन् ।

कामादिरुत्सेकः स्वाः प्रकृतीः कोपयति अपनयो बाह्याः । तदुभयमासुरीवृत्तिः ।
स्वजनविकारः कोपः परवृद्धिहेतुष्वापदर्थोऽनर्थः संशय इति ॥ कौटिल्य

मानवमनमा काम आदि दोष बढ्दा आफ्ना आत्मियजनहरू रिसाउँछन् । अनैतिक कर्मले (अनाचार) समाज (बाह्य शक्ति) रिसाउँछन् । अशुभकर्म, कामवासना र नीतिभ्रष्ट दुवैलाई आसुरी वृत्ति भनिन्छ । आफ्ना मानिसको रिस उन्नतिका समयमा आपद् बनेर शत्रुको भलो गर्ने हुन्छ । त्यही नै अर्थ अनर्थ एवं संशयको रूपमा प्रकट हुन्छ ।

योऽर्थः शत्रुवृद्धिमप्राप्तः करोति प्राप्तः प्रत्यादेयः परेषां भवति प्राप्यमाणो वा क्षयव्ययोदयो भवति स भवत्यापदर्थः यथा सामन्तानामिषभूतः सामन्त व्यसनजो लाभः शत्रुप्राथितो वा स्वभावाधिगम्यो लाभः पश्चात्कोपेन पार्ष्णि ग्रहेण वा विगृहीतः पुरस्ताल्लाभः मित्रोच्छेदेन सन्धिव्यतिक्रमेण वा मण्डल विरुद्धो लाभ इत्यापदर्थः ॥ कौटिल्य

जुन (धन) अर्थले शत्रुको सहयोग गर्छ, शत्रुलाई उसको कार्य गर्नका लागि सहयोग पुऱ्याउँदछ । जुन धन आफूसँग आएर पनि अर्काका हातमा जान्छ । मानसम्मानको क्षति गराउँछ त्यसैलाई आपदर्थ (आपद् निम्त्याउने अर्थ) भनिन्छ । आपद्मा परेको व्यक्तिबाट खोसिएको धन, शत्रुलाई विजय प्राप्त गरेर पाएको धन, वा स्वभावतः पाउने लाभ, सामान्त(मन्त्री)हरूलाई अपदस्थ गरेर खोसिएको धन, मित्रतामा पाएको धन, सन्धि उल्लङ्घन गरेर राजमण्डलको इच्छाविपरीत प्राप्त गरेको लाभ आदि सबै आपदर्थ हुन ।

स्वतः परतो वा भयोत्पत्तिरित्यनर्थः ॥

आफन्त वा शत्रुवाट भय उत्पन्न गराउने अर्थ । जुन धनले आफूलाई कष्ट दिन्छ । त्यो धन अनर्थकारी हुन्छ । अरूबाट अथवा आफू र आफ्नाबाट सङ्कल गरेको अनाधिकृत धन स्वतः कष्ट प्रदान गर्नेहुन्छ ।

तयोः अर्थो न वा इति अनर्थो न वा इति अर्थोऽनर्थः इति अनर्थः अर्थः इति संशयः ॥

यो अर्थ हो या अनर्थ हो । यो अनर्थ हो कि होइन । यो अर्थ हो कि अनर्थ । यो अनर्थ हो कि अर्थ भन्ने ठम्याउन नसकिनेलाई संशय भनिन्छ । अर्थ र अनर्थको दुविधामा संशयमा धन प्राप्ति गर्नु ।

तेषामर्थ संशयमुगच्छेत् ॥

यस्ता संशयहरूमध्ये अनर्थसित अतिकति पनि सम्वन्ध नभएको र पूरै अर्थसँग सम्वन्ध भएको संशयलाई नै स्वीकार्नु पर्दछ ।

अर्थोऽर्थानुबन्धः अर्थो निरनुबन्धः अर्थोऽनर्थानुबन्धः अनर्थोऽर्थानुबन्धः अनर्थो निरनुबन्धः अनर्थोऽनर्थानुबन्ध इत्यनुबन्ध षड्वर्गः ॥

सवैखालका अर्थ र अनर्थलाई सँगसँगै आवद्ध गराउँदा–अर्थानुबन्ध अर्थ, निरनुबन्ध अर्थ, अनर्थानुबन्ध अर्थ, अर्थानुबन्ध अनर्थ, निरनुवन्ध अनर्थ र अनर्थानुबन्ध अनर्थ गरी छवटा भेद हुन्छन् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शत्रुमुत्पाट पार्ष्णिग्राहादानमर्थोऽर्थानुबन्ध ॥

शत्रुलाई मासेर पार्ष्णिग्राहलाई पनि नियन्त्रण गर्नु अर्थानुबन्ध अर्थ हो ।

उदासीनस्य दण्डानुग्रहः फलेन अर्थो निरनुबन्धः ॥

उदासीनसित धन लिएर सेनाले उसको सहायता गर्नु निरनुबन्ध अर्थ हो ।

परस्यान्तरुच्छेदनमर्थोऽनर्थानुबन्धः ॥

शत्रुका आन्तरिक शक्तिलाई निर्मूलपार्नु अनर्थानुबन्ध अर्थ हो ।

शत्रुप्रति वेशस्यानुग्रहः कोशदण्डाभ्यामनर्थोऽर्थानुबन्ध ॥

कोष र सेना दिएर शत्रुका छिमेकीलाई सहयोग गर्नु अर्थानुबन्ध अनर्थ हो ।

हीनशक्तिमुत्साहा निवृत्तिरनर्थो निरनुबन्ध ॥

शक्तिहीनलाई सहायता गर्ने वचन दिएर लडाइँका लागि उसलाई तयार गराएपछि उसलाई सहयोग नगर्नु निरनुबन्ध अनर्थ हो ।

ज्यायां समुत्थाप्य निवृत्तिरनर्थोऽनर्थानुबन्धः ॥

अत्यन्त शक्तिशालीलाई सहयोग गर्ने वचन दिएर सहायता नगर्नु अनर्थानुबन्ध अनर्थ हो ।

समन्ततो युगपदार्थोत्पत्तिः समन्ततोऽर्थापद्भवति ।

वरिपरिबाट एकैचोटि अर्थको उत्पत्ति भयो भने त्यो नै समन्ततः अर्थापत् हो । आकस्मिक रूपमा धन आयो भने त्यो धन अर्थापत् हो । त्यसको व्यवस्थापनमा ध्यान दिनु पर्छ ।

सैव पार्ष्णिग्राह विगृहिता समन्ततोऽर्थ संशयापद्भवति ॥

पार्ष्णिग्राहले त्यसकै विरोध गऱ्यो भने समन्ततः अर्थसंशयापत् हुन्छ ।

तयोर्मित्राक्रन्दोप ग्रहात्सिद्धिः ॥

ती दुवैको प्रतिकार मित्र र आक्रन्दको सहयोगमा गरिन्छ ।

समन्ततः शत्रुभ्यो भयोत्पत्तिः समन्ततोऽनर्थापद्भवति ॥

सबैतिरबाट शत्रुताको डर भयो भने समन्ततः अनर्थापत्ति हो ।

सैव मित्रविगृहिता समन्ततोऽनर्थ संशयापद्भवति ॥

मित्रले बाधा हाल्यो भने त्यसलाई समन्ततः अनर्थसंशयापत् भनिन्छ ।

तयोश्चलामित्राक्रन्दोपग्रहान्सिद्धिः । परमिश्राप्रतीकारो वा ॥

यी दुवैको प्रतिकार चलशत्रु र आक्रन्दको सहयोगमा गर्नु पर्दछ । परिश्रम आपत्तिमा बताइएभैँ गर्नुपर्छ । आपत्ति पर्ने सम्भावना रहिरहन्छ । त्यसकारण निरन्तर परिश्रमबाट धन आर्जन गर्नुपर्दछ ।

इतो लाभ इतरो लाभ इत्युभयतोऽर्थापद्भवति । तस्यां समन्ततोऽर्थायाञ्च लाभगुण युक्तमर्थपादातुं यायात् । तुल्ये लाभ गुणे प्रधानमासन्नमनतिपातिनम् । ऊनो वा येन भवेत्तमादातुं यायात् ॥ कौटिल्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जताततैबाट अर्थसम्बन्धी लाभ भयो भने अर्थापद् भनिन्छ । उपयतः अर्थापद् र समन्ततः अर्थापद्मध्ये जुनमा धेरै लाभ हुने अर्थ प्राप्तिको सम्भावना छ त्यो अर्थ अवश्य प्राप्त गर्ने प्रयास गर्नुपर्छ । दुवैतर्फ लाभका गुण समान भएमा ठूलो लाभ हुने, नजिकै रहेको, छिटै पाइने र नलिँदा ठूलो हानी हुने अर्थलाई लिने प्रयास अवश्य गर्नुपर्छ ।

इतोऽनर्थ इतरतोऽनर्थ इत्युभयतोऽनर्थापत् ।
तस्यां समन्ततोऽनर्थायाञ्च मित्रेभ्यः सिद्धिं लिप्सेत ॥ कौटिल्य

जताततैबाट अनर्थको उत्पत्ति भयो भने त्यसलाई उपयतः अनर्थापद् भनिन्छ । यसमा र समन्ततः अनर्थापद्‌मा मित्रहरूद्वारा सफलता प्राप्त गर्नुपर्छ । जताततै अनिष्ठ अशान्ति अप्ठ्यारो परो भने मित्रहरूबाट सहयोग लिएर आफ्ना समस्याहरू समाधान गर्नुपर्दछ ।

मित्राभावे प्रकृतीनां लघीयस्यैकतोऽनर्थां साधयेत् उभयतोऽनर्था ज्यायस्या । समन्ततोऽनर्थां मूलेन प्रतिकुर्यात् । अशक्ये सर्वमुत्सृज्यापगच्छेत् । दृष्टा हि जीवता पुनरापत्तिः यथा सुयात्रोदयनाभ्याम् । कौटिल्य

मित्रको सहयोग नपाइएमा लघुप्रकृतिबाट एकतः अनर्थापद्‌लाई रोक्नुपर्छ । यसैगरी उभयतः अनर्थापद् पर्दा ज्येष्ठ प्रकृतिबाट र समन्ततः अनर्थपद् पर्दा केन्द्रलाई छोडेर प्रतिकार गर्नु पर्छ । यति गर्दा पनि यी अनर्थहरू रोक्न सकिएन भने सबै कुरो छोडेर भाग्नुपर्छ । जिउँदो रहिएमा नल र उदयनले जस्तै गुमाएको सबै कुरो प्राप्त गर्न सकिन्छ भन्ने देखिएकै छ । मित्रहरूले सहयोग गरेनन् भने अर्थको अनर्थ हुनगयो भने अन्तिममा जीवित रहनका लागि पनि भाग्नु पर्दछ । जीवन रहेमा फेरि महत्त्वपूर्ण कार्य सम्पादन गर्न सकिन्छ ।

इतो लाभ इतरो राज्याभिमर्श इत्युभयतोऽर्थानर्थापद् भवति ।
तस्यामनर्थ साधको योऽर्थस्तमादातुं यायात् अन्यथा हि राज्याभिमर्शं वारयेत् ॥

एकातिरबाट लाभ र अर्कातिरबाट राज्य नै गुमाउने गरी परेको आपद् उभयतः प्राप्तिका लागि प्रयास गर्नुपर्छ नभए अर्थलाई छोडेर अनर्थको प्रतिकार गर्नेतिर लाग्नुपर्छ । जीवनमा दुईवटा सम्भावनाहरू रहन्छन् । एकतिर लाभ अर्कोतिर हानि । राज्य प्राप्त गरी लाभ प्राप्त भयो भने त्यो सुखदायक नै हुन्छ । यदी आपत्ति आयो भने राज्य गुमाउनु पर्ने अवस्था आउँदा पलायन भएर एकीकृत योजना बनाइ आएको आपत्‌लाई प्रतिकार गर्नुपर्दछ । प्रतिकार गर्न तिर नलाग्दा आपत्ति थपिँदै जान्छ । आपत्तिको प्रतिकार गर्दै राज्य प्राप्तिका लागि फेरि लाग्नु पर्दछ ।

इतोनर्थ इतरतोऽर्थसंशय इत्युभयतोऽनर्थार्थसंशया ।
तस्यां पूर्वमनर्थं साधयेत् तत्सिद्धावर्थसंशयम् । कौटिल्य

एकातिरबाट अनर्थ र अर्कातिरबाट अर्थको सम्भावना रहनुलाई उभयतः अनर्थार्थसंशयपद् भनिन्छ । यस्ता अवस्थामा पहिले अनर्थलाई र पछि अर्थसंशयलाई निवारण गर्नुपर्छ ।

तस्यां पूर्वंपूर्वं प्रकृतीनामनर्थसंशयान्मोक्षयितु यतेत ।
श्रेयो हि मित्रमनर्थसंशये तिष्ठन्न दण्डः दण्डो वा न कोश इति ॥ कौटिल्य

प्रकृतिबाट आउने आपद्‌हरूलाई पहिले निवारण गर्दै अनर्थसंशयसित जोगिने प्रयास गर्नुपर्दछ । मित्रका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर्फबाट आउने अनर्थसंशयभन्दा सेना, सुरक्षाका संयन्त्रबाट आउने अनिष्ठले ठूलो क्षति गराउँदछ । तर सेनाबाट आउने अनर्थसंशय (आकस्मिक सङ्कट) कोषतर्फबाट आउने भन्दा दुःखदायी हुँदैन । सैनिक सङ्कट भन्दा आर्थिक सङ्कट ठूलो क्षति गराउने हुन्छ । आर्थिक नाश भएपछि सबैनाश हुन्छ ।

समग्रमोक्षणाभावे प्रकृतिनाम वयवान्मोक्षयितुं यतेत । तत्र पुरुषप्रकृतीनाञ्च बहुलमनुरक्त वा तीक्ष्णलुब्धवर्जम् । द्रव्यप्रकृतीनां सारं महोपकारं वा । सन्धिनाऽऽसनेन द्वैधीभावेन वा लघुनि विपर्ययैर्गुरुणि ॥ कौटिल्य

सबै प्रकारका अशान्ति उपद्रोलाई एकैपटक निवारण गर्न सकिएन भने सबैभन्दा पहिला सङ्कटलाई वर्गीकरण गरेर निवारण गर्ने प्रयास गर्नुपर्छ । तिनीहरूमध्ये तीष्ण र लोभीलाई छाडेर बहुसंख्यक एवं अनुरागी पुरुष प्रकृतिका आपद् पहिले हटाउनु पर्दछ । द्रव्य प्रकृतिमध्ये धेरै लाभदायी जुन हुन्छ त्यसैको अनर्थसंशय हटाउनु पर्दछ । सन्धि, आसन र द्वैधीभावद्वारा सानातिना द्रव्यसम्बन्धी आपद् हटाउनलाई निरन्तर लाग्नु पर्दछ । ठूलालाई विग्रह र संशयद्वारा हटाउनु पर्दछ ।

निरन्तरयोगित्वाच्चार्थानर्थ संशयानां यात्रादावर्थः श्रेयानुपसम्प्राप्तुं पार्ष्णिग्राहा सारप्रतिघाते क्षयव्ययप्रवासप्रत्यादेश मूलरक्षणेव च भवति तथानर्थः संशयो वा स्वभूमिष्ठस्य विषह्यो भवति ॥ कौटिल्य

युद्ध गर्ने क्रममा अर्थ, अनर्थ र संशय उत्पन्न भए भने पहिले अर्थलाई ग्रहण गर्नुपर्दछ । युद्धको प्रतिस्पर्धा, (पार्ष्णिग्राह) र विरोधीसँग प्रतिस्पर्धा गर्दा क्षय, व्यय, प्रवास, प्रत्यादेय एवं मूल(राष्ट्र)को रक्षा गर्ने मूल कारण अर्थ पनि हो । त्यस्ता बेलामा अर्थजत्रै अनर्थ र संशय पनि उपस्थित भए भने आफ्नै ठाउँमा रहेर सजिलै प्रतिकार गर्न सकिन्छ । अर्थप्राप्ति भएपछि विभिन्न अप्ठ्यारो समाधान गर्न सकिन्छ ।

यात्रान्ते तु कर्शनीयमुच्छेदनीयं वा कर्शयित्वोच्छिद्य वार्थः श्रेयानुपसम्प्राप्तुं नानर्थः संशयो वा पराबाधभयात् ॥ कौटिल्य

युद्धयात्राका अन्त्यमा अर्काको भूमिमा रहनेले बलहीन र उन्मूलन गर्नेपर्नेको धन ग्रहण गर्नुपर्छ । यस्ता अवस्थामा शत्रुका पक्षबाट बाधापर्ने सम्भावना धेरै हुनाले सचेत हुनुपर्दछ । युद्ध सकिए पछि पनि शत्रुले बाधा पुऱ्याउने सम्भावना हुन्छ त्यतिबेला पनि केही संशय राखी सचेत हुनुपर्दछ ।

अर्थो धर्मः काम इत्यर्थ त्रिवर्गः । तस्य पूर्वःपूर्वः श्रेयानुपसम्प्राप्तुम् ॥ कौटिल्य

अर्थ, धर्म र काम यो अर्थत्रिवर्ग हुन् । यिनीहरूमध्ये जतिसक्दो अर्थ(धन) पहिलेनै ग्रहण गर्नुपर्छ । अर्थशास्त्रको सिद्धान्तले अर्थप्रधानताको बारेमा महत्त्व दिएको छ । सबैभन्दा पहिले अर्थ सङ्कलन गर्नु पर्दछ । अर्थले धर्म र श्रेय मिल्दछ ।

अर्थोऽनर्थ इति धर्मोऽधर्म इति कामः शोक इति संशय त्रिवर्गः । तस्योत्तर पक्षसिद्धौ पूर्वपक्षः श्रेयानुपसम्प्राप्तुम् ॥ कौटिल्य

अर्थ अनर्थ, धर्म अधर्म र काम शोक यिनीहरू आपसमै सन्देहास्पद हुनाले संशयत्रिवर्ग हुन र यिनीहरूमध्ये सबैको पछिल्लो पक्ष हानिकारक हुनाले त्याग्नु र पहिलो पक्ष लाभप्रद हुनाले ग्रहण गर्नु राम्रो हुन्छ । अर्थ धर्म काम यी सबै सुखकारक हुन् । अधर्म, अनर्थ र शोक यी कष्टकारक हुन् । तसर्थ सुखकारक त्रिवर्गका सुखकारक भावलाई लिनुपर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्ममूलत्वात्काम फलत्वाच्चार्थस्य धर्मार्थ कामानुबन्ध याऽर्थस्य सिद्धिः सा सवार्थसिद्धिः ॥

विभिन्न सिद्धिहरूमा प्रतिकात्मक रूपमा प्रयोग हुने धर्म, काम र अर्थले अर्थलाई सिद्धि गराउने हुँदा अर्थ सिद्धिलाई सर्वश्रेष्ठ वा सवार्थसिद्धि मानिन्छ ॥ धर्मको मूलकारण काम, कामको मूल कारण अर्थ, अर्थ सिद्धि गरेपछि सबैप्रकार सिद्धि प्राप्त हुन्छन् ।

पुरुषभोगं हिरण्यभोगं वा मित्रमिति । पुरुषभोगं मित्रं श्रेयः पुरुषभोगं मित्र प्रतापकरं भवति । यदा चोत्तिष्ठते तदा कार्यं साधयति इत्याचार्याः ॥ कौटिल्य

जनशक्तिले सहयोग दिने मित्र असल कि धनले सघाउने असल भनि सोधिएका प्रश्नमा आचार्यहरू जनशक्तिको सहयोग राम्रो मान्दछन् किनभने त्यस्ताले आफैँ शत्रुसँग जुभ्दछन् र उनलाई दवाउन पनि सकिन्छ । साथै जुनसुकै बेला जे काममा पनि लगाउन पाइन्छ । उसैबेलाको काम पनि उनैबाट हुन्छ। मित्रहरूबाट प्राप्त हुने सहयोग सबैभन्दा उच्चकोटीको सहयोग श्रेयष्कर हुन्छ । कुनै पन आपद विपद आउँदा मित्रहरूबाट पाइने सहयोग महत्त्वपूर्ण हुन्छ ।

नेति कौटिल्यः । हिरण्यभोगं मित्रं श्रेयः नित्यो हिरण्येन योगः कदाचित् दण्डेन दण्डश्च हिरण्येनान्ये च कामाः प्राप्यन्त इति ॥

कौटिल्य त्यसो होइन भन्दछन । धनले सहायता गर्ने मित्र असल हो । धनको खाँचो सधैँ हुन्छ तर सेनाको खाँचो युद्धका बेलामा मात्रै हो । धन भएपछि सेना जम्मा गर्न सकिन्छ । अरू पनि विभिन्न कामहरू गर्न सकिन्छ । मन लागेका काम पुरा गर्न पनि धनले सहयोग पुग्दछ ।

हिरण्यभोगं भूमिभोगं वा मित्रमिति ।

हिरण्यभोगं गतिमत्वात् सर्वव्ययप्रतीकारकरमित्याचार्याः ॥ कौटिल्य

पूर्वाचार्यहरू धन दिने मित्र असल कि जमिन दिने भन्ने प्रश्नमा सबै आवश्यकता टार्ने भएकाले गतिशील नगदी धन दिनेलाई आचार्यहरू असल मान्दछन् । धन दिने मित्र असल मानिन्छ । किनकी जमिनबाट उत्पादन हुन समय लाग्छ ।

नेति कौटिल्यः । मित्रहिरण्ये हि भूमिलाभाद्भवतः इत्युक्तं पुरस्तात् । तस्माद् भूमिभोगं मित्रं श्रेय इति ॥ कौटिल्य

कौटिल्य त्यसो होइन भन्दछन । जमिन भएपछि मित्र र नगदी धन दुवै पाइन्छन् । उनी जमिन दिने मित्र नै उत्तम हो भन्दछन् ।

तुल्येहिरण्यभोगे प्रार्थितार्थता प्राभूत्यमल्प प्रयासता सातत्यञ्च विशेषः ॥

नगदी धन समान रूपले सहयोग गर्ने दुई जनामध्ये पनि भन्ने बित्तिकै दिने र परेकाबेलामा जहिले पनि दिने नै असल हुन्छ । किनकी भूमि स्थायी सम्पत्ति हो । अर्थ द्रब्य पैसा खर्च भएपछि सकिन्छ । तर भूमि सधैँ उर्वरा हुन्छिन् ।

क्षिप्रमल्पो लाभश्चिरान्महानीति वा क्षिप्रमल्पो लाभः कार्यदेशकाल संवादकः श्रेयान् इत्याचार्याः ॥

आकस्मिक रूपमा पाइने थोरै लाभ राम्रो कि ढिलोसित हुने धेरै लाभ राम्रो हो भन्नेमा चाँढै पाइने थोरै लाभ नै रोज्दछन् । त्यसवाट देश, काल र कार्यबाट हुने लाभलाई चिन्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेति कौटिल्यः । चिरादविनिपाती बीजसधर्मा महान लाभः श्रेयान् विपर्यये पूर्वः ॥

कौटिल्य त्यसो होइन, बिउ छरेको जस्तै ढिलो भए पनि धेरै लाभ भएको राम्रो हो तर ठूलो लाभबाट ठूलो हानि हुने सम्भावना छ भने थोरै लाभ पनि राम्रै हो । धेरै नै लाभ प्राप्त भयो भने नोक्सान पनि धेरै हुने सम्भावना हुन्छ । तसर्थ थोरै लाभ थोरै हानीलाई नै आचार्य चाणक्यले महत्त्व दिएका छन् । बीऊ थोरै गुमाएर धेरै प्राप्त गर्न सकिन्छ । मूल बाली नै नाश गरेर धेरै नोक्शान हुन्छ ।

एवं दृष्ट्वा ध्रुवे लाभे लाभांसे च गुणोदयम् ।
स्वार्थसिद्धिपरो यायात् संहितः सामवायिकै ॥ कौटिल्य

यसरी आफ्नो लाभ र लाभको अंश तथा त्यहाँबाट हुने गुणदोष राम्ररी बुझेर अर्कासित सन्धि गरी आफ्नो कार्य सफल गर्न तयार रहनुपर्छ । लाभको पनि गुण दोष विचार गर्नु पर्दछ । वैदिक समाजवाद ल्याउन सबै जुटौं । अस्तु

राज्य कोषको व्यवस्थापन

गुप्तचरको दायित्व

कोशमकोशः प्रत्युत्पन्नर्थ कृच्छ्रः सङ्गृह्णीयात् ॥ कौटिल्य

राज्यकोषको भण्डार रित्तियो वा विभिन्न कारणले अचानक धनको सङ्कट पऱ्यो भने राष्ट्रप्रमुखले कोषको व्यवस्थापन गर्नुपर्दछ ।

जनपदं महान्तमल्पप्रमाणं वा देवमातृकं प्रभूतधान्यं धान्यस्यांशं तृतीयं चतुर्थं वा याचेत ।
यथासारं मध्यमवरं वा ॥ कौटिल्य

देशभरि रहेका सानाठूला जनपदहरूबाट जनताको अनुमतिअनुसार अन्नको तेस्रो वा चौथो भाग राज्यको करका रूपमा लिनुपर्छ । उर्वरा भूमिको ठाउँको अवस्था हेरेर वा मझौला अतिसानाबाट पनि त्यसै किसिमले कर (राजस्व) उठाउनुपर्छ ।

दुर्गसेतुकर्म वणिक्पथगशून्यनिमेश खनिद्रव्यहस्तिवन कर्मोपकारिणं प्रत्यन्तमल्प प्रमाणं वा न याचेत ॥

राज्यको किल्ला, बाँध आदिका काम गर्ने, व्यापार मार्गमा निर्भर, खाली चौर, खानी काठदाउरा, हात्ति, जङ्गलको व्यवसाय आदिले जनताको सेवा गरेका, राज्यका सीमामा रहेका, अन्नको कमी भएका ठाउँबाट यस्तो कर लिनु हुँदैन । कर व्यवस्थापनमा जनताका सम्बन्धमा जानकारी सङ्कलन गरी मात्र करको व्यवस्थापन गर्नुपर्छ । कुन पेशा अन्तर्गत को केमा निर्भर छ । त्यसअनुसार करको व्यवस्थापन गर्नुपर्छ ।

धान्यपशु हिरण्यादि निविश मानय दद्यात् ।
चतुर्थमंश धान्यानां वीजभक्त शुद्धं च हिरण्येन क्रीणीयात् ॥ कौटिल्य

नयाँ नगर वा गाउँ बस्तीलाई अन्न, पशु, सुनचाँदी आदि राज्यकै तर्फबाट दिनुपर्छ । उनीहरूले उत्पादन गरेको चौथो भाग राज्यले किन्नुपर्छ । बीऊ तथा वर्षभरि खाएर जोगिएको अन्न राज्यले किन्नुपर्छ ।

अरण्यजातं श्रोत्रियस्वञ्च परिहरेत । तदप्यनुग्रहणे क्रीणीयात् ॥ कौटिल्य

जङ्गलमा उत्पन्न हुने, श्रोत्रिय (अग्नीहोत्र गर्ने वैदिकहरूसँग) कर लिनु हुँदैन जङ्गलमा उब्जाउ भएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वृक्षवनस्पतिको कसैले उपयोग गर्छ भने त्यसबाट पनि कर लिनु हुँदैन । खाइखुराकभन्दा बढी भएको अन्न राज्यले किन्नुपर्छ ।

तस्याकरणे वा समाहर्तृपुरुषा ग्रीष्मे कर्षकाणामुद्वापं कारयेयुः प्रमादावस्कन्नस्या त्ययं द्विगुणमुताहरन्तो बीजकाले बीजलेख्यं कुर्युः । निष्पन्ने हरितपक्वादानं वारयेयुः । अन्यत्र शाक कटभङ्गमुष्टिभ्यां देवपितृपूजादानाथ गवार्थं वा भिक्षुक ग्राम भृतकार्थञ्च राशिमूलं परिहरेयुः ॥ कौटिल्य

श्रोत्रिय (अग्नीहोत्र गर्ने वैदिकहरू)ले खेती नगरेका अवस्थामा समाहर्ताले उसको जमिन किसानलाई खनजोत गरी बालीनाली लगाउन दिनुपर्दछ । किसानले हेल्चेक्र्याइँ गरेर बीऊविजन नाश गरायो भने समाहर्ताले दोब्बर दण्ड तिराउनुपर्छ र खेतिको विवरण लेखेर राख्नु पर्छ । खेती तयार भएपछि काँचो वा पाकेको अन्न किसानलाई लैजान दिनु हुँदैन । देवपूजा, पितृपूजा वा गाईका लागि मुठीभरि लैजान पाउँछ। किसानले भिखारी, कपाल काट्ने (ठाकुर), कपडाधुने (धोवी) कुमाले (माटाको भाँडा बनाउने) आदिका लागि खलामै अन्नको राशीबाट उनिहरूको पारिश्रमिक भाग छुट्याइ दिनुपर्छ ।

स्वसस्यापहारिणः प्रतिपातोऽष्टगुणः ।

स्वसस्यापहारिणः पञ्चाशदगुणः सीतात्ययः स्ववर्गस्य तु वधः । कौटिल्य

आफ्नै खेतीबाट लुकाएर बाली भित्र्याउनेलाई लुकाएका अन्नको आठ गुणा दण्ड तिराउनुपर्छ । आफ्नै गाउँको खेतबाटै बाली चोर्नेलाई चोरेको बालीको पचाश गुणा तिराउनुपर्छ । अर्काका गाउँबाट त्यसरी चोऱ्यो भने मारिदिनु पर्छ ।

चतुर्थमंशं धान्यानां षष्ठं वन्यानां तूललाक्षाक्षौमवल्क कार्पासरौमकौशेयौषध गन्धपुष्पफलशाक पण्यानां काष्ठवेणु मांस वल्लूराणाञ्च गृह्णीयुः । दन्ताजिनस्यार्धम् । अनिसृष्टं विक्रीणानस्य पूर्वः साहसदण्ड ॥ कौटिल्य

बालीको चौथो भाग तथा वनबाट पाइने अन्न एवं भुवा, लाहा, जुट, बोक्रा, कपास, ऊन, रेसम, औषधी सुगन्धित वस्तु, फूल, फल, साग, काठदाउरा, बाँस आदिको छैटौं भाग करका रूपमा लिनुपर्दछ। हात्तिको दाँत र पशुको छालाबाट करका रूपमा आधा कर लिनुपर्छ । यस्तावस्तु लुकिचोरी बेच्नेलाई प्रथम साहसदण्ड (सर्वस्वहरण) गर्नुपर्छ ।

सुवर्णरजतवज्र...

सुवर्ण (सुन), रजत (चाँदी), वज्र (हिरा), मणि, मोती, मुगा, घोडा एवं हात्ति आदि व्यापार गरिने वस्तुमाथि लागतको पचाशौं भाग कर लाग्छ। सुतीकपडा, पित्तल, ताँबा, काँसो (झर्का वा चरेश), गन्ध, जडिबुटी र मदिरामा चालीसौं भाग कर लाग्छ। गहुँ, धान आदि अन्न, तेल, घिउ, फलाम, गोरुगाडा, आदिमा तीसौं भाग कर लाग्छ। काँचका सामान र ठूला कारिगरमाथि वीसौं भाग र साना कारिगर तथा घरमा कुलटा स्त्री राख्नेसँग दशौं भाग कर लाग्छ। काठ, बाँस, ढुङ्गा, माटोका भाँडो बनाउने, पाकेको अन्न बेच्ने र हरियो सागपात बेच्ने माथि पाँचौं भाग कर लाग्छ। करको व्यवस्थापन अवस्था हेरेर कर अधिकारीले निर्णय गर्नसक्दछ।

...कुशीलवा रूपाजीवाश्च वेतनार्धं दद्युः ।

गीतसङ्गीत नाचगान गर्ने, त्यससम्बन्धी व्यवसाय गर्ने र वेश्यावृत्ति गर्नेले पनि आधा कमाइ करको रूपमा राज्यलाई तिर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

...हिरण्यकरमकर्मण्या नाहारयेयुः । ....

व्यापारीहरूले व्यापारको अनुपातमा प्रत्येक क्रेताको गन्ती गरेर कर लिनुपर्छ । कर तिर्नुपर्ने डरले व्यापार छोड्ने मानिसले आफ्नो वस्तु अर्काको भनेर पनि बेच्न सक्छन्, त्यस्तालाई पनि व्यापार छोडेको कर लाग्छ ।

...कुक्कुटसूकरमर्धं दद्यात् ।...

पशुपालक कुखुरा र सुँगुर पाल्ने वा व्यापार गर्नेले कर तिर्नुपर्छ । साना प्राणी पाल्ने वा व्यापार गर्नेले छैटौं भाग कर तिर्नुपर्छ । गाई, भैँसी, खच्चर, गधा, उँटको व्यवसाय गर्नेले दशौँ भाग कर तिर्नुपर्छ ।

...सकृदेव न द्विः प्रयोज्यः । ... कौटिल्य

वर्षको एकपटक मात्र राज्यले कर लिनुपर्छ, वर्षदिन नपुग्दै कर दोहोऱ्याएर लिनु हुँदैन । एकपटक कर लिएकाले पुगेन भने अर्को योजना बनाएर समाहर्ताले सहर र गाउँका बासिन्दासित धनको सहायता लिनुपर्छ । यस्तो योजनामा सामेल भएका मानिसले अरूलाई देखाउनका लागि पनि धेरै धन दिनुपर्छ । यसै प्रकारले राष्ट्रप्रमुखले आफ्ना जनतासँग धन लिनसक्छन् । थोरै कर दिनेलाई राज्यका गुप्तचरले त्यसको गुप्तभेद पत्तालगाइ त्यसको दण्ड व्यवस्था गर्नुपर्दछ धनीहरूबाट राज्यले उनीहरूको शक्ति सामर्थ्य व्यवसायिक अवस्थानुसार कर सङ्ग्रह गर्नुपर्छ ।

...यथोपकारं वा स्ववशा वा यदुपहरेयुः । .... कौटिल्य

राज्यकोषबाट सुविधा पाउने कर्मचारीहरूले पनि राज्यलाई कर तिर्नु पर्दछ । कर्मचारीले दिएको कर जतिनै कर तिर्न अरूकर्मचारीहरूले पनि कर तिर्नमा सहयोग गर्नु पर्दछ । राज्यका धनीहरूलाई पनि कर तिर्नआग्रह गर्नुपर्छ । राज्यलाई धेरै कर दिने धनीहरूलाई पद, छत्र, पगरी, आभूषण आदिले सम्मानित गर्नुपर्छ । भोगगर्ने व्यक्ति नभएको, श्रोत्रिय(वैदिक अग्नीहोत्री)ले भोग नगरिरहेको, देवताका नाममा रहेको, धनी मरिसकेको, घर आगलागी भएको वा वेवारिसे सम्पत्ति राष्ट्रप्रमुखले लिनुपर्दछ । राष्ट्रिय ढिकुटीमा जम्मा गर्नु पर्दछ ।

...देवताध्यक्षो दुर्गराष्ट्रदेवतानां यथा... कौटिल्य

देवालयको मूल पूजारी, संस्थाका सभासमितिका अध्यक्ष, किल्ला वा राष्ट्रमा भएका देवमन्दिरको सम्पत्ति एकत्र गरेर राष्ट्रिय ढुकुटी बढाउनुपर्छ । कुनै पनि पवित्र स्थानमा देवालयमा मेला, जात्रा लगाउने व्यवस्था गर्नुपर्छ । दर्शक एवं दर्शनार्थीलाई धेरै धन चढाउन लगाएर राष्ट्रिय ढुकुटीमा जम्मा गर्न लगाउनु पर्छ । यसरी पनि धन जम्मा पारेर राजकोष दरिलो पार्नुपर्छ । साम, दाम, दण्ड, भेद सबै प्रकारको कुटिल चाल प्रयोग गरेर राष्ट्रिय ढुकुटीलाई सम्मृद्धशाली बनाउनुपर्दछ । राष्ट्रिय कोष सवल भयो भने नागरिक शक्तिशाली बन्दछन् । सानो भन्दा सानो षड्यन्त्रको प्रयोगबाट राष्ट्र सबल शक्तिशाली बन्छ भने सबै उपायहरूको प्रयोग गर्नुपर्दछ ।

...वैदेहक व्यञ्जनो वा प्रभूतपण्यान्तेवासी ... कौटिल्य

राज्यको वैदहक नामका गुप्तचरले धेरै वस्तुहरू लिएर व्यापारीका भेषमा मानिसहरूका बीचमा आफ्नो विश्वास बनाउनु पर्छ । धरौटी राख्ने वा ब्याज खाने मानिसले धेरै पुँजीजम्मा गरेपछि अचानक चोरिएको हल्ला फिँजाएर राष्ट्रको कोष बलियो बनाउनु पर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

...वैदेहकव्यञ्जनो वा प्रख्यातव्यवहारः प्रवहण... कौटिल्य

राष्ट्रप्रमुखले खटाएका मुद्रा विशेषज्ञ र सुनारले पनि झुक्याएर राजकोषका लागि धन जम्मा पार्नुपर्छ। व्यापारीका भेषमा आउने गुप्तचरले धेरै प्रसिद्धि कमाएपछि उसले सहभोजका लागि छिमेकबाट मागेर वा भाडा लिएर सुनचाँदीका भाँडाकुँडा जम्मा पार्नुपर्छ। धेरैजनाको उपस्थितिमा आफ्नो मालसामान राखेर सुन वा रूपियाँ ऋण लिनुपर्छ। भोलिपल्ट जसलाई मालसामान बेच्नुपर्नेछ उसबाट प्रत्येक वस्तुको मूल्य लिनुपर्छ। राज्यकोषलाई शक्तिशाली बनाउन विभिन्न उपायहरू अपनाउनु पर्दछ।

...साध्वी व्यञ्जनाभिः स्त्रीभिर्दूष्यानुन्मादयित्वा ... कौटिल्य

कुनै सुन्दर स्त्री राज्यको गुप्तचरको भेषमा यत्रतत्र विचरण गरोस्। साध्वी स्त्रीले दुष्टपुरुषलाई लोभ्याएर घरमा आउने बनाएपछि त्यही उसलाई पक्राउ गरेर सर्वस्व हरण गराउन पनि गुप्तचरले सहयोग गर्नु पर्दछ। काम वासनाको लोभमा फँसेका व्याभिचारी पुरुषलाई मायाँको जालपासमा पारेर उसको सर्वस्व हरण गर्नुपर्दछ। त्यो सम्पत्ति राज्यकोषमा जम्मा गर्नुपर्दछ।

दूष्यकुल्यानां वा विवादे प्रत्युत्पन्ने ....

कर नतिर्ने दुष्टहरू एकआपसमा झगडा गरेका बेलामा गुप्तचरले तिनीहरूमध्ये कुनै एकलाई विष खुवाइ मारेर अर्कालाई दोष लगाउँदै त्यसको धन खोस्न पनि सक्छ।

दूष्यमभित्यक्तो वा श्रद्धय पदेशं पण्यं ....

दुष्टसँग कुनै भ्रष्ट व्यक्तिले आपसमा राम्रो सम्बन्ध भएको देखाउने गरी आफ्नो धन, सुन, बन्धकीको माल, ऋण वा अंश मागोस्। दुष्टलाई उसले दास भनेर वा उसकी पत्नी वा छोरीलाई दासी वा स्वास्नी भनेर गाली गरोस् त्यसोभएकै राति त्यो भ्रष्ट व्यक्ति उसैका घरमा वा नजिकै कतै वास बसोस्। त्यस्तो अवस्थामा तीक्ष्ण पुरुषले त्यसलाई मार्नुपर्छ र फलानासँग धन माग्दा वा झगडा पर्दा मारिएको भनी राष्ट्रप्रमुखले दुष्टको सर्वस्व हरण गर्नुपर्छ।

...सिद्धव्यञ्जनो वा दूष्यं जम्भकविद्याभिः प्रलोभयित्वा..... कौटिल्य

सिद्धको भेषमा आएर गुप्तचरले दुष्टलाई – म सुनको खानी खोज्ने, राजा वा मन परेकी स्त्रीलाई वशमा पार्ने, शत्रुलाई बिरामी बनाउने, आयु बढाइदिने, सन्तान उत्पन्न गराइदिने जस्ता काम जान्दछु भन्नुपर्छ। दुष्ट सहमत भएपछि देवस्थानका नजिक राति लगेर खुबसँग रक्सी, मासु अत्तर सुगन्ध आदि देवतालाई चढाउन लगाउनु पर्छ। त्यसपछि बालकको लाश गाडेको ठाउँबाट पुराना सिक्का निकालेर उसलाई देखाउँदै – तिमीले थोरै भेटी चढायौ त्यसैले यहाँबाट थोरै मात्र पाइयो। तिमीलाई धेरै प्राप्त भए ऊ त्यो सुन लैजाऊ र भोलि धेरै सामग्री लिएर चढाउन आउ भन्नुपर्छ। भोलिपल्ट उसले त्यही सुन बेचेर धेरै भेटी राख्ने सामग्री किन्न लागेका बेलामा उसलाई पक्राउ गरेर सर्वस्व हरण गर्नुपर्छ। दुष्टहरूलाई दण्डसजायँ दिनलाई विभिन्न छलकपटको प्रयोग गरेर दुष्टलाई संहार गर्नुपर्दछ। दुष्टका विश्वाशिला व्यक्तिलाई प्रयोग गरेर भावनात्मक उपायबाट सर्वस्व हरण गर्नुपर्दछ। राज्यकोषबाट चोरी गर्ने दुष्टहरूलाई कुनै पनि प्रयोगवाट समाप्त गर्नुपर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

...मातृव्यञ्जनया वा पुत्रो मे त्वया हतः इत्यव.... कौटिल्य

आमाका भेषमा गुप्तचर आएर कुनै राज्यकोष दुरूपयोग गर्ने दुष्ट स्त्रीलाई तँइले मेरो छोरो मारिस् भन्ने आरोप लगाउनु पर्छ । त्यस्तो मौकामा तीक्ष्ण नामका गुप्तचरले कुनै मानिस मारेर दुष्टले यज्ञ गरेका ठाउँकै नजिक गाढ्नुपर्छ । त्यो अपराध दुष्टलाई लगाएर स्त्रीको सर्वस्व खोस्नुपर्छ । सर्वस्व हरण गरेर आएको सम्पत्ति राज्यकोषमा जम्मा गर्नुपर्दछ ।

...दूष्यस्य भृजकव्यञ्जनो वेतनहिरण्ये कूटरूपं .. कौटिल्य

राज्यको कर छल्नेलाई दुष्टको नोकर बनेर गुप्तचरले महिनावारी तलबमा पाएको पैसामा नक्कली नोट या सिक्का मिसाएर राष्ट्रप्रमुखसँग उजुरी हाल्नुपर्छ । उजुरी हालेर कर छल्नेको सम्पूर्ण सम्पत्ति राज्यकोषमा जम्मा गर्नुपर्दछ ।

...कर्मकार व्यञ्जनो वा गृहे कार्यं कुर्वाणः स्तेन... कौटिल्य

कर छल्ने राज्यलाई कुनै उपायबाट कमजोर बनाउने दुष्टका घरमा नोकर बसेका गुप्तचरले नक्कली रुपियाँ पैसा बनाउने सामान राख्नुपर्छ वा गुप्तचर चिसित्सकसँग मिलेर औषधीको सट्टा विष खुवाउनुपर्छ । त्यस दुष्ट व्यक्तिलाई त्यहीनै मृत्युको मुखमा पुऱ्याउनु पर्दछ । राष्ट्रद्रोह गर्ने राष्ट्रको सामाजिक धार्मिक सांस्कृतिक कुनै पनि अवस्थालई कमजोर बनाउने तत्त्वलाई सबै प्रकारको षडयन्त्र प्रयोग गरी मृत्यदण्ड दिनु पर्दछ ।

...प्रत्यासन्ने वा दुष्यस्य सत्रो प्रणिहित....

दुष्टका घरमा बसेका सत्री नामका गुप्तचरले राज्यभिषेकका लागि राखिएको या शत्रुले लेखिपठाएको सूचना कापटिक नामको गुप्तचरलाई खटाएर राष्ट्रप्रमुख कहाँ पुऱ्याउनु पर्छ । यसबाट उसले राज्य खोस्न लागेको रहस्य खुल्न आउँछ र उसको सर्वस्व हरण गर्न सकिन्छ ।

...पक्वं पक्वमिवारामात् फलं राज्यद.... कौटिल्य

पाकेको फल बगैंचाबाट टिपेझैं गरी राष्ट्रप्रमुखले दुष्टको धन राज्यको उन्नतिका लागि लिनुपर्छ । काँचो फल छोडेझैं सज्जनको धन राष्ट्रप्रमुखले छोडिदिनुपर्छ । काँचो फलजस्तो धर्मात्माको धन राष्ट्रप्रमुखले लियो भने जनताको रिसको पात्र बन्नुपर्ने हुन्छ ।

...अदण्डचदण्डने राज्ञो दण्डस्त्रिंशद्गुणो..... कौटिल्य

निर्दोष व्यक्तिले दण्ड पायो भने उल्टै राष्ट्रप्रमुखलाई नै तीसौंगुणा बडी दण्ड तिराउनु पर्छ ।

तेन तत्पूयते पापं राज्ञो दण्डापचारजम् ।
शास्ता हि वरुणो राज्ञां मिथ्या व्याचरतां नृप ॥ कौटिल्य

अनुचित दण्ड उठाउनाले राजालाई पाप लागेको हुन्छ । वरुणलाई दण्ड तिरेपछि ऊ छुट्छ । जनतामाथि अत्याचार गर्ने राष्ट्रप्रमुखलाई वरुणले नै शासन गर्दछन् । वरुण देवताले जनतालाई दुःख दिने शासकलाई अतिधेरै कष्ट दिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



अध्यात्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यात्म विज्ञान

अध्यात्मज्ञाननित्यत्वं तत्त्वज्ञानार्थदर्शनम् ।
एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतोऽन्यथा ॥ गीता १३ / ११

अध्यात्म अर्थात् शरीरभित्र रहेको ब्रह्मलाई जान्ने उपाय बताइन्छ । मनले कुनै पनि विषयलाई जान्दा ज्ञान गर्ने आफूलाई बिर्सन मिल्दैन, हरेक विषयको ज्ञानमा मन आत्मातर्फ नै गएझैं लाग्दछ । मुमुक्षु व्यक्तिले मनद्वारा नै आत्मालाई नजिकैबाट नियाल्ने प्रयास गर्दछ आत्माको निरन्तर विचार गरिरहन्छ ।

मनः प्रत्यय समकालाभिव्यक्तिधर्मि – अन्तःकरणको वृत्तिरूप जुन प्रत्यय या ज्ञान हो । त्यस सँगसँगै ब्रह्म अभिव्यक्त हुन्छ । त्यस्तो कुनै अन्तः करणको वृत्ति छैन, जहाँ ब्रह्मको अभिव्यक्ति नभएको होस् । आखिर जुनसुकै अन्तःकरणको वृत्ति होस्, त्यो ब्रह्मको प्रतिविम्वलाई नलिई सिद्ध हुन सक्दैन । ज्ञानस्वरूप आत्माको चैतन्य प्रकाशलाई लिएर मात्र वृत्तिको अस्तित्व हुने भएकाले हरके वृत्तिमा आत्मा अनुगत छ । वृत्ति भनेको कुनै विषयमा मन निरन्तर गइराख्नु हो । साधकको मन जहाँजहा जान्छ उसले त्यही बेला वृत्तिमा अभिव्यक्त चैतन्यतर्फ ध्यान दिई त्यसको चिन्तन गर्नु पर्दछ । यो नै अध्यात्मिक उपदेश हो । यही नै अध्यात्मिक साधना हो ।



साधकले ब्रह्म चिन्तन गर्दा उत्साहपूर्वक त्यसमा लाग्नुपर्ने बताइएको छ । मैले राम्ररी ब्रह्मचिन्तन गर्न सकेको छैन भनी विचार गरियो भने निराशाको भावले नै जित्दछ । मनले ब्रह्मलाई फेला पारेपारेझैं भयो भनी निरन्तर चिन्तन गर्नुपर्दछ । यस्तो उत्साहको भावनाले फल प्राप्त हुन्छ । साधकले ब्रह्मलाई बारम्बार स्मरण गरिरहन्छ । उसको सङ्कल्प – दृढ इच्छा ब्रह्म विषयक नै हुन्छ । व्यवहारमा पनि कुनै मन्दिरको दर्शन गर्न हिडेका यात्रीले गन्तव्य कति टाढा छ ? भनी सोध्यो भने अब आइपुग्नै लाग्यो भनेर उत्साह दिने लोकोक्ति छ । आत्मा साधनामा पनि त्यस्तै उत्साहको आवश्यकता हुनुपर्ने कुरा बताइएको छ ।

पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते । पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्याते ॥ई०॥
ब्रह्मतत्त्व सबैतिर परिपूर्ण एवं सर्वव्यापक छ । जीव पनि ब्रह्मस्वरूप नै भएकाले स्वयंमा पूर्ण छ । त्यतिमात्र नभई सम्पूर्ण जगत्समेत पूर्ण ब्रह्मकै विस्तार भएकाले त्यो पनि पूर्ण नै छ । अज्ञानका कारण अपूर्ण जस्तो बनेको जीवले ब्रह्मतत्त्वको पूर्णता र सर्वव्यापकतालाई चिन्नसक्यो भने ऊ पूर्ण ब्रह्मस्वरू नै बन्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईशा वास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत् ।
तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यस्विद्धनम् ॥ ईशोष (१.१)

संसारमा जेजति पदार्थहरू छन् । ती सबै परमात्माद्वारा व्याप्त छन् । आत्माकै सत्ता एवं चैतन्यलाई प्राप्त गरेर अस्तित्त्वमा आएका छन् । यो सम्पूर्ण संसार परमात्माकै धन हो । त्यसैले यसलाई आफ्नो ठानेर लोभ गर्नुहुँदैन, मुमुक्षुले लोभले नभई त्यागको भावनाद्वारा नै आफूलाई संसारको आशक्तिबाट जोगाउनु पर्दछ।

कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः । एवं त्वयि नान्यथेऽनितो अस्ति न कर्म लिप्यते नरे ॥ई २॥

यस संसारमा सयौँ वर्ष बाँच्न चाहने व्यक्तिले शास्त्रीय कर्महरू गरेर नै बाँच्न खोज्नु पर्दछ । निष्काम कर्म गरेर जीवन बिताउने व्यक्तिलाई मात्र कर्मले बन्धनमा पार्न सक्दैन । नत्र व्यक्तिले कर्मको फल भोगन बारम्बार संसारचक्रमा धुमिरहनु पर्दछ । सम्पूर्ण संसारलाई आत्मावत्दृष्टि गर्नु, नसक्नेले निष्काम कर्मको अनुष्ठान गर्नुभन्दा बाहेक संसारमा कल्याणको अर्को कुनै बाटो छैन ।

असुर्या नाम ते लोका अन्धेन तमसावृताऽऽ ताँस्ते प्रेत्याभिगच्छन्ति ये के चात्महनो जनाः ॥ ई ३॥

सुँगुर, कुकुर आदि योनिहरू अज्ञानरूपी अन्धारद्वारा ढाकिएका छन् । ती आसुरी योनिहरू हुन् शरीर मर्दा आत्मा पनि मर्छ भन्ने अज्ञानी व्यक्तिहरू छन् तिनीहरू शरीर त्यागेपछि अज्ञानमय तिनै योनिहरूमा बारम्बार जन्मिरहन्छन् ।

अनेजदेकं मनसोजवीयो नैनद्देवा आप्नुवन् पूर्वमर्षत् ।
तद्धावतो अन्यानत्येति तिष्ठत् तस्मिन्नपो मातरिश्वा दधाति ॥ई. ४॥

अद्वितीय आत्मतत्त्व स्वंमा निश्चल भए पनि मनभन्दा बढी वेगशाली छ । मन पुग्न नसकेको ठाउँमा पनि आत्मा विद्यमान छ । इन्द्रियरूपी देवताहरूले जति प्रयास गरे पनि आत्मालाई आफ्नो सीमाभित्र समेट्न सक्दैनन् । निरन्तर गतिशील भइरहने वायु आदिलाई पनि सर्वव्यापक आत्मतत्त्वले एकैठाउँमा बसीबसी जित्दछ । अचल आत्मतत्त्वकै आधारमा चलायमान भई वायुले जल बर्साउने काम गर्दछन् ।

तदेजति तन्नैजति तद्दूरे तद्वन्तिके । तदन्तरस्य सर्वस्य तदु सर्वस्यास्य बाह्यतः ॥ई. ५॥

आत्मातत्त्व वास्तविक रूपमा अचल भए पनि विभिन्न प्राणीहरूको रूपमा त्यही विचरण गर्दछ ।। प्राणीहरूका इन्द्रियले भेट्न नसक्ने भएकाले त्यो टाढाभन्दा टाढा छ । हृदयभित्रै साक्षी रूपले रहेकाले त्यो अत्यन्त नजिक पनि छ । सम्पूर्ण प्राणीहरूको भित्र त्यही छ । विश्वब्रह्माण्डको सीमाभन्दा बारिह पनि त्यही तत्त्व व्याप्त छ । त्यही आत्मा सर्वव्यापक छ ।

यस्तु सर्वाणि भूतान्यात्मन्येवा अनुपश्यति । सर्वभूतेषु चान्मानं ततो न विजुगुप्सते ॥ई. ६॥

जुन व्यक्तिले सम्पूर्ण प्राणीहरू मभित्र छन् । ती सबै प्राणीहरूभित्र म नै छु भन्ने अनुभव गर्दछ, त्यो व्यक्ति सर्वस्वरूप वन्दछ । आफूभन्दा भिन्न कोही नभएकाले उसले कसैसँग घृणा गर्दैन । उसले सबैलाई समान व्यवहार गर्दछ ।

यस्मिन् सर्वाणि भूतान्यात्मैवा अभूद् विजानतः । तत्र को मोहः कः शोक एकत्वमनुपश्यतः ॥ई. ७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चराचर जगतमा सबैतिर एउटै आत्मतत्त्वलाई देख्ने व्यक्तिका लागि सम्पूर्ण प्राणीहरू आफूसँग अभिन्न नै हुन्छन् । यसप्रकार वास्तविक आत्मास्वरूपलाई साक्षात्कार गरिसकेपछि ज्ञानी व्यक्तिमा शोक र मोह कहिल्यै रहँदैन ।

स पर्यगाच्छुक्रमकायमव्रणमस्नाविरं शुद्धमपापविद्धम् ।

कविर्मनीषी परिभूः स्वयम्भूर्याथातथ्यतो अर्थान् व्यदधाच्छाश्वतीभ्यः समाभ्यः ॥ई ८॥

आत्मा तत्त्व स्वयं प्रकाशवान छ । आत्म तत्त्वमा शरीरको सम्बन्ध छैन । आत्मामा नाडी, नसा र घाउ चोटपटकहरू छैनन् । आत्मा तत्त्व पापको सम्बन्ध छैन; त्यसैले आत्मा परम शुद्ध छ । यस्तो निर्विशेष आत्मतत्त्वले संसारको रचना गर्नुपर्दा स्वयं अनन्त पदार्थहरूको रूपमा प्रकट हुन्छ । त्यो सर्वज्ञ छ । मन, इन्द्रिय आदि सबैको आत्मा स्वामी हो । अनादि कालदेखि अनन्त प्राणीहरूको भोगका लागि त्यही आत्माले अलगअलग पदार्थहरूको व्यवस्था र विभाजन गरिरहेको छ ।

अन्धन्तमः प्रविशन्ति येअविद्यामुपासते । ततो भूय इव ते तमो य उ विद्यायां रताः ॥ई ९॥

सबै सकाम कर्महरू अज्ञानमय छन् । ती शरीर, इन्द्रियलाई आत्मा ठानेर त्यसद्वारा फल भोग्नका लागि नै गरिन्छन् । त्यस्तो अज्ञानमय कर्मको अनुष्ठान गर्ने व्यक्तिहरू बारम्बार अज्ञानमय संसारमा फँसेका हुन्छन् । विभिन्न देवताहरूको उपासना गर्ने उपासकहरू त म नै देवता हुँ भन्ने भावमा पुग्नाले झन् बढी अहङ्काररूपी अन्धारको अज्ञानमय भुमरीमा फँस्दछन् । अहं भावले अहङ्कार अज्ञानताको भुमरीमा पुर्‍याउँदछ । अहङ्कारविहिन साधना कल्याणकारी मार्ग हो ।

विद्यान्चाविद्यान्च यस्तद्वेदोभयं सह । अविद्यया मृत्युं तीर्त्वा विद्ययाऽमृतमश्नुते ॥ई ११ ।

साधकले कर्म र उपासना यी दुवैलाई साथसाथमा नै अनुष्ठान गर्दछ । त्यो व्यक्तिले कर्मद्वारा दरिद्रता असक्षमताजस्ता कर्मलाई जित्दछ भने देवताको उपासनाद्वारा देवत्व भावरूपी अमृतलाई प्राप्त गर्दछ ।

अन्धन्तमः प्रविशन्ति येऽसम्भूतिमुपासते । ततो भूय इव ते तमो य उ सम्भूत्यां रताः ॥ई १२॥

अव्यक्त प्रकृतिको उपासना गर्ने व्यक्तिहरू प्रकृतिमा लीन हुन्छन् । अज्ञानमय संसारभन्दा माथि उठ्न सक्दैनन् । हिरण्यभर्गको उपासना गर्ने उपासकहरू त हिरण्यगर्भको उपासनाद्वारा प्राप्त हुने अनेक सिद्धि र ऐश्वर्यहरूका कारण झन् बढी अहङ्कारले ग्रस्त भई घोर अन्धकारमा पिल्सिन पुग्दछन् । सामान्य सिद्धिलाई नै चमत्कार ठानेर झन अहङ्कार बढाउँदछन. । अहङ्कारले अज्ञानता र अध्यारो मार्ग नै रोज्दछ ।

अन्यदेवाहुः सम्भवादन्यदाहुरसम्भवात् । इति शुश्रुम धीराणां षेनस्तद्विचचक्षिरे ॥ई १३॥

हिरण्यगर्भको उपासनाबाट अनन्त ऐश्वर्य र सिद्धिरूपी फल प्राप्त हुन्छ भने अव्यक्त प्रकृतिको उपासनाबाट प्रकृति लयको अवस्था प्राप्त हुन्छ । दुईथरी उपासनाको रहस्य बताउने विवेकीहरूका यस्ता वचन हामीले सुनेका छौं । उपासकले विवेकपूर्ण रहस्यमय शुभ साधनामा तल्लिन रहनुपर्दछ ।

हिरण्मयेन पात्रेण सत्यस्यापिहितं मुखम् । तत्वं पूषन्नपावृणु सत्यधर्माय दृष्टये ॥ई. १५॥

सूर्यमण्डलमा व्यापक हे परमात्मा ! मायाको अनन्त ऐश्वर्यरूपी ज्योतिर्मय आवरणद्वारा हजुरको वास्तविक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरूप ढाकिएको छ । संसारमा सच्चिदानन्दस्वरूप आत्मा नभई त्यसको अनन्त ऐश्वर्यमात्र देखिएको । म सत्यलाई देख्न चाहने सत्यनिष्ठ उपासक हुँ । त्यसैले मलाई आफ्नो वास्तविक स्वरूप प्रकट गरिदिनका लागि हजुरले आफ्नो त्यस मायाको आवरणलाई हटाइदिनुहोला । हे परमात्मा मभित्र रहेको मायाको आवरणलाई तुरुन्त हटाइदिनुहोस् । सत्यलाई उत्घाटित गरिदिनुहोस् ।

पूषन्नेकर्षे यम सूर्य प्राजापत्य व्यूह रश्मीन् समूह ।
तेजो यत्ते रूपं कल्याणतमं तत्ते पश्यामि यो असावसौ पुरुषः सोअहमस्मि ॥ई १६॥

हे सूर्य । तपाई चराचर जगतलाई पोषण गर्नुहुन्छ । दिनरातको व्यवहारद्वारा चराचर जगतलाई नियन्त्रितसमेत गर्नुहुन्छ । अन्तरिक्षमा एक्लै निरन्तर विचरण गर्नुहुन्छ । म तपाईको ज्योतिर्मय बाहिरी आवरणलाई नभई परम कल्याणमय वास्तविक आत्मस्वरूपलाई देख्न चाहन्छु । आफ्ना सारा तेज र किरणहरूलाई एकत्रित गरी आफैंमा समेटनु होस् । सारा मानिसहरू सूर्यमण्डलाभिमानी पुरुषलाई आफूभन्दा भिन्न अर्को कुनै आत्माको रूपमा बताउँछन् । तर वास्तवमा त त्यो सूर्यमण्डलाभिमानी चेतन र यो शरीरभित्र अवस्थित चेतन म एउटै हौं ।

अग्ने नय सुपथा रायेऽस्मान् विश्वानि देव वयुनानि विद्वान् ।
युयोध्यस्मज्जुहुराणमेनो भूयिष्ठां ते नमऽउक्तिं विधेम ॥ई१८॥

हे अग्निदेव ! हामीले जीवनभरि गरेका उपासनाका विशिष्ट फलहरू भोग्नका लागि तपाईले हामीलाई राम्रो बाटोबाट हिरण्यगर्भको लोकसम पुऱ्याउनु होस् । हे अग्निदेव ! हाम्रा राम्रा नराम्रा सबैथरी कर्महरूलाई जान्नुहुन्छ । त्यसैले आत्मस्वरूपको हरण गर्ने अनेकथरी पापबाट छुटाइदिनु होस् । हामी बारम्बार नमस्कार गर्दछौं ।

ॐ आप्यायन्तु ममाङ्गानि वाक् प्राणश्चक्षुः श्रोत्रमथो बलमिन्द्रियाणि च सर्वाणि । सर्वं ब्रह्मोपनिषदं मा अहं ब्रह्म निराकुर्याम्, मा मा ब्रह्म निराकरोदनिराकरणमस्त्वनिराकरणं मे अस्तु । तदात्मनि निरते य उपनिषत्सु धर्मास्ते मयि सन्तु ते मयि सन्तु ॥के०॥

मेरा सम्पूर्ण अङ्गप्रत्यङ्गहरू, वाणी (बोली), प्राण, चक्षु (आँखा), श्रोत्र (कान) सहित अरू इन्द्रियहरू र ती इन्द्रियमा रहने शक्तिसमेत बढून् । ब्रह्मतत्त्वको धारणा गर्न सक्ने गरी तिनीहरू पुष्ट होऊन् । यो सम्पूर्ण संसार उपनिषत्प्रतिपाद्य ब्रह्म नै हो । मैले आत्मालाई छाडी विनाशी सांसारिक भोग्य पदार्थतर्फ लागेर ब्रह्मको तिरस्कार नगरूँ । ब्रह्मा पनि मेरा अघि प्रकट नभई मेरो तिरस्कार नगरून् । यसरी हामी दुवैबीचमा सदभावनाको सम्बन्ध बनिरहोस् । म निरन्तर ब्रह्मकै ध्यान गरी रहनपाऊँ । उपनिषद्मा बताइएका शम, दम जस्ता गुणहरू ममा विकसित होऊन । उपनिषदमा बताइएका सम्पूर्ण शुभ सद्गुणहरू ममा निरन्तर ममा सधैं वास गरून् ।

श्रोत्रस्य श्रोत्रं मनसो मनो यद् वाचो ह वाचं स उ प्राणस्य प्राणः ।
चक्षुषश्चक्षुरतिमुच्य धीराः प्रेत्यास्माल्लोकादमृता भवन्ति । ॥के२॥

जगतमा जुन तत्त्व छ । श्रोत्रेन्द्रियको पनि श्रोत्र हो । मनको पनि मन हो । श्रोत्रेन्द्रियमा शब्द सुन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सक्ने शक्ति र मनमा सङ्कल्प विकल्प गर्न सक्ने शक्ति चेतन आत्मतत्त्वकै आधारमा आएको हो । त्यही चेतन तत्त्व वाणीको पनि वाणी हो । प्राणको पनि प्राण हो । आँखाको पनि आँखा हो । यसप्रकार सम्पूर्ण इन्द्रियहरूलाई आफ्नो चैतन्यशक्तिद्वारा प्रकाशन गर्ने आत्म नै ती सबै इन्द्रियहरूको प्रेरक हो । विवेकी व्यक्तिहरू शरीर, इन्द्रियमा आत्मभावलाई छाडी तिनको प्रकाशक चेतन तत्त्वलाई नै आत्मा भन्ने ठान्दछन् र मृत्युरहित हुन्छन् ।

न तत्र चक्षुर्गच्छति न वागगच्छति नो मनो न विद्मो न विजानीमो यथैतदनुशिष्यादन्यदेव तद्विदितादथो अविदितादधि । इति शुश्रुम पूर्वेषां ये नस्तद्व्िचचक्षिरे ॥केउ३॥

त्यस तत्त्वमा चक्षुरिन्द्रिय (आँखाको ज्योतिले देख्न) पुग्न सक्दैन भने वाणी (बोली) र मन पनि त्यहाँ पुग्न सक्दैनन् । वाणीको विषय नभएकाले त्यस तत्त्वलाई उपदेश गर्ने कुनै सामान्य या विशेष उपायहरूलाई हामी जान्दैनौं । तत्त्व ज्ञानको विषय भएका भौतिक पदार्थ र ज्ञानको विषय नभएको माया भन्दा पनि पर छ । ब्रह्मतत्त्वको बारेमा बताउने पूर्वाचार्यहरूको मुखबाट हामीले यस्तै कुरा सुनेका छौं ।

यन्मनसा न मनुते येनाहुर्मनो मतम् । तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते ॥केउ५॥

जुन तत्त्वलाई मनद्वारा विचार गर्न सकिँदैन तर जसको आधारमा नै मनले संसारका पदार्थहरूको विचार विश्लेषण गर्दछ । त्यही ब्रह्म हो भनी बुझ । इन्द्रियहरूको सीमाभित्र रहेको पदार्थलाई देखाएर यही ब्रह्म हो भनी मानिसहरू जसको उपासना गर्दछन् – त्यो ब्रह्म होइन ।

यदि मन्यसे सुवेदेति दभ्रमेवापि नूनं त्वं वेत्थ ब्रह्मणो रूपम् ।
यदस्य त्वं यस्य देवेष्वथ नु मीमांस्यमेव ते मन्ये विदितम् ॥के. द्वि१॥

मेरो उपदेशबाट तिमीले ब्रह्मलाई बुझें भन्ने ठान्दछौं भने त्यो तिम्रो भुल हो । तिमीले ब्रह्मको अत्यन्त थोरै स्वरूपलाई मात्र जान्न सकेका छौ । शास्त्रप्रतिपादित देवताहरूको रूपमा रहने अधिदैव चेतन र आफ्नो शरिरभित्र रहने अध्यात्म चेतनतत्त्व एउटै हो भनी तिमीले निरन्तर विचार गरेको खण्डमा मात्र आत्माको वास्तिविक स्वरूपको ज्ञान हुन सक्छ । तब मात्र तिमीले ब्रह्म तत्त्व बुझेको म मान्नेछु ।

तद्ध तद्वनं नाम तद्वनमित्युपासितव्यं स य एतदेवं वेदाभि हैनं सर्वाणि भूतानि संवाञ्छन्ति ॥के च६॥

सम्पूर्ण प्राणीहरूका लागि जङ्गल (वन) प्रिय र पूजनीय भएकोले ब्रह्मलाई तद्वन भनिन्छ । त्यसैले ब्रह्मलाई तद्वन भनेर नै उपासना गर्नु पर्दछ । जसले ब्रह्मलाई संसारका सम्पूर्ण प्राणीहरूको परम प्रिय आत्मा भनी उपासना गर्दछ त्यस व्यक्तिलाई पनि सम्पूर्ण प्राणीहरूले जहिलेसुकै प्रिय मान्दछन् र उसलाई चाहन्छन् । मन पराउँछन् ।

भूर्भुवः सुवरिति वा एतास्तिस्रो व्याहृतयः । तासामु ह स्मैतां चतुर्थीमहाचमस्य प्रवेदयते । मह इति । तद् ब्रह्म । स आत्मा अङ्गान्यन्या देवताः । भूरिति वा अयं लोकः । भुव इत्यन्तरिक्षम् । सुवरित्यसौ लोक मह इत्यादित्यः । आदित्येत्र वाव सर्वे लोका महीयन्ते ।

भूः, भुवः र स्वः यी तीन व्याहृतिहरू छन् । यी व्याहृतिहरूमध्ये महः भन्ने चौथो व्याहृतिलाई सर्वप्रथम माहाचमस्य नामक ऋषिले देखेका हुन् । त्यो व्याहृति कार्यब्रह्म हिरण्यगर्भ स्वरूप हो र त्यही आत्मा हो । अरू सबै देवताहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिरण्यगर्भ स्वरूप महः भन्ने व्याहृतिकै अङ्ग हुन् । भूः, भुवः, स्वः, यी तीन व्याहृतिहरूले क्रमशः पृथिवीलोक, अन्तरिक्षलोक र द्युलोकलाई बुझाउँदछ। त्यसैले तिनीहरू त्रिलोकमय छन्। महः भन्ने चौथो व्याहृति भने आदित्य स्वरूप छ। आदित्यद्वारा नै सम्पूर्ण लोकहरू प्रकाशित भएका छन्। आदित्यले संसार प्रकाशित छ।

भूरिति वा अग्निः । भुव इति वायुः । सुवरित्यादित्यः । मह इति चन्द्रमाः । चन्द्रमसा वाव सर्वाणि योतींषि महीयन्त । भूरिति वा ऋचः । भुव इति सामानि । सुवरिति यजूंषि । मह इति ब्रह्म । ब्रह्मणा वाव सर्वे वेदा महीयन्ते ।

भूः, भुवः र स्वः यी तीन व्याहृतिहरू क्रमशः अग्नि, वायु र सूर्य स्वरूप हुन भने महः भन्ने व्याहृति चन्द्र स्वरूप हो । चन्द्रमाद्वारा नै सम्पूर्ण ज्योतिर्मण्डलहरू बढ्छन् र प्रकाशित हुन्छन् । त्यसैगरी भूः, भुवः र स्वः यी तीन व्याहृतिहरू क्रमशः ऋक्, यजुः र सामवेद हुन भने महः भन्ने व्याहृति स्वयं प्रणव (ॐ) हो। प्रणवद्वारा नै सम्पूर्ण वेदहरू निस्केका हुन । परमात्माको स्वासबाट चार वेद उत्पन्न भएका हुन । ॐ नै विश्व वीज हो ।

भूरिति वै प्राणः । भुव इत्यपानः । सुवरिति व्यानः । मह इत्यन्नम् । अन्नेन वाव सर्वे प्राणा महीयन्ते । ता वा एताश्चतस्रश्चतुर्धा । चतस्रश्चतस्रो व्याहृतयः ।

ता यो वेद । स वेद ब्रह्म । सर्वे अस्मै देवा बलिमावहन्ति ।

भूः, भुवः र स्वः यी तीन व्याहृतिहरू क्रमशः प्राण, अपान र व्यान स्वरूप हुन् भने महः भन्ने व्याहृति अन्न हो । अन्नद्वारा नै सम्पूर्ण प्राणहरू बढ्दछन् । यस प्रकार लोक, ज्योतिर्मण्डल, वेद र प्राण गरी यी चारैथरी व्याहृतिहरू चारचार प्रकारका छन् । जसले कृपा प्रदान गर्दछन् । यी व्याहृतिहरूको रहस्यलाई जान्दछ, उसले वेदको रहस्यलाई जान्दछ । सबै देवताहरूले त्यस्तो तत्त्वदर्शी व्यक्तिका लागि उपहार समर्पण गर्दछन. ।

आनन्दो ब्रह्मेति व्यजानात् । आनन्दाद्ध्येव खल्विमानि भूतानि जायन्ते । आनन्देन जातानि जीवन्ति । आनन्दं प्रयन्त्यभि संविशन्तीति । सैषा भार्गवी बारुणी विद्या परमे व्योमन् प्रतिष्ठिता । स य एवं वेद प्रतिष्ठिति । अन्नवानन्नादो भवति । महान् भवति प्रजया पशुभिर्ब्रह्मर्चसेन । महान् कीर्त्या । ॥तै षष्टा॥

पिताले बताएको ब्रह्मतत्त्वको स्वरूपलाई विचार गर्दा भृगुले आनन्दमय परमात्मा नै ब्रह्म हो भनी बुझे । आनन्दमय त्यही परमात्मा तत्त्वबाट नै संसारका सारा प्राणीहरू उत्पन्न हुन्छन् । सम्पूर्ण सृष्टि त्यही परमात्मामा अडिएर बाँचिरहेको छ भने प्रलय कालमा पनि सम्पूर्ण सृष्टि त्यही परमात्मामै गई बिलाउँछ । यसप्रकार आनन्द स्वरूप परमात्मालाई ब्रह्म भनी बुझेपछि भृगुको जिज्ञासा शान्त भयो । भृगुले प्राप्त गरेको र वरुणले उपदेश गरेको यस विद्यालाई भार्गवी वारुणी विद्या भनिन्छ । बाहिरको आकाशभन्दा श्रेष्ठ हृदयाकाशमा यो विद्या प्रतिष्ठित छ । जसले भृगुले झैं यस आत्मालाई जान्दछ, ऊ पनि आत्मारूपमै प्रतिष्ठित हुन्छ । धनधान्यले सम्पनन हुन्छ र त्यसलाई उपभोग गर्नसक्ने सामर्थ्य पनि उसमा आउछ । सन्ततिहरू, पशुहरू र ब्रह्मतेजद्वारा त्यो अरूभन्दा श्रेष्ठ हुन्छ भने उसको कीर्ति पनि सबैतिर फैलिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्नं न निन्द्यात् । तद्व्रतम् । प्राणो वा अन्नम् । शरीरमन्नादम् । प्राणे शरीरं प्रतिष्ठितम् । शरीरे प्राणः प्रतिष्ठितः । तदेतदन्नमन्ने प्रतिष्ठितम् । स य एतदन्नमन्ने प्रतिष्ठितं वेद प्रतितिष्ठिति । अन्नवानन्नादो भवति । महान् भवति प्रजया पशुभिर्ब्रह्म वर्चसेन । महान् कीर्त्या । ॥तै. सप्त॥

अन्नको निन्दा गर्नुहुँदैन; यही व्रत हो । बाहिरबाट भित्र खाइनेजति सबै अन्न हुन् भन्ने दृष्टिले विचार गर्दा प्राण पनि अन्न हो भने शरीर नै त्यस अन्नको भोक्ता हो । शरीर पनि अन्नमय पृथिवीको विकार भएकाले अन्न नै हो । यसरी प्राण शरीरमा प्रतिष्ठित हुनु र शरीर प्राणमा प्रतिष्ठित हुनु भनेको अन्न नै अन्नमा प्रतिष्ठित हुनु हो । यसप्रकार जसले यस्तो व्यापक अर्थमा अन्न नै अन्नमा प्रतिष्ठित भएको रहस्यलाई बुझ्दछ । त्यो व्यक्ति अन्नले सम्पन्न हुन्छ र त्यसलाई भोग्न सक्ने सामर्थ्यता पनि हुन्छ । सन्तति, पशुहरू र ब्रह्मतेजद्वारा त्यो अरूभन्दा श्रेष्ठ हुन्छ भने उसको कीर्ति पनि सबैतिर फैलिन्छ । ब्रह्म तेज भएको साधकको प्रकाशमय अवस्था सबैतिर फैलिन्छ ।

अन्नं न परिचक्षीत । तद्व्रतम् । आपो वा अन्नम् । ज्योतिरन्नादम् । अप्सुज्योतिः प्रतिष्ठितम् । ज्योतिष्यापः प्रतिष्ठिताः । तदेतदन्नमन्ने प्रतिष्ठितम् । स य एतदन्नमन्ने प्रतिष्ठितं वेद प्रतितिष्ठिति । अन्नवानन्नादों भवति । महान् भवति प्रजया पशुभिर्ब्रह्म वर्चसेन; महान् कीर्त्या । ॥तै अष्ट॥

अन्नलाई नमीठो भनेर कहिल्यै फ्याँक्नु हुँदैन । अन्नलाई नफ्याँक्नु पनि एउटा व्रत हो । तेजले जललाई सुकाइदिने या आफैंमा विलिन गरिदिने हुनाले जलरूपी अन्नको भोक्ता तेज हो । फेरि अग्निलाई पनि जलले निभाइदिन्छ, त्यही भएर अग्नि पनि अन्न नै हो । यसप्रकार जल तेजमा प्रतिष्ठित हुनु र तेज जलमा प्रतिष्ठित हुनु भनेको अन्न अन्नमा नै प्रतिष्ठित हुनु हो । जसले यस्तो व्यापक अर्थमा अन्न नै अन्नमा प्रतिष्ठित भएको रहस्यलाई बुझ्दछ, त्यो व्यक्ति अन्नले सम्पन्न हुन्छ र त्यसलाई भोग्न सक्ने सामर्थ्यवाता पनि हुन्छ । सन्तति, पशुहरू र ब्रह्मतेजद्वारा त्यो अरूभन्दा श्रेष्ठ हुन्छ भने उसको कीर्ति पनि सबैतिर फैलिन्छ ।

अन्नं बहुकुर्वीत । तद्व्रतम् । पृथिवी वा अन्नम् । आकाशो अन्नादः । पृथिव्यामाकाशः प्रतिष्ठितः । आकाशे पृथिवी प्रतिष्ठिता । तदेतदन्नमन्ने प्रतिष्ठितम् । स य एतदन्नमन्ने प्रतिष्ठितं वेद प्रतितिष्ठिति । अन्नवानन्नादो भवति । महान् भवति प्रजया पशुभिर्ब्रह्म वर्चसेन । महान् कीर्त्या । ॥तै. नव.॥

अन्नबाली अत्यन्त धेरै फलाउनु पर्दछ । अन्न संवृद्धिको महान व्रत त्यही हो । अनन्त आकाशभित्र पृथिवी एक गाँस बराबरको छ, त्यही भएर पृथिवी अन्न हो भने आकाश त्यस अन्नको भोक्ता हो । त्यसैगरी भुइँमा जमिएर हेर्दा पृथिवीमा आकाश अडिएको जस्तो लाग्छ । त्यही भएर आकाश पनि अन्न हो । यसप्रकार पृथिवी आकाशमा प्रतिष्ठित हुनु र आकाश पृथिवीमा प्रतिष्ठित हुनु अन्न अन्नमा नै प्रतिष्ठित हुनु हो । जसले यस्तो व्यापक अर्थमा अन्न नै अन्नमा प्रतिष्ठित भएको रहस्यलाई बुझ्दछ, त्यो व्यक्ति अन्नले सम्पन्न हुन्छ र त्यसलाई भोग्न सक्ने सामर्थ्यवाता पनि हुन्छ । सन्ततिहरू, पशुहरू र ब्रह्मतेजद्वारा त्यो अरूभन्दा श्रेष्ठ हुन्छ भने उसको कीर्ति पनि सबैतिर फैलिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न कञ्चन वसतौ प्रत्याचक्षीत । तद् व्रतम् । तस्माद्यया कया च विधया बहुअन्नं प्राप्नुयात् । आराध्यस्मा अन्नमित्याचक्षते । एतद्वैमुखतो अन्नं राद्धम् । मुखतो अस्मा अन्नं राध्यते । एतद्वै मध्यतो अन्नं राद्धम् । मध्यतो अस्मा अन्नं राध्यते । एतद्वा अन्ततो अन्नं राद्धम् । अन्ततो अस्मा अन्नं राध्यते । य एवं वेद ॥तै. दश.॥

अतिथिहरू घरमा वास माग्न आएको अवस्थामा खाली खुट्टा नफर्काओस् । त्यही गृहस्थको महान व्रत हो । सबैथरी अतिथिहरूलाई सन्तुष्ट बनाउनुपर्ने हुनाले गृहस्थले जुनसुकै उपायले घरमा धनधान्यको सञ्चय गर्नु पर्दछ । गृहस्थीहरू घरमा अतिथि आउनेवित्तिकै उनीहरूलाई भोजन तयार छ भनी स्वागत गर्दछन् । श्रद्धापूर्वक भोजन प्रदान गर्ने त्यस् गृहस्थीकहाँ धनधान्यको समृद्धि पनि श्रद्धापूर्वक र अनायास नै प्राप्त हुन्छ जसले मध्यम भावले अर्थात् अलिअलि सङ्कोचका साथ अतिथिलाई भोजन प्रस्तुत गर्दछ। तिनीहरूकहाँ त्यही रूपले धनधान्यको समृद्धि रहन्छ । जो गृहस्थी अतिथिलाई तिरस्कार र अश्रद्धापूर्वक भोजन गराउँदछन्, तिनीहरूलाई धनधान्यले पनि त्यस्तै तिरस्कार गर्दछन् । उनीहरूकहाँ धेरै कठीन परिश्रमद्वारा मात्र सम्पत्ति आउँछ । जसले अतिथि सत्कारको यस्तो रहस्यलाई बुझ्दछ, उसले श्रद्धापूर्वक अतिथिसत्कार गर्दछ र त्यही मुख्य फललाई प्राप्त गर्दछ । अतिथि सत्कार मन वचन कर्मले गर्नुपर्दछ। सधैँ अतिथिहरू आइरहुन् । अन्न संवृद्धि भइराखोस् भन्ने भाव उच्चकोटीको गृहस्थधर्म हो ।

सर्वभूवस्थ मात्मानं सर्वभूतानि चात्मनि । संश्यम् व्रह्म परमं याति नान्येन हेतुना ॥कै. १२॥

सम्पूर्ण प्राणीहरूमा आफैँ विद्यमान भएको र आफूमा नै सम्पूर्ण संसार अडिएको अनुभव गर्ने पुरुषले मात्रै परव्रह्म परमात्मालाई प्राप्त गर्न सक्दछ । यो भन्दा अर्को कुनै व्रह्म प्राप्त गर्ने सजिलो उपाय छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गायत्री रहस्योपनिषद्

ॐ स्वस्ति सिद्धम्। ॐ नमो ब्रह्मणे। ॐ नमस्कृत्य याज्ञवल्क्य ऋषिः स्वयम्भुवं परिपृच्छति। हे ब्रह्मन् गायत्र्या उत्पत्तिं श्रोतुमिच्छामि। अथातो वशिष्ठः स्वयम्भुवं परिपृच्छति। यो ब्रह्मा स ब्रह्मोवाच। ब्रह्मज्ञानोत्पतेः प्रकृतिं व्याख्यास्यामः। को नाम स्वयम्भूः पुरुषेति। तेनाङ्गुली मथ्यमानात्। सलिलमभवत्। सलिलात् फेनमभवत्। फेनाद्बुदबुदमभवत्। बुदबुदा दण्डमभवत्। अण्डाद्ब्रह्माभवत्। ब्रह्मणो वायुरभवत्। वायुररग्निरभवत्। अग्नेरोंकारोऽभवत्। ओंकाराद्वयाहृतिर भवतः।व्याहृत्याः गायत्र्यभवत्। गायत्र्याः सावित्र्यभवत्। सावित्र्या सरस्वत्यभवत्। सरस्वत्याः सर्वे वेदा अभवन्। सर्वेभ्यो वेदेभ्यः सर्वलोका अभवन्। सर्वेभ्यो लोकेभ्यः सर्व प्राणिनोऽभवन् ॥१॥

अथातो गायत्री व्याहृतयश्च प्रवर्तन्ते। का च गायत्री काश्च व्याहृतयः। किं भूः किं भूवः किं स्वः किं महः किं जनः किं तपः किं सत्यं किं तत् किं सवितुः किं वरेण्यं किं भर्गः किं देवस्य किं धीमहि किं धियः किं यः किं नः किं प्रचोदयात् ॐ भूरिति भुवो लोकः। भुव इत्यन्तरिक्ष लोकः। स्वरिति स्वर्ग लोकः। मह इति महर्लोक। जन इति जनोलोकः। तप इति तपोलोकः। सत्यमिति सत्यालोकः। तदिति तदसौ तेजोमयं तेजोऽग्निर्देवता। सवितुरिति सविता सावित्रमादित्यो वै। वरेण्यमित्यत्र प्रजापतिः। भर्ग इत्यापो वै भर्गः। देव्य इतीन्द्रो देवो द्यौतत इति स इन्द्रस्ततरमात् सर्वपुरुषो नाम रुद्रः। धीमहीत्यन्तरात्म। धिय इत्यन्तरात्म परः। य इति सदाशिव पुरुषः। नो इत्यस्माकं स्वधर्मे। प्रचोदयादिति प्रचोदितकाम इमान् लोकान् प्रत्याश्रयते य परो धर्म इत्येषा गायत्री ॥२॥

सा च किंगोत्रा कत्यक्षरा कतिपादा। कति कुक्षिकाः। कानि शीर्षाणि। साङ्ख्यायनगोत्रा सा चतुर्विंशत्यक्षरा गायत्री त्रिपादा चतुष्पादा। पुनस्तस्याश्चत्वारः पादाः षट् कुक्षिकाः पञ्च शीर्षाणि भवन्ति। के च पादाः काश्च कुक्षयः कानी शीर्षाणि। ऋग्वेदोऽस्याः प्रथमः पादो भवति। यजुर्वेदो द्वितीयः पादः। सामवेदस्तृतीयः पादः। अथर्ववेदस्श्चतुर्थः पादः। पूर्वादिक् प्रथमा कुक्षिर्भवति। दक्षिणा द्वितीया कुक्षिर्भवति। पश्चिमा तृतीय कुक्षिर्भवति। उत्तरा चतुर्थी कुक्षिर्भवति। ऊर्ध्वं पञ्चमी कुक्षिर्भवति। अधः षष्ठी कुक्षिर्भवति। व्याकरणोऽस्याः प्रथमः शीर्षो भवति। शिक्षा द्वितीयः। कल्पस्तृतीयः। निरुक्तश्चतुर्थः। ज्योतिषमयनमिति पञ्चमः। कः दिक् को वर्णः किमायतनं कः स्वरः किं लक्षणं कान्यक्षरदैवतानि के ऋषयः कानि छन्दांसि काः शक्तयः कानि तत्त्वानि के चावयवाः? पूर्वाया भवतु गायत्री। मध्यमाया भवतु सावित्री। पश्चिमाया भवतु रक्ता सरस्वती। श्वेता सावित्री। कृष्णा सरस्वती। पृथिव्यन्तरिक्षं द्यौरायतनानि ॥३॥

अकारोकारमकाररूपोदातादिस्वरात्मिका। पूर्वा सन्ध्या हंसवाहिनी ब्राम्ही। मध्यमा पृषवाहिनी माहेश्वरी। पश्चिमा गरुडवाहिनी वैष्णवी। पूर्वाह्नकालिका सन्ध्या गायत्री कुमारी रक्ता रक्ताङ्गी रक्तवासिनी रक्तगन्धामाल्यानुलेपनी पाशङ्कुशाक्षमालाकमण्डलु वरहस्ता हंसारुढा ब्रह्मदैवत्या ऋग्वेदसहिता आत्या पथगामिनी भूमण्डलवासिनी। मध्याह्नकालिका संध्या सावित्री युवती श्वेताङ्गा श्वेतवासिनी श्वेतगन्धमाल्यानुलेपनी त्रिशूलडमरुहस्ता वृषभारुढा रुद्रदैवत्या यजुर्वेदसहिता आदित्यापथ गामिनी भुवोलोके व्यवस्थिता। सायं सन्ध्या सरस्वती वृद्धा कृणाङ्गी कृष्णवासिनी कृष्णगन्धमाल्यानुलेपना शङ्खचक्रगदाभयहस्ता

Prof. Madhav Prasad ... Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरुडारुढा विष्णुदैवत्या सामवेदसहिता आदित्यापथगामिनी स्वर्गलोकव्यवस्थिता ॥४॥

अग्निवायुसूर्यरूपाऽऽहवनीय गार्हपत्य दक्षिणाग्निरूपा ऋग्यजुसामरूपा भूर्भुवःस्वरिति व्याहृतिरूपा प्रातमध्याह्नतृतीय सवनात्मिका सत्यरजस्तमो गुणात्मिका जाग्रतस्स्वप्नसुषुप्तिरूपा वसुरुद्रादित्यारूपा गायत्री त्रिष्टुब्जगतिरू ब्रह्माशङ्करविष्णुरूपेच्छा ज्ञानक्रियाशक्तिरूपा स्वराड्विराड्वषट् ब्रह्मरूपेति प्रथमाग्नेयं द्वितीयं प्रजापत्यं तृतीयं सौम्यं चतुर्थमीशानं पञ्चममादित्यं षष्ठं गार्हपत्यं सप्तमं मन्त्रं अष्टमं भगदैवतं नवमं आर्यमणं दशमं सावित्रं एकादशं त्वाष्ट्रं द्वादश पौष्णं त्रयोदशं इन्दाग्नं चतुर्दश वायव्यं पञ्चदश वामदेवं षोडशं मैत्रावरुणं सप्तदशं भ्रातृव्यं अष्टादशं वैष्णवं एकोनविंशं वामनं विशं वैश्वदेवं एकविशं रौद्रं द्वाविशं कौवेर त्रयोविशं अश्विनं चतुर्विशं ब्राह्ममिति प्रत्यक्षरदैवतानि । प्रथमं वशिष्ठं द्वितीयं भारद्वाजं तृतीयं गार्ग्यं चतुर्थमौपमन्यवं पञ्चमं भार्गवं षष्ठं शाण्डिल्यं सप्तमं लौहितं अष्टमं वैष्णवं नवमं शातातपं दशमं सनत्कुमारं एकादशं वेदव्यासं द्वादश शुकं त्रयोदशं पाराशर्यं चतुर्दश पौण्ड्रकं पञ्चदशं क्रतुं षोडशं दाक्षं सप्तदशं काश्यपं अष्टादशं आत्रेयं एकोनविंशं अगस्त्यं विशंउद्दालकं एकविशं अङ्गिरसं द्वाविशं नामिकुतुं त्रयोविशं मौद्गल्यं चतुर्विशं अङ्गिरस वैश्वामित्रमिति प्रत्यक्षराणमृषयो भवन्ति ॥५॥

गायत्रीत्रिष्टुब्जगत्यनुष्टुप्पङ्क्तिबृहत्युष्णिगदितिरिति त्रिरावृत्तेन छन्दासि प्रतिपाद्यन्ते । प्रह्लादिनी प्रज्ञा विश्वभद्रा विलासिनी प्रभा शान्ता मा कान्तिः स्पर्शा दुर्गा सरस्वती विरूपा विशालाक्षी शालिनी व्यापिनी विमला तमोऽपहारिणी सूक्ष्मावयवा पद्मालया विरजा विश्वरूपा भद्रा कृपा सर्वतोमुखीति चतुर्विंशतिशक्तयो निगद्यन्ते । पृथिव्यप्तेजो वाय्वाकाशगन्धरसरूपस्पर्शशब्दवाक्यानि पादपायूपस्थत्वक्चक्षुः श्रोत्रजिह्वाघ्राणमनोबुद्ध्यहङ्कारचित्तज्ञानानिति प्रत्यक्षराणां तत्वानि प्रतियन्ते। चम्पकातसीकुङ्कुमपिङ्गलेन्द्रनीलाग्नि प्रभोद्यत्सूर्यविद्युत्तारकसरोज गौरमरकतशुक्लकुन्देन्दु शङ्खपाण्डुनेत्रनीलोत्पलचन्दागुरुकस्तूरीगोरोचन (मल्लिका केतकी) घासारसन्निभं प्रत्यक्षरमनुस्मृत्य समस्तपातकोपपातक महापातकागम्य गमनगोहत्या ब्रह्महत्या भ्रूणहत्यावीर हत्या पुरुषहत्याऽऽ जन्मकृतहत्या स्त्रीहत्या गुरुहत्या पितृहत्या प्रणहत्या चराचर हत्याऽभक्ष्यभक्षण प्रतिग्रह स्वकर्म विच्छेदनस्वाम्यार्ति हीनकर्म करण परधनापहरण शुद्रान्न भोजन शत्रुमारण चण्डालीगमनादि समस्तपाप हरणार्थं संस्मरेत् ॥६॥

मूर्धा ब्रह्मा शिखन्तो विष्णुर्ललाटं रुद्रश्चक्षुषी चन्द्रादित्यौ कर्णौ शुक्रबृहस्पती नासापुटे अश्विनौ दन्तोष्ठावुभे सन्ध्ये मुखं मरुतः स्तनौ वस्वादयो हृदयं पर्जन्य उरमाकाशो नाभिरग्निः कटिरिन्द्राग्नी जघनं प्राजापत्यमूरु कैलासमूलं जानुनी विश्वेदेवौं जङ्घे शिशिरः गुल्फानिं पृथिवी वनस्पत्यादीनि नखानि महती अस्थीनि नवग्रहा असृक्केतुर्मांसमृतुसन्धयः कालद्वयास्फालनं संवत्सरो निमेषेऽह्रोरात्रमिति वाग्देवीं गायत्रीं शरणमहं प्रपद्ये ॥७॥

य इदं गायत्रीरहस्यमधीते तेन क्रतुसहस्रमिष्टं भवति । य इदं गायत्री सरस्यमधीते दिवसकृतं पापं नाशयति । प्रातर्मध्यह्नयोः षण्मासकृतानि पापानि नाशयति । सायं प्रातरधीयानो जन्मकृतं पापं नाशयति। य इदं गायत्रीरहस्यं ब्राह्मणः पठेत् तेन गायत्र्याः षष्टिसहस्र लक्षाणि जप्तानि भवन्ति । सर्वान वेदानधीतो भवति । सर्वेषु तीर्थेषु स्नातो भवति । अपेयपानात् पूतो भवति । अभक्ष्यभक्षणात् पूतो भवति । वृषली गमनात् पूतो भवति । अब्रह्मचारी ब्रह्मचारी भवति । पङक्तिषु सहस्रपानात् पूतो भवंति । अष्टौ ब्राह्मणान् ग्राहयित्वा ब्रह्मलोकं स गच्छति । इत्याह भगवान् ब्रह्मा ॥८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साकार र निराकार साधना

यं ब्रह्मा वरुणेन्द्ररुद्रमरुतः स्तुन्वन्ति दिव्यैः स्तवै–
र्वेदैः साङ्गपदक्रमोपनिषदैर्गायन्ति यं सामगाः ।
ध्यानावस्थिततद्गतेन मनसा पश्यन्ति यं योगिनो–
यस्यान्तं न विदुः सुरासुरगणा देवाय तस्मै नमः ॥

ब्रह्मा, वरुण, ईन्द्र, रुद्र र मरुद्गणहरूले दिव्य स्तोत्रहरूद्वारा जसको स्तुति गर्दछन्, सामवेदका मन्त्र गानले जसकोस्तुति गरिन्छ । अङ्ग, पद, क्रम र उपनिषद्सहित वेदद्वारा जसको गान गरिन्छ, योगीजन ध्यानमा स्थित तद्गत भएको मनले जसको दर्शन गर्दछन्, जसको देवता र असुरगणले अन्तर जान्दैनन्, ती (परमपुरुष नारायण) देवलाई मेरो नमस्कार छ ।

अविनाशि तु तद्विद्धि येन सर्वमिदं ततम् ।
विनाशमव्ययस्यास्य न कश्चित्कर्तुमर्हति ॥ *श्रीमद्भगवत गीता ॥*

नाशरहित त्यो परमशक्ति अविनाशी परमतत्त्वलाई तिमीले जान, जसबाट यो सम्पूर्ण जगत्–दृश्य जगत व्याप्त छ । यस अविनाशीलाई विनाश गर्न कोही पनि समर्थवान छैनन् ।

वेदाविनाशिनं नित्यं य एनमजमव्ययम् ।
कथं स पुरुषः पार्थ कं घातयति हन्ति कम् ॥ *श्रीमद्भगवत गीता ॥*

हे अर्जुन ! जुन पुरुषले यस आत्मालाई नाशरहित, नित्य, अजन्मा र अव्यय जान्दछ, त्यस पुरुषले कसरी कसैलाई मार्न लगाउँछ वा कसैलाई मार्दछ? कसैलाई कसरी मार्न सक्दछ ।

न जायते म्रियते वा कदाचि -
न्नायं भूत्वा भविता वा न भूयः ।
अजो नित्यः शाश्वतोऽयं पुराणो
न हन्यते हन्यमाने शरीरे ॥ *श्रीमद्भगवत गीता ॥*

यो आत्मा कुनै पनि समयमा न त जन्मन्छ, न त मर्दछ अथवा न यो उत्पन्न भएर फेरि नाश हुनेवाला नै छ; किनकि यो अजन्मा, नित्य, सनातन र पुरातन छ; शरीर मार्दा पनि यसलाई मार्न सकिँदैन ।

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ॥ *श्रीमद्भगवत गीता ॥*

शरीरमा वासगर्ने यस आत्मालाई अस्त्र शस्त्रले काट्न सक्दैनन्, यसलाई आगोले पनि डढाउन सक्दैन, पानीले गलाउन सक्दैन भने वायुले पनि सुकाउन सक्दैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च ।

नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातनः ॥ *श्रीमद्भगवत गीता ॥*

आत्मा अच्छेद्य (छेड्न असम्भव) छ, यो आत्मा अदाह्य (आगोले डढाउन असम्भव), अक्लेद्य (काट्न नसकिने) र निःसन्देह अशोष्य (सुकाउन नसकिने) छ । त्यस्तै, यो आत्मा नित्य, सर्वव्यापी, अचल, स्थिर रहनेवाला र सनातन छ ।

अव्यक्तोऽयमचिन्त्योऽयमविकार्योऽयमुच्यते ।

तस्मादेवं विदित्वैनं नानुशोचितुमर्हसि ॥ *श्रीमद्भगवत गीता ॥*

यो आत्मा अव्यक्त छ, अचिन्त्य छ र विकाररहित मानिन्छ । हे अर्जुन ! यो आत्मालाई राम्ररी जानेबुझेपछि तिमीले शोक गर्ने होइन । तिमीले शोक गर्नु उचित छैन ।

अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत ।

अव्यक्तनिधनान्येव तत्र का परिदेवना ॥ *श्रीमद्भगवत गीता ॥*

हे अर्जुन ! सम्पूर्ण प्राणी जन्मपूर्व अप्रकट थिए र मरेपछि पनि अप्रकट हुनेवाला छन् । केवल बीचमा देखिएका छन्; यस्तो अवस्थामा पनि केको शोक गर्नु ।

आश्चर्यवत्पश्यति कश्चिदेन -

माश्चर्यवद्वदति तथैव चान्यः ।

आश्चर्यवच्चैनमन्यः शृणोति

श्रुत्वाप्येनं वेद न चैव कश्चित् ॥ *श्रीमद्भगवत गीता ॥*

महापुरुषले यस आत्मालाई आश्चर्यसाथ देख्दछ, त्यसैगरी अर्को कुनै महापुरुषले यसको तत्त्वलाई आश्चर्यसाथ वर्णन गर्दछ भने अर्को कुनै अधिकारी पुरुषले यसलाई आश्चर्यसाथ सुन्दछ भने कसैकसैले सुनेर पनि यसलाई बुझ्दैनन् ।

त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन ।

निर्द्वन्द्वो नित्यसत्त्वस्थो निर्योगक्षेम आत्मवान् ॥ *श्रीमद्भगवत गीता ॥*

हे अर्जुन ! वेद उपयुक्त प्रकारले तीनै गुणका कार्यरूप समस्त भोग एवं तिनका साधनहरूको प्रतिपादन गर्ने हुन् । तिमी ती भोग र तिनका साधनमा आसक्तिहीन, हर्षशोकादि द्वन्द्वहरूबाट रहित, नित्यवस्तु परमात्मामा स्थित, योग–क्षेमको चाहना नगर्ने र स्वाधीन अन्तःकरण भएको बन ।

प्रजहाति यदा कामान्सर्वान्पार्थ मनोगतान् ।

आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते ॥ *श्रीमद्भगवत गीता ॥*

हे अर्जुन ! जतिबेला पुरुषले मनमा रहेका सम्पूर्ण कामनाहरूलाई उचित तरिकाले त्यागिदिन्छ र आत्माद्वारा आत्मामा नै सन्तुष्ट रहन्छ, त्यति नै बेला ऊ स्थितप्रज्ञ हुन पुग्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी ।

यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः ॥ *श्रीमद्भगवत गीता ॥*

सम्पूर्ण प्राणीका लागि जो रातजस्तै छ, त्यस नित्य ज्ञानस्वरूप परमानन्दको प्राप्तिमा स्थितप्रज्ञ योगी जाग्दछ भने जुन नाशवान् सांसारिक सुखको प्राप्तिमा सबै प्राणी जाग्दछन्, परमात्माको तत्त्वलाई जान्ने मुनिका लागि त्यो रातकै समान अध्यारो छ ।

तानि सर्वाणि संयम्य युक्त आसीत मत्परः ।

वशे हि यस्येन्द्रियाणि तस्य प्रज्ञा प्रतिष्ठिता ॥ *श्रीमद्भगवत गीता ॥*

साधकले सम्पूर्ण इन्द्रियहरूलाई वशमा राखेर समाहितचित्त हुँदै मेरै परायण भएर मेरो ध्यानमा तल्लिन रहोस्, जुन पुरुषका इन्द्रियहरू वशमा हुन्छन्, उसको बुद्धि स्थिर हुन्छ । उसलाई स्थित प्रज्ञामा प्रतिष्ठित भनिन्छ ।

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः ।

आत्मन्येव च सन्तुष्टस्तस्य कार्यं न विद्यते ॥ *श्रीमद्भगवत गीता ॥*

जुन मनुष्य आत्मामै रमण गर्ने र आत्मामै तृप्त तथा सन्तुष्ट हुने खालको छ, उसका लागि कुनै पनि कर्तव्य कर्म रहँदैन ।

तत्त्ववित्तु महाबाहो गुणकर्मविभागयोः ।

गुणा गुणेषु वर्तन्त इति मत्वा न सज्जते ॥ *श्रीमद्भगवत गीता ॥*

परन्तु हे महाबाहो ! गुणविभाग (त्रिगुणत्मक मायाको कार्यरूप पञ्चमहाभूत पृथिवी, जल, तेज, वायु र आकाश, मन, बुद्धि, अहङ्कार, तथा पाँच ज्ञानेन्द्रिय पाँच कमेन्द्रिय, शब्द, स्पर्स, रूप, रस र गन्ध पाँच विषयसहित यी तत्त्वका परम्परागत चेष्टाको नाम कर्म विभाग हो । कर्मविभागको चेष्टागत तत्त्वलाई जान्ने ज्ञानयोगी सम्पूर्ण गुणैगुणमा रहेका हुन्छ तत्त्ववेता पुरुष कर्मविभागको आशक्तिमा पर्दैनन् । तिनमा आशक्त हुँदैन ।

एवं बुद्धेः परं बुद्ध्वा संस्तभ्यात्मानमात्मना ।

जहि शत्रुं महाबाहो कामरूपं दुरासदम् ॥ *श्रीमद्भगवत गीता ॥*

यसप्रकार, बुद्धिदेखि पर अर्थात् सूक्ष्म, बलवान् र अत्यन्त श्रेष्ठ आत्मालाई जानेर बुद्धिका माध्यमले मनलाई वशमा गर्दै हे महाबाहो ! तिमीले यस कामरूपी दुर्जय शत्रुलाई नष्ट गर, मार ।

ब्रह्मार्पणं ब्रह्म हविर्ब्रह्माग्नौ ब्रह्मणा हुतम् ।

ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्मसमाधिना ॥ *श्रीमद्भगवत गीता ॥*

जुन यज्ञमा अर्पण अर्थात् स्रुवा आदि पनि ब्रह्म हो र हवन गर्न योग्य द्रव्य पनि ब्रह्म हो र ब्रह्मरूप कर्ताद्वारा ब्रह्मरूप अग्निमा आहुति दिनु कर्मरूपी क्रिया पनि ब्रह्म हो, त्यस ब्रह्मकर्ममा स्थित रहने पनि ब्रह्म हो । योगीद्वारा प्राप्त गर्न योग्य फल पनि ब्रह्म नै हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दैवमेवापरे यज्ञं योगिनः पर्युपासते ।

ब्रह्माग्नावपरे यज्ञं यज्ञेनैवोपजह्वति ॥ *श्रीमद्भगवत गीता ॥*

अध्यात्मिक साधनामा लागेका योगीजनहरू देवताहरूका पूजनरूपी यज्ञकै अनेक प्रकारले अनुष्ठान गर्दछन् भने अर्काथरी योगीजनहरू परब्रह्म परमात्मारूपी अग्निमा अभेददर्शनरूपी यज्ञद्वारा नै आत्मरूपी यज्ञको हवन गर्ने गर्दछन् ।

श्रोत्रादीनीद्रियाण्यन्ये संयमाग्निषु जुह्वति ।

शब्दादीन्विषयानन्य इन्द्रियाग्निषु जुह्वति ॥ *श्रीमद्भगवत गीता ॥*

अन्य योगीजनले श्रोत्र(कान) आदि समस्त इन्द्रियहरूलाई संयमरूपी अग्निमा हवन गर्दछन् भने अर्काथरी योगीहरू शब्दादि समस्त विषयहरूलाई इन्द्रियरूपी अग्निमा हवन गर्ने गर्दछन् ।

सर्वाणीन्द्रियकर्माणि प्राणकर्माणि चापरे ।

आत्मसंयमयोगाग्नौ जुह्वति ज्ञानदीपिते ॥ *श्रीमद्भगवत गीता ॥*

साधक योगीजनहरूले इन्द्रियहरूका सम्पूर्ण क्रिया एवं प्राणका समस्त क्रियाहरूलाई ज्ञानद्वारा प्रकाशित आत्मसंयम योगरूपी अग्निमा हवन गर्ने गर्दछन् ।

यज्ज्ञात्वा न पुनर्मोहमेवं यास्यसि पाण्डव ।

येन भूतान्यशेषेण द्रक्ष्यस्यात्मन्यथो मयि ॥ *श्रीमद्भगवत गीता ॥*

जसलाई जानेपछि तिमीले फेरि यसरी मोहलाई प्राप्त गर्नु पर्दैन । हे अर्जुन ! जुन ज्ञानद्वारा तिमीले सम्पूर्ण भूतहरूलाई निःशेषभावले पहिला आफूमा र पछि म सच्चिदानन्दघन परमात्मामा देख्नेछौ ।

योगयुक्तो विशुद्धात्मा विजितात्मा जितेन्द्रियः ।

सर्वभूतात्मभूतात्मा कुर्वन्नपि न लिप्यते ॥ *श्रीमद्भगवत गीता ॥*

जसको मन आफ्नो वशमा छ, जो विशुद्ध अन्तःकरण भएको तथा जितेन्द्रिय छ, सम्पूर्ण प्राणीहरूमा आत्मारूपले अवस्थित परमात्मा नै जसको आत्मा छ, यस्तो कर्मयोगीले कर्म गरिरहँदा पनि कर्ममा लिप्त हुँदैन ।

नैव किञ्चित्करोमीति युक्तो मन्येत तत्त्ववित् ।

पश्यञ्शृण्वन्स्पृशञ्जिघ्रन्नश्ननाच्छन्स्वपञ्श्वसन् ॥

प्रलपन्विसृजन्गृह्णन्नुन्मिषन्निमिषन्नपि ।

इन्द्रियाणीन्द्रियार्थेषु वर्तन्त इति धारयन् ॥ *श्रीमद्भगवत गीता ॥*

तत्त्वलाई जान्ने साङ्ख्ययोगीले त हेर्दै, सुन्दै, स्पर्श गर्दै, सुँघ्दै, भोजन गर्दै, गमन गर्दै, सुत्दै, सास लिँदै, वोल्दै, त्याग्दै र ग्रहण गर्दै, आँखा खोल्दै र बन्द गर्दागर्दै पनि सबै इन्द्रियहरूले आ–आफ्नै अर्थमा व्यवहार गरिरहेका हुन्छन् भन्ने सम्झेर निःसन्देह यस्तो मानोस् कि मैले केही पनि गरेको छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मण्याधाय कर्माणि सङ्गं त्यक्त्वा करोति यः ।

लिप्यते न स पापेन पद्मपत्रमिवाम्भसा ॥ *श्रीमद्भगवत गीता ॥*

जुन पुरुषले सबै कर्महरूलाई परमात्मामा अर्पण गरेर अथवा आसक्तिलाई त्यागेर कर्म गर्दछ, त्यस्तो पुरुष पानीले कमलको फूललाई केही हुँदैन आशक्ति त्यागेर कर्मगर्ने पुरुष पापमा लिप्त हुँदैन ।

सर्वकर्माणि मनसा संन्यस्यास्ते सुखं वशी ।

नवद्वारे पुरे देही नैव कुर्वन्न कारयन् ॥ *श्रीमद्भगवत गीता ॥*

अन्तःकरण जसको वशमा छ, त्यस्तो साङ्ख्ययोगको आचरण गर्ने पुरुष न गरेर, न गराएर पनि नौद्वार (आँखाका दुईवटा, कान दुईवटा, नाकका दुईवटा मुख एउट, गुदद्वार र मुत्रद्वार एकएकवटा) प्वालभएको शरीररूपी घरमा सबै कर्महरूलाई मनैदेखि त्यागेर आनन्दपूर्वक सच्चिदानन्दघन परमात्माको स्वरूपमा स्थित रहन्छ ।

तद्बुद्धयस्तदात्मानस्तन्निष्ठास्तत्परायणाः।

गच्छन्त्यपुनरावृत्तिं ज्ञाननिर्धूतकल्मषाः॥ *श्रीमद्भगवत गीता ॥*

जसको मन तद्रूप(परमात्मा नै तल्लिन) भइरहेको छ, जसको बुद्धि तद्रूप भइरहेको छ र सच्चिदान्दघन परमात्मामा नै जसको निरन्तर एकै भावले चित्त स्थिर छ, यस्ता तत्परायण पुरुषहरूले ज्ञानका माध्यमले पापरहित भएर अपुनरावृत्तिलाई अर्थात् परमगतिलाई प्राप्त गर्दछन् ।

इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः ।

निर्दोषं हि समं ब्रह्म तस्माद् ब्रह्मणि ते स्थिताः ॥ *श्रीमद्भगवत गीता ॥*

जसको मन समभावमा स्थित छ, उनीहरूद्वारा यसै जीवित अवस्थामा नै सम्पूर्ण संसार जितिसकिएको छ, किनकि सच्चिदानन्दघन परमात्मा निर्दोष र सम छ, यसबाट उनीहरू सच्चिदानन्दघन परमात्मामा नै स्थित छन् ।

न प्रहृष्येत्प्रियं प्राप्य नोद्विजेत्प्राप्य चाप्रियम् ।

स्थिरबुद्धिरसम्मूढो ब्रह्मविद् ब्रह्मणि स्थितः ॥ *श्रीमद्भगवत गीता ॥*

जुन पुरुष प्रियलाई प्राप्त गरेर हर्षित हुँदैन र अप्रियलाई प्राप्त गरेर उद्विग्न हुँदैन, त्यस्तो स्थिरबुद्धि, संशयरहित, ब्रह्मवेत्ता पुरुष सच्चिदानन्दघन परब्रह्म परमात्मामा एकीभावले नित्य स्थित हुन्छ ।

बाह्यस्पर्शेष्वसक्तात्मा विन्दत्यात्मनि यत्सुखम् ।

स ब्रह्मयोगयुक्तात्मा सुखमक्षयमश्नुते ॥ *श्रीमद्भगवत गीता ॥*

बाहिरका विषयमा आसक्तिरहित अन्तःकरण भएको साधकले आत्मामा स्थित जुन ध्यानजनित सात्त्विक आनन्द छ, त्यसलाई प्राप्त गर्दछ र त्यसपछि त्यही सच्चिदानन्दघन परब्रह्म परमात्माको ध्यानरूपी योगमा अभिन्नभावले स्थित पुरुषले अक्षय आनन्दलाई प्राप्त गर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योऽन्तःसुखोऽन्तरारामस्तथान्तर्ज्योतिरेव यः ।
स योगी ब्रह्मनिर्वाणं ब्रह्मभूतोऽधिगच्छति ॥ *श्रीमद्भगवत गीता ॥*

जुन पुरुष अन्तरात्मामा नै सुखी छ, आत्मामै रमण गर्नेवाला छ र जो आत्मामा नै ज्ञान भएको छ, त्यस सच्चिदानन्दघन परब्रह्म परमात्मासित एकीभावलाई प्राप्त साङ्ख्ययोगीले शान्त ब्रह्मलाई प्राप्त गर्दछ।

स्पर्शान्कृत्वा बहिर्बाह्यांश्चक्षुश्चैवान्तरे भ्रुवोः ।
प्राणापानौ समौ कृत्वा नासाभ्यन्तरचारिणौ ॥
यतेन्द्रियमनोबुद्धिर्मुनिर्मोक्षपरायणः।
विगतेच्छाभयक्रोधो यः सदा मुक्त एव सः ॥ *श्रीमद्भगवत गीता ॥*

बाहिरी विषयभोगहरूलाई चिन्तन नगरीकन बाहिरै निकालेर र आँखाको दृष्टिलाई भृकुटीका बीचमा केन्द्रित गरेर तथा नाकका माध्यमले विचरण गर्ने प्राण र अपानवायुलाई बराबरी तुल्याई जसका इन्द्रियहरू मन, बुद्धि जितिएका छन्, यस्तो जुन मोक्षपरायण मुनिन्द इच्छा, भय, क्रोधरहित भएको छ, ऊ सदा मुक्त नै छ।

भोक्तारं यज्ञतपसां सर्वलोकमहेश्वरम् ।
सुहृदं सर्वभूतानां ज्ञात्वा मां शान्तिमृच्छति ॥ *श्रीमद्भगवत गीता ॥*

मेरो भक्तले मलाई सबै यज्ञ र तपहरूलाई भोग्नेवाला, सम्पूर्ण लोकहरूमा ईश्वरहरूको पनि ईश्वर तथा सम्पूर्ण भूतप्राणीहरूको सुहृद् अर्थात् स्वार्थरहित दयालु र प्रेमीका रूपमा तत्त्वपूर्वक जानेर शान्ति प्राप्त गर्दछन् ।

जितात्मनः प्रशान्तस्य परमात्मा समाहितः ।
शीतोष्णसुखदुःखेषु तथा मानापमानयोः ॥ *श्रीमद्भगवत गीता ॥*

चिसो–तातो र सुख–दुःखादि एवं मान र अपमानमा जसका अन्तःकरणका वृत्तिहरू समुचित ढङ्गले शान्त छन्, यस्तो स्वाधीन आत्मा भएका पुरुषको ज्ञानमा सच्चिदानन्दघन परमात्मा सम्यक् प्रकारले स्थित हुनुहुन्छ अर्थात् उसको ज्ञानमा परमात्मासिवाय अन्य केही छँदै छैन ।

ज्ञानविज्ञानतृप्तात्मा कूटस्थो विजितेन्द्रियः ।
युक्त इत्युच्यते योगी समलोष्टाश्मकाञ्चनः ॥ *श्रीमद्भगवत गीता ॥*

जसको अन्तःकरण ज्ञान–विज्ञानले तृप्त छ, जसको स्थिति विकाररहित छ, जसको जसका इन्द्रियहरू राम्ररी जितिएका छन् र जसका लागि माटो, ढुङ्गो र सुन उस्तै छन्, त्यो योगी युक्त अर्थात् भगवत्प्राप्त छ भनेर भनिन्छ ।

योगी युञ्जीत सततमात्मानं रहसि स्थितः ।
एकाकी यतचित्तात्मा निराशीरपरिग्रहः ॥ *श्रीमद्भगवत गीता ॥*

मन र इन्द्रियहरूसहित शरीरलाई वशमा राख्ने, आशारहित र सङ्ग्रहरहित योगी एक्लै एकान्त स्थानमा स्थित भएर आत्मालाई निरन्तर परमात्मामा लगाओस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समं कायशिरोग्रीवं धारयन्नचलं स्थिरः ।

सम्प्रेक्ष्य नासिकाग्रं स्वं दिशश्चानवलोकयन् ॥ *श्रीमद्भगवत गीता ॥*

काया, सिर र गलालाई समान एवं अचल धारण गरी अथवा स्थिर भएर, आफ्नो नासिकाको अग्रभागमा दृष्टि कायम गरेर, अन्य दिशालाई नदेखीकन– ।

प्रशान्तात्मा विगतभीर्ब्रह्मचारिव्रते स्थितः ।

मनः संयम्य मच्चित्तो युक्त आसीत मत्परः ॥ *श्रीमद्भगवत गीता ॥*

ब्रह्मचारीको व्रतमा स्थित, भयरहित तथा अत्यन्त शान्त अन्तःकरणवाला सावधान योगी मनलाई रोकेर ममा चित्त राखी मेरै परायण भएर रहोस् ।

यदा विनियतं चित्तमात्मन्येवावतिष्ठते ।

निःस्पृहः सर्वकामेभ्यो युक्त इत्युच्यते तदा ॥ *श्रीमद्भगवत गीता ॥*

राम्ररी वशमा गरिएको चित्त जुन समयमा परमात्मामा नै उचित तरिकाले स्थित हुन्छ, त्यस कालमा सम्पूर्ण भोगहरूबाट स्पृहारहित पुरुष नै योगयुक्त छ भनेर भनिन्छ ।

यत्रोपरमते चित्तं निरुद्धं योगसेवया ।

यत्र चैवात्मनात्मानं पश्यन्नात्मनि तुष्यति ॥ *श्रीमद्भगवत गीता ॥*

योगको अभ्यासले निरुद्ध चित्त जुन अवस्थामा उपराम हुन्छ र जुन अवस्थामा परमात्माको ध्यानले शुद्ध भएको सूक्ष्म बुद्धिद्वारा परमात्मालाई साक्षात्कार गर्दै सच्चिदानन्दघन परमात्मामा नै सन्तुष्ट रहन्छ ।

सुखमात्यन्तिकं यत्तद्बुद्धिग्राह्यमतीन्द्रियम् ।

वेत्ति यत्र न चैवायं स्थितश्चलति तत्त्वतः ॥ *श्रीमद्भगवत गीता ॥*

इन्द्रियहरूदेखि अतीत, केवल शुद्ध भएको सूक्ष्म बुद्धिद्वारा ग्रहण गर्नयोग्य जुन अनन्त आनन्द छ, त्यसलाई जुन अवस्थामा अनुभव गर्दछ र जुन अवस्थामा स्थित यो योगी स्वरूपद्वारा विचलित हुँदै हुँदैन ।

यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकं ततः ।

यस्मिन्स्थितो न दुःखेन गुरुणापि विचाल्यते ॥ *श्रीमद्भगवत गीता ॥*

परमात्माको प्राप्तिरूपी जुन लाभलाई प्राप्त गरेर त्यसभन्दा धेरै दोस्रो कुनै लाभ देख्दैन र परमात्मारूपी जुन अवस्थामा स्थित योगी अत्यन्त ठूलाठूला दुःखदेखि पनि विचलित हुँदैन ।

सङ्कल्पप्रभवान्कामांस्त्यक्त्वा सर्वानशेषतः ।

मनसैवेन्द्रियग्रामं विनियम्य समन्ततः ॥ *श्रीमद्भगवत गीता ॥*

सङ्कल्पद्वारा उत्पन्न हुने सम्पूर्ण कामनाहरूलाई निःशेषरूपले त्यागेर र मनद्वारा इन्द्रियहरूको समुदायलाई सबैतिरबाट राम्रोसित रोकेर–।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शनैः शनैरूपरमेद् बुद्ध्या धृतिगृहीतया ।
आत्मसंस्थं मनः कृत्वा न किञ्चिदपि चिन्तयेत् ॥ *श्रीमद्भगवत गीता ॥*

क्रमैसित अभ्यास गरेपछि उपरतिलाई प्राप्त होस् र धैर्ययुक्त बुद्धिद्वारा मनलाई परमात्मामा स्थित गरी परमात्मासिवाय अन्य केही पनि चिन्तन नगरोस् ।

यतो यतो निश्चरति मनश्चञ्चलमस्थिरम् ।
ततस्ततो नियम्यैतदात्मन्येव वशं नयेत् ॥ *श्रीमद्भगवत गीता ॥*

यो स्थिर नरहने अर्थात् चञ्चल मन जुनजुन शब्दादि विषयका निमित्तले संसारमा विचरण गर्दछ, तिनै विषयबाट रोकेर अर्थात् हटाएर यसलाई बारम्बार परमात्मामा नै निरुद्ध गरोस् ।

प्रशान्तमनसं ह्येनं योगिनं सुखमुत्तमम् ।
उपैति शान्तरजसं ब्रह्मभूतमकल्मषम् ॥ *श्रीमद्भगवत गीता ॥*

किनकि जसको मन अत्यन्त शान्त छ, जो पापले रहित छ र जसको रजोगुण शान्त भएको छ, यस्तो यस सच्चिदानन्दघन ब्रह्मका साथमा एकीकृत भएको योगीलाई उत्तम आनन्द प्राप्त हुन्छ ।

युञ्जन्नेवं सदात्मानं योगी विगतकल्मषः ।
सुखेन ब्रह्मसंस्पर्शमत्यन्तं सुखमश्नुते ॥ *श्रीमद्भगवत गीता ॥*

त्यस्तो पापरहित योगीले यसप्रकार निरन्तर आत्मालाई परमात्मामा लगाउँदै सुखपूर्वक परब्रह्म परमात्माको प्राप्तिरूपी अनन्द आनन्दको अनुभव गर्दछ ।

सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि ।
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ॥ *श्रीमद्भगवत गीता ॥*

सर्वव्यापी अनन्त चेतनमा एकैभावले स्थितिरूपी योगद्वारा युक्त आत्मावाला तथा सबैमा समभावले हेर्ने योगीले आत्मालाई सम्पूर्ण भूतहरूमा स्थित र सम्पूर्ण भूतहरूलाई आत्मामा कल्पित देख्दछ ।

सर्वभूतस्थितं यो मां भजत्येकत्वमास्थितः ।
सर्वथा वर्तमानोऽपि स योगी मयि वर्तते ॥ *श्रीमद्भगवत गीता ॥*

जुन पुरुषले एकैभावमा स्थित भएर सम्पूर्ण भूतहरूमा आत्मरूपले स्थित म सच्चिदानन्दघन वासुदेवलाई भज्दछ, त्यो योगी सबै तरिकाले व्यवहृत रहे पनि ममा नै व्यवहृत रहन्छ ।

आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन ।
सुखं वा यदि वा दुःखं स योगी परमो मतः ॥ *श्रीमद्भगवत गीता ॥*

हे अर्जुन ! जुन योगी आफूलाई जस्तै सम्पूर्ण भूतहरूलाई समान देख्दछ र सुख अथवा दुःखलाई पनि सबैमा समान देख्दछ, त्यो योगी परम श्रेष्ठ मानिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति ।

तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ॥ *श्रीमद्भगवत गीता ॥*

जुन पुरुषले सम्पूर्ण भूतहरूमा सबैको आत्मारूपी म वासुदेवलाई नै व्यापक देख्दछ र सम्पूर्ण भूतपदार्थहरूलाई पनि म वासुदेवकै अन्तर्गत देख्दछ, उसका लागि म अदृश्य हुन्न भने ऊ पनि मेरालागि अदृश्य हुन्न ।

योगिनामपि सर्वेषां मद्गतेनान्तरात्मना ।

श्रद्धावान्भजते यो मां स मे युक्ततमो मतः ॥ *श्रीमद्भगवत गीता ॥*

सम्पूर्ण योगीहरूमध्ये पनि जुन श्रद्धावान् योगीले ममा लागेको अन्तरात्माद्वारा मलाई निरन्तर भज्दछ, त्यही योगी मलाई परम श्रेष्ठ मान्य छ ।

मत्तः परतरं नान्यत्किञ्चिदस्ति धनञ्जय ।

मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव ॥ *श्रीमद्भगवत गीता ॥*

हे धनञ्जय ! मदेखि भिन्न अर्को कुनै पनि परम कारण छैन । यो सम्पूर्ण जगत् डोरीमा डोरीको धागोजस्तै गुँथिएको छ ।

ये चैव सात्त्विका भावा राजसास्तामसाश्च ये ।

मत्त एवेति तान्विद्धि न त्वहं तेषु ते मयि ॥ *श्रीमद्भगवत गीता ॥*

अरू पनि सत्त्व गुणबाट उत्पन्न हुने जति भावहरू छन् र रजोगुण एवं तमोगुणबाट हुने भावहरू छन्, ती सबैलाई तिमीले **'मद्वारा नै हुनेवाला हुन्'** भन्ने जान, परन्तु वास्तवमा तिनमा म र म तिनमा छैनौं ।

बहूनां जन्मनामन्ते ज्ञानवान्मां प्रपद्यते ।

वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः ॥ *श्रीमद्भगवत गीता ॥*

धेरै जन्महरूमध्ये अन्तको जन्ममा तत्त्वज्ञानलाई प्राप्त पुरुषले सबै थोक वासुदेव नै हो भन्ने ठानेर मलाई भज्दछ, त्यस्तो महात्मा अत्यन्त दुर्लभ छ ।

दैवी ह्येषा गुणमयी मम माया दुरत्यया ।

मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते ॥ *श्रीमद्भगवत गीता ॥*

किनकि यो अलौकिक अर्थात् अति अद्भुत त्रिगुणमयी मेरो माया अति दुस्तर छ, तर जुन पुरुषले केवल मलाई नै निरन्तर भज्दछन्, उनीहरूले यो मायालाई उल्लङ्घन गर्न पुग्दछन् अर्थात् संसारदेखि तर्दछन् ।

साधिभूताधिदैवं मां साधियज्ञं च ये विदुः ।

प्रयाणकालेऽपि च मां ते विदुर्युक्तचेतसः ॥ *श्रीमद्भगवत गीता ॥*

जुन पुरुषहरूले अधिभूत, अधिदैवसहित(सबैको आत्मरूप) मलाई अन्तकालमा पनि जान्दछन्, ती युक्तचित्त भएका पुरुषहरूले मलाई जान्दछन्, अर्थात् प्राप्त गर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभ्यासयोगयुक्तेन चेतसा नान्यगामिना ।
परमं पुरुषं दिव्यं याति पार्थानुचिन्तयन् ॥ *श्रीमद्भगवत गीता ॥*

हे पार्थ ! परमेश्वरको ध्यानको अभ्यासरूपी योगले युक्त, अन्त नजो चित्तद्वारा निरन्तर चिन्तन गरिरहेको मनुष्यले परम प्रकाशरूपी दिव्य पुरुषलाई अर्थात् परमेश्वरलाई नै प्राप्त गर्दछ भन्ने नियम नै छ ।

कविं पुराणमनुशासितार-
मणोरणीयंसमनुस्मरेद्यः ।
सर्वस्य धातारमचिन्त्यरूप-
मादित्यवर्णं तमसः परस्तात् ॥ *श्रीमद्भगवत गीता ॥*

जुन पुरुषले सर्वज्ञ, अनादि, सबैका नियन्ता*, सूक्ष्मभन्दा पनि अति सूक्ष्म, सबैलाई धारण–पोषण गर्ने अचिन्त्यस्वरूप, सूर्यसमान नित्य चेतन प्रकाशरूप र अविद्यादेखि अति पर, शुद्ध सच्चिदानन्दघन परमेश्वरको स्मरण गर्दछ ।

प्रयाणकाले मनसाचलेन
भक्त्या युक्तो योगबलेन चैव ।
भ्रुवोर्मध्ये प्राणमावेश्य सम्यक्-
स तं परं पुरुषमुपैति दिव्यम् ॥ *श्रीमद्भगवत गीता ॥*

त्यस्तो भक्तियुक्त पुरुषले अन्तकालमा पनि योगबलद्वारा भृकुटीका बीचमा प्राणलाई सुन्दर तवरले स्थापित गर्दै, फेरि निश्चल मनद्वारा स्मरण गर्दै त्यस दिव्यरूप परम पुरुष परमात्मालाई नै प्राप्त गर्दछ ।

परस्तस्मात्तु भावोऽन्योऽव्यक्तोऽव्यक्तात्सनातनः ।
यः स सर्वेषु भूतेषु नश्यत्सु न विनश्यति ॥ *श्रीमद्भगवत गीता ॥*

त्यस अव्यक्तभन्दा पनि अति पर अर्को अर्थात् विलक्षण जुन सनातन अव्यक्त भाव छ, त्यो परम दिव्य पुरुष सबै भूतहरू नष्ट भएपछि पनि नष्ट हुँदैन ।

अव्यक्तोऽक्षर इत्युक्तस्तमाहुः परमां गतिम् ।
यं प्राप्य न निवर्तन्ते तद्धाम परमं मम ॥ *श्रीमद्भगवत गीता ॥*

जुन अव्यक्त 'अक्षर' यस नामले भनिएको छ, त्यही अक्षर नामक अव्यक्तभावलाई नै परमगति भनिन्छ तथा जुन सनातन अव्यक्तभावलाई प्राप्त गरेर मनुष्य फर्कदैनन्, त्यही मेरो परम धाम हो ।

पुरुषः स परः पार्थ भक्त्या लभ्यस्त्वनन्यया ।
यस्यान्तःस्थानि भूतानि येन सर्वमिदं ततम् ॥ *श्रीमद्भगवत गीता ॥*

हे पार्थ ! जुन परमात्मा अन्तर्गत सबै भूत छन् र जुन सच्चिदानन्दघन परमात्माद्वारा यो समस्त जगत् परिपूर्ण छ, त्यस सनातन अव्यक्त परम पुरुष त अनन्य भक्तिद्वारा नै प्राप्त गर्न योग्य छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तकाले च मामेव स्मरन्मुक्त्वा कलेवरम् ।
यः प्रयाति स मद्भावं याति नास्त्यत्र संशयः ॥ *श्रीमद्भगवत गीता ॥*

जो पुरुष अन्तकालमा पनि मलाई नै स्मरण गर्दै शरीर त्याग गर्दछ, उसले मेरो साक्षात् स्वरूपलाई प्राप्त गर्दछ भन्ने कुरामा कुनै पनि संशय छैन ।

तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च ।
मय्यर्पितमनोबुद्धिर्मामेवैष्यस्यसंशयः ॥ *श्रीमद्भगवत गीता ॥*

यसर्थ, हे अर्जुन ! तिमीले सबै समयमा निरन्तर मेरै स्मरण गर्दै युद्ध पनि गर । यसरी ममा अर्पण गरिएको मन–बुद्धिले युक्त भएर तिमीले निःसन्देह मलाई नै प्राप्त गर्दछौ ।

सर्वद्वाराणि संयम्य मनो हृदि निरुध्य च ।
मूर्ध्न्याधायात्मनः प्राणमास्थितो योगधारणाम् ॥
ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन् ।
यः प्रयाति त्यजन्देहं स याति परमां गतिम् ॥ *श्रीमद्भगवत गीता ॥*

सबै इन्द्रियका ढोकाहरूलाई रोकेर र मनलाई हृदयप्रदेशमा स्थित गरेर, त्यस जितिएको मनद्वारा प्राणलाई मस्तकमा स्थित गरी, परमात्मासम्बन्धी योगधारणामा स्थित भएर जुन पुरुषले 'ॐ' एक अक्षररूपी यस ब्रह्मलाई उच्चारण गर्दै र त्यसको अर्थस्वरूप म निर्गुण ब्रह्मको चिन्तन गर्दै, शरीरलाई त्याग गरिदिन्छ, त्यो पुरुषले परमगतिलाई प्राप्त गर्दछ ।

अनन्यचेताः सततं यो मां स्मरति नित्यशः ।
तस्याहं सुलभः पार्थ नित्ययुक्तस्य योगिनः ॥ *श्रीमद्भगवत गीता ॥*

हे अर्जुन ! जुन पुरुष ममा अनन्य चित्त भएर सधैं निरन्तर म पुरुषोत्तम स्मरण गर्दछ, त्यस नित्य–निरन्तर ममा युक्त भएको योगीका लागि म सुलभ छु, अर्थात् उसका लागि सजिलै प्राप्त हुन सक्छु ।

मया ततमिदं सर्वं जगदव्यक्तमूर्तिना ।
मत्स्थानि सर्वभूतानि न चाहं तेष्ववस्थितः ॥ *श्रीमद्भगवत गीता ॥*

म निराकर परमात्माद्वारा यो सम्पूर्ण जगत् पानीसित बरफजस्तै परिपूर्ण छ र सम्पूर्ण भूत मेरै अन्तर्गत सङ्कल्पका आधारस्थित छन्, तर वास्तवमा म तिनमा स्थित छैन ।

न च मत्स्थानि भूतानि पश्य मे योगमैश्वरम् ।
भूतभृन्न च भूतस्थो ममात्मा भूतभावनः ॥ *श्रीमद्भगवत गीता ॥*

ती सबै भूत ममा स्थित छैनन्, मेरो ईश्वरीय शक्तिलाई हेर भूतहरूलाई धारण–पोषण गर्ने र भूतहरूलाई उत्पन्न गर्ने मेरो आत्मा पनि वास्तवमा भूतहरूमा स्थित छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथाकाशस्थितो नित्यं वायुः सर्वत्रगो महान् ।
तथा सर्वाणि भूतानि मत्स्थानीत्युपधारय ॥ *श्रीमद्भगवत गीता ॥*

जसरी आकाशबाट उत्पन्न सबैतिर विचरण गर्ने महान् वायु सधैँ आकाशमै स्थित छ, त्यसैगरी मेरो सङ्कल्पद्वारा उत्पन्न हुनाले सम्पूर्ण भूत ममा नै स्थित छ भन्ने जान ।

समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रियः ।
ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाप्यहम् ॥ *श्रीमद्भगवत गीता ॥*

म सबै भूतहरूमा समभावले व्याप्त छु । न कोही मेरालागि अप्रिय छ, न प्रिय नै छ; तर जुन भक्तहरूले मलाई प्रेमपूर्वक भज्दछन्, ती ममा छन् र म पनि तिनमा प्रत्यक्ष प्रकट छु ।

महात्मानस्तु मां पार्थ दैवीं प्रकृतिमाश्रिताः ।
भजन्त्यनन्यमनसो ज्ञात्वा भूतादिमव्ययम् ॥ *श्रीमद्भगवत गीता ॥*

तर हे कुन्तीपुत्र ! दैवी प्रकृतिमा आश्रित महात्माजनले मलाई सबै भूतहरूको सनातन कारण र नाशरहित अक्षरस्वरूप जानेर अनन्य मनले युक्त भई निरन्तर भज्दछन् ।

सततं कीर्तयन्तो मां यतन्तश्च दृढव्रताः ।
नमस्यन्तश्च मां भक्त्या नित्ययुक्ता उपासते ॥ *श्रीमद्भगवत गीता ॥*

ती दृढ निश्चयवाला भक्तजन निरन्तर मेरा नाम र गुणहरूको कीर्तन गर्दै तथा मेरो प्राप्तिका लागि यत्न गर्दै र मलाई बारम्बार प्रणाम गर्दै सधैँ मेरो ध्यानमा युक्त भएर अनन्य प्रेमले मेरो उपासना गर्दछन् ।

ज्ञानयज्ञेन चाप्यन्ये यजन्तो मामुपासते ।
एकत्वेन पृथक्त्वेन बहुधा विश्वतोमुखम् ॥ *श्रीमद्भगवत गीता ॥*

अर्काथरी ज्ञानयोगी म निर्गुण–निराकार ब्रह्मलाई ज्ञानयज्ञद्वारा अभिन्नभावले पूजन गर्दागर्दै पनि मेरो उपासना गर्दछन् भने अर्काथरी मानिस अनेक तरिकाले स्थित म विराट्स्वरूप परमेश्वरको पृथक् भावले उपासना गर्दछन् ।

गतिर्भर्ता प्रभुः साक्षी निवासः शरणं सुहृत् ।
प्रभवः प्रलयः स्थानं निधानं बीजमव्ययम् ॥ *श्रीमद्भगवत गीता ॥*

प्राप्त हुनयोग्य परमधाम, भरणपोषण गर्नेवाला, सबैका स्वामी, शुभाशुभका द्रष्टा, सबैका वासस्थान, शरण लिनयोग्य, प्रत्युपकारको चाहना नराखी हित गर्नेवाला, सबैका उत्पत्ति–प्रलयका हेतु, स्थितिका आधार, निधान† र अविनाशी कारण पनि म नै हुँ ।

अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ॥ *श्रीमद्भगवत गीता ॥*

जुन अनन्यप्रेमी भक्तजन म परमेश्वरलाई निरन्तर चिन्तन गर्दै निष्कामभावले भज्दछन्, ती नित्य–निरन्तर मेरो चिन्तन गर्ने पुरुषहरूको योगक्षेम म स्वयम्ले प्राप्त गरिदिन्छु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि युक्त्वैवमात्मानं मत्परायणः ॥ *श्रीमद्भगवत गीता ॥*

ममा मन लाग्ने बन, मेरा भक्त होऊ, मेरो पूजन गर्नेवाला होऊ, मलाई प्रणाम गर । यसप्रकार, आत्मालाई ममा नियुक्त गरी मेरै परायण भएर तिमीले मलाई नै प्राप्त गर्दछौ ।

अहमात्मा गुडाकेश सर्वभूताशयस्थितः ।
अहमादिश्च मध्यं च भूतानामन्त एव च ॥ *श्रीमद्भगवत गीता ॥*

हे अर्जुन! म सबै भूतहरूका हृदयमा स्थित सबैको आत्मा हुँ भने सबै भूतहरूको आदि, मध्य र अन्त पनि म नै हुँ ।

यो मामजमनादिं च वेत्ति लोकमहेश्वरम् ।
असम्मूढः स मर्त्येषु सर्वपापैः प्रमुच्यते ॥ *श्रीमद्भगवत गीता ॥*

जसले मलाई अजन्मा अर्थात् वास्तवमा जन्मरहित, अनादि र लोकका महान् ईश्वर तत्त्वपूर्वक जान्दछ, त्यस्तो मनुष्यमध्ये ज्ञानवान् पुरुष सम्पूर्ण पापहरूदेखि मुक्त हुन्छ ।

अहं सर्वस्य प्रभवो मत्तः सर्वं प्रवर्तते ।
इति मत्वा भजन्ते मां बुधा भावसमन्विताः ॥ *श्रीमद्भगवत गीता ॥*

म वासुदेव नै सम्पूर्ण जगत्को उत्पत्तिको कारण हुँ र मद्वारा नै सम्पूर्ण जगत्ले चेष्टा गर्दछ भन्ने तरिकाले सम्झिएर श्रद्धा र भक्तिले युक्त बुद्धिमान् भक्तजनहरूले म परमेश्वरलाई नै निरन्तर भज्दछन् ।

मच्चित्ता मद्गतप्राणा बोधयन्तः परस्परम् ।
कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च ॥ *श्रीमद्भगवत गीता ॥*

निरन्तर ममा मन लगाउने र ममा नै प्राण अर्पण गर्ने भक्तजनहरू मेरो भक्तिको चर्चाद्वारा आपसमा मेरो प्रभावलाई जनाउँदै एवं गुण र प्रभावसहित मेरो कथन गर्दै निरन्तर सन्तुष्ट हुन्छन् एवं म वासुदेवमा नै निरन्तर रमण गर्दछन् । जेजति दृश्यमात्र संसार छ, त्यो सबै भगवानको माया हो भने एक वासुदेव भगवान नै सर्वत्र परिपूर्ण हुनुहुन्छ भनेर जान्नु नै तत्त्वसाथ जान्नु हो ।

तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम् ।
ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते ॥ *श्रीमद्भगवत गीता ॥*

ती निरन्तर मेरो ध्यान आदिमा लागेका र प्रेमपूर्वक भज्ने भक्तहरूलाई मैले त्यो तत्त्वज्ञानरूपी योग दिन्छु, जसका कारण तिनले मलाई नै प्राप्त गर्दछन् ।

परं ब्रह्म परं धाम पवित्रं परमं भवान् ।
पुरुषं शाश्वतं दिव्यमादिदेवमजं विभुम् ॥ *श्रीमद्भगवत गीता ॥*

अर्जुनले भने : हजुर परम ब्रह्म, परम धाम र परम पवित्र हुनुहुन्छ, किनकि तपाईंलाई सबै ऋषिगण, सनातन दिव्य पुरुष एवं देवताका पनि आदिदेव, अजन्मा र सर्वव्यापी भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यच्चापि सर्वभूतानां बीजं तदहमर्जुन ।
न तदस्ति विना यत्स्यान्मया भूतं चराचरम् ॥ *श्रीमद्‌भगवत गीता ॥*

हे अर्जुन ! जो सम्पूर्ण भूतहरूको उत्पत्तिको कारण हो, त्यो पनि म नै हुँ, किनकि यस्तो चर र अचर कुनै पनि भूत छैन, जो मदेखि रहित होस् ।

यद्यद्विभूतिमत्सत्त्वं श्रीमदूर्जितमेव वा ।
तत्तदेवावगच्छ त्वं मम तेजोंऽशसम्भवम् ॥ *श्रीमद्‌भगवत गीता ॥*

जेजति विभूतियुक्त अर्थात् ऐश्वर्ययुक्त, कान्तियुक्त र शक्तियुक्त वस्तु छन्, तिनलाई तिमीले मेरै तेजका अंशकै अभिव्यक्ति भन्ने ठान ।

अथवा बहुनैतेन किं ज्ञातेन तवार्जुन ।
विष्टभ्याहमिदं कृत्स्नमेकांशेन स्थितो जगत् ॥ *श्रीमद्‌भगवत गीता ॥*

अथवा हे अर्जुन ! यति धेरै जान्नुसित तिम्रो के प्रयोजन छ ? म यस सम्पूर्ण जगतलाई आफ्नो योगशक्तिको एउटा अंश मात्रले धारण गरेर बसेको छु ।

त्वमक्षरं परमं वेदितव्यं त्वमस्य विश्वस्य परं निधानम् ।
त्वमव्ययः शाश्वतधर्मगोप्ता सनातनस्त्वं पुरुषो मतो मे ॥ *श्रीमद्‌भगवत गीता ॥*

हजुर नै जान्नयोग्य परम अक्षर अर्थात् परब्रह्म परमात्मा हुनुहुन्छ, हजुर नै यस जगत्‌का परम आश्रय हुनुहुन्छ, हजुर नै अनादि धर्मका रक्षक हुनुहुन्छ र हजुर नै अविनाशी सनातन पुरुष हुनुहुन्छ भन्ने मेरो मत छ ।

कस्माच्च ते न नमेरन्महात्मन् गरीयसे ब्रह्मणोऽप्यादिकर्त्रे ।
अनन्त देवेश जगन्निवास त्वमक्षरं सदसत्तत्परं यत् ॥ *श्रीमद्‌भगवत गीता ॥*

महान् हजुरका लागि तिनले किन नमस्कार नगरून्, किनकि हे अनन्त ! हे देवेश ! हे जगन्निवास ! जुन सत्, असत् र तीभन्दा पर अक्षर अर्थात् सच्चिदानन्दघन ब्रह्म छ, त्यो हजुर नै हुनुहुन्छ ।

त्वमादिदेवः पुरुषः पुराण-
त्वमस्य विश्वस्य परं निधानम् ।
वेत्तासि वेद्यं च परं च धाम
त्वया ततं विश्वमनन्तरूप ॥ *श्रीमद्‌भगवत गीता ॥*

हजुर आदिदेव तथा सनातन पुरुष हुनुहुन्छ, हजुर यस जगत्‌का परम आश्रय र जान्नेवाला अनि परमधाम हुनुहुन्छ । हे अनन्तरूप ! हजुरबाट यो सबै जगत् व्याप्त अर्थात् परिपूर्ण छ ।

मत्कर्मकृन्मत्परमो मद्भक्तः सङ्गवर्जितः ।
निर्वैरः सर्वभूतेषु यः स मामेति पाण्डव ॥ *श्रीमद्‌भगवत गीता ॥*

हे अर्जुन ! जुन पुरुष केवल मेरै लागि सम्पूर्ण कर्तव्य कर्महरूलाई गर्ने खालको छ, मेरो परायण छ, मेरो भक्त छ, आसक्तिरहित छ र सम्पूर्ण भूतप्राणीहरूमा वैरभावले रहित छ, त्यस्तो अनन्यभक्तियुक्त पुरुषले मलाई नै प्राप्त गर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ये त्वक्षरमनिर्देश्यमव्यक्तं पर्युपासते ।
सर्वत्रगमचिन्त्यं च कूटस्थमचलं ध्रुवम् ॥ *श्रीमद्भगवत गीता ॥*

जुन पुरुषले इन्द्रियका समुदायलाई राम्रोसित वशमा गरेर मनबुद्धिदेखि पर, सर्वव्यापी, अकथनीयस्वरूप र सदा एकरस हुनेवाला, नित्य, अचल, निराकार, अविनाशी, सच्चिदानन्दघन ब्रह्मलाई निरन्तर एकभावले ध्यान गर्दै भज्दछन्, ती सम्पूर्ण भूतहरूको हितमा संलग्न र सबैमा समानभाव भएका योगीले मलाई नै प्राप्त गर्दछन् ।

ये तु सर्वाणि कर्माणि मयि संन्यस्य मत्पराः ।
अनन्येनैव योगेन मां ध्यायन्त उपासते ॥ *श्रीमद्भगवत गीता ॥*

तर, मेरै परायण रहने जुन भक्तजनहरू सम्पूर्ण कर्महरूलाई ममा अर्पण गरी म सगुणरूप परमेश्वरलाई नै अनन्य भक्तियोगले निरन्तर चिन्तन गर्दै भज्दछन् ।

तेषामहं समुद्धर्ता मृत्युसंसारसागरात् ।
भवामि नचिरात्पार्थ मय्यावेशितचेतसाम् ॥ *श्रीमद्भगवत गीता ॥*

हे अर्जुन ! त्यस्ता ममा चित्त लगाउने प्रेमी भक्तहरूलाई मैले छिटै संसाररूपी समुद्रबाट उद्धार गर्नेवाला बन्दछु ।

मय्येव मन आधत्स्व मयि बुद्धिं निवेशय ।
निवसिष्यसि मय्येव अत ऊर्ध्वं न संशयः ॥ *श्रीमद्भगवत गीता ॥*

ममा नै मनलाई लगाऊ, ममा नै बुद्धिलाई पनि लगाऊ, त्यसपछि तिमी ममा नै निवास गर्ने छौ भन्ने कुरामा कुनै पनि संशय छैन ।

सन्तुष्टः सततं योगी यतात्मा दृढनिश्चयः ।
मय्यर्पितमनोबुद्धिर्यो मद्भक्तः स मे प्रियः ॥ *श्रीमद्भगवत गीता ॥*

जुन योगी निरन्तर सन्तुष्ट, मन–इन्द्रियसहित शरीरलाई वशमा गरेको एवं ममा दृढ निश्चयवाला छ, त्यो ममा अर्पण गरिएको मन–बुद्धिवाला मेरो भक्त मलाई प्रिय छ ।

अध्यात्मज्ञाननित्यत्वं तत्त्वज्ञानार्थदर्शनम् ।
एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतोऽन्यथा ॥ *श्रीमद्भगवत गीता ॥*

अध्यात्मज्ञानमा नित्यस्थिति र तत्त्वज्ञानका अर्थरूपी परमात्मालाई नै देख्नु, यो सबै ज्ञान हो भने जो यसदेखि विपरीत छ, त्यो अज्ञान हो भनेर भनिएको छ ।

ज्ञेयं यत्तत्प्रवक्ष्यामि यज्ज्ञात्वामृतमश्नुते ।
अनादिमत्परं ब्रह्म न सत्तन्नासदुच्यते ॥ *श्रीमद्भगवत गीता ॥*

जुन जान्नुपर्ने छ, र जसलाई जानेर मनुष्यले परमानन्द प्राप्त गर्दछ, त्यो कुरा राम्रोसँग भन्दछु । त्यो अनादिवाला परमब्रह्मलाई न सत् भनिन्छ, न असत् नै ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वेन्द्रियगुणाभासं सर्वेन्द्रियविवर्जितम् ।
असक्तं सर्वभृच्चैव निर्गुणं गुणभोक्तृ च ॥ *श्रीमद्भगवत गीता ॥*

ऊ सम्पूर्ण इन्द्रियहरूका विषयहरूलाई जान्नेवाला हो, तर वास्तवमा सबै इन्द्रियले छ र आसक्तिरहित भएर पनि सबैलाई धारण–पोषण गर्ने र निर्गुण भएर पनि गुणहरूलाई भोग्ने खालको छ ।

बहिरन्तश्च भूतानामचरं चरमेव च ।
सूक्ष्मत्वात्तदविज्ञेयं दूरस्थं चान्तिके च तत् ॥ *श्रीमद्भगवत गीता ॥*

ऊ चराचर सबै भूतको बाहिर–भित्र परिपूर्ण छ र चर अचर पनि उही हो; साथै ऊ सूक्ष्म हुनाले अविज्ञेय छ भने अति नजिक र टाढा पनि रहेको छ ।

ज्योतिषामपि तज्ज्योतिस्तमसः परमुच्यते ।
ज्ञानं ज्ञेयं ज्ञानगम्यं हृदि सर्वस्य विष्ठितम् ॥ *श्रीमद्भगवत गीता ॥*

त्यो परमात्मा ज्योतिहरूको पनि ज्योति एवं मायादेखि अत्यन्त पर मानिन्छ । त्यो परमात्मा बोधस्वरूप, जान्नयोग्य एवं तत्त्वज्ञानले प्राप्त गर्नयोग्य छ भने सबैका हृदयमा विशेषरूपले स्थित छ ।

उपद्रष्टानुमन्ता च भर्ता भोक्ता महेश्वरः ।
परमात्मेति चाप्युक्तो देहेऽस्मिन्पुरुषः परः ॥ *श्रीमद्भगवत गीता ॥*

शरीरमा स्थित यो आत्मा वास्तवमा परमात्मा नै हो । यो साक्षी हुनाले उपद्रष्टा र यथार्थ सम्मति दिनेवाला भएकाले अनुमन्ता, सबैलाई धारण–पोषण गर्नेवाला हुनाले भर्ता, जीवरूपले भोक्ता, ब्रह्मा आदिको पनि स्वामी हुनाले महेश्वर र शुद्ध सच्चिदानन्दघन हुनाले परमात्मा भनिएको हो ।

ध्यानेनात्मनि पश्यन्ति केचिदात्मानमात्मना ।
अन्ये साङ्ख्येन योगेन कर्मयोगेन चापरे ॥ *श्रीमद्भगवत गीता ॥*

त्यस परमात्मालाई कति मानिसले त शुद्ध भएको सूक्ष्म बुद्धिले ध्यानहरूका माध्यमले हृदयमा देख्दछन् भने अन्य कतिले ज्ञानयोगका माध्यमले र कतिले कर्मयोगका माध्यमले देख्दछन्, प्राप्त गर्दछन् ।

समं सर्वेषु भूतेषु तिष्ठन्तं परमेश्वरम् ।
विनश्यत्स्वविनश्यन्तं यः पश्यति स पश्यति ॥ *श्रीमद्भगवत गीता ॥*

जुन पुरुष नष्ट भइरहेका सम्पूर्ण चराचर भूतहरूमा परमेश्वरलाई नाशरहित र समभावपूर्वक स्थित देख्दछ, उसैले यथार्थ देख्दछ ।

समं पश्यन्हि सर्वत्र समवस्थितमीश्वरम् ।
न हिनस्त्यात्मनात्मानं ततो याति परां गतिम् ॥ *श्रीमद्भगवत गीता ॥*

किनकि जुन पुरुषले सबैमा समभावले स्थित परमेश्वरलाई समान देख्दै आफूद्वारा आफैंलाई नष्ट गर्दैन, यसैबाट उसले परम गतिलाई प्राप्त गर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकृत्यैव च कर्माणि क्रियमाणानि सर्वशः ।
यः पश्यति तथात्मानमकर्तारं स पश्यति ॥ *श्रीमद्भगवत गीता ॥*

जुन पुरुष सम्पूर्ण कर्महरूलाई सबै किसिमले प्रकृतिका माध्यमले गरिएको देख्दछ र आत्मालाई अकर्ता देख्दछ, उसैले यथार्थ देख्दछ ।

यदा भूतपृथग्भावमेकस्थमनुपश्यति ।
तत एव च विस्तारं ब्रह्म सम्पद्यते तदा ॥ *श्रीमद्भगवत गीता ॥*

जुन क्षण यस पुरुषले भूतहरूलाई पृथक्–पृथक् भावलाई एकै परमात्मामा नै स्थित तथा उही परमात्माबाट नै सम्पूर्ण भूतहरूको विस्तार भएको देख्दछ, त्यसै क्षण उसले सच्चिदानन्दघन ब्रह्मलाई प्राप्त गर्दछ ।

अनादित्वान्निर्गुणत्वात्परमात्मायमव्ययः ।
शरीरस्थोऽपि कौन्तेय न करोति न लिप्यते ॥ *श्रीमद्भगवत गीता ॥*

हे अर्जुन ! अनादि र निर्गुण हुनाले यो अविनाशी परमात्मा शरीरमा स्थित रहेर पनि वास्तवमा त न केही गर्दछ, न त लिप्त नै हुन्छ ।

यथा सर्वगतं सौक्ष्म्यादाकाशं नोपलिप्यते ।
सर्वत्रावस्थितो देहे तथात्मा नोपलिप्यते ॥ *श्रीमद्भगवत गीता ॥*

आकाश सर्वत्र व्याप्त छ । आकाश सूक्ष्म भएका कारण लिप्त हुँदैन, त्यसैगरी देहमा सर्वत्र स्थित आत्मा निर्गुण भएका कारण देहका गुणहरूले लिप्त हुँदैन ।

मयि चानन्ययोगेन भक्तिरव्यभिचारिणी ।
विविक्तदेशसेवित्वमरतिर्जनसंसदि ॥ *श्रीमद्भगवत गीता ॥*

म परमेश्वरमा अनन्य योगद्वारा अव्यभिचारिणी भक्ति तथा एकान्त र शुद्ध स्थानमा रहनुको स्वभाव र विषयासक्त मनुष्यहरूको समुदायमा प्रेम नहुनु ।

सर्वतः पाणिपादं तत्सर्वतोऽक्षिशिरोमुखम् ।
सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ॥ *श्रीमद्भगवत गीता ॥*

त्यो सबैतिर हातगोडा भएको, सबैतिर आँखा, सिर, मुख र कान भएको छ, किनकि त्यो संसारमा सबैलाई व्याप्त गरेर बसेको छ ।

अविभक्तं च भूतेषु विभक्तमिव च स्थितम् ।
भूतभर्तृ च तज्ज्ञेयं ग्रसिष्णु प्रभविष्णु च ॥ *श्रीमद्भगवत गीता ॥*

त्यो परमात्मा विभागरहित एकरूपले आकाशसमान परिपूर्ण हुँदा पनि चराचर सम्पूर्ण भूतहरूमा विभक्तजस्तै रहेको प्रतीत हुन्छ भने जान्नयोग्य त्यही परमात्मा विष्णुरूपले भूतहरूको धारण–पोषण गर्नेवाला र रुद्ररूपले संहार गर्नेवाला एवं ब्रह्मरूपले सबैलाई उत्पन्न गर्नेवाला हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नान्यं गुणेभ्यः कर्तारं यदा द्रष्टानुपश्यति ।
गुणेभ्यश्च परं वेत्ति मद्भावं सोऽधिगच्छति ॥ *श्रीमद्भगवत गीता ॥*

जतिबेला द्रष्टाले तीनै गुणदेखि अतिरिक्त अन्य कसैलाई कर्ता देख्दैन र तीनै गुणदेखि अत्यन्त पर सच्चिदानन्दघन स्वरूप म परमात्मालाई तत्त्वपूर्वक जान्दछ, त्यतिबेला मेरो स्वरूपलाई प्राप्त गर्दछ।

उदासीनवदासीनो गुणैर्यो न विचाल्यते ।
गुणा वर्तन्त इत्येवं योऽवतिष्ठति नेङ्गते ॥ *श्रीमद्भगवत गीता ॥*

जो साक्षीजस्तै स्थित भएर गुणहरूदेखि विचलित तुल्याउन सकिँदैन अर्थात् गुणैगुणमा विचरण गर्दछन् भन्ने सम्झिएर जो सच्चिदानन्दघन परमात्मामा एकीभावले स्थित रहन्छ एवं त्यस स्थितिबाट कहिल्यै विचलित हुँदैन ।

ब्रह्मणो हि प्रतिष्ठाहममृतस्याव्ययस्य च ।
शाश्वतस्य च धर्मस्य सुखस्यैकान्तिकस्य च ॥ *श्रीमद्भगवत गीता ॥*

किनकि त्यस अविनाशी परब्रह्मको, अमृतको, नित्यधर्मको र अखण्ड एकरस आनन्दको आश्रय म नै हुँ।

मां च योऽव्यभिचारेण भक्तियोगेन सेवते ।
स गुणान्समतीत्यैतान्ब्रह्मभूयाय कल्पते ॥ *श्रीमद्भगवत गीता ॥*

साथै, जुन पुरुषले अव्यभिचारी भक्तियोगद्वारा मलाई निरन्तर भज्दछ, उसले पनि यी तीनै गुणहरूलाई राम्रोसित नाघेर सच्चिदानन्दघन ब्रह्मलाई प्राप्त गर्नका लागि योग्य बन्दछ ।

निर्मानमोहा जितसङ्गदोषा
अध्यात्मनित्या विनिवृत्तकामाः ।
द्वन्द्वैर्विमुक्ताः सुखदुःखसञ्ज्ञै-
र्गच्छन्त्यमूढाः पदमव्ययं तत् ॥ *श्रीमद्भगवत गीता ॥*

जसको मान र मोह नष्ट भएको छ, जसले आसक्तिरूपी दोषलाई जितेको छ, जसको परमात्माको स्वरूपमा नित्य स्थिति छ र जसका कामनाहरू पूर्णरूपमा नष्ट भएका छन्–ती सुखदुःख नामक द्वन्द्वहरूदेखि विमुक्त ज्ञानीजनले त्यस अविनाशी परमपदलाई प्राप्त गर्दछन् ।

सर्वस्य चाहं हृदि सन्निविष्टो
मत्तः स्मृतिर्ज्ञानमपोहनं च ।
वेदैश्च सर्वैरहमेव वेद्यो-
वेदान्तकृद्वेदविदेव चाहम् ॥ *श्रीमद्भगवत गीता ॥*

म नै सबै प्राणीहरूका हृदयमा अन्तर्यामीरूपले स्थित छु तथा मबाट नै स्मृति, ज्ञान हुन्छ भने सबै वेदहरूद्वारा जान्नका लागि योग्य म नै छु। साथै, वेदान्तको कर्ता र वेदलाई जान्नेवाला पनि म नै हुँ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहृतः ।
यो लोकत्रयमाविश्य बिभर्त्यव्यय ईश्वरः ॥ *श्रीमद्‌भगवत गीता ॥*

यी दुवैभन्दा उत्तम पुरुष त अर्कै छ, जो तीनै लोकहरूमा प्रवेश गरेर सबैको धारण–पोषण गर्दछ । यसैले, अविनाशी परमेश्वर र परमात्मा भनेर यसप्रकारले भनिएको हो ।

यो मामेवमसम्मूढो जानाति पुरुषोत्तमम् ।
स सर्वविद्भजति मां सर्वभावेन भारत ॥ *श्रीमद्‌भगवत गीता ॥*

भारत ! जुन ज्ञानी पुरुषले मलाई यसप्रकार तत्त्वपूर्वक पुरुषोत्तम जान्दछ, त्यस सर्वज्ञ पुरुषले सबै प्रकारले निरन्तर म वासुदेव परमेश्वरलाई नै भज्दछ ।

ततः पदं तत्परिमार्गितव्यं
यस्मिन्गता न निवर्तन्ति भूयः ।
तमेव चाद्यं पुरुषं प्रपद्ये ।
यतः प्रवृत्तिः प्रसृता पुराणी ॥ *श्रीमद्‌भगवत गीता ॥*

त्यसपछि त्यस परमपदरूपी परमेश्वरलाई ठीक तरिकाले खोज्नुपर्दछ, जहाँ गएका पुरुषहरू फेरि फर्किएर संसारमा आउँदैनन् र जुन परमेश्वरबाट यस पुरातन संसारवृक्षको प्रवृत्ति सविस्तार प्राप्त भएको छ, त्यही आदिपुरुष नारायणको म शरण हुँ भन्ने दृढ निश्चय गरेर त्यस परमेश्वरको मनन र निदिध्यासन गर्नुपर्दछ ।

अभयं सत्त्वसंशुद्धिर्ज्ञानयोग व्यवस्थितः ।
दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम् ॥ *श्रीमद्‌भगवत गीता ॥*

भय(डर) को सर्वथा अभाव, अन्तःकरणको पूर्ण निर्मलता, तत्त्वज्ञानका लागि ध्यानयोगमा निरन्तर दृढ स्थिति र सात्त्विक दान, इन्द्रियहरूको दमन, भगवान्, देवता र गुरुजनहरूको पूजा तथा अग्निहोत्र आदि श्रेष्ठ कर्महरूको आचरण एवं वेदशास्त्रहरूको पठनपाठन तथा भगवानका नाम र गुणहरूको सङ्कीर्तन, स्वधर्मपालनका लागि कष्ट सहनगरी शरीर तथा इन्द्रियसहित अन्तःकरणको सरलता र मन, वाणीद्वारा कसैलाई पनि कष्ट नदिने स्वभाव हृदयको कोमलता यस्ता दैवीगुणहरू हुन् ।

सर्वभूतेषु येनैकं भावमव्ययमीक्षते ।
अविभक्तं विभक्तेषुतज्ज्ञानं विद्धि सात्त्विकम् ॥ *श्रीमद्‌भगवत गीता ॥*

जुन ज्ञानद्वारा मनुष्यले पृथक्–पृथक् सबै भूतहरूमा एक अविनाशी परमात्मभावलाई विभागरहित समभावले देख्दछ, त्यस ज्ञानलाई तिमीले सात्त्विक जान ।

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ॥ *श्रीमद्‌भगवत गीता ॥*

जुन परमेश्वरबाट सम्पूर्ण प्राणीहरूको उत्पत्ति भएको छ र जसबाट यो समस्त जगत् व्याप्त छ, त्यस परमेश्वरको आफ्नो स्वाभाविक कर्महरूद्वारा पूजा गरेर मनुष्यले परमसिद्धिलाई प्राप्त गर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मभूतः प्रसन्नात्मा न शोचति न काङ्क्षति ।
समः सर्वेषु भूतेषु मद्भक्तिं लभते पराम् ॥ *श्रीमद्भगवत गीता ॥*

त्यसपछि त्यो सच्चिदानन्दघन ब्रह्ममा एकभावले स्थित, प्रसन्न मनवाला योगी न त कसैका लागि शोक गर्दछ, न त कसैको आकाङ्क्षा नै गर्दछ । यस्तो समस्त प्राणीमात्रमा समभाववाला योगीले मेरो पराभक्तिलाई प्राप्त गर्दछ ।

भक्त्या मामभिजानाति यावान्यश्चास्मि तत्त्वतः ।
ततो मां तत्त्वतो ज्ञात्वा विशते तदनन्तरम् ॥ *श्रीमद्भगवत गीता ॥*

त्यस पराभक्तिद्वारा उसले म परमात्मालाई, म जो हुँ र जति हुँ, जस्ताको त्यस्तै तत्त्वपूर्वक जान्दछ अनि सो भक्तिले मलाई तत्त्वसाथ जानेर तत्कालै ममा प्रविष्ट हुन्छ ।

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति ।
भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया ॥ *श्रीमद्भगवत गीता ॥*

हे अर्जुन ! शरीररूपी यन्त्रमा आरूढ भएका सम्पूर्ण प्राणीहरूलाई अन्तर्यामी परमेश्वर आफ्नो मायाले तिनका कर्मअनुसार भ्रमण गराउँदै सबै प्राणीका हृदयमा स्थित रहेको छ ।

तमेव शरणं गच्छ सर्वभावेन भारत ।
तत्प्रसादात्परां शान्तिं स्थानं प्राप्स्यसि शाश्वतम् ॥ *श्रीमद्भगवत गीता ॥*

हे भारत ! तिमी सबै प्रकारले त्यही परमेश्वरका शरणमा जाऊ । उनै परमात्माको कृपाले नै तिमीले शान्ति र सनातन परमधाम प्राप्त गर्नेछौ ।

चेतसा सर्वकर्माणि मयि संन्यस्य मत्परः ।
बुद्धियोगमुपाश्रित्य मच्चित्तः सततं भव ॥ *श्रीमद्भगवत गीता ॥*

सबै कर्मलाई मनैदेखि ममा अर्पण गरेर एवं समबुद्धिरूपी योगलाई अवलम्बन गरी मेरो परायण र निन्तर ममा चित्त समर्पित भएको बन ॥

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि सत्यं ते प्रतिजाने प्रियोऽसि मे ॥ *श्रीमद्भगवत गीता ॥*

हे अर्जुन ! तिमी ममा मन भएको होऊ, मेरो भक्त बन, मेरो पूजन गर्नेवाला बन एवम मलाई प्रणाम गर । यसो गर्नाले तिमी मलाई नै प्राप्त हुने छौ, यो म तिमीसित सत्य प्रतिज्ञा गर्दछु, किनकि तिमी मेरा अत्यन्त प्रिय छौ ।

सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज ।
अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ॥ *श्रीमद्भगवत गीता ॥*

सम्पूर्ण धर्म अर्थात् कर्तव्य कर्मलाई त्यागेर तिमीले केवल एक म सर्वशक्तिमान् सर्वाधार परमेश्वर, मैरै शरणमा आऊ । मैले तिमीलाई सबै पापहरूबाट मुक्त गरिदिने छु, तिमी विल्कुलै शोक र चिन्ता नगर । म तिमीलाई मोक्ष प्रदान गर्नेछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेद र विज्ञान



यस ब्रह्माण्डका सबै जीवित तथा निर्जीव प्राणीहरूको शारीरिक संरचना, बनावट र प्राकृतिक सन्तुलन यसै ब्रह्माण्डमा निहित रहेको शक्तिमा केन्द्रित छ। यसै ब्रह्माण्डमा रहेको सन्तुलित शक्तिलाई ऋषि-महर्षिहरूले वेद र वैदिक रचनाहरूमा प्रष्ट पारेका छन्। यहाँ प्राकृतिक सन्तुलन भन्नाले सबै जीवित प्राणी तथा निर्जीव पदार्थहरूको उत्पत्ति, विकास, विकासक्रमको निरन्तरता र विनाशलाई मान्न सकिन्छ। युगौंदेखि अध्ययन गरेका वेदका मन्त्र, ऋचाहरू र वैदिक ज्ञानधारालाई ऋषि-महर्षिहरूले प्राकृतिक नियमको व्याख्या मान्दछन्। वेद एक संस्कृत शब्द हो। संस्कृतमा विद ज्ञाने धातुबाट वेद शब्द बन्छ। जसको अर्थ ज्ञानको आलोक हुन्छ। वैदिक साहित्य एक प्राचीन साहित्य हो, जसलाई वैदिक परिवारले युगौं-युगदेखि अध्ययन, विश्लेषण तथा संरक्षण गर्दै आएका छन्। वैदिक साहित्यलाई ऋग्, यजु, साम र अथर्व गरी चार भागमा विभाजन गरिएको छ।

विगत २०० वर्षदेखि आधुनिक विज्ञानमा धेरै अनुसन्धान र आविष्कार भएका छन्। यिनै वैज्ञानिक अनुसन्धान एवं खोजहरूले प्रत्येक प्राणी वा वस्तुको भित्री तहसम्म पुऱ्याएर सूक्ष्म शक्तिहरूको अणु (Molecules, Nucleus and nuclear energy) पत्ता लगायो। हालै भएका वैज्ञानिक खोजहरूले प्राकृतिक कार्यको गहिरो अध्ययन-अनुसन्धान गरी प्राकृतिक नियमका विभिन्न शक्तिहरूको पत्तो लगाई ब्रह्माण्डको सिर्जना भएको भन्ने टुङ्गो लगाएको छ। अर्कोतिर जीवविज्ञानले जीवित प्राणीहरूको उत्पत्ति, विकास, विकासक्रम, शारीरिक अङ्गहरूको बनावट, आकार, प्रकार, कार्यविधि र कार्यक्षमता पनि निर्क्योल गरिसकेको छ। आज विश्वमा वैज्ञानिकहरू प्रकृतिलाई गहिरोसँग बुझी प्रकृतिलाई आफ्नो वशमा राख्न निरन्तर लागिपरेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्माण्ड सिर्जना गर्ने शक्ति र ऊर्जा यसले शरीरिक बनावटमा पार्ने असरहरू जान्न सधैं प्रयत्नशील छ । जीवित प्राणी तथा निर्जीव पदार्थहरूको शारीरिक बनावट, आहार, बासस्थान, प्रजननजस्ता यावत् क्रियाकलापहरूले प्राकृतिक वातावरण वा प्रकृतिसँग सिधा सम्बन्ध राख्छन् । यसको अर्थ प्राकृतिक नियमअनुसार नै परिवर्तन र असर हुँदै सबै प्राणीहरूको विकास र विकासक्रम सन्तुलित हुन्छ ।

वैदिक विज्ञानमा प्राकृतिक नियमलाई एक शुद्ध स्थितिको रूपमा वर्णन गरिएको छ । सबै प्राकृतिक नियमहरू स्वयं उत्पन्न भएकाले ऋषि-महर्षिले यहाँ केही नमिसिएको अनि बाहिरी प्रभावबाट असरविहीन भएकाले पनि प्राकृतिक नियमहरूलाई शुद्ध मानेका हुन् । उदाहरणका लागि शुद्ध पानी भन्नाले केही नमिसिएको शुद्धताको स्थिति हो, तर पानी आफैँमा दुई तत्त्वहरू हाइड्रोजन (Hydrogen) दुई भाग र अक्सिजन (Oxygen) एक भागको मिश्रणबाट बनेको हुन्छ । यसकारण यी प्रकृतिका नियमहरू पनि विभिन्न प्राकृतिक शक्तिहरूको मिश्रणबाट बनेका शुद्ध नियमहरू हुन् । यी नियमहरू मानवको नियन्त्रणभन्दा बाहिर एवं स्वयं उत्पत्ति भएका नियमहरू हुन्, जसले प्राणीहरूको उत्पत्ति, विकास, विकासक्रम अनि विनाशलाई प्रत्यक्ष असर पारेको हुन्छ ।

वेद, वैदिक वाङ्मय र आधुनिक विज्ञानमा मानव शरीर संरचनाको विशेष व्याख्या गरिएको छ । यी दुवै विज्ञानहरू आधुनिक विज्ञान र ऋषि-महर्षिहरूले वर्णन गरेको महर्षि-विज्ञानको समान विषयहरूको व्याख्या गरिएका सङ्ग्रहहरू हुन्, जसले मानवजातिलाई प्राकृतिक नियमहरू ज्ञान प्रदान गर्दछ । यी दुवै विज्ञानअनुसार प्राकृतिक नियमहरू नै सृष्टिका कारक हुन् र यसको वर्णन मानवजातिको उत्थानका निम्ति प्रतिपादन गरिएको हो । यस्ता ग्रन्थहरूको उद्देश्य प्राकृतिक नियमहरूको सही व्याख्या गरी मानवजीवनका प्रतिकूलताहरूलाई न्यूनीकरण र निवारण गर्दै सुखी जीवन बाँच्न पाउने धर्तीमा स्वर्गीय आनन्द (सर्वे भवन्तु सुखिनः ....) पृथ्वीवासीलाई प्रदान गर्नु नै हो । धर्तीमा सबै प्राणी र चराचर जगत्को भलाइ हुन्छ । त्यो नै पवित्र वैदिक व्यवस्था हो । विज्ञानमा शुद्ध ज्ञान (Pure knowledge and its infinte organzing power) अक्षय/अटुट निरन्तर गतिशील शक्तिलाई महत्त्व दिइएको पाइन्छ । ज्ञानले क्रम (Order) लाई सही उपयोग गर्न सिकाउँछ भने सही ज्ञानको अभावमा क्रमको उपयोगिता हुन्न, जसले सही काम र सही निर्णय लिनबाट वञ्चित गराउँछ । यदि हामीले प्रत्येक वस्तुको क्रम र महत्त्व बुझ्ने हो भने प्रत्येक वस्तुको सही उपयोग र व्यवस्थापन गर्न सहयोग पुग्छ । ज्ञानको वृद्धिले हामीमा सही व्यवस्थापन शक्ति, क्रमको उपयोगिता र महत्त्व बुझ्ने शक्ति विकास र वृद्धि गर्दछ । जसबाट प्राकृतिक नियमहरूको सही व्याख्या, उपयोग र सन्तुलन गर्ने शक्ति विकास हुन्छ । यस ब्रह्माण्डमा भएका अति सूक्ष्मदेखि अति विशाल वस्तुहरूमा पनि वैदिक ज्ञानको दृष्टि पुगेको छ । ब्रह्माण्डमा भएका सबै वस्तुहरू वेदमा व्याख्या भएको प्राकृतिक नियमअनुसार आ-आफ्नो क्रम र नियमसँग व्यवस्थित हुन्छन् ।

वैदिक विज्ञान

आधुनिक सन्दर्भ

आजको आधुनिक विज्ञानले वैदिक वाङ्मय र विज्ञानमा उल्लेख गरिएका सबै प्राकृतिक नियमहरूलाई अनुसन्धान र खोजबाट पुष्टि गरेको छ । जीवित शरीरमा पाइने कोष, कोषिका, अङ्ग-प्रत्यङ्गहरूको पनि वैदिक विज्ञानकै मान्यताअनुरूप आधुनिक विज्ञानले पनि स्वीकारेको स्थिति छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेद र वैदिक वाङ्मयमा मानवशरीरको बनावट र कार्यसँग पनि मिल्दा-जुल्दा विषयहरू छन् । यसैले मानवशरीर संरचना, कार्य र वैदिक संरचना कार्य दुरुस्तै मिल्ने भएकाले वेदलाई भौतिक र आध्यात्मिक सृष्टिको मार्गदर्शकका रूपमा पनि हेर्न सकिन्छ । किनभने वेद आधुनिक विज्ञानभन्दा धेरै पुरानो ग्रन्थ हो र विद्यमान आधुनिक विज्ञानले खोज र अनुसन्धान गरी पुष्टि गरेका विषयहरू वेद र वैदिक ग्रन्थहरूमा उल्लेख भएअनुरूप नै पाइन्छन् । वैदिक साहित्यमा वर्णन गरिएका तथ्यहरू र आधुनिक विज्ञानले खोज-अनुसन्धानबाट पुष्टि गरेका कुराहरू मिल्नुले पनि प्राकृतिक नियमहरूको ज्ञान मानवजातिलाई उपलब्ध भइसकेको कुरा मान्न सकिन्छ । यही प्राकृतिक नियमहरूको सही वर्णन र उपयोगले मानवजीवन अझ समृद्ध, सुखी र सम्पन्न हुने कुरामा दुईमत छैन । आधुनिक विज्ञान र प्रविधिले वैदिक विज्ञानमा व्याख्या गरेका तथ्यहरू पुष्टि गरेको छ । वैदिक विज्ञानले व्याख्या गरेका प्राकृतिक नियमहरूको सदुपयोगले निश्चित रूपमा नै मानवजातिलाई सही दिशाबोध गर्ने र मानवजीवन-स्तर उकास्ने देखिन्छ ।

विश्वका धेरै वैज्ञानिकहरूले आफ्नो अन्वेषण र अनुसन्धानले वैदिक विज्ञानका प्राकृतिक नियम र सिद्धान्तहरूलाई सही ठहऱ्याई यसको उपयोग गरिरहेका छन् । त्यसैले यी प्रयोग गरिएका सिद्धान्तहरूको सदुपयोगले मनुष्य बुद्धि, शरीर अनि व्यवहारलाई परिवर्तन र सुधारका लागि पूर्ण प्रयोग गर्न सकिन्छ । वैदिक सिद्धान्त र नियमहरूको पालनाले मानिसको सोच र कर्म प्राकृतिक नियमअनुरूप हुनजान्छ । जीवन जब प्राकृतिक नियमअनुरूप चल्छ, त्यसपछि रोग-व्याधी र व्यावहारिक समस्याहरू रहँदैनन् । जीवनका कामना र चाहनाहरू पूरा भई जीवन सार्थक हुनजान्छ । वैदिक अनुष्ठानको अभ्यास र साधनाको सही प्रयोगबाट मानिसमा सकारात्मक सोच र व्यवहारको प्रभाव बढ्ने हुन्छ भने नकारात्मक प्रभावहरू घट्ने कुराको पनि वैज्ञानिक पुष्टि भइसकेको छ । नकारात्मक प्रभावहरू भन्नाले स्वास्थ्यमा समस्या, मानसिक असन्तुलन, असामाजिक कार्य, हत्या-हिंसा, उद्दण्डताजस्ता कार्यहरूलाई बुझ्न सकिन्छ । वस्तु र पदार्थको गुण धर्म सापेक्षता प्राप्त हुन्छ । पाप निरपेक्ष हुन्छ ।

वेदमा वर्णन गरिएका संरचना एवं मानव शरीरका संरचना मिल्नुले पनि यस ब्रह्माण्डको विकासक्रमको नियमलाई बुझ्न सक्छौं । ब्रह्माण्डमा रहेका निहित शक्ति नै प्राकृतिक नियम हुन् । जसले यस ब्रह्माण्डमा रहेका सबै सजीव प्राणी वा निर्जीव पदार्थको सृष्टि र विकासक्रम निर्धारण गरेका हुन्छन् । यस ब्रह्माण्डको क्रमको नियमभङ्गताले विनाश र नियमको निरन्तरताले परिवर्तन विकास र उन्नति हुन्छ । प्रकृतिको यो सृष्टि, विकासक्रम, परिवर्तन एवं विनाश एक प्राकृतिक नियम हो, जसलाई बदल्न वा उल्टाउन सकिँदैन । किनभने प्रकृति नै शुद्ध ज्ञानको भण्डार हो, जसलाई मानवको अधिनमा ल्याउन खोज्दा प्राकृतिक विचलन भई धेरै समस्याहरू उत्पन्न हुनसक्छन् । उदाहरणका लागि अहिले भइरहेका विभिन्न किसिमका जटिल र नयाँ नयाँ रोगहरू, अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि, बाढी, पहिरो, भूकम्प इत्यादि । यसको मूल कारण प्रकृतिको विनाश, प्राकृतिक भूसम्पदाको दोहनले गर्दा पृथ्वीमा सारा समस्याहरू उत्पन्न भएका छन् ।

सृष्टिका सबै तत्त्वहरू आफैँमा पूर्ण छन् र यहाँ भएका सूक्ष्म जीवहरूको पनि महत्त्व महान् छ । जस्तो पेटमा पाइने सूक्ष्म जीव (Bacteria) नभई पाचन प्रणालीले काम गर्न सक्दैन ।

'अणोरणीयान् महतो महीयान्' (वेद) सूक्ष्मभन्दा सूक्ष्म अणु पनि आफैँमामा विशाल हो । विशालभन्दा विशाल भाव पनि आफैँमा सूक्ष्म हो । सृष्टिका सबै प्राणीहरूको आ-आफ्नै स्थान हुन्छ । सृष्टिका सम्पूर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वस्तु वा पदार्थहरू यही प्राकृतिक नियमसँग बाँधिएका हुन्छन् । यो सृष्टि र विकासक्रमको उच्चतम ज्ञान नै वेद हो । प्रकृतिको सम्पूर्ण ज्ञानलाई मानव विकासका सबै पक्षहरू जस्तै- शिक्षा, स्वास्थ्य, आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणजस्ता क्षेत्रमा सदुपयोग गर्नाले मानवजीवन सुन्दर र सार्थक हुने कुरामा दुईमत हुन सक्दैन । यही मानवजीवनसँग जोडिएका प्राकृतिक नियम, वैदिक र वैज्ञानिक पक्षहरूको अध्ययन विभिन्न वैदिक गुरुकुलहरूमा गर्न सकिन्छ ।

वैदिक वाङ्मयको ज्ञान प्राचीन वैदिक गुरुकुलहरूमा अध्ययन, अध्यापन र अनुसरण गरिने शिक्षा हो। आधुनिक साहित्यमा लेखिएका लेख, खोज, अनुसन्धान एवं अनुभवबाट पुष्टि भएको कारणले जीवनोपयोगी छन् । यसकारण मानवशरीरका अङ्गहरूको सही र उचित ढङ्गबाट कार्य सञ्चालन गराउन स्नायु-प्रणाली, कार्य र विकासक्रम निरन्तर राख्न वैदिक मन्त्र उच्चारण गर्न र वैदिक साहित्यको पौराणिक विधिलाई अनुसरण गर्नु अति आवश्यक छ । वेदका मन्त्रहरू सुन्नाले हाम्रो स्नायु-प्रणालीले प्राकृतिक रूपमा कार्य सञ्चालन गर्दछ ।

हाम्रो शरीरका सबै प्रणाली, अङ्ग, तन्तु, कोषलाई प्राकृतिक रूपमा सञ्चालन गर्न वेदमा लेखिएका मन्त्रहरू र वैदिक मन्त्रहरूको अध्ययन, अनुसरण अनि उच्चारण गर्नु अति नै आवश्यक छ ।

वैदिक साधना पद्धतिमा ज्ञानकाण्ड, कर्मकाण्ड र उपासना काण्डको साधना र योगविधि जो कोहीले पनि सजिलै सिक्न सक्ने सरल विधि विधान गरिएको छ, जसले हामीमा रहेको सुषुप्त अवस्थाको शक्तिलाई विकास एवं वृद्धि गर्छ । मानसिक तनाव, थकान उन्मूलन गर्दै बौद्धिक क्षमताको विकास गर्छ । अन्ततः यसले हामीलाई सकारात्मक सोच अनि सफलता दिलाउँछ ।

मानव शरीरका सरल पक्षहरू

मानव शरीर प्रकृति र पुरुषको समागमबाट प्राप्त अमूल्य धरोहर हो । जसलाई प्राकृतिक नियमको साङ्गठनिक शक्तिले बनाएको छ । अतः मानव शरीरको रूपमा व्यक्त हुने संरचना, कार्य, शैली, बोली, कर्मजस्ता सबै पक्षहरू प्रकृतिको गतिशीलताका प्रतिबिम्ब हुन् । मानव शरीर विवेकशील भएकाले यसले आफैँलाई चिन्नसक्ने क्षमता राख्दछ । मानव शरीर भन्नाले मानवसँग सम्बन्धित सबै पक्षहरू - मानवीय स्वभाव, बुद्धि, ज्ञान, विवेक, चित्त र अहङ्कारलाई जनाउँछ । ज्ञान सागरजस्तो गहिरो हुन्छ, जसको बाहिरी तह चञ्चल हुन्छ भने भित्री तहहरू गम्भीर प्रकृतिको हुन्छ । वैदिक ऋषिहरूद्वारा प्रतिपादित ध्यान पद्धतिका विभिन्न पाटाहरू छन् । त्यस ध्यानअन्तर्गत तन्त्रयोग, भावयोग, लययोग, हठयोग, क्रियायोगआदि रहेका छन् । ध्यानका पनि विभिन्न पद्धति र प्रक्रियाहरू छन्, जसले मानवलाई परमात्मासँग साक्षात्कार गर्न सहयोग पुऱ्याउँदछ । ध्यानद्वारा विवेकशीलताको सूक्ष्म तहसम्म पुगी विश्वचेतनाको अनुभव गर्न सकिन्छ । चेतनाको सूक्ष्म तह भनेको स्वआत्माको अनुभूति हो ।

मानवभित्र क्रियाशील आत्मा - सबै मानवहरूका बाहिरी प्रकृतिका विचार, आकृति, स्वरूप एक शुद्ध ज्ञानको पुञ्ज हो । जो गतिशील र शान्त पनि हुन्छ । यसकारण मानव शरीरको सरल पक्ष आफैँलाई चिन्ने वा जान्ने चेतनाको स्वघोषित गतिशीलतामा हुन्छ । शुद्ध ज्ञानको मुहान पनि शुद्ध चेतनाको तह नै हो । जसले विचार र कार्यको संरचना तयार पार्दछ । विचार पनि सागरको फेदबाट उठ्ने हावा भरिएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पानीका फोकाहरूजस्तै हुन्छन् । जो, जति बाहिर आयो, उति बढ्दै जाने प्रकृतिका हुन्छन् । मानवचेतना नै मानव जीवनका सबै कार्य, विधि र संरचना तयार पार्ने व्यक्तिगत र सामाजिक साङ्गठनिक क्षमताको स्रोत हो ।

आधुनिक विज्ञानले पनि यही प्रकृतिको झलकको अनुसन्धान गरेर विगत धेरै वर्षदेखि कार्य गरिरहेको छ । आधुनिक भौतिक विज्ञानको एकीकृत शक्तिपुञ्जको केन्द्रमा, एकीकृत प्राकृतिक शक्तिको (Unified Feild Of all The Laws Of Nature) रूपमा परिभाषित गरेको छ । यही प्राकृतिक नियममा नै आश्रित रहेर विभिन्न अणु, परमाणु, कोष, कोषिकामा मानव तथा अन्य जीवित प्राणीदेखि सम्पूर्ण ब्रह्माण्डमा व्यक्त भएको छ । हाम्रो ब्रह्माण्ड द्रूत गतिमा अघि बढ्दै परिवर्तित अवस्थालाई पनि झेल्दै परिवर्तित भइरहेको छ ।

ब्रह्माण्डको स्थिर स्वरूपमा गतिशील क्रियाकलापहरूले सम्पूर्ण गतिलाई चलायमान गराएको भाव प्रष्ट हुन्छ । कहिल्यै परिवर्तन नहुने (Unified Feild Of Natural Laws) लाई वेद र वैदिक वाङ्मयमा आत्मा भनिएको छ । आत्मा नै ब्रह्माण्डको संरचना र गतिशीलताको स्रोत हो । त्यसैले आत्मामा नै संरचना शक्ति र गतिशील शक्ति हुनु आवश्यक छ । यही वेदको संरचना हो भने वेद नै सृष्टिको लिखित प्रतिबिम्ब हो । वेदको संरचना नै सृष्टिको संरचना हो - वेद नै सृष्टि हो ।

वैदिक ऋषिहरूले वैदिक विज्ञानमा एकताबाट विविधताको प्रक्रियालाई व्याख्या गरेका छन् । शुद्ध चेतना नै नफेरिने सृष्टिको द्योतक हो । एकीकृत क्षेत्र (Unified Feild) शुद्ध चेतनाको पूर्ण एकल पक्ष हो । यसलाई कहीँबाट पनि बाहिरी प्रभाव परेको छैन । यस शुद्ध चेतनालाई बुद्धि पनि भनिन्छ । बुद्धिमा सकारात्मक या नकारात्मकताको विवेक हुन्छ । विविधताको जन्म नै यही स्वघोषित बुद्धिको गुणले भएको हो -जसले पूर्णभित्र तनाव अथवा चाल उत्पन्न गराउँदै एक प्रश्न उत्पन्न गर्दछ -जब पूर्ण नै शुद्ध चेतनशीलता हो भने चेतना के हो ? वैदिक ऋषिहरूका अनुसार पूर्णको आफ्नै चेतना हुन्छ । किनकि पूर्ण मात्र शुद्ध स्थितिमा अवस्थित हुन्छ । जब हामी आफ्नै चेतनामा हुन्छौं, हामी आफ्नो बुद्धिलाई दुई तहमा विभाजन गर्दछौं :

१) परीक्षकको पक्ष,

२) परीक्षणको पक्ष,

सूक्ष्म वा विवेकशील परीक्षणले चेतनशीलताको तीन अर्थ लगाउँछ ।

१) परीक्षक,

२) परीक्षण,

३) परीक्षकलाई परीक्षणसँग गाँस्ने प्रक्रिया ।



पूर्ण शुद्ध चेतनाको स्थितिमा यी तीन तहहरू एक मात्र हुन् । तर, यिनीहरूले त्यही एकल नियमको तीन तहहरूलाई प्रतिनिधित्व गर्दछन् । वैदिक ऋषिहरूले - वैदिक विज्ञान जान्नेलाई ऋषि, जान्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रक्रियालाई छन्द र जानेकालाई देवता भन्दछन् । यी तीनै विषयहरूको ज्ञानलाई संहिता भनिन्छ । जसरी एकबाट तीन बन्दछ, यी तीन तहहरूको अन्तर्क्रिया र त्यसबाट आउने परिणाम, सम्बन्ध अनि अन्तर्क्रियाबाट कहिल्यै नटुङ्गिने सम्भावनाहरू उत्पन्न हुन्छन् । यी सबै सम्भावना, अन्तर्क्रिया र सम्बन्ध एक पूर्ण रूपमा हुन्छन् । त्यही नै शुद्ध चेतना हो । तान्ने-ठेल्ने, उतार-चढाव, झङ्कार-निस्तब्धता, स्थिर-गतिशीलताजस्ता भ्रमपूर्ण कार्यहरूले एक अस्पष्ट संरचना बनाउँदछन् । संरचना प्रकृतिको अटूट सन्तुलनलाई विनाश गर्दा देखिने फल मात्र हो । अर्को शब्दमा शक्तिहरूको अन्तर्क्रियाबाट उत्पन्न हुने प्रतिफल नै संरचना हो ।

अथर्ववेदमा ब्रह्मलाई अपाद-चरण नभएको, द्विपाद-दुई चरण भएको, त्रिपाद-तीन पाउ भएको, चतुष्पाद-चार पाउ भएको भनेर वर्णन गरिएको छ । ब्रह्मलाई व्यक्त र अव्यक्त दुई रूपमा भेद गरिएको पाइन्छ । ब्रह्मतत्त्व अव्यक्त र अनिर्वचनीय हो । अपाद भनेको विना चरण भएको, अव्यक्त र व्यक्तबाट द्विपाद-दुई चरण भएको भनिएको हो । व्यक्तको नाम र रूप दुई भेदले त्रिपाद भनिएको हो । यसलाई शास्त्रीय भाषामा परा, पश्यन्ती र मध्यमा त्रिपाद भएको भनिएको हो । वाक्तृत्त्वको चतुर्थ अवस्था वैखरी वाणी हो । यो मनुष्यको कण्ठबाट स्पष्ट रूपमा उच्चारित हुने वाणी हो । यो चार अवस्थाको आधारबाट चत्वारि वाक्-वाणीको चार भेद भनिएको छ ।

स्पष्टताको चार मुख्य तहहरू :

प्राकृतिक नियम एक अस्पष्ट संरचना हो । तर, यसलाई विभाजन गरी हेर्दा चेतना चार तहमा देखिन्छ । जसलाई स्पष्टताका चार तह पनि भनिन्छ । यी तहहरूलाई व्याख्या गरिएको छ :

१) परा

परा जीवन एक पूर्ण अस्पष्ट तह हो । यो तह प्राकृतिक नियमको गतिशीलतासँग मिल्दो तह हो । व्याकरण र दर्शनअनुसार आदि वाणीको संक्षिप्त विवरण यसप्रकार गरिएको छ ।

यावत् ब्रह्म विष्टितं तावती वाक । ऋग्वेद १०, ११४.८ ।

परा वाणी ज्ञानको शुद्ध ज्ञान रूप विश्वव्यापी हो । यो शान्त समुद्रको तुल्य, निश्चल, निष्क्रिय र अक्षय छ । यो अवस्थामा आफ्नो शुद्ध ब्रह्मस्वरूप ब्रह्मको रूपमा विद्यमान रहन्छ । यसलाई वाणीको अव्यक्त र सूक्ष्मतम अवस्था भनिएको छ । योगीले मात्र यो शुद्धरूपको साक्षात्कार गर्नसक्छन् ।

२) पश्यन्ती

यो जीवनको शुद्ध ज्ञान र विवेकको तह हो, अन्तरआत्मा हो । यो तह स्पष्टताको शुद्ध तहसँग मिल्दो छ । जब कुनै पनि विचार या भाव प्रकट गर्ने इच्छा हुन्छ, त्यस समयमा पश्यन्ती वाणीको कार्य प्रारम्भ हुन्छ । शान्त समुद्रमा सानो तरङ्ग तुल्य विचाररूपी तरङ्ग वाक्तृत्त्वमा प्रकट हुन्छ ।

यो विचारको व्यक्त गर्ने भावनाको उदय हुनुजस्तै शान्त समुद्रमा सानो हलचल उत्पन्न हुनुजस्तो हो । विचारको अभिव्यक्तिको प्रक्रिया प्रारम्भ हुनु पश्यन्ती अवस्था हो । यो प्रारम्भिक एवं द्वितीय अवस्था हो । यो मस्तिष्कसम्म नै सीमित रहन्छ । अतः यो अव्यक्त हो । योगी र तपस्वीहरूले मात्र विचारको उदय हुने अवस्थालाई देख्न सक्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३) मध्यमा

मध्यमा सोच्ने तह हो । मस्तिष्कमा भएको प्राकृतिक नियमको संरचनाजस्तो छ भने सोच, बोली, कार्यजस्ता गतिशील संरचनाहरूलाई स्पष्ट रूपमा प्रस्तुत गर्न सकिने कार्य मध्यमा हो । यो वाणीको तृतीय अवस्था हो । यसले शरीर संयन्त्रमा हलचल प्रारम्भ हुन्छ । नाभिबाट प्राणशक्ति माथि उठ्छ । मस्तिष्क या शिरमा गएर ठोक्किन्छ । स्वर यन्त्रसम्म पुग्छ । अथवा मुखसम्म पुग्छ । वर्णहरूको उच्चारण विचारको अभिव्यक्तिको सम्पूर्ण प्रक्रिया तयार हुन्छ । केवल वर्णको उच्चारणको काम मात्र रहन्छ । यो उच्चारणभन्दा पूर्वको अवस्था हो । यसलाई मध्यमा या मध्यगत वाणी भनिन्छ ।

४) बैखरी

यो बोलीको तह हो । प्राकृतिक नियम स्पष्ट रूपमा प्रस्तुत भएको तह हो । यो वाणीको चतुर्थ अवस्था हो । वर्ण, कण्ठ, तालुसहित स्वरयन्त्रबाट उच्चारण प्रारम्भ हुन्छ । अतः यो विचार या भाव अव्यक्त नभएर र गुप्त पनि नरहेर स्पष्ट प्रकट हुन्छ । यो जनसाधारणको व्यवहारमा उत्पन्न हुन्छ ।

अवस्था	शरीर	समष्टि	व्यष्टि	कोश
जाग्रत्	स्थूल	वैश्वानर	विश्व	अन्नमय, प्राणमय
स्वप्न	सूक्ष्म	सूत्रात्मा	तैजस	मनोमय, विज्ञानमय
सुषुप्ति	कारण	ईश्वर	प्राज्ञ	आनन्दमय
तुरीय	कारण	ब्रह्म	-	-

प्राकृतिक नियम र प्राकृतिक नियमका गतिशील संरचनाहरूलाई वैदिक वाङ्मय भनिन्छ । वेद नै सम्पूर्ण प्राकृतिक नियम हो । वेदको संरचना नै प्राकृतिक संरचना हो । वेदका चार तहहरू छन् - परादेखि बैखरीसम्म । बैखरी तहमा प्राणीलाई कोष, कोषिका, अङ्ग, अङ्गप्रणालीका रूपमा स्पष्ट देखाइएको छ । जसले सम्पूर्ण प्राणीको सृजना गर्ने गर्दछ, सारा सृष्टिको सिर्जना हुन्छ । सबै मानवजातिहरू एकीकृत क्षेत्र हुन् - बुद्धि, मस्तिष्क अनि पदार्थ । वेद र वैदिक वाङ्मयले मानवजाति बुद्धि, विवेक, चेतना, शक्ति र गतिशीलताको आधारमा मानवशरीर संरचना तयार पारेको देखाएका छन् । मानवशरीरमा आफूलाई चिन्ने र शुद्ध चेतनाको अनुभव गर्नसक्ने सामर्थ्य रहेको हुन्छ । यही सामर्थ्यका कारणले नै मानव जातिहरू ज्ञान र कर्मलाई व्यवस्थापन गर्न सक्षम छन् ।

मानवजाति आफ्नो मानसिक संरचना र कार्यद्वारा विशेष सोच र कार्यहरूको अनुभूति, अनुभव गर्न सक्षम भएका हुन् । यो सृष्टि र ब्रह्माण्डका सबै पदार्थहरू स्थिर नभई निरन्तर रूपमा गतिशील रहन्छन् । त्यसैले अनुभवको क्षण पनि एक गतिशीलताको बिन्दु हो । गतिशीलता नहुने वस्तुहरू स्थिर रहन्छन् । अणुहरूको एउटा सङ्गठित, एकीकृत क्षेत्र एकीकृत अवस्थामा रहन्छन् । जड वस्तु स्वयं रूपान्तरित हुन असक्षम हुन्छन् । परिवर्तित प्रक्रियाद्वारा मानवमस्तिष्कले एकीकृत क्षेत्रलाई बुझ्नसक्छ भने शुद्ध र अटूट शून्यताको अनुभव गर्न पनि सक्षम हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऋग्वेद

मानव जातिको सम्भाव्य जीवनअनुभव वेदको संस्कृत अक्षर 'ऋ'ले स्पष्ट्याएको छ । 'ऋ'ले प्रतिध्वनित गतिशीलतालाई प्रतिनिधित्व गर्दछ । व्यक्तिगत अनुभवको क्षण वा गतिशीलताको बिन्दुलाई 'क' ले स्पष्ट्याएको छ । क अक्षरले गतिशीलताको मध्यबिन्दुको शून्यतालाई प्रतिनिधित्व गर्दछ । सम्भाव्य मानवअनुभवको बिन्दुलाई जनाउँछ । 'ऋ' र 'क' अक्षर अटूट गतिशील हुन् भने अटूट शून्य पनि हुन् । ऋ र क मिलेर ऋक् बन्दछ भने ऋग्वेदको नाम पनि यसै गरी बनेको हो । ऋक् यही अटूट शून्यता र गतिशीलताको सीमाभित्र रहेको छ । ऋक्को ज्ञान भन्नु नै सम्पूर्णताको ज्ञान हो भने ऋग्वेद नै सम्पूर्ण ज्ञान हो ।

वैदिक ऋषिहरूले प्रतिपादन गरेको ध्यानपद्धतिले शरीरमा शून्यताको अनुभव गर्न सकिन्छ । वेदमा अटूट शून्यतालाई 'ऋ'को उच्चारणले जनाउँछ भने वेदको पहिलो अक्षर पनि यही हो । यसले सम्पूर्णताको ज्ञानलाई प्रतिनिधित्व गर्दछ । सम्पूर्णता सबै गतिशीलताभित्र रहेको अटूट शून्यता पनि हो । ध्यानमा व्यक्तिको मस्तिष्क अनुभवको मूल बिन्दुबाट सुरु हुन्छ । कुनै विचारको अनुभव र अनुभूतिमा परिवर्तित हुन्छ । यही अनुभव असीमित शुद्ध चेतनाको क्षेत्र हो, अटूट शुद्ध शून्यता पनि हो । शून्यबाट असीमित सोच निश्चित मूल्यबाट सुरु भएको असीमितताको अनुभव गर्ने प्रक्रियालाई वेदको ऋ र कबाट उत्पत्ति भएको मानिन्छ । यही स्पष्ट सृष्टि हो भने सबै स्पष्टताहरूको अस्पष्ट सत्य पनि हो । यो शुद्ध ज्ञान, अटूट शून्यता, अथाह बिन्दुहरूले बनेको सम्पूर्णता हो । शून्यको मूल्यबिन्दुलाई क को रूपमा प्रस्तुत गरिएकाले ऋग्वेदको 'ऋ'लाई शून्यको बिन्दु मानिन्छ ।

जब हामी अनुभूतिको प्रक्रियामा के हुन्छ ? भनी विश्लेषण गर्छौं, कुनै वस्तुको स्वर, गन्ध आदिको अनुभूतिमा दुई तत्त्वहरू पाउँछौं:

१. दर्शकको ध्यान वस्तुमा पर्नु,

२. दर्शकका ज्ञानेन्द्रियहरू त्यस वस्तुबाट आएको आकर्षण बिन्दुतिर केन्द्रित हुनु

अनुभूतिको पहिलो तत्त्व हेर्नेको ध्यान वस्तुतिर केन्द्रित हुनु हो । यसको अर्थ हेर्ने मानिसको असीमित शुद्ध आत्मा र शुद्ध चेतना एक केन्द्रबिन्दुमा आकर्षित हुनु हो । यसबाट के स्पष्ट हुन्छ भने सबै अनुभवहरू वस्तुसँग जोडिएका हुन्छन् । जस्तै सिस्नु छोएपछि मात्र अनुभव हुन्छ कि त्यसलाई स्पर्श गर्दा के हुन्छ । त्यही कुराको अध्ययन गर्न दर्शक र वस्तु चाहिन्छ । अथवा ज्ञान केही वस्तुको अवलोकन गरेर मात्र प्राप्त हुन्छ । सबै अनुभवहरूमा वस्तुको आवश्यकता हुन्छ । वस्तुविना अनुभव सम्भव हुँदैन । अवलोकन गर्ने वस्तु नहुँदा अनुभव, ज्ञान र अवलोकन हुनसक्दैन । विषय र वस्तुलाई जोड्ने अवलोकन नहुँदा अनुभव सम्भव हुँदैन । यदि कुनै मान्छे सुन्दर फूलअगाडि आँखा बन्द गरेर बस्छ भने उसले फूलको अनुभव गर्न सक्दैन । यहाँ विषय (मान्छे) र वस्तु (फूल) हुँदा मात्र पनि अनुभव हुन सक्दैन । अनुभव हुन त विषय र वस्तुलाई जोड्ने अवलोकन प्रक्रिया हुनु आवश्यक छ । त्यसैले ज्ञान भन्नु नै अवलोकनकर्ता, अवलोकनको प्रक्रिया र अवलोकन गरिने वस्तुको मिश्रणबाट सृजना हुने अनुभव हो । अवलोकन प्रक्रियामा ध्यानकेन्द्रित हुन्छ र ध्यानले नै हाम्रो अनुभूतिको ढोका खोल्छ । उदाहरणका लागि यदि कोही व्यक्ति पुस्तक पढिरहेको छ भने उसले अरू किसिमका ध्वनिहरू नसुन्न पनि सक्छ । किनकि उसको ध्यान पढ्नमा पुरै केन्द्रित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ। यसो हुँदा उसका कानहरू भौतिक रूपमा बन्द नभए पनि सुन्ने प्रक्रिया रोकिएको अवस्थामा हुन्छ। यसैगरी कान बन्द गरेर कसैले केही सुन्न ध्यानकेन्द्रित गर्छ भने पनि उसले केही सुन्न सक्दैन । कान बन्द गरेर शरीरभित्रको मुटुको धड्कन र रक्तसञ्चारलाई आंशिक रूपमा अनुभव गर्न सक्दछ । यसकारण अवलोकन प्रक्रियालाई दुई कुराहरूको आवश्यकता हुन्छ ।

१. केन्द्रित ध्यान,

२. खुला पथहरूद्वारा अनुभूत गरिएका संवेगको आवत-जावत र तिनीहरूको विश्लेषण ।

सकारात्मक सोच र वैदिक अनुसन्धान पनि ज्ञान प्राप्त गर्ने असल माध्यम हुन् । शारीरिक क्रियाको गतिशीलताको स्वर वेद र वैदिक साहित्यमा पाउन सकिन्छ । बोली पनि हाम्रो शारीरिक क्रियाद्वारा खुलाइएको वा व्यक्त गरिएको स्वरूप हो । ब्रह्माण्डको क्रम र क्रमको नियम अनि मानवशरीरक्रियाको क्रम पनि वेदमा व्यक्त गरिएको क्रमको सिद्धान्त जस्तै हो । मानवशरीरका क्रियाहरू पनि चार फरक शीर्षक जस्ता छन् ।

वैदिक मूल्य ऋषि, देवता, काण्ड र संहितासँग मिल्दा छन् :

१. शरीरका कोष, कोषिका र अङ्गप्रणालीहरूको कामको अवलोकन, व्यक्त र अनुभूत गरी ऋषिको भूमिकाको रूपमा प्रतिनिधित्व हुन्छन ।
२. देवताको प्रतिनिधि शरीरका सबै काम, प्रक्रिया, रूपान्तरण, रासायनिक क्रियाहरूमा व्यक्त हुन्छन ।
३. काण्डहरूको प्रतिनिधित्व शरीरका फुल्ने, सुक्ने, रोकिने, निस्किने, क्रियाहरूमा व्यक्त हुन्छ ।
४. संहिताको प्रतिनिधित्व शरीरका सबै क्रियाहरूको समन्वयबाट हुन्छ ।

मानिसका ज्ञानेन्द्रियहरू भित्री र बाहिरी वातावरणसँग मिली प्रकृतिको चक्रलाई सन्तुलित गर्दछन् ।

वैदिक वाङ्मयमा मनोवैज्ञानिक पक्ष

मानवीय शरीरमा आन्तरिक र बाह्य परिवेशले विभिन्न अवस्थाको सिर्जना गर्दछ । आन्तरिक परिवेशले मानवलाई कर्तव्योचित कार्य गर्न प्रेरित गर्दछ भने कतिपय अवस्थामा मनस्तात्त्विक सञ्चारको ढिलासुस्तीले अकार्यात्मक कार्य गर्न प्रेरित गर्दछ । मानवीय मन र तनको समन्वयले मानवीय शरीर सुगम रूपमा सञ्चालन हुने गर्दछ । कतिपय अवस्थामा बाह्य प्रभावका कारणले मनस्तात्त्विक विचलन गराउँदछ र अमानवीय कार्यमा तत्परता जगाउँदछ । मनोवैज्ञानिक पक्षको उपचारात्मक पद्धति आधुनिक चिकित्सा विज्ञानले सिर्जना गरेको होइन, अपितु प्राचीन वैदिक विज्ञानका विभिन्न ऋचाहरूमा यत्रतत्र छरिएर मनोवैज्ञानिक उपचारात्मक पद्धतिका सूत्रहरू प्रस्तुत भएको पाइन्छ ।

देह र आत्मा, मन र कार्य, बाह्य परिवेश र मनस्तात्त्विक सञ्चारको समन्वयले मानव कार्यमा कुशल मात्रै बन्दैन । निरोग र स्वस्थ पनि रहन्छ । मनकै कारणले अनेकौं रोगहरूको उत्पत्ति हुने गर्दछ । मनलाई नै प्रमुख आधार मानेर आन्तरिक वा कार्यपरक रोगको उत्पत्ति हुन्छ भन्ने प्राचीन वैदिक चिकित्सा पद्धतिमा सूत्रात्मक अनुवृत्ति भएको देखिन्छ । तिनै सूत्रहरूलाई प्राचीन आयुर्वेदिक वैद्यहरूले आफ्ना विभिन्न ग्रन्थहरूमा विस्तृत व्याख्या गर्दै मनोवैज्ञानिक रोगहरूलाई निदान गर्ने उपायहरू सुल्झाएको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधुनिक मनोचिकित्सा पद्धतिको प्रारम्भबिन्दु वैज्ञानिक वाङ्मयहरू नै हुन् भन्ने पुष्टि हुन आउँछ। तिनै वाङ्मयहरूको समसामयिक अध्ययन र अनुसन्धान गरी आधुनिक, यान्त्रिक उपकरणको सहायताले विश्लेषण गरी मनोचिकित्सा पद्धतिलाई सुगम बनाउँदै फ्रायड, लँक, एडलर र युङआदिले यो अवस्थासम्म ल्याएको पाइन्छ । लिबिडो, मार्टिडो, स्वप्नावस्था आदिको विस्तृत व्याख्या गर्दै तिनै वैदिक वाङ्मयको अनुशरण गरी उपचारात्मक पद्धतिहरूको विकास भएको देखिन्छ ।

रोगका कारण

प्राचीन आयुर्वेदिक वैद्यहरूमध्ये सुश्रुतले रोगलाई आगन्तुक, शारीरिक, मानसिक र स्वाभाविक गरी चार भागमा बाँडेको पाइन्छ । शस्त्रअस्त्रआदिको आघातबाट आगन्तुक रूपको उत्पत्ति हुन्छ भने अन्न, जल, वायुआदिको सामान्य सन्तुलन बिग्रिँदा शारीरिक रोग लाग्दछ । यस्तै आन्तरिक भाव, क्रोध, शोक, ईर्ष्या, द्वेष, लोभआदिका कारणले मानसिक रोग उत्पन्न हुने गर्दछन् । त्यस्तै भोक लाग्नु, तिर्खा लाग्नु, निद्रा लाग्नु, बुढ्यौली पनको अनुभूति हुँदै जानु, स्वाभाविक रोग हुन् । शारीरिक रोगहरूलाई व्याधि र मानिसक रोगहरूलाई आधि भनेर प्राचीन वैद्यहरूले चर्चा गरेको पाइन्छ । त्यसैले आधि र व्याधिअन्तर्गत वाह्य र आगन्तुक सबै रोगहरू समेटिने देखिन्छ ।

त्यस्तै अर्का विद्वान् चरकले मानवीय बुद्धिको सदुपयोग नभएर दुरूपयोग भयो भने वा गरिन्छ भने मानसिक रोगको उत्पत्ति हुन्छ भनेका छन् । शोक, क्रोध, ईर्ष्या, भय, अङ्कार, द्वेषआदि मनोविकारका स्वरूपहरू हुन् भन्ने उनको ठम्याइ छ । त्यस्तै अर्का आयुर्वेदिक वैद्य चरकले बुद्धि, स्मृति, धृतिआदिको अनावश्यक तानातान र उपेक्षा हुँदा मनोरोगको उत्पत्ति हुने बताएका छन् -

धीधृतिस्मृति विभ्रष्टः कर्म यत्कुरुतेऽशुभम् ।
प्रज्ञापराधं तं विद्यात् सर्वदोष प्रकोपणम् ॥ चरक. १.१०.२ ।

मनस्तात्त्विक स्नायुहरूको आवागमनमा कुनै पनि बाह्य वा आन्तरिक तत्त्वले नकारात्मक प्रभाव पार्दछ भने मनोरोगको उत्पत्ति हुने गर्दछ । कुनै पीडा, व्यथा, ईर्ष्या, द्वेषआदिका साथै कुनै पनि वस्तुमा अत्याशक्ति हुनु र त्यो वस्तु प्राप्त नहुँदा मनोविकृति उत्पन्न भई सकारात्मक कार्य गर्नुपर्ने अवस्थामा पनि नकारात्मक र क्षतिपूर्तिका लागि असहज कार्यमा तत्पर हुने हुँदा मनोविकृति पैदा भई मनोरोगको उत्पत्ति हुनपुग्दछ । यो केवल मनलाई बाह्य वा आन्तरिक तत्त्वले प्रभाव पार्दछ -

बुद्ध्या विषमविज्ञानं, विषमं च प्रवर्तनम् ।
प्रज्ञा पराधं जानीयात् मनसो गोचरं हि तत् ॥ चरक०

यी प्राचीन मनोवैज्ञानिक भैषजकहरूले मनलाई प्रमुख आधार मानेर मानसिक रोगका तीन कारणहरू बताएका छन् । जो यसप्रकार छन्-

१. कुलज

आफ्नो वंशपरम्परा अनुसारका रोगहरू आफ्ना सन्तान दरसन्तनाहरूमा सर्दै जाने यो प्रकारको रोग कुनै पनि अनुकूल वा प्रतिकूल अवस्थामा उत्पन्न हुने गर्दछ । मानिसको जीन (वंशज तत्त्व) अनुसार सन्ततिमा कुनै न कुनै रूपमा उत्पत्ति भई प्रभावित पार्ने यस्ता रोगहरूलाई वंशाणुगत भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. **मानसिक**

आन्तरिक वा बाह्य कारणले मानवीय मस्तिष्क र मनको सामञ्जस्यता नहुँदा विस्तारै उत्पन्न भई मानवीय जीवनलाई नकारात्मक प्रभाव पार्ने रोगहरू यसअन्तर्गत पर्दछन् ।

३. **शारीरिक**

मानवीय शरीरमा अनेकौं प्रकारका रासायनिक तत्त्वहरूको प्रभाव रहेको हुन्छ । आन्तरिक तत्त्वहरूले मानवोचित कार्य गर्न सकारात्मक वा नकारात्मक रूपमा उत्प्रेरित गर्दछन् । जसले गर्दा मानव शरीरमा रहेको रक्त, धातुआदिको विकार गरी मस्तिष्कमा गडबड वा दुष्प्रभाव पर्दा यस्ता शारीरिक रोगहरूको उत्पत्ति हुने गर्दछ । जुन, मानस रोगसँग सम्बन्धित हुन्छन् ।

सुश्रुतका अनुसार त्यस्तो मान्छे स्वस्थ रहन सक्दछ, जसलाई बात, पित्त, कफदोष रहँदैन । पेटको अग्नि सामान्य अवस्थामा रहन्छ । शारीरिक विकारजन्य पदार्थहरू निश्चित समयमा त्याग गर्न सक्दछ र जसको ज्ञानेन्द्रिय, कर्मेन्द्रिय र मन निर्मल रहन्छ ।

समदोषः समाग्निश्च समधातुलमक्रियः ।

प्रसन्नात्मेन्द्रियमनाः स्वस्थ इत्यभिधीयते ॥ सुश्रुत सूत्र ॥

विद्वान् चरकले आहार, आचरण र चेष्टाहरूलाई आफ्नो नियन्त्रणमा राख्न सके कुनै पनि आधि वा व्याधिले दुष्प्रभावित पार्न नसक्ने बताएका छन्-

आहाराचार्यचेष्टासु सुखार्थि प्रेत्य चेह च ।

परं प्रयत्नमातिष्ठेत् बुद्धिमान् हितसाधने ॥ चरक सूत्र ॥

मानवशरीरमा रहेका विकारहरूलाई निश्चिन्त भएर प्रवाहित हुन वा बाहिर निस्कन दिनुपर्दछ । आधुनिक औषधोपचारको प्रयोग गरी यस्तो कार्यलाई रोक्ने प्रयास गरियो भने मानवीय जीवनमा अनेकौं रोगव्याधिहरूको उत्पत्ति हुन्छ । यस्तै मैत्रायणी उपनिषद्मा मन नै मान्छेको बन्धन र मुक्तिको कारण हो भनिएको छ ।

मन एव मनुष्याणां कारणं बन्धमोक्षयोः । मैत्रायणी उपनिषद् ४.११

बन्धन भनेको यहाँ रोगले ग्रस्त पार्नु हो भने मोक्ष भनेको रोगरहित हुनु हो । त्यसैले ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेदजस्ता वैदिक वाङ्मयहरूमा रोगलाई अर्थात् पापलाई नष्ट गर्नका लागि मन शुद्ध राख्नुपर्दछ भनिएको छ -

भद्रं मनः कृणुष्व वृत्रतूर्ये । ऋग्० ८.१९.२०

शुक्लयजुर्वेदका ऋचाहरूमा **'तन्मे मनः शिवसङ्कल्पमस्तु'** भनेर मन सधैं स्वच्छ, शुभ विचारवाला होस् भन्ने स्तुति गरिएको पाइन्छ । संयमित र शुद्ध मनले मनुष्यको जीवनलाई सधैं ठीकठीक बाटोमा डोऱ्याउँदछ भने कलुषित मनले सधैं दुःख, कष्टप्रदान गर्दछ । त्यसैले मनलाई निरोग राख्न बाह्य तत्त्व र आन्तरिक तत्त्वको सही तालमेल हुनु आवश्यक छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानका सात भूमिका

परिचय :

'योगवाशिष्ठ' आफैँमा परिपूर्ण एक महान् ग्रन्थ हो । जुन ग्रन्थ महर्षि बाल्मीकिद्वारा रचित अनि महर्षि वशिष्ठद्वारा भगवान् रामलाई सुनाइएको ज्ञानसिन्धुका रूपमा प्रतिष्ठित छ । **'महारामायण'** नामले पनि चिनिने चित्रविचित्र पवित्र चरित्रयुक्त आत्मानात्म विवेचनले भरिपूर्ण विशालकाय योगवाशिष्ठ अत्यन्त उच्चकोटिको ग्रन्थका रूपमा परिचित छ । यसमा मनोविवेचन विशेष किसिमले गरिएको छ । मुमुक्षु, जिज्ञासु तथा वेदान्तीहरूले एकपटक अवश्य पढ्नुपर्ने ग्रन्थका रूपमा पनि यसलाई लिने गरिन्छ ।

जुनसुकै धर्म, दर्शन तथा पुराणहरूमा ज्ञानको चर्चा परिचर्चा विशेष रूपमा भएको देखिन्छ । अरू वेदान्त दर्शन त **'ज्ञानादेव तु कैवल्यम्'** (ज्ञानद्वारा नै मोक्षपद प्राप्त गर्न सकिन्छ) भन्ने तर्क प्रस्तुत गर्दछ। प्रजा, धन, कर्म कुनै पनि साधनबाट ज्ञान प्राप्त हुँदैन । केवल त्यागबाट नै अमृतत्त्व या ज्ञान प्राप्त हुन्छ भनेर उपनिषद्ले समुद्घोष गरेको छ। के हो त ज्ञान ? प्रश्नको उत्तरमा धेरै ऋषि, महर्षि, दार्शनिक तथा विद्वानहरूले मस्तिष्क खियाइ आ-आफ्नो मत अभिमत प्रस्तुत गरे पनि जुन वस्तु जस्तो छ, त्यसलाई त्यस्तै रूपमा जान्नु नैं ज्ञान हो भन्ने उत्तर सार्वभौम हुन्छ । जस्तै : सिपीलाई सिपीकै रूपमा जान्नु ज्ञान हो भने चाँदीका रूपमा जान्नु भ्रम या अज्ञान हो । रुखको सुकेको ठुटोलाई ठुटोकै स्वरूपमा जान्नु ज्ञान हो भने त्यसलाई पुरुषको रूपमा जान्नु अज्ञान/ पारिभाषिक रूपमा ज्ञानलाई परिभाषित गर्दा चाँहि स्वस्वरूपको बोध नै ज्ञान हो भनी भन्न सकिन्छ ।

विषयप्रवेश

योगवाशिष्ठमा ज्ञानका भूमिकाको बारेमा विषद् चर्चापरिचर्चा गरिएको छ। उक्त ग्रन्थको उत्पत्ति प्रकरणको ११८ औं अध्यायमा महर्षि वशिष्ठले भगवान् श्रीरामलाई ज्ञानका ७ भूमिकाको बारेमा बताउनुभएको छ। उक्त प्रकरणको ११७ औं अध्यायमा अज्ञानको बीजजाग्रत, जाग्रत, महाजाग्रदादि सात भूमिकाको पनि उल्लेख गरिएको छ । यहाँ ज्ञानका सात भूमिकाको सिंहावलोकन गर्नु नै सान्दर्भिक ठहर्छ । योगवाशिष्ठ महारामायणमा ज्ञानका सात भूमिकाको स्पष्टतया व्याख्या गरिएको छ । भूमिका शब्दको शाब्दिक तथा प्रासङ्गिक अर्थ चाहिँ अवस्था, दशा, गति वा अवस्थिति भन्ने हुन्छ । ज्ञानका सात भूमिका भन्नाले ज्ञानको सात अवस्था, दशा या गति भन्ने बुझिन्छ । ज्ञानका सात अवस्था या भूमिका परिगणनाका क्रममा वशिष्ठले निम्न श्लोक उद्घोष गर्नुभएको छ ।

ज्ञानभूमिः शुभेच्छाख्या प्रथमा समुदाहृता ।
विचारणा द्वितीया तु तृतीया तनुमानसा ॥
सत्वापत्तिश्चतुर्थी स्यात् ततोऽसंसक्तिनामिका ।
पदार्थभाविनी षष्ठी सप्तमी तुर्यगा स्मृता ॥ योगवशिष्ठ उत्पत्ति- ११८.५-६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१) शुभेच्छा

शुभेच्छा ज्ञानका भुल्काहरूमध्ये पहिलो गतिअन्तर्गत पर्दछ । शुभेच्छा शब्दले नै कल्याणको चाहना भन्ने अर्थ द्योतन गरिरहेको हुन्छ । आत्मकल्याणका निमित्त शब्द ब्रह्म र परब्रह्ममा निष्णात श्रोत्रिय तथा ब्रह्मनिष्ठ गुरुको शरणमा गएर उनको उपदेशज्ञानसार शास्त्रहरूको अवलोकन-अध्ययन गरेर आत्मतत्त्वविचार र आत्मतत्त्वसाक्षात्कारको उत्कृष्ट इच्छा गर्नु नै शुभेच्छा हो । शुभेच्छालाई परिभाषित गर्ने सन्दर्भमा महर्षि वशिष्ठ भन्नुहुन्छ-

स्थितः किं मूढ स्वास्मि प्रेक्ष्येऽहं शास्त्रसज्जनैः ।

वैराग्यपूर्वमिच्छेति शुभेच्छेत्युच्यते बुधैः ॥ योगवाशिष्ठ उत्पत्ति- ११८.८

स्वरूपबोधका लागि वैराग्यपूर्वक शास्त्र र सज्जनको शरणमा जानु नै शुभेच्छा हो । ज्ञानको यो पहिलो गति हो । यसमा वैराग्यपूर्वक नै इच्छा हुनुपर्छ भनेर वैराग्यलाई जोड दिइएको छ । वैराग्यविना शुभेच्छा दृढ नहुने भएकाले वैराग्यपूर्वक इच्छा भनिएको हो । आत्मतत्त्वविचारका लागि शास्त्र र सद्गुरुको अनिवार्यतामाथि मुण्डकोपनिषद्ले स्पष्टतया उल्लेख गरेको छ । साथै त्रित्रीय तथा ब्रह्मनिष्ठ गुरुको नै शरणागतिलाई स्वीकारेको पनि देखिन्छ । जस्तै -

परीक्ष्य लोकान् कर्मचितान् ब्रह्मणो निर्वेदमायान्नास्त्यकृतः कृतेन ।

तद्विज्ञानार्थं स गुरुमेवाभिगच्छेत् समित्पाणिः श्रोत्रियं ब्रह्मनिष्ठम् ॥ मुण्डकोपनिषद् १.१.१२

२) सुविचारणा

ज्ञानको दोस्रो भूमिका सुविचारणा हो । श्रवण र मननलाई यस कोटिमा समेट्न सकिन्छ । अरू यसलाई सदाचार प्रवृत्ति भनेर सन्दर्भित ग्रन्थमा परिभाषित गरिएको छ ।

शास्त्रसज्जनसम्पर्क वैराग्याभ्यासपूर्वकम् ।

सदाचारप्रवृत्तिर्या प्रोच्यते सा विचारणा ॥ योगवाशिष्ठ उत्पत्ति- ११८.९

गुरु शुश्रुषा भिक्षाटनादि धर्म पालनाले सहित श्रवणमनन नै यहाँ सदाचार शब्दको अर्थ हो । अन्य सदाचार चित्तशुद्धिका लागि मात्र उपयुक्त हुने भएकाले यहाँ सदाचार भन्नाले श्रवण र मनन भन्ने बुझ्नु पर्दछ । सुविचारणा शब्दले पनि सम्यक्तया विचार गर्ने अवस्थालाई जनाउँछ । सुष्ठु विचारणा नै सुविचारणा हो । श्रवण र मननद्वारा परिष्कृत अनि परिपाक विचार ज्ञानको दोस्रो अवस्थाअन्तर्गत पर्दछ । निष्कर्षमा भन्नुपर्दा श्रोत्रिय ब्रह्मनिष्ठ सद्गुरुकथित उपदेश वचनहरूको तथा मोक्षशास्त्रहरूको बारम्बार चिन्तन मनन र विचार विमर्श गर्नु नै सुविचारणा हो ।

३) तनुमानसा

तनुमानसा ज्ञानको तेस्रो भूमिका वा अवस्थिति हो । तनुमानसाको शाब्दिक अर्थ नै बुद्धि र मनको सूक्ष्मत्व प्राप्ति भन्ने हुन्छ । श्रवण, मनन् र निदिध्यासनद्वारा शब्दादि विषयका प्रति जो अनासक्त हुन्छ साथै सविकल्प समाधिमा अभ्यासद्वारा बुद्धिको जो तनुता वा सूक्ष्मता प्राप्ति हुन्छ । त्यही अवस्था नै तनुमानसा हो । यस अवस्थाको अर्थ यसरी स्पष्ट्याउन सकिन्छ -

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विचारणा शुभेच्छाभ्यामिन्द्रियार्थेष्वसक्तता ।

यत्र सा तनुभावात् प्रोच्यते तनुमानसा ॥ योगवाशिष्ठ उत्पत्ति- ११८.१०

अर्थात् विचारणा र शुभेच्छा भूमिकाको बारम्बार अभ्यासबाट पदार्थमा अनासक्त मन बुद्धिको तनुता वा सूक्ष्मता नै तनुमानसा संज्ञाले चिनिन्छ । साधन चतुष्टयादिसम्पत्ति प्राप्तिपूर्वक श्रवण र मननसहित निदिध्यासनद्वारा परिपक्व बुद्धि वा सूक्ष्मता प्राप्त बुद्धि नै ज्ञानको तेस्रो भूमिका तनुमानसा हो । सविकल्प समाधिरूप सूक्ष्मतालाई पनि यही अवस्था भनिन्छ । यहाँसम्म सविकल्प वा सगुण ब्रह्मको चिन्तन हुन्छ । **तनु-सूक्ष्मतमं मानसं यस्याम्** यस्तो व्युत्पत्तिबाट पनि तनुमानसा रूप अवस्थाको अवगति गर्न सकिन्छ ।

४) सत्वापत्ति

ज्ञानको चौंथो भूमिकालाई सत्वापत्ति भनिन्छ । ज्ञानको पहिलो, दोस्रो र तेस्रो भूमिका अर्थात् शुभेच्छा, सुविचारणा तथा तनुमानसाको अभ्यासबाट बाह्य विषयवस्तुको चित्तमा आत्यन्तिक निवृत्ति वा अभाव हुनु नै सत्वापत्ति अवस्था हो । **'मनसः परमात्मसत्त्वात्मनैवापन्नत्वात् सत्वापत्तिः'** अर्थात् मन सत्वात्मना परमात्मामा स्थित हुने अवस्था हो यो । निर्विकल्प समाधिरूप अवस्था सत्वापत्तिमा नीरक्षीरन्यायभैंँ मन परमात्मामा अन्तर्घुलन हुन्छ । जहाँ मन र परमात्माको भेददर्शन गर्न असम्भव छ । यो अवस्था निर्विकल्प समाधिरूप हो । यसमा बाह्य पदार्थका प्रति रति मात्र पनि स्पर्श हुँदैन । योगवाशिष्ठमा यसको परिभाषा यसरी गरिएको छ-

भूमिका त्रितयाभ्यासाच्चित्तेऽर्थे विरतेर्वशात् ।

सत्यात्मति स्थितिः शुद्धे सत्वापत्तिरुदाहृता ॥ योगवाशिष्ठ उत्पत्ति- ११८.११

माथि बताइएका तीन भूमिकाबाट साक्षात्कार पर्यन्त अवस्थिति अर्थात् निर्विकल्प समाधिरूप स्थितिलाई सत्वापत्ति भनिन्छ । ज्ञानको यस भूमिकावाला पुरुष **'ब्रह्मविद्'** नामले चिनिन्छ । ज्ञानको यस भूमिकादेखि पुरुष उत्तरोत्तर अझ विशेष बन्दै जान्छ ।

५) असंशक्ति

ज्ञानका सात भूमिकामध्ये असंशक्ति पाँचौं कोटिको भूमिका वा गति हो । **'न विद्यते अविद्या तत्कार्यसंसक्तिः यस्याम्'** यस्तो व्युत्पत्तिबाट तीनै कालमा जुन अवस्थामा माया र मायाजन्य कार्यको अभाव सर्वथा हुन्छ । त्यो ज्ञानको दशालाई असंशक्ति भनिन्छ । यसको शाब्दिक अर्थ नै बाह्य र आन्तरिक पदार्थले रहित चित्तमा निरतिशय आनन्द साथै नित्य अपरोक्ष ब्रह्मात्म भाव साक्षात्कार रूप चमत्कार नै असंशक्ति कहलाउँछ । यसमा अविद्या र तज्जन्य कार्यको सम्बन्ध नै हुँदैन । त्यसैले यस अवस्थालाई असंशक्ति भनिन्छ भनी परिभाषित गरिएको छ ।

दशाचतुष्टयाभ्यासादसंसङ्गफलेन च ।

रूढसत्त्वचमत्कारात्प्रोक्ता संशक्तिनामिका ॥ योगवाशिष्ठ उत्पत्ति- ११८.१२

ज्ञानका चार भूमिका शुभेच्छा, सुविचारणा, तनुमानसा र सत्वापत्तिको भूयोभूयः अभ्यासबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निश्चल र निर्मल बनेको मनमा बाह्य र आन्तर पदार्थ अर्थात् माया र मायाको कार्यको लेश मात्र पनि सम्बन्ध नभई निरतिशय आनन्दको अवस्था नै असंशक्ति नामले परिचित छ ।

६) पदार्थभाविनी

यो ज्ञानको छैटौं भूमिकाअन्तर्गत पर्दछ । असंशक्ति नामक ज्ञानको पाँचौं भूमिकाकै परिपाक र उत्कर्षता पदार्थाभाविनी अनि सातौं भूमिका तुर्यगा पनि हुन् । ज्ञानको छैटौं यस भूमिकामा मनमा सम्पूर्ण पदार्थहरूको दृढ अप्रतीति हुन्छ । अर्थात् सर्वतोभावेन पदार्थसम्बन्धको अभाव रहन्छ । पदार्थहरूको दृढ रूपमा अभाव हुनु नै पदार्थाभाविनी अवस्था हो । यस अवस्थामा पुगेका ज्ञानीजनको देहयात्रा पनि स्वतः हुन्छ भन्ने कुराको उल्लेख पनि उक्त ग्रन्थमा भएको छ । यस भूमिकावाला पुरुषलाई ब्रह्मविद्वर भनिन्छ । यस अवस्थालाई चिनाउँदै -

भूमिका पञ्चकाभ्यासात् स्वात्मरामतया दृढम् ।

आभ्यान्तराणां बाह्यानां पदार्थानामभावनात् ॥

परप्रयुक्तेन चिरं प्रयत्नेनार्थभावनात् ।

पदार्थाभावनानाम्नि षष्ठी सञ्जायते गतिः ॥ योगवाशिष्ठ उत्पत्ति- ११८.१३-१४

पाँचवटै भूमिकाको बारम्बार अभ्यासका कारण स्वात्माराम बनेको पुरुषमा ब्रह्मा र आभ्यन्तर पदार्थको दृढ रूपमा अभाव हुन्छ । पाँचौं भूमिकावाला एकपटक गाँठो पारेको डोरीजस्तो हो भने छैटौं भूमिकावाला दुईपटक गाँठो पारेको डोरीजस्तै हो । पाँचौं भूमिकामा पनि पदार्थको प्रतीति हुँदैन, तर छैटौंमा भने पदार्थको अप्रतीति वा अभाव दृढ रूपमा हुने भएकाले यसको महत्ता अझ बढी छ ।

७) तुर्यगा

यस अवस्थाको व्याख्या गर्दै महर्षि वशिष्ठ भन्नुहुन्छ-

भूमिषट्कचिराभ्यासात् भेदस्यानुपलम्भतः ।

यत्स्वभावैः कनिष्ठत्वं सा ज्ञेया तुर्यगा गतिः ॥ योगवाशिष्ठ उत्पत्ति- ११८.१५

ज्ञानका ६ वटै भूमिकाको चीरकालपर्यन्त अभ्यास भएपछि मात्र द्वैतभाव हट्दछ । नभएको द्वैतभावको मिथ्यात्व निश्चयपश्चात् नै अद्वैत सिद्ध हुन्छ । तिनै अवस्थाबाट मुक्त उन्मुक्त हुनु तुर्यगा अवस्था हो । स्वस्वरूपमा अखण्ड रूपले अवस्थित रहनु नै तुर्यगा हो । जुन अवस्थामा अखण्ड ब्रह्मानन्दानुभूति भइरहन्छ, त्यसैलाई तुर्यगा अवस्थाका रूपमा परिभाषित गरिन्छ । **'तुर्यं जाग्रदादि अवस्थात्रयनिर्मुक्तं शिवं द्वैतं चतुर्थं मन्यते'** भनेर माण्डूक्योपनिषद्ले पनि दर्शाएको छ यो अवस्थालाई । जुन अवस्थामा ब्रह्मानुभूति अखण्ड रहिरहन्छ, त्यसैलाई ज्ञानको सातौं भूमिका या तुर्यगा अवस्थाका रूपमा चिनिन्छ ।

ज्ञानका यी सातै भूमिकाहरू अत्यन्त मननीय छन् । भूमिका शब्दले अवस्था, अवस्थिति दशा वा गति भन्ने अर्थ द्योतन गर्दछ । उपर्युक्त ज्ञानका दशाहरूमा प्रथम तीन भूमिकाहरू अर्थात् शुभेच्छा,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुविचारणा र तनुमानसा साधनकोटिअन्तर्गत पर्दछन् भने अन्य चार (सत्वापत्ति, असंशक्ति, पदार्थाभाविनी र तुर्यगा) चाँहि ज्ञानकोटिअन्तर्गत पर्दछन्। ज्ञानको पाँचौं भूमिकासम्म पुगेपछि जड र चेतनाको ग्रन्थि टुट्दछ। जब चिज्जडग्रन्थी भेदन हुन्छ, तब आत्मानुभव स्वतः रूपमा हुन्छ।

भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशया।

क्षीयन्ते चास्य कर्माणि दृष्ट एवात्मनीश्वरे॥ (भागवत १.२.२१)

आत्मा शरीरबाट सदासर्वदा भिन्न छ। जसरी सुकेको बदामको बाहिरी बोक्रा र भित्री गुदोको सम्बन्ध अलगअलग छ, त्यस्तै आत्मा र शरीरको सम्बन्ध पनि अलगअलग छ। **'असङ्गो नहि सज्जते'**। यी भूमिकाहरूमा उत्तरोत्तर देहाभान बिर्सिइन्छ र अन्त्यमा उन्मत्त दशामा प्राप्त हुन्छ। भागवतमा यस्तो दशा पञ्चमस्कन्धको चरित्रअन्तर्गत ऋषभदेवजीको चरित्रमा देखापरेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदमा भूगर्भ विज्ञान

वेदमा भूगर्भ विज्ञानसँग सम्बन्धित प्रशस्त तथ्यहरू यस प्रकार छन् :

पृथ्वीको सातवटा परत (Strata) ऋग्वेदमा वर्णन भएको छ पृथ्वी आफ्नो गतिमा परिक्रमा गर्दछिन । ती परतहरू परिर्वतनशील छन् । ऋग्वेदको प्रथम मण्डलको २२औं अध्यायको सोहौंमन्त्रमा यो आएको छ ।

अतो देवा अवन्तु नो यतो विष्णुविचक्रमे । पथिव्याः सप्त धामभिः १ २२ १६

मन्त्रमा भनिएको छ । आकर्षण शक्तिको रूपमा भगवान विष्णुले पृथ्वीमा गतिशिल तुल्याउनु भएको छ । जस्मा विष्णुले अणुप्रमाणुलाई सङ्गठित गर्नु भएको छ । पृथ्वी गतिशिल छिन् ।

सप्तधामभिः सात वटा परण एकआपसमा समन्वयका साथ रहेका छन् । पृथ्वीका तीनवटा परतहरू भने कठोर छन् । चार परत चाहीं तरल छन् । पानी ग्यास अग्नि रहेको छ । तिनीहरू सेता कणहरू उत्पन्न गराउने छन् ।

यस्य श्वेता विचक्षणा तिस्रो भूमीरधिक्षितः त्रिरुत्तराणि पप्रतुर्वरुणस्य ध्रुवं सदः स सप्तानामिरंज्यति॥८ ४१ ९

ऋग्वेदमा भनिएका चम्किला उज्याला कणहरू विलक्षण छन् । भूमि आकर्षण शक्तिले गतिशील छन् । जलिउष्माका कारण तिनीहरू ठोस बन्दै गएका छन् । भूमिको कठोरता छ खण्डको छ । त्यसमा तीन खण्ड र चार खण्डमा परतमा एकीकृत गोलो पृथ्वी हो । पृथ्वीको केन्द्रमा अग्निको तेजको वास छ । त्यो तेजको कारणले तरङ्गहरू स्फुलिङ्ग अग्निका झिल्काहरू निरन्तर निक्लिराख्छन् अग्निको तेजोमय वस्त्र या शक्ति नै त्यो उज्यालो पन हो पृथ्वीभित्रको तापले अघि बढ्ने शक्ति प्रदान गरिरहेको छ ।

अन्तरिक्ष तवनाभिः ॥ यजु. ११ १२ ॥

भूगर्भको केन्द्रबाट तेजोमय ऊर्जाले सबै वस्तुहरूलाई आफूमा समेटेको छ । पृथ्वीको गर्भमा भएको शक्तिले पृथ्वी भन्दा बाहिर रहने सबै पदार्थलाई जल तेज वायु वनस्पति मनुष्याको शरीर लतापत्र ढुङ्गा खोला नाला निर्जीव सजीब सबैलाई त्यो अग्निले अड्याएर राखेको छ ।

अग्निवासा पृथ्वी –अथर्ववेद

अथर्ववेदमा भनिएको छ – पृथ्वीमा अग्निको बास भएको हुनाले नै पृथ्वीमा अरू पदार्थहरू अडिन सकेका छन् । पृथ्वीमा गुरुत्व भावले रहेको शक्तिद्वारा सबै वस्तु पद पदार्थ अडिएर रहेका छन् । यजुर्वेदका धेरै मन्त्रहरूमा उल्लेख गरिएको छ । अत्यन्त शक्तिशाली अग्निले विभिन्न प्रकारको रसहरू वनस्पतिमा अजस्र भर्दछिन् । रस पृथ्वीमा भिन्नभिन्न प्रकारका वनस्पतिको बिउ अनुसार फल्ने फूल्ने फक्रिने बीऊको गुण धर्म अनुसार त्यो बीऊको रस स्वाद प्राप्त हुन्छ । पृथ्वीमा अथाहा शक्ति छ । पृथ्वीभित्र प्रशस्त कणकणमा अथाहा शक्ति भरिएको छ ।

पृथ्वीमा प्राकृतिक ग्याँस

यजुर्वेदमा पृथ्वीभित्र भूगर्भिय अग्नि पुरीष्य अग्नि रहेको मन्त्रमा उल्लेख छ । यजुर्वेदको ११औं अध्यायको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२८ मन्त्रमा भनिएइको छ । अति ज्वलनशील पृथ्वीभित्र रहेको छ । त्यो ग्यासको रूपमा तेलको रूपमा कोइलाको रूपमा माटोको तेल पीत तेल पेट्रोल आदि नामबाट प्राप्त गर्न सकिन्छ । कालो अङ्गार कोइला पृथ्वीको भूगर्भभित्र रहेको छ । त्यसमा अथाहा शक्ति छ । पृथ्वीले त्यसलाई धारण गरेकी छन् ।

मातेव पुत्रं पृथ्वी पुरीष्यमग्निं स्वे योनावभारुखा । यजु. १२ ६१ ।

यजुर्वेदमा प्राकृतिक अग्नि पुरीष्यअग्नि निकालेर प्रयोग गर्न सकिन्छ । भनिएको छ । भूगर्भिय अग्निका आविष्कारक या खोज कर्ता अथर्वन ऋषि हुन । ती नै अथर्वन ऋषिबाट पृथ्वीभित्रको सम्पूर्ण प्राकृतिक शक्तिहरू रहेको कुरा मन्त्रमा प्राप्त गर्न सकिन्छ । अहिले अँग्रजीमा Earth भनिन्छ । त्यो Earth नै अथर्वन ऋषिले प्राप्त गरेका हुन् । यजुर्वेदमा भनिएको छ । **'विश्वभरा'** विश्वभरि त्यो अग्नि द्वारा जनहित, लोकहित पोषक शक्तिप्रदायक रहेको वर्णन पाइन्छ । जलमा पनि अग्निको वास रहेको छ । अत्यन्त बल्ने अग्निका कणहरू समुद्रमा छन् । त्यो बाट पनि तेजोमय ऊर्जा निकाल्न सकिन्छ ।

अग्निं समुद्रवाससम् । ॥ऋक्.८ १०२ ४॥

अग्नि समुद्रमा वास गर्दछिन् । भूगर्भभित्र अग्नि प्रज्वलित छिन भने पानीमा पनि अग्नि को शक्ति रहेको छ । आधुनिक समयमा हाइड्रोसिटी (Hydro Power) विद्युत निकाल्ने प्रकृया वेदमा पाइन्छ । पृथिवीभित्र र बाहिर अथाहा शक्ति छ । तेजोमय शक्ति छ । त्यो शक्तिले दुईवटा ऊर्जाहरूलाई समान रूपमा विस्तार गर्दछ । भित्री शक्ति Positive बाहिरी शक्ति (बरुणशक्ति) Negative शक्तिले काम गरिरहेका छ। अथवा प्लस र माइनस समानान्तर गतिहुँदा विद्युत बल्दछ । त्यसलाई व्यवस्थीत गर्न न्यूट्रल मध्यस्ताकर्ता शक्तिको रूपमा रहेको छ । विद्युत बल्नलाई नेगेटिम र पोजेटिभ न्युट्रल तीनवटा शक्तिको समान सन्तुलनले ऊर्जा गतिशील हुन्छ ।

समुद्रबाट निकालिएको अग्निले पृथिवी झलमल हुन्छ । रात्रिमा पनि उज्यालोको अनुभूति हुन्छ। मध्यरात्रिमा पनि ताराहरू चम्किएको जस्तो तेज पृथिवीमा देख्न सकिन्छ । त्यो तापलाई पोषक विस्तारक ध्वनी चित्र रङ्ग सम्वाहक भनिएको छ । अहिले टिभी रेडियो बल्बसहित विभिन्न प्रकारका उपकरणहरूको निर्माण त्यही अग्निको शक्तिबाट भएको छ ।

पृथिवीभित्र विभिन्न प्रकारका धातु र खनिजहरू पनि छन् ।

यजुर्वेदको १८ अध्यायको १३ मन्त्रमा भनिएको छ– **हिरण्यं च मेऽयश्च मे श्यामं च मे लोहं च मे सीसं च मे त्रपु च मे यज्ञेन कल्पन्ताम् ।** भूगर्भभित्र सुन, चादि, फलाम सिसा आदि गरेका धातुहरू छन् । यी धातूहरू यज्ञका लागि कल्पित छन् । भूगर्भभित्र विभिन्न प्रकारकाका मणि सुवर्ण आदि गरेको पदार्थहरूको भण्डार छ । भूगर्भभित्र रहेको कुवेरको खजाना मणि माणिक्य पन्ना नीलम पुष्पराज सहित अत्यन्त बहुमूल्य सामग्रीहरू पृथिवीको गर्भमा रहेका छन् । पृथिवीको गर्भभित्र विशाल ठूलो खजना छ । विभिन्न प्रकारका बहुमूल्य सामग्रीहरूका अधिष्ठाता विश्वगर्भा हुन् ।

समुद्रमा रत्न भण्डार

चतुः समद्रं धरुणं रयीणाम् ॥ ऋक्. १० ४७ २

समुद्रको गर्भभित्र अथाहा रत्न भण्डार छ । त्यो रत्नले संसारको कल्याण गर्दछ । समुद्रमा पाइने मोति मुगाआदि गरेका रत्नहरू समुद्रमा पाइने कीराबाट मिल्दछ । पर्वतमा पनि रत्नको भण्डार छ । हिमालयको काखमा पनि विभिन्न प्रकारका खनिजहरू रत्नको रूपमा प्राप्त गर्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पौरस्त्य शिक्षामा ६४ विद्या (कला)

वैदिक सनातन शिक्षा पद्धतिमा मानवका सर्वाङ्गिण विकासका लागि शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको वैदिक शिक्षा पद्धतिमा सिकाइ, प्रयोगात्मक, व्यवहारिक, समायानुकुल, युगानुकुल, समाज सापेक्ष शिक्षाको चर्चा गरेको पाइन्छ। गुरुकुलमा पढ्ने विद्यार्थीको शारीरिक, मानसिक, चारित्रिक, सर्वाङ्गिण विकासको शिक्षाले सबल नागरिक निर्माण गर्न सक्दछ। ६४ कलाको शिक्षाले विद्यार्थीको जिवनमा आमूल परिवर्तन ल्याउँदछ।

सनातन वैदिक साहित्यमा ६४ कला (विद्या)को विषयमा व्यापक चर्चा भएको पाइन्छ। असल साधनाको आलोक र सबल नागरिक बन्नका निमित्त ६४ कलाको ज्ञान अति आवश्यक पर्दछ।

१. **वेद विद्या :** छन्द, उच्चारण र लयका साथमा वेदमन्त्रहरूको अध्ययन, जटा, घन, विकृत आठ प्रकारको प्रक्रिया वेद विद्याको अध्ययन गरिन्छ, चार वेद उपवेद व्यवस्थित अध्ययन गर्ने।

२. **ब्रह्म विद्या :** उपनिषद्मा भएको ब्रह्मविद्यालाई विशेष रूपले अध्ययन, मनन, चिन्तन र निदिध्यासन गर्ने।

३. **राजयोग विद्या :** योगहरूमा राजयोग महत्त्वपूर्ण योग हो। मनको एकाग्रता, धारणा, ध्यान र समाधि सम्बन्धि अध्ययन र अनुशीलन गर्दै साधनामा तत्पररहने योग विद्या।

४. **हठयोग विद्या :** विभिन्न प्रकारका आसन, साधनाबाट शरीर र मनलाई स्वस्थ र निरोग राख्नका लागि प्राणायाम आदि विविध क्रियाहरूको प्रयोगात्मक अवस्थामा साधक स्वयंलाई लाने प्रक्रिया। बारेमा चर्चा तथा अभ्यास

५. **अभावयोग विद्या :** चित्तलाई शून्य बनाउने प्रक्रियागत साधनाको अभ्यासबाट जीवनमुक्तिको अनुशीलन गर्ने, स्वस्वरूपमा अवस्थित भई आत्ममूल्याङ्कन गरी परंशान्ति प्राप्त गर्ने स्वयं प्रकाशित गर्ने।

६. **महायोग विद्या :** आफ्नो चित्तभित्र भएको विश्वलाई विलीन गराएर आनन्दमय चेतना जागरण गर्ने विद्या

७. **स्वर विद्या :** श्वासप्रश्वासका साथमा शरीरभित्र चल्ने इडा, पिङ्गला र सुसुम्ना आदिको जानकारी प्राप्त गरी स्वरतन्त्रमा केन्द्रित भई चिन्तन र कर्मका बारेमा अध्ययन। इडा, पिङ्गला र सुषुम्ना यी तीन नाडीलाई नियन्त्रित गरी धर्म, अर्थ, काम र मोक्ष प्राप्तिको प्रयत्न गर्ने, भूत, भविष्य र वर्तमानको बोध गर्ने।

८. **नादयोग विद्या :** अनाहत ध्वनि तथा प्राकृतिक सृजित सङ्गीत, जलवर्षा, बतास, वृष्टि, चराचुरुङ्गीबाट उत्पन्न भएको शब्द, खोलाको कलकल ध्वनि आदि प्राकृतिक तत्त्वहरूबाट उत्पन्न शब्दहरूमा चित्त लगाइ योग गर्ने

९. **कर्मयोग विद्या :** निष्काम कर्मको अभ्यासद्वारा आत्मशुद्धि गरी कसरी मुक्तिका मार्गमा अघि बढ्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो, त्यसको सैद्धान्तिक तथा व्यावहारिक उपायहरू खोज्ने विधा ।

१०. **ज्ञानयोग विद्या :** विवेक र विचारद्वारा नित्य र अनित्य, शाश्वत र अशाश्वत दुई तत्त्वलाई छुट्याएर परम तत्त्वको अनुसन्धान गर्ने विद्या

११. **विन्दुयोग विद्या :** लक्ष्यमा (परमात्मा) एकाग्र भई मन्त्र, पूजा, आरती, न्यास, पुरश्चरण, हवनादिद्वारा आफ्नो दुःख, कष्ट, दैविक विघ्नबाधा र अशुभ तत्त्वहरूलाई पन्छाउने

१३. **ज्योतिष विद्या :** ग्रह गतिअनुसार भूत, भविष्य र वर्तमानको ज्ञान गर्ने मानवको प्रारब्ध भाग्यगणना र फलश्रुति आदिको ज्ञान ।

१४. **ज्योतिर्विद्या :** खगोलिय ग्रहहरूको गति, चाल र उनीहरूको परिक्रमा तिथि, बार, नक्षत्र, योग र करण पञ्चाङ्ग ग्रहगणितानुसार आकाश गङ्गा नक्षत्र र तिनका गतिविधिका बारेमा अध्ययन गर्ने ।

१५. **व्याकरण विद्या :** भाषाको शुद्धाशुद्ध ज्ञान, वाक्य निर्माण, भाषार्थ ज्ञान, लिङ्ग, समास, काल शब्द संयोजन, प्रस्तुति, भाषको वैज्ञानिक प्रयोग ।

१६. **छन्द विद्या :** संस्कृत वाङ्गमयमा रहेका प्रयोग भएका विविध छन्द साहित्यका अनुंष्टुप, जगति त्रिष्टुपादि स्वर व्यञ्जन वर्णका छन्द प्रयोग, विविध काव्यसम्बन्धि छन्दको ज्ञान ।

१७. **अङ्कगणित :** अङ्क ज्ञान, जोड, घटाउ, गुणन, भाग सहित हिसाब गर्ने प्रक्रियाको बारेमा ज्ञान

१८. **बीजगणित :** क, ख आदिको संकेतलाई लिएर हिसाब गर्ने प्रक्रिया जसलाई अङग्रेजीमा Algebra भनिन्छ ।

१९. **ज्यामिति :** दैर्घ, प्रस्थ, उच्चता, परिधि, वेध आदि परिमापन गर्ने विद्या ज्ञान रेखागणित जसलाई **(त्रिकोणमिति/ज्यामिति)** त्रिभुज र तीन कोणलाई आधार लिएर हिसाब गर्ने ज्ञान ।

२०. **आयुर्वेद विद्या :** मानिसलाई निरोगी बनाउ शल्यचिकित्सा सहति आयुष्यवृद्धिका लागि गरिने उपचार, जडिबुटी औषधी ज्ञान, नाडी ज्ञानबाट रोगको प्रभावको जानकारी त्रिदोष वात, पित्त र कफजनित शरीरमा पर्ने प्रभावको ज्ञान ।

२१. **अर्थशास्त्रस :** अर्थसँग सम्बन्धित ज्ञान मुद्रा, विनिमय, बजार, मूल्यनिर्धारण, आयत, निर्यात, निर्धारण, बजार व्यवस्थापन, उपभोक्ता उपभोग्य सामग्रीको ज्ञान आर्जन गर्ने विद्या ।

२२. **नीतिशास्त्र :** जीवनमा नीतिको प्रयोग, सदाचार नैतिक सामाजिक शिक्षा, प्राकृतिक विषयहरूको उपमासहति नीतिगत, चरित्र निर्माण गर्ने, कर्मक्षेत्रमा सफल हुनका लागि विभिन्न नीतिहरूको ज्ञान ।

२३. **राजनीतिशास्त्र :** राष्ट्र, राज्य, सञ्चालनका नीतिगत विषयको जानकारी कार्यपालिका, विधायिका, न्यायपालिकाको जानकारी राष्ट्र र जनताको जीवनमा सर्वाङ्गीण सुखी शान्ति संवृद्धि प्राप्तिका उपाय विधिसम्मत नियम, कानुनको जानकारी ।

२४. **रसायन विद्या :** रस रसायन जडीबुटी तथा खनिजबाट उत्पन्न भएका रसहरूको व्यावहारिक प्रयोग तथा त्यसका प्रयोगले मनुष्यलाई दीर्घायु बनाउने प्रक्रिया ।

२५. **स्थापत्य कला :** उपवेद–स्थापत्यवेद अन्तर्गत मनुष्यालय, देवालय, औषधालय, जीवालय (गौशाला)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षालय आदि नगर ग्राम निर्माणको ज्ञान भवन निर्माण गर्ने प्रक्रियाको ज्ञान ।

२६. **चित्रकला :** विभिन्न रङ्गहरूको संयोजन गरेर चित्राकृति निर्माण गर्ने तैलियचित्र, वृक्ष वनस्पतिका चित्र, मनुष्याकृति चित्र, चित्रकारिताका विविध आयामहरूको ज्ञान ।

२७. **लौह कला :** भूगर्भभित्र प्राप्त हुने खनिज पदार्थ फलामलाई प्रयोग गर्ने विभिन्न प्रकारका सामग्रीहरू निर्माण गर्ने फलामको गुण, धर्मको प्रायोगसँग सम्बन्धित ज्ञान गर्ने विद्या ।

२८. **ताम्र कला :** तामा प्रयोग गर्ने, भूगर्भभित्र प्राप्त हुने खनिज पदार्थ तामालाई प्रयोग गर्ने विभिन्न प्रकारका सामग्रीहरू निर्माण गर्ने तामाको गुण, धर्मको प्रायोगसँग सम्बन्धित तामाका भाँडा आदि निर्माण गर्ने ।

२९. **स्वर्ण कला** सुनलाई विभिन्न रूप दिने, सुन प्रयोग गर्ने, भूगर्भभित्र प्राप्त हुने खनिज पदार्थ सुनलाई प्रयोग गर्ने विभिन्न प्रकारका सामग्रीहरू निर्माण गर्ने सुनको गुण, धर्मको प्रायोगसँग सम्बन्धित सुनका गरगहना आदि बहुमूल्य सामग्री निर्माण गर्ने ।

३०. **काष्ठ कला :** काष्ठकलामा आकृतिहरू निर्माण गर्ने, काठलाई प्रयोग गरेर विभिन्न प्रकारका उपयोगी सामग्रीहरू निर्माण गर्ने, काठको गुण धर्म त्यसको प्रयोगको बारेमा ज्ञान गर्ने ।

३१. **पदार्थ विद्या :** पदार्थहरूको गुण धर्म पारद (मर्करी) को प्रयोग, पदार्थबाट उत्पन्न भएका विविध शक्तिहरू र रासायनिक प्रतिक्रियाहरूको जानकारी ।

३२. **धनुर्विद्या** :धनुर्वेदमा वर्णन गरिएका विविध रणनीतिक कला मन्त्रसहित धनुर्वाण युद्धमा प्रयोग हुने विभिन्न प्रकारका हातहतियार चलाउने ज्ञान ।

३३. **युद्ध कला :** युद्धमा शत्रु पक्षलाई पराजित गर्ने उद्देश्यले विविध कलाकौशलका आफ्ना सेनाहरूलाई संयोजित र संघवद्ध गरी शंख, चक्र, हंस आदि विविध व्यूहरचना गर्ने प्रक्रिया । लडाइँको वेला जटिल परिस्थितिमा कुन वेला कुन जुक्ति प्रयोग गर्ने हो त्यस विषयमा ज्ञान प्राप्त गरी युद्ध विजयी हुने कला ।

३४. **निरुक्त :** हरेक शब्दको उत्पत्ति त्यसको ज्ञान गर्ने मात्र मात्रिका शब्द प्रयोगात्मक विद्या ।

३५. **उदभिद् विद्या :** रुख विरुवाहरूको अस्तित्त्व उनीहरूको गुण धर्म बीऊ बिजनको रोपण रक्षण मार्जन भण्डारण गने ज्ञान ।

३६. **पशु विद्या :** विविध पशुपक्षीहरूलाई वश गर्ने र त्यसको भाषा पनि बुझ्न सक्ने ज्ञान । चितुवा, बाघ, भालु, वनचर विभिन्न पशुहरूको वासस्थान रहनसहन र उनीहरूको गतिविधिको वारेमा जानकारी प्राप्त गर्ने विद्या ।

३७. **पक्षी विद्या :** विविध पक्षीहरूलाई वश गर्ने र पक्षीको भाषा पनि बुझ्न सक्ने, उनीहरूलाई वसमा पारी उनीहरूबाट सन्देश आदान प्रदान गर्ने वाज, परेवा, डाँफे, मयुर, विभिन्न पक्षीहरूको वासस्थान रहनसहन र उनीहरूको गतिविधिको वारेमा जानकारी प्राप्त गर्ने विद्या ।

३८ **जीव विद्या :** गौ, घोडा, हात्तिसहित घरपालुवा जनावरहरूको ज्ञान प्राप्त गरी उनीहरूको औषधी उपचार गर्ने विद्या

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३९. **कामशास्त्र :** विविध प्रकारका पुरुषस्त्रीको शारीरिक बनावट शरीरका लक्षण, विविध आसन आदिद्वारा गर्भधान प्रयोगात्मक ज्ञान गर्ने दाम्पत्य जीवनमा कामकला विषयको ज्ञान ।

४०. **शस्त्र विद्या :** विविध प्रकारका हातहतियार प्रयोग, हतियार निर्माण, भण्डारण, आत्मरक्षा र हातहतियारको प्रयोग खड्ग, मुसल, तरवार, चक्र, गदा, मुद्गर, तोमर आदि जस्ता विविध अस्त्रहरूलाई शत्रु उपर प्रयोग गर्ने विद्या

४१. **वस्त्र निर्माण कलां :** विविध प्रकारका वस्त्रहरूलाई बनाउने, रङ्ग्याउने, तान बनाउनें, कपडा सिलाउने, मिलाउने आदिको ज्ञान गर्ने विद्या ।

४२. **रत्न परीक्षण कला :** विविध प्रकारका मोति माणिक्य पुखराज पन्ना नीलम लाजवर्थ हिरा आदि बहुमूल्य रत्न परीक्षण प्रयोग र उपयोगिता रत्नको गुण धर्मको जानकारी गर्ने कला

४३. **कृषि विद्या :** फलफूल, जडिबुटी, धान, मकै, गहूँ, जौ, तिल र विविध आवश्यक सागसब्जीहरू उत्पन्न गर्ने र कृषिका विविध आयामहरूको जानकारी प्राप्त गर्ने विद्या

४४. **सामुद्रिक शास्त्र :** कपालदेखि नङ्सम्म मानिसका शरीरको विविध अङ्गहरूलाई अध्ययन गरी व्यक्तिको स्वभाव र प्रवृत्ति पत्ता लगाउनु

४५. **अश्व विद्या :** अश्व आरोहण, घोडालाई वशमा गरी युद्ध आदि विविध कर्ममा प्रयोग गर्ने विद्या

४६. **छल विद्या :** छलकपटको प्रयोगबाट साम दाम दण्ड भेद नीतिको प्रयोगबाट विविध प्रकारका कार्यसिद्धि गर्ने कला, लुक्ने, हराउने, स्वरूप परिवर्तन गर्ने, सृङ्गारपटारबाट रूप परिवर्तन गर्ने विद्या ।

४७. **भू-विद्या :** भूगर्भभित्रको विविध गतिविधि ग्यास, पेट्रोल, कोइला पृथ्वीबाट प्राप्त हुने तथा प्रयोग गर्न सकिने सबै वस्तुहरूको बारेमा ज्ञान

४८. **वास्तुशास्त्र :** सम्पूर्ण भौगोलिक बनावटअनुसार विभिन्न प्रकारका पूर्व, पश्चिम, उत्तर दक्षिणसहित सबै उपदिशाहरूको बारेमा जानकारी प्राप्त गरी गृहनिर्माण गृहको बनावट घरको आन्तरिक साजसज्जा विविध प्रकारका सामग्रीहरूको प्रयोग गर्ने ज्ञान ।

४९. **मन्त्र विद्या :** भौतिक तथा आध्यात्मिक जीवनमा विभिन्न विघ्नबाधा दूर गर्नलाई मन्त्रको प्रयोग साथै मन्त्रसाधना गरी देवदेवीलाई खुशी पारी आफूलाई मुक्त पार्ने विद्या

५०. **भूतप्रेत पिचाश विद्या :** इहलोक, परलोकमा गएका मृत्आत्महरूसँग सम्पर्क गर्ने मारण मोहन स्तम्भन, बशीकरण आदि प्रयोग गर्ने, राम्रा नराम्रा विविध आत्माहरूको अध्ययन र उनीहरूको साथमा सम्पर्क गर्ने ज्ञान ।

५१. **देव विद्या :** देवताहरूको मन्दिर निर्माण, प्रतिमा लक्षण, प्रतिमाको स्थापना पूजा अर्चन स्तुति आदिद्वारा खुसी पार्ने विद्या ।

५१. **गन्धर्व विद्या :** नृत्य, गीत, वाद्यसहित सप्तस्वर (सा रे ग म प ध नि सा)को प्रयोग नृत्यआदि विविध प्रकारका मुद्राहरूको ज्ञान, वाद्यवादन ढोल, मृदङ्ग, तबला, मादल, आदि विविध सङ्गीतका वाद्यवादन प्रयोग गर्ने विद्या ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५२. **मन्त्रणा विद्या :** राजादेखि सामान्य नागरिक जनतासँग परामर्श सल्लाह सुझाव दिनेलिने सल्लाह, विशेषज्ञ मध्यस्थ कर्ता लिएर आवश्यक पर्दा सबैलाई मन्त्रण गर्ने सर्वस्वीकार्य सल्लाह दिने कला ।

५३. **अग्नि विद्या :** अग्निलाई गृहकार्यदेखि युद्धसम्म सबै स्थानमा प्रयोग गर्ने, अग्नीको गुण धर्म विभिन्न प्रकारका अग्निका माध्यमबाट युद्धमा विजय प्राप्त गर्ने ज्ञान ।

५४. **पाक विद्या :** भोजन निर्माण हजारौ हजार समुदायलाई भोजन निर्माण गर्ने, अन्नको रसको जानकारी सुस्वादु भोजना निर्माण ८४ व्यञ्जनको निर्माण गर्ने ज्ञान ।

५५. **सम्मोहिनी विद्या :** मानव चित्तलाई मोहित पारेर आफ्नो काम सिद्ध गर्ने तन्त्रमन्त्र प्रयोगबाट मानवचित्तको वशीकरण प्रयोग गर्ने ज्ञान ।

५६. **आप विद्या :** हावा, माटो, पानी, प्रकाश, ताप आदिबाट विविध प्रकारका जटिल रोग निको पार्ने प्राकृतिक चिकित्सा विधिद्वारा प्रकृतिमा रहेका विविध प्रकारका पदार्थहरूको संयोजनहरूबाट उपचार गर्ने ज्ञान ।

५७. **श्रृङ्गार कला :** विभिन्न प्रकारका श्रृङ्गार, केश साजसज्जा पुरुष, स्त्री, बालवृद्ध सबैलाई श्रृङ्गारद्वारा सुन्दर बनाउने कला ।

५८. **धूत विद्या :** जुवा पाशा विविध प्रकारका कौडाहरूलाई प्रयोग गरेर खेल्ने कला ।

५९. **स्वप्नलक्षण विद्या :** सयनावस्थामा देखिएका स्वप्नहरूको मूल्यांकन शुभ अशुभ लक्षण छुट्याउने ज्ञान ।

६०. **प्रशासन विद्या :** राजनीति प्रयोग साम, दाम, दण्ड, भेद न्याय व्यवस्था आदिद्वारा राष्ट्रमा प्रशासन चलाउने ज्ञान कार्यपालिका, न्यायपालिका विधायिकाको समन्वय गर्ने ज्ञान ।

६१. **साहित्य कला :** कथा, कविता, उपन्यास र लेख आदि सृजन गर्ने प्रक्रिया

६२. **रज्जु कला** : डोरी आदिको माध्यमबाट पहाड पर्वत चढ्ने, समुद्र, नदिनाला आदिमा पौडी खेल्ने ज्ञान ।

६३. **पुष्पसञ्चयन कला :** विविधप्रकारका वृक्षवनस्पति फूलपातहरू प्रयोग गरेर विभिन्न प्रकारका मालाहरू बनाउने कला ।

६४. **सन्तान प्रतिपादन विद्या :** आफूले चाहे बमोजिम सन्तान जन्माउने र त्यसलाई कसरी प्रतिभावान् र बुद्धिमान बनाउने भन्ने बारे व्यावहारिक विद्या ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तान्त्रिक ग्रन्थमा ६४ उपकला

१. वाद्यम् , २ नृत्यम्, ३ नाट्यम् ४ आलेख्यम् ५ विशेषकच्छेद्यम् ६ भोजनपाक विद्या ७ पुषास्तरणम् ८ दशनवसनाङ्गरागाः ९ मणिभूमिका कमर्म्म १० शयनरचनम् ११ उदकवाद्यम् १२ उदकघातः १३ चित्रायोगः १४ माल्यग्रन्थनविकल्पाः १५ शेखरापीडयोजनम् १६ नेपथ्ययोग १७ कर्णपत्रभङ्गाः १८ गन्धयुक्ति १९ भूषणयोजनम् २० ऐन्द्रजालम् २१कौचुमारयोगाः २२ हस्तलाघवम् २३ त्रित्रशाकपूपभक्ष्यविकार क्रिया २४ पानक रस रागासवयोजनम् २५ सूचिवापकर्म्माणि २६ सूत्रक्रीडा २७ प्रहेलिका २८ प्रतिमाला २९ दुव्वचकयोगाः ३० पुस्तकवाचनम् ३१ नाटिकाख्यायिका दर्शनम् ३२ काव्यसमस्या पूरणम् ३३ पट्टिकावेत्रवाणविकल्पाः ३४ तर्ककर्म्माणि ३५ तक्षणम् ३६ वास्तुविद्या ३७ रूपयरत्नपरीक्षा ३८ धातुवादः ३९ मणिरागज्ञानम् ४० आकारज्ञानम् ४१ वृक्षायुर्वेद ज्ञानम् ४२ मेषकक्कुट लावक युद्धविधिः ४३ शुक शारिका प्रलापनम् ४४ उत्सादनम् ४५ केशमार्जनकौशलम् ४६ अक्षरमुष्टिका कथनम् ४७ म्लेच्छितिक विकल्पाः ४८ देशभाषाज्ञानम् ४९ पुष्पशकटिकानिमित्तज्ञानम् ५०यन्त्रमाकृका ज्ञानम् ५१ धारणमातृका ज्ञानम् ५२ सम्पाट्चम् ५३ मानसीकाव्यक्रिया ५४ क्रिया विल्पाः ५५ छलितकयोगाः ५६ अभिधानकोषच्छन्दज्ञानम् ५७ वस्त्रगोपनानिज्ञानम् ५८ द्यूतविशेषः ज्ञानम् ५९ आकर्षणक्रीडा ६० बालकक्रीडाज्ञानम् लालनपालन ६१ वैनायिकीज्ञानमं विद्याज्ञानम् ६२ वैजयिकीनां विद्यानां ज्ञानम् ६३ वैतालिकीनां विद्यानांज्ञानम् ६४ गीतम् सप्तस्वर ज्ञानम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीव विकास र षोडश कला



नीतिशतकमा भर्तृहरिले **साहित्य संगीत कलाविहीन**... भन्दै साहित्य, संगीत, कला र सीप नभएको व्यक्ति सिङ र पुच्छरविनाको पशुसमान हो भन्नुभएको छ । कुनै व्यापार व्यवसाय या कुनै कार्य गर्नुपूर्व त्यससम्बन्धी कला या ज्ञानको आवश्यकता पर्दछ । देवताहरूको विषयमा पनि **रामस्तु भगवान् स्वयं, कृष्णस्तु भगवान् स्वयं, शिवस्तु भगवान् स्वयं**, भनेर शिवपुराणमा उल्लेख गरिएको छ । ब्रह्मा षोडशकलाले युक्त छन् भन्ने कुरा वेद या उपनिषद्मा पाइन्छ । कला सर्वव्यापक हो । यो दृश्यवान् सम्पूर्ण चराचर जगत्मा थोरै अथवा धेरै कलाले युक्त हुन्छ । पशुपक्षी पनि आफ्नै कलाले युक्त हुन्छन् । साथै वृक्षलताहरू पनि आफ्नै कलामा रहन्छन् । स्पष्ट रूपमा कलाद्वारा सम्पूर्ण सृष्टिको प्रादुर्भाव देख्न र बुझ्न सकिन्छ । शास्त्रहरूमा वर्णन गरिएको छ- संसारसृष्टिको रचनाक्रममा सर्वप्रथम अन्नकलाको विकास भयो । यसबाट उद्भिज जगत्, वृक्ष, लता, गुल्म, वनस्पति आदिको उत्पत्ति भयो । उद्भिजमा यही कलाको प्रभुत्व छ । पृथिवी, जल, तेजबाट आफ्नो आहारा लिनु र बढ्नु फैलिनु यो कलाको विशेषता हो । वृक्षादिले आफ्नो आहार पृथिवीबाट ग्रहण गर्दछन् र बढ्दछन् । यदि यिनीहरूलाई यो कलादेखि वञ्चित गराइयो भने मर्दछन् । अन्नमय कलाको विकासको कारणले नै यी वनस्पति, औषधि, वृक्ष लता आदिमा अन्नको प्रमुख गुण, शक्ति, पौष्टिक र स्फूर्ति आदिले युक्त छन् तथा समस्त प्राणीद्वारा अन्न, वनस्पति, औषधि लताको गुल्मबाट प्राणीहरू जीवित छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वेदज : जुम्रा, लिखा, भाइरस, ब्याक्टेरिया र विभिन्न जीवाणु, कीटाणु आदि ससाना दृश्यादृश्य प्राणीमा अन्नमय कलाका साथ प्राणमय कलाको पनि विकास भएको पाइन्छ । प्राणमय कलाको अभावमा वृक्ष आदिले स्थावर अथवा जडतालाई प्राप्त गरेका छन् । प्राणकलाको कारणले नै श्वेदज उद्भिज यी जीवहरू हिँड्न, उफ्रिन, कुद्न र उड्न सक्दछन् र आफ्नो आहाराको आफैं व्यवस्था गर्दछन् ।

अण्डज : अण्डजमा चरा, सर्प, मयुर जो अण्डा या फुल फोरेर उत्पन्न हुन्छन्, प्राणको अतिरिक्त मनोमय कला अरू विकसित भएको पाइन्छ । यिनीहरू जहाँ पनि खाना, पिउन र उड्न, उफ्रिन धेरै कामहरू गर्न सक्दछन् । यिनीहरूमा मनोमय कलाको विकासको कारण एक विशेषता थपिएको छ । त्यो हो सुखदु:खको अनुभव गर्नु । परेवाको जोडी, चखेवाचखेवीको प्रेमको कथा, नाग र नागिनको जोडा, सर्पको क्रोध, बदलाको भावना लिने प्रवृत्ति, सिन्कासिन्का जम्मा गरेर चराले बनाउने गुड्, कोइलीले बच्चाको स्याहारसुसार गरेको कुरा, चराचुरुङ्गीआदिले फुल पार्नु, आफ्ना सन्तानलाई प्रेम गर्नु, जोडाजोडीमा प्रेम विकसित हुनु, मेघ गर्जनासाथ मयुर फुरुङ्ग हुनुले अण्डजमा सुखदु:खको अनुभव गर्ने कला बढेको पाइन्छ।

जरायुज (पिण्डज) : पशु आदि पूर्ववर्ती उद्भिज श्वेदज र अण्डजको अपेक्षा विज्ञानमय कला समावेश भएको पाइन्छ । यही कलाको कारणले पशुहरू केही मात्रामा ज्ञानी हुन्छन् । घोडा, कुक्कुरमा रहेको स्वामीप्रति असीम भक्ति, हात्तीको इमान्दारिता र नैतिकता, बाँदरको चकचके पनका साथसाथै अरूलाई जिस्क्याउने र राम्रो या नराम्रो व्यवहार गर्ने प्रवृत्ति, बाँदरको मनुष्यको जस्तो चेष्टा, हात्तीको वखानमा हात्तीको नायकले आफ्नो समूहको नेतृत्व गर्ने प्रवृत्ति, गाई, भैंसी, भेडा, बाखाआदि घरपालु जनावरहरू दिनभर जंगलमा चरेर आफ्नो घर/गोठ चिनेर फर्किने प्रवृत्ति, बाघ, भालु इत्यादिले केही कुरा सिकाएर त्यसअनुसारको चटके देखाउने र कुनै कुरालाई सिक्ने प्रवृत्ति विज्ञानमय कलाले नै उनीहरूभित्र रहेको विज्ञानमय कलाको विकासले नै सम्भव भएको हो । मनुष्यको सृष्टि भने यिनीहरूभन्दा अलौकिक प्रकारले भएको छ । मनुष्यमा अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र पाँचौं कला आनन्दमयको साथसाथै अन्य दुई कला पनि विकास भएको देखिन्छ । यो सात कलाले युक्त भएको मनुष्य योनि हो। अतिशायिनी, विपरिणामिनी, सङ्क्रामिणीआदि कला शुभकर्म र संस्कारका कारण तथा जप, तप, योग, शास्त्रादि साधनाबाट प्राप्त हुन्छ । अतिशायिनी कला विशिष्ट मनुष्य ती असाधारण कार्य गर्न समर्थ हुन्छ। जो साधारण मनुष्यले कल्पना गर्न पनि गाह्रो हुन्छ । श्री आद्यगुरु शंकराचार्यले बाह्र वर्षभित्र शास्त्रसहितको अध्ययन गर्नु, सम्पूर्ण वेद, उपनिषद्आदिको ज्ञान गर्ने अवस्था प्राप्त गर्नुभएको थियो ।

विपरिणामिनी संक्रामिणी कला : प्राय: योगी तथा साधकहरू अथवा अनन्य निष्ठा भएका भगवान्का भक्तहरूमा विकास हुन्छ । यिनीहरूको सहायताले असाध्य कार्य पनि सम्भव भएको देखिन्छ । अणिमा, महिमा, लघिमा, प्राप्ति प्राकाम्य आदि गरेका अष्टसिद्धिहरू यिनीहरूबाट प्राप्त हुन्छन् । जसले गर्दा योगीहरू आफ्नो शरीरलाई जहाँ पनि पुऱ्याउन समर्थ हुन्छन् । आद्यगुरु शंकराचार्य शास्त्रार्थमा भोगविषयको जानकारी प्राप्त गर्न नसकेर एउटा मृत राजाको शरीरमा प्रवेश गरेर रानीसँग भोग गरेर भोगको बारेमा ज्ञान प्राप्त गर्नुभयो र शास्त्रार्थ गर्नु हो । युद्धको प्रत्यक्ष जानकारी सञ्जयद्वारा प्राप्त गर्नु त्यो सिद्धि भनेको दूरदृष्टि र दूरश्रवणको सिद्धि हो । यो त भयो मनुष्यको कुरा । अब यहाँभन्दा माथि नौ देखि सोह्र कलासम्मको विकास र अवतारमा बाँकी अवशिष्ट कलाको नाम निम्नप्रकार रहेका छन् - ९.प्रभ्वी, १०. कुन्ठिनी, ११.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विकासिनी, १२. मर्यादिनी, १३. संघ्रादिनी, १४. आह्लादिनी, १५. परिपूर्णा, १६. स्वरूपावस्थिति ।

९. **प्रभ्वी :** कर्तुं, अकर्तुं, अन्यथाकर्तुं सर्वशक्तिमान् हुनु । जस्तो नरहरि (नृसिंह भगवान्) अभूतपूर्व तथा अश्रुतपूर्व ।

१०. **कुण्ठिनी :** पाँच महाभूत र विषादिको शक्तिलाई अक्षम गरिदिने । जस्तै भगवान् कृष्णद्वारा दावानल अग्नि पान गर्नु, भगवान् शिवद्वारा कालकूट विषको पान गर्नु, ।

११. **विकासिनी कला :** वामन अवतारमा तीनमध्ये दुई पाउले सारा ब्रह्माण्डलाई नापेर चरितार्थ गर्नु,

१२. **मर्यादिनी कला :** भगवान् श्रीराम सर्वसमर्थ हुनुभए पनि सबै क्षेत्रमा शास्त्रको मर्यादा पालना गरेर मर्यादापुरुषोत्तम हुनुभयो ।

१३. **संह्लादिनी कला :** अऋतु र असमयमा पुष्प, फलादि प्रकट गर्नु, रासलीलामा श्रीकृष्ण भगवान्ले शरद् ऋतुमा पनि वसन्त ऋतुको समिश्रण गर्नुभएको थियो । काललाई परिवर्तन गर्नु ।

१४. **आह्लादिका कला :** श्रीराधिकाजी जो भगवान्की आदिशक्ति हुनुहुन्छ । रासलीलाको समयमा प्रभुको नित्य सखी भएर भगवान्लाई आनन्द प्रदान गर्नुहुन्छ ।

१५. **परिपूर्णा कला :** सम्पूर्ण कलामा निपूर्णताको पराकाष्ठाजस्तै श्रीकृष्ण अवतारमा भगवान् श्रीकृष्णको औंला यति कोमल कि सानै उमेरमा बाँसुरी वजाएर विश्वसृष्टिलाई मन्त्रमुग्ध गराउनुभयो र यति कठोर कि गोबर्धन पर्वत सात दिनसम्म धारण गर्नुभयो ।

१६. **स्वरूपावस्थिति :** समस्त कलालाई उपसंहार गरेर निज रूपमा अवस्थित हुनु । जस्तै भगवान् कृष्णद्वारा अन्त्यमा आफ्नो समस्त कलालाई समेटेर आफ्नो नित्य स्वरूपमा प्राप्त भएको प्रसङ्ग श्रीमद्भागवतमा विस्तारपूर्ववक वर्णन गरिएको छ ।

यसरी उद्भिजको एक कला, स्वेदजको दुई कला, अण्डजको तीन कला, जरायुजको चार कला र चेतनशक्ति भएको मनुष्यको क्रमिक विकासको सात कलासहित सम्पूर्ण सोह्र कलाले युक्त भगवान् स्वयं । मानिसले आफूभित्रको शक्तिलाई जगाएर निरन्तर अगाडि बढ्न सक्दछ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपाशुपतास्त्र महामन्त्र

ॐ अस्य श्रीपाशुपतास्त्रशान्तिस्तोत्रमहामन्त्रस्य भगवान् वेदव्यासऋषिः अनुष्टुप्छन्दः श्रीसदाशिवपरमात्मादेवता सर्वविघ्नविनाशार्थे जपे विनियोगः ।

ॐ नमो भगवते महापाशुपताय अतुलवीर्यपराक्रमाय त्रिपञ्चनयनाय नानारूपाय नानाप्रहरणोद्यताय सर्वाङ्गरक्ताय भिन्नाञ्जनचयप्रख्याय श्मशानवेतालप्रियाय सर्वविघ्ननिकृन्तनाय सर्वसिद्धिप्रदाय भक्तानुकम्पिने असंख्यवक्त्रभुजपादाय तस्मै सिद्धाय वेतालविवासिने शाकिनीक्षोभजनकाय व्याधिनिग्रहकारिणे पापभञ्जनाय सूर्यसोमाग्निनेत्राय विष्णुकवचाय खड्गवज्रहस्ताय यमदण्डवरुणपाशाय रुद्रशूलाय ज्वलज्जिह्वाय सर्वरोगविद्रावणाय ग्रहनिग्रहकारिणे दुष्टनाशक्षयकारिणे ॐ कृष्णपिङ्गलाय फट्, हुंकारास्त्राय फट्, वज्रहस्ताय फट्, शक्तये फट्, दण्डाय फट्, यमाय फट्, खड्गाय फट्, नैर्ऋताय फट्, वरुणाय फट्, वज्राय फट्, पाशाय फट्, ध्वजाय फट्, अंकुशाय फट्, गदायै फट्, कुबेराय फट्, त्रिशूलाय फट्, मुद्गराय फट्, चक्राय फट्, पद्माय फट्, नागास्त्राय फट्, ईशानाय फट्, खेटकास्त्राय फट्, मुण्डास्त्राय फट्, कंकालास्त्राय फट्, पिच्छिकास्याय फट्, क्षुरिकास्त्राय फट्, सिद्धास्त्राय फट्, ब्रह्मास्त्राय फट्, शक्त्यस्त्राय फट्, गणास्त्राय फट्, पिलिपिच्छास्त्राय फट्, गन्धर्वास्त्राय फट्,

पूर्वास्त्राय फट्, वामास्त्राय फट्, पश्चिमास्त्राय फट्, मन्त्रास्त्राय फट्, शाकिन्यस्त्राय फट्, योगिन्यस्त्राय फट्, दण्डास्त्राय फट्, महादण्डास्त्राय फट्, नमोद्रस्त्राय फट्, शिवास्त्राय फट्, ईशानास्त्राय फट्, पुरुषास्त्राय फट्, अघोरास्त्राय फट्, सद्योजातास्त्राय फट्, ह्रदयास्त्राय फट्, महास्त्राय फट्, गरुडास्त्राय फट्, राक्षसास्त्राय फट्, दानवास्त्राय फट्, क्षौं नरसिंहास्त्राय फट्, त्वष्टृ अस्त्राय फट्, सर्वास्त्राय फट्, नः फट्, वः फट्, पः फट्, फः फट्, भः फट्, श्रीः फट्, पेः फट्, भूः फट्, भुवः फट्, स्वः फट्, महः फट्, जनः फट्, तपः फट्, सत्यं फट्, सर्वलोकाय फट्, सर्वनाड्यै फट्, सर्वकारणाय फट्, सर्वदेवाय फट्, क्षेत्रपालास्त्राय फट्, हुंकारास्त्राय फट्, भास्करास्त्राय फट्, चन्द्रास्त्राय फट्, विघ्नेश्वरास्त्राय फट्, गौः गां फट्, स्त्रों स्त्रौं फट्, भ्रामय भ्रामय फट्, सन्तापय सन्तापय फट्, छादय छादय फट्, उन्मूलय उन्मूलय फट्, त्रासय त्रासय फट्, संजीवय संजीवय फट्, विद्रावय विद्रावय फट्, सर्वदुरितं नाशय नाशय फट्।

सकृतावर्तनादेव सर्वविघ्नान् विनाशयेत् ।
शतावर्तेन चात्पातान् रणादौ विजयो भवेत् ॥
घृतगुग्गुलुहोमाच्च क्रसाध्यानपि साधयेत् ।
पठनात्सर्वशान्तिः स्याच्छस्त्रपाशुपतस्य च ।
॥ इति श्रीपाशुपतास्त्र महामन्त्रस्तोत्रं सम्पूर्णम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक वस्त्र प्रयोग

वेदको अध्ययनबाट यो ज्ञात हुन्छ कि वैदिक कालमा वस्त्र उद्योगको पर्याप्त उन्नत अवस्थामा थियो। वेदमा सुतीवस्त्र, रेशमी वस्त्र र ऊनी वस्त्र सहित तन्तुहरूको सम्मिश्रण गर्न तानको प्रयोग गरेको प्रसङ्ग रहेको छ। वैदिक ग्रन्थहरूमा तीन प्रकारका वस्त्रहरूको विधान उल्लेख छ। सुती वस्त्रका लागि 'वासस' शब्दको प्रयोग अथर्ववेदको १४।१।१७ मा गरिएको छ। रेशमी वस्त्रका लागि 'वसनस्तार्प्यम्' अथर्ववेद १८।४।३१ मा 'तार्प्य' र 'क्षौम' शब्द रहेका छन्। ऊनी वस्त्रका लागि 'ऊर्णायु' शब्द यजुर्वेद १३।५० मा प्रयोग गरिएको छ। ऋग्वेदका दुईवटा ऋचामा उल्लेख भएअनुसार वस्त्र तन्तु (धागो)लाई तानबाट उत्तम वस्त्र बुन्ने विधान गरिएको पाइन्छ।

उत्तम वस्त्र बुन्नेलाई 'वासोवाय' भनेर सम्वोधन गरिएको छ। वासोवायः ऋग्वेद १०।२६।६ मा उल्लेख गरिएको छ। उत्तम वस्त्र बुन्ने स्त्रीलाई 'वङ्या' भनिएको छ। **'इमे वयन्ति'** ऋग्वेद १०।१३०।१,२। बुनाइसँग सम्वन्धित पारिभाषिक शब्दहरू पनि वेदमा प्रसस्त पाइन्छन्। तन्त्र (तानमा प्रयोग हुने काइयो) जसले धागोलाई भिन्न-भिन्न ठाउँबाट व्यवस्थित रूपमा तानभित्र प्रवेश गराउँदछ। तन्तु - ताना, ओतु - वाना, तसर - बुन्नलाई प्रयोग हुने शटल (आग्लो) मयुख - धागो तान्नका लागि प्रयोग हुने किलो, प्रवय - अगाडि बुन्दै जाने प्रक्रिया, अपवय - पछाडि बुन्ने प्रक्रिया, तनुते - विस्तार, क्रिणति - समेट्नु। वस्त्र निर्माणको सम्पूर्ण प्रक्रिया यिनै नौवटा प्रविधि र प्रक्रियाभित्र रहेको छ।

वेदमा वस्त्रको लागि वासस, वसन, वस्त्रको प्रयोग भएको छ। अथर्ववेदमा तिनै मन्त्रहरूद्वारा सुन्दर रूपक बनाइ बुनाइको प्रक्रियाको व्याख्या गरेको पाइन्छ। यसमा कालचक्रलाई एउटा काइयो भनिएको छ। दिन र रातका दुईवटा स्त्रीले वर्षरूपी वस्त्रहरू बुन्दछन्। यसमा ६ वटा ऋतुहरू छन्। जुन ६ वटा किलाको रूपमा प्रयोग हुन्छन्। रात्रि ताना र दिन वाना हुन्। यी दुवै स्त्री एउटै धागोको विस्तारमा एक अर्कामा फैलिने र खुम्चिने अवस्था रहेका छन्। एउटी फैलिदा अर्की समेटिन्छिन्। यसै अनुसार वस्त्र बुनाइको प्रक्रिया चल्दछ। ताना र बानामा पुरूष स्त्रीको समान सहभागितामा वस्त्रनिर्माण गरिने विधान गरिएको छ। पुमान् एतद् वयति। अथर्ववेद १०।४।४३। बुनाइको काम स्त्री र पुरूष दुवै मिलेर गर्दथे। श्रम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र सीपको महत्त्व समान रहेको थियो। श्रम सीप र शिल्प स्वात्तता, वेदका हजारौं शाखाअनुसार गुरूकुलीय परम्पराअनुसार वस्त्र निर्माण गर्नलाई शिल्प स्वायत्ताको विधान गरिएको ज्ञात हुन्छ।

वैदिक यज्ञयाज्ञादिमा कुशद्वारा बनाइएको कपडा लगाउने विधानको वर्णन गरिएको छ। वेदमा तीन किसिमका तन्तुबाट वस्त्र निर्माण गर्ने विधान रहेको छ। विशेष गरेर सूती तथा ऊनका वस्त्रहरूको प्रयोग महत्त्वपूर्ण रहेको छ। यजुर्वेदमा 'रजयित्री' भन्ने शब्दको प्रयोग भएको छ। रजयित्री भनेको वस्त्रलाई सुन्दर रूपले रङ्गाउने कला हो। वस्त्र रङ्गाउने कलाको उद्योग निर्माणको विधान गरिएको उल्लेख छ। वस्त्र उद्योग प्रारम्भमा मनुले गर्नुभयो। मन्त्रमा वस्त्रलाई मनुजात भनेर वर्णन गरिएको छ। मष्ट, मष्टबाट मरूत् मरूत्वाट मनुष्य, मनुष्यबाट मानुष र मानुषबाट मानिस, मानिसबाट म्यानसम्मको यात्रा भएको छ। मनुद्वारा आविष्कृत वस्त्रलाई मनुजात भनिएको छ।

तुनाको प्रयोग तानबाट उत्पन्न हुने लामो तन्तुद्वारा निर्मित सुन्दर नागलताको आकृति जस्तो बनाउने विधान गरिएको छ। अथर्ववेदमा वर्णन भएअनुसार राजा सोमलाई लगाउनका लागि वृहस्पतिले सुन्दर वस्त्र दिनुभयो। **वृहस्पति प्रयच्छत् वास एतद् सोमाय राज्ञे**। अथर्ववेद २।१३।२। वृहस्पतिले राजा सोमलाई राज्याभिषेकका निम्ति सुन्दर तुनाले युक्त वस्त्रहरू लगाइदिनु भयो। वृहस्पतिको अर्थ विद्वान् कुशल कारिगरि जान्ने। वेदमा कार्पास शब्दको प्रयोग भएको छ। कपासबाट बनेको वस्त्रको सुन्दरताको वर्णन छ। अथर्ववेदमा तुल शब्दको प्रयोग भएको छ। तानबाट तुल, तुलबाट तना, तनाबाट तुना हुँदै तुनाले टाँकसम्म बनेको छ।

मैत्रायणी संहितामा ऊनीका विभिन्न वस्त्रहरूको बारेमा वर्णन गरिएको छ। रेशमी वस्त्र, ऊनी वस्त्र, कार्पास वस्त्र, कौश वस्त्र, तन्तु वस्त्र आदि विभिन्न वस्त्रहरूको चर्चा पाइन्छ। कुश, दूवो, अल्लो, भोर्ला, दर्भ आदिको तन्तुबाट सुन्दर वस्त्र बनाउने विधान रहेको छ। हिमांली भेगको मेष (भेडा) आदि पशुको रौंबाट ऊर्ण (ऊन) प्राप्त हुने उल्लेख छ। ऊर्णायु शब्दबाट ज्ञान हुन्छ कि ऊनबाट बनेका सुन्दर वस्त्रहरू लगाएर सङ्गीतको सप्तस्वरमा गायन प्रस्तुत गर्ने विधान रहेको पाउँछौं। सामवेदको गानका निम्ति ऊर्णायु वस्त्रको विधान गरिएको पाइन्छ।

... **वासो अग्ने विश्वरूपम्** ... ॥ सुन्दर वस्त्र निर्माण, धारण तथा (विश्वरूपम्) हजारौं रङ्गमा रङ्ग्याउने विधानको वर्णन रहेको छ। हजारौं प्रकारका रङ्ग र रङ्ग्याउने कला जान्नेलाई विश्वरूपा भनिएको छ। महावनमा प्राप्त हुने बनौषधि, हरितकी, हरितिक्त, ईन्द्रजौ, हर्रो, भकम्ली, सागुन, सौर, मजिठो, भलायो, रक्तचन्दन, श्वेतचन्दन, आदि विभिन्न वृक्षवनस्पतिका बोक्रा, फलबाट वस्त्र रङ्ग्याउनका लागि प्रयोग हुने द्रव्य (रङ) प्राप्त गर्ने विधान अथर्ववेदमा वर्णन भएको छ।

सुन्दर वस्त्रबाट नागरिकले सुन्दर गृहस्थजीवन प्राप्त गर्न, शितलता, उष्णता, लज्जारक्षण, शरीर अलङ्कार आदिका निम्ति वस्त्र धारणको विधान रहेको छ। सुन्दर वस्त्रबाट सैन्य पोशाकमा बर्दी बनेको छ। अहिले विश्वभरि सेनाले प्रयोग गर्ने बर्दीको आधिकारिक थलो हिमाली, मध्यपहाडी र तराईमा पाइने हर्रोबाट सम्भव छ।

याज्ञवल्क्य, अङ्गिरा, वशिष्ठ, भारद्वाज, मुद्गल, काश्यप, अत्रिआदि ऋषिहरूले रङ्गहरूको सम्बन्धमा वेदका सूक्तहरूमा वर्णन गरेका छन्। चौरासी सिद्ध नवनाथहरूमध्ये हजारौं वर्षपहिले गुरूगोरखनाथले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्ध प्रयोग गरेको रङ, हर्रोबाट बन्ने भैरवकालीको रङ कालो, वज्रवृक्ष (सिउँडी)को दूध सेतो, सैनिक वस्त्रमा (बर्दी) मा प्रयोग हुने रङ हर्रोरको रङ हो । कालो रङ कालीको प्रतीक हो । रक्तचन्दनको रातो, श्वेतचन्दनको सेतो रङ र दूबोको रङबाट हरियो रङ बनाउने विधान पाइन्छ । दर्भबाट वस्त्र बनाउने रङ्गाउने र धारण गर्ने विधान रहेको छ । त्रिशूलमा तामाको प्रयोग, भगवान शिवका आयुधमा सुनको प्रयोग, अधोवस्त्र (नाभीभन्दा मुनि धारण गरिने), अधिवास वस्त्र (कमरभन्दा माथि लगाइने वस्त्र), अधिवस्त्र (रेशम ऊनआदिबाट बनेको स्त्रीहरूले प्रयोग गर्ने वस्त्र), उपवासन (स्त्रीहरूले ओढ्ने वस्त्र), सहस्र पर्याणाहन (हजार प्रकारका रङ्ग भएका वस्त्र, जसलाई विश्वरूप पनि भनिएको छ ।), अत्क (शरीरमा टमक्क मिलेको सिलाएको वस्त्र जसलाई व्युत पनि भनिएको छ), द्रापि (तुना भएको सुन्दर लामो वस्त्र, जसलाई हिरण्य द्रापि, रजत द्रापि, लोह द्रापि, काष्ठ द्रापि आदि भनिन्छ ।), पेशस् (बेल, नासपाति आदि विभिन्न मयल (रङ्ग)बाट रङ्गाएको वस्त्र जसलाई मयलपोश भनिन्छ । सुन्दर नर्तकीले धारण गर्ने पेशसकारी र पुरूषले धारण गर्ने मयलपोश) नीवि (पुरूषले लगाउने लँगौटी र स्त्रीले लगाउने नीविभार्य), उष्णीष (सयौं प्रकारका पगरी), उपानहौ-उपानह (सयौं प्रकारका जुत्ता) । लँगौटीबाट लिङ्गेरीसम्म बनेको छ ।

नेपालमा हजारौं हजार वर्षदेखि बसोबास गर्ने सनातन वैदिक परम्पराका उपासकहरूको गौरवमय इतिहास रहेको छ । सनातन हिन्दू, बौद्ध, दर्शन, संस्कृति, सभ्यताको एकीकृत अभ्यासको साधना गर्ने नेपाली समाज एक आपसमा मिलजुलका साथ बसोबास गरेको अवस्था छ । हामीले राष्ट्र र राष्ट्रियताको, धर्म संस्कृति र सभ्यताको संरक्षण गर्नमा निरन्तर लागिनै रहनु पर्दछ । जसको इतिहास हजारौं हजार वर्ष पुरानो छ, जुन भाषालाई विश्वभाषाहरूको मातृभाषा भनेर सम्बोधन गरिएको छ, त्यो संस्कृत भाषाको रक्षा गर्नका लागि जनजनको भाषा संस्कृत भाषा बनाउनलाई कटिबद्ध भएर लाग्नै पर्छ । भाषा, भेष र संस्कृति र सभ्यताविनाको मानिसको कल्पना पनि गर्न सकिँदैन । धर्मले संस्कृति, संस्कृतिले सभ्यता निर्माण गर्दै जान्छ । त्यसैले हामी सबै एकबद्ध भएर सम्यताको रक्षाका लागि कटिबद्ध बनौं । विश्वमा नेपाल राष्ट्रको गौरव स्थापित गरौं ।

वस्त्रहरू हजारौं प्रकारका बनाउने विधान, सीप, कला, ताना-वाना सबैले नेपाली एकता सांस्कृतिक अनेकता र राष्ट्रिय अखण्डतालाई बचाउने नै छ । तसर्थः नेपालभरि रहेका सयौं जातिले आफ्नो भेष, संस्कृति, सभ्यता, परम्परागत धर्म बचाउन कटिबद्ध भइ लाग्नै पर्छ । जसको संस्कृति दशौं हजार वर्षभन्दा पुरानो छ । यस संस्कृति र सभ्यताका अनुयायीले विश्वगौरव र शौर्य प्राप्त गर्ने नै छन् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वास्तु-विज्ञान

राजानौ ...ध्रुवे सदस्युत्तमे । सहस्रस्थूण आसाते ॥ ऋग्. २.४१.५॥

बृहन्तं मानं वरुण स्वधावः सहस्रद्वारं जगमा गृहं ते ॥ ऋग्. ७.८८.५॥

प्रकृतिको सैद्धान्तिक शास्त्र हो । वास्तु निर्माण प्रकृतिका जतिपनि जटिल पक्षहरू छन् । पदार्थको व्यवस्थापन हो । वस्तुको व्यवस्थापन पनि हो । हजारवटा दैलो भएका घरको वर्णन ऋगवेदमा पाइन्छ। नेपालमा पनि यस्तो भवनको चर्चा भएको छ । मानदेवका पालामा बनेका मान भवन । मल्लकालमा बनेका धेरै मन्दिर देवालय राजप्रासादको चर्चा छँदैछ । वर्तमान समय जतिपनि मन्दिर व्यापारिक भवन सहित अन्य निर्माणहरू भएका छन् सबै वास्तुको सिद्धान्तानुसारनै बनेका छन् ।

मानव-जीवनमा पञ्चतत्त्व (भूमि, जल, तेज, वायु, आकाशले सदैव सकारात्मक वा नकारात्मक प्रभाव पारिरहेका हुन्छन् । मानिसको शरीरमा कुनै पनि वस्तु र पञ्चतत्त्वको मात्राको समन्वय राम्रो भएन भने अस्वस्थता सिर्जना हुन्छ । पाँचै तत्त्वको तालमेल मिलाएर मात्र नवनिर्माण गर्नुपर्दछ । भूमि (घडेरी) को महत्त्व आफ्नै ठाउँमा भए पनि विशेष गरेर सूर्यले यस संसारमा पार्ने प्रभावलाई ध्यानमा राखेर नै यस शास्त्रको निर्धारण तथा निर्माण भएको छ। सूर्यबाट पाइने प्रकाश जस्तै अन्य प्राकृतिक वस्तुसँग पनि समन्वय गर्ने प्रयास यस शास्त्रले गरेको छ। पञ्चतत्त्वको समन्वय गरेर बनाएको ठाउँमा बस्ने मानिसलाई सुस्वास्थ्य, सुख, समृद्धि र शान्ति प्राप्त हुन्छ ।

सूर्यको प्रकाशले सबैलाई न्यानो र जीवनदायिनी शक्ति प्रदान गर्दछन् । वनस्पति, प्राणी, जीवजन्तु र अन्य उपग्रहहरूलाई प्रकाशित हुने शक्ति प्रदान गर्दछन् । यसरी प्रकृति, वनस्पति र मानजीवनको एकअर्कामा अन्योन्याश्रित सम्बन्ध रहकाले प्रकृतिसँग जीवनको तालमेल मिलाउने शास्त्र नै वास्तुशास्त्र हो । पृथ्वी (Earth) को गुरुत्वाकर्षण शक्ति, सूर्य (Light) को ऊर्जा, पानी (Water) को शीतलता, तेज (Heat) को तरङ्ग, वायु (Air) को प्राणदायिनी शक्तिको तालमेल नै तरङ्गको तालमेल नै वास्तुशास्त्र अनुसारको प्राकृतिक तालमेल हो । वास्तु-शास्त्र एक व्यावहारिक शास्त्र भएकाले प्राचीनकालीन ऋषि-मुनिहरूले आत्मासात गरेका हुन् । वैदिक ऋषिमहर्षिहरूले आत्मासात गरेको हुनाले यसको सान्दर्भिकताको अझ पुष्टि हुन्छ । यो रहस्यात्मक स्थिति र विज्ञानको दृष्टिमा हिँड्नै पर्ने बाटोको नक्सा हो भन्दा अत्युक्ति नहोला । आगामी सन्तति हिँड्ने बाटो वास्तुशास्त्रले निर्माण गरेको छ । जुनसुकै देशका मानिस भए पनि वास्तु-शास्त्रको विधिलाई अपनाएर बनाएको घरमा बस्नाले सुख, समृद्धि र शान्ति पाएकै दृष्टिगत हुन्छ। यो वास्तुविज्ञान निर्माण र जीवन जगतको प्रत्यक्ष तालमेलको सिद्धान्त हो ।

नेपालमा पनि हजारौं वर्ष पहिले बनेका मठ, मन्दिर, किल्ला, दरबार, पोखरी, विहार, गुम्बाहरू वास्तु सिद्धान्तमा आधारित छन् । अहिले पनि नेपालमा बनेका हजारौं मन्दिरहरू वास्तुशास्त्र अनुसार नै बनेका र सुरक्षित रहेका छन् । प्राचीन मानिसको दूरदर्शितालाई आत्मासात गरे विज्ञानलाई उछिन्न बेर लाग्दैन भन्ने कुरा यिनै तार्किक तथ्यले पुष्टि गर्दछ । यस शास्त्रले एक-अर्को वस्तुसँगको संसर्ग, सम्बन्ध,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मुख आगमनले उत्पन्न हुने एक किसिमको ऊर्जाको बारेमा पनि सैद्धान्तिक विश्लेषण गर्दछ। ऊर्जाको परिवर्तन र त्यस ऊर्जाले मानवजीवनमा पार्ने प्रभावको बारेमा ध्यान दिएर सकारात्मक तरङ्गको अपेक्षा राख्नु वास्तुशास्त्रको प्रमुख सिद्धान्त हो भने यस शास्त्रलाई वैज्ञानिक स्थापत्य सिद्धान्त किन नमान्ने ?

ब्रह्माण्डको रचना पनि पञ्चतत्त्व मिलेर बनेको छ। भूमि, जल, तेज, वायु, आकाश यिनै पञ्चतत्त्वको बीचमा सङ्घर्ष र समन्वय चलिरहने क्रमिक प्रणालीमा जगतको सृष्टि अडिएको छ। मानवको शरीरमा पञ्चतत्त्वको मेल हुँदा स्वस्थ मानिस वा मानवता भएको परोपकारी व्यक्तित्व निर्माण हुन्छ। पञ्चतत्त्वको सन्तुलन खल्बलिन जाँदा मानिस वाथ, पित्त, कफ, ज्वरादि रोगले ग्रस्त भएको रोगी र कुरूप बन्दछ।

पृथ्वी, जल, तेज, वायु र आकाशको समानान्तरताका रूपमा फेङ्स्वेमा काठ, आगो, स्वर्ण, जल र पृथ्वीलाई उल्लेख गरेको पाइन्छ। तात्त्विक रूपमा यी तत्त्वका बीचमा पृथकता छैन। उपर्युक्त पञ्चतत्त्वलाई प्राचीन स्थापत्य वेदका विद्वान्हरूले समुचित प्रयोग गरी मानवजीवन कसरी सरल र सरस बनाउन सकिन्छ भनेर अनेकौं प्रयोग गर्दै अनेकौं पुस्तासम्म अन्वेषण तथा अनुसन्धान गर्दै वंशाणुगत खोज र अन्वेषणको कार्यलाई निरन्तरता दिएको देखिन्छ।

उनीहरू मानवजीवनलाई सरल, सरस र सहज बनाउन पुस्तौं-पुस्तादेखि प्रयासरत रहेको प्रष्ट छ। प्राचीन बन्दै गएका तथ्यलाई रूढीवादी र अन्धविश्वास भन्दै आधुनिक भनाउने मानवले त्यस्ता राम्रा तथ्यलाई विकृतिका रूपमा लिने हुँदा कहिल्यै सफल भएनन् र सुखी जीवन कहिल्यै प्राप्त गर्न सकेनन् भन्ने प्रष्ट छ। पृथिवी, जल, तेज, वायु, आकाश र भूमिलाई समुचित सामञ्जस्य मिलाउन निम्न तथ्यलाई अवलम्बन गर्नुपर्दछ, जसले मानवजीवन सरल, सरस र सहज बनाउन सघाउ पुऱ्याउँछ।

दिशा र पञ्चतत्त्वको अवस्था

उत्तर - पूर्व	ईशान	पानी
पूर्व - दक्षिण	अग्निकोण	आगो
दक्षिण - पश्चिम	नैर्ऋत्य	पृथ्वी
पश्चिम - उत्तर	वायव्य	हावा
उत्तर - ईशान	मध्यभाग	आकाश

पञ्चतत्त्वको मेलमा वास्तुशास्त्रीय आधारहरू निर्माण भएका छन्। तत्त्वका बीचको घर्षणले संसारको सृष्टिको सामञ्जस्य भएको देखिन्छ। यही क्रममा मानवको निवासको सामञ्जस्य कसरी गर्न सकिन्छ भन्ने प्रष्ट्याउन सकिन्छ।

घडेरीको छनौट

प्राचीन वैदिक वास्तु-शास्त्रमा घर तथा व्यावसायिक भवन बनाउने घडेरीका लागि उपयुक्त अनुपयुक्त भूमि छुट्ट्याउन निम्न कुराको गहिरो विचार-विमर्श र विश्लेषण गर्ने गरेको पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माटोको रङ्गका आधारमा

घर बनाउन लागेको घडेरीको माटोको रङ्ग कस्तो छ भनेर वास्तु-शास्त्रका आधारमा पाँच तरिकाले परीक्षण गरिन्छ ।

- ✓ छुँदा नरम, हेर्दा कमेरो माटो, मीठो स्वाद दिने खालको माटो भएको घडेरी ब्राह्मणी नामले चिनिन्छ । यस्तो ठाँउमा घर बनाउँनाले सुख, समृद्धि, शान्ति पाइन्छ । यस्तो घडेरी सर्वोत्तम मानिन्छ ।
- ✓ रातो माटो भएको, छुँदा अलि कठोर, चाम्रो, डल्ला-डल्ला परेको, धुजा-धुजा परेर माथि-माथि चर्केको चिम्टचाइलो भूमिलाई क्षत्रीया घडेरी भनिन्छ । यस्तो घडेरी बलवर्धक, तेज र वीरता बढाउने हुन्छ । यस्तो घडेरी उत्कृष्ट मानिन्छ ।
- ✓ पहेलो रङ्ग अथवा हरियो रङ्ग भएको, छुँदा धेरै कडा वा नरम नभएको मध्यम खालको माटोको स्वाद अमिलो-अमिलो भएको घडेरीलाई वैश्या घडेरी भनिन्छ । यस्तो घडेरीमा उद्योग व्यापारका लागि भवन निर्माण गर्न सकिन्छ ।
- ✓ छुँदा साह्रै अरङ्ग परेको, कठोर कालो रङ्ग भएको, स्वाद नमीठो भएको घडेरीलाई शूद्रा घडेरी भनिन्छ । आवासका लागि यस्तो घडेरी राम्रो मानिँदैन । कुनै व्यावसायिक भवन निर्माणको काम गर्नु नै राम्रो हुन्छ । रङ्ग, सुगन्ध, अवस्था मिश्रित भूमिमा स्कूल, क्याम्पस र शिक्षा प्रदान गर्ने भवन निर्माण गर्नु शुभ मानिन्छ ।
- ✓ कोमल सेतोमाटोले युक्त ज्ञान-विज्ञान व्यापारी गृहस्थीदेखि लिएर सबैका लगि सर्वोत्तम, क्षत्रीया भूमि कल कारखाना, किल्ला, ब्यारेक, तालिम केन्द्र बनाउन उत्कृष्ट, व्यापारिक क्षेत्र, व्यावसायिक प्रतिष्ठान, कल कारखाना, गोदाम, बजारआदि बनाउन वैश्य भूमि शुभ हुन्छ। शूद्र भूमि कठोर फलाम, सीमेन्ट उद्योग कार्यका लागि, वृक्षरोपण, औषधी-निर्माण केन्द्र र हस्पिटलका लागि राम्रो मानिन्छ । यदि वास्तुको नियमलाई भङ्ग वा अतिक्रमण गरिएमा राम्रो हुँदैन ।

समतलताका आधारमा

वास्तु-शास्त्रमा समतलताको आधारमा घडेरीलाई मुख्य चार प्रकारमा विभाजन गर्न सकिन्छ ।

कूर्मपृष्ठ

बीचमा अग्लो एवं चारैतर्फ भिरालो भएको घडेरीलाई कूर्मपृष्ठ (कछुवा ढाडे) घडेरी भनिन्छ । यस्तो भूमिमा आवास वनाउनाले जीवनमा सुख, समृद्धि, उल्लास र बलवृद्धि हुन्छ ।

गजपृष्ठ

जुन घडेरी चार कुना उठेको छ र बीचमा सामान्य होचो छ, त्यस्तो घडेरीलाई गजपृष्ठ (हात्तीढाडे) घडेरी भनिन्छ । यस्तो घडेरीमा निवास गर्नाले आयु, आरोग्य, ज्ञान र धनको वृद्धि हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दैत्यपृष्ठ

जुन घडेरी पूर्व र उत्तरतिर अग्लो र पश्चिमतिर होचो छ, त्यस्तो घडेरीलाई दैत्यपृष्ठ (दैत्यढाडे) घडेरी भनिन्छ । यस्तो ठाउँमा आवास बनाउनाले हानी हुन्छ । विशेष गरेर चौपाया, सन्तति र आर्थिक पक्षआदिमा समस्या उत्पन्न हुनसक्छ ।

नागपृष्ठ

पश्चिम-पूर्वमा लामो सोतो भएको, माझमा होचो, दक्षिण-उत्तरमा अग्लो भएर उठेको घडेरीलाई नागपृष्ठ (नागढाडे) घडेरी भनिन्छ । यस्तो घडेरीमा आवास गर्नाले घरमूलीको स्वास्थ्य, आफन्त, बन्धु-बान्धवसँग झै-झगडा र दुःख हुन्छ । मुख्य गरेर उपर्युक्त चारप्रकारका घडेरीबाहेक अरू गोवीथी, गजवीथी, यमवीथी, भूतवीथी, वैश्वानरवीथी, धनवीथीआदिमा पनि विभाजन गरेको पाइन्छ ।

पत्र-पत्रका आधारमा

भूमिमा माटो, ढुङ्गा, ग्याँस, खनिज पदार्थ र पानीको समन्वय भएको हुन्छ । माटो विभिन्न चट्टान, पत्र-पत्र परेको विभिन्न खालको हुन्छ । एकै ठाँउमा पनि खन्दै जाँदा विभिन्न परतहरू पाइन्छ । पत्रका आधारमा भूमिलाई चार भागमा वर्गीकरण गर्न सकिन्छ -

कडा

कडाखालको पत्रले युक्त भएको भूमिलाई कडा भूमि भनिन्छ । यस्तो भूमि पानी जम्मा भए पनि धसिँदैन । यस्तो भूमि चिरा-चिरा भएर फुट्दैन । यस्तो भूमिमा आवास बनाउन सर्वोत्तम हुन्छ ।

सामान्य

आकाशबाट परेको पानीलाई केही मात्रामा शोषण गर्नसक्ने, नरम खालको, चिरा-चिरा नभएको भूमिलाई सामान्य भूमि भनिन्छ । यस्तोमा आवास बनाउन सामान्य मानिन्छ ।

गेंगरी

वालुवा, स-साना ढुङ्गा मिसिएको, खस्रो खालको, चार हातदेखि सात हातसम्ममा कतै बालुवा, कतै ढुङ्गा, कतै कडा माटो भएको भूमिलाई गेंगरी भूमि भनिन्छ । यस्तो भूमि आवासका लागि उत्कृष्ट मानिँदैन ।

पाकिला

वाक्लो माटो भएको, विभिन्न खालका रङ्ग भएको माटो, कतै ढ्याङ परेको भूमिलाई पाकिला भूमि भनिन्छ । यस्तोमा कलकारखाना बनाउनु राम्रो हुन्छ ।

उब्जनीका आधारमा

वास्तु-शास्त्रले घडेरीको शुभाशुभको लागि उब्जनीका आधारमा यसरी चार प्रकारले वर्गीकरण गरेको पाइन्छ :

सर्वोत्तम

जुन भूमि हरियो-परियो छ । जसमा अमला, आँप, पलाँसआदिका फलफूलहरू पहिलेदेखि नै उब्जिने गरेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन्, त्यस्तो भूमिलाई सर्वोत्तम भूमि भनिन्छ। यस्तो भूमिमा आवास बनाउन सर्वोत्तम हुन्छ।

उत्कृष्ट

जुन भूमिमा कृषि कार्यको रूपमा बाली लगाउँदै गरिएको छ। त्यसमा बालीको उब्जनी पनि राम्रो भइराखेको छ भने त्यस्तो भूमिलाई उत्कृष्ट भूमि भनिन्छ। यस्तोमा आवास बनाउनु शुभ मानिन्छ।

सामान्य

जुन भूमिमा फूलहरूका बुट्टा, झाडी, काँडाघारी, जङ्गल छ र त्यसलाई फाँडेर घडेरी तयार गरिएको छ भने त्यस्तो भूमिलाई सामान्य भूमि मानिन्छ। यस्तो भूमि आवास निर्माणका लागि सामान्य मानिन्छ।

निकृष्ट (नीच)

जुन भूमि जलथल (भासयुक्त) परेको, हिलो, पानी गन्ध आउने फोहोर फयाँक्ने ठाउँ, दुर्गन्धयुक्त स्थान- त्यस्तो भूमिलाई निकृष्ट भूमि भनिन्छ। यस्तो भूमिमा आवास बनाउनाले सुख प्राप्ति हुँदैन।

दिशाका आधारमा

आवास बनाउने घडेरीको मध्यभागबाट पर्ने दिशाहरूका आधारमा पनि घरमा बास बस्नेहरूलाई प्रभाव परिरहेको हुन्छ। त्यसैले वास्तु-शास्त्रमा यसका बारेमा पनि केही निश्चित नियमहरू उल्लेख गरिएका छन्।

- ✓ घडेरी समतल (राम्रो बराबर) ९०° कोणमा हुनुपर्दछ। वर्षातकालमा परेको पानीको बगाइ ईशान कोणमा बग्ने हुनुपर्छ। वास्तुशास्त्रमा आकाशबाट परेको पानीको वहावको आधारमा पनि शुभाशुभ हेर्ने गरेको पाइन्छ।
- ✓ उत्तर दिशामा बग्ने भएमा धन प्राप्ति, पश्चिमतिर बग्ने भएमा सन्तानमा समस्या, दक्षिणतिर बग्ने भएमा अशुभ फल दिने हुन्छ। पूर्वतिर बग्ने भएमा सम्पूर्ण क्षेत्रमा शुभ प्रभाव पार्ने हुन्छ। जुन घडेरीमा चारै कोण मिलेको छैन, त्यस्तो घडेरी पनि अशुभ मानिन्छ। तर, ईशान कोणमा चोसे भएको र ईशान बढेको भए शुभ मानिन्छ।

यसरी आफ्नो आम्दानीको ठूलो हिस्सा लगानी गरेर बनाउने घरको घडेरी किन्दा नै धेरै कुरामा ध्यान दिनुपर्छ। त्यसमा पनि प्रमुख कुरा घरसम्म पुग्ने बाटो पहिलो प्राथमिकतामा पर्दछ। घडेरी किन्दा पहिले घरबाट पर्ने दिशाहरूमा पनि प्रष्ट ज्ञान हुनुपर्छ। साथै, घरबाट कता कता बाटो, वृक्ष, डाँडा, मन्दिर पर्छन्, यसका बारेमा प्रष्ट हुन आवश्यक हुन्छ।

गन्धका आधारमा

घडेरीका लागि खरिद गरिने कुनै पनि भूमिलाई गन्धका आधारमा पनि परीक्षण गर्न सकिन्छ। सामान्यतः मधुर सुगन्धयुक्त र स्वाद भएको भूमिमा घर बनाए सबै क्षेत्रमा सफलता प्राप्त गर्न सकिन्छ। रगतको जस्तो गन्ध आउने, छुँदा अलि कठोर लाग्ने भूमिमा ब्यारेक, छाउनी, तालिम/प्रशिक्षण केन्द्रआदि बनाउन उचित हुन्छ। छुँदा खस्रो खालको, घ्यूको वासना आउने भूमिमा व्यापारिक प्रतिष्ठान बनाउन उचित हुन्छ। त्यसै गरी छुँदा कठोर, नराम्रो गन्ध आउने, तम्तम्याइलो स्वाद भएको भूमिमा कलकारखानाका कामदार बस्ने आवास बनाउन सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घडेरीबाट पर्ने बाटोको प्रभाव

घरको दायाँ बायाँ पर्ने बाटोले गर्दा राम्रो घडेरीले पनि नराम्रो प्रभाव पार्ने गर्दछ।

दोबाटोको सङ्गम

घडेरीको कुनै पनि दिशामा दोबाटोको सङ्गम हुनसक्छ। यस्तो भएमा निम्नानुसार शुभाशुभ फल प्राप्त हुन्छ–

- ✓ घडेरीबाट पूर्व या उत्तर दिशामा दोबाटो भए कुनै दोष हुँदैन। दक्षिणमा भए सामान्य दोष र पश्चिममा दोबाटो भए सामान्य दोष हुन्छ। घडेरीलाई चारैतिरबाट बाटोले काटेको छ दोष हुँदैन। आवासको नजिक अर्थात् सय हातसम्ममा वर, पीपल आदिको रुख भएमा दोष लाग्छ।
- ✓ घरको छेउछाउमा ठूला रुख, स्तम्भआदि छन् र त्यसको छायाँ बिहानको १२ बजेसम्म घरको छानामा पर्छ भने त्यो पनि अशुभ हुन्छ।
- ✓ घरको अगाडि दूध आउने वा काँडा भएको रुख रोप्नु हुँदैन।
- ✓ घडेरीको उत्तर, पूर्व वा ईशानकोणमा ठूलो रुख, डाँडो भएमा र त्यसको छायाँ घरको छानामा परिराखेमा साथै दैलो अगाडि ठूलो खाँबो ठडिएको भएमा पनि दोषयुक्त हुन्छ। घडेरीको पश्चिम, दक्षिण अथवा आग्नेय कोणमा कुनै जलाशय, खाल्डो, पुलपुलेसाआदि भएमा घडेरी दोषयुक्त मानिन्छ।
- ✓ यदि कुनै पनि पानीको मूल पूर्व दिशामा छ र त्यसको बगाइ अर्थात् निकास पश्चिमदेखि पूर्व या दक्षिणदेखि उत्तरतिर छ भने दोष लाग्दैन।
- ✓ घडेरीको छेउ-छाउमा झाडी, पुरानो किल्ला, राजप्रासाद (राजदरबारको भग्नावशेष) हुनु राम्रो हुँदैन। पुराना ईंटा, किल्ला, श्मशानका दाउरा पनि घरमा पर्नुहुँदैन अर्थात् प्रयोग गर्नुहुँदैन।
- ✓ घडेरीमा जग खन्दा, डोब खन्दा, शालिग्राम, शङ्खआदि आकृति भएका पत्थर, कछुवा, शुभ धातु, सग्ला ईटा, स्वर्ण, आभूषण, सिक्काआदि प्राप्त भएमा शुभ मानिन्छ।

घर बनाउनुपूर्व विचारणीय कुराहरू

आवासका लागि वा अन्य कुनै प्रयोजनका लागि निर्माण गरिने भवन र प्रतिष्ठानआदिको घडेरी लिँदा गृहप्रवेशदेखि आन्तरिक सजावट र कोठा निर्धारणसम्म ध्यान दिनुपर्दछ। त्यसमा पनि वास्तु-शास्त्रअनुसार उपयुक्त घडेरी खरिद गर्नुपर्दछ। त्यसपछि सम्पूर्ण कुरा विचार गरेर पहिले शिलान्यासको मूहुर्तमा विद्वान् वास्तुविद् (ज्योतिषविद्) सँग परामर्श लिनुपर्दछ। साथै शुभ मुहूर्तमा निर्माण कार्य प्रारम्भ गर्नुपर्दछ। मानिसको पञ्चतत्त्वसँग नजिकको सम्बन्ध भएकाले मानवको जीवनमा पञ्चतत्त्वले महत्त्वपूर्णप्रभाव पार्दछ। भूमिः विभिन्न कोणबाट शुभ भूमिको चयन गर्नुपर्दछ।

पानी:

भवन निर्माणदेखि नै पानी चाहिने भएकाले पानीको स्थान पूर्वोत्तर अर्थात् ईशान कोणमा उचित मानिन्छ। इनार कुवाका लागि ईशानकोणमा पानीको स्रोत बनाउनुपर्दछ। पानीको स्रोत निर्माणका लागि पर्याप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जग्गा पनि घर बनाउनु पूर्व नै छोड्नुपर्दछ । ईशानमा पानीको स्रोत निर्माण गर्न सम्भव छैन भने ट्याङ्कीको पानी ईशानमा झर्ने गरी एउटा धारो बनाउनुपर्दछ । जल नै जीवन हो, जललाई जीवनको अभिन्न अङ्ग मानिन्छ ।

वायु

वायु (हावा) प्राणिक ऊर्जा, प्राणदायिनी शक्तिको रूपमा वायुलाई बुझिन्छ । भौगोलिक बनावटका आधारमा घरभित्र या बसोवास गर्ने ठाउँमा शुद्ध हावाको प्रवेश अनिवार्य आवश्यकता हो । शुद्ध वायु नै जीवनदायिनी शक्ति हो । भवनको खपाइका लागि पनि पश्चिमोत्तर वायव्य कोणमा खाली ठाउँ हुनु परम आवश्यक मानिन्छ ।

अग्नि

अग्नि (तेज) तीन प्रकारका हुन्छन् । सूर्यको प्रकाशलाई प्राकृतिक, जलबाट उत्पन्न कृत्रिम, पेटभित्र रहने जठराग्निलाई अग्निको रूपमा परिभाषित गरिएको पाइन्छ । अग्निको स्थान आग्नेय कोण हो र त्यही दिशामा भान्छा, जेनेरेटर, विद्युत्का सामान र तापसँग सम्बन्धित सम्पूर्ण उपकरणहरू दक्षिणपूर्व आग्नेय कोणमा स्थापित गर्नुपर्दछ ।

आकाशः शब्दगुणकम् आकाशम् शब्द र गुणले सहित भएको नै आकाश हो । आकाश शब्दले खुलापन भन्ने अर्थ बुझाउँछ । ध्वनिलाई गति दिने र विस्तारित हुन सघाउने नै आकाश हो । निर्माण गर्दा घरको चारैपट्टि खला छोड्नु उपयुक्त मानिन्छ । सुस्वास्थ्य, दीर्घायु र सुखशान्तिका लागि घरको वरिपरी वृक्षरोपण अत्यावश्यक छ । शुद्ध वायु, शुद्ध पानी, शुद्ध हावा, शुद्ध माटो र शुद्ध भूमि नै सफल जीवनको अभिव्यक्ति हो । जीवनमा सुखशान्ति र समृद्धिका लागि सम्पूर्ण तत्त्वको तालमेल मिलाएर बस्नु नै सफल जीवन हो ।

जल व्यवस्थापन

पृथ्वीमा बग्ने पवित्र नदीहरूसँग वैदिक सभ्यताको आलोकको इतिहास जोडिएको छ । जलसँग मानवजीवनको घनिष्टतम सम्बन्ध रहेको छ । जसरी रगत विना शरीर चल्न सक्दैन, त्यसैगरी पवित्र नदी विना पृथ्वीवासी जीवजन्तु, औषधी, वनस्पति र चराचर जगतको विकास असम्भव छ । त्यसैले सबैको पुष्टिको लागि जल नै जीवन हो । जलले जीवनलाई गति प्रदान गर्दछ । वैदिक साहित्यभित्र सम्पूर्ण पवित्र नदीहरूलाई आमाका रूपमा सम्बोधन गरिएको छ । जलको सम्मानलाई आदि अनादिकालदेखि विभिन्न वैदिक मन्त्रद्वारा स्तुति गरिएको छ । प्रत्येक पूजा आराधनामा पूर्णकलशको महत्त्वलाई दर्शाइएको छ । जल भरिएको पूर्णकलशमा ब्रह्मा, विष्णु, महेश्वर र सम्पूर्ण मातृगणसहित देवीदेवताको निवास रहेको बताइएको छ । जल विना जीवन सम्भव छैन, त्यसैले जल नै जीवन हो ।

चारै वेदमा वरुण देवताको रूपमा जलको स्तुति गरिएको छ । आधुनिक विज्ञानअनुसार शुद्ध (H_2O) पिउन योग्य पानीमा हाइड्रोजनको मात्रा २ भाग र अक्सिजनको मात्रा १ भाग रहेको हुन्छ । शरीरमा बहने शुद्ध रगतलाई पानी या रसको सर्वाधिक आवश्यकता पर्दछ । त्यसैले शरीरको सम्पूर्ण भित्री अवयवलाई सही रूपमा सञ्चालनका लागि पानीको आवश्यकता अनिवार्य हुन्छ । वास्तुशास्त्र अनुसार पानीलाई घरको उत्तरपूर्व ईशानकोणमा या पश्चिम पट्टी व्यवस्थापन गर्नुपर्दछ । पानीको व्यवस्थापन प्राथमिक आवश्यकता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मध्ये एक हो । भवन निर्माण गर्नु अघिदेखि लिएर भवन निर्माण भइसकेपछि तथा दैनिक व्यावहारिक आवश्यकतामा पर्ने पानीको उचित व्यवस्थापन जरुरी छ । त्यसैले वास्तुविशेषज्ञ पानीको व्यवस्थापनको विषयमा विशेष विचार गर्ने गर्दछन् ।

इनार कुवा

नयाँ घडेरीमा बनाइने एक तले घर होस् वा धेरै तले अपार्टमेन्ट, विद्यालय होस् वा कुनै सरकारी कार्यालय, आवासीय घर होस् वा कुनै ठूलो फयाक्ट्री जेसुकै भए पनि सबैभन्दा पहिले पानीको पर्याप्त व्यवस्थाको लागि इनार, कुवा, ट्यूबवेल, बोरिङ, पोखरी आदिको प्रबन्ध गर्नुपर्दछ । भवन निर्माण गर्नुअघि नै पानीको व्यवस्थापन मिलाउनुपर्दछ । वास्तुशास्त्र अनुसार यो जान्न आवश्यक हुन्छ - कुवा वा बोरिङ्बाट पानी निस्किन्छ वा निस्किँदैन, कति गहिरो खनेपछि निस्किन्छ, पानीको स्वाद, सुगन्ध र रूप कस्तो हुन्छ ? र कस्तो हुनुपर्दछ भन्ने विषयमा वास्तुशास्त्र अनुसार जलको व्यवस्थापनको विधि प्रस्तुत गरिएको छ ।



कुनै पनि गाउँ, शहर, बस्ती आवासीय कोलोनी वा निजी निवासको अग्नि कोण, वायव्यकोण वा नैर्ऋत्य कोणमा कुवा तथा पानीको ट्ङ्की बनाउनुहुँदैन । यस्तो कुवा वा पानीको ट्याङ्की घरका सदस्यहरूका लागि खतरायुक्त सावित हुनसक्छ । भयावह वा भूतप्रेतको स्रोत बन्नसक्छ । मुख्य रूपमा ईशान र पूर्व दिशा नै कुवा र पानीटङ्कीका लागि उपयुक्त स्थान मानिएको छ । यदि पूर्व वा ईशानकोणमा स्थानको अभावका कारण बनाउन सम्भव छैन भने पश्चिम वा उत्तरदिशामा कुवा खन्न सकिन्छ । भूखण्डको बीच भागलाई ब्रह्मस्थान भनिन्छ । यहाँ कुवा खन्नु कदापि हुँदैन ।

शुभ महिना : बोरिङ, कुवा, इनार आदि खन्नको लागि माघ, फाल्गुण, मार्गशीर्ष, ज्येष्ठ, कार्तिक तथा वैशाख महिना वास्तुशास्त्र अनुसार उत्कृष्ट मानिएका छन् । यी महिनामा कुवा, इनार आदि खनिएमा त्यस स्थानमा बस्ने घरमुलिको लागि अत्यन्त शुभ फलदायक हुन्छ ।

शुभ नक्षत्र : पुष्य, हस्त, शतभिषा, पूर्वाषाढा, उत्तराषाढा, अनुराधा, धनिष्ठा, उत्तराफाल्गुनी, उत्तराभाद्रपदा, रोहिणी, रेवती मघा तथा मृगशिरा नक्षत्र शुभ रहन्छन् ।

शुभवार : सोमवार, बुधवार र विहिवार उत्कृष्ट हुन्छन् । अन्य वार सामान्य रहेकाछन् ।

शुभ लग्न : सिंह, वृश्चिक तथा धनु लग्न बाहेक अन्य सबै लग्न शुभ रहेका छन् । तर पनि जलसंज्ञक लग्नलाई उत्कृष्ट मानिन्छ । लग्नमा चन्द्रमाको वास रहेमा झनै फलदायक हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रवास ज्ञान : बृहत् संहिताका अनुसार प्राचीन ऋषि-महर्षिहरू भवन निर्माण गर्नुअघि घडेरीमा जलाशयको निर्माणका लागि चन्द्रवास विचार गर्ने गर्दथे । प्राचीन मतानुसार द्वितीया, अष्टमी, पञ्चमी, एकादशी तथा चतुर्दशी तिथिमा चन्द्रवास पातालमा हुन्छ । चन्द्रवास पातालमा भएको तिथिमा कुवा, बोरिङ्ग, इनार आदि खन्नु राम्रो मानिदैन ।

पानीको व्यवस्थापन

घडेरीको कुन दिशामा पानी छ, यसको जानकारीका लागि वाञ्छित नक्षत्र, तिथि र वारको संख्यालाई जोडेर चारले भाग दिँदा एक शेष रहे पातालमा, दुइ शेष रहे जलमा र शून्य वा तीन शेष रहे पानी भूखण्डमा रहेको हुन्छ । यदि पातालमा छ भने अत्यन्त कठोर परिश्रमपश्चात् मात्र प्राप्त हुन्छ । यदि जल स्थानमा छ भने सामान्य परिश्रमबाट पानी प्राप्त गर्न सकिन्छ । भूखण्डमा रहेको छ भने पानी सजिलै प्राप्त गर्न सकिन्छ ।

देवीपुराणका अनुसार कुवाको गहिराइ ३७ देखि ४५४ हात (१ हात बराबर १८ इन्च) हुन्छ, जसलाई आदर्श कुवा भनिन्छ । सामान्य कुवाको लागि ९ देखि ३६ हातसम्मको गहिराइ उत्कृष्ट मानिन्छ। भौगोलिक बनावटअनुसार पनि उच्च हिमाली, पहाडी, भावर र तराई क्षेत्रमा कुवा, इनार या आदर्श जलाशयलाई वास्तुशास्त्रीय दृष्टिकोणले उचित व्यवस्थापन गर्न सकिन्छ ।

इनार खन्ने दिशा : इनार वा ट्यूवबेल खन्नका लागि उत्तर दिशाबाट आरम्भ गर्नुपर्दछ । ईशान कोणमा खन्दा पानी छिट्टै प्राप्त हुन्छ । तर नैर्ऋत्य वा वायव्य कोणमा छ भने पानी छिट्टै सुक्ने सम्भावना हुन्छ । घरको ईशानकोणको मध्यरेखाको दायाँ-बायाँ भागमा वा पूर्व दिशामा राम्रो मानिन्छ । त्यसैगरी पश्चिम दिशामा पूर्वापर कमसल मानिन्छ भने अन्यत्र अशुभ नै हुन्छ ।

जल परीक्षा

कठोर परिश्रम गरेर कुवा खन्दा पनि यदि पानी दुषित भएमा उपभोक्तालाई सन्तुष्टि प्राप्त हुँदैन । शुद्ध र सफा पानीको कुवा वा ट्यूववेल अमृतको भण्डार समान तुष्टि र पुष्टि प्रदान गर्नेवाला हुन्छ । आकाशबाट परेको पानी जुन प्रकारको भूमिमा शोषित हुन्छ, त्यसको गुण पछि पनि त्यस्तै हुन्छ । तसर्थ भूमिको गुणवत्ता र माटोको तालमेल हेरेर मात्र जलपरीक्षा गर्नुपर्दछ ।



कुवा अथवा पानीको ट्यांकी बनाउन उपयुक्त स्थान

१. जुन भूमि काँस, कुश, बाबियो इत्यादि मिश्रित नीलो वर्णको कोमल र वालुवायुक्त अथवा कालो वा रातो वर्णको छ त्यस्तो भूखण्डको पानी सदैव स्वच्छ, सफा, स्वादिष्ट र लवणहीन हुन्छ ।

२. गेगरी रातो, टर्रो स्वाद भएको, पहेँलो, खैरो वा फुस्रो रङ्ग भएको माटोको पानी क्षारयुक्त नमीठो हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri


घरको ईशानकोण (उत्तर-पूर्वको कुना) मा पानीको टैंकी, इनार, कल राख्न सकिन्छ

३. जुन भूखण्डमा साल, सिसौ, बेल, नीमआदिका वृक्षहरू हुन्छन्, त्यस्तो जमिनमा धेरै गहिरो खनेपछि मात्र पानी पाउन सकिन्छ। यस्तो ठाउँको पानी स्वादिष्ट त हुन्छ,तर सधैं एकनास आपूर्ति हुनसक्दैन।

४. जुन भूमिको रङ्ग अग्नि, सूर्य, भष्मको जस्तो हुन्छ, त्यस्तो जमिन जलविहीन हुन्छ।

५. जुन भूखण्डमा दुध आउने तथा रातो फुल्ने वृक्षहरू छन् र माटोको रङ्ग पनि रातो, पहेलो हुन्छ त्यस्तो ठाउँको पानी धेरै गहिराइमा र ठुल्ठूला चट्टानले छोपिएको अवस्थामा हुन्छ।

६. जुन भूखण्डका पत्थर तथा शिलाहरूको रङ्ग लहसुन, मूँगा, बादल वा कागजजस्तो कपिल वर्णको हुन्छ, त्यस्तो स्थानमा ती पत्थर तथा शिलाभन्दा मुनि पर्याप्त पानी रहेको हुन्छ।

७. परेवा, मह, घ्यु, रेशमी वस्त्र तथा सोमलतासमान छिर्बिरे रङ्ग भएका शिला तथा चट्टानभन्दा मुनि अक्षय भण्डारसमान पर्याप्त मात्रामा पानी सहज प्राप्त गर्न सकिन्छ।

८. कुवा खन्दा आउने ठुल्ठूला पत्थर तथा शिलाहरूलाई फुटाउनु अत्यन्त कठिन हुन्छ। आजभोलि बारुद तथा विस्फोटक पदार्थद्वारा यस्तो ठुल्ठूला चट्टानहरूलाई पनि सहजतापूर्वक फुटाउने गरिन्छ। तर, प्राचीन पद्धति अनुसार गहतको दालको पानी, ज्यामिर तथा कागतीको रुखको खरानी, वा पटेर कशर नामक घाँसको खरानीद्वारा तताइएको पानीले सातपटक भिजाएमा ठूला चट्टान पनि आफैँ फुट्छन् भन्ने मान्यता छ।

९. ईशानकोणमा कुवा खन्दा वा ट्यूब्वेल राख्दा जमिनको नैर्ऋत्य कोणदेखि ईशान कोणसम्मको सीधा रेखाको बीचमा पर्नुहुँदैन। रेखाको दायाँ वा बायाँपट्टी पर्नेगरी खन्नुपर्दछ।

१०. कुनै पनि भवनको अत्यन्त नजिक कुवा वा ट्यूब्वेल हुनुहुँदैन। सम्पूर्ण भूखण्डको उत्तरी वा ईशान कोणमा हुनुपर्दछ। यदि ईशानकोणमा सकिएन भने पूर्व वा उत्तरमा पनि खन्न सकिन्छ।

११. कुवा घरको मूलगेटसँग हुनुहुँदैन।

१२. कुवाको मुख गोलाकारमा हुनुपर्दछ। किनभने ईशानकोणमा हुने भएकाले चारकुने मुख अशुभ हुन्छ।

नेपाली शैलीको ढुङ्गेधारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुवा अथवा पानीको ट्याङ्की बनाउन उपयुक्त स्थान

कुनै पनि गाउँ, शहर, बस्ती आवासीय कोलोनी वा निजी निवासको अग्नि कोण, वायव्यकोण वा नैर्ऋत्य कोणमा कुवा तथा पानीको ट्याङ्की बनाउनुहुँदैन । यस्तो कुवा वा पानीको ट्याङ्की घरका सदस्यहरूका लागि खतरायुक्त सावित हुनसक्छ । भयावह वा भूतप्रेतको स्रोत बन्नसक्छ । मुख्य रूपमा ईशान र पूर्व दिशा नै कुवा र पानीट्याङ्कीका लागि उपयुक्त स्थान मानिएको छ । यदि पूर्व वा ईशानकोणमा स्थानको अभावका कारण बनाउन सम्भव छैन भने पश्चिम वा उत्तरदिशामा कुवा खन्न सकिन्छ । भूखण्डको बीच भागलाई ब्रह्मस्थान भनिन्छ । यहाँ कुवा खन्नु कदापि हुँदैन ।

१. ईशानकोणमा कुवा खन्दा वा ट्यूब्वेल राख्दा जमिनको नैर्ऋत्य कोणदेखि ईशान कोणसम्मको सीधा रेखाको बीचमा पर्नुहुँदैन । रेखाको दायाँ वा बायाँपट्टी पर्नेगरी खन्नुपर्दछ ।

२. कुनै पनि भवनको अत्यन्त नजिक कुवा वा ट्यूब्वेल हुनुहुँदैन । सम्पूर्ण भूखण्डको उत्तरी वा ईशान कोणमा हुनुपर्दछ । यदि ईशानकोणमा सकिएन भने पूर्व वा उत्तरमा पनि खन्न सकिन्छ।

३. कुवा घरको मूलगेटसँग हुनुहुँदैन ।

४. कुवाको मुख गोलाकारमा हुनुपर्दछ। किनभने ईशानकोणमा हुने भएकाले चारकुने मुख अशुभ हुन्छ।

जलशुद्धीकरण कसरी गर्ने ?

परिश्रम गरेर बनाइएको वोरिङ्ग वा कुवामा क्षारयुक्त वा वेस्वादिलो पानी आउने हुन्छ । आधुनिक जल परीक्षणका अनुसार वोरिङ्ग गरेर निकालिएको पानी सर्वप्रथम जललाई एउटा भाँडोमा राखेर फिट्‌केरी हाली एक घण्टासम्म छोडिदिने । जलमा भएका सम्पूर्ण नकारात्मक पिउनअयोग्य फोहर भाँडोको पींधमा एकत्रित हुन्छ। शुद्धकपडले छलाई एउटा भाँडोमा राखेर फिट्‌केरी हाली एक घण्टासम्म छोडिदिने। जलमा भएका सम्पूर्ण नकारात्मक पिउनअयोग्य फोहर भाँडोको पींधमा एकत्रित हुन्छ । शुद्धकपडले छानेर पानी पिउन सकिन्छ ।

जल शुद्धीकरणको दोस्रो विधि

वालुवा कोइला सानासाना गिटीढुङ्गा अलगअलग तीनवटा भाँडोमा मिलाएर राख्ने सबै भाँडोमा पींधपटि दूलो पार्ने क्रमशः एक भाँडो माथि अर्को भाँडो खप्टिने र माथिल्लो भाँडोमा पानी हाल्ने । पानी विस्तारै वालुवा कोइला साना गिटिढुङ्गा छिचोल्दै पिँध सम्म आउँदछ। त्यो पानी शुद्ध हुन्छ। थापेर पिउन सकिन्छ।

जल शुद्धीकरणको तेस्रो विधि

आकाशवाट झरेको पानीलाई शुद्ध मानिन्छ। त्यसमा नुनको मात्रा धेर हुनेभएको हुनाले अमलाको पात कुश त्यो पानीमा ढुवाउने पाँच घण्टा जति डुबाएर त्यो पानीलाई छानीकन पिउन सकिन्छ ।

जल शुद्धीकरणको चौथो विधि

इनारमा फिटकिरी र पानी शुद्ध गर्ने पोटास हाल्यो भने तीन महिनासम्म त्यो इनारको पानीमा ब्याक्टेरिया आदिको सङ्क्रमण हुँदैन। त्यो पानी छानेर पिउन सकिन्छ। उमालेर सेलाइकन पिउँदा पानी पिउन योग्य हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जल शुद्धीकरणको पाँचौ विधि

- ✓ बृहत्संहिताका अनुसार जल शुद्धीकरणका लागि विधि बताइएको छ । जल विज्ञानका एवं राजज्योतिषी बराहमिहिरका अनुसार अञ्जन, मोथे, खसखस, राजकोशतक, अमला, केतकको फललाई बराबरी मात्रामा पिसेर चूर्ण बनाउने र जलाशयमा राख्ने जसले वेस्वादिलो पानी पनि स्वादयुक्त हुन्छ । पिउन योग्य मानिन्छ ।
- ✓ पानीमा हानीकारक लवण र दूषित रसायन मिसिएको छ भने खान तथा अन्य उपयोगको लागि प्रयोग गर्नुहुँदैन । यद्यपि फिल्टर र प्लान्टद्वारा पानीलाई शुद्ध गर्न सकिन्छ, यो सबैलाई सम्भव नहुन पनि सक्छ ।
- ✓ आवसीय परिसर वा ठूला-ठूला कलकारखानामा सदैव ईशान कोणमै कुवा वा बोरिङ् बनाउनुपर्दछ । तर, विचारणीय कुरा के छ भने उत्तर र पूर्व छुट्याउने सीमारेखाको बीचमा पर्नुहुँदैन ।
- ✓ व्यापारिक केन्द्र, बहुआवासीय भवनमा पानीको व्यवस्थाका लागि ईशान कोणलाई शुभ मानिएको छ । कारखानाको नैर्ऋत्य, पश्चिम तथा वायव्य दिशाको पर्खाल दक्षिणको जस्तै मोटो र बलियो र छत अग्लो हुनुपर्दछ । यसप्रकारको निर्माण व्यवस्थामा मुख्य द्वार पूर्व, ईशान अथवा उत्तर दिशामा बनाउनुपर्दछ । आग्नेय र नैर्ऋत्य कोणमा मुख्य द्वार बनाउनुहुँदैन ।
- ✓ विचारणीय कुरा दक्षिण पश्चिम नैऋत्य वा पूर्व दक्षिण आग्नेय कोणमा वोरिङ्ग, सेफ्टी ट्याङ्की वा जल सङ्ग्रह गर्नु हुँदैन । छतको ढलान पूर्वतर्फ वा उत्तर तर्फ हुनुपर्दछ । उत्तर पूर्वमा दिशामा पानीको ट्याङ्की शुभ मानिन्छ । घर, होटल, गेष्ट हाउस आदिको कोठामा प्रायः वाशिङ् बेसिनको व्यवस्था गरिएको हुन्छ । कार्यालय तथा अस्पतालमा पनि यो व्यवस्था हुन्छ । यस्ता स्थानहरूमा वाशिङ्ग बेसन तथा पूजालय ईशान, उत्तर वा पूर्व दिशाको सीमाभित्र बनाउनु पर्दछ । डाइनिङ्गहल होटलमा दक्षिण पूर्वपटि बनाउनु पर्दछ । उत्तर पूर्वमा पानी र दक्षिण पूर्वमा भान्सा शुभदायिक मानिन्छ ।

वास्तुका नियमहरू

वैदिक, पौराणिक कालमा निर्माण शास्त्रको महत्त्व अति विशिष्ट थियो । ठूला-ठूला भवन, राजप्रसाद, किल्ला, विद्यालय, देवालय वा मन्दिर, तलाउ, कुवा, वागबगैँचा आदि निर्माण गर्दा, वास्तुशास्त्रका नियमअनुसार गरिन्थ्यो । सनातन निर्माणको युग, ढुङ्गे युग, स्वर्णयुग, ताम्रयुग, लौहयुग, मृत्तिका युग, काष्ठयुग आदि युगहरूमा निर्माणको महत्त्व विशिष्टखालको रहेको थियो । त्यसपछिको केही समय भवन बनाउने कलाअन्तर्गत सुन्दरतालाई मात्र ध्यान दिने प्रचलन बढेर गयो । तर, आधुनिक समयमा वास्तुशास्त्रको पुनर्जागरण भएको छ । यहाँ वास्तुसम्मत भवन अथवा आवास निर्माण गर्दा ध्यान दिनुपर्ने केही नियमहरू बुँदागत रूपमा प्रस्तुत गरिन्छ :

- ✓ कुनै पनि भूखण्डको परीक्षणका लागि विशेष गरी पाँच वस्तुलाई ध्यान दिनुपर्दछ– पृथ्वी, जल,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वायु, अग्नि र आकाश। सौरमण्डलको प्राकृतिक ऊर्जा दिने यी पाँच तत्त्व कुनै पनि प्रकारबाट दोषरहित भएको हुनुपर्दछ। पञ्चतत्त्वमा दोष र विकृति उत्पन्न भए वास्तुको प्रकोप त्यहाँ बस्ने जनसमुदायलाई पर्दछ। प्राकृतिक ऊर्जाको सन्तुलन र अधिकतम सकारात्मक स्रोतको उपयोग गरेर जीवनमा सुख, शान्ति, समृद्धि प्राप्त गर्नु नै वास्तुशास्त्रको प्रमुख लक्ष्य हो।

- ✓ कुनै पनि आवासस्थलमा बाटो टुङ्गिएको अन्तिम भवन खरिद गर्नु वा त्यस्तो घडेरीमा भवन निर्माण गर्नु उपयुक्त हुँदैन। सडक किनारामा बनेको र एक्लो भवन पनि आवासका लागि शुभ मानिँदैन।
- ✓ कुनै पनि प्रयोजनका लागि किन्ने घडेरी अथवा स्थानलाई किन्नुअघि आफूले राम्रोसँग नापजाँच गरेर किन्नुपर्छ। किन्ने व्यक्तिको राशि, नक्षत्रअनुसार भूमिको माटोको रङ, वास्तुसम्मत दिशा एवं नियमसँग मेल खाने घडेरी छान्नुपर्छ।
- ✓ त्रिकोण परेको भूमि घडेरीको लागि राम्रो मानिँदैन। एकातिर अत्यधिक चौडा अथवा अर्कातिर अति धेरै चुचो भएर गएको भूमि वास्तुसम्मत दृष्टिकोणले अशुभ मानिन्छ। अतः यस्तो घडेरी पनि किन्नु हुँदैन।
- ✓ प्राकृतिक प्रकाश आउने दिशा, स्वच्छ वायु वहने स्थान, मुख्य मार्ग, उपमार्ग, अथवा सिधा, फराकिलो बाटो भएको र आफ्नो नाम र राशिअनुसार मेल खाने भूमि घडेरीको लागि उपयुक्त हुन्छ।
- ✓ प्रस्तावित घडेरी रहेको भूमिमा कुनै पनि कुना वा आग्नेय कोणमा रुखको जरो वा पानीको स्रोत भएको हुनुहुँदैन।
- ✓ बिजुलीको पोल, तथा ट्रान्समिटर लाइन वा खम्बाको नजीक रहेको घडेरीको आग्नेय कोणमा शुभदायक मानिन्छ। अन्य कोण वा दिशामा रहेको घडेरी उपयुक्त हुँदैन।
- ✓ सरकारी गुठी, गौचरन वा सार्वजनिक जग्गा मिचेर घर बनाउनुहुँदैन। कुनै मन्दिर देवालय ठूलो रुखहरू हटाएर घर निर्माण गऱ्यो भने त्यहाँ बस्ने व्यक्ति सर्वाधिक तनावमा रहने गर्दछ। समयुक्त जग्गा, डुवान हुनसक्ने खतरायुक्त भूमि र वर्षाको समयमा पानी जम्ने स्थान कहिल्यै चयन गर्नुहुँदैन।
- ✓ सकेसम्म जाडोयाममा सूर्यको किरण वा प्रकाश प्रशस्त मात्रामा आउने र उज्यालो ठाउँको भूमि चयन गर्नु आवश्यक हुन्छ। घर बनाउँदा पूर्वतिर फर्केको द्वार बनाउनुपर्दछ।
- ✓ प्रस्तावित घडेरीको स्थानमा कुनै अपराधजन्य घटनासँग सम्बन्धित वा जोडिएको वस्ती हुनुहुँदैन।
- ✓ कार्यालयको लागि घडेरी किन्दा अन्डरग्राउण्ड, माटोको सतहभन्दा मुनिको ढोका तथा मुख्य द्वारको तल जति नै ठूलो स्थान भए पनि उपयुक्त हुँदैन।
- ✓ घरको नक्सा बनाउनुपूर्व मुख्य द्वारदेखि सडक या बाटोसम्मको बीचमा मुख्यद्वारको तल अगाडि कुनै पनि अवरोध हुनुहुँदैन। सूर्यको प्रकाश सही रूपमा पर्नुपर्दछ। बगैँचा आदि बनाउँदा घरको मुख्य द्वारको अगाडि अथवा सामुन्ने अग्ला वनस्पतिहरू रोप्नुहुँदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- ✓ प्रस्तावित घडेरीमा नक्सा बनाउँदा घरको अगाडि गहिरो खाडल र अग्लो पर्खाल हुनुहुँदैन । भवन तथा निर्माणस्थलको पूर्व, पश्चिम, उत्तर र दक्षिण कुनै पनि दिशामा कुनै पनि प्रकारको वास्तुदोष हुनुहुँदैन ।
- ✓ जेनेरेटर, ट्रान्समिटर, बिजुलीघर आदिको स्थापना जहिले पनि पूर्व-दक्षिणको बीच (आग्नेय) कोणमा गर्नुपर्दछ । गौशाला, तुलसीको मोठ, घरको पूर्वपट्टि शुभादायक मानिन्छ ।
- ✓ घडेरी वा घरको नजीकै कुनै ऐतिहासिक खण्डहर, समाधिस्थल, अति अग्ला रुखविरुवा, वरपिपलको रुखको छाया भएको शुभ मानिँदैन ।
- ✓ दक्षिण-पूर्व (आग्नेय) कोणमा जलस्थल, पानीको ट्याङ्की, इनार हुनुहुँदैन । पानीको स्रोत र ट्याङ्कीको छायाँ घरमा परेको छ भने त्यो घर निवासका लागि उपयुक्त हुँदैन ।
- ✓ उत्तर-पूर्व कुनामा पानीको स्रोत, दक्षिण-पूर्वमा भान्सा, दक्षिण-पश्चिममा घरमुलीको शयनकक्ष, उत्तर-पूर्व कुनामा पूजा कोठा सवैभन्दा शुभदायक मानिन्छ । वास्तुसम्मत नियमअनुसार निर्माण भएको छैन भने घरको मूलद्वारमा स्वस्तिक चिन्ह, अष्टमङ्गल, दायाँ-बायाँ गरेर दुईवटा कलश राखी वास्तुदोष निवारण गर्न सकिन्छ । घरको छतमा हनुमान, नारायण, गरुडध्वज आदि झण्डाहरू लगाएर वास्तुदोष निवारण गर्न सकिन्छ । जुन घरमा प्रतिदिन पूजा वा सत्सङ्ग गरिन्छ । दियो कलश गरी गणेशको पूजा गरिन्छ त्यो घरमा वास्तुदोष स्वतः कम भएर जान्छ ।

धनसार विचार

परम्परागत चिन्तन अनुसार धनका मालिक कुबेर हुन् र कुबेरको दिशा उत्तर मानिन्छ । वास्तुशास्त्रले उत्तर दिशामा धनसार राख्नु सामान्य मान्दछ । उत्तर दिशा काठतत्त्वको अधिष्ठात्री भएकाले धनदौलत राख्ने ठाँउ बनाएर अलिकति खाली राख्नु राम्रो मानिन्छ । वास्तुशास्त्र अनुसार दक्षिण, नैर्ऋत्य वा पूर्वदिशामा धनसार राख्नु राम्रो हुन्छ । दक्षिण र नैर्ऋत्यकोणमा धनकोष, सेफ राख्नु सर्वोपयुक्त मानिन्छ भने गाडी अर्थात् सवारी साधनका लागि आग्नेय कोण उपयुक्त हुन्छ । स्थापत्य वेदमा धनसारका लागि ईशान, पूर्व र उत्तर राम्रो मानिएको छ । आग्नेय वायव्यकोण वर्जित गरेको छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यापार गृहवास्तु

व्यवसायिक उन्नतिका लागि कार्यालय, व्यवसाय जगतमा स्थापित वास्तु सम्मत नियमहरूको पालना गरी व्यापारमा सुख शान्ति संवृद्धि प्राप्त गर्न सकिन्छ । व्यावसायिक प्रतिष्ठान बनाउँदा कर्पोरेट वास्तुअनुसार निर्माण गरेमा व्यापारिक सफलता प्राप्त हुन्छ । कर्पोरेट वास्तुअनुसार अफिसमा कुन र कस्तो खालको वास्तु प्रयोग गर्ने सम्बन्धमा तल उल्लिखित गरिएको छ ।

दक्षिणपूर्वमा भान्साकोठा बनाउनु उपयुक्त हुन्छ । उत्तरपूर्वमा पानीको स्रोत इनार, पानीको ट्याङ्की, धारा, कल आदि बनाउनु राम्रो हुन्छ । दक्षिण पश्चिम दिशामा मूल व्यक्तिको विचार परामर्श क्षेत्र मूल व्यक्तिको बस्ने ठाउँ कम्पनीको कार्यकारी अध्यक्ष आदि बस्ने कोठा बनाउन सकिन्छ । पूर्व या उत्तर फर्केर कार्यकारी अध्यक्ष बसे भने सबै किसिमका सुखसम्मृद्धि प्राप्त हुन्छ । आराम गर्ने कोठा पनि पश्चिमपट्टि बनाउन सकिन्छ ।



शौचालयमा पूर्व या पश्चिम फर्केर बस्नुहुँदैन । छतमा पानीको ट्याङ्की पश्चिमपट्टी राख्दा शुभ रहन्छ । व्यापारको प्रकृति हेरेर सामग्रीहरू भण्डार गर्ने स्थान उत्तरपश्चिम वायव्य कोण शुभदायिक मानिन्छ ।

घरमा पनि बच्चाहरूको सिरान पूर्वपट्टी बनाउनु पर्दछ । बच्चाहरू सुत्ने कोठामा टेलिभिजन तथा अन्य विद्युतीय उपकरणहरू राख्नु शुभ हुँदैन । विद्यार्थीले पूर्व या उत्तर फर्केर पढ्नुपर्दछ । दक्षिण फर्केर खाना खानु राम्रो मानिदैन । रेडियो, टेलिभिजन, कम्प्यूटर आदि विद्युतीय उपकरणहरू कोठाको आग्नेय कोणमा राख्नु पर्दछ । ए.सी. राख्दा कोठाको पश्चिमपट्टी राख्नु उचित रहन्छ । आइरन, हीटर, ग्यास, बत्ती आदि कोठाको दक्षिण तर्फ राख्नुपर्दछ ।

कार्यालयको भित्री बनावट

- ✓ कार्यालयभित्र घरभित्र सिलाइमेशिन, दराज तथा भारी सामानहरू कोठाको दक्षिणपट्टी राख्नुपर्दछ ।
- ✓ बैठककोठाको सोफा ईशानकोणमा राख्नुहुँदैन ।
- ✓ भारयुक्त प्राविधिक सामानहरू घरको उत्तरपूर्व ईशानकोणमा राख्नुहुँदैन ।
- ✓ खाना खाँदा उत्तर, पश्चिम वा पूर्व फर्केर बस्नुपर्दछ । सामूहिक स्थितिमा सबैतिर फर्केर खान सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- ✓ खाना खानुअघि भगवान्, कुलदेवतालाई सम्झेर वा चढाएर मात्र खानु शुभ रहन्छ । भोजनमा तुलसीको पत्र अनिवार्य रूपमा प्रयोग गर्नुपर्दछ ।
- ✓ मुख्य शयनकक्षमा महिलाहरूको ड्रेसिङ्ग टेबुल, ऐनाआदि राख्नुहुँदैन ।
- ✓ शयनकक्षमा डरलाग्दा, भयानक चित्रहरू राख्ने गर्नाले मानसिक तनाव बढाउने हुन्छ ।
- ✓ गाडी पार्किङ्ग दक्षिण या पश्चिममा गर्नुपर्दछ ।
- ✓ अग्ला रुखहरू घरको दक्षिण या पश्चिममा लगाउनुपर्दछ ।
- ✓ घडेरीको उत्तरपूर्व सदैव खुल्ला राख्नुपर्दछ ।
- ✓ घरको मुख्य द्वारको दायाँपट्टि तुलसी अनिवार्य रूपमा लगाउनुपर्दछ ।
- ✓ घरमा तुलसी लगाउनाले वास्तुदोषबाट बच्न सकिन्छ ।



- ✓ प्रस्तावित घर, पसल, व्यापारिक कम्प्लेक्स किन्नु या बनाउनुपूर्व त्यसको चारैतिरको बनावट, वातारवण र ढाँचाको अवलोकन गर्नुपर्दछ। छेउछाउमा होहल्ला, तथा फोहोर हुनुहुँदैन ।
- ✓ भूमिको नजिकै स्मशानघाट, ढल वर्कसप नभएमा राम्रो हुन्छ ।
- ✓ साँध (छिमेकी घडेरी) मा मुद्दामामिला चलिरहेको भए त्यस्तो भूमि उपयोगी मानिँदैन ।
- ✓ कुनै पनि गल्ली अथवा लाइनबद्ध घरमध्ये अन्तिम घर पनि लिनुहुँदैन ।
- ✓ सडकको किनारमा रहेको एक्लो घर पनि शुभ मानिदैन ।
- ✓ भूमि खरीद गर्नुपूर्व आफ्नै निगरानीमा नाप्नुपर्दछ ।
- ✓ माटोको रङ, स्वादआदिको विश्लेषण गर्न अढाइ फिट गहिराइको माटो हेर्नुपर्दछ ।
- ✓ प्रस्तावित भूमिमा अढाइ फिट गहिरो खाल्डो खन्ने । खाल्डो भरिने गरी पानी हाल्ने । यदि पानीको स्थिति शान्त भए शुभ र तलबाट फोका उठेर माथिआएमा त्यस्तो भूमि अशुभ मानिन्छ ।
- ✓ त्रिकोणमा रहेको भूमि खरीद गर्नु उचित हुँदैन ।
- ✓ छायाँ नपर्ने, स्वच्छ वायुको आवागमन हुने, मुख्य र शाखा बाटो सीधा एवं फराकिलो भएको, ठाउँको नाम आफ्नो राशिको नामसँग मिल्ने स्थान अत्यन्त शुभ मानिन्छ ।
- ✓ कुनै पनि कुनामा अग्लो रुख छ भने त्यस्तो भूमि राम्रो मानिदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- ✓ बिजुलीको खम्बा, ट्रान्समिटर, भूमिको कुनै पनि परिधिमा हुनुहुँदैन ।
- ✓ अवैध वस्ती तथा झाडी नजिक भूमि राम्रो मानिदैन ।
- ✓ बाढीले डुबाउने, भिरालो जग्गा र वर्षाको पानी जम्ने भूमि चयन गर्नु उचित मानिदैन ।
- ✓ मुख्य द्वारको अगाडि भान्साघर, बगैंचा, पानीको फोहरा आदि बनाउनुहुँदैन ।
- ✓ गोदाम भवनको वायव्य कोणमा बनाउनुपर्दछ ।
- ✓ सुरक्षागार्डको आवास या बस्ने कोठ आग्नेयकोणमा बनाउनुपर्छ ।
- ✓ रिसेप्सन, मन्दिर एवं पूजागृह आदि ईशान कोणमा बनाउनुपर्दछ ।
- ✓ फ्याक्ट्रीको नजिकै मन्दिर बनाउने हो भने मन्दिरको साइज फ्याक्ट्रीभन्दा सानो हुनुपर्छ । साथै ईशानमा मन्दिरको साइजको पाँच गुणा भूमि खाली राख्नुपर्दछ ।
- ✓ व्यावसायिक भवनको नैर्ऋत्य कोण अग्लो र ईशान कोण होचो हुनुपर्दछ
- ✓ कर्मचारीको आवास पश्चिममा बनाउनुपर्दछ ।
- ✓ कर्मचारीहरू बस्ने आवासको उचाइ मुख्य भवनभन्दा सानो हुनुपर्दछ ।
- ✓ सेफ्टी ट्याङ्की पश्चिम दिशामा बनाउनुपर्दछ ।
- ✓ सेफ्टी ट्याङ्कीलाई नैर्ऋत्यकोणतिर फर्काउनुहुँदैन र सेप्टी ट्याङ्की ईशान कोणमा बनाउनुहुँदैन ।
- ✓ कच्चा सामग्री दक्षिणपूर्वी दिशामा राख्नुहुँदैन ।
- ✓ स्वीमिङ पुल पूर्व अथवा उत्तरमा बनाउनुपर्दछ ।
- ✓ मुख्य सभाकक्ष उत्तर अथवा वायव्य कोणमा बनाउनु पर्दछ ।
- ✓ सभाकक्षको पूर्वतिरको भाग लामो हुनुपर्दछ ।
- ✓ चौकीदार या सुरक्षाकर्मीको कोठा आग्नेय कोणमा बनाउन सम्भव भएन भने उत्तरतर्फ फर्काएर पश्चिमपट्टि, पूर्वपट्टि फर्काएर दक्षिणपट्टि बनाउनु पर्दछ ।
- ✓ वायव्यकोणमा सुरक्षाकर्मीको कोठा बनाएमा अग्निभय, चोरभय हुनसक्दछ ।
- ✓ कुनै पनि संस्था वा व्यापारिक केन्द्रका प्रमुख व्यक्ति वा अध्यक्षको कार्यालय नैर्ऋत्यकोणमा बनाउनुपर्दछ ।
- ✓ कुनै पनि संस्थान वा व्यापारिक केन्द्रको अर्थ प्रशासन हेर्नेहरूका लागि नैर्ऋत्य कोण या उत्तरपट्टि अथवा ईशानकोणमा बनाउनुपर्दछ ।
- ✓ प्रविधिज्ञहरूको कोठा आग्नेयकोण वा पश्चिमको बीचमा राख्नु उपयुक्त मानिन्छ ।
- ✓ बजार प्रतिनिधि, अस्थायी कर्मचारी, सहयोगी कामदार आदिको कार्यालयीय वा अस्थायी वसाइका लागि वायव्य कोणमा उपयुक्त हुन्छ ।
- ✓ स्वागत र पूजा कक्षका लागि सर्वाधिक उत्तम कोण ईशान मानिन्छ । तर, पर्याप्त खाली स्थान हुनु आवश्यक छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- ✓ धनसार अर्थात् ढुकुटी ईशान वा पूर्वभागमा राख्नुपर्दछ ।
- ✓ धनसार या गल्ला धेरै ठूलो नबनाइ वास्तुचक्रको सिद्धान्तानुसार एक, तीन या पाँच हातसम्मको मात्र बनाउनुपर्दछ ।
- ✓ कतिपय उद्योगधन्दा वा फ्याक्ट्रीका लागि प्रयोग हुने कच्चापदार्थ अग्निजन्य भए आग्नेय कोणमा, माटोजन्य भए पूर्वमा, पानीजन्य भए उत्तर वा पश्चिमा, फलामजन्य भए दक्षिण र कागज वा रुवाजन्य पदार्थ वा बहुमूल्य रत्नहरू भए उत्तरकोणमा राख्नुपर्दछ ।
- ✓ पाकशाला वा भोजनालय आग्नेयकोणमा बनाउनुपर्दछ । यदि आग्नेयकोणमा बनाउन स्थान अभाव भए नैर्ऋत्य कोण र पश्चिमको बीचमा पनि बनाउन सकिन्छ ।
- ✓ कार्यकारी प्रमुख अफिसमा बस्दा उत्तर या पूर्व फर्किएर बस्नुपर्दछ ।

भवनको पारम्परिक बनोट

उत्तर

खाली स्थान	अतिथि कोठा	धनसार	पढ्ने कोठा	पूजा कोठा
छोरीको कोठा	ब्रह्मस्थान **मध्य**			गेट
छोराको शयन कक्ष				स्वागत गर्ने कोठा
अतिथि शयन कक्ष				बाथरुम योग आसन, प्राणायाम गर्ने स्थान
घरमूलीको शयन कक्ष	शौचालय	सुत्ने कोठा	भण्डार	भान्साघर

यो परम्परागत कोठा विभाजन तालिका हो । अहिलेको विषम र महङ्गो भौतिकवादी समयमा यो नियम त्यति उपलब्धिमूलक ठहरिदैन । आधुनिक मोडलका नमूना घर बनाउँदा यसरी बीचमा खाली ठाँउ राख्ने प्रचलन बाध्यात्मक परिस्थितिले हराउँदै गएको सन्दर्भमा चारैदिशाको संयोजक कोठाको स्थलगत परीक्षण गरेर निर्धारण गर्नुपर्दछ । जस्तै नौ कोठाको घर छ भने कसरी व्यवस्थापन गर्ने त !

सामान्यतः घरको प्रवेशद्वार पूर्वमा राख्नु राम्रो मानिन्छ । पूर्वमा स्नानघर र शौचालय एकसाथ कदापि बनाउनु हुँदैन । किनभने भास्कर भगवानको दृष्टि हाम्रो शरीरको विकारमा परेर मात्र हाम्रो घरमा पर्छ यसले हाम्रो मानसिक, शारीरिक, आर्थिक, शैक्षिक हरेक क्षेत्रमा नकारात्मक प्रभाव पार्दछ । यस्तै गरी ईशानकोणमा भगवानको पूजा आराधना गर्ने स्थानमा शौचालय बनाउदा कस्तो प्रभाव पर्छ स्वयंले विचार गर्दा नै निष्कर्ष निकाल्न सकिन्छ । स्थान अभाव छ भने शौचालय उत्तर ईशान र नैर्ऋत्य बाहेक अन्यत्र पनि बनाउन सकिन्छ । घरको बनोटमा वास्तुदोष निवारक सामग्री पिरामिड (माछा, फूलको गमला, सिलिङ्मा झुण्ड्याउने घण्टी) जस्ता सामग्री द्वारा दोष निवारण गर्न सकिन्छ । यो पनि प्रभावकारी हुने हाम्रो प्रयोगले देखाएको छ । प्रयोगबाट ज्ञानमा वृद्धि त हुन्छ नै त्यसलाई सूक्ष्म रूपले बुझ्ने क्षमता हामीमा थपिँदै जान्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भान्साघरको स्थान विचार

मानिसलाई जसरी शरीरमा संचालनमा प्राणको आवश्यक छ, त्यसैगरी अन्नको पनि हामीलाई अत्यावश्यक पर्दछ । **अन्नवै प्राणःरसवै प्राणः** अन्न नै प्राण हो, रस नै प्राण हो । प्राण बिना मानिस केही क्षण पनि बाँच्न सक्दैन । शुद्ध हावा, शुद्ध पानी र शुद्ध भोजन मानिसको नैसर्गिक आवश्यकता हो । हाम्रा ऋषिमहर्षिले हजारौं वर्षको खोज अनुसन्धानबाट भोजनलाई बनाउने विधि अथवा पाक विद्या (पकाउने विधि) को विषयमा विभिन्न शास्त्रहरूमा वर्णन गरेको पाइन्छ र घरको दक्षिण-पूर्वी भागलाई आग्नेय कोण भनिन्छ। त्यस कोणमा भान्छा अत्यन्त आवश्यक पर्दछ । भान्छा पकाउँदा जहिले पनि पूर्व फर्केर पकाउने विधान गरेको पाइन्छ । दक्षिण-पूर्वको कुना आग्नेय कोणमा पकाएको भान्छाले सुस्वास्थ्य, आयुष्य प्रदान गर्दछ। आग्नेय कोणको भान्छा सबभन्दा उत्तम मानिन्छ ।

१. दक्षिण-पश्चिमको कुना (नैऋत्य) कोणमा पनि भान्छा बनाउन सकिन्छ । र, त्यहाँ पकाउँदा पनि पूर्व फर्केर नै पकाउनु पर्दछ । पानीको स्रोत भने भान्छा कोठाको उत्तर-पूर्व कुनामा हुनु पर्दछ।
२. फ्रिज, भारी सामानहरू (पकाउने भाडाकुँडाहरू, ऱ्याकहरू) जहिले पनि पश्चिमबाट पूर्व फर्केर राख्नुपर्दछ ।
३. सागसब्जी, अनाज, मरमसला, तेल, घ्यू इत्यादि सामाग्रीहरू पश्चिमपट्टि राख्नुपर्दछ ।
४. फिल्टर, तामाको भाडाकुँडा, काँसको भाडाकुँडा उत्तरपट्टि राख्नुपर्दछ ।
५. सँधै पूर्व फर्केर भोजन गर्नुपर्दछ ।
६. खाएको थालमा कहिल्यै हात धुने, कुल्ला गर्ने गर्नुहुँदैन । जसले त्यसो गर्छ, त्यसको भएको सम्पत्ति सम्पूर्ण नाश भएर जान्छ ।
७. बहुमूल्य सामानहरू जस्तैः गरगहनाहरू भान्छाकोठामा कदापि राख्नु हुँदैन ।
८. पूजाकोठा बनाउनु परेमा उत्तर-पूर्वी कुना ईशान कोणमा राख्नुपर्दछ ।

पूर्व फर्केर पकाउने भान्छाघर

भान्साघर आग्नेय कोणमा हुनु सर्वोपयुक्त हुन्छ । भान्साघर अन्य दिशामा छ भने आग्नेय कोणमा एउटा बल्व अथवा घ्यूको वत्ती बाल्नु पर्दछ र भान्साघर भएको ठाउँमा एउटा तामाको घैला वा गाग्री राखेर पानी भर्ने र प्रतिदिन परिवर्तन गर्ने गर्नुपर्दछ । पानी राखेको भाँडो सफा राख्नुपर्दछ र विहान नित्य एक गिलास पानी घरमूलीले पिउने गर्नु राम्रो हुन्छ, यदि यस्तो गर्न सकिएन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भने त्यस घरमा बस्ने मानिसको आर्थिक र स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्छ। विस्तारै धन, मान, सम्मान, सन्तानमा समस्याहरू हुने हुन्छ। मानसिक पीडा पनि बढिरहेको हुन्छ। मानिसले नजानी गरेकोमा दोष नलाग्ने होइन विद्वानसँग सल्लाह लिएर समुचित समाधान खोज्नु राम्रो हुन्छ। निःसन्तान घरमालिक छ भने त्यसको चुल्हो सम्भवतः ईशानमा राखेको हुनसक्छ। त्यो घरको भान्साघरमा रहेका आलमारी, दराज, भाँडाहरू अनावश्यक खाली राखेको हुनुपर्छ। यदि आलमारी, दराज, भाँडाहरू अनावश्यक रूपमा खाली राखियो भने त्यो घरमा अनेकौं समस्याहरू आइपर्छन्। सन्तान नहुने अथवा भएका सन्तानबाट पनि सन्तान सुख प्राप्त हुँदैन। उनीहरू रोगी, अल्पायु हुने सम्भावना रहन्छ। पाकशालामा अन्न, तेल आदिका डिब्बा वायव्यकोणमा राख्नुपर्दछ साथै डिब्बाहरू खाली राख्नुहुँदैन। यदि खाली रहने अवस्था भएमा एक मुठी अन्न वा पानी भएपनि त्यसमा हालेर राख्नु उचित हुन्छ। पानीको गाग्री ईशान दिशामा, ग्याँस सिलिण्डर नैर्ऋत्यकोणमा राख्नु राम्रो हुन्छ।

दक्षिण-पूर्व कुनाको भान्छाघर

१. भान्सामा गरिने कार्य मध्ये अग्नि सम्बन्धी कार्य प्रमुख हो। त्यसैले भान्साघरका लागि पूर्व-दक्षिणको बीचभाग अर्थात् आग्नेय कोणलाई निर्धारण गरिएको हो।

२. भान्साघर आग्नेय कोणमा बनाउन सम्भव नभए पूर्व अथवा पश्चिममा पनि बनाउन सकिन्छ। सम्भव भएसम्म पूर्व र पश्चिमलाई विकल्पका रूपमा लिई आग्नेय कोणलाई प्राथमिकता दिनु नै उचित हुन्छ।

३. भान्सा कोठामा गह्रौं खालका सामान राख्दा कोठाको दक्षिणतर्फ राख्नु उचित हुन्छ। यसका साथै किचनमा राखिएका ग्याँस, चूल्हो, बर्नर आदि मुख्य प्रवेशद्वारबाट देखिनु हुँदैन। यदि यस्तो नभएमा परिवारमा सङ्कट हुने सम्भावना रहन्छ।

४. भान्साकोठामा यदि खाना खाने व्यवस्था गरिन्छ भने खाना खाँदा पश्चिम र पूर्व-उत्तर फर्केर खान सकिन्छ। दक्षिण फर्केर भने खाना खानु हुँदैन। उभिएर कहिल्यै खानु हुँदैन। उभिएर खाने मान्छेलाई नशा र प्रेसर, पेट तथा मधुमेह आदि रोगहरू लाग्न सक्छ।

५. भान्छाकोठामा सडेगलेका सामानहरू राख्नु हुँदैन। जस्तैः फलफूल, सागसब्जी, अन्न इत्यादि सडेमा तुरुन्तै व्यवस्थित ठाउँमा बिसर्जन गर्नुपर्दछ।

६. जुठा भाडाकुंडाहरू कहिल्यै पनि भान्छामा राति राख्नु हुँदैन। विशेष गरेर तरल पदार्थ, दूध, घ्यू,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेल, पानी आदि छोपेर राख्नु पर्दछ ।

७. चामल, दाल, नुन, मसला, खाना जहिले पनि छोपेर राख्नु पर्दछ ।

८. वास्तुशास्त्रका अनुसार खाना खाँदा कडा पदार्थलाई ३२ पटक, मध्यमलाई २१ पटक चुसेर, पिएर खानेलाई सहजताका साथ त्यसको स्वाद लिँदै खानु पर्दछ ।

९. खाना खाँदा रिसाएर, प्रतिशोधको भावना राखेर, पकाउने मान्छेसँग रिसाउँदै कहिल्यै पनि भोजन गर्नुहुँदैन । पकाउने भान्छेलाई धन्यवाद दिँदै र अन्न देवता अन्न दिने धर्तीमातालाई धन्यवाद दिँदै अन्नको प्रशंसा गर्दै भोजन गऱ्यो भने सुस्वास्थ्य र दीर्घायु प्राप्त हुन्छ ।

१०. एउटै दिशामा एउटै थालमा निरन्तर खानाले कार्यसिद्धि र सफलता प्राप्त हुन्छ ।

११. तामा, सीसा र आल्मुनियमको थालमा कहिल्यै पनि भोजन गर्नुहुँदैन । पानी मात्र तामाको भाडामा राखेर खायो भने सुस्वास्थ्य प्राप्त हुन्छ । गाग्री, खड्कुलो, हतर आदि तामाका भाडाहरूमा अनाज, तेल, घ्यू, मह कहिल्यै पनि राख्नु हुँदैन ।

भोजन विचार

यद अन्नम् तदएव मनः जस्तो अन्न, त्यस्तै मन । अन्याय, अत्याचार आदि गरेर ल्याएको धनले कहिल्यै पनि सुख, शान्ति, समृद्धि प्राप्त हुन सक्दैन । सुख, शान्ति, समृद्धिका लागि जहिले पनि पवित्र कर्मद्वारा श्रम गरेर अन्न भोजनको व्यवस्था गर्नुपर्दछ । शुद्ध र पवित्र अन्नले मन निर्मल र पवित्र बन्दछ । मनलाई निर्मल तथा पवित्र बनाउनलाई शुद्ध सात्विक भोजन गर्नुपर्दछ । भोजन गर्दा पूर्व, उत्तर, अथवा पश्चिम फर्केर भोजन गर्नु उत्तम मानिन्छ । दक्षिण फर्केर कहिल्यै पनि भोजन गर्नुहुदैन । सामूहिक भोज खाँदा भने दिशाको ध्यान दिन आवश्यक पर्दैन । जहाँ धेरै मनिसहरूको सहभागितामा भोज भएको छ भने कुन दिशामा फर्कने त्यो ध्यान दिनुपर्दैन ।

पिण्डदान, तर्पण, पितृ प्रयोग, अघोर तान्त्रिक प्रयोग गर्दा मात्र दक्षिण फर्केर गर्नुपर्दछ । आयु विद्या तथा धन, यश र कीर्ति चाहने व्यक्तिले सधैं एउटै थालमा, एउटै दिशामा र एउटै स्थानमा बसेर खाना खाने गर्नुपर्दछ ।

आधुनिक भान्छाकोठा



१. कच्चा घरहरूमा भान्छाकोठा बनाउँदा दैलोको छेउमा, खाँबोको छेउमा चूल्हो राख्नु हुँदैन ।

२. टिन, खर र खपडा तथा ढुंगाले छाएको घरमा भान्छा बनाउँदा सँधै भूइँतल्लामा बनाउनु पर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. भान्छाको चूल्हो पूर्व फर्केर पकाउने हुनुपर्दछ । पूर्व फर्काएर पकाएको भान्छा गर्नाले सुस्वास्थ्य र दीर्घायु प्राप्त हुन्छ ।

पूजाकोठा

हामी निर्गुण, निराकार या सगुण साकार जुनसुकै देवतालाई मानेपनि आफ्नो रुचि अभिरुचि अनुसार साकार वा निराकारको ध्यान, जप, अनुष्ठान गर्दछौं। र सगुण साकार स्वरूप गणेश, लक्ष्मी, दुर्गा, सूर्य, विष्णु, भैरब, काली, हनुमान, कुलदेवता आदि जसको पूजा गरेपनि प्रार्थनास्थल या पूजाकोठा अनिवार्य रूपमा बनाउनु पर्दछ । संसारलाई शक्ति दिने परमात्माको शक्तिलाई स्मरण गर्ने एउटा स्थान आवश्यक पर्दछ - त्यो हो उत्तर-पूर्वी कुना जसलाई ईशान कोण भनिन्छ। वास्तुशास्त्र अनुसार ईशान कोण शक्ति र ऊर्जाको स्रोत हो । ईशान कोण साधना र उपासनाको उच्चस्थान हो । जहाँबाट परमात्मासँग प्रत्यक्ष सम्बन्ध बनाउन सकिन्छ । तपाईंको अभिरुचि अनुसार गणेश, लक्ष्मी, भगवान शिव, पाञ्चायन, शालीग्राम, लक्ष्मीनारायण आदि देवताहरूको स्थापना गर्न सकिन्छ । १२ इन्चभन्दा अग्ला मूर्तिहरू घरको पूजाकोठामा राख्नु हुँदैन ।

१. पूजाकोठामा दियो, कलश, गणेश अनिवार्य रूपमा स्थापना गर्नुपर्दछ । दियो भनेको ज्योतिको प्रतीक, कलश भनेको जल, जल, जीवनको प्रतीक, गणेश भनेको सुख, शान्ति र समृद्धिको प्रतिक हो । त्यसकारण वैद्धिक सनात संस्कृतिमा दियो, कलश, गणेशको पूजा अनिवार्य गरिएको छ । दियो नबाली गरेको पूजा कहिल्यै पनि सफल हुँदैन ।

२. पूजाकोठा घरको उत्तर-पूर्वको बीच भाग (ईशान) कोणमा बनाउन उचित हुन्छ। यसका अलावा उत्तर र पूर्व पनि शुभ नै मानिन्छ। उत्तर-पूर्व कुना (ईशानकोण) को पूजाकोठा हुनुपर्छ ।

३. पूजाकोठाको नजिक फोहोर, कुचो र दुर्गन्ध आउने चीजहरू कहिल्यै पनि राख्नु हुँदैन ।

४. पूजाकोठामा प्राचीन मन्दिरबाट ल्याएको प्रतिमा राख्नु हुँदैन ।

५. बहुमूल्य सामान वा धन-सम्पत्ति कदापि लुकाउनु हुँदैन ।

६. सदासर्वदा पवित्र र सफा राख्नु अनिवार्य छ ।

७. पूजाकोठामा सुत्नु हुँदैन । यदि परिस्थितिवश यस्तो गर्नु परेमा पर्दा लगाएर मात्र सुत्न सकिन्छ। केवल स्थानाभावका लागि मात्र । त्यसमा पनि विवाहितलाई वर्जित छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८ पूजाकोठाको रङ्ग हल्का सेतो, पहेलो हुनुपर्छ । पूजाकोठामा प्रयोग गरिने कुचो पुछ्ने कपडा अन्यत्र सफा गर्ने सामान भन्दा अलग्गै राख्नुपर्दछ ।

९. धन प्राप्तिका लागि उत्तर फर्केर र ज्ञान प्राप्तिका लागि पूर्व फर्केर पूजा गर्नुपर्छ ।

१०. पूजाकोठामा एक कुरेत भन्दा अग्लो कुनै देवताको प्रतिमा स्थापना गर्नु हुँदैन ।

११. पूजाकोठामा हवनादि कार्य गर्नु परेमा कोठाको आग्नेय कोणमा गर्नुपर्छ ।

१२. पूजाकोठामा गणेश, कुबेर, दुर्गाको फोटो राख्दा दक्षिण तर्फ फर्काइ राख्नुपर्छ ।

१३. पूजाकोठामा ब्रह्मा, विष्णु, शिव, ईन्द्र, सूर्य र कार्तिकेयको प्रतिमा पूर्व एवं पश्चिम मध्ये जता पनि राख्न सकिन्छ ।

१४. हनुमानजीको फोटो एवं प्रतिमा राख्दा नैर्ऋत्यकोण तर्फ फर्काइ राख्नु शुभ मानिन्छ ।

१५. पूजाकोठामा रामायण, महाभारतका युद्धका तस्विर त्यस्तै पशु-पन्छी आदि भयानक डरलाग्दो तस्विरहरू लगाउन वर्जित गरेको पाइन्छ ।

१६. देवी-देवताको फोटो उत्तर-पूर्वपट्टीको भित्तामा लगाउनु शुभ मानिन्छ ।

१७. पूजाकोठामा गणेश, देवी, लक्ष्मी, एक्कै धातु या पत्थरबाट बनेका जोर मूर्ति, जोर शंख आदि राख्नु हुँदैन । देवी-देवताको चित्र प्रयोग गर्दा आमने सामने पारेर राख्नु हुँदैन ।

१६. पितृहरूको फोटो भने दक्षिणबाट उत्तरतिर फर्काएर राख्नु अति राम्रो मानिन्छ ।

स्नानघर (बाथरुम)

१. बाथरुमको रङ्ग गाढा नभई हल्का अथवा आफ्नो इच्छा र राशि अनुसार प्रयोग गर्न सकिन्छ ।

२. स्नानघरको ढोका पूर्व वा उत्तर फर्केको हुनु पनि अनिवार्य छ ।

३. कतिपय घरमा शौचालय र स्नानघर एकै कोठामा बनाएको पाइन्छ । यदि स्थानाभावमा बनाउन परेतापनि पश्चिम वा वायव्यकोणमा बनाउँदा शुभ रहन्छ ।

४. स्नानघर पश्चिम, दिशामा बनाउन सकिन्छ ।

५. स्नानघर ठूलो छ र वाशिङ्ग मेसिन राख्नु परेमा स्नानकोठाको आग्नेय कोण वा दक्षिण दिशा तर्फ राख्नुपर्दछ ।

६. घरको प्रमुख प्रवेशद्वार पश्चिम दिशा तर्फ भएमा बाथरुम पूर्वमा हुनुपर्दछ ।

७. बाथरुममा गिजर हिटर जस्ता विद्युतीय उपकरण प्रयोग गर्दा कोठाको आग्नेय कोणमा राख्नुपर्दछ ।

८. बाथरुम र भोजनालयको ढोका सम्मुख कदापि राख्नु हुँदैन ।

९. बाथरुममा प्रायश: ऐना लगाइएको पाइन्छ, वास्तुशास्त्रानुसार यो राम्रो मानिदैन ।

१०. ऐना बाथरुमको बाहिरपट्टी भित्ताको दायाँ भागमा राख्नुपर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शौचालय



१. घरमा शौचालय बनाउँदा पश्चिम वायाँबाट हल्का हटेर दक्षिण तर्फ बनाउँदा शुभ रहन्छ ।

२. शौचालयमा झ्याल राख्दा पश्चिम, पूर्व वा दक्षिणतर्फ एउटा मात्र झ्याल राख्नु राम्रो हुन्छ ।

३. शौचालयको धारो उत्तर, पश्चिम वा पूर्व झर्ने हुनुपर्छ ।

४. ईशान शौचालय बनाउनु घातक हुन्छ ।



५. शौचालयमा वस्दा पूर्व र पश्चिम फर्केर बस्नु हुँदैन ।

६. शौचालयमा वस्दा उत्तर वा दक्षिण फर्कनु आवश्यक छ ।

७. शौचालयको प्रवेशद्वार दक्षिण, पश्चिम वा आग्नेय कोणमा खुल्ने हुनुपर्दछ ।

८. शौचालयमा सङ्गमरमरको प्रयोग गर्नु राम्रो हुँदैन ।

९. यदि शौचालय ईशानकोणमा बनाइसकेको छ भने त्यो शौचालय त्यहाँबाट हटाउनु नै राम्रो हुन्छ ।

वास्तुअनुसार जल व्यवस्थापन

जलसँग मानवजीवनको घनिष्टतम सम्बन्ध रहेको छ । जसरी रगत विना शरीर चल्न सक्दैन, त्यसैगरी पवित्र नदी विना पृथ्वीवासी जीवजन्तु, औषधी, वनस्पति र चराचर जगत्को विकास असम्भव छ । त्यसैले सबैको पुष्टिको लागि जल नै जीवन हो । जलले जीवनलाई गति प्रदान गर्दछ । वैदिक साहित्यभित्र सम्पूर्ण पवित्र नदीहरूलाई आमाका रूपमा सम्वोधन गरिएको छ । जलको सम्मानलाई आदि अनादिकालदेखि विभिन्न वैदिक मन्त्रद्वारा स्तुति गरिएको छ । प्रत्येक पूजा आराधनामा पूर्णकलशको महत्त्वलाई दर्शाइएको छ । जल भरिएको पूर्णकलशमा ब्रह्मा, विष्णु, महेश्वर र सम्पूर्ण मातृगणसहित देवीदेवताको निवास रहेको वताइएको छ । जल विना जीवन सम्भव छैन, त्यसैले जल नै जीवन हो । चारै वेदमा वरुण देवताको रूपमा जलको स्तुति गरिएको छ । आधुनिक विज्ञानअनुसार शुद्ध (H_2O) पिउन योग्य पानीमा हाइड्रोजनको मात्रा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मध्यफल	उत्तर सुख प्राप्ति	ईशान पुष्टि, शान्ति उन्नतिकारक
पश्चिम सुख पुशुचोपाचायावृद्धि	**मध्य** **ब्रह्मस्थान** **धननाश**	पूर्व सुख सम्पदायकारक
नेर्ऋत्य अतिकष्टकारक कलह	दक्षिण अशुभ स्त्रीकष्ट अस्वस्थता	आग्नेय अग्निभय शारीरिक कष्ट सन्तानको उन्तिमा बाधक

२ भाग र अक्सिजनको मात्रा १ भाग रहेको हुन्छ । शरीरमा बहने शुद्ध रगतलाई पानी या रसको सर्वाधिक आवश्यकता पर्दछ। त्यसैले शरीरको सम्पूर्ण भित्री अवयवलाई सही रूपमा सञ्चालनका लागि पानीको आवश्यकता अनिवार्य हुन्छ । वास्तुशास्त्र अनुसार पानीलाई घरको उत्तरपूर्व ईशानकोणमा या पश्चिम पट्टी व्यवस्थापन गर्नुपर्दछ । पानीको व्यवस्थापन प्राथमिक आवश्यकता मध्ये एक हो। भवन निर्माण गर्नु अघिदेखि लिएर भवन निर्माण भइसकेपछि तथा दैनिक व्यावहारिक आवश्यकतामा पर्ने पानीको उचित व्यवस्थापन जरुरी छ। त्यसैले वास्तुविशेषज्ञ पानीको व्यवस्थापनको विषयमा विशेष विचार गर्ने गर्दछन् ।

वास्तुशास्त्रानुसार घर बनाउँदा माटोको परीक्षण कालमा सर्वप्रथम पानीको स्रोतको विचार अवश्य गर्नुपर्दछ। धरातलीय पानीको व्यवस्था गर्दा अर्थात् इनार, कुवा, बोरिङ्ग, धारा, कल आदिको निर्माणमा **'वराहमिहिर-बृहत् संहिता'** मा शुभ महिना, बार, नक्षत्र, तिथि, लग्न आदिको उल्लेख पाइन्छ सो अनुसार जलाशयको निर्माण गर्दा बनाइएको भवनमा बस्ने व्यक्तिलाई शान्ति, समृद्धि र यश प्राप्त हुन्छ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वनस्पतिको प्रयोग र वास्तु

वैदिक वाङ्मयमा वास्तुका मूलभूत सिद्धान्तहरू स्थापत्यवेदमा मयमतम्, शिल्पशास्त्र आदि विविध ग्रन्थहरूमा निर्माणको सन्दर्भ र वृक्ष-वनस्पतिको प्रयोग उल्लेख भएको पाइन्छ। पुष्प सौन्दर्यको अप्रतिम रूप हो। वास्तुविज्ञानमा पुष्प रोपण र उपयोगका बारेमा उल्लेख पाइन्छ। सामान्यतया घरको अवस्थाअनुसार जथाभावी जुनसुकै फूल रोप्ने चलन छ। वास्तुशास्त्रले घरको तला, घडेरीको दिशा, घरधनीको राशि, घरमा लगाइएको रङ्गआदिलाई आधार बनाएर फूल लगाउने विधान छ।

मान्छेको जीवन र फूलको सम्बन्ध प्रगाढ छ, मान्छे आँशु-हाँसो मिश्रित जीवनयापन गर्न बाध्य छ। आँशुमा डुबेर मात्रै मानिस जीवनयापन गर्न सक्दैन। हाँसोका लागि प्राकृतिक सौन्दर्यका विभिन्न तत्त्वलाई मानवीय प्रयोगको आधार बनाएको परम्परा छ। देवतालाई चढाउने पुष्पको विधानदेखि वैवाहिक जीवनमा पुष्प माला, दुवोको माला, भाइटीकामा लगाइने सयपत्रको माला पुष्प प्रयोगका अनुपम नमूनाहरू हुन्। प्राचीन स्थापत्य कला होस् वा साहित्य, वेद होस् वा आधुनिक सजावट विधि सबैले पुष्प (फूल)लाई आनन्दको आश्रय स्थलका रूपमा प्रयोग गरेका छन्। घरको कतातिर, कुन तलामा, कस्तो रङ्गका फूलहरू लगाउनेबारे वास्तुविद्सँग विस्तृत जानकारी लिए राम्रो हुने भए पनि सर्वसाधारणलाई सामान्य ज्ञान होस् भन्ने हेतुले यहाँ पुष्प रोपणबारे चर्चा गरिएको छ।



पूर्वमा– घरको पूर्वदिशामा रातो फूल रोप्नु राम्रो हुन्छ, जसमा काँडा नहोस्। दूध (चोप) आउने खालका फूल लगाउने भए गमलामा नभएर घडेरीको छेउमा एकहात खाली भूभाग वाहिर छोडेर त्यसभित्र रोप्नुपर्दछ। जहाँ बाह्रमासे, सुनखरी, रातो र पहेंलो फुल्ने फूल, पुनर्नवा, विहीँ, बोथे, बोभ्फो, मेथी, हलेदो, सयपत्रीआदि लगाउन सकिन्छ। आग्नेय कोण (पूर्व-दक्षिण) तर्फ गुलाफ रोप्नु शुभदायक मानिन्छ। रातो र सेतो मिश्रित भएर फुल्ने केवरा, पहेँलो, रातो र नीलो मिश्रित भएर फुल्ने सूर्यमुखीआदि रोप्न सकिन्छ। यो दिशामा रातो गोदावरी पनि उपयुक्त नै मानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चिम–पश्चिम दिशादेखि वायव्य कोणपर्यन्त सेतो रङ्ग भएका पराग हुने सुगन्धित बाह्रमास फुल्ने, उचाइ सामान्यतया १५ देखि २० हातसम्म हुने फूल वा वनस्पति रोप्न सकिन्छ । यसमा चमेली, घण्टीफूल, बाँबरी, रातो केबरा, केराफूल, धूपी, मेथी, हलेदो, सयपत्री, सर्पगन्धा, लूँडे, चिरैतो, छत्तिवन, जटामसी, जेठीमधु, टिमुर, तितेपाती, द्रोणपुष्पी, कुश, उसिर, अश्वगन्धा आदि रोप्न सकिन्छ । यो दिशामा पारिजात, सेतो शिरीष रोप्नु वाञ्छनीय नै हुन्छ । त्यसै गरी मालती, बेली, सुनगाभाजस्ता फूलहरू पनि रोप्न सकिन्छ ।

उत्तर–यो दिशामा सामान्यतया ५ देखि ७ हात उचाइ हुने खालका फूलहरूको प्रयोग गर्नु राम्रो हुन्छ । अझ गमलामा रोप्ने भए उचाइ जति कम भए पनि हुन्छ । रङ्ग भने यो दिशामा कलेजी, खैरो वा सेतो, पहेंलो, गेरु रङ्ग भएका वनस्पतिहरू लगाउनु उपयुक्त हुन्छ । उत्तर दिशामा पनि काँडा नभएका साना, हरियो, कलेजी, राता, सेता, छिर्केमिर्के परेका फूलहरू रोप्न सकिन्छ । उत्तर दिशाकै ईशानकोणमा भने नीलो, सेतो वा पहेंलो फुल्ने फूल रोप्न सकिन्छ । उत्तर दिशामै भुइँचम्पा, सुनाखरी, मखमली, गोदावरी, कमल, सूर्यमुखी, द्रोणपुष्पी, पारिजात, सुनाखरी, दूवो, तुलसी, तिल, जिरा, धनियाँ, बोझो, भृङ्गराज, भुइँअमला, सोमलता, सयपत्री, बाकुची, वरुण, ल्वाङ्ग, मोथे, चम्पाचमेली, कमल आदि रोप्न सकिन्छ । ठीक ईशान कोणमा भने अग्ला वनस्पतिहरू रोप्नुहुँदैन । निद्रादोष निवारणका लागि स्वप्नकच्छु रोप्न सकिन्छ । यस कोणमा धतुरो रोप्नाले जीवनका यावत समस्याहरू समाधान भएर जान्छन् ।

दक्षिण–दक्षिण दिशामा लहरा हुने र कालो, नीलो र हरिया लहरादार तथा सामान्य काँडा हुने फूल रोप्नु राम्रै मानिन्छ । यो दिशामा निल, शिरीष, गुलाफ, काकड, शृङ्गी, कुटुकी, खयर, गहत, काँस, करेला, इसवगोल, असुरो, अडेर, घण्टेघाँस, चिरैतो, द्रोणपुष्पी, धतुरो, निर्गुण्डी (सिमाली), नीम, बकाइनो, र फूलको रूपमा प्रयोग हुँदै आएको धूपी, अशोक आदिका वृक्षहरू पनि लगाउन राम्रो हुन्छ । दक्षिणदेखि नैर्ऋत्य कोणभित्र पर्ने गरी घरभन्दा अलि टाढा, बाहिरी पर्खालको छेउमा दूरी मिलाएर कपूर, रुद्राक्ष, अशोक, मरिच पनि लगाउन सकिन्छ । यो दिशामा सेतो फूल्ने सामान्यतया चार हातदेखि दस हात जति उचाइ हुने फूल लगाउनु शुभदायक मानिन्छ । यही दिशामा पहेंलो गोदावरी, सयपत्री, मखमली, भूइँचम्पा, चमेलीजस्ता फूल लगाउन सकिन्छ ।

पुष्प प्रयोग गर्दा सप्तरङ्गी फूलहरू, सुगन्ध आउने विभिन्न प्रकारका रङ्गीचङ्गी फूलहरू लगाएर जीवनमा उत्साह, उमङ्ग, प्रेमको विस्तार गर्न सकिन्छ । घरमा यदि श्रीमान्-श्रीमतीमा अति धेरै तनाव, सन्तानवृद्धिमा वाधा छ भने शिवलिङ्गी र पुत्रजीवक, दुवो, तुलसी, पारिजात, चम्पा, चमेली पुष्पहरू लगाएर घरमा शान्ति र समृद्धि प्राप्त गर्न सकिन्छ ।

वास्तु अनुसार पुष्प प्रयोग :-

पुष्प वा फूल सौन्दर्यको अप्रतिम रूप हो । प्राचीन वास्तु शास्त्र लगायत स्थापत्य कलामा वास्तुशास्त्रका साथै पुष्पको प्रयोगका बारेमा विशिष्ट चर्चा गरिएको पाइन्छ । सामान्यतया घरको अवस्था अनुसार जताभावी जुनसुकै फूल रोप्ने चलन छ । वास्तुशास्त्रले घरको तला, घडेरीको दिशा, घरवालाको राशि, घरमा लगाइएको रङ्ग आदिलाई आधार बनाएर फूल लगाउने विधान गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मान्छेको जीवन र फूलको सम्बन्ध प्रगाढ छ । मान्छे आँशू-हाँसोले मिश्रित जीवन यापन गर्न बाध्य छ । आँसुमा डुबेर मानिस जीवन यापन गर्न सक्दैन । हाँसोका लागि प्राकृतिक सौन्दर्यका विभिन्न तत्त्वलाई मानवीय प्रयोगको आधार बनाइन्छ । यसैले प्राचीन स्थापत्य कला होस् वा साहित्य, वेद होस् वा आधुनिक सजावट विधि सबैले पुष्प (फूल)लाई आनन्दको आश्रय स्थलका रूपमा प्रयोग गर्दछन् । घरको कतापट्टी, कुन तलामा, कस्तो रङ्गका फूलहरू लगाउनेबारे वास्तुशास्त्रविद्सँग विस्तृत जानकारी लिए राम्रो हुने भए पनि सर्वसाधारणलाई सामान्य ज्ञान होस् भन्ने हेतुले यहाँ पुष्प प्रयोगबारे चर्चा गरिन्छ ।

पूर्वमा :- घरको पूर्वदिशामा रातो फूल रोप्नु राम्रो हुन्छ । जसमा काँडा नहोस् । दूध (चोप) आउने खालका फूल लगाउने भए गमलामा नभएर घडेरीको छेउमा एकहात खाली भूभाग बाहिर छोडेर त्यसभित्र रोप्नुपर्दछ । जहाँ बाह्रमासे, सुनखरी, लाहूरेफूल आदि लगाउन सकिन्छ । पूर्वतर्फ गमलामा गुलाफ रोप्नु त्यति राम्रो मानिदैन । रातो र सेतो मिश्रित भएर फूल्ने केवरा, पहेँलो रातो र नीलो मिश्रित भएर फूल्ने सूर्यमुखी आदि रोप्न सकिन्छ । यो दिशामा रातो गोदावरी पनि उपयुक्त नै मानिन्छ । आग्नेय कोणमा रातो गुलाफ रोप्नु राम्रो हुन्छ ।

दक्षिण :- दक्षिण दिशामा लहरा हुने र कालो वा नीलो रङ्ग भएको सामान्य काँडा हुने हुने भए पनि रोप्नु राम्रै मानिन्छ । यो दिशामा निल, शिरिष, गुलाफ र फूलको रूपमा प्रयोग हुँदै आएको धूपी, अशोक आदिका वृक्षहरू पनि लगाउन राम्रो हुन्छ । दक्षिणदेखि नैर्ऋत्य कोण भित्र पर्ने गरी घरको करीब चार मिटर जति बाहिर तर्फ मरिच पनि लगाउन सकिन्छ । यो दिशामा सेतो फूल्ने सामान्यतया चार फिट जति उँचाई हुने फूल रोप्ता वेश हुन्छ । यही दिशामा पहेँलो गोदावरी, सयपत्री, मखमली, भूइँचम्पा, चमेली जस्ता फूल रोप्न सकिन्छ ।

पश्चिम :- पश्चिम दिशा देखि वायव्य कोण पर्यन्त सेतो रङ्ग भएका पराग हुने सुगन्धित बाह्रमासे फूल्ने उँचाई सामान्यतया ५ फिट सम्म हुने फूल रोप्न सकिन्छ । यसमा चमेली, घण्टीफूल, बाबरी, रातो केबरा, केराफूल धूपी आदि रोप्न सकिन्छ । यो दिशामा पारिजात, सेतो शिरिष रोप्ने वाञ्छनीय नै हुन्छ । त्यसै गरी मालती, बेली, सुनगाभा जस्ता फूलहरू पनि रोप्न सकिन्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



उत्तर :- यो दिशामा सामान्यतया २ फिट जति उँचाई हुने खालका फूलहरूको प्रयोग गर्नु राम्रो हुन्छ। अझ गमलामा रोप्ने भए उँचाई जति कम भए पनि हुन्छ। रङ्ग भने यो दिशामा कलेजी, खैरो वा सेतो रङ्ग भएका फूलहरू लगाउनु उपयुक्त हुन्छ। उत्तर दिशामा पनि काँडा नभएका साना, हरियो, कलेजी, रातो, सेतो, छिर्केमिर्के परेका फूलहरू रोप्न सकिन्छ। उत्तर दिशाकै ईशानकोणमा भने नीलो, सेतो वा पहेँलो फूल रोप्न सकिन्छ। उत्तर दिशामै भुँइचम्पा, सुनाखरी, मखमली, गोदावरी, लाहुरेफूल आदि रोप्न सकिन्छ। ईशान कोणमा तुलसी वा अमला रोप्न सकिन्छ। यही कोणमा सानो अमला लगाउन सकिन्छ। निद्रादोष निवारणका लागि स्वप्नकच्छु पनि रोप्न सकिन्छ। यस कोणमा धतुरो रोप्नाले जीवनका यावत समस्याहरू समाधान भएर जान्छन्।

एकतले घर भएमा यसरी लहरा नभएका फूलका विरुवाहर रोप्न सकिन्छ। यदि घर एकतला नभएर अनेकौं तला भएको छ जग्गा अभावले गमलामा नै फूल रोप्ने अवस्था आएमा भुइतलामा वैजनी रङ्गको, दोस्रो तलामा नीलो रङ्गको, तेस्रो तलामा रातो, चौथो तलामा सेतो सामान्य लहरा भएको पुष्प रोप्नु राम्रो हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रंगको प्रयोग

वैदिक नगरविकासको प्रभाव विश्वभरिको निर्माण जगत्मा परेको छ । यस अन्तर्गत रङ्गको प्रयोग पनि महत्त्वपूर्ण रहेको छ । सामान्यतया रङ्गको सामूहिक प्रतिविम्ब इन्द्रेणीमा देखिन्छ, जो सातरङ्गको हुन्छ । सत्व, रज, तम त्रिगुणात्मक रङ्गको मिश्रण नै अवस्थाअनुसार रातो, सेतो, कालो, पहेलो, हरियो, निलो, खैरो, वैजनी, सुन्तले, खराने, आकाशे आदि अनेकौं हुन्छन् । यस्ता रङ्गहरूको प्रयोग घरमा गरिएको हुन्छ । जसमा घरको कुनकुन स्थान, कोठामा कुन रङ्ग लगाउने ? सो निश्चित गर्नुपर्दछ । राशिको आधारमा रङ्ग तोकिएको हुन्छ । प्रत्येक रङ्गको आ-आफ्नै विशेषता र महत्त्व हुन्छ । प्रत्येक दिशाका दिग्पालको पनि आ-आफ्नै रङ्ग हुन्छ ।

प्राकृतिक रूपमा रहेका गृहनिर्माणका सामग्रीलाई कृत्रिमता प्रदान गरी आँखाको सुन्दरताप्रतिको भोकलाई तृप्त पार्न घरमा रङ्ग लगाउने गरिन्छ । हेर्दा राम्रो लाग्यो भने मनमा सकारात्मक प्रभाव पर्दछ र कार्यतत्परता बढ्दछ । प्रत्येक रङ्गका आ-आफ्नै महत्त्व हुन्छन् ।

रातो रङ्ग

रातो रङ्गको वैदिक अवस्था रजोगुण हो । मङ्गल र सूर्यको राशिगत रङ्ग रातो हुन्छ । यो रङ्ग युद्ध, क्रोधको प्रतीक पनि हो । गुलाफको फूलमा भएको रङ्गलाई चाहि प्रेमको प्रतीकका रूपमा लिइन्छ । स्थान र परम्पराका आधारमा यो निषेधात्मक सङ्केतका रूपमा लिइन्छ भने सफलताको प्रतीकका रूपमा पनि लिइन्छ ।

सेतो रङ्ग

सात्विक स्वरूपका रूपमा सेतो रङ्गलाई लिइन्छ । सत्व भनेको शान्ति, निर्मल, पवित्र, आयु, आरोग्यको सङ्केतका रूपमा लिइन्छ । चन्द्रमा र शुक्रलाई सत्व स्वरूपको मानिन्छ । अन्य रङ्गलाई यस रङ्गले निषेध गर्दछ । अन्य रङ्गलाई प्रतिस्थापन गर्न योग सक्षम रहन्छ ।

कालो रङ्ग

तमोगुण अर्थात् अज्ञान, अन्धकारका रूपमा कालो रङ्गलाई लिइन्छ । तापक्रम र उज्यालोलाई यस रङ्गले शोषण गर्दछ । अज्ञान, अराजक, असफलता आदिका सङ्केतका रूपमा कालो रङ्गले सङ्केत गर्दछ । यो रङ्ग भएका ग्रहहरूमा शनि, राहु, केतु पर्दछन् ।

पहेँलो रङ्ग

यो रङ्ग पनि प्रेम भावको प्रतीक नै हो । सात्विक आहारविहार,स्वच्छन्दताका रूपमा यसलाई लिइन्छ । वृहस्पति ग्रहको रङ्ग पहेँलो मानिन्छ । धन र मीन राशिमा पहेलो रङ्गको विशेष प्रभाव पर्दछ । कर्मकाण्डीहरूले वुधलाई पनि पहेँलो नै मान्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



नीलो रङ्ग

यो नीलो रङ्ग विशालता, गाम्भीर्य, स्निग्धताको प्रतीकका रूपमा लिइन्छ। केतु र राहूले यसमा विशेष प्रभाव पार्ने मानिन्छ। यो आकाशको रङ्ग पनि हो। यसलाई समन्वय र शान्तिको प्रतिविम्ब पनि मानिन्छ।

हरियो रङ्ग

यो प्राकृतिक रङ्ग हो। अन्य रङ्गभन्दा शान्त, प्रमाणहीन, कान्तिवाला रङ्गलाई नै हरियो रङ्ग मानिन्छ। यो रङ्गको प्रभाव बुधग्रहमा विशेष पर्दछ। राशिगत रूपमा कन्या र मिथुन राशिमा हरियो रङ्गको प्रभाव रहन्छ। यो रङ्ग शान्तिदायक, निर्मल, सहनशील हुन्छ। यो रङ्ग आनन्ददायक हुन्छ। खरानीको सेतो, खैरो रङ्गलाई खराने रङ्ग मानिन्छ। यो रङ्ग पनि शान्त स्वरूपको मानिन्छ। घरमा रङ्गको प्रयोग गर्दा राशि, दिशा,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवस्था, कार्य स्थान आदिका आधारमा शुभाशुभ निर्क्यौल गरेर मात्र लगाउनु पर्दछ । सुन्दर र प्राप्यताका आधारमा मात्र जुनसुकै रङ्ग लगाउनु हुँदैन ।

रङ्गको प्रयोग कसरी गर्ने

वास्तुविज्ञान सम्पूर्ण विज्ञान हो । नेपालमा कर्पोरेट व्यवसायमा अस्थिरता, नोक्सानपूर्ण व्यापार र व्यापारघाटा बढ्दो छ । कर्पोरेट जगत् अशान्त छ । यसको मूल कारण वास्तुसम्मत विधिबाट निर्माण नभएका अफिस, बसोबास, सरसामानको अनियन्त्रित व्यवस्था हो । त्यसबाट उत्पन्न हुने समस्याका कारणले वास्तुसम्मत सुख प्राप्त गरेका छैनन् ।

कर्पोरेट वास्तुको परामर्श दिँदा अनेकौं तथ्यलाई विचार गर्नुपर्दछ । जसबाट उद्योग, कल कारखाना कार्यालयको व्यवस्थापन सम्बन्धी कार्यमा सफलता प्राप्त होस् ।

वास्तुशास्त्रअनुसार कार्यालयमा सामग्रीहरूको व्यवस्थापन गरेमा व्यापार सहज रूपले अगाडि बढ्न सक्छ । सम्पूर्ण राम्रा कामहरू गर्न सकिन्छ । कार्यालयमा भारी सामानहरू दक्षिणपट्टि राख्ने । पश्चिमबाट पूर्व फर्काएर दराजमा फाइलहरू राख्ने, पानीको स्रोत कार्यालयको उत्तरपूर्व कुनामा राख्ने । पानीको स्रोतलाई उत्तरपूर्वमा राख्दा सकारात्मक ऊर्जाको सञ्चार हुन्छ । मानसिक तनाव कम हुन्छ । अफिस टेबुलमाथि अनावश्यक सामानहरू कहिल्यै पनि नराख्ने । अनावश्यक फाइल, बिग्रेको टेलिफोनसेट, बिग्रेका, भाँचिएका सामग्रीहरू कार्यालयभित्र नराख्ने । मसी सकिएको कलम पनि बर्जित छ । कार्यालयमा बस्दा आफ्नो दाहिनेपट्टि टेलिफोनसेट राख्ने । कम्प्युटर या ल्यापटप उत्तर या पूर्व फर्केर चलाउँदा सूर्यको सकारात्मक ऊर्जा शरीरभित्र प्रवेश गर्दछ र गरिएका कामबाट सम्पूर्ण लाभ प्राप्त हुन्छ ।

राशिअनुसारको रङ्ग मिलाएर मात्र टेलिफोनसेट, ल्यापटप, कलम, स्टिजमेसिन, फाइल र सजावटका सामानहरू किन्ने गर्नुपर्दछ । वास्तुशास्त्र भनेको निर्माणको शास्त्र हो । वास्तुशास्त्र प्रकृतिसँग जीवन र जगत्को प्रत्यक्ष तालमेल गराउने शास्त्र हो । सकारात्मक प्राणिक ऊर्जाको सन्तुलन पनि वास्तुशास्त्रले गराउँदछ, जसअन्तर्गत पूर्व, पश्चिम, उत्तर, दक्षिण दिशा र उपदिशा (आग्नेय, नैर्ऋत्य, वायव्य, ईशान तल र माथि) गरेर दश दिशाहरूको बारेमा व्यवस्थापनको वास्तुशास्त्रसम्बन्धी जानकारी गराउँदछ ।

राशिअनुसार रङ्गको प्रयोग

राशिअनुसार कार्यालय तथा घरमा घरमूली, कार्यकारी प्रमुख या शेयर सहभागी सदस्यहरूको राशिअनुसार रङ्गको छनौट गर्न सकिन्छ । निवासस्थान, प्रमुखद्वार, बैठककोठाआदिमा वास्तुशास्त्रअनुसार विचार पुऱ्याएर रङ्ग लगाउँदा कार्यमा सफलता, काममा उत्साह र उमङ्ग बढ्दछ ।

मेष र वृश्चिक :

यी राशिको स्वामी मङ्गल भएको हुनाले मङ्गल ग्रहको रङ्ग रातो, मिश्रित, गुलावी, सिलवर, हल्का फुस्रो हुन्छ र यस्ता रङ्ग शुभदायक रहन्छन् । कार्य व्यवसाय र प्रमुख व्यक्तिको राशिअनुसार यो रङ्गको प्रयोग गर्न सकिन्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वृष र तुला :

यी राशिको स्वामी ग्रह शुक्र हो । शुक्र ग्रहको रङ्ग भनेको सेतो, उज्यालो, घिउ, खैरो, फुस्रो, सिलवरर हल्का सेतो हो । व्यवसाय, कार्य र प्रमुख व्यक्तिको राशिअनुसार यो रङ्गको प्रयोग गर्न सकिन्छ । स्फटिकरङ्ग शुभ हुन्छ ।

मिथुन र कन्या :

यी राशिको स्वामी बुध ग्रह हो । बुधको रङ्ग हरियो, खैरो, पहैंलो, गाढा हरियो र दुबो रङ्ग लगाएमा कार्यालय, घर, वाहनले सफलता प्रदान गर्दछ । मिश्रित कार्य, व्यपार, व्यवसाय र राशिअनुसार यो रङ्ग शुभ रहन्छ ।

कर्कट :

कर्कट राशिको स्वामी चन्द्रमा हो । चन्द्रमाको रङ्ग सेतो, दुधिलो, फिका सेतो मानिन्छ । कार्य व्यवसाय, राशिअनुसार रङ्गको प्रयोग गरी सुख, शान्ति, सफलता प्राप्त गर्न सकिन्छ ।

सिंह :

सिंह राशिको स्वामी सूर्य हो । सूर्यको रङ्ग रातो, सप्तरङ्गी, गुलावी मानिन्छ । कार्य, व्यवसाय, राशिअनुसार यो रङ्गको प्रयोग गरी सबै क्षेत्रमा सफलता प्राप्त गर्न सकिन्छ ।

धनु र मीन :

यी राशिको स्वामी वृहस्पति हो । बृहस्पतिको रङ्ग सुनौलो, पहैंलो, सुँगारङ्ग र गाढा पहैंलो, बेसारे, केशरिया तथा मिश्रित मानिन्छ । कार्य, व्यवसाय र राशिअनुसार यो रङ्गको प्रयोग गरी उन्नति, प्रगति प्राप्त गर्न सकिन्छ ।

मकर र कुम्भः

यी राशिको स्वामी शनि हो । शनिको रङ्ग भनेको आकाशे, गाढा नीलो, हल्का नीलो, कालो, मिश्रित टाटेपाटे, छिर्केमिर्के, धर्के, हल्का ध्वाँसे मानिन्छ । यो व्यवसाय, कार्य, राशिअनुसार प्रयोग गरी सफलता प्राप्त गर्न सकिन्छ ।

शैक्षिक संस्था स्कूल, कलेज, शैक्षिक परामर्श केन्द्रआदिमा सेतो र क्रिम रङ्ग शुभ हुन्छ भने हस्पिटल तथा स्वास्थ्य सेवाकेन्द्रहरूमा हल्का नीलो, हरियो, उज्यालो र मिश्रित रङ्ग शुभ हुन्छ । घरमा लगाउने रङ्ग भने हल्का सुनौलो, हरियो, मिश्रित रङ्ग शुभ हुन्छ । गेटमा कालो रङ्ग लगाउनुहुँदैन । वास्तुसम्मत र सम्पूर्ण प्राकृतिक सिद्धान्तलाई आत्मसात गरी रङ्ग लगाउने हो भने सुख,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शान्ति, समृद्धि प्राप्त गर्न सकिन्छ । व्यवसायिक उन्नतिका लागि कर्पोरेट वास्तुलाई अनुसरण र उद्योग व्यवसायमा समुचित रङ्गको प्रयोगले प्रगति बढ्दै जाँदा राष्ट्रिय उन्नतिमा सफलताको शिखरमा पुऱ्याउन सहयोग गर्दछ ।

७३ रत्न विज्ञान



बुध ग्रहको लागि पन्ना

शुक्र ग्रहको लागि हीरा

चन्द्र ग्रहको लागि मोती



गुरु ग्रहको लागि पष्पराज



सूर्य ग्रहको लागि माणिक्य

मङ्गल ग्रहको लागि मुँगा



केतु ग्रहको लागि लहसुनियाँ

शनि ग्रहको लागि निलम

राहु ग्रहको लागि गोमेद

मानव जीवनको सुगमताका लागि अनेकौं प्राकृतिक अप्राकृतिक वस्तुहरू निर्माण भएका पाइन्छन् । जसको सही सदुपयोगले मानव जीवन अत्यन्त समृद्धशाली सुखी र शान्त बन्न पुग्दछ । प्राकृतिक पदार्थ सदुपयोग नगर्नाले मानव जीवन अत्यन्त दुरुह, कष्टसाध्य र अभिशाप बन्न पुग्दछ । प्राकृतिक वा अप्राकृत वस्तु वा पदार्थको उचित स्थानमा उचित रूपमा प्रयोग गर्नु नै मानव जीवनको सर्वोपयोगी लक्ष्य हो । यसैले मानवलाई सुखी बनाउँदछ ।

मानवलाई कुनै न कुनै रूपमा आवश्यक पर्ने पदार्थ वा वस्तुहरूमध्ये रत्न पनि एक हो । प्राकृतिक रूपमा यस्ता रत्नहरू अनेकौं प्रकारका रहेको पाइन्छ । यस्ता प्राकृतिक रत्नहरूको प्राप्ति अहिलेको समयमा कठिन बन्न पुगेको छ । रत्नहरूको सामान्यतया चर्चा गर्दा नवग्रह शान्तिको लागि धारण गर्ने प्रचलन बढेको देखिन्छ । त्यसमा पनि लागत र प्राप्यताका कारणले केही रत्नहरू अहिलेको बजारमा अति नै व्यापारिक कारोवार भइरहनेमा पर्दछन् । यसको प्रयोग ग्रहहरूको शान्तिका लागि मात्र होइन अपितु आन्तरिक शौर्य, ऊर्जा, जागरण, सन्मति, शान्तिआदिका लागि गरिन्छ । यसका साथै कतिपय असाध्य रोगहरूको उपचारका लागि पनि रत्नहरूको भस्म बनाएर वा घोल बनाएर लेपन वा सेवन गरेर प्रयोग गरिन्छ । रत्नका विकल्पमा वनस्पति जगत्मा अनेकौं जडिबुटीहरूको प्रयोग गरेर नवग्रह शान्ति तथा असाध्य रोगहरूको निदान गर्न सकिने देखिन्छ । लागतको कमी र आफ्नै देशमा रहेका वनस्पतिहरूको संरक्षण संवर्धन गरी रत्नका विकल्पमा रहेका जडिबुटी वा वनस्पतिको प्रयोग गर्नु वाञ्छनीय देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्य ग्रहको शान्तिका लागि माणिक्य, चन्द्र ग्रहको शान्तिका लागि मोती, मङ्गल ग्रहको शान्तिका लागि लागि मुँगा, बुध ग्रहको शान्तिका लागि पन्ना, बृहस्पति ग्रहशान्तिका लागि पुष्पराज, शुक्र ग्रहको शान्तिका लागि हीरा, शनि ग्रहको शान्तिका लागि निलम, राहु ग्रहको शान्तिका लागि गोमेद र केतु ग्रहको शान्तिका लागि लहसुनियाँको प्रयोग गर्नु भन्दा क्रमशः आँक, पलाश, खयर, अपमार्ग, पीपल, डुम्री, शमी, दुवो, कुशको प्रयोग गरी रत्नका स्थानमा कम लागतमा ग्रहहरूको शान्ति गर्न सकिन्छ । शनिका लागि सिस्नु वा अल्लोको जरा राखेर बुटी बनाइ शनिवार वा प्रदोष परेका दिन मन्त्रपूर्वक प्राण प्रतिष्ठा गरी धारण गर्नाले ग्रहको कुदृष्टि वा कुप्रभाव कम गर्न सकिन्छ भने नीच रहेको कमजोर ग्रहको प्रभावलाई बढाउन वा सशक्त बनाउन सकिने विश्वास गरिन्छ ।

जन्मकुण्डली अनुसार कमजोर भएका ग्रहहरूको दशाकालमा सोही ग्रहजन्य धातु वा पदार्थको प्रयोगमा कठिनाई पर्दछ । त्यस्तै मानवीय शरीरमा रहेका तत्त्व र अङ्गहरूमा पनि ग्रह अनुसारको तत्त्वमा विकार आइ अनेकौं वात, पित्त, कफजन्य रोगहरूले संक्रमण गर्ने अवस्था आइपर्दछ । त्यसैले मानव शरीरमा रहेका रासायनिक तत्त्व वा पदार्थलाई सही रूपमा तारतम्य मिलाई राख्नका लागि बाह्य जगतमा रहेका वनस्पति तथा धातुहरूको उपयोग गर्ने गरिन्छ ।

सोही अनुसार बाह्य पदार्थको प्रयोग अन्तर्गत सूर्यको दशामा मानव शरीरमा छालाजन्य वा दृष्टिजन्य रोगहरूको प्रवेश हुने हुँदा त्यसको प्रतिरोध गरी सूर्यबाट आएका नकारात्मक किरणहरूलाई परावर्तन गरी आवश्यकीय ऊर्जालाई ग्रहण गर्नका लागि माणिक्य नामक धातुको लकेट वा औंठी सूर्य पर्वतमा वा घाँटीमा लगाउन सकिन्छ । माणिक्य सबैतिर उपलब्ध हुन नसक्ने र सामान्य आर्थिक अवस्था भएकाहरूले किन्न पनि नसक्ने हुँदा आँकको जरालाई रविसप्तमीका दिन बिहान सूर्योदय कालमा उखेलेर ताँमाको जन्तर बनाई दाहिने हातको पाखुरा, साहिली औंला वा गलामा धारण गर्नुपर्दछ । यो जन्तरलाई प्राण प्रतिष्ठा गरेर धारण गर्नाले सूर्यजन्य नकारात्मक ऊर्जालाई परावर्तन गरी सकारात्मक ऊर्जाको प्रवेश गराउँदछ र सूर्यबाट हुने ग्रहदशाको निवारण गर्न सहयोग पुऱ्याउँछ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्टाङ्क

विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरूको सँगालो
परिशिष्टाङ्कमा राखिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मष्ट पूर्णिमा

वैदिक विज्ञान अनुसार मष्टपूर्णिमा र मरुत् पूर्णिमा वैदिक कालगणना लाखौं वर्ष प्राचिन हो । वैदिक कालीन सभ्यता सर्वप्राचीन सभ्यता मानिन्छ । आकाशीय नक्षत्र तारा, ग्रहमण्डलको सम्पूर्ण ज्ञानको स्रोत ज्योतिष शास्त्र हो । ज्योति भनेको प्रकाश, शास्त्र प्रकाशको गणनात्मक ज्ञान । हजारौं वर्षदेखि आएको परम्पराको सन्दर्भमा यहाँ महत्त्वपूर्ण जनपरम्पराको विषयमा वर्णन गरिनेछ । धर्म प्रत्येक वस्तु पदार्थमा तत्त्वसहित रहन्छ । पदार्थको धर्मबाट हीन भएपछि अस्तित्त्वविहीन निरपेक्ष बन्दछ ।

पहिलो पक्ष

हजारौं हजार वर्षको यायावरीय जीवनको उपलब्धि भनेको हामीले आर्जेको ज्ञान, सीप, साहित्य, शिल्प, विद्या, कला, लिपी, क्षत्रीयत्व, वंश, परम्परा र शूरता नै हो । श्रुतिपरम्पराबाट पुस्ता दर पुस्ता हस्तान्तरण हुँदै आएको वंशावली, गोत्र, कुल, परम्परा हाम्रा पुर्खाको मूल थलो हिमालय क्षेत्र नै हो ।

सनातन ज्ञान सिद्धि, साधना तपोभूमि, कुना, कन्दरा, गुफा, ओडार, दुर्गम पहाडी, मध्य तराई, समतल भेग, अपार हिमनदीले वेस्तित भूगोल नेपाल हो । ऋषि विश्वामित्र, वशिष्ठ, वामदेव, मौद्गल, अत्रि, काश्यप, भारद्वाजसहित हजारौं ऋषिहरूले मन्त्रसाक्षात्कार गरेको भूमि हो नेपाल । आफ्नो मौलिक संस्कृति, भाषा, शिल्प, विद्या, कला, पौरख, ज्ञान, ताना-वाना, रहन-सहन सबै हजारौँ हजार वर्षदेखि निरन्तर रूपमा अनुशरण र अनुशीलन गर्दै आइरहेका छौं ।

श्रुतिपरम्पराबाट प्राप्त भएको वेद शास्त्रलाई वैज्ञानिकशास्त्र मानिन्छ । विश्वको सबैभन्दा प्राचीन लिपीगत रूपमा प्राप्त शास्त्र ऋग्वेद नै हो भनेर विश्वभरका वैज्ञानिकहरूले सिद्ध गरेका छन् । मानवले प्राप्त गरेको सर्वप्राचीन ग्रन्थ भनेकै ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद हो । क्रमशः उपवेद, आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद, स्थापत्यवेद, व्याकरण, ज्योतिष, साहित्य, मीमांसा, निरुक्त, कल्प, शिक्षा, उपनिषद्, ब्राह्मण ग्रन्थ आदि सर्वप्राचीन ग्रन्थ नै हुन् । जसमा मानवता र सम्पूर्ण प्रकृतिको सिद्धान्त निहित छ । मानवता, राजनीतिक, सामाजिक, वैज्ञानिक, दार्शनिक पक्षहरू वेदका ऋचाहरूमा पाइन्छन् ।

प्रसङ्ग एक

वेदमा एक सय भाइ मरुतहरूको वर्णन र स्तुति गरिएको छ । ती मरुतहरूलाई मस्तकका देवता भनिन्छ । मानिसको प्राण नासिकाबाट श्वासनली हुँदै फोक्सोसम्मको यात्रा गरी पुनः शरीरबाट बाहिरिने क्रम निरन्तर चलिरहन्छ । मरुत्हरूको कृपाबाट नै जीव जीवित छ । चराचर जगत् गतिशील छ । बाँच्नका लागि शुद्ध हावा (मरुत्, अक्सिजन) को आवश्यक पर्दछ । एक सय भाइहरू विभिन्न जीवहरूमा प्राण प्रदान गर्न क्रियाशील छन् । मस्तक (ललाट) नै मस्ट र मस्त हो भन्ने उल्लेख पाइन्छ । सम्पूर्ण ज्ञानको एकीकृत रूप वेद हो । विश्वका इतिहासकारहरूले मस्ट, मस्त, मस्तक र त्रिशूलधारी भगवान् शिवको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मस्तकबाट उत्पन्न भएको वीरभद्र नै हुन् भनेका छन् । तिनै मस्ट देवतालाई खस जातिले गोत्र अनुसार भिन्नभिन्न रूपमा सम्झन्छन् । आफ्ना पुर्खा - आदिमस्ट, बराह मस्ट, खप्परमस्ट, दुधेमस्ट, विद्युतमस्ट आदि हुन् भनेर उल्लेख गरिएको छ ।

विश्वभरिका विभिन्न स्थानमा अष्ट्रियन, मङ्गोलआदि परिवारले पुर्खा, पितृका रूपमा स्मरण गर्दछन् । त्रिशूल र वज्रको परिभाषा पनि समकालीन नै हो । मरुत्सँग सम्बन्धित वज्र हो भने त्रिनेत्रधारी भगवान् शिवको त्रिशूल हो । अस्त्र, शस्त्र प्रयोग भएकै हो । अस्त्र र शस्त्रको उत्पत्ति र प्रयोगको इतिहास लामै छ । जाति जनजातिको मुन्धुम, कायाकैरन, उपजाति सबैको साझा साधनाको स्वरूप अग्नि, वायु र पितापुर्खा (कुलपरम्परा) लाई सम्झिने क्रम नै हो । सबैको साझा चिन्तन भनेकै पृथ्वी, जल, तेज, वायु, आकाश हो । कुनै पनि पदार्थ आफ्नो स्वभावबाट निरपेक्ष हुन सक्दैन । चाहे त्यो जातजाति, जनजातिको संस्कृति र परम्परा नै किन नहोस् । कसैले आफ्नो परम्परा मेटाउन चाहन्छ भने मेटाउन चाहनेलाई कसले के भन्न सक्छ र ! तर संरक्षण सबैको संस्कृतिको हुनुपर्दछ ।

प्रसङ्ग दुई

गणतन्त्रमा गण जातिको स्थान महत्त्वपूर्ण हुन्छ । गणजाति किटान नगरी गणतन्त्र संस्थागत हुनै सक्दैन । गणतन्त्रमा गणपति या गणप्रमुख हुन्छ, न कि राष्ट्रपति । एशिया माइनरमा हिती नामको जाति ईलावृत (ईरान)मा गणजातिको रूपमा शासक थिए । साँढेमाथि चढेका, हातमा त्रिशूल र परशु धारण गरेका, शिरमा चन्द्रमा धारण गरेको अवस्थाका मूर्तिहरू इस्लाम मतको उदयकाल (१४ सय वर्ष पहिले)मा भग्नावशेष भएको स्थान मक्का मदिना (मक्केश्वर महारुद्र) भएको स्थान अध्यावधि रहेको अन्वेषकलाई प्राप्त भएकाछन् । रात्रिका देवता चन्द्रमालाई आफ्नो झण्डमा राखी एक ईश्वरवादको चिन्तन इस्लाम मत र रोजा बस्दा चन्द्रदर्शन गरेर खाने परम्परा छँदैछ । शिवको आकारमा निर्मित मूर्तिलाई तुफानका देवता तेजस (तेसब) हो भन्ने सिरीयाका इतिहासकारले वर्णन गरेका छन् । हिती जातिको छिमेकी एउटा आर्य जातिको शाखा मितन्नीहरू पनि 'तेसब'को उपासना गर्दथे । तेज भनेको नै वायू हुन् । वायुलाई निरपेक्ष गर्न सकिन्न । धर्मनिरपेक्ष भन्नेले म सासै फेर्दिन भन्नुपर्‍यो । वायुको धर्म भनेको प्राणीक ऊर्जा र जीवनदायिनी शक्ति प्रदान गर्नु हो ।

प्रसङ्ग तीन

वैदिक परम्पराका ११ सय ७२ शाखाअन्तर्गत धेरै शाखाका अनुयायीहरू अध्यावधि मूर्तिपूजा गर्दैनन् । उनीहरू मूर्तिपूजाभन्दा पनि भावना र अग्निको उपासना गर्दछन् । जीवनका लागि अग्नि, वायु र सूर्यको उपांसना वैदिक परम्परा छँदै छ । वेविलोन र युनानमा मूर्तिको निर्माण गर्ने र देवताको रूपमा स्थापना र उपासना गर्ने चलन रहेको छ ।

तराईमा बसोबास गर्ने आर्यहरू गौचारक नै हुन् । नृप जातिको परम्परा आगोको पूजा गर्ने नै हो । कुलदेवता १, महारुद्र २, काण्डाब्रह्म ३, ऐरादेवता (सिकारका देवता) ४, गैडु ५, गोसाईं ६ गैया र मष्ट थपेर सात पुऱ्याइ पूजा गर्दछन् । कुलदेवी (काली, तारा, चण्डी, दुर्गा, विन्ध्यवासिनी) को पूजा शक्तिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा निरन्तर चलिरहेको छ । परम्परा हजारौँ हजार वर्षदेखि आएको छ । तराईतिर गोसाइँ, ब्रह्मबाबा आदि सम्झी गुराउहरूले पूजा गर्दछन् नै । किराँतहरूले मुन्धुममा त्रिशूलधारी भगवान् शिवको लामाहरूले फुर्बा (वज्र) का देवता मरुत्लाई सम्झिन्छन् नै । नेवारहरूले छ्वासः (क्षेत्रपाल) को पूजा गर्छन् नै । मगरहरूले मृतआत्माबाट छुट्कारा पाउन डैसीबाङअन्तर्गत वज्रवृक्ष दूधिलो चोप आउने बिरुवामा शिर झुकाउँछन् नै । तामाङहरूले नवजात शिशुको साल बाँसको ढुंग्रामा हाली दूध आउने सिउँडीको रुखमा झुण्ड्याउँछन् नै । हजारौं वर्षदेखि आएको परम्परा कसरी निरपेक्ष हुन सक्छ ? केही विदेशी दाताहरूको उक्साइमा लागेर धर्मनिरपेक्षताको पक्षमा उचालिनेहरूले आफ्नै खुट्टामा बन्चरो हान्दैछन् । त्यो नियतिले निर्धारण गर्नेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कार र पहिचान

वैदिक कर्मका वैज्ञानिक आधारहरू

व्रत किन ?

शरीरको माध्यमबाट मानिसले अपार सम्भावनाको विकास, धर्मसाधना र सम्पूर्ण श्रमका कामहरू गर्न सक्दछ । सृजना र विकासको स्रोत मानव चेतनाभित्र रहेको हुन्छ । हृष्टपुष्ट र तन्दुरुस्त मानिसले मात्र सम्पूर्ण काम राम्ररी गर्न सक्दछ । स्वास्थ्यका लागि भोजन अनिवार्य आवश्यकता हो । भोजनविना मानिस केही दिन पनि स्वस्थ रहन सक्दैन । पाचनक्रिया सबल, सशक्त र सही भयो भने मात्र मानिसले सुस्वास्थ्य र दीर्घायु प्राप्त गर्न सक्दछ । स्वास्थ्यका लागि उपवास अनिवार्य हुन्छ । पाचनक्रियाले प्रत्येक दिन विभिन्न कठोर रसदार भोजनहरू पचाइराखेको हुन्छ । त्यसैले पाचनक्रिया कमजोर हुने गर्दछ । पाचनक्रिया र आँतलाई पनि हप्ता या पक्षमा एकपल्ट खाली राख्नुपर्दछ ।

आरोग्यताका लागि जल, दूध या फलफूलको रस मात्रै खाएर उपवास गऱ्यो भने मानिसको लिभर, आन्द्रा, आमाशय र आन्तरिक सम्पूर्ण अङ्गप्रत्यङ्गहरूले विश्राम पाउँदछन् । एकदिन उपवास बस्दा जुन देवताको उपवास बसिन्छ, तिनै देवतालाई स्मरण, मन्त्रजप, पूजाआदि गर्दा शरीरमा आरोग्यता, शारीरिक स्फुर्ति र सबलता प्राप्त हुन्छ । व्रत गर्दा आइतवार भगवान् सूर्यको, सोमवार शिवजीको, मङ्गलबार गणेशको, बुधबार कुबेर या देवीको, बिहिवार भगवती बगलामुखी या लक्ष्मीनारायणको, शुक्रबार भगवती दुर्गा या वैभवलक्ष्मीको, शनिबार भैरव या शनिको व्रत, लाभदायक हुन्छ । कुलदेवताको लागि पूर्णिमाको दिन व्रत गर्नुपर्ने हुन्छ । व्रतवाट शरीरको आन्तरिक शुद्धि भई आरोग्यता हासिल भई मनोकामना पूरा हुन्छ ।

शङ्खनाद किन ?

शङ्ख वजाउने कार्यलाई शङ्खनाद भनिन्छ । शङ्खनाद एक विशेष प्रकारको साधना हो । कुनै पनि वैदिक महत्त्वपूर्ण अवसरमा शङ्खलाई बजाइने गरिन्छ । बालकको मुखदर्शन, वरबधूको मुखदर्शन, असामान्य (विशिष्ट) व्यक्तिको आगमन एवं नित्यपूजा या आरती गर्ने समयमा शङ्ख बजाएर वरिपरि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको वातावरण स्वच्छ बनाउने प्रक्रिया वैदिक कालदेखि चलिआएको हो । नेपाली परम्परामा जन्मदेखि मृत्युसम्म सम्पूर्ण संस्कारमा शङ्खनाद गरिन्छ । कुनै माङ्गलिक कार्य या शुभकार्यको उत्सव/अवसरमा शङ्ख बजाएर माङ्गलिक ध्वनि प्रसारण गर्ने संस्कार छ । शङ्खको मुखमा आफ्नो मुख लगाउँदा ओठको रखाई, फुक्ने श्वासको परिणाम, मनको एकाग्रता एवं इच्छाशक्तिको प्रबलता यी चार प्रमुख कुराहरूको मेलबाट नै शङ्खबाट सुमधुर ध्वनि निस्किन्छ । यदि यी चार प्रकारमध्ये कुनै एकको कमी भयो भने शङ्खबाट अपेक्षित ध्वनि निस्किँदैन । शङ्ख बजाउने समय शङ्खको ध्वनि कतातिर छ र सहज तरिकाले शङ्ख ध्वनित हुन्छ कि हुँदैन भन्ने जानकारी हुनु आवश्यक छ । शङ्ख बजाउनाले विभिन्न श्वासप्रश्वास सम्बन्धी समस्याहरूको समाधान हुन्छन् । शङ्खघोषबाट निस्किने ॐ को ध्वनिले मानसिक रोग निको पार्दै कुण्डलिनी जागरणको सशक्त साधन बन्दछ । यसमा विशेष प्रकारको बहिर्कुम्भक (प्राणायाम) को प्रक्रिया सन्निहित हुन्छ । यसले शरीरमा रहेको तन्त्रिका नामक तन्त्रलाई उद्वेलित गर्दछ । जसले गर्दा प्रसुप्त तन्त्र जागृत हुन्छ । शङ्खको ध्वनिले सत्त्वगुणी क्रियाशक्तिको सञ्चारण गर्दछ ।

वैज्ञानिक प्रविधिद्वारा पनि प्रमाणित भइसकेको छ- वाणी या बोलीसँग सम्बन्धित विकार या अशुभता शङ्खनादको अभ्यास या ध्वनिबाट नष्ट हुन्छन् । वायुमण्डलमा इलेक्ट्रोन, न्युट्रोन, प्रोटोनको गतिलाई व्यवस्थित गर्दछ । वातावरणमा कीटाणुहरूको असरलाई कम गर्दछ । शङ्खध्वनि गरेको ठाउँमा कुनै पनि अशुभ र विघ्न हुँदैन । अतः शङ्ख बजाउनुको महत्ता विशिष्ट रहेको छ ।

विवाहमा पोते किन ?



मानवजीवनको गतिलाई अगाडि बढाउन भोजन र आवासपछि प्रजननको महत्त्वपूर्ण भूमिका हुन्छ । प्रजननको प्रक्रिया, वंश परम्परा अगाडि बढाउन तथा सामाजिक, मूल्य मान्यताको निरन्तरताको लागि विवाह आवश्यक पर्दछ । वैदिक दर्शनमा विवाह आठ प्रकारका हुन्छन् भनिएको छ । ती आठ प्रकारका विवाहअन्तर्गत आर्षपरम्पराअन्तर्गत गरिने विवाहलाई वैदिक विवाह भनिन्छ । वरले वधूको घरमा गएर कन्या मागेर, जन्मपत्रिका मिलान गरी गरिने विवाहलाई वैदिक विवाह भनिन्छ । अगिनलाई साक्षी राखी कुल, कुटुम्ब, गुरु, पुरोहितको सहभागितामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक मङ्गलोच्चारणका साथ गरिने विवाह नै वैदिक विवाह हो ।

विवाहमा पोते या मङ्गलसूत्रको महत्त्वपूर्णस्थान हुन्छ । स्त्री जातिको शरीरमा बहने हर्मोनका कारण उनीहरू स्वाभावैले दयालु, कृपालु र आँटिला हुन्छन् । शारीरिक बनावट पनि पुरुषको तुलनामा कोमल हुन्छ । सम्पूर्ण परिवारको जिम्मेवारी वहन सजिलै गर्दछन् । विवाहको समया मङ्गल मन्त्रका साथ वरले वधूलाई पोते र सिन्दूर लगाइदिने विधान छ । त्यसपछि लगनगाँठो बाँधेर सूर्य, अग्नि, ईन्द्र, यम, वरुण, आकाशका देवता, पातालका देवता, पृथ्वीका देवता, नागआदिलाई साक्षी राखेर विवाहको मङ्गल कार्य गरिन्छ । पोते (मङ्गलसूत्र) सानो इकाईमा २७, ३६, ५४ या १०८ वा २१६ लुङ्को पोते वैदिक मन्त्रोच्चारणका साथ लागइदिने विधान गरिएको छ । माथि उल्लिखित लुङ्हरूको पूर्ण संख्या २७ मा २ जोड ७ = ९, ३ जोड ६ = ९, ५ जोड ४ = ९ आदि हुन्छ । हे सखी ! तिमीलाई मैले पत्नी रूपमा स्वीकार गरें । तिमी आधा म आधा थियौं । हामी दुई विवाह बन्धनद्वारा बाँधिएर आज पूर्ण भएका छौं । जसरी भगवान् शिव अर्धनारीश्वर हुनुहुन्छ त्यसैगरी तिमीले र मैले पनि पूर्णता प्राप्त गरेका छौं । तिम्रो र मेरो अधिकार बराबर, कर्तव्य बराबर र सामाजिक दायित्व पनि बराबर भएको छ ।

कुमारी कन्या जब विवाह गरेर वरको घरमा जान्छिन् जिम्मेवारीहरू प्रशस्तै बढ्छन् । कुमारीत्व पनि भङ्ग हुने हुँदा उनमा शारीरिक तथा मानसिक पीडा र ताप उत्पन्न हुन्छ । ताप शान्तिका लागि घाँटीमा पोते धारण गर्दा शीतलता प्राप्त हुन्छ । शास्त्रीय मान्यताअनुसार मङ्गलकार्य भएकाले मङ्गलकारक सूत्रको रूपमा पनि पोते लगाइदिनुपर्छ । आधुनिक विज्ञानका अनुसार छाती, घाँटी, र गर्दनलाई सदासर्वदा शीतलता प्रदान गर्न र अकुपञ्चर विन्दु (एक्यूप्रेशर प्वाइन्ट)हरूलाई सक्रिय बनाउन पोते लगाउनुपर्दछ । रातो पोतेले आरोग्यता, पहेँलो पोतेले आध्यात्मिक शान्ति, हरियो पोतेले समृद्धि प्रदान गर्दछ । विशेष गरेर शास्त्रमा रातो पोतेको प्रशस्त महत्त्व देखिन्छ । रातो पोते धारण गर्नाले सुख, सौभाग्य र परिवारमा शान्ति र समृद्धि प्राप्त हुन्छ । अतः विवाहमा पोते अनिवार्य रहेको छ ।

विवाह के हो ?

प्रजनन र जीवविकासका लागि विवाह एउटा पवित्र बन्धन हो जसले सामाजिक मान्यताप्राप्त प्रजननलाई सहयोग पुऱ्याउँदछ । विवाह कति प्रकारका हुन्छन् भन्ने सन्दर्भमा वैदिक शास्त्रहरूमा उल्लेख गरिएको छ ।

१. ब्राह्म विवाह- वेदज्ञ, सुशील, स्वस्थ वरलाई हेरी घरमा बोलाएर कन्यालाई विभिन्न आभूषणले सुसज्जित गरी कन्यादान गरी वरको हातमा दिने विवाहलाई ब्राह्मविवाह भनिन्छ ।

२. दैव विवाह- यज्ञकर्ता वैदिक विद्वान्लाई यज्ञादिको पूर्ण आहुतिपछि अन्तिममा कन्यालाई सौभाग्यादिले अलङ्कृत गरेर कन्यादान गर्ने विवाहलाई दैवविवाह भनिन्छ ।

३. आर्ष विवाह- वैदिक विद्वान्द्वारा सम्पादन गर्ने र अग्निलाई साक्षी राखेर केही उपहार लिएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कन्यादान दिने विवाह आर्ष विवाह हो ।

४. प्राजापत्य विवाह- वरबधूलाई एक-आपसमा भेट गराई मन परापर भएपछि कन्यादान गरी गरिने विवाह प्राजापत्य विवाह हो ।

५. आसुरी विवाह-वरपक्षसँग केही धन लिएर कन्यादान दिने विवाह आसुरी विवाह हो ।

६. गान्धर्व विवाह- लामो समयको प्रेमप्रसङ्गपछि गरिने विवाह गान्धर्व विवाह हो ।

७. राक्षस विवाह- कन्याको स्वीकृतिविना अपहरण गरी वा बलपूर्वक गरिने विवाह राक्षस विवाह हो ।

८. पैशाच विवाह- कन्याको शीलभङ्गपूर्वक बलात् गरिने विवाह पैशाच विवाह हो ।

यी आठ विवाहअन्तर्गत पनि उत्तम, मध्यम र अधम विवाहको वर्णन गरिएको छ । ब्राह्म, दैव, आर्ष र प्राजापत्यलाई उत्तम विवाह हुन् जसमा कुनै प्रकारको लेनदेन, लोभलालच हुँदैन । यी विवाहलाई आदर्श विवाह मानिएको छ । मध्यम विवाह आसुरी र गान्धर्वलाई लिइएको छ । धनद्वारा कन्याको क्रयविक्रय र लोभलालचद्वारा गरिने भएकाले यसलाई मध्यम विवाह मानिएको हो । राक्षस र पैशाच विवाहलाई बलपूर्वक र करकापमा गरिने हुनाले अधम विवाह हुन् त्यसैले यिनको चर्चा वैदिक शास्त्रहरूमा पाइँदैन । सुरुका चार विवाहलाई मात्र महत्त्व दिइएको छ । आमावाबु र कन्याको स्वीकृति, कुल, कुटुम्बसहित भएर गरिने, यज्ञयागादि र अग्निलाई साक्षी राखी गरिने विवाह सुरुका चार उत्तम विवाह हुन् ।

अन्तमा, संस्कारविहीन समाजको कल्पना पनि गर्न सकिंदैन । वैदिक संस्कार हाम्रो जीवनका गतिशील आधारहरू हुन् । संस्कारले व्यक्ति, समाज, समुदाय हुँदै अनुशासित तथा न्यायपूर्ण राज्यव्यवस्था निर्माण गर्न सहयोग पुग्ने हुनाले धर्म, संस्कार, परम्पराको पालना गर्न जरुरी छ ।

मन्दिर परिक्रमा किन ?



वेदका सम्पूर्ण एक लाख मन्त्रमध्ये असी हजार मन्त्र कर्मकाण्डका छन् । त्यसअन्तर्गत सोह्र हजार उपासना काण्डका र चार हजार ज्ञान काण्डका मन्त्रहरू रहेका छन् । असी हजार मन्त्रले परमात्माको अलौकिक आलोकको वर्णन गरेका छन्, जहाँ स्तुतिपरक र कर्मपरक मन्त्रहरू छन् । असी हजार मन्त्रले देवताको स्तुति गरेका छन् । सोह्र हजारले उपासनाको पद्धति, उपासनासम्बन्धी बृहत्तर साधना र चार हजार मन्त्रले ज्ञानको चर्चा गरेको पाइन्छ । सांसारिक मनुष्यले भौतिक रूपले सुख, समृद्धि, शान्ति, उन्नति प्राप्त गर्न निरन्तर कर्म गरि नै रहेको हुन्छ । उसको भावना, सुख समृद्धि शान्ति र सम्पूर्ण सनातन शान्तिको मार्गमा अवलम्बन गर्दछ । मन्दिरमा गएर देवतालाई आह्वान, आसन, फूल, फल, धूप, दीप, नैवेद्य, आरतिआदि गरेर परमात्माको नजिक पुगी साक्षात्कार गर्न आराधना गरिरहन्छ ।

यस क्रममा मन्दिरमा विशेष मन्त्रद्वारा देवतालाई आह्वान गरी विशेष मुहूर्तमा, विशेष स्थानमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थापित देवताको नजिक जाँदा खाली खुट्टा मन्दिरभित्र परिक्रमा गर्नुपर्दछ । खाली खुट्टा मन्दिरभित्र प्रवेश गर्दा खुट्टाबाट गरेर देवताको उपासना गर्दा त्यहाँको चुम्बकीय तरंग (Magnetic Force) मानिसको शरीरमा तरङ्गित हुन्छ । भगवान्लाई दाहिने पारेर परिक्रमा गर्दा खुट्टावाट देवालय परिसरको (Temple) को (Magnetic Force) सकारात्मक ऊर्जा (Positive Energy) शरीरभित्र गतिशील हुन्छ । एक, तीन, पाँच, सात, ना, एघार, एक्काइस, सत्ताइस, चौवन्न, एक सय आठ र एकहजार आठपटक परिक्रमा गरेर सम्पूर्ण शक्ति मन्दिर गई परिक्रमा गर्ने व्यक्तिसँग क्रियाशील हुन्छ । मन्दिर गएर देवताको पूजा, आराधना, परिक्रमा गरेर शक्तिशाली बन्दछ । सम्पूर्ण शरीरका अवयवहरू शक्तिशाली बन्दछन् । मन्दिरवाट बाहिर निस्केर परमात्माको अलौकिक शक्तिको गुणगान गाउँदै आफ्नो स्थानमा फर्किन्छ । यो विशेष पर्व, विशेष दिन, तिथि मितिमा गरेको पूजा र परिक्रमाले सुखशान्ति र समृद्धि प्राप्त हुन्छ । मन्दिर गएर देवताको सम्मुख आफूलाई पुनः क्रियाशील (रिचार्ज) गर्नु हो ।

कान किन छेड्ने ?

वैदिक विज्ञानअन्तर्गत संस्कारहरूमा कर्णवेध संस्कार (कान छेड्ने) पनि एउटा महत्त्वपूर्ण संस्कारका रूपमा स्थापित संस्कार हो । यो संस्कारको वैज्ञानिक महत्त्व के छ भने बालबालिकाको जन्मसमयमा आमाको गर्भमा नौ महिना रहँदा विभिन्न विकारहरू शरीरमा प्रवेश गर्दछन् । बालक जन्मेपछि जन्मकालिक दोष शान्तिका लागि र शारीरिक सुस्वास्थ्यका लागि एकपञ्चर गर्ने विधान गरिएको छ । शरीरमा रहेको कानको भागको लोतीलाई छेड्नु नै कर्णवेध (कान छेड्ने) संस्कारका रूपमा स्थापित गरिएको मान्यता हो । शरीरमा रहेको कानले बाहिरी शब्दलाई शरीरभित्र मस्तिष्कसम्म सूचना पुऱ्याउने काम गर्दछ । कान सम्पूर्ण स्नायुलाई सही रूपले व्यवस्थित राख्दै बाहिरी सूचनालाई मस्तिष्कसम्म पुऱ्याउने माध्यम हो । जसले शब्दको ज्ञानलाई शरीरभित्र प्रत्यक्ष रूपमा पुऱ्याउँदछ । पञ्चज्ञानेन्द्रिय तथा कर्मेन्द्रियलाई व्यवस्थित गर्न र शरीरको सम्पूर्ण स्नायुलाई व्यवस्थित गर्नका निम्ति कर्णवेध संस्कार गरिन्छ ।

शरीरबाट उत्पन्न हुने तापलाई सन्तुलन कायम गर्नका निम्ति कान छेड्नु पर्दछ । कानको सम्बन्ध सीधै मुटु र मस्तिष्कमा हुनेगर्दछ । त्यस भागमा छेडेपछि मुटु, मस्तिष्क र शरीरका अन्य भागहरूले सही रूपमा काम गर्न थाल्दछन् । कानमा लगाएको कुण्डलले सधैं भद्र श्रुतौ कर्णः सधैं भद्र कुराहरू सुन, सधैं कानद्वारा राम्रा कुराहरू सुन्ने र परमात्माको स्तुतिगान गर्दै जीवनलाई गतिशील बनाऊ भन्ने भाव स्पष्ट रूपमा बुझ्न सकिन्छ । जीवनलाई प्रगतिशील र प्रगतिको पथमा अगाडि बढाउन कानमा तुलसी, रुद्राक्ष, चन्दन, पारिजातआदि विभिन्न औषधीय वनस्पतिहरूको सिन्का बनाएर धारण गर्न सकिन्छ । यसमा सुनआदि अन्य धातुको कुण्डल पनि लगाउन सकिन्छ । सौरपरिवारको सम्पूर्ण ऊर्जालाई शरीरभित्र तरङ्गित बनाउनका निम्ति औषधी गुण भएको वृक्ष या धातुको कानमा कुण्डल धारणले शरीरलाई सुस्वास्थ्य, दीर्घायु, आनन्ददायी जीवन प्रदान गर्न सहयोग पुऱ्याउँदछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वयंबरमा औंठी किन ?

वैदिक संस्कार अनुसार विवाह संस्कार पनि अति महत्त्वपूर्ण र पवित्र संस्कार मानिन्छ। यस संस्कारमा बर वधुले एकअर्कालाई रातो टीका, कहिल्यै नओइलाउने दुबोको माला र औंठी लगाइदिने शास्त्रीय मान्यता रहेको छ। रातो चन्दन आदिले रङ्गाएको अक्षता, दुबोको माला र औंठी वरले वधूलाई र वधूले बरलाई लगाइदिने मान्यता रहेको छ। वैदिक विज्ञानअनुसार रातो रङ्गको सम्बन्ध शरीरको रगत र समृद्धिसँग छ। कहिल्यै नओइलाउने दुबो जीवनमा दीर्घायु र आत्मिक उन्नतिको लागि रहेको छ। साहिँली औंला (तर्जनी औंला) मा लगाइदिने औंठी सुनआदि धातुको बनाइएको हुन्छ। सुनलाई पवित्र र कहिल्यै खिया नलाग्ने धातुको रूपमा लिइन्छ। यी तीन वस्तुलाई साक्षी राख्दै साहिँली औंलामा नै किन औंठी लगाउने ? भन्ने प्रश्नमा साहिँली औंलाको सम्बन्ध सीधै मानिसको मुटुसँग सम्बन्धित हुन्छ।

त्यसैकारणले दाहिने हातको साहिँली औंलामा औंठी लगाइ टीका, मालाआदि लगाइन्छ। मन, मस्तिष्क, मुटु र हृदयदेखि तिमीहामी एकै हौं र अब हामीले रगतको जस्तो रातो गाढा र सुमधुर सम्बन्ध, सुनको जस्तो पवित्र सुन्दरस्वरूपको जीवनयात्रा सुरु गरेका छौं। हामी आपसमा एकअर्काका पूरक हौं। सम्पूर्ण जीवन समन्वय र सन्तुलित बनाउँदै अगाडि बढ्नेछौं। हामी एकअर्काका सम्पूर्ण जिम्मेवारी, सहयोग, सहकार्य, रगतको जस्तो गाढा जीवनको सुरुवात गर्ने प्रण गर्दछौं। हामी यही प्रण गरी प्रणयसूत्रमा बाँधिँदै छौं। यसैकारणले विवाहभन्दा पूर्व स्वयंवर गर्ने विधान अतिवैज्ञानिक रहेको पुष्टि हुन्छ। वैदिक समाज व्यवस्था अन्तर्गत धर्म, अर्थ, काम र मोक्षप्राप्तिका लागि गृहस्थ धर्मलाई सही र सन्तुलन गराउने स्वयबर गरी रगतको जस्तो रातो पन, दुबोको जस्तो सधैं हरियाली र सुनको जस्तो उज्यालो उत्तम जीवनको कामना गर्दै स्वयंवरमा औंठी लगाइन्छ।

हातमा औंठी किन ?

आकाशमा घुम्ने सौरपरिवारभित्रका सूर्य, चन्द्र, मङ्गल, बुध, बृहस्पति, शुक्र, शनि, राहु, केतु र लाखौं ताराहरूको समूह, आकाश गङ्गा, पुच्छ्रे तारा आआफ्नै बाटोमा परिक्रमा गरिरहेका छन्। सूर्यको प्रकाश या आफैं प्रकाशित सौरपरिवारको सम्पूर्ण ऊर्जा पृथिवीवासी सम्पूर्ण प्राणी जीवजगत्लाई प्रत्यक्ष रूपमा पर्नेगर्दछ। चेतनशील मानव शरीरलाई पनि जन्मकालिक नक्षत्र, राशिआदिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्ण नवग्रहको प्रभाव निरन्तर परी नै रहन्छ। गणना गरेर कुन समयमा कुन ग्रहको समय चलेको छ, त्यसअनुसार शरीरका सूक्ष्म डीएनएका कोषिकामा प्रत्यक्ष प्रभाव ग्रहहरूको ऊर्जा परिरहन्छ। त्यसअनुसार शरीरमा भएका पाँच तत्त्व पृथ्वी, जल, तेज, वायु र आकाश करोडौं नशा नाडी रक्तकोषिकाहरू र सम्पूर्ण चक्र कोषहरूमा प्रभाव परेको हुन्छ। सूर्यको दशा चल्दा सूर्यको सकारात्मक या नकारात्मक प्रभाव जन्मपत्रिका अनुसार मानिसको शरीरमा सूक्ष्म रूपले पर्दछ। कुन भावमा सूर्यको प्रभाव छ, त्यसअनुसार जीवनमा ग्रहको फल प्राप्त हुन्छ। सूर्य, चन्द्रमा, मङ्गल, राहु, बृहस्पति, शनि, बुध, केतु र शुक्रको क्रमशः दशा (पालो) चल्दछ। त्यसअनुसार रत्नधारणको विधान पनि गरिएको छ।

शरीरमा सूर्यको प्रभावलाई व्यवस्थित गर्न सूर्यरत्न माणिक्यले सूर्यको सकारात्मक ऊर्जालाई शरीरभित्र सहज रूपमा प्रवेश गर्न सहयोग गर्दछ। चन्द्रमाको लागि मोती रत्नले चन्द्रमाको सकारात्मक ऊर्जालाई शरीरभित्र प्रवेश गराउँदै चन्द्रजनित दोषलाई शान्त गर्दछ। मङ्गलको लागि मुगा रत्नले मङ्गलजनित दोषलाई शान्त गर्दै मङ्गल ग्रहको सकारात्मक ऊर्जा शरीरभित्र प्रवेश गर्न सहयोग गर्दछ। राहुको लागि गोमेद रत्नले राहुजनित अशुभतालाई शान्त गर्दै सकारात्मक ऊर्जा शरीरभित्र प्रवेश गर्दै नकारात्मक प्रभावलाई निस्तेज बनाउँदछ। बृहस्पतिलाई पुष्पराज रत्नले बृहस्पतिको सकारात्मक ऊर्जालाई शरीरभित्र प्रवेश गर्न सहयोग गर्दै नकारात्मक प्रभावलाई निस्तेज पार्दछ। शुक्रको लागि हीरा या ओप्पल, शनिको लागि नीलम, केतुको लागि क्याटआई (लहसुनिया) रत्नधारणले नकारात्मक ऊर्जालाई निस्तेज पार्दै शरीरभित्र सकारात्मक ऊर्जा निरन्तर क्रियाशील हुन्छ। रक्तकोशिकामा सम्पूर्ण नशानाडीमा रत्नले सकारात्मक ऊर्जालाई सञ्चालन गरी मानिसले चाहेअनुसारको शक्तिआर्जन गर्दछ।

रत्नधारण किन ?



आकाशबाट झर्ने सम्पूर्ण ग्रहको विकिरण, नकारात्मक ऊर्जालाई व्यवस्थित गर्न रत्नधारण गर्नुपर्दछ। शरीरमा कुन तत्त्वको मात्रा कम छ, त्यसअनुसार त्यस तत्त्वको असरलाई व्यवस्थित गर्न रत्नधारण गर्नुपर्दछ। शरीरमा रहेको रसको मात्रालाई मोतीले सन्तुलित गर्दछ। शरीरमा रहेको तेजको मात्रालाई माणिक्यले व्यवस्थित गर्दछ। शरीररमा रहेको वायुको मात्रालाई पुष्पराजले व्यवस्थित र सन्तुलित बनाउँदछ। नीलमले शरीरमा रहेको मासी, हड्डी जोर्नी र वायुको मात्रालाई सन्तुलन बनाउन सहयोग पुऱ्याउँदछ। लहसुनिया र गोमेदले लिभर आमाशय र पाचन क्रियालाई व्यवस्थित बनाउन सहयोग गर्दछ। मुगाले शरीरलाई सुखसमृद्धि र आत्मिक आनन्दता प्रदान गर्दछ। हीराले उत्साह उमङ्ग प्रदान गर्दै शुक्रजनित अशुभतालाई शान्त गर्दै प्रजनन शक्तिको विकास गर्दछ। साथै शरीरको प्राणिक ऊर्जालाई सहयोग पुऱ्याउँदछ। प्रत्येक ग्रहको नकारात्मक प्रभावलाई हटाउँदै सकारात्मक ऊर्जालाई व्यवस्थित गर्नका निम्ति हात, गला या पाखुरामा रत्नधारण आवश्यक पर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केश मुण्डन किन ?

केश मुण्डन गर्ने संस्कार बल, आयु र तेजको वृद्धिको लागि गरिन्छ । यो संस्कारको समय बालक जन्मेको पहिलो या तेस्रो वर्ष हो । यो संस्कार विभिन्न छालासम्बन्धी रोगको निदानका लागि पनि लाभप्रद देखिन्छ । शिरमा रहेको शिखालाई छोडेर बाँकी रहेको केशलाई मुण्डन गरेपछि शरीरमा गर्मी पनि कम हुने हुँदा मानिसको जीवनमा केशमुण्डन विशेष प्रभावकारी देखिन्छ । शरीरवैज्ञानिकका अनुसार बाल्यकालमा विभिन्न किसिमका रोगहरूले संक्रमण गर्नेगर्दछन् । जसले गर्दा उसमा रहेको शक्ति क्षीण हुन्छ । जब शक्ति क्षीण हुन्छ, तब शीरमा रहेका केशहरू झर्ने गर्दछन् ।

यस्तो अवस्था देखिएमा पनि केशमुण्डन संस्कारको विधान गर्नु अत्यावश्यक छ । एकपटक केश मुण्डन गरेपछि पुनः पलाएर आउने केशहरू पहिलेजस्ता गरी झर्ने गर्दैनन् । तसर्थ पनि केशमुण्डन समय समयमा गर्ने गर्नु स्वास्थयका लागि लाभदायी छ । जसले अनुहारमा सुन्दरता पनि आउने गर्दछ ।

एउटै वर्णमा किन विवाह गर्ने ?



प्रश्न उठ्नु स्वाभाविक हो । किनकि वर्ण र कर्म व्यवस्थामा ब्राह्मण कुलकी स्त्री ब्राह्मणकुलमा नै विवाह भयो भने रक्तसमूहको सक्रमण भएन, एउटै समूहमा रह्यो । तसर्थ, ब्राह्मणले ब्राह्मण महिला, क्षत्रियले क्षत्रिय महिला, वैश्य पुरुषले वैश्य महिला, शूद्र पुरुषले शुद्र महिला विवाह गर्ने शास्त्रीय विधान हो । जसले यस वर्णव्यवस्थालाई उल्लङ्घन गर्दछ, त्यसको आफ्नो समुदायबाट विचलन भएको र अन्य समूहमा प्रवेश नभएको अवस्था रहन्छ । आफ्नो गुण, कर्म, शिल्प र विद्याअनुसार आआफ्नो जातिमा विवाह गर्नु भनिएको हो । आआफ्नो जाति परम्परा अनुसार विवाह गरेमा सन्तान सबल, सशक्त, समृद्ध गुण, कर्म, शिल्पविद्याले सम्पूर्ण स्वरूपमा रहन्छ । आफ्नो कुल धर्म र संस्कार अनि संस्कृतिले ओतप्रोत रहन्छ । तसर्थ एउटै जातिमा विवाह गर्नु अति नै राम्रो मानिन्छ ।

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः । परमात्माले भन्नुहुन्छ : गुण, कर्मको आधारमा चार वर्णको मैले सृष्टि गरेको छु । चार प्रकारका प्राणीहरू परमात्माले सृष्टि गर्नुभएको गुण, कर्म, शिल्प, विद्याले युक्त चार वर्ण परमात्माले निर्माण गरेका शास्त्रीय आधारहरू स्पष्ट रूपमा छन् । वैदिक वाङ्मयमा चार प्रकारमा रहेको वर्णव्यवस्था ब्राह्मण, क्षत्री, वैश्य र शूद्र चार वर्णले युक्त भएको मनुष्यको समुदाय मैले रचना गरेको भन्ने भाव विभिन्न वैदिक, पौराणिक ग्रन्थहरूमा सर्वत्र पाइन्छ । संसारमा जन्मिएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणीहरू पनि गुण, कर्म, शिल्प र विद्याले चार वर्णमा विभाजित छन् । आधुनिक विज्ञानको खोजले पनि रगतको मुख्य समूह चार भागमा विभाजन गरेको छ । **O** (ओ समूहको रगत) **A** (ए समूहको रगत) **B** (बी समूहको रगत) **AB** (एबी समूहको रगत) गरी चार वर्णको मुख्य रक्तसमूह रहेको छ । जस अन्तर्गत गुण, कर्म, शिल्प, विद्याले युक्त संसारका मानव मुख्य चार वर्णमा विभाजित छन् । जसरी रक्त कोशिकाको वर्णव्यवस्था मुख्य रूपले चार भागमा नै विभक्त छ ।

वैदिक वर्णव्यवस्था पूर्ण रूपले वैज्ञानिक थियो । एउटै वर्णमा विवाह गर्ने विधान पनि यसै अन्तर्गत गरिएको पाइन्छ । कुनै पनि प्राणीको रक्तसमूह अतिक्रमण गर्नुहुँदैन । एक वर्णको रक्तसमूहसँग अर्को समूहको रक्त समिश्रण हुनसक्दैन । ब्राह्मण, क्षत्री, वैश्य, शूद्र गरी चारप्रकारको वर्णव्यवस्था गुण,कर्मको आधारमा विभाजन गरिएको छ । वर्णव्यवस्था भनेको संसारका प्राणीहरूको रक्तसमूह चार भागमा विभाजन भएसरी नै भएको हो । विराट पुरुषको मुखबाट, हातबाट, पेटबाट, खुट्टाबाट चार वर्णको उत्पत्ति भएको छ । मूल चार प्रकारका रक्तसमूहमा संसारका मानव जातिलाई आजको विज्ञानले विभाजन गरेको छ । पृथिवीमा बस्ने सबै मानवलाई परमात्माले चार भागमा रचना गर्नुभएको छ । शरीर विज्ञान अन्तर्गत रक्तकोषिकाहरू मुख्य रूपमा चार समूहमा नै विभाजित छन् । रक्तसमूह चार वर्णका भएजस्तै ब्राह्मण, क्षत्री, वैश्य र शूद्र चार वर्णमा संसारको सृष्टि र मानवविकास गतिशील छ ।

रक्तसमूहलाई सक्रमण गरी अर्को रक्तसमूहसँग मिलाउँदाखेरि त्यसको दुष्परिणामले अपांग, सुस्त मनस्थिति र मानसिक असन्तुलन भएको सन्तति उत्पन्न हुन्छ । ब्राह्मण पुरुषले ब्राह्मण कन्या, क्षत्रीय पुरुषले क्षत्रीय कन्या, वैश्य पुरुषले वैश्य कन्या र शूद्र पुरुषले शूद्र कन्या नै विवाह गर्ने शास्त्रीय वचन रहेको छ । शूद्र वर्णकी कन्याले शूद्र वर्णको पुरुष, वैश्य वर्णकी कन्याले वैश्य वर्णको पुरुष, क्षत्री वर्णकी कन्याले क्षत्रीय पुरुष र ब्राह्मण वर्णकी कन्याले ब्राह्मण पुरुष विवाह गर्नुपर्दछ । आफ्नो परम्परा, मूल्य मान्यता, संस्कृति, रीतिरिवाजअनुसार सन्ततिको विकास, परिवारको उन्नति र सुखशान्तिका लागि एउटै वर्णभित्र विवाह गर्नुपर्दछ ।

एउटै गोत्रमा विवाह किन हुँदैन ?

विभिन्न भाषा, शिल्प, विद्या, कला, साहित्य र संस्कृतिले सम्पूर्ण समाज निर्माण हुन्छ । कला, शिल्प, विद्या र संस्कृतिले सभ्य मानव भन्ने परिभाषालाई पुष्टि गर्दछ । विवाह एक पवित्र बन्धन हो, जसअन्तर्गत मानिसले नवगृहस्थ जीवनको आरम्भ गर्दछ । वर र बधूको एकअर्काप्रतिको समर्पण भावले सुन्दर र सुखी गृहस्थजीवनको परिभाषा पुष्टि हुन्छ । विवाहपछि सकारात्मक सोच, सकारात्मक विचार र अभिव्यक्तिका साथ एकआपसको आत्मीयता रीतिस्थिति, रहनसहन, प्रेमभावले सुन्दर गृहस्थ चल्दछ । सुन्दर गृहस्थजीवनका लागि एउटै वर्णमा विवाह गर्ने विधान गरिएको छ । वैदिक धर्मशास्त्रमा स्वगोत्रीय विवाह गर्नुहुँदैन भन्ने वचनहरू प्रशस्त रूपमा पाइन्छन् ।

एउटै गोत्रमा नाता र स्वभाव, गुण, धर्म र रगतको नाता एउटै ऋषिको रहेको हुनाले एउटै गोत्रमा विवाह गर्न निषेध गरिएको छ । रगतको नाता अन्तर्गत रक्तसमूहभित्र वहने स्वगोत्रीय ऋषिको शक्ति सञ्चालित हुने भएकाले एउटै गोत्रमा विवाह गर्नुहुँदैन । किनकि एउटै ऋषिको सन्तानमा रगतभित्रको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूक्ष्म कोषिकामा तत्सम्बन्धित गोत्रीय ऋषिको प्रभाव रहन्छ। तसर्थ एउटै गोत्रमा विवाह गरेको खण्डमा सन्तानमा विकलाङ्गता, हिंसा, अस्थिरता, अशान्ति र दुराचारी सन्तान उत्पन्न हुन्छन्।

जसले समाज, धर्म, संस्कृति, मूल्य मान्यता र परम्परालाई छिन्नभिन्न पार्न निरन्तर रूपमा काम गर्दछन्। समाजमा दुराचार बढ्दछ। जसले सम्पूर्ण समाजवादीय व्यवस्था छिन्नभिन्न हुन्छ। एउटै गोत्रमा विवाह गर्न निषेध गर्नुको कारण पनि अत्यन्त वैज्ञानिक रहेको छ। सन्तानको सुख, शान्ति, समृद्धि र उन्नत जीवन चाहने व्यक्तिले एउटै गोत्रमा विवाह गर्नुहुँदैन।

ब्रह्माजीका चार शिरको रहस्य



ब्रह्मा देवंताहरूका शीर्ष देव हुन्। जसमा सृष्टि गर्ने क्षमता रहेको छ। उनले सप्तर्षिहरू र प्रजापतिहरू सृष्टि गरेका हुनाले उनलाई चराचर जगत्का पिता पनि भनिन्छ। पौराणिक आख्यानअनुसार ब्रह्माले सारा ब्रह्माण्ड नै आफ्नै हातले सृष्टि गरेका हुन्।

तैत्तिरीयोपनिषद्अनुसार ब्रह्माले ब्रह्माण्डको सृष्टि गरेपछि आफैं यस सृष्टिमा विराजमान भएका हुन्। वैदिक साहित्यअनुसार ब्रह्मालाई सृष्टि गर्ने अभिभारा थियो। तर, उनले सृष्टिको धेरै प्रयास गरे तापनि केही उत्पत्ति भएन। र, उनका सबै प्रयासहरू विफल भए। विष्णुको सुझावअनुसार ब्रह्माले सबै शक्तिहरूलाई पराजित गर्दै आफ्नो ज्ञानको सुप्त अवस्थासम्म पुगेर सृष्टिको प्रयास गर्नुपर्ने भयो। त्यसपछि तपस्या र ध्यानको एक हजार वर्ष प्रयास गर्नुभयो। यो कठोर तपस्या र ध्यानपछि जे सोचे पनि तत्काल सृष्टि भयो। यसकारण सम्पूर्ण जगत्का सृष्टिकर्ता र सृष्टिजनक पिताका रूपमा ब्रह्माजीलाई मानिन्छ।

ब्रह्मा विष्णुको नाभिबाट जन्मिएका हुन्। उनका चार शिर छन्। उनले वेदका सम्पूर्ण ज्ञान आफ्नो हातमा लिएका छन्। हाम्रो मस्तिष्कको चार भागले ब्रह्माजीको चार शिरको प्रतिनिधित्व गरेको हुन्छ। त्यो पूर्व, पश्चिम, उत्तर, दक्षिणतिर फर्किएको ब्रह्माजीको शरीर नै हाम्रो मस्तिष्कका विभागहरू हुन्। विष्णुको नाभिबाट उत्पन्न कमल फूलको डाँठ मस्तिष्कको आरम्भविन्दुको आधार हो। मानिसको मस्तिष्कमा अपार सृष्टि आरम्भ गर्ने क्षमता क्रियाशील रहेको हुन्छ। मानव मस्तिष्कको सम्पूर्ण सदुपयोगले विश्वब्रह्माण्डका सम्पूर्ण पदार्थलाई रूप परिवर्तन गर्नसक्ने क्षमता रहेको हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानव शरीरमा लक्ष्मी



देवासुर सङ्ग्रामको क्रममा अमृतको खोजी गर्दै मन्दराचल पर्वतलाई मदानी, समुद्रको जललाई दही र भगवान् नारायणको कछुवा अवतारको ढाडमा त्यो मन्दराचल पर्वतलाई अड्याई मन्थन गरियो । त्यसक्रममा एक सुन्दर चार हात भएकी युवतीको सृष्टि भयो । यही समुद्र मन्थनको क्रममा चौध रत्न उत्पन्न भए । प्रथम निस्किएकी सुन्दर स्त्रीको नाम परामात्माले लक्ष्मी राख्नुभयो । ती लक्ष्मी समुद्रबाट निस्किएकी पवित्र रत्न हुन् । जसका चारवटा हात छन् । ती चारवटा हातलाई हाम्रा शरीरभित्रको मुटुको चार वटा विभागका रूपमा बुझिन्छ । उनी समुद्रबाट निस्किएकी हुनाले हाम्रो शरीरलाई रगत बनाउने तत्त्व रस या तरल पदार्थबाट हाम्रो मुटुमा रक्तसञ्चालन हुन्छ । त्यो चार विभाग नै हाम्रो मुटुभित्र निरन्तर तरङ्गित महालक्ष्मी शरीरभित्र निरन्तर मुटुको रूपमा क्रियाशील छिन् ।

विद्याकी देवी सरस्वती

ब्रह्माजीका साथ सरस्वती ज्ञानकी अधिष्ठातृ देवी भगवतीलाई वैदिक साहित्यमा स्तुतिगान गरिएको छ । मस्तिष्कको भित्री भागमा पनि वीणा लिएकी भगवती सरस्वती बुद्धिस्वरूपा भएर मस्तिष्कलाई तरङ्ग प्रदान गर्ने वीणा लिएर बसेकी छिन् । सरस्वतीलाई ज्ञान, गुण, विद्या, बुद्धि, शिक्षा, साधना, सङ्गीत र अक्षर आरम्भ गर्दा विद्याकी देवीको रूपमा पूजा गर्दछौं । यदि मस्तिष्कले काम गरेन भने मानिसको सम्पूर्ण संस्कार, विद्या, बुद्धि, शिक्षा सबै समाप्त भएर जान्छन् । त्यसैले भगवती सरस्वती धीर बुद्धिलाई सदा सर्वदा राम्रो र शुभ काममा लागिरहन प्रेरणा दिनुहोस् भनेर वैदिक मन्त्रद्वारा सरस्वतीको स्तुति गरिन्छ ।

मानव मस्तिष्कमा गणेशजीको स्वरूप

भगवान् श्रीगणेश शिव पार्वतीका छोरा हुन् । भगवान् गणेशले शिवजीको गुफाको प्रवेशद्वारमा पहरा दिने गर्नुहुन्छ । कोही देवी देवता पनि गणेशजीलाई नसोधी शिवजीको गुफाभित्र प्रवेश गर्न सक्दैनन् । गणेशजीका धेरै नामहरू छन् । जस्तो गणपति जसको अर्थ शिवका गणहरूको नेता वा नायक, गणका स्वामी गणतन्त्रका प्रतिपादक, विघ्नविनाशक । गणेशको तेस्रो नाम भवतात्मज शिवका छोरा, हेरम्बा शिवाको जीवस्वरूप रहेका गजानन हात्तीको अनुहार भएका गज स्वरूप ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



हाम्रो मानव शरीरमा केही संरचनाहरू छन्, जो हाम्रो मस्तिष्कको प्रवेशद्वार हुन्। तिनीहरू - पोन्स, मेडुला र सेरिवेलम हुन्।

मस्तिष्कमा जाने कुनै पनि सूचना, जाने र सूचना फर्कने प्रतिक्रियाहरू यिनै पोन्स मेडुला र सेरिवेलमको मार्ग हुँदै प्रवाह हुन्छन्। यी अङ्गहरूको कार्य गणेशजीले शिवजीको प्रवेशद्वारमा गरेको कार्यजस्तै नै हुन्। माथि उल्लेखित अङ्गहरूको बनावट पनि गणेशजीको मुखाकृतिसँग मिल्दा-जुल्दा छन्। गणेशजीको अर्को नाम चारुवर्ण हो जसको अर्थ सुन्दर कान भएको हुन्छ। गणेशका कानहरू हाम्रो मस्तिष्कको सेरिवेलम (Cerebellum) सँग मिल्दो छ, जसले हाम्रो शरीरको सन्तुलन, आँखाको चाल, शरीर र खुट्टाको चाल अनि सन्तुलन कायम राख्छ। वैदिक साहित्यअनुसार व्यास ऋषिले गणेशजीलाई ध्वनि, शब्द र अर्थको कल्पना गर्दै महाभारत लेख्न लगाउनुभएको थियो। जुन कार्य हाम्रो मस्तिष्कको सेरिवेलमले आशयअनुरूप कार्य गर्ने गर्छ। हाम्रो शरीरिक बनावटसँग यो कार्यलाई दाँज्दा व्यास ऋषि वोलीको केन्द्रविन्दू मस्तिष्कलाई प्रतिनिधित्व गर्छ। लेखन प्रक्रियामा मस्तिष्कले सोचेको कुरा गणेशजीले पहरा दिने हाम्रो मस्तिष्कको प्रवेशद्वारबाट प्रवाह हुँदै हातको निश्चित गति र कार्यको समन्वय हुन्छ।

हाम्रो मस्तिष्कको गणेशसँग मिल्दो संरचना नै मानव शरीरका प्रमुख कार्यहरू सञ्चालन एवं समन्वय गर्ने गर्दछ। गणेशको अनुहारसँग मिल्दो पोन्स (Pons)नै हाम्रो मस्तिष्कको प्रमुख भाग हो। जसले शरीरका धेरै कार्यहरू जस्तै ज्ञानेन्द्रियहरूको कार्य सम्पादन, मांसपेशी र जोर्नीहरूको कार्य सञ्चालन गर्दछ। शरीरका महत्त्वपूर्ण मुटुको चाल स्वाश-प्रश्वास, रक्तचापजस्ता कार्य सञ्चालनको अभिभारा पनि गणेश आकृतभङ्गले गर्दछ।

मस्तिष्कको अर्को अङ्ग हो मेडुला (Medulla)। मेडुला पनि गणेशको सूँडसँग मिल्दो आकृतिको छ। मेडुलाले पोन्समा हुने कार्यहरूको बाटोको रूपमा काम गर्छ।

Trigeminal Nerves सुषुम्नाहरूको जराले गणेशका आँखाहरूको प्रतिनिधित्व गर्छन्, जसले छाला, मांसपेशी, अनुहारको जार्नी, मुख र दाँतबाट हुने सूचनाहरूको प्रवाह मस्तिष्कमा गर्छन्। यी Trigeminal सुषुम्नाहरूको काम पनि आँखाको जस्तो हुन्छ, जसको वातावरणबाट ज्ञानेन्द्रियले सूचना सङ्कलन गर्छ।

पोन्सको फेदमा भएका सुषुम्नाहरूको एक झुण्ड गणेशको सूँड आकृतिको छ। यो अङ्ग शारीरिक सन्तुलन आँखाको चाल, शरीर ठाडो राख्ने र शिरको गतिको कार्य सञ्चालन गर्छ भने यी कार्यहरू सूँडले गर्ने कार्यजस्ता छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो शरीरका प्रमुख अङ्गहरूको आकार, बनावट र यसले गर्ने शरीरका अति संवेदनशील कामहरू सबै शरीरिक कार्यहरूको प्रवेशद्वार गणेशको शरीरसँग मिल्नुले सबै धार्मिक अनुष्ठानमा सर्वप्रथम गरिने गणेश पूजाको पुष्टि गर्दछ । वैदिक साहित्यमा श्रीगणेशजीलाई अरु पनि धेरै नामहरूले चिनिन्छ भने उनलाई गरिने विभिन्न वर्णन र श्रृङ्गारले पनि उनको संरचना र कार्यलाई चिन्न मद्दत गर्दछ । गणेशजीका विभिन्न नाम र नामसँग मिल्ने शारीरिक अङ्गहरूको छोटो वर्णन यहाँ गरिन्छ ।

विनायकः विनायकको अर्थ नेता वा पथप्रदर्शक हुन्छ । गणेश एक विशेष नेता र अति विशेष पथप्रदर्शक हुन् । गणेशभन्दा ठूला राजा छैनन् । यसले उनी यस ब्रह्माण्डका एक चक्रवर्ती सम्राट हुन् । उनी मस्तिष्कमा विराजमान छन् ।

विघ्नराजः विघ्नराजको अर्थ विघ्न-बाधाका राजा भन्ने हुन्छ । गणेश विघ्नकर्ता र विघ्नहर्ता दुवै हुन् । हाम्रो मस्तिष्कको गणेशलाई हेर्दा यो यस्तो प्रवेशद्वर हो जसले रोक्ने छेक्ने कामका साथै चाहिने कुरा वा सन्देश मात्र आवत-जावत गर्न दिन्छ । माथि उल्लेखित अङ्गहरू पोन्स, मेडुला र सेरिवेलम (Pons, Medulla & Cerebellum) ले हाम्रो मस्तिष्कमा जाने र आउने सन्देशहरू नियन्त्रण गर्छन् ।

पशुपालः पशुपालको अर्थ जीवित प्राणीहरूका पोषणकर्ता वा संरक्षणकर्ता हुन्छ । शिवभक्तका पालन र पोषणकर्ता गणेश हुन् । गणेशको आकृतिका रूपमा देखिने हाम्रो मस्तिष्क पनि मानव शरीरको एक प्रमुख केन्द्र हो, जसले हाम्रो शरीरको अति महत्त्वपूर्ण कार्यहरू सञ्चालन गर्नेगर्छ ।

द्वैमातुरः द्वैमातुरको अर्थ जसका दुई आमा छन् भन्ने हुन्छ । गणेश पार्वतीका छोरा हुन्, तर गणेशको उत्पत्ति पार्वतीको शरीरमा जम्मा भएको मयलबाट भएको हो । मयल प्रकृतिको उपज भएकाले गणेशकी दोस्री आमा प्रकृतिलाई मान्न सकिन्छ । त्यसैले उनलाई द्वैमातुर भनिएको हो । गणेश आकृतिको मानव मस्तिष्क पनि दुई पत्रहरूले बेरिएको हुन्छ, जसलाई वैज्ञानिक भाषामा पियामातर (Pia mater) कोमल माता र डुरामातर (Dura mater) अर्थात् कठोर माता । यी दुई पत्र (तह)हरूका बीचबाट जीवनप्रदायी र पोषक तत्त्व सेरिब्रोस्पाइनल फ्ल्युड (Cerebrospinal Fluid) प्रवाह हुनेगर्छ । यही सेरिब्रोस्पाइनल तरल पदार्थलाई शिव र विष्णुका रूपमा हेरिन्छ । यस अर्थमा शिवलाई पार्वतीको हृदयमा बसेको मानिन्छ । किनकि मस्तिष्कलाई मेनिन्जेजले सुरक्षा दिएको हुन्छ भने मेनिन्जेजमा भएका नलीहरूले मस्तिष्कलाई चाहिने पोषक तत्त्वहरू प्रवाह गर्छन् ।

भालचन्द्रः भालचन्द्रको अर्थ हुन्छ निधारमा चन्द्रमा भएका । हाम्रो मस्तिष्कमा चन्द्रमाको आकृतिमा हुने अङ्गहरू हाइपोथेलामस (Hypothalamus) जुन गणेशको निधारमा भएको चन्द्रमा जस्तै गणेश आकृति हाम्रो मस्तिष्कको भागमा अंकित हुन्छ ।

एकदन्तः एकदन्तको अर्थ हुन्छ एउटा दाँत भएको । पौराणिक कथाअनुसार गणेशले आफ्नो दोस्रो दाँतले चन्द्रमालाई हानेका थिए । एक रात गणेशजी आफूले लगाएका गहनाहरूमा अल्झिएर लडे । गणेश लडेको देखेर चन्द्रमा हाँसिने । चन्द्रमा हाँसेको देखेर रिसले चूर भएर गणेशजीले आफ्नो एउटा दाँत भाँची चन्द्रमा माथि प्रहार गरे । त्यसपछि गणेशजीको एक मात्र दाँत रहन गयो । गणेशजीको शरीरमा लपेटिएका गहना र धागोले हाम्रो मस्तिष्कका सुषुम्ना आदि विभिन्न प्रकारका नाडीहरूको प्रतिनिधित्व गर्छ भने, कथामा उल्लेख गरिएको रात (अन्धकार)ले स्वसञ्चालन हुने हाम्रो स्नायू प्रणालीलाई जनाउँछ । गणेश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लड्नुलाई यहाँ ज्ञानेन्द्रियहरूबाट प्रवाह हुने विभिन्न बाहिरी तत्त्वहरूको असर मानिन्छ । चन्द्रमामाथि प्रहार गरिएको दाँतले मस्तिष्कको Organum Vallulosum लाई जनाउँछ ।

हाइपोथेलामसलाई यस वर्णनमा चन्द्रसँग दाँजेर हेरिएको छ । जसलाई रक्तसञ्चारको बाटो गणेशले आफ्नै दाँत प्रयोग गरेर खुलाएको भन्ने हो । हाइपोथेलामस र मस्तिष्कको दुईतर्फी सम्बन्धलाई चन्द्रमा र गणेशको सम्वन्धको रूपमा हेरिन्छ ।

पद्म : पद्मको अर्थ कमलको फूल भन्ने हुन्छ । कमल फूललाई गणेशले हातमा लिएका छन् । उक्त कमल फूल मस्तिष्कको Basal Nuclei जस्तो छ । जुन गणेश आकृति मस्तिष्कको भागको छेउमा रहेको छ ।

अङ्कुश : अङ्कुशको अर्थ बन्चरो आकृतिको हतियार वा अस्त्र हो, जसलाई गणेशले आफ्नो हातमा लिएका छन् । अङ्कुशको बनावट पनि Corpus Collosum को तह जस्तो हुन्छ । लड्डु गणेशलाई मन पर्ने एक प्रकारको मिठाई हो । यही लड्डुलाई हाम्रो मस्तिष्कमा रहेको पिट्युटरी ग्रन्थी (Pituatary Gland) सँग तुलना गरिएको छ । जसको स्थान गणेश आकृत यस मस्तिष्कको छेउमा छ । यही लड्डु अथवा पिट्युटरी ग्रन्थीले शरीरका विभिन्न महत्त्वपूर्ण कार्यहरू नियन्त्रण र समन्वय गर्ने गर्दछ । यी कार्यहरू जस्तै - शरीरमा हुने रासायनिक कार्यहरू, खानाका व्यवहार, पोषण तत्त्वको शोषण र प्रयोग, चिनी र प्रोटिनका मात्रालाई रगतमा नियन्त्रण गर्ने आदि ।

यी माथि उल्लेखित प्रसङ्गहरूले गणेशको आकृति र मानव शरीरको बनावटसँग तुलना गरी मानव शरीरमा देव आकृतिको अङ्ग भएको पुष्टि गर्दछ । शरीरमा भएको देवगुणहरूको उपस्थिति जनाउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवदुर्गा परिचय

आदिमाता जगत्जननी दुर्गाले विभिन्न परिस्थितिमा अनेकौं रूपमा अवतरित भएर मानवको कल्याण गर्नुभएको देवीभागवतबाट पुष्टि हुन्छ । एक वर्षभित्र चारवटा नवरात्रहरू पर्दछन् । अन्य नवरात्रमध्ये शारदीय नवरात्रमा दुर्गामाताको हर्षोल्लासका साथ पूजा आरधना हुन्छ । नवरात्रअन्तर्गत प्रतिपदाकै दिन दीप, कलश, गणेश र स्थापित देवीको पूजनपश्चात् मासभक्तबली -खिचडी) दिनुपर्दछ । अथवा, कुभिण्डाको बली पनि देवीलाई प्रिय नै हुन्छ । सोही दिन गहुँ र जौ मिसाएर ॐ जयन्ती मङ्गला काली...मन्त्रले जमरा राख्नुपर्दछ ।

यसै गरी द्वितीयाको दिन प्रतिपदाको दिन जसरी नै पूजा गरी कुमारीको पनि पूजा गर्नुपर्दछ । यही क्रमले षष्ठी तिथिसम्म पूजा गरी बेलुकीको समयमा गीत वाद्यादि गरेर बिल्ववृक्षमा देवीबोधन गर्नुपर्दछ, अर्थात् बिल्वनिमन्त्रण गर्नुपर्दछ । बेलको हाँगामा तेल र हर्दीले लेपन गरेर मन्त्रसहित उद्बोधन गर्नुपर्दछ । सप्तमीका दिन पहिलेको जस्तै पूजापाठ, बलीआदि गरेर बेलुकीको समयमा बेलवृक्षको नजिक भएर पूजा गरी बेलपत्र ग्रहण गर्नुपर्दछ । गीतवाद्यादि गर्दै नव·पत्रिकालाई दशैँघरमा प्रवेश गर्नुपर्दछ । यही दिन भद्रकाली, सरस्वतीको पूजा गर्ने विधान रहेको छ । अष्टमीका दिन बिहान पहिलेको जस्तै पूजा गरी नवर्षे कन्यालाई पूजा गर्नुपर्दछ । नैवेद्यादि अर्पण गर्नुपर्दछ । राति कालरात्रि देवीको विधिविधानअनुसार पूजा गरी भगवतीको वाहन सिंहको आह्वान, पूजन गर्नुपर्दछ ।

गणेश, भैरव, चतु:षष्ठीयोगिनीको पूजा गर्दै यसै दिन शस्त्रास्त्रको पूजा पनि गर्ने गरिन्छ । रातिको समयमा अग्निस्थापना विधिले हवन गर्ने विधान रहेको छ । नवमीका दिन नवदुर्गाको शास्त्रीय विधिविधानअनुसार पूजा गरी १० वर्षीय कन्यालाई ल्याएर सुभद्रा नाम राखी पूजा गर्नुपर्दछ । नैवेद्यादि भेटी पनि अर्पण गर्नुपर्दछ । यसै दिन नौ जना कन्याको पनि पूजन गर्ने पद्धति रहेको छ ।

यसै गरी कुभिण्डाको बली पनि मन्त्रसहित अर्पण गर्नुपर्दछ । यही दिन अग्निस्थापना विधिले विशेष रूपमा भगवतीको हवन गर्नुपर्दछ । दशमीका दिन उत्तराङ्गपूजन गरी अपराजिता देवीको पूजा गर्नुपर्दछ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र आफ्ना इष्टदेवता, कुलदेवतालाई प्रसाद चढाएर आफ्ना मान्यजनहरूबाट विजयादशमीको टीकाप्रसाद ग्रहण गर्नुपर्दछ । नवरात्रका अवसरमा पूजन गरिने दुर्गादेवकिा नौ रूपलाई यहाँ संक्षेपमा देखाइएको छ :

प्रथमं शैलपुत्री च द्वितीयं ब्रह्मचारिणी ।
तृतीयं चण्द्रघण्टेति कुष्माण्डेति चतुर्थकम् ॥
पञ्चमं स्कन्दमातेति षष्ठं कात्यायनी तथा ।
सप्तमं कालरात्री च महागौरीति चाष्टमम् ॥
नवमं सिद्धिदात्री च नवदुर्गा प्रकीर्तिता: ॥

१. शैलपुत्री

दक्षप्रजापतिकी छोरी सतीदेवीको अर्को जन्म हिमालयका घरमा भएको हो । उनै हिमालयपुत्रीको नाम शैलपुत्री हो । पहिलो जन्ममा दक्षप्रजापतिका घरमा सतीदेवीका रूपमा जन्मिएकी आदिमाता दुर्गादेवीको भगवान् शङ्करजीका साथ बिहे भएको थियो । प्रजापति दक्षले एउटा विशाल यज्ञको आयोजना गरे । अन्य छोरीज्वाइँ आफन्त सबैलाई उक्त यज्ञमा आमन्त्रित गरियो । तर, सतीदेवी र भगवान् शङ्करलाई यज्ञको सुइँकोसमेत दिइएन ।

आफ्ना बहिनीसँगै ज्वाँइ तथा अन्य मान्यजन आकाशमार्गबाट आफ्ना पिताको निमन्त्रणा स्वीकार गरी गइरहेको थाहा पाएर सतीदेवीलाई पनि दक्षयज्ञमा जाने उत्कट इच्छा जाग्यो । पतिपरमेश्वर शिवजीलाई जाने इच्छा प्रकट गरिन् । तर, नबोलाएको ठाउँमा जानु अनुचित भएको शिवजीले बताउनुभयो । सतीदेवीले भने मनमा अनेकौं तर्कना गर्न थालिन् । सतीदेवी दुःखित भएको थाहा पाएर शिवजीले 'जाने नै इच्छा भए म केही भन्दिनँ' भन्नेपछि सतीदेवी पिताजीको यज्ञमण्डपमा पुगिन् । यज्ञमण्डपमा पुग्दा सबै दिदीबहिनीहरूले आफ्नो पति महादेवको तिरस्कार गरेको महसुस भयो ।

पिताबाट पनि सबैका सामु आफ्ना पति शिवजीको नराम्रो निन्दा भएको सुनेर योगबलले त्यही अग्निकुण्डमा आफ्नो पाञ्चभौतिक देह विसर्जन गरिन् । महादेवको स्पर्शको प्रभावले देह यथावत् रहेर महादेवजीले पृथ्वीको भ्रमण गर्दा सृष्टिक्रम भताभुङ्ग हुने देखेर ब्रह्माजीले औंसा र झिँगा सृष्टि गरी सतीदेवीका सम्पूर्ण अङ्गपतन गराउनुभयो । अङ्गपतन भएको प्रत्येक स्थानमा सिद्धपीठस्थापना भएको हो । शारदीय नवरात्रमा यस्ता सिद्धपीठहरूमा आदिमाता सतीदेवीको भव्य पूजन हुनेगर्दछ ।

विधिपूर्वक घटस्थापना गरेर गहूँको जमरा राखी प्रारम्भ गरिएको दुर्गापूजनको प्रथम दिन शैलपुत्री नामक देवीको पूजन गरिन्छ । हिमालय अर्थात् शैलका घरमा जन्म लिएकी हुनाले यिनको नाम शैलपुत्री रहन गएको हो । गोरुमा चढेकी शैलपुत्री माताको दाहिनी हातमा त्रिशूल र बायाँ हातमा कमलको फूल रहेका छन् । देदीप्यमान शैलपुत्रीको ध्यान यसरी गरिन्छ :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वन्दे वाञ्छितलाभाय चन्द्रार्धकृतशेखराम् ।

वृषारूढां शूलधरां शैलपुत्रीं यशस्विनीम् ॥

साधना गर्ने साधकका लागि मूलाधार चक्र रहने स्थानमा शैलपुत्री माताको ध्यान गरेर आफ्नो इष्टकामना पूरा गर्ने शारदीय नवरात्रको प्रथम दिन पूजा गरिने शैलपुत्री देवीको विशिष्ट महत्त्व छ ।

२. ब्रह्मचारिणी

नवरात्रको दोस्रो दिन माता दुर्गाजीको ब्रह्मचारिणी रूपको ध्यान, पूजाअर्चना गरिन्छ । सतीदेवीको देहत्यागपछि हिमालयको घरमा जन्म हुन्छ । शिवजीलाई पतिको रूपमा पाउन हिमालय पुत्री पार्वतीले कठोर तपस्या गर्नुहुन्छ । त्यस्तो तपस्याको आचरण गर्ने भएकी हुनाले शैलपुत्रीको अर्को नाम ब्रह्मचारिणी भएको हो । **वेदस्तत्त्वं तपो ब्रह्म** अर्थात् वेद अर्थ र तप भनेर ब्रह्म शब्दको अर्थ गरेको देखिन्छ ।

हिमालयका घरमा पुत्रीका रूपमा उत्पन्न भएकी शैलजा माताले नारदको उपदेशअनुसार भगवान् शङ्करलाई पतिको रूपमा प्राप्त गर्न कठिन तपस्या गर्नुभयो । कस्तो तपस्या भने हजार वर्षसम्म फलफूल खाएर, सय वर्षसम्म साग खाएर, कैयौं दिनसम्म निराहार रहेर, झरी वादल, वर्षा, गर्मी नभनी खुला आकाशमुनि रहेर तीन हजार वर्षसम्म आफैं झरेका बेलपत्रको सेवन गरेर तपस्या गर्नुभयो । भगवान् शङ्करलाई पतिको रूपमा प्राप्त गर्नका लागि जब सुकेका बेलपत्रहरू पनि ग्रहण गर्न छाड्नुभयो तब माताजीको नाम अपर्णा रहन गयो । उहाँको तपस्याको बलले तिनै लोकमा हाहाकार मच्चिन थाल्यो । देवता, ऋषि, सिद्ध, मुनिआदि सबैले कसैले गर्न नसकेकों अभूतपूर्व कार्य भनेर माताजीको यशोगान गरे । यसरी कैयौं वर्षसम्म कठोरतम तपस्या गर्नाले दुब्लाएकी त्यस्तो दुःखदायी अवस्था देखेर माता मेनुकाले अब तपस्या नगरोस् भनेर ध्यानभङ्ग गर्न 'उ मा' त्यस्तो होइन । अर्थात् अब तपस्या होइन भन्ने उच्चारण भएको हुनाले शैलजाको नाम उमा पनि भएको हो । मानिसहरू दुर्गादेवीको यो दोस्रो रूप ब्रह्मचारिणीको स्वाधिष्ठान चक्रमा ध्यान गर्दछन् ।

ब्रह्मचारिणी देवी सेतो वस्त्र लगाएकी, दाहिने हातमा जपमाला लिएकी र बायाँ हातमा कमण्डलु धारण गरेकी भगवतीको दिव्यस्वरूपको ध्यान गर्ने गरिन्छ । भगवतीको यो दोस्रो रूपमा ब्रह्मचारिणीको साधनाले साधकलाई सदाचार, तप, त्याग, वैराग्य, संयम र ऐश्वर्य प्राप्त हुन्छ । संघर्षमय जीवनमा ब्रह्मचारिणीको उपासना बढी श्रेयस्कर रहेको छ । साधकलाई यथाशीघ्र फलप्राप्ति यही रूपको ध्यान गर्नाले हुन्छ । ब्रह्मचारिणी देवीको यसरी ध्यान गर्न सकिन्छ :

दधाना करपद्माभ्यामक्षमालाकमण्डलु ।

देवी प्रसीदतु मयि ब्रह्मचारिण्यनुत्तमा ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. चन्द्रघण्टा

दुर्गादेवीको तेस्रो रूप चन्द्रघण्टा हो । दुर्गादेवीको स्वरूपका आधारमा चन्द्रघण्टा नामकरण गरेको पाइन्छ । शिरमा अर्धचन्द्रको धारण गर्ने र समग्र शिरको स्वरूप घण्टाजस्तो भएको हुनाले चन्द्रघण्टा भनिएको हो । चन्द्रघण्टा देवीको शरीरको रङ्ग सुनको जस्तो पहेँलो देदीप्यमान छ । दशभुजा भएकी चन्द्रघण्टा देवीको बाहन सिंह हो । सदैव युद्धमुद्रामा देखिने चन्द्रघण्टा देवीले मानवमा रहेको अत्याचारी दानवी र राक्षसी प्रवृत्तिलाई विनाश गर्नुहुन्छ ।

नवरात्रको तेस्रो दिन चन्द्रघण्टा देवीको विशेष पूजाआराधना हुनेगर्दछ । साधकले यो दिन मणिपुर चक्रको ध्यान गर्दा सावधान रहनुपर्दछ । किनभने अलौकिक र अप्राप्य, अदर्शनीय अवस्थाको विषयवस्तु लौकिक प्राप्य र दर्शनीय हुन्छ । अनेकौं मनमोहक साङ्गीतिक मधुरिम ध्वनि सुनिन्छ । साधक यस्ता विषयमा अनुरक्त भएनन् भने साधना सफल हुन्छ । त्यसपछि चन्द्रघण्टा देवीबाट कृपा प्राप्त भई समस्त पापबाट मुक्त भई निर्मल बन्दछ । साधकहरू आफ्नो भक्तको दुःखकष्टलाई शीघ्र हटाएर सिंहझैँ निडर र निर्भय रहन्छन् । सद्योमुक्तिका लागि पनि माता दुर्गाजीको यो रूपको उपासना गर्ने गरिन्छ ।

सदैव युद्धाभिलाषीजस्ती देखिए पनि माता दुर्गाको चन्द्रघण्टा रूपलाई भक्तजनले सामान्य शान्त, करुणामयी मातृरूपमा दर्शन गर्छन् । सङ्गीत क्षेत्रमा साधनारत व्यक्तिहरूलाई अलौकिक स्वर, ज्ञान र सफलता प्राप्त गर्नका लागि यो रूपको ध्यान अति नै लाभदायी रहन्छ । माता चन्द्रघण्टाको स्वरूपको ध्यान र पूजन गर्नाले जीवनमरणबाट मुक्त भई पूर्वजन्मको प्रपञ्चबाट सहज छुट्कारा मिल्दछ । ललाटमा अलौकिक चमक बढ्न थाल्दछ । मानसम्मान मिल्न थाल्दछ । देवी चन्द्रघण्टाको ध्यान यसरी गर्ने गरिन्छ :

पिण्डजप्रवरारूढा चण्डकोपास्त्रकैर्युता ।
प्रसादं तनुते मह्यं चन्द्रघण्टेति विश्रुता ॥

४. कुष्माण्डा

शारदीय नवरात्रकोझैँ वासन्तिक नवरात्रको चौथो दिन कुष्माण्डा माताको पूजाआराधना गरिन्छ । जगज्जननी भगवतीले आफ्नो हाँसोद्वारा ब्रह्माण्डको उत्पत्ति गरेकी हुनाले दुर्गादेवीको नाम कुष्माण्डा रहन गएको हो । कुष्माण्डा भनेको कुभिण्डो हो । यसलाई पनि पूजन गरी वलीको रूपमा प्रयोग गर्ने गरिन्छ ।

जुन समयमा सृष्टि भएको थिएन । त्यस समयमा संसार अन्धकारमय थियो । यसै समयमा आदिशक्तिस्वरूपा दुर्गादेवीको आफ्नो हाँसोले संसारको रचना भयो । कुष्माण्डा माताको निवासस्थान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनेको सूर्यलोक हो । कुष्माण्डा देवीले आफ्नै तेजको अंशलाई सम्पूर्ण प्राणीमा प्रक्षेपण गरेर शक्तिको सञ्चार गर्नुभएको हो । आठवटा हात भएकी देवीको स्वरूप सूर्यझैँ चम्किलो छ । कुष्माण्डा देवीको हातमा चक्र, कलश, कमलको फूल, वाण, धनुष, कमण्डलु र जपमाला छन् । आफू तेजवती भएकी हुनाले कुभिण्डोजस्तो चिसो फल कुष्माण्डादेवीलाई सबैभन्दा मनपर्ने फल (बली) हो । साधकहरूले यो नवरात्रको चौंथो दिनमा अनाहत चक्रमा कुष्माण्डा देवीको स्वरूपको ध्यान गर्दै मनलाई स्थिर गर्दछन् । आदिशक्तिस्वरूपा माता कुष्माण्डा देवी थोरै समयको आराधनाबाट प्रसन्न हुनुहुन्छ । जुन शक्तिको आराधनाले दुःखकष्ट, रोगब्याधि हटेर आयु, सन्तान, यश, कीर्ति, बल प्राप्त हुन्छ । मन, वचन र कर्मले माताजीको शणागत भए संसारमा अप्राप्य विषय केही रहँदैन । सबै सिद्धि र ऐश्वर्य प्राप्त हुन्छ । फेरि जीवनमरणको चक्रबाट छुटकारा गराउने माता कुष्माण्डाको पूजनअर्चनले केही गर्दा निको नभएका रोगहरूबाट छुटकारा मिल्छ । कुष्माण्डा देवीको वैदिक विधिविधानअनुसार मन स्थिर गरी ध्यान गर्दै पूजन गर्नुपर्दछ । कुष्माण्डा देवीको ध्यान यसरी गर्न सकिन्छ :

सुरासम्पूर्णकलशं रुधिराप्तुतमेव च ।
दधाा हस्तपादाभ्यां कुष्माण्डा शुभदास्तु मे ॥

५. स्कन्दमाता

स्कन्द भनेको भगवान् कार्तिकेय हुनुहुन्छ । कार्तिकेय कुमारजीलाई भनिन्छ । स्कन्दकी मातृस्वरूपा देवीजीको पूजन नवरात्रको पाँचौं दिनमा गरिन्छ । माता दुर्गाजीको पाँचौं रूप कार्तिकेयकी माताको रूपमा भएको र कमलको आसनमा बस्न रुचाउने भएकी हुँदा यो स्वरूपलाई पद्मासना पनि भनिन्छ । स्कन्दमाताका चार हात छन् । उहाँले दायाँ र बायाँतिरका माथिल्ला दुई हातमा (भुजग्मा) कमलको फूल र काखमा षडानन कुमारको बालरूपलाई समाउनुभएको छ । बायाँ तर्फको तल्लो हातले वरमुद्रा धारण गर्नुभएको छ । स्कन्दमाताको वर्ण हिउँजस्तो सेतो छ । सिंहमा भ्रमण गर्न रुचाउने स्कन्दमाताजीको शास्त्रीय आधारमा नवरात्रमा पूजाआराधनाले सम्पूर्ण लौकिक, सांसारिक मायामोहबाट छुटकारा मिल्दछ ।

साधकहरूको कुण्डलिनी जागरणको यो अवस्थामा पनि विशेष सावधान रहनुपर्दछ । मनलाई विशुद्ध चक्रमा स्थिर गराएर शुक्लवर्णा स्कन्दमाताको स्वरूपको ध्यान गर्नुपर्दछ । स्कन्दमाताजीको आराधनाले मृत्युलोकमा नै संसारमा प्राप्त र भोग गर्न सकिने सम्पूर्ण ऐश, आराम, सुखसमृद्धि, यश, कीर्तिआदि प्राप्त हुन्छन् । मनलाई सदैव माताको चरणकमलमा शरणागत गर्नुपर्दछ । स्कन्दमाताको पूजा गर्दा सेनानायक कार्तिकेयको ध्यान हुने भएकाले साधकलाई कुनै आपतविपतको सामना गर्नुपर्दैन । जसको भगवान् कार्तिकेयले रक्षा गर्नुहुन्छ । माताजीको निरन्तर साधनारत व्यक्तिले मनलाई निर्मल स्वच्छ बनाउने हुनाले ललाटमा आमाको प्रस्फुटन हुन्छ ।

सांसारिक सुखसुविधाको भोगपश्चात् सद्गतिको मार्गप्रशस्त खुल्छ । सूर्यमण्डलकी अधिष्ठातृ देवीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपासनाले दिव्यदृष्टि प्राप्त हुनसक्दछ । भविष्यको परिघटनालाई मनन र चिन्तनको विषय बुन्ने र सत्मार्गको पूर्वाभास हुनेगर्दछ । नवरात्रमा पाँचौं दिन आदिमाता दुर्गाजीको स्कन्दमाता रूपको ध्यान र अर्चना गर्नुपर्दछ । स्कन्दमाताजीको ध्यान यसरी गर्न सकिन्छ :

सिंहासनगता नित्यं पद्माश्रिताकरद्वया ।
शुभदास्तु सदा देवी स्कन्दमाता यशस्विनीम् ॥

६. कात्यायनी

माता दुर्गाजीको छैठौं स्वरूप कात्यायनी हो । नवरात्रको छैठौं दिन माता कात्यायनीको पूजाआराधना गर्ने गरिन्छ । प्रतिपदाका दिन स्थापना गरेको देवी मूर्ति, प्रतिमा वा कलशमा षोडशोपचारले माता कात्यायनीको पूजा गर्नुपर्दछ । दुर्गा माताको यो स्वरूप अवतरण हुनुका धेरै कथाहरू छन् । **कत** नाम गरेका एक विशिष्ट महर्षि थिए । उनका गोत्रमा कात्यायन नामक विश्वप्रसिद्ध महर्षि भए र माता दुर्गादेवीलाई आफ्नी छोरीका रूपमा प्राप्त गर्न कठोर तपस्या गरेर भगवतीलाई प्रसन्न बनाए । अनि माता दुर्गादेवीको अवतरण कात्यायन ऋषिका स्थानमा भयो । उहाँले आश्विन कृष्णचतुर्दशीका दिन अवतरण भएर शारदीय शुक्लपक्षको सप्तमी, अष्टमी र नवमीमा कात्यायनको पूजा स्वीकार गरी विजयादशमीको दिन महिषासुर नाम गरेको राक्षसको बध गर्नुभयो ।

कृष्णचरित्रमा व्रजकी गोपिनीहरूले कृष्णलाई पतिका रूपमा प्राप्त गर्न सकूँ भनी कात्यायनीको उपासना र पूजा गरेको प्रसङ्ग वैदिक ग्रन्थहरूमा पाइन्छ । अतः आफ्नो कुल, इच्छा र आफू योग्य सज्जन पति पाऊँ भनी कात्यायनी स्वरूपा देवीको उपासना गर्नुपर्दछ ।

कात्यायनि महामाये महायोगिन्यधीश्वरि ।
नन्दगोपसुतं देवी पतिं मे कुरुते नमः ॥

गोपिनीहरूले कात्यायनीको आराधना गर्नाले श्रीकृष्णलाई पतिका रूपमा प्राप्त गर्न सकेको प्रसङ्ग श्रीमद्भागवतमा छ । यसैले आज पनि व्रजमा कात्यायनीलाई इष्टदेवीका रूपमा पूजा गरिन्छ । कात्यायनी देवीका चार हात छन् । दायाँतिरका हातहरू अभय र वरमुद्राले युक्त छन् भने वायाँतिरका हातहरू तरवार र कमलफूलले सहित छन् । बाहन सिंह भएकी कात्यायनी देवीको स्वरूप पहेँलो टल्किने सुनजस्तै छ । अत्यन्त देदीप्यमान भगवती कात्यायनीका साधकहरूले आज्ञाचक्रमा ध्यान गर्नुपर्दछ । कुण्डलिनी साधनामा लागेका साधकहरूले आफ्नो पुरुषार्थचतुष्टय (धर्म, अर्थ,काम र मोक्ष)को दाता, भोक्ता, भर्ता र हर्ता कात्यायनीलाई नै मान्दछन् भने त्यस्ता साधकले रोग, शोक, भय, अहङ्कार विनाश हुन्छन् र परमपदलाई प्राप्त गर्दछ । कात्यायनी रूपको ध्यान यसरी गर्न सकिन्छ :

चन्द्रहासोज्वला करा शार्दूलवरवाहना ।
कात्यायनि शुभं दद्यात् देवी दानवघातिनी ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७. कालरात्री

नवरात्रको सातौं दिनमा दुर्गामाताजीको कालरात्री स्वरूपको पूजा गरिन्छ । कालरात्रीको रात्रिमा पूजा गर्ने पनि गरिन्छ । सम्पूर्ण अशुभ, भय, अहङ्कार, अज्ञान आदिको काल अर्थात् विनाशिनीका रूपमा अवतरण भएको हुनाले दुर्गादेवीको यो स्वरूपलाई कालरात्री भनिएको हो । कालरात्री शब्दको अर्थ ध्वन्यात्मक छ । रात्रि भनेको अज्ञान, अन्धकार, भय, डर, त्रास भन्ने अर्थमा र काल विनाशिनी अर्थात् शुभकरी भन्ने भावमा कालरात्री नामकरण भएको देखिन्छ ।

चार ह्यत भएकी कालरात्री स्वरूपमा दुर्गामाताको यो स्वरूप अन्य भन्दा डरलाग्दो भयङ्करी छ । माताजीको शारीरिक रङ्ग अत्यन्त कालो छ । कपाल गज्याङगुजुङ भएकी चतुर्भुजा कालरात्री देवीको दायाँ तर्फका दुई वरमुद्रा र अभयमुद्रामा छन् भने वायाँतर्फबा हातमा खड्ग र फलामको काँडा छन् । त्रिनेत्रवाली माता दुर्गादेवीको सातौं स्वरूप कालरात्रीको बाहन गदा हो । गलामा बिजुलीको चमकजस्तो माला लगाएकी देवीको आवरण अत्यन्त सुन्दर छ । हेर्दा डरलाग्दो स्वरूप भए पनि माता दुर्गाको यो स्वरूप पूजा र आराधना गर्नको उपयुक्त छ । कुण्डलिनी साधनामा लागेका साधकहरूको मन सहस्रसार चक्रमा स्थित हुनुपर्दछ । कालरात्री माताको पूजा गर्ने भक्त वा साधकको सम्पूर्ण दुःख, कष्ट नाश हुन्छन् र अष्टसिद्धि प्राप्त हुन्छ । कुनै चिजबाट डर रहँदैन । यो जन्म र परजन्ममा पनि कुनै प्रकारको आपतविपतको सामना गर्नुपर्दैन । शास्त्रीय विधानअनुसार नियम पालना गरी पवित्र भएर एकचित्तले कालरात्रीको भजन गर्ने व्यक्ति कहिल्यै पनि दुःख र दरिद्रतामा पर्दैन । कालरात्रीको ध्यान यसरी गर्न सकिन्छ :

एकवेणी जपाकर्ण पूरा नग्ना खरास्थिता ।
लम्बोष्टि कर्णिका कर्णी तैलाम्यक्त शरीरिणी ॥
वामपादोल्लसल्लोहलताकण्टकभूषणा ।
बर्धनमूर्ध्वजा कृष्णा कालरात्री भयङ्करी ॥

८. महागौरी

नवरात्रको आठौं दिनमा माता दुर्गाको महागौरी रूपको पूजाआराधना गरिन्छ । चार हात भएकी सेतो वस्त्र लगाएर वृषभमा चढेकी देवीजीको नवरात्रको अष्टमीको दिन विधिविधानअनुसार ध्यान, पूजन र साधना गरिन्छ । माता दुर्गाको यो आठौं रूप हो । माता पार्वतीले यही स्वरूपमा भगवान् महादेवलाई पतिको रूपमा पाऊँ भनी तपस्या गर्नुभएको थियो । माताजीको यो स्वरूप अत्यन्त शान्त छ । चार हातमध्ये दायाँतिरका दुई हातमा अभयमुद्रा र त्रिशूल लिएकी तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वायाँतर्फका दुई हातमा क्रमशः डमरु र वरमुद्रा धारण गरेकी महागौरी मातालाई सतत नमन छ ।

कठिनतम तपस्या गर्नाले हड्डीमा छाला टाँसिनाले कालो भएको वर्ण र हेर्दा कुरूपजस्ती तर ललाटमा दिव्य तेजवती महागौरीलाई भगवान् शिवजीले जब आफ्नै स्पर्शले घोटीघोटी गङ्गाजलले धोइदिनुभयो, त्यसपछि शिवजीको स्पर्शको प्रभावले अत्यन्त गौरवर्णा हुनुभयो । गौर वर्ण भएकी माता दुर्गाको महागौरी नाम विख्यात हुनगयो ।

महागौरीको उपासना गर्नाले विशिष्ट अपरिवर्तनीय जीवनोपयोगी प्रभाव पर्दछ । जस्तै पाप गरेको व्यक्तिले पनि महागौरीको विधिविधानगत आराधना उपासना गर्दछ भने उसका पाप नष्ट भएर जान्छन् । पूर्वजन्मको सम्पूर्ण पाप पनि विनष्ट हुन्छ । जीवनमा आइपर्ने अनेकौं धर्म, अर्थ, काम, मोक्षसम्बन्धी सबै अवरोध हटेर जान्छन् । सबै प्रकारका सफलता मानिसले पाउँछ । महागौरीको उपासना-आराधनाले सबै प्रकारका अष्टसिद्धि प्राप्त हुन्छन् । तन, मन, वचन र धनले एकचित्त भई नित्य शारदीय नवरात्रको अष्टमीमा पूजा गर्ने व्यक्तिको सफलताको कुनै सीमा नै हुँदैन । उपासनाकर्ताले आफूलाई सम्पूर्ण रूपमा महागौरी चरणकमल पाउमा समर्पण गर्नुपर्दछ । महागौरीको उपासनाले असत् अन्याय अत्याचारको मार्गबाट सत्न्याय, सदाचारको मार्गमा प्रेरित गर्दछ । महागौरीको ध्यान यसरी गरिन्छ :

श्वेते वृषे समारूढा श्वेताम्वरधरा श्वेताम्बधृक् सूचिः
महागौरी शुभं दद्यान्महाकाव्यप्रमोददा ॥

९. सिद्धिदात्री

नवरात्रको नवौं दिन माता दुर्गाको सिद्धिदात्री देवीको आराधना गरिन्छ । नवमीको दिनमा घटस्थापनादेखि दैनिक रूपमा गरिने शप्तसती वा देवीभागवतको पाठपूर्ण हुन्छ । यसै दिन हवन पनि गरिन्छ । सिद्धिदात्री देवीका चार हात र सिंह वाहन सबैलाई अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति र प्राकाम्य, ईशित्व र वशित्व गरी आठ सिद्धि प्राप्त हुन्छ । देवीजीको चार हातमध्ये दायाँतर्फको हातमा गदा र वायाँतर्फका हातमा शङ्ख, कमलपुष्प धारण गर्नुभएको छ ।

सृष्टिक्रममा भगवान् शिवजीले पनि आफ्ना आराध्यदेवीका रूपमा सिद्धिदात्री देवी योगमायाको अनुकम्पाले ब्रह्मा, विष्णु र महेशले जगत्को सृष्टि, पालन र लय गर्नुहुन्छ । सिद्धिदात्री माताजीको अनुकम्पाले भगवान् शिवले आफ्नो स्वरूप नै अर्धनारीश्वर बनाउनुभयो । सिद्धिदात्री अनुकम्पा प्राप्त भए जगत्मा कुनै पनि अप्राप्य र दुर्लभ हुँदैन । सबै प्रकारका यश, कीर्ति, सुख, सुविधा प्राप्त भई जन्मान्तरमा दिव्यलोक प्राप्त हुन्छ । मर्त्यलोकमा रहेर अन्य द्युलोकको यात्रा गर्नसक्छ । आफ्नो मानसिक इच्छानुसार संसारमा भ्रमण गर्नसक्दछ । ब्रह्माण्डमा पूर्णरूपले विजय प्राप्त गर्दछ ।

सत्मार्गमा चल्न चाहने मानिसले भगवती दुर्गाको नवरूपको शास्त्रीय विधिविधानअनुसार गर्नुपर्दछ र निरन्तर आफ्नो जीवन सार्थक बनाउन प्रयत्न गर्नुपर्दछ । दशमीका दिन आआफ्नो संस्कार,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रीतिरिवाजअनुसार विजयादशमीको टीका लगाइन्छ । दशमीको दिन नौ दिनसम्म पूजा गरेको माता दुर्गाको प्रसादस्वरूप टीका, जयन्ती (जमरा) लगाइन्छ र आफ्ना मान्यजनबाट आशीर्वाद ग्रहण गरिन्छ । माता भवानीको अनुकृपा भएपछि भक्तलाई कुनै पनि कामना रहँदैन । निर्विकारभाव प्राप्त हुन्छ । माता सिद्धिदात्रीको ध्यान यसरी गरिन्छ :

सिद्धगन्धर्वयक्षाद्यैरसुरैरमरैरपि ।
सेव्यमाना सदा भूयात् सिद्धिदा सिद्धिदायिनी ॥

कोजाग्रत पूर्णिमाको सायंकालमा दियो, कलश र गणेशको पूजा गरी ऐरावत हात्तीमा सवार भएका ईन्द्र र महालक्ष्मीको पूजन गर्नुपर्दछ । यही दिन जाग्राम बसेर महालक्ष्मीलाई खुशी पार्ने प्रयत्न गर्नुपर्दछ ।

दशैं

घटस्थापनाको दिन शुद्ध माटो या गोबरले घर लिपी घटस्थापना विधिसहित भगवती नवदुर्गा स्थापना गर्नुपर्दछ । प्रथम दिनदेखि सप्तमीपर्यन्त एक चरणको पूजा गरी फूलपाती भित्र्याउनुपर्दछ । फूलपातीमा बेल, अदुवा, धानको बाला, अनारको कली, हलेदो र विभिन्न पालुवा आएका औषधिहरू घरमा भित्र्याउँदा वर्षभरि हुने दुःखकष्ट निर्मूल हुन्छ । फूलपातीको बढाइँपछि महाअष्टमीको दिन कालरात्रीको पूजा गरी भगवतीलाई आह्वान पूजा गर्दै शक्तिको उपासना गर्ने विधान गरिएको छ ।

नौदिनसम्म भगवती दुर्गाको पूजाआराधना गरी दशौं दिनको दिन विजयादशमी पर्वमा प्रसाद र जमरा विजय साइतमा प्रसाद र जमरा ग्रहण गर्नुपर्दछ ।

आयुर्द्रोणसुते श्रियो दशरथे शत्रुक्षयं राघवे ।
ऐश्वर्यं नहुषे गतिश्च पवने मानञ्च दुर्योधने ॥
दानं सूर्यसुते बलं हलधरे सत्यञ्च कुन्तीसुते ।
विज्ञाने विदुरे भवतु भवतां कीर्तिश्च नारायणे ॥
जयन्ती मङ्गला काली भद्रकाली कपालिनी ।
दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तु ते ॥

द्रोणाचार्यको जस्तो पूर्ण आयु, श्री दशरथ राजाको जस्तो शत्रुक्षय गर्नमा भगवान् रामको जस्तो शक्ति, ऐश्वर्यतर्फ नहुश राजाको जस्तो, पवनसुत हनुमानको जस्तो गतिशीलता, मानप्राप्तिमा दुर्योधनको जस्तो, दानदाताहरूमा सूर्यपुत्र कर्णको जस्तो, बल र शक्तिमा बलरामको जस्तो, सत्यतामा कुन्तीपुत्र युधिष्ठिरको जस्तो, ज्ञानविज्ञानमा विदुरको जस्तो, यशकीर्तिमा भगवान् नारायणको जस्तो अवस्था तिमीलाई प्राप्त होस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मान्यजनबाट टीकाप्रसाद र आशीर्वाद प्राप्त गरी यो मन्त्रको भावलाई स्मरण गर्दै आआफ्नो कार्यमा लागी शारदीय नवरात्र पर्वलाई धुमधामका साथ मनाई भगवतीका मन्त्रगान गरी वर्षभरि आउने अशुभता, अशान्ति, दुःखकष्ट निवारणका लागि आशीर्वाद लिनुपर्दछ। हिन्दूहरू **वसुधैव कुटुम्बकम्** तथा **द्यौः शान्ति०** जस्ता वैदिक मन्त्रका अनुयायी र सनातनी भएकाले मनुष्य, वनस्पति, कीटपतङ्गादिलाई भगवतांश र प्राणीका रूपमा लिइएको प्रमाणित हुन्छ। दशैँमा आरोग्यताका लागि गहूँ र जौ मिसिएको जमरा शिरमा लगाउनु, बेलपत्रलाई मानवीय रूपमा भगवद्दर्शन गरी पूजा, आमन्त्रण, प्रवेश गराउनु, नवपत्रिकालाई बाजागाजासहित दशैंघरमा प्रवेश गराउनु, हविष्यान्न भोजन गर्नु, खिचडी, कुभिण्डो, नरिवल आदिको बली दिनुजस्ता कार्यले हिन्दूहरूको विशिष्ट पर्वका रूपमा रहेको दशैंको महत्त्वलाई झनै साक्षात्कार गरेको छ। वैदिक कर्मकाण्डीय पद्धतिअनुसार बलीको विधान योग्य सामग्रीको छनोटलाई विकृतिका रूपमा व्याख्या गरिएको देखिन्छ।

यमपञ्चक



कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयाको दिनसम्मका पाँच दिनलाई यमपञ्चक भनेर भन्ने गरिन्छ। यमराजले आफ्नी बहिनी यमुनाका घरमा आतिथ्य ग्रहण गरेको हुनाले यी पाँचदिनलाई यमपञ्चक भनिएको हो। यमपञ्चकको पहिलो दिन बिहान घरलाई लिपपोत गरी शुद्ध बनाई आँगनमा वैदिक विधिविधानअनुसार यमदूतका रूपमा कागको पूजा गरिन्छ र कागलाई मीठो लाग्ने बली (खाना) दिइन्छ। चतुर्दशीको दिनलाई नरक चतुर्दशी भनिन्छ। यसै दिन बिहानै तेल लगाएर अपामार्गआदिको प्रयोग गरी स्नान गर्नुपर्दछ। आफ्नो कुलोचित तर्पणादि समाप्त गरी कुकुर पूजा गर्नुपर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'विश्वशान्ति' नेपालीको दायित्व

विश्वशान्तिका लागि सामूहिक आह्वान वैदिक विज्ञानले गरेको छ । विश्वब्रह्माण्ड र धर्ती-पृथिवीको आयु १५ अर्ब वर्ष पुरानो भएको खगोलशास्त्रको मान्यता रहेको छ । यसको पूर्णायु भनेको ७१ अर्ब वर्षको अनुमान गरिएको छ । लगभग १५ अर्ब वर्षपूर्व विश्वको समस्त पिण्ड, सहायक ग्रहपिण्ड, ऊर्जाको रूप, द्रव्य, एक प्राथमिक रूपमा पिण्डको स्वरूप घनिभूत भएको स्थिति अनुसन्धानबाट पुष्टि भएको छ ।

सृष्टिक्रममा आकस्मिक रूपमा प्राथमिक पिण्डमा असन्तुलन उत्पन्न भएको स्थिति रह्यो । जसबाट महाविष्फोट उत्पन्न भएको मान्यता रहेको छ । परिणामतः ऊर्जा द्रव्यको रूपमा रूपान्तरित भयो । यस क्रमले तापमानमा ह्रास हुन थाल्यो । यसै क्रममा खगोल पिण्ड, ग्रह, नक्षत्र, तारा, आकाशगङ्गा, चन्द्रमासहित अन्य ग्रहहरू बने । त्यसै क्रममा एउटा पिण्ड सौरपरिवारको परिभ्रमणमा गतिशीलता उत्पन्न भयो । सम्पूर्ण शक्तिलाई जसले एकआपसमा समन्वयात्मक अवस्थितिमा परिभ्रमणको गति प्रदान गऱ्यो, परिभ्रमणकै क्रममा धर्तीरूपी एउटा पिण्डले पृथिवी, जल, तेज, वायु र आकाश र विभिन्न पञ्चमहाभूतको समन्वयात्मक अथवा सन्तुलित अवस्थाबाट पृथिवी बनेको हो । ऋग्वेदको मतमा - खगोलमा स्थित यो धर्ती पिण्ड आफ्नै शक्तिमा अडिएको छ, जो गोलो भइकन पनि समतल र चलायमान भइकन पनि अचल जस्तो अनुभूति हुन्छ ।

यसै क्रममा सम्पूर्ण ब्रह्माण्डको पनि क्रमिक निर्माण भएको छ । खगोलशास्त्रमा यो मान्यता छ - आफ्नो आयु प्राप्त हुन ७१ अर्ब वर्षमा सम्पूर्ण द्रव्य राशि पुनः ऊर्जाको प्राथमिक पिण्डको रूपमा पूँजीभूत हुन्छ । पुनः त्यही प्रक्रियाबाट एउटा महाविष्फोट हुन्छ । तारामण्डल, ग्रहनक्षत्र आदिको निर्माण भइरहन्छ । त्यही प्रक्रिया पुनः दोहोरिन्छ । अनवरत रूपमा यो प्रक्रिया निरन्तर रूपमा चलिरहन्छ । वैदिक सनातन पौराणिक चिन्तनको सृष्टि संरचना प्रलयको सिद्धान्तलाई निश्चय नै व्यक्त गरेका छन् । चेतन र अचेतनको सृष्टि भयो । चेतन सृष्टिमा मनुष्य विस्तारैविस्तारै प्रज्ञावान् बन्यो । प्रज्ञावान् मनुष्यहरूले केही कर्तव्यहरू निर्धारण गरे र एक सार्वभौम आचारसंहिताको निर्धारण भयो प्रत्येक वस्तु र पदार्थले आ-आफ्नो गुण धर्ममा रहने भाव विकास भयो, यसै भावलाई धारण गरिने भएकाले यसलाई धर्म भनिन्छ । जसलाई मनुष्यत्व र मानवतावादी चिन्तन भनिन्छ । सार्वभौम संहिताको विपरीत आचरणलाई अधर्म भनिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ। यसप्रकार धर्माचरण, धर्मानुशरण, धर्मज्ञान र मानवीय अस्तित्त्वको रक्षाका लागि आवश्यक रहेको छ, जसलाई सत्य र धर्म भनिन्छ । जो शाश्वत् छ त्यही सनातन हो जसलाई सनातन धर्म भनिन्छ । सत्य र धर्म आजसम्म अपरिवर्तनीय छ ।

सार्वभौमिक सिद्धान्तको मूल स्रोत वेद हो । जो सत्य सनातन छ, त्यो वैदिक धर्म अपरिवर्तनीय छ । धर्मका दुई आवश्यक पक्ष छन् - दर्शन र प्रचलित जीवनपद्धति ।

धर्ममा दुई तत्त्व अनिवार्य रहन्छन् । जीवनपद्धति र दर्शनको अनुपस्थितिमा धर्मको स्वरूप विकृत हुन्छ। जो मनुष्य भोग र आसक्तिमा आसक्त हुन्छ, अज्ञानरूपी अन्धकारमा पूर्ण वशीभूत भएर पशुसमान व्यवहार गर्छ, त्यो मानिस आहार निद्रा, भय, मैथुन पशुकै समानमा रहन्छ ।

दर्शन र जीवनपद्धतिबाट नै मनुष्य पशुभन्दा पृथक् रहेको छ। जो मनुष्य परम शान्ति र परमात्माको कृपा प्राप्तिमा अनभिज्ञ रहन्छ, अज्ञानता र अभिमानमा डुबिरहन्छ, त्यो पशुसमानै हो । जो परमसत्ता प्राप्तिका लागि पिपासु हुन्छ, त्यो निर्विशेष कल्याणकारी मार्गलाई अपनाउँदछ । ईश्वरप्राप्ति मानवको प्रमुख धेय हो भने जीवकल्याण उसको प्रमुख कर्तव्य हो । सर्वोच्चता, सत्य, पुण्य, आदर्श, प्रेम, सम्पूर्ण परमात्माप्राप्तिका मार्ग हुन् । सर्वकल्याणको भाव परमशान्ति प्राप्तिको मार्ग हो । परमात्मा प्राप्तिको उत्कण्ठा नै मनुष्यको प्रमुख साध्य हो । **वसुधैव कुटुम्बकम्** - विश्व मानव हाम्रा आफ्ना आफन्त कुटुम्बहरू हुन्। यो सनातन धर्म हो ।

विश्वइतिहासमा सृष्टिको उषाकालमा वैदिक सनातन धर्म एक उषाकालजस्तै निरन्तर गतिशील दृष्टिगोचर हुन्छ । विभिन्न धारा उपधारा र मत पन्थलाई लिएर अघि बढ्दछ । यसको सांस्कृतिक ऐतिहासिक, विद्यमानता र प्रमुखता यो आर्यवर्तको सनातन यथार्थ पनि हो । सनातन हिन्दू धर्म व्यांपक मानसिकता, विश्व मानवकल्याणको चेतनाको उच्चतम साधना र जीवनपद्धति हो । बितेका हजारौं हजार वर्ष यही सनातन वैदिक धर्मको अनुसरण जीवनपद्धतिको अनुसरण, सांस्कृतिक, धार्मिक, वैचारिक सबै प्रकारका साधना र उच्च चेतनामा बाँच्ने भावको विकास हजारौं वर्षदेखि भइरहेको छ ।सनातन धर्म व्यापक मानसिकताको जनक पनि हो । सनातन हिन्दूहरूको इतिहासविना सम्पूर्ण आर्यवर्तको जीवनपद्धति, रहनसहन, बसोबास, खानपिन, सांस्कृतिक, धार्मिक चिन्तनको स्रोत हजारौंहजार वर्षको अभ्यासबाट आएको इतिहास हो । सनातन वैदिक दर्शन बिना विश्वमा शान्ति सुव्यवस्था सम्भव छैन । धर्म कहिल्यै निरपेक्ष हुँदैन । पाप निरपेक्ष हुन सक्छ, धर्म सनातन र शाश्वत हो । निरपेक्ष गर्नै सकिँदैन ।

२६०० वर्षदेखि बुद्धको अवतारपछि आएको बुद्धको दर्शन र चिन्तनको निरन्तरताको इतिहास, ईसाईहरूको इसामसीहको आगमनपछिको २०१७ वर्षपहिलेदेखि विकास भएको यूरोपको इतिहास, अहिलेसम्मको अवस्था र पशिचमी जगत्को इतिहास, सम्पूर्ण इस्लामी मतको मतविना अरबको इतिहास अधुरै रहन्छ ।

अरबको इतिहासबाट कुरान सरिफको मतलाई निकाल्दा उसको अस्तित्त्व कहाँ पुग्छ ? ईसाईहरूको मतलाई यूरोपबाट निकाल्यो भने यूरोपको इतिहास कहाँ जोडिन्छ ?

विश्वमा शान्ति, सद्भाव, मैत्री, करुणाको भाव, मानवीय, मूल्य मान्यता र अहिंसाको भावलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्थागत गर्ने प्रमुख दायित्व हाम्रै हो । यो भावबाट विश्व सम्पदाको रूपमा रहेको वेद, उपनिषद्, पुराण, आयुर्वेद, धनुर्वेद, गन्धर्ववेद, सम्पूर्ण जीवनपद्धति, प्रकृतिको सिद्धान्त दर्शनविनाको आर्यावर्तको इतिहास कहाँ पुग्छ ? आर्यावर्तः पूर्व र पश्चिममा समुन्द्रसम्म पुगेको उत्तर र दक्षिणमा हिमाल र विन्ध्याचलले घेरिएको छेत्रलाई आर्यावर्त भनिन्छ । **आसमुद्रात्तु वै पूर्वादासमुद्राच्च पश्चिमात् तयोरेवान्तरं गिर्योरावर्तं विदुर्बुधाः** (मनुस्मृति)

आज मानव पृथिवीको दीर्घकालीन विकास प्रक्रियाको महत्त्वपूर्णमोडमा उभिएको छ । विश्वका सात अर्ब मानवलाई निरोगी, सुस्वास्थ्यावान्, आहार, भोजन र वासस्थान, दर्शन, जीवनपद्धतिको महत्त्वपूर्णर दीर्घकालीन योजनाहरूको अनुसन्धानमा विज्ञहरू लागिपरेका छन् । पुरातन र आधुनिकताको मध्यमा हामी उभिएका छौं । विश्वमानवता रक्षाको महत्त्वपूर्ण नेतृत्व र जिम्मेवारी वहन कसले गर्ने त ? पुरातन र आधुनिकताको विश्वमानव सम्पदाको रूपमा रहेको सनातन वैदिक धर्मले नै नेतृत्व गर्दछ । मानवता रक्षाको नेतृत्व र जिम्मेवारी वहन गर्ने समय आइसकेको छ ।

विश्वभर फैलिएको सामाजिक हिंसा, विभेद, अन्योलता, अशान्ति, द्वन्द्व र ईर्ष्याले विश्व ग्रस्त बनेको छ । यसको समाधान शान्ति र अहिंसापूर्ण यात्राबाट मात्र विश्वशान्ति सम्भव छ । विश्वशान्तिको लागि सामूहिक प्रार्थना, सामूहिक सद्भावको कामनाले राजनीतिक सहअस्तित्त्व, आर्थिक पारदर्शिता, वैदिक समाजवादीय सच्चरित्रको निर्माणबाट विश्वशान्तिको यात्रामा सहकार्य गर्न आवश्यक छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संविधान र हामी नेपाली

उच्चकोटिको समर्पणसहितको संविधानविना राष्ट्रवासीले शाश्वत शान्ति प्राप्त गर्न सक्दैनन् । सर्वमान्य संविधान आजको आवश्यकता हो । वैदिक वाङ्मय र पूर्वीय दर्शनमा शासन प्रणालीको सम्वन्धमा विस्तृत चर्चा भएको छ । अन्वेषकहरूले ईशापूर्व तीस हजार वर्षलाई वेदको समय मानेका छन् । शासन प्रणाली, राष्ट्र सञ्चालनका विविध आयामहरू वेदमा उल्लेख भएका छन् । राज्य र राष्ट्रको भिन्नता स्पष्ट रूपमा सङ्केत गरेका छन् । गणराज्यहरू रहेको कुरा उपनिषद् र शतपथग्रन्थमा पाइन्छ । राज्यको स्वरूप, प्रशासनिक, न्यायपूर्ण सामाजिक व्यवस्था, सहअस्तित्त्व, समतामूलक समाजका विविध पक्षहरू **सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया** भन्ने उद्घोषले प्रस्ट पार्दछ । सबै सुखी हुन् । कोही पनि रोगी नहुन् । सबैले नाना, खाना र छानाको समान उपभोग गर्न पाऊन् सबैले सुन्दर भद्र भएर बसून्, हेरुन् भन्ने भाव मन्त्रहरूमा व्याख्या भएका छन् ।

वयं राष्ट्रे जागृयाम...हामी सबै मिलेर राष्ट्रिय जागरणमा सहभागी बनौं । राष्ट्र विराट र विशाल हो । **राष्ट्रदाराष्ट्रम्मेदेहि**... राष्ट्र समृद्धशाली होस् । वृक्षवनस्पति, लतागुल्म, खेतीयोग्य भूमि, पशुधन, प्रकृतिका सबै अवयवहरू हामीलाई प्राप्त हुन्, जनतन्त्रको सबैले समान उपभोग गर्न पाऊन् । हामी शक्तिशाली बनौं । वैदिक दर्शनअनुसार सम्पूर्ण पृथिवीमा हिमालयदेखि समुद्रसम्म जहाँसम्म पृथिवीको अस्तित्त्व छ, त्यहाँसम्म बस्ने विवेकसम्पन्न मानव सबै हाम्रा कुटुम्ब हुन् **बसुधैव कुटुम्बकम्** ... ।

प्रसङ्ग १

वेदले विधान गरेको शासन प्रणालीमा विभिन्न प्रक्रियाबारे उल्लेख भएको छ । सबै भागमा बस्नेहरूका लागि सर्वमान्य उत्तम विधानको व्यवस्था गरिएको छ । त्यस्तै, अन्तरिक्षका ग्रहहरू मन्त्रीमण्डलीय नियमानुसार सञ्चालित हुन्छन् । सौर वा चान्द्रवर्ष अनुसार ग्रहहरूको मन्त्रीमण्डल नियुक्त हुन्छ । सबैको समान शक्ति र सहभागिता रहे पनि सूर्य वरिपरि घुम्ने ग्रहहरूको क्रमशः तिथि, वार, योग, करणअनुसार मन्त्रीमण्डलको चयन-वरण हुन्छन् । पञ्चाङ्गको जन्म पनि सौरमण्डलको ग्रहको मन्त्रीमण्डल अनुसार हुन्छ । यी सबै एक अर्काका पूरक पनि हुन् ।

प्रसङ्ग २

ऐतरेय, शतपथ तथा गोपथ ब्राह्मण ग्रन्थहरूमा राजसूय यज्ञको प्रसङ्ग र विभिन्न शासन प्रणालीहरूको विषयमा उल्लेख भएको छ । सम्पूर्ण पृथिवीमा यस्ता शासन प्रणालीहरूको व्यवस्था भएको पाउँछौं । वेदमा रहेका एघार सय सैतिस शाखाअनुसार गणराज्य पनि त्यति नै संख्यामा रहेका थिए । कोही शासक र शासित भए पनि सबैको समान सहभागिताबाट राज्य सञ्चालनको भाव स्पष्ट हुन्छ । साम्राज्य, भौज्य, स्वराज्य, वैराज्य (विराट्) आदि १६ प्रकारका राज्य प्रणालीको व्याख्या गरिएको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसङ्ग ३

वेदमा संविधानलाई पवित्र मानिन्छ । विधानका विभिन्न धारा, उपधारालाई श्रद्धापूर्वक धारण गर्नुपर्ने र सबैको समान सहभागिता अधिकार न्यायपूर्ण हुनुपर्छ । नागरिकले जानेर या नजानेर अपराध गरे दण्ड दिने पनि पवित्र हृदयको, निष्कपट, निष्कलंक र अभिमानरहित हुनुपर्छ । न्याय दिनेले भेदभाव गर्‍यो भने उसलाई तुरुन्त कठोर दण्डको व्यवस्था गर्नुपर्दछ । वैदिक संविधानलाई कठोर मानिन्छ । यसका नियम, उपनियम, विदथ नामक विशेष परिषद्ले संविधानका आवश्यकताअनुसार परिवर्तन र परिवर्धन गर्दछन् ।

वैदिक विधान मूल सिद्धान्तबाहेक देश, काल, पात्र र परिस्थितिअनुसार परिवर्तनीय मानिन्छन् । वैदिक शासनप्रणालीमा विभिन्न भेद रहे तापनि सबैको लक्ष्य समाजको विकास, आस्था, श्रद्धा, समर्पण र समान सहभागिता रहन्छ । राष्ट्रको मार्गदर्शक सिद्धान्त भनेको संविधान हो । जसको पालनले राष्ट्रवासी हरेक जनसमुदाय सबल, सशक्त र समृद्ध बन्न सक्छन् । वेदअनुसार सबैको सहभागिताबिना संविधानको सार्थकता हुन सक्दैन । समतामूलक समाजका लागि वैदिक समाजवादीय व्यवस्था विश्वको आवश्यकता हो ।

अथर्ववेद अनुसार **भद्रमिच्छन्त ऋषयः स्वर्विदः, तपो** ... तत्त्वज्ञानी ऋषिहरूले जनकल्याणको भावनाले उत्प्रेरित भई उत्तम नियमहरू बनाएका छन् । तप (अनुशासन), दीक्षा (समर्पण), न्याय र सुरक्षा, अर्थव्यवस्था, राष्ट्रको सिमाना, नागरिक । यी राज्यका महत्त्वपूर्ण अवयव हुन् । जनसमुदायको समर्पणविना राष्ट्र शाश्वत सनातन रहन सक्दैन । धर्मले समाज, समाजले राज्य, राज्यराज्यको सन्तुलनबाट राष्ट्रको निर्माण हुन्छ । यसको रक्षा सम्पूर्ण जनसमुदायको सहभागिता, समर्पणविना सम्भव छैन ।

प्रसङ्ग ४

सबैको कल्याणका लागि संविधानको आवश्यकता छ । मौलिक सिद्धान्तका द्रष्टा ऋषि हुन् । ऋषिमहर्षिहरूले सबैको कल्याणका लागि कल्याणकारी विधान तयार गरे, जसले विश्वको व्यवस्थालाई व्यवस्थित गर्दछ । विधानका महत्त्वपूर्ण दुई पक्ष छन् । सर्वमान्य र सन्तुलित मौलिक सिद्धान्त हुन् । संविधानको पालन गर्नु, निर्देशक सिद्धान्तको अनुसरण गर्नु गराउनु राष्ट्रप्रमुख र न्यायपालिकाको परम कर्तव्य हो । न्यायपालिका, कार्यपालिका र विधान बनाउने विधायिकाको सन्तुलन मिलेन भने समाज उच्छृङ्खल बन्दछ । राष्ट्र विखण्डनतर्फ जान्छ । राष्ट्रलाई विखण्डनबाट बचाउनु प्रत्येक नागरिकको कर्तव्य बन्दछ ।

अन्त्यमा

संविधानले सबैको सहभागिता चाहन्छ । संविधान सभाले सबै नेपालीको साझा दायित्व हो भन्ने भाव दिन सकेन किनकी संविधान राष्ट्रको सामूहिक ऐना हो । सबैले आआफ्नो अनुहार हेर्न सकून् । नेपालमा प्रचलित संविधानले सबैलाई जोडेको छ त ?

हाम्रो परमकर्तव्य यो छ - राष्ट्र, समाज र संस्कृति रक्षाका लागि प्रत्येक नागरिकको शुरतापूर्ण अथवा समर्पण आवश्यक छ । उच्चकोटिको समर्पणसहितको संविधानविना राष्ट्रवासीले शाश्वत शान्ति प्राप्त गर्न सक्दैनन् । सर्वमान्य संविधान आजको आवश्यकता हो । **भवतु सर्वमङ्गलम्** । सबैको मङ्गल होस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्म, संस्कृति र सभ्यताको सम्बन्धमा

धारणात् धर्ममित्याहु ... नैतिकता, सदाचार, सनातन ज्ञान र सभ्यता जुन समाजले हजारौँ वर्षदेखि अभ्यास गर्दै आएको सर्वस्वीकार्य गन्तव्य र आत्मबोधको अनुभूति नै धर्म हो। धर्म र संस्कृतिले समाजलाई सुसङ्गठित, सद्भावपूर्ण भएर बस्न सिकाउँदछ। समाजलाई एकआपसमा समन्वय, सहयोग र सद्भावपूर्ण भएर बस्न र सबैको हक अधिकार सुनिश्चित गर्नका लागि नै संविधान निर्माण गरिने हो, जुन आस्था, विश्वास र श्रद्धाको स्वरूपको हुनुपर्दछ । नागरिकको धर्म, संस्कृति र स्वाभिमानलाई छिन्नभिन्न पार्ने संविधान सम्भवतः अधार्मिक हुन्छ ।

नेपालको राष्ट्रियता विविध सांस्कृतिक समन्वय, संगत र सहकार्यबाट निर्माण भएको छ । नेपाली मौलिक सनातन वैदिक हिन्दु धर्म संसारलाई नूनत मार्गदर्शकको रूपमा सदा सर्वदा परिभाषित भइरहेको हो। संस्कृति र सभ्यता, संगठित स्वरूपको रक्षा नयाँ बन्ने संविधानले दिन सक्नु पर्दछ। त्यसैका लागि हाम्रो प्रयास निरन्तर रहनुपर्दछ । ॐकार परिवारले आत्मसात गरेको दर्शन (बौद्ध, जैन, सिख्ख, किराँत, प्रकृतिपूजक आदि धर्म) को मूल तत्त्वको दार्शनिक दृष्टिकोण सनातन हिन्दु धर्म कै हो । गहिराइमा प्रवेश गर्‍यौं भने सम्पूर्ण सबै धर्मका ग्रन्थमा सनातन हिन्दु धर्मको सार प्राप्त गर्न सक्दछौं। सबै धर्मको नेतृत्वदायी भूमिकामा सनातन हिन्दु धर्म नै रहेको छ ।

पहिलो पक्ष

हजारौं वर्षको यायावरीय जीवनको उपलब्धि हामीले आर्जेको ज्ञान, सीप, लिपी, साहित्य, विद्या, कला, दर्शन, क्षत्रियत्व, गोत्र, वंश, परम्परा र शूरता नै सनातन हिन्दु धर्मको विश्वव्यापी मान्यता हो । श्रुतिपरम्पराबाट पुस्तादरपुस्ता हस्तान्तरण हुँदै आएको वंशावली, गोत्र, कुल, परम्परा हाम्रा पुर्खाको मूल थलो हिमालय क्षेत्र नै हो ।

नेपाल सनातन ज्ञान-विज्ञान, सिद्धि, साधना तपोभूमि, कुना, कन्दरा, गुफा, दुर्गम पहाडी, मध्य तराइ, समतल भेग, अपार हिमनदीले वेस्टित हजारौं ऋषिहरूले वेदका ऋचा तथा मन्त्रहरूको साक्षात्कार गरेको विशाल भूभाग हो। मौलिक संस्कृति भाषा, शिल्प, विद्या, कला, पौरख, ज्ञान, ताना-वाना, रहन-सहन सबै हजारौ हजार वर्ष देखि निरन्तर रूपमा अनुशरण र अनुशीलन गर्दै आइरहेका छौं ।

विश्वको सबैभन्दा प्राचीन लिपीगत रूपमा प्राप्त ग्रन्थ ऋग्वेद नै हो भनेर विश्वभरका वैज्ञानिक तथा अनुसन्धाताहरूले सिद्ध गरेकाछन्। सर्वप्राचीन ग्रन्थ भनेकै वैदिक वांङ्मय हो, जो शास्वत र सनातन छ। ज्ञानविज्ञानको स्रोत पनि वेद नै हो। उपवेदका रूपमा आयुर्वेद (स्वास्थ्य विज्ञान), धनुर्वेद (युद्ध शस्त्रअस्त्र निर्माण तथा प्रयोग कला), गान्धर्ववेद (गीत, सङ्गीत, स्वर, लय, ताल र नादको कला), स्थापत्यवेद (निर्माण, दिशाज्ञान तथा पञ्चतत्त्वको ज्ञान), व्याकरण (भाषा), ज्योतिष (सौरमण्डलीय ग्रह, नक्षत्रसहित त्रिकालको गणित, पञ्चाङ्ग ज्ञान), साहित्य (सिर्जना, काव्य, छन्द, रस), भीमांसा, निरुक्त, कल्प, शिक्षा, उपनिषद्, ब्राह्मणग्रन्थ आदि सर्वप्राचीन सनातन हिन्दूका आदर्श ग्रन्थ नै हुन्। जसमा मानवता र सम्पूर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकृतिको सिद्धान्त निहित छ । खाना, नाना, छाना, ज्ञान, युद्ध, शान्ति, सांस्कृतिक, सामाजिक, राजनैतिक सबै विषयमा प्रसस्त वर्णन भएका ग्रन्थहरू हुन् । आज ती ग्रन्थहरूको संरक्षण, सम्बर्द्धन आवश्यक रहेको छ । ऋग्वेदमा **हिमम् महित्वा ...** शब्दले नेपाल कति प्राचीन राष्ट्र हो भन्ने कुरा प्रस्ट हुन्छ । आधुनिक अनुसन्धानले पनि नेपाललाई सनातन हिन्दुराष्ट्र बनाएर ती सम्पूर्ण मान्यताहरूलाई स्थापित गर्नु हाम्रो परम कर्तव्य ठहर्दछ ।

प्रसङ्ग एक

वेदमा एकसय मरुत(वायु)को वर्णन पाइन्छ । जीवको प्राणिक स्रोत भनेको पञ्चप्राणवायु (अक्सिजन) हो । वृक्षवनस्पतिलाई वानस्पतिक मरुत् (कार्वन्डाइअक्साइड) चाहिन्छ । सम्पूर्ण जीवजगत् मरुत्‌हरूको गतिशीतलताबाट जीवित छन्, वायुको धर्मबाट चराचर जगत् धारित (जीवित) छ ।

मष्ट त्रिशूलधारी शिवको मस्तकबाट उत्पन्न भएको हो भन्ने वर्णन पाइन्छ । तिनै मस्टलाई नेपालीले गोत्रअनुसार सम्झन्छन् । आफ्ना पुर्खा - आदिमस्ट, बराहमस्ट, खप्परमस्ट, दुधेमस्ट, विद्युतमस्ट आदि मान्दछन् । मरुत्‌को आयुध भनेको वज्र हो भने वीरभद्रको आयुध त्रिशूल हो । त्रिशूल र वज्रको परिभाषा पनि समकालीन नै हो । हजारौहजार वर्षदेखि अस्त्र, शस्त्रको प्रयोग पनि भएकै हो । देवताहरूले धारण गरेको अस्त्र र शस्त्रको ज्ञान पनि त्यही हो । कुलपूजा गर्दा मष्टलाई वायुशक्तिको रूपमा पूजा गरिन्छ । विश्वमा कहीँ नभएको मष्टपूजाको नेपाली मौलिक परम्परा विश्वसम्पदामा सुचीकृत हुनुपर्दछ ।

प्रसङ्ग दुई

ऋग्वेदमा राजनीतिशास्त्रसँग सम्बन्धित केही महत्त्वपूर्ण सूक्तहरू रहेका छन् । ऋग्वेदको प्रथम मण्डलको २५ औं सूक्त राजकर्म, ईन्द्रवृत्तयुद्ध १३२, स्वाराज्य १।८०, लोककल्याण १।११४, राजधर्म ४।१७४, शत्रुनाश ४।०४, राजकर्म, ४।४२, कृषि ५।५७, राजधर्म ५।३७, राजाप्रजा ७७४, दानस्तुति ८।४६, स्वराज्य ८।९६, युद्ध १०।८५, विवाह १०।८६, नारीगौरव १०।८६, सेनायुद्ध १०।१०३, राजाराज्य १०।१६६ यी सूक्तहरूमा राजधर्म र राजनीतिका बारेमा सूत्रात्मक रूपमा चर्चा पाइन्छ । अथर्ववेदमा राजनीतिशास्त्रका दृष्टिले प्रशस्त सामग्रीहरू छन् । महत्त्वपूर्णसूक्तहरू काण्ड सूक्तहरूको निर्देशन छ । अथर्ववेद १०९ निर्वासित राजालाई पुनः गद्दीमा आरोहण गर्ने । १२९ राष्ट्रसम्बर्द्धन । २१२ शत्रुनाश । २१६ सुरक्षा । ३४ प्रजाद्वारा राजाको चयन । ३५ राजा र राजधर्म । ३८ वृहत् राष्ट्र । क्षत्रीय धर्म । ४८ राज्याभिषेक । ४२२ एकछत्र । ४३० राष्ट्रदेवी वाग्देवी । ४३१ सेना निरीक्षण । ४३२ सेना प्रोत्साहन । ६४० अभय । १९१३ विजयी । ६९९ विजय । ७१२ राष्ट्रसभा । भूमिसूक्त १२१, राष्ट्रगौरव । १९४१ राष्ट्र । १९५५ सभा सभासद् ।

यो भेग विश्वमा राजनीतिक चेतनाको विकास नहुँदै राजनीतिक जीवनपद्धति न्यायपूर्ण सामाजिक व्यवस्थाको बारेमा अभ्यास भएको स्थान हो । वैदिक विज्ञानमा राजनीतिक शास्त्रसँग सम्बन्धित प्राचीन ग्रन्थहरूमा यस शास्त्रको विषयमा राजधर्म, राजशास्त्र, दण्डनीति, नीतिशास्त्र एवं अर्थशास्त्र आदि नामले व्याख्या भएको छ । भगवान गौतमबुद्धभन्दा २५ सय वर्ष पहिले महाभारतमा राजधर्म, न्यायव्यवस्थाको बारेमा वर्णन भएको छ । महाभारतको शान्तिपर्वमा राजशास्त्रको बारेमा वर्णन पाइन्छ ।

सर्वे लोकाः राजधर्मे प्रविष्टाः । महाभारत शान्तिपर्व ६२।२९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसङ्ग तीन

सम्पूर्ण नागरिकगणमा, लोकवासीहरू राजधर्ममा आवद्ध भई प्रविष्ट होऊन् । सहभागी बनून् । राज्यका सम्पूर्ण निकायहरूमा उनीहरूको समान सहभागिता होस् भन्ने भाव महाभारतमा वर्णन गरिएको छ । राजशास्त्रको अभिप्राय राजाको कर्तव्य, राजाको शासनपद्धति, राष्ट्रप्रमुखले गर्ने विभिन्न नियम उपनियम, राज्यसञ्चालनका विधि, प्रक्रिया र पद्धतिको विवेचना भएको छ । राजनीतिशास्त्रका लागि दण्डनीति शब्दको प्रयोग भएको पाइन्छ । असल शासकले नागरिकका प्रत्येक हक अधिकारलाई सुनिश्चित गर्नका निम्ति असल दण्डनीतिको व्यवस्था गर्नुपर्दछ । दण्डनीति आफैँ पनि सम्पूर्ण रूपमा परिष्कृत बनाउनुपर्छ । वास्तविक न्यायको प्रत्याभूति गराउनका लागि नागरिकका हक अधिकारलाई व्यवस्थित गर्न दण्डनीतिको विधान गरिएको छ । जहाँ नागरिक प्रसन्न रहन्छन्, त्यहाँ दण्डनीतिको प्रयोग भएको बुझिन्छ । त्यही दण्डनीतिको अनुचित प्रयोगबाट राष्ट्रप्रमुख र नागरिक पनि भयभीत हुने भएकाले राष्ट्र र समाजका लागि पनि त्यो घातक सिद्ध हुन्छ । सुशासन, न्यायपूर्ण समाज स्थापनाका लागि दण्डनीतिको व्यवस्था र कार्यान्वयन महत्त्वपूर्णहुन्छ । त्यसैले, दण्डको प्रयोग हरसमय व्यवस्थित र निर्बललाई मात्र नभएर बलशालीलाई पनि, सामान्य नागरिक मात्र नभएर राष्ट्रप्रमुखलाई पनि दण्डको भागीदार बनाउनुपर्छ । करीब २४ सय वर्षपहिले आचार्य कौटिल्यले पनि दण्डव्यवस्थाको कठोरताका बारेमा पनि चर्चा गरेका छन् ।

कठोर दण्डको व्यवस्था भने नगर्ने सुझाव आचार्य कौटिल्यको छ । वास्तविक पीडितले उसले आफ्नो अधिकार पाउनुपर्छ । अन्यायी र विधर्मीलाई दण्डको व्यवस्था गर्ने विधान आचार्य कौटिल्यले गरेका छन् । समाजमा कम दण्डको प्रभाव रहँदैन । अति कठोर दण्डको प्रभावले पनि समाजलाई आतंकित बनाउँछ । तसर्थ, समान दण्डको व्यवस्था उत्तम मार्ग हो । राजनीतिक शास्त्रको प्रचलित नाम नीतिशास्त्र पनि हो । नीति शब्द नी धातुबाट बनेको छ । **नी प्रापणे** धातुबाट लैजाने अर्थमा **नीयते व्यवस्थाप्यते स्वेषु स्वेषु सदाचारेषु लोकाः यया स नीतिः ।** अर्थात् जसद्वारा नागरिकले आ-आफ्नो आचरणमा स्थापित हुन्छन्, कुमार्गबाट हटाएर सन्मार्गतर्फ लगिन्छ, त्यसलाई नीति भनिन्छ । **नयनात् नीतिरुच्यते ।** १।१५७ शुक्रनीति । नीतिको व्याख्याता शुक्राचार्यले पनि धर्म या सन्मार्गतर्फ लाने आदर्शपूर्ण जीवनयापन गर्नका लागि बनाइएको उत्तम व्यवस्थापनलाई नीति भनिन्छ । शुक्राचार्यले नीतिशास्त्रको बारेमा वर्णन गरेका छन् - परोपकार नै पुण्य हो भन्ने भाव शुक्राचार्यको रहेको छ । समाजलाई सुरक्षित गर्न चतुर्वर्ग सिद्धिका लागि धर्म, अर्थ, काम, मोक्ष चतुर्विधसिद्धिका लागि पनि नीतिशास्त्रको आवश्यकता पर्दछ ।

प्रसङ्ग चार

गोपालकको इतिहास नेपालमा पाँचहजार वर्षभन्दा पुरानो छ । गाई ब्याउँदा वज्रवृक्ष सिउँडीमा सालनाल झुण्ड्याइन्छ । बिगौतीलाई सातपत्रे बनाई मरुत् देवतालाई चढाइन्छ । पशुपतिनाथमा गाईको दूध, पञ्चामृत चढाइ पशुधनको रक्षा गर्न स्तुति पूजा गरिन्छ । गौधनको रक्षाका लागि तराईका गुराउ (गुरु) गौचरकहरूले महारुद्र, काण्डाब्रह्म, ऐरादेवता (सिकारका देवता), गैडु, गोसाइँ, गैया, मस्टसहित सात देवता र शक्तिको रूपमा कुलदेवी (काली, तारा, चण्डी, दुर्गा, विन्ध्यवासिनी) मध्ये एकको पूजा गर्दछन् ।

किरातहरूले ॐ चेफत्, मुक्कुम, हिक्के, तरक लाए, नाम्मे आसेवारो (अग्नि, ईन्द्र, सविता, वायु,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वरुण) स्तुति गर्दछन् । **ॐ तागेरा निङ्मा भूमाङ्** अर्थात् परमात्मा सर्वव्यापी र सर्वात्मा हुनुहुन्छ । लामाहरूले फुर्बा (वज्र)का देवता मरुत्‌लाई सम्झिन्छन् । नेवारहरूले छ्वासः (क्षेत्रपाल) शिवका गण को पूजा गर्छन् । मगरहरूले डैसीबाङ अन्तर्गत वज्रवृक्षमा शिर झुकाउँछन् । तामाङहरूले सालनाल वज्रवृक्षमा झुण्ड्याउँछन् । लिम्बु जातिले आगो, पानी, छोएरमात्र घर प्रवेश गर्छन् । ढ्याङ्ग्रो, सेउली, देउरालीलाई फूलपाती चढाउने विधान छँदैछ । तमुहरूले ल्होसारमा परम्परागत रूपमा पूजिने वायु तिनै सयमध्ये एक हुन् । कुलङ्ग र थुलुङ्ग राईहरूले सेतो स्वरूपका पारुहाङलाई सम्झी सेतो अक्षता र गाईको दही शिरमा लगाई शुभसाइत गर्छन् । नेपाली समाजको धर्म र संस्कृति हजारौंवर्षदेखि एकआपसको समन्वय, सद्भाव र सहअस्तित्त्वमा रहेकैछ । यो सहअस्तित्त्व र समन्वयको संरक्षण गर्नु हाम्रो परम कर्तव्य हो ।

प्रसङ्ग पाँच

विश्वको सबैभन्दा प्राचीन वैदिक वाङ्मय ऋग्वेदमा सूत्रगत रूपमा केही सूत्रहरू प्राप्त गर्न सकिन्छ । तर, ऋग्वेद राजनीति शास्त्रको कुनै ग्रन्थ भने होइन । स्फोट रूपमा भए पनि राजनीतिशास्त्रको तत्त्व प्राप्त गर्न सकिन्छ । राजनीति शास्त्रको रूपरेखा तयार गर्नका लागि वैदिक वाङ्मयका चारै वेद, ब्राह्मण ग्रन्थ, आरण्यकग्रन्थ, उपनिषद्आदि समावेश गर्नुपर्छ । वेदका ६ अङ्ग शिक्षा, कल्प, निरुक्त, व्याकरण, छन्द, ज्योतिषलाई वैदिक वाङ्मय नै भनिन्छ । यसमा आरण्यक र उपनिषद् आध्यात्मिक विषयप्रधान हुन् । यसमा राजनीति विषयक सामग्रीहरूको प्रायः अभाव छ । वेदान्तमा पनि एतद्‌विषयक सामग्रीहरू केही रूपमा प्राप्त गर्न सकिन्छ । जनकको दर्शन आदि वेदान्तका ग्रन्थहरूमा सूत्रात्मक रूपमा राजनीति दर्शनको बारेमा चर्चा पाइन्छ ।

यजुर्वेदमा राजनीतिविषयक पर्याप्त सामग्रीहरू पाइन्छन् । राष्ट्रको समृद्धि, सुखशान्तिको कामना, राज्यभिषेक, राष्ट्राध्यक्ष र राष्ट्रिय गौरवको अभिवृद्धि, विश्वशान्तिको स्थापनामा राजनीतिक सम्बन्ध आदिका विषयमा चर्चा भएको पाइन्छ । वैदिककालीन राज्यव्यवस्थामा यज्ञको बारेमा सेना र सेनानीको सन्दर्भमा, उद्योग र व्यवसाय, गण र गणपति, सेना र सेनापति, शस्त्रअस्त्र, क्षत्रिय धर्म, राजधर्म, विश्वशान्ति, विश्वबन्धुत्व, जनकल्याणको भावना, सर्वभूतात्मवाद, समदृष्टित्व, तैत्तिरीयसंहिता, काठसंहिता, ऐतरेयब्राह्मण आदि राजनीति शास्त्रसँग सम्बन्धित महत्त्वपूर्ण विषय छन् । राजकर्मचारीको गुण । विविध प्रकारका करहरूको उल्लेख व्याकरण, निरुक्त, छन्द, ज्योतिष आदि शास्त्रीय विषयमा चर्चा पाइन्छ । पाणिनिको अष्टाध्यायी राजनीतिक शास्त्रसँग सम्बन्धित महत्त्वपूर्ण तथ्य प्राप्त गर्न सकिन्छ । राजाको गुण, मन्त्रिपरिषद्, शासनतन्त्र, न्याय र दण्डव्यवस्था, सेना र सेनापति, सैनिक, जनपद, समूह, गण, गणजाति, आयु धजीवी संघ, कृषि संघ, गौआदि पशुपालक संघ, भेडाबाखा समुदाय, सैनिक कर्मचारी सबैका विषयमा प्रशस्त वर्णन पाइन्छ ।

राजनीति शास्त्रका प्रथम आचार्य तथा प्रणेता भगवान् विशालाक्ष (शिव) महातपस्वी काव्य शुक्राचार्य, सहस्राक्ष ईन्द्र, मनु, भगवान् भरद्वाज, गौरसशिरस मुनि भनिएको छ । सर्वप्रथम ब्रह्माजीले १ लाख अध्याय भएको नीतिशास्त्र बनाउनुभयो । यसमा धर्म, अर्थ, काम त्रिवर्ग पुरुषार्थ नाम परेको छ । यस शास्त्रलाई विशालाक्ष भगवान् शिवले प्राप्त गर्नुभयो । त्यही शास्त्रलाई 'वैशालाक्ष' भनियो । त्यसलाई शुक्राचार्यले १० हजार अध्यायहरू राख्नुभयो । त्यसलाई फेरि ईन्द्रले ५ हजार अध्यायको बनाउनुभयो । त्यसको नाम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'बाहुदन्तक नीतिशास्त्र' भयो । त्यसलाई फेरि बृहस्पतिले संक्षिप्त गरी बार्हस्पत्य नीतिशास्त्र ३ हजार अध्यायको बनाउनुभयो । पछि पुनः शक्राचार्य द्वितीयले संक्षिप्त गरी १ हजार अध्यायवाला बनाउनुभयो । यसलाई **शुक्रनीति** भनियो । महाभारत शान्तिपर्व ५८।२३ मा यो नीतिशास्त्रको धेरै लामो वर्णन गरिएको छ ।

लगभग २४ सय वर्षपहिले आचार्य कौटिल्यले त्यो शास्त्रलाई संक्षिप्तीकरण गर्दै कौटिल्य अर्थशास्त्र आदिबाट संक्षिप्तीकरण भएको छ । आचार्य कौटिल्यले आफ्नो अर्थशास्त्रमा पूर्ववर्ती आचार्यहरूको मतलाई उल्लेख गरेर **'इति कौटिल्य'** भनेर आफ्नो मत प्रस्तुत गरेका छन् । कौटिल्यले पूर्ववर्ती नीतिशास्त्रको अध्ययन गरेर अनेक ग्रन्थहरू निर्माण गर्नुभयो । कौटिल्यको उदयभन्दा पहिले विभिन्न आचार्यहरूको मत प्रचलित थियो । कौटिल्य अर्थशास्त्रमा सम्पूर्ण ज्ञान राजनीतिक, आर्थिक, सामाजिक सम्पूर्ण विषयमा चिन्तन भएको हुनाले अन्य आचार्यहरूको मत प्रायशः विलुप्तको स्थितिमा पुगे । कौटिल्यले मनु, वृहस्पति, उसनस, शुक्राचार्य, भारद्वाज, पराशर, पिसुन, विशालाक्ष, कात्यायन, कोणपदन्त, कणिक, आम्भ आदि आचार्यहरूको मत उल्लेख गर्दै केही मतको खण्डन पनि गरेका छन् ।

राजनीतिक विषयको चर्चा अथर्ववेदका सूक्तहरूमा पर्याप्त रूपमा पाइन्छन् । **माता भूमि पुत्रोऽहं पृथिव्या** ... माता भूमि हुन्, हामी भूमिपुत्र हौं ... अथर्ववेद, आदि । राष्ट्र, राज्य, जनपद आदिको बारेमा चर्चा पाइन्छ । कौटिल्य मतमा शासन व्यवस्था, वर्ण व्यवस्था, न्यायालय आदिको विषयमा चर्चा छ । सर्ग, इन्द्रिय जय त्रयी वार्ता, दण्डनीति, राजाको कर्तव्य, राज्यका अङ्ग, राजा, मन्त्री (अमात्य), राज्यको सुरक्षा, नगरको विकास, जनपदको विकास, शत्रुमित्र विचार, सन्धी विचार, यान, आसन, द्वैधीवाद, संसय विचार, मन्त्र मन्त्रणा, दूत गुप्तचर, उत्साह उद्योग, द्युत (व्यसन)को कुप्रभाव, विजय यात्रा, सैनिक छाउनी, साम, दाम, दण्ड, भेद चार उपायको वर्णन सेना युद्ध, कुटिलता, सेनाको अङ्ग, हात हतियार, खरखजाना, राज्यको अर्थ व्यवस्था, पैदल सेनाको वर्णन र व्यूहरचनाको सन्दर्भमा चर्चा गरिएको छ । राजनीतिक शास्त्रको अध्ययनमा शुक्राचार्यको नीति अत्यन्त महत्त्वपूर्ण मानिन्छ ।

वैदिक वाङ्मयमा वैदिक समाजको स्वरूप, समाजलाई सङ्गठित गर्ने मुख्य अवयव, आदर्श न्यायपूर्ण समृद्धशाली समाजको मूल आधार वैदिक राजनीति नै हो । नेपाललाई सनातन हिन्दूराष्ट्र बनाएर सबैको हक अधिकार संरक्षण गर्ने अभियानमा जुटौं ।

अन्त्यमा

नेपालमा चलेको र चलाइएको राजनीतिक आन्दोलन कुन दर्शन र सिद्धान्तको आधारमा चलाइएको छ ? अधिकार प्राप्तिका नाममा राष्ट्रिय एकता, अखण्डता, सार्वभौमिकता हजारौं वर्षदेखि चलेर आएको नेपाली सद्भाव खल्बल्याउनलाई नै चलाइएको हो भने चलाउनेहरूको नियति धूलीधूसरित हुनेछ । यसमा कुनै शङ्का छैन । हाम्रो प्रयास सबै जात-जाति, भाषा-भाषी, संस्कार-संस्कृतिको संरक्षणका निम्ति सनातन हिन्दुराष्ट्र कायम हुनुपर्दछ । **एष धम्मो सनन्तनो ...** भगवान बुद्ध । मैले जो धर्म भन्दैछु, सनातन धर्म हो । **भवतु सवै मङ्गलम् ।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संविधानसभा र अनुत्तरित प्रश्न ?

आफ्नो संस्कृति, सभ्यता, भाषा, शिल्प सबैलाई प्यारो हुन्छ । धर्मनिरपेक्षताको नाममा धर्म, संस्कृति, सभ्यता सिध्याउने, धर्मलाई निरपेक्ष गर्ने र पापलाई सापेक्ष गर्ने महाअभियानमा लागेका केही दल, कथित मानव अधिकारवादी र नेपाली मौलिक सभ्यतालाई सिध्याउन लागिपरेकाहरू ।

लोभ, लालच र हिंसाप्रति हिंसालाई प्रोत्साहन गर्ने दलहरूको क्रियाकलाप अखण्ड अनन्त कालसम्म जागिर पकाउने संविधानसभा कसलाई चाहिएको छ ? धर्मनिरपेक्षता नै सर्वधर्म समभाव भन्ने भ्रममा फसेका नेता, नेपाली जाति-जनजातिको संस्कृति, सभ्यता मेटिरहँदा पनि मौनबसी जातीय मुक्तिका कुरा गर्नेहरू । आफ्नो सनातन पुर्ख्यौली धर्म, संस्कृति, सभ्यता सिध्याउन लागिपर्नेहरूलाई धर्मनिरपेक्षता चाहिएको छ ?

प्रसङ्ग १

विश्व र हाम्रो धर्ती-पृथिवीको कमसे कम आयु १५ अर्ब वर्ष पुरानो भएको खगोलशास्त्रको मान्यता रहेको छ । यसको पूर्णायु भनेको ७१ अर्ब वर्षको अनुमान गरिएको छ । लगभग १५ अर्ब वर्षपूर्व विश्वको समस्त पिण्ड, सहायक ग्रहपिण्ड, ऊर्जाको रूप, द्रव्य, एक प्राथमिक रूपमा पिण्डको स्वरूप घनीभूत भएको स्थिति रहेको थियो । आकस्मिक रूपमा प्राथमिक पिण्डमा असन्तुलन उत्पन्न भएको स्थिति रह्यो । जसबाट महाविष्फोट उत्पन्न भएको मान्यता रहेको छ । परिणामतः ऊर्जा द्रव्यको रूपमा रूपान्तरित भयो । यस क्रमले तापमानमा ह्रास हुन थाल्यो । यसै क्रममा खगोल पिण्ड, ग्रह, नक्षत्र, तारा, आकाशगङ्गा, चन्द्रमासहित अन्य ग्रहहरू बने । त्यसै क्रममा एउटा पिण्ड सौरपरिवारको परिभ्रमणमा गतिशील रह्यो । सम्पूर्ण शक्तिलाई जसले एकआपसमा समन्वयात्मक अवस्थितिमा परिभ्रमणको गति प्रदान गऱ्यो, परिभ्रमणकै क्रममा धर्तीरूपी एउटा पिण्डले पृथिवी, जल, तेज, वायु र आकाश र विभिन्न पञ्चमहाभूतको समन्वयात्मक अथवा सन्तुलित अवस्थाबाट पृथिवी प्राप्त भयो । त्यसै अवस्थामा धर्तीको अस्तित्त्व प्राप्त भएको हो । खगोलमा स्थित यो धर्ती पिण्ड आफ्नै शक्तिमा अडिएको छ, जो गोलो भइकन पनि समतल र चलायमान भइकन पनि अचल जस्तो अनुभूति हुन्छ ।

यसै क्रममा सम्पूर्ण ब्रह्माण्डको पनि क्रमिक निर्माण भएको छ । खगोलशास्त्रमा यो मान्यता छ - आफ्नो आयु प्राप्त हुन ७१ अर्ब वर्षमा सम्पूर्ण द्रव्य राशि पुनः ऊर्जाको प्राथमिक पिण्डको रूपमा पूँजीभूत हुन्छ । पुनः त्यहीं प्रक्रियाबाट एउटा महाविष्फोट हुन्छ । तारामण्डल, ग्रहनक्षत्र आदिको निर्माण भइरहन्छ । त्यही प्रक्रिया पुनः दोहोरिन्छ । अनवरत रूपमा यो प्रक्रिया निरन्तर रूपमा चलिरहन्छ । ऋग्वेदको काल ईशापूर्व ३० हजार वर्ष मानिएको छ । सबैभन्दा प्राचीन प्रकृतिको सिद्धान्त प्रतिपादित सर्वप्राचीन काल नै वैदिक काल हो । (हिमवत्खण्डको इतिहास) नेपालको इतिहास, ऋग्वेदकालसम्म जोडिन्छ ।

प्रसङ्ग २

वैदिक चिन्तनको सृष्टि संरचना प्रलयको सिद्धान्तलाई निश्चय नै व्यक्त गरेका छन् । चेतन र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अचेतनको सृष्टि पनि परमात्माले गर्नुभयो । चेतन सृष्टिमा मनुष्य विस्तारैविस्तारै प्रज्ञावान् बन्यो । प्रज्ञावान् मनुष्यहरूले केही कर्तव्यहरू निर्धारण गरे र एक सार्वभौम आचारसंहिताको निर्धारण भयो प्रत्येक वस्तु र पदार्थले आ-आफ्नो गुण धर्ममा रहने भाव विकास भयो, यसै भावलाई धारण गरिने भएकाले यसलाई धर्म भनिन्छ । जसलाई मनुष्यत्व र मानवतावादी चिन्तन भनिन्छ ।

सार्वभौम संहिताको विपरीत आचरणलाई अधर्म भनिएको छ । भ्रष्टाचार गर्नु, हजारौं निर्दोषलाइ निर्ममतापूर्वक हत्या गर्नु, राज्यको ढुकुटी सिध्याउनु, बुद्धको जन्मस्थलमा राजनीतिक हस्तक्षेप गर्नु, पशुपतिको पूजा बन्द गराउनु यी सबै कुकर्मका श्रेणीभित्र पर्दछन् ।

धर्माचरण, धर्मानुशरण, धर्मज्ञान र मानवीय अस्तित्त्वको रक्षाका लागि आवश्यक रहेको छ, जसलाई सत्य र धर्म भनिन्छ । जो साश्वत छ त्यही सनातन हो जसलाई सनातन धर्म भनिन्छ । सत्य र धर्म आजसम्म अपरिवर्तनीय छ । सनातन सृष्टि र प्रकृतिको उच्चतम ज्ञान नै वेद हो । वैदिक विज्ञान पनि हो । सार्वभौम सिद्धान्तको सनातन ज्ञानलाई वैदिक धर्म, आर्य धर्म या हिन्दू धर्म भन्न थालियो । चेतन सृष्टिमा मनुष्य तथा पशुपक्षी सबै आउँछन् ।

सबै चेतनसृष्टिका प्राणीहरूमा आहार, निद्रा, भय, मैथुन आदि गुण समान रूपले रहन्छन् । मनुष्य मात्र त्यो विवेकसम्पन्न हो, जसमा धर्म रहन्छ । जो पशुपक्षी आदिबाट मनुष्यलाई भिन्न राख्छ, त्यो विवेक पनि धर्म हो । सद्विवेकले मानिसलाई पशुपक्षीको कोटिबाट भिन्न राख्छ ।

धर्मका दुई आवश्यक पक्ष छन् - दर्शन र प्रचलित जीवनपद्धति ।

धर्ममा दुई तत्त्व अनिवार्य रहन्छन् । यी एकअर्काका परिपूरक पनि हुन् । जीवनपद्धति र दर्शनको अनुपस्थितिमा धर्मको स्वरूप विकृत हुन्छ । जो मनुष्य भोग र आसक्तिमा आसक्त हुन्छ, अज्ञानरूपी अन्धकारमा पूर्ण वशीभूत भएर पशुसमान व्यवहार गर्छ, त्यो मानिस आहार निद्रा, भय, मैथुन पशुकै समानमा रहन्छ । दर्शन र जीवनपद्धतिबाट नै मनुष्य पशुभन्दा पृथक् रहेको छ । जो मनुष्य परम शान्ति र परमात्माको कृपा प्राप्तिमा अनभिज्ञ रहन्छ, अज्ञानता र अभिमानमा डुबिरहन्छ, त्यो पशुसमानै हो । जो परमसत्ता प्राप्तिका लागि पिपाशु हुन्छ, त्यो निर्विशेष कल्याणकारी मार्गलाई अपनाउँदछ । ईश्वरप्राप्ति मानवको प्रमुद धेय हो भने जीवकल्याण उसको प्रमुख कर्तव्य हो । सर्वोच्चता, सत्य, पुण्य, आदर्श, प्रेम, सम्पूर्ण परमात्माप्राप्तिका मार्ग हुन् । सर्वकल्याणको भाव परमशान्ति प्राप्तिको मार्ग हो । परमात्मा प्राप्तिको उत्कण्ठा नै मनुष्यको प्रमुख साध्य हो । **वसुधैव कुटुम्बकम्** - विश्व मानव हाम्रा आफ्ना आफन्त कुटुम्बहरू हुन् । यो वैदिक चिन्तन हो ।

विश्वइतिहासमा सृष्टिको उषाकालमा वैदिक सनातन धर्म एक उषाकालजस्तै निरन्तर गतिशील दृष्टिगोचर हुन्छ । विभिन्न धारा उपधारा र मत पन्थलाई लिएर अघि बढ्दछ । यसको सांस्कृतिक ऐतिहासिक, विद्यमानता र प्रमुखता यो आर्यवर्तको सनातन यथार्थ पनि हो । जो अपरिवर्तनीय छ । सनातन हिन्दू धर्म व्यापक मानसिकता, विश्व मानवकल्याणको चेतनाको उच्चतम साधना र जीवनपद्धति हो । बितेका हजारौं हजार वर्ष यही सनातन वैदिक धर्मको अनुशरण जीवनपद्धतिको अनुशरण, सांस्कृतिक, धार्मिक, वैचारिक सबै प्रकारका साधना र उच्च चेतनामा बाँच्ने भावको विकास हजारौं वर्षदेखि भइरहेको छ । सनातन हिन्दू धर्म व्यापक मानसिकताको जनक पनि हो । वैदिक सनातन हिन्दूहरूको इतिहासबिना सम्पूर्ण आर्यवर्तको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवनपद्धति, रहनसहन, बसोबास, खानपिन, सांस्कृतिक, धार्मिक चिन्तनको स्रोत हजारौंहजार वर्षको अभ्यासबाट आएको इतिहास हो । सनातन वैदिक दर्शनबिना विश्वमा शान्ति सुव्यवस्था सम्भव छैन । २५०० वर्षदेखि बुद्धको अवतारपछि आएको बुद्धको दर्शन र चिन्तनको निरन्तरताको इतिहास, ईसाईहरूको इसामसीहको आगमनपछिको २००० वर्षपहिलेदेखि विकास भएको यूरोपको इतिहास, अहिलेसम्मको अवस्था र पश्चिमी जगत्को इतिहास, सम्पूर्ण इस्लामी मतको मतविना अरबको इतिहास कहाँ जोडिन्छ।

तसर्थ, मूल रूपमा वैदिक सनातन धर्मले सृष्टिको बिहानीदेखि अँगालेको चिन्तनका धेरै हाँगाबिँगाहरू, मत, पन्थ, वाद र सम्प्रदायमा विभिन्न स्थानमा रूप या सारमा देख्न सकिन्छ । चाहे त्यो हेतु हान र हेय सांख्या दर्शनको अनीश्वरवादको साधनाको पद्धति या बुद्धवाद अरबको इतिहासबाट कुरान सरिफको मतलाई निकाल्दा उसको अस्तित्त्व कहाँ पुग्छ ? ईसाईहरूको मतलाई यूरोपबाट निकाल्यो भने यूरोपको इतिहास कहाँ जोडिन्छ ?

अन्तिम पाटो

संविधानै बनाउन नसक्ने संविधानसभा किन ? नेपालमा धर्मनिरपेक्ष संविधान बनाउनका निम्ति भेटिकन, नर्वे, फिल्याण्ड आदि पश्चिमा क्रिश्चियन राष्ट्रले दिएको भीख माग्ने नेताको प्रवृत्ति क्रियाकलाप, नर्वेका राजकुमारलाई स्वागत गर्ने तेस्रोलिङ्गीहरूको सङ्गठन, ककश (जनजातिका सभासद्), गुम्बाहरूलाई गिर्जाघरमा परिणत गर्न लागेका धर्मनिरपेक्षतावादी बुद्धिजीवी, मानवअधिकारवादी, नेपाललाई धर्मनिरपेक्ष बनाउन नेताहरूलाई बाँडिएको करोडौं डलरपछि धर्म परिवर्तन गराउन सातौं अर्ब खर्च भइसकेको सार्वजनिक भएका छन् । यी प्रश्नहरू अनुत्तरित छन् ?

एक सय दुई भन्दा धेरै जातिहरूको संस्कार, संस्कृति, परम्परालाई बिथोल्न सीमित जातिय राज्य बाँड्दै हिड्नु युक्तिसंगत ठहर्ला त ? राष्ट्र र राज्यको भिन्नता के ? धर्मनिरपेक्षताको परिभाषा के ? यदि धर्म निरपेक्षताको परिभाषा सर्वधर्म समभाव भन्ने अर्थ हो भने दशौं हजार वर्षदेखि अभ्यास हुँदै आएको परम्परा र केही सय वर्ष पहिलेदेखि सुरु भएको धर्म समान हुन सक्छ ? राज्य धर्मनिरपेक्ष शब्दको वास्तविक परिभाषा के ? जाति जनजातिको संस्कृति, सभ्यता मेटिँदै गएको छ राज्यका सबै अङ्ग र राजनीतिक नेतृत्वकर्ता मौन किन ? राष्ट्रिय संस्कृति र जनजीविकाको सबालमा अनुत्तरदायी किन ? जातिय सापेक्षता हो भने धर्मचाहिँ निरपेक्षता किन ? हजारौं हजार वर्षदेखि नेपाली समाजले संस्कारगत रूपमा आएको गौपूजा र गाईलाई राष्ट्रिय सम्मानको विषय रहँदा चिन्ता कसलाई र किन ? संविधानसभाले राष्ट्रको संविधान बनाउँछ कि राज्यको ? राज्यको संविधान बनाउने हो भने राष्ट्रपति किन ? धर्म निरपेक्षताको परिभाषा सर्वधर्मसमभाव हो भने २५ सय वर्षदेखिको बुद्ध जन्मेको स्थान नेपालमा आयातित-ईशाई धर्म र मुश्लिम धर्म समान हुन सक्छन् ? हजारौंहजार वर्षको हिन्दूहरूको आस्थाको केन्द्र श्रीपशुपतिनाथ र भगवान् गौतमबुद्धको जन्मस्थलमा राज्य र राजनीतिक पार्टीको हस्तक्षेप किन ? धर्मनिरपेक्षताको नाममा आफ्नो गौरवमय संस्कार धर्मसंस्कृतिविहीन बनी जङ्गली जीवन बाँच्ने कसैलाई इच्छा छ भने धर्मनिरपेक्ष संविधान स्वीकार गरी संस्कारविहीन जीवन यापन गरे हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वदेश, स्वराज र स्वरोजगार

स्वदेश जन्मभूमि स्वतन्त्रतासहित न्यायपूर्ण राज्यव्यवस्था, स्वरोजगार जीविकोपार्जनका लागि श्रम, शील्प सम्मृद्धि यही हो ।

वैदिक दर्शनमा राज्य र राष्ट्रको भिन्नताको विषयमा प्रष्ट उल्लेख गरिएको छ । राज्य सानो इकाइ हो भने राष्ट्र अखण्ड, सनातन संस्कृति र सभ्यताको एकीकृत र विशाल हो । जसमा धर्म, संस्कृति, सभ्यता, दर्शन, एकीकृत समर्पणको भाव, राष्ट्रप्रतिको उत्तरदायित्वको विषयमा विस्तृत चर्चा भएको छ । व्यक्तिगत स्वतन्त्रता, सामूहिक सहभागिता, उत्तरदायित्व, सहअस्तित्त्वसहितको सहभागिता महत्त्वपूर्ण अभ्यासको एकीकृत स्वरूप बचाएर राख्नु सबैको हितका निम्ति कार्य गर्नु **सर्वे भवन्तु सुखिनः** को भावलाई आत्मसात गर्नु नै राष्ट्रिय जीवनको उच्चतम आदर्श हो । **इदम् राष्ट्राय नमम** ... व्यक्तिले प्राप्त गरेको ज्ञान, शिल्प, विद्या, आर्जेको पुरुषार्थ सबै राष्ट्रको लागि समर्पण भन्ने भाव नै उच्च राष्ट्रिय भावनाले ओतप्रोत अभिव्यक्ति हो ।

वैदिक वाङ्मयमा राष्ट्रिय जीवनसँग सम्बन्धित विभिन्न कार्यहरूको व्यवस्थापन र प्रयोगको बारेमा चर्चा भएको छ । जसअन्तर्गत सभा, समिति, संघ, जनवर्ग, जनहित, जनगणना, जनतन्त्रको अभ्यासबाट जनताको हक, अधिकार सुनिश्चित गर्ने उच्चतम आादर्शयुक्त व्यवस्था वैदिक दर्शनमा रहेको छ । राज्यको मौलिकता, क्षेत्र, अधिकारका बारेमा प्रशस्त चर्चाहरू पाइन्छन् । प्रजाको हित र सुखका लागि सभा, समिति, विधान र ढाँचाका बारेमा सूक्तहरू छन् ।

नेता -

नेतुम् शक्नोतीति नेता ... जसले समाजलाई नेतृत्व दिन सक्छ त्यही नेता हो । जसको आदर्शबाट समाज प्रभावित होस् नेताका सम्पूर्ण त्यागमय गुणहरूको सर्वत्र चर्चा चलोस्, सबैमा समान भाव राख्न सकोस्, राष्ट्र, समाज, संस्कृति र सभ्यताप्रति उत्तरदायित्व अनुभूति गरोस्/गराओस् । जसको सक्षम नेतृत्वबाट समाजले गति प्राप्त गर्दछ त्यो व्यक्ति मात्र नेता बन्न सक्दछ । जसमा विचलन, विखण्डन, वितृष्णा, विवेकहीनता, वैचारिक अकर्मण्यता, ईर्ष्या, क्रोध, हिंसा, लोभ, लालच, पाखण्डीपन, राजनीतिका नाममा ढोङ पाखण्ड मच्चाउँछ त्यो नेता बन्न अयोग्य मानिन्छ । सफल नेता बन्नका लागि यी सम्पूर्ण अवगुणबाट टाढा रहन सक्नुपर्दछ ।

अथर्ववेदमा **सभासद्**को बारेमा वर्णन गरिएको छ । जो सभामा उपस्थित भएर सभालाई मर्यादित र न्यायपूर्ण बनाउँछ, सम्पूर्ण प्रजाको हक र अधिकारलाई सुनिश्चित गर्न प्रयत्नशील रहन्छ । न्यायपूर्ण, समृद्धशाली समाजको लागि कार्य गर्दछ भने त्यो उत्तम सभासद् हो । प्रजाद्वारा निर्वाचित समूहभित्रको व्यक्तिलाई प्रमुख अमात्य (प्रधानमन्त्री) सहित उपप्रधानमन्त्री, रक्षा-सुरक्षामन्त्री, महामन्त्री, कोष, जन, संस्कृति, शिक्षा, स्वास्थ्य, खाद्य, खेलकूद, ऊर्जा, औषधि, आयात-निर्यात, कूटनीतिक, परराष्ट्र, सामाजिक, आदि विभिन्न विभागका लागि अमात्यहरू निर्वाचित गरिन्छ । मनोनयनको प्रक्रियाबाट पनि नियुक्तिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधान रहेको छ। जुन विभागमा जुन प्रमुखलाई नियुक्त गर्नुछ त्यस विषयको सम्पूर्ण ज्ञान प्राप्त गरेको व्यक्तिलाई मात्र जिम्मेवारी दिइन्छ।

अर्थशास्त्र -

प्रजाको हक, अधिकारलाई व्यवस्थित गर्न प्रजाद्वारा विचार र मनन गरेर योग्य मन्त्रणाबाट छानिएको व्यक्ति नै मन्त्री हुन्छ। मनो योग द्वारा एकीकृत स्वरूप सम्पूर्ण प्रजाको हितका लागि निरन्तर चिन्तन मननमा लागिरहने व्यक्ति नै मन्त्री बन्न योग्य मानिन्छ। शासनको व्यवस्थित सञ्चालनका लागि सक्षम मन्त्रीको आवश्यकता पर्दछ। वृहस्पति, शुक्राचार्यसहित आचार्य कौटिल्यको मतमा राष्ट्रलाई सही रूपमा सञ्चालनका निम्ति अर्थशास्त्रको महत्त्वपूण भूमिका रहेको बताएका छन्। **अर्थस्य मूलम् राज्य** ... अर्थको मूलस्रोत राज्य हो, जनताबाट प्राप्त कर, राष्ट्रिय उत्पादनबाट प्राप्त कर, आयातनिर्यातबाट प्राप्त कर आदि सम्पूर्ण प्रकारका करको व्यवस्थापन राम्रोसँग गरेमात्र राज्यका इकाइहरू र राष्ट्र सबल र शक्तिशाली रहन सक्दछ। विश्वप्रसिद्ध र अहिलेसम्म प्राप्त भएको अर्थशास्त्रको आधिकारिक ग्रन्थ भनेको कौटिल्यको अर्थशास्त्र नै हो। जनतन्त्र, हिन्दू राजतन्त्र, प्रजातान्त्रिक जनतन्त्र आदि विभिन्न पद्धतिहरूको विषयमा चर्चा भएको छ। सबै राज्यहरूको समान विकासमा अर्थको महत्त्वपूर्ण भूमिका रहन्छ। यसअन्तर्गत मुद्राको व्यवस्थापनलाई यजुर्वेदको १५.११.१३ मा मुद्रक शब्द प्रयोग भएको छ। ऐतरेयोब्राह्मणमा शासन प्रणाली र मुद्राको बारेमा चर्चा आउँछ। महाभारतमा पनि अर्थशास्त्रको विषयमा प्रशस्त चर्चा गरिएको छ।

कौटिल्यको अर्थशास्त्रमा मन्त्रीपरिषद् र सभाको बारेमा चर्चा भएको छ। धर्मसूत्र, धर्मशास्त्र, अर्थशास्त्र, राजशास्त्रआदि ग्रन्थमा पनि प्राचीन वैदिक ग्रन्थहरूबाट साभार गरेर शुक्राचार्यको शुक्रनीति, बृहस्पतिको नीति, विदुरनीति, याज्ञवल्क्य स्मृतिआदि ग्रन्थमा राज्यको अर्थशास्त्रका विभिन्न विश्लेषण भएका छन्। शासनव्यवस्थालाई व्यवस्थित गर्नका लागि ग्रामीण विकास योजना, नगर विकास योजना, पुरविकास योजना, राज्यविकास योजना, राष्ट्रविकास योजनाआदिका विषयमा मत पाइन्छ।

शासनव्यवस्थालाई व्यवस्थित गर्न पाँच सदस्यीय व्यवस्थापकीय प्रमुख बनाइएको छ। यसका साथै **पञ्चमानवाः** भनेर प्रजाद्वारा चुनिएका पाँच प्रमुख व्यक्ति **(पञ्चमानवाः न्यायं कुर्वन्ति)** ले मात्र प्रजाको हक अधिकारलाई व्यवस्थित र न्याय गर्न सक्दछन् भन्ने सन्दर्भ पनि विभिन्न ग्रन्थमा कौटिल्यले वर्णन गरेका छन्।

कौटिल्यले राज्यका लागि अर्थशास्त्रको चर्चा गर्ने क्रममा आर्थिक आयको साधनलाई पनि स्पष्ट्याएका छन्। औद्योगिक आधारभूमिमा रहेर आर्थिक नीति अवलम्बन गर्दा नै राज्यमा आर्थिक उन्नति हुन्छ भन्ने कौटिल्यको धारणा छ। कौटिल्यको अर्थनीतिका प्रमुख तीन सिद्धान्त छन्- पहिलो सिद्धान्तअन्तर्गत उद्योगलाई विशेष महत्त्वका साथ वर्णन गरिएको पाइन्छ। जसअन्तर्गत उद्योगलाई राज्यको स्वामित्वमा राख्ने र तिनीहरू राज्यबाट नै सञ्चालित हुनुपर्ने दृष्टिकोण रहेको छ। उद्योगको पूँजी, श्रम र प्रबन्धको दायित्व राज्यको नै हुनुपर्ने नीति रहेको छ। यसप्रकारका महत्त्वपूर्ण उद्योगमा सुन, चाँदी, हिरा, शिलाजित, तावा, टिन, फलाम, मणि, खनिजपदार्थ, वस्त्र, यातायातका सामग्री, दैनिक उपभोग्य वस्तु र खाद्यसामग्रीहरू पर्दछन्। श्रम शिल्पको समान सहभागिताबाट गाउँ, नगरका साथै सम्पूर्ण राज्य सबल हुन सक्छ भन्ने हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कौटिल्यको अर्थनीतिसम्बन्धी अर्को सिद्धान्तअनुसार सम्पूर्ण उद्योगहरू, कलकारखानासँग प्रत्यक्ष जनताको सम्बन्ध हुनुपर्छ भन्ने हो । राज्यमा सञ्चालित उद्योगलाई प्रजाको निजी सम्पत्तिका रूपमा लिइएको छ। उद्योगको सङ्गठन, सञ्चालन र पूँजी, श्रम र प्रबन्धको दायित्व पनि जनताको नै हुन्छ/हुनुपर्छ भन्ने कौटिल्यको अर्थनीतिअन्तर्गत पर्दछ ।

कौटिल्य अर्थनीतिको अर्को सिद्धान्त समाजमा सुव्यवस्था कायम राख्ने सन्दर्भमा आधारित छ । जसमा राज्यमा रहेका सम्पूर्ण उत्पादनको वितरण र उपभोगको रेखदेख शासनसत्तालाई लिइएको छ । उपर्युक्त सबै उद्योग तथा व्यवसायमा राज्यको स्वामित्व नै किन ? भन्ने सन्दर्भमा राज्यको अर्थबल सबल हुने र समाजका सबै वर्ग क्रियाशील बन्न सक्दछन् भन्ने ध्येय कौटिल्यको रहेको छ। न्यायपूर्ण समाज, वस्तुको समान वितरण, धर्म, राजनीति र विज्ञानको समन्वयबाट मात्र समाज गतिशील हुनसक्दछ । न्याय र धर्मद्वारा स्थापित समाजमा सुखशान्ति र समृद्धि प्राप्त गर्न सकिन्छ। बेरोजगारलाई रोजगारको व्यवस्थापन, शिल्पविद्या र सीपबाट उन्नतिको शिखरमा पुग्न सकिन्छ भन्ने मत रहेको छ । धर्म, दर्शन, काव्य र कलाआदि जति पनि विषय छन्, उनीहरूमा धर्म, अर्थ, काम र मोक्ष यी वर्गचतुष्टयको उपयोगिताको अनेक प्रकारले विचारविमर्श गरिएको छ । अर्थशास्त्रले ऐहिक जीवन (चलिरहेको जीवन) सँग सम्बन्धित व्यापारको विवेचना गरेको छ । राष्ट्रिय अर्थनीतिलाई सबल बनाउनका लागि राज्यमा प्रत्येक व्यक्तिले हातमा सीप, स्वरोजगार र स्वदेशीको भावना हुनुपर्छ भन्ने मान्यता रहेको छ । क्रय विक्रयलाई व्यवस्थित गर्दै अर्थनीतिलाई व्यस्थित गर्नुपर्दछ। अर्थनीतिलाई व्यस्थित गरिएन भने राष्ट्रमा अनेक समस्या उत्पन्न हुन्छन् । कृषि उत्पादन, वस्त्र निर्माण (सिलाईबुनाई) तान आदिको प्रयोग, काठ, जडिबुटी, औषधि, पानी, माटो, ढुंगा रङआदिको प्रयोगबाट बनाइएका हस्तकलाको विकास अति महत्त्वपूर्ण रहेको छ ।

अन्त्यमा -

उल्लिखित महान विचारहरू वैदिक दर्शन र सभ्यता र हजारौं वर्षदेखि अभ्यास हुँदै आको चिन्तन हुन् । हजारौं हजार वर्षको गौरवमय दर्शन, सभ्यता र साहित्य छँदैछ। यसको अभ्यास छोडेर आयातित वाद र सिद्धान्तका नामका पाखण्ड प्रवृत्तिहरूले नेपाली समाजको जीवनलाई कसरी बुझ्न सक्लान् र ? नेपाली समाजले सपनामासम्म नदेखिएका बुद्धिजीवीहरू र भाडामा किनिएका परामर्शदाताहरू, टाइ शूट बूटका अनुयायीहरू केही दुइचारवटा विदेशी भाषाका शब्दले रणभुल्लमा पार्ने बुद्धिजीविले नेपाली समाजलाई के नेतृत्व दिन सक्ला र ? वर्ग र जातिको, राष्ट्र र राज्यको, व्यक्ति र समाजको स्वतन्त्रतालाई नबुझ्ने विचारकहरूलाई कुन उपाधिले सम्बोधन गर्ने ? कसैलाई आफ्नो गौरवमय इतिहास बिर्सेर जङ्गली जीवन बाँच्ने इच्छा छ भने प्रयास गरे हुन्छ। कुकर्म- भ्रष्टाचार, झूठ, हिंसा प्रतिहिंसालाई स्थापित गर्नु नै कलङ्क हो। राज धर्म स्थापित नगरी समाज सवल बन्न सक्दैन ।

सम्पूर्ण क्रान्तिको लागि राष्ट्रबासीलाई आह्वान-

१. सामाजिक क्रान्ति : सामाजिक, जातीय, लैङ्गिक, क्षत्रीय तथा वर्गीय भेदभावको भावनालाई समूल नष्ट गर्ने विशेष अभियान चलाउने प्रण गरौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. सांस्कृतिक क्रान्ति : सांस्कृतिक विभेद तथा रुढीवादी प्रथालाई हटाउन दृढसङ्कल्पका साथ अघि बढौं । रोग, भोक, शोकरहित समाज निर्माण गर्न उत्साहित भएर लागौं ।

३. राजनैतिक क्रान्ति : अखण्ड, अविभाज्य, सार्वभौम, सनातन प्रजातान्त्रिक राष्ट्र नेपालको रक्षाका लागि वैदिक समाजवादी व्यवस्थाको अभ्यास गरौं ।

४. शैक्षिक क्रान्ति : सदाचारयुक्त नैतिक, व्यावहारिक, वैज्ञानिक, प्राविधिक, सीपमूलक शिक्षा प्रदान गर्ने तथा शिक्षामा रहेका विकृतिलाई नष्ट गरी परिपूर्ण शिक्षापद्धति लागू गर्ने अभियानको अभियन्ता बनौं ।

५. आध्यात्मिक क्रान्ति : धार्मिक सहअस्तित्त्व तथा आध्यात्मिक पुनर्जागरणका निम्ति सद्भावमा आधारित भेदभावमुक्त सर्वधर्म समभावको विकास गर्न स्वयं साधनारत रहौं ।

६. आर्थिक क्रान्ति : राष्ट्रिय सम्पत्तिको वृद्धिका लागि स्थानीय स्रोतसाधनको सदुपयोग गरी स्वराज, स्वरोजगार, उद्योग सञ्चालनका लागि प्रत्येक नागरिकलाई आत्मनिर्भर बनाउने र आर्थिक समृद्धिका लागि क्रियाशील बनौं ।

७. कृषि (हरितक्रान्ति) क्रान्ति : राष्टको उन्नतिका लागि वृक्षरोपण, घरेलु उद्योग, स्थानीय स्रोतको परिचालन, वैज्ञानिक कृषि प्रणालीको विकास गर्दै राष्ट्रोन्नतिका लागि सहभागी बनौं ।

८. भौगोलिक क्रान्ति : नेपालको गौरवमय स्वाधीन, स्वाभिमानी वीरताको इतिहासको पृष्ठभूमिलाई आत्मसात गर्दै जनचेतना अभिवृद्धि हुने किसिमले आधुनिक नेपाल निर्माणमा अग्रसर बनौं ।

९. औद्योगिक क्रान्ति : नवसिर्जनामा आधारित कुटिर उद्योग प्रत्येक नागरिकलाई निःशुल्क विद्या, शिल्पविद्यामा आधारित स्वरोजगार, स्वदेशी भावनामा आधारित राष्ट्रसुहाउँदो स्वावलम्बी जीविकोपार्जन हुने अवस्था सिर्जना गर्न दृढसङ्कल्परत बनौं ।

सबैमा समान हकअधिकार र सुनिश्चितता प्रदान गर्न तथा समतामूलक समाज निर्माण गर्न वैदिक समाजवादीय व्यवस्थाबाट मात्र सम्भव छ । नागरिकद्वारा नागरिकका हक अधिकार सुनिश्चितताका लागि नागरिकबाट चुनिएको प्रतिनिधिले मात्र राष्ट्रिय महासभाको निर्माण गरौं । त्यस राष्ट्रिय महासभाले राष्ट्रबासीका सम्पूर्ण अधिकारलाई सुनिश्चितता प्रदान गर्न सक्रिय सहभागी बनौं ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली समाजमा संस्कृतको प्रभाव

यन्न संस्कृते, तन्न विश्वभूमण्डले अर्थात् जुन कुरा संस्कृतमा पाइँदैन, त्यो यो विश्वभूमण्डलमा छैन। यसलाई यसरी अर्थ्याऊँ– संस्कृतमा संसारका सबै विषय समाविष्ट छन्। संस्कृत यस्तो सम्पदा हो, जहाँ पृथ्वीका कुनै पनि विषय सजिलै भेट्न सकिन्छ। यसो किनभने संस्कृतले तन्त्र, मन्त्र, ज्ञान, विज्ञान, योग, ज्योतिष, खगोल, राजनीतिलाई मात्र समेट्दैन, यसले त कृषि, विज्ञान, संस्कार, संस्कृति र मानिसको सुस्वास्थ्य आदि विषयमा समेत विषद् ज्ञान प्रदान गर्न सक्छ।

हाम्रा मन्त्रद्रष्टा ऋषिमुनिहरूले प्राप्त गरेको अजस्र ज्ञानको स्रोत वेद हो। नेपाली समाज आदि अनादिकालदेखि वेदलाई आफ्नो मूल ग्रन्थ मान्दछ। त्यसैअनुसार यहाँका संस्कार संस्कृति, परम्परा, सामाजिक मूल्यमान्यता एवम् आदर्शहरू स्थापित छन्। नेपाली समाजमा मनाइने पर्वहरूको व्याख्या, पर्वको महत्त्व सांस्कृति, सामाजिक चाडपर्वहरूलाई प्रस्ट्याउने ग्रन्थ भनेका संस्कृतका नै हुन्। ज्योतिष शास्त्रका मूल ग्रन्थहरू संस्कृतमा छन्। वैशाखदेखि चैतसम्मका बाह्र महिनाभरिका चाडपर्वहरू पञ्चांगको आधार पनि संस्कृत वाङ्मय नै हो। सौरमास या चान्द्रमासबाट मनाइने पर्वहरूको विश्लेषण, व्याख्या सबै संस्कत वाङ्मयमा नै छन्। ऋषिमहर्षिहरूको अध्ययनअनुसन्धान हेर्दा लाग्छ, अहिलेको विकासको चरम चुलीमा पुगेका वैज्ञानिकहरू पनि त्यो अवस्थामा पुगेका थिएनन्। अर्थात् ज्ञानको त्यो उच्च तहमा पुगेका थिएनन्। किनभने एक्काइसौं शताब्दीसम्म आइपुग्दा वैज्ञानिकहरूले विज्ञानका अनेक चमत्कार देखाए, उड्नेदेखि गुड्नेसम्मका प्रविधिको विकास गरे, मानिस मात्र नभई यन्त्रका माध्यमबाट गर्न सकिने रोबोटको आविष्कारसमेत गरे।

यो विषय एकातिर छ, तर हामीले यस विषयलाई भुल्नुहुँदैन, जहाँ सत्ययुगमै 'पुष्पक विमान'मा चढेर देवीदेवताहरू आकाश, पाताल एवम् स्वर्ग र मर्त्यलोकको यात्रामा निस्किन्थे। त्यो यस्तो विमान थियो, जसले अगाडिको गति त लिन्थ्यो नै, उल्टोतिर पनि उड्न सक्थ्यो। त्यति मात्र होइन, आकाशमा उडिरहेको अवस्थामा जहाँको त्यहीँ बसिरहन पनि सक्ने, सीधै तल झर्न पनि सक्थ्यो र निमेषमै सीधै माथि पनि जान सक्ने अवस्थाको थियो, त्यो। मलाई लाग्छ, यस्तो किसिमको अत्याधुनिक विमान अहिलेका वैज्ञानिकहरू बनाउन प्रयासरत छन्।

यससँगै ज्योतिष विज्ञानको महत्त्व त अर्कोतिर उत्तिकै छ। हामीले एउटा सामान्य उदाहरण लिन सक्छौं, जस्तो कि ज्योतिर्विज्ञानले पुष्टि गरेका विषयलाई अहिलेको विज्ञानले पुष्टि पनि गरिसकेको छ। पूरापुर मानिसकेको छ। जस्तो कि, सूर्यग्रहण, चन्द्रग्रहण आदि संस्कृतको ज्योतिर्विद्याअन्तर्गत पर्ने विषय हुन्। तर त्यसले उठाएका विषयलाई अहिलेको अत्याधुनिक अवस्थामा पुगिसकेको भनिएको विज्ञानले पनि पुष्टि गरेको छ। यसबाट पनि बुझ्न सकिन्छ– संस्कृत ज्ञानअन्तर्गतका विषय सबै वैज्ञानिक छन्। तर यति भनिरहँदा तिनलाई पुष्टि गर्ने र समाजमा ल्याउन त्यसमा व्यापक अध्ययनअनुसन्धानको खाँचो देखिन्छ।

हामीलाई थाहा छ, नेपाल त्यस्तो भूमि हो, जसलाई पूर्वीय ऋषिमुनिहरूले तपस्थलीका रूपमा परिचित गराए। त्यति मात्र होइन, राजर्षि जनक जस्ता व्यक्तित्वका माध्यमबाट यो ज्ञानविज्ञानको भण्डार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो भनेर पनि चिनियो । महर्षि वाल्मीकिदेखि व्यास, वशिष्ठ आदि ऋषिहरूले समेत यो स्थानलाई विशेष महत्त्वका साथ हेरे र आफ्नो जीवन यही भूमिमा ज्ञानविज्ञानको अनुसन्धानमा समर्पित गरिदिए । त्यस्ता योगी एवम् ज्ञानी पुरुषहरूको पुण्यभूमिका रूपमा परिचित नेपालसँग संस्कृतको नाता अन्योन्याश्रित छ ।

यो लेख नेपाली समाजमा संस्कृत भाषाको महत्त्वका विषयमा बढी केन्द्रित छ । नेपाली समाज भर्खरै विकासको बाटोमा तातेताते गर्ने अवस्थामा छ । देशमा पनि भर्खरै विकासका लहरहरू छाउँदै छन् । यस्तो अवस्थामा नेपालमा कृषिक्षेत्रको विकास तीव्र गतिमा गर्नुपर्ने अवस्था छ । त्यसमा अत्याधुनिक प्रविधिको प्रयोग त एकातिर उपयोगी हुन्छ नै, त्यसमाथि पनि वैदिक पद्धितिअनुसारको कृषि व्यवस्था हुने हो भने त्यसले सुनमा सुगन्धको काम गरिदिन सक्छ ।

त्यति मात्र होइन, नेपाल जडिबुटीका लागि पनि उपयुक्त थलो हो । यहाँ उत्पादित जडिबुटीलाई व्यवस्थित रूपमा पहिचान एवम् उत्खनन गर्ने हो भने पनि त्यो विश्वबजारमा फैलिने अवस्था छ । तर जडिबुटी चिन्ने ज्ञान संस्कृतले दिन सक्छ । आयुर्वेदमा ती सबै जडिबुटी र औषधिहरूको विवेचना मात्र दिइएको छैन, तिनको उपयोगिता र प्रभावकारिताबारे पनि व्यापक विमर्श गरिएको छ । त्यसैले नेपालका गाउँगाउँमा संस्कृत शिक्षाको प्रचारप्रसार गर्नु अत्यावश्यक छ । जसले संस्कृत ज्ञानको प्रभावकारिता नेपाली समाजमा छँदै छ, अझ यसलाई जनजनमा पुऱ्याउन प्रयत्न गर्नैपर्ने हुन्छ । यसो गर्न सकियो भने पनि सभ्य एवम् समुन्नत समाज निर्माणमा यसले पक्कै पनि दरिलो प्रभाव जमाउनेमा दुईमत छैन ।

संस्कृत एउटा विशाल ज्ञान भण्डार हो, जहाँ तपाईं चाहे कृषिको कुरा गर्नुहोस्, अथवा गणितको नै किन नहोस्, सबै वैज्ञानिक तथ्यतथ्याङ्कहरू यहाँ भेट्न सकिन्छ । यसले राज्यसञ्चालनका सन्दर्भमा पनि समानुपातिक नियम एवम् प्रणाली स्थापित गर्न पनि सघाउँछ । वैदिक सूक्तहरूमा रहेका ज्ञानविज्ञानका सूक्तिहरू नेपाली समाजले लोकव्यवहारमा अभ्यास गरेको प्रस्ट देखिन्छ । कौटिल्य अर्थशास्त्रदेखि एक देशले अर्को देशसँग स्थापित गर्नुपर्ने कूटनीतिक सम्बन्धका विविध आयामसम्मको ज्ञान पनि यसले आफ्नै किसिमको प्रदान गरेको छ ।

पूर्वीय वैदिक शिक्षाले कृषिक्षेत्रका बारेमा मात्र ज्ञान प्रदान गरेको छैन, वैदिक समाजवाद, वैदिक राज्यव्यवस्था, वैदिक ज्योतिष, वैदिक विज्ञान आदिका विषयमा पनि वैज्ञानिक प्रमाण प्रस्तुत गरेको छ । राज्य सञ्चालनका सन्दर्भमा यसले सरकार प्रमुखका कर्तव्यदेखि कसरी जनताहरूको हित र सुरक्षा गर्ने भन्ने विषयमा पनि विभिन्न ग्रन्थहरूमा उदाहरणसहित प्रस्ट्याएको छ । नेपालको प्राचीन राज्यव्यवस्था लिच्छवीकालीन राज्यव्यवस्थालाई लिन सकिन्छ । जहिले राज्यको मूल भाषा संस्कृत थियो । कामकाजको भाषादेखि लिएर आम समाजको भाषा पनि संस्कृत नै थियो । त्यो स्वर्णिम काल नेपालको इतिहासमा पढ्न पाइन्छ । ऐतिहासिक दस्तावेजले पनि नेपाली समाजले संस्कृतको अभ्यासबाट देवनागरी लिपिको विकास भएको बुझ्न सकिन्छ । यो लिपिको प्रभाव संस्कृत, नेपाली, हिन्दी भाषामा प्रत्यक्ष परेको छ । तसर्थ सम्पूर्ण हिमवत्खण्ड, मानसखण्ड, केदारखण्डसहित भारतवर्षभरि यो लिपि प्रचलित छ । खस भाषाको उद्गमस्थलमा गरिने जति पनि धार्मिक कर्महरू छन्, सबै संस्कृत भाषाबाट खस भाषामा आएका हुन् । नेपाली भाषाको विकासको हजार वर्षभित्र धेरै शब्दहरू संस्कृतबाट नेपाली भाषामा सरे । मुखम्, मुख, हस्त, हात, ज्येष्ठ, जेठ, आषाढ, असार, श्रावण, साउन, भाद्र, भदौ, आश्विन, असोज आदि धेरै शब्दहरू प्रत्यक्ष रूपमा संस्कृतबाट नेपाली भाषामा आएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मल्लकालमा रचना भएका धेरै ग्रन्थहरू संस्कृतबाट अन्य भाषामा आएका छन् । नेपाली समाजको सांस्कृतिक, धार्मिक सबै गतिविधिहरूको स्रोत भंनेको संस्कृत वाङ्मय नै हो । यसको अनुसरणबाट नेपाली समाज हजारौं हजार वर्षदेखि गतिशील छ । नेपाली समाजकाट संस्कृत भाषालाई निकालिदिने हो भने नेपाली समाज एक पाइला अघि पनि बढ्न सक्दैन । यति भनिसकेपछि सम्बन्धको प्रगाढतालाई कति गहिराइले बुझ्न सकिन्छ ।

संस्कृत वाङ्मयमा रहेका वैदिक कृषिको अभ्यास नेपाली समाजले हजारौं हजार वर्षौंदेखि गरिरहेकै छ। संस्कृत एवम् वैदिक शिक्षामा कृषियोग्य भूमिका प्रकार एवम् अवस्था दर्साउँदै तिनलाई कसरी उपयोग गर्ने भन्ने विषयमा पनि व्यापक चर्चापरिचर्चा गरिएको छ ।

यहाँ प्रश्न उठ्न सक्छ, नेपाल एवम् यहाँको समाजमा किन संस्कृत शिक्षा आवश्यक छ । यहाँ त्यस्ता केही विषयमा चर्चा गरिएको छ, जसले नेपालमा संस्कृत शिक्षाको अपरिहार्यतालाई पुष्टि गर्छन् । उपशीर्षकमार्फत तिनका विषयमा प्रस्ट्याउने कोसिस गरिएको छ ।

स्वस्थ समाज निर्माणका लागि

अहिले मानिसको जीवनशैली एवम् आहारविहार त्यति स्वस्थकर देखिँदैन । यसले गर्दा मानिसमा अनेक किसिमका रोगबिमारीले प्रभुत्व जमाउने क्रम बढ्दै गएको छ । यस्तो अवस्थामा संस्कृत शिक्षाले जिउन सिकाउने जीवनशैली अपरिहार्य छ। त्यसका लागि संस्कृतको ज्ञान अत्यावश्यक हो। किनभने यही संस्कृत शिक्षाअन्तर्गत पर्छ, आयुर्वेद । यसले मानिसको आहार विज्ञानको विषयलाई मात्र समेट्दैन, स्वस्थकर जीवन कसरी अपनाउने भन्ने विषयमा समेत विशद ज्ञान प्रदान गर्दछ। त्यति मात्र नभई योग विज्ञानलाई पनि आयुर्वेदअन्तर्गत समेटिएको छ । मानिसलाई लाग्ने अधिकांश रोग आहारमा विचलन आउँदा हुने गरेका तथ्यतथ्याङ्कहरू हामीले समाचारमा पढिरहेका हुन्छौं । यस्तो अवस्थामा सबै रोगबाट मुक्त हुन वैदिक जीवनपद्धति अपनाउनु अपरिहार्य छ। अर्थात् सात्विक जीवन बिताउनु आवश्यक छ। यस्तो शिक्षा आखिर संस्कृतले त दिन्छ ।

हामीले भुल्नुहुँदैन, संस्कृत जीवनोपयोगी शिक्षा हो। किनभने यसले मानिसको जीवनलाई सुव्यवस्थित बनाउन मात्र सिकाउँदैन, लोकपरलोक सुधार्न एवम् मोक्षप्राप्तिका लागि पनि यसले मानिसलाई सघाउँछ। संस्कृत शिक्षाकै माध्यमबाट कतिले आफ्नो जीवन सुखी एवम् सम्पन्न बनाएका छन्, यकिन गर्ने हो भने त्यसको सङ्ख्या धेरै देखिन्छ नै । सँगै संस्कृत शिक्षा अध्ययन गरेर देश एवम् विदेशका चर्चित विश्वविद्यालयमा पनि विभिन्न तहमा संस्कृतज्ञ पुगेका उदाहरण हामीले देखेकै छौं । त्यसैलें आफ्नो संस्कारसंस्कृतिको रक्षा गर्दै जीवनलाई सहज बाटोमा अघि बढाउन पनि संस्कृत शिक्षाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ, जुन जगजाहेर छ ।

सहिष्णुताका विषयमा पनि संस्कृत शिक्षा उदार छ। यो यस्तो शिक्षा हो, जसले 'वसुधैव कुटुम्बकम्'को मूल मन्त्रलाई आत्मसात् गरेर 'सर्वे भवन्तु सुखिनः, सर्वे सन्तु निरामयाः, सर्वे भद्राणि पश्यन्तु मा कश्चित् दुःखभाग्भवेत्' जस्ता सार्वभौम सोचलाई जनसमक्ष प्रसारित गरिरहेको छ– सदियौंदेखि । यसले अन्य भाषाभाषी, धर्मसंस्कृति आदिमाथि पनि समानभाव दर्साउँछ । 'वयं सर्वे विश्वमानवा', वयं सर्वे जागृयाम जस्ता भाव बोकेका सूक्तिमय भावना पनि यही संस्कृत शिक्षामा पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्यसञ्चालमा पनि संस्कृत शिक्षाले सही मार्गनिर्देश गर्न सक्छ । किनभने यही संस्कृत भाषामा लेखिएका विभिन्न ग्रन्थहरू, राजनीतिक सूक्तहरूमा कसरी वैदिक राज्यव्यवस्था सञ्चालन गर्न सकिन्छ भन्ने विषयमा ठोस प्रमाणसहित सुझाव पेस गरिएका छन् । त्यति मात्र होइन, रामराज्यको व्यवस्था, तिनका नियम, पद्धति र राज्यलाई कसरी विकासको बाटोमा अघि बढाउन सकिन्छ भन्नेमा पनि विभिन्न वैदिक ग्रन्थहरूले उल्लेख गरेका छन् ।

अहिले संसार सूचनाप्रविधि एवम् विकासको उच्चतम बिन्दुमा पुग्ने अवस्थामा छ । यसले प्राप्त गरेका उपलब्धि अमूल्य छन् । त्यसमा दुईमत छैन । तर कतिपय विषय यस्ता छन्, जो परापूर्वकालमै पूर्वीय शिक्षा लिएका एवम् नेपाल एवम् भारतवर्षलाई तपोभूमि बनाएर अनुसन्धानमा जुटेका ऋषिमहर्षिहरूले पत्ता लगाइसकेका थिए । त्यसैले अहिले विश्व समुदाय विकासको उत्कर्षमा पुग्नुको एउटा कारण पनि संस्कृत शिक्षा अर्थात् पूर्वीय ज्ञानविज्ञान थियो भनेर हामी निश्चिन्त किसिमले भन्न सक्छौं । यस्ता विषयमा कतिपय आधुनिक खोजअनुसन्धानबाट पनि ती विषयमा पुष्टि भइसकेको छ ।

नेपाल मात्र होइन, समग्र विश्व नै भौतिक पूर्वाधार क्षेत्रको विकासमा अघि बढिरहेका छन् । नयाँनयाँ पूर्वाधार निर्माणदेखि विकासका कामले तीव्रता पाएका छन् । तर ती सबै संरचना वास्तुसम्मत हुन नसकेका कारण विभिन्न समस्या देखिने गरेका उदाहरण पनि हामी पाउँछौं । हाम्रा पुर्खाले संस्कृत वाङ्मयबाट नेपाली समाजमा उतारेका काष्ठकला, धातुकला, मूर्तिकला, लौहकला आदि सबै कलाको अभ्यासबाट नेपालको सांस्कृतिक, धार्मिक सम्पदाहरू निर्माण भएका थिए । ती सम्पदाको इतिहास हजारौं हजार वर्षको छ । सबै संस्कृतबाटै आएका सूत्रहरूबाट ती सम्पदा निर्माण गरिएको थियो । नेपाली समाजको दुर्भाग्य, आकस्मिक आएको २०७२ सालको भूकम्पकै सन्दर्भमा कुरा गर्ने हो भने पनि नेपालका सांस्कृतिक सम्पदाहरूमा केही क्षति भयो । तर कतिपय मठमन्दिरहरू चरक्क पनि चर्किएनन् । यी सबैको एउटै कारण हो, वास्तुसम्मत दृष्टिले संरचना निर्माण । यो सबै संस्कृत शिक्षाअन्तर्गत पर्ने एउटा विषय 'वास्तुशास्त्र'का कारण न सम्भव भएको हो । त्यसैले नेपालमा मात्र नभई अन्य मुलुकमा पनि भौतिक संरचना निर्माणमा वास्तुसम्मत विधि अपनाउन सकेको खण्डमा दैवी विपत्ति, भूकम्पीय प्रकोप आदि विपद्मा कम जोखिम वहन हुने कुरामा दुईमत छैन । यसतर्फ सरोकारवालाको ध्यान जानु आवश्यक छ ।

यीलगायत अन्य विषयवस्तुमा पनि संस्कृत शिक्षाले पर्याप्त दिशानिर्देश गरेको छ । उल्लिखित विषयमा सोचविचारी काम गर्न सकेको अवस्थामा नेपाली समाज समृद्ध मात्र बन्दैन, सभ्य एवम् सुसंस्कृत बन्नेमा पनि शङ्का छैन । सामाजिक, सांस्कृतिक, धार्मिक आदि सबै प्रकारका अप्ठ्याराहरूको समाधान संस्कृत शिक्षाभित्रै पाउँछौं । नेपाली समाजले अभ्यास गरेका सबै प्रकारका कार्यपद्धतिको स्रोत संस्कृत हो, संस्कारवान् समाजका लागि संस्कृतको आवश्यकता हिजो पनि थियो, आज पनि छ र भोलि पनि रहनेछ । नेपाली समाजबाट संस्कृतलाई निकाल्ने हो भने प्राणबिनाको मानवको जस्तो स्थिति बन्न पुग्छ ।

अस्तु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको सर्वाङ्गिण विकासका लागि सूत्रहरू

नेपालमा विभिन्न विधि व्यवस्थाहरूको अभ्यास भएतापनि राष्ट्रले कुनै गति लिन सकेन। हाम्रो आत्मसम्मान, स्वाभिमान, सामाजिक न्याय, विकास, सम्मृद्धि नेपाली समाजलाई मृगतृष्णा जस्तो बनेको छ । समाज निरन्तर नैतिकता सदाचारबाट विमुख हुँदै गएको छ । राष्ट्रको आत्मसम्मान स्वाभिमान वृद्धिका लागि महत्त्वपूर्ण सूत्रहरू प्रस्तुत गरिएको छ ।

१. नेपालको सम्पूर्ण भूमि (गुठी, देवालय, मठ, मन्दिरबाहेक) लाई राष्ट्रियकरण गर्ने ।

२. नेपालको चारैतर्फ सीमानाहरूमा पर्खाल लगाएर देशभित्र नै उत्पादन वृद्धिगरी आत्मनिर्भर हुने ।

३. जलको सम्पूर्ण सदुपयोग गर्दै विद्युत गृह निर्माण, विद्युतबाट भोजन पकाउने, सवारी साधन चलाउने कलकारखाना सञ्चालनमा प्रयोग गर्ने, प्रकाशको व्यवस्थापन गर्ने ।

४. खेतिका लागि सिन्चाइ, पिउनयोग्य पानीको व्यवस्थापन गर्ने ।

५. भूमि निःशुल्क – सेवा र उत्पादनमुखि उद्योग कलकारखाना (जुत्ता, कपडा, खाद्यान्न जडिबुटी, प्रविधिक सामानहरू) होटल, हस्पिटल, स्कुल, कलेज, विश्वविद्यालय सहित शैक्षिक केन्दलाई भूमि निःशुल्क उपलब्ध गराउने ।

६. सबैलाई निःशुल्क शिक्षा उपलब्ध गराउने – बालशिक्षा, गृहिणी शिक्षा, बाल, युवा, युवती संस्कार केन्द्र स्थापित गर्ने ।

७. वृद्ध चौतारी स्थापना गर्दै वृक्षरोपण, औषधी रोपणलाई राष्ट्रिय उत्सवको रूपमा अभियान चलाउने ।

८. गौपालन, अश्वपालन, हात्तिपालन सहित कृषि, यातायातमा प्रयोगहुने सबैप्रकारका जीवहरूको पालन र व्यवस्थापन गर्ने ।

९. राष्ट्रिय सुरक्षाका लागि नौ प्रकारका सुरक्षाका विभागहरू निर्माण गर्ने ।

१०. न्याय व्यवस्थालाई व्यवस्थित गर्न विकेन्द्रीकरणको सिद्धान्तानुसार स्थानीय तह नगर तह प्रदेश र राज्य, राष्ट्रिय अदालतहरू निर्माण गर्ने ।

११. राष्ट्रिय स्वरोजगार निर्माण गरी विश्वभरि रहेका विभिन्न विषयका प्राज्ञिक, श्रमिक, प्राविधिक नागरिकलाई स्वदेशमा नै आह्वान गरी योग्यतानुसारको भूमिका दिने ।

१२. सम्पूर्ण नागरिकलाई चार समूहमा विभाज़न गर्ने – बालकदेखि २५ वर्षसम्मका नागरिकलाई शिक्षार्थी, अभ्याशार्थीको रूपमा विकास गर्ने ।

१३. २५ वर्ष देखि ५० वर्षसम्म – पुरुषार्थी, धनार्थी, सेवार्थी सहित गृहस्थ परम्परामा दीक्षित गर्ने ।

१४. ५१वर्षदेखि ७५ वर्षसम्म– खोज अनुसन्धान, अध्यात्म चिन्तन, समाज राष्ट्र संस्कार संस्कृति ज्ञान विज्ञान आधुनिक अनुसन्धानको कार्यमा सहभागी गराउँदै सामाजिक उन्नतिका लागि निरन्तर क्रियाशील गराउने उमेर स्वास्थ्य र अनुभवका आधारमा कार्य विभाजन गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१५. उमेरको ७६ वर्षदेखि जीवित रहुन्जेसम्म जीवनका सम्पूर्ण अनुभवहरूलाई दस्तावेजीकरण गरेर राष्ट्रिय अभिलेखालयमा उहाँहरूका अनुभव जीवनका भोगाइ गरेका कार्यहरू राष्ट्रलाई दिएको सेवाकार्यहरूको अभिलेख राख्ने । त्यसभन्दा पहिले अरुले गरेका कार्यको समीक्षा गर्ने ।

१६. विभिन्न ठाउँमा रहेका विविध जातजाति समुदायका परम्परागत गीत नृत्यआदि संरक्षण सम्वर्द्धन गर्ने ।

१७. राष्ट्रिय आवश्यकताका सामग्रीहरू स्वदेशमै उत्पादन गर्ने । परम्परागत वस्त्र, काष्ठ, शीला, धातुआदि सामग्रीहरूको उत्पादन कार्यलाई प्राथमिकता दिँदै संरक्षण र सम्वर्द्धन गर्ने ।

१८. राष्ट्रिय अर्थतन्त्रलाई सम्बृद्ध बनाउन राष्ट्रिय पूजि निर्माण गर्ने, एकै प्रकारको मात्र कर लगाउने, नागरिकले एकपटक कर तिरेपछि वर्षभरिमा अरु कुनै कर तिर्नु नपर्ने । घर, बाटो, कृषि खेतिपाती उत्पादनमुखीकार्यमा करको व्यवस्थापन गर्ने ।

१९. देशका प्रत्येक युवालाई राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, न्याय सेवासुरक्षाको प्रशिक्षण दिने ।

२०. राष्ट्रिय एकता, भौगोलिक अखण्डता, स्वाधिनता, सार्वभौम सत्ताको रक्षाका लागि वैदिक कृषि, न्याय व्यवस्था, अर्थशास्त्र, राज्यव्यवस्थाका सबै विषयमा नागरिकलाई अवगत गराउने ।

२१. शासन व्यवस्थापनका सम्पूर्ण अवयव (अर्थ, सुरक्षा, परराष्ट्र, सिमाना, न्याय, मित्रराष्ट्र) विषयमा वर्षमा खुल्ला अन्तरक्रिया गर्ने ।

२२. समाजलाई व्यवस्थित, सुरक्षित, शैक्षिक, आध्यात्मिक, नैतिक, न्यायिक, सामाजिक बलले शक्तिशाली बनाउने ।

२३. देशमा रहेका धार्मिक सांस्कृतिक केन्द्रहरूको प्रवर्धन विकासका लागि निर्माण कार्यलाई व्यवस्थित गर्ने ।

२४. पर्यटन – धार्मिक, सांस्कृतिक, यात्रिक, शैक्षिक, प्राकृतिक स्वास्थ्यसेवाका पर्यटनलाई प्रवर्द्धन गर्ने ।

२५. प्राकृतिक स्रोत साधन – जल, जङ्गल जडिबुटी, भौगर्भिक खानी र प्राकृतिक खानीको खोजअनुसन्धान गरी उपयोगमा ल्याउने ।

२६. देशभरि निःशुल्क प्राकृतिक परम्परागत स्वास्थ्य केन्द्रहरू स्थापना गर्ने ।

२७. वैदिक व्यवस्था अन्तर्गत राष्ट्र निर्माणका नीति निर्माताहरूको चयन वरण गर्दे राष्ट्रहित र सम्वृद्धिका लागि तर्जुमा गरिएका विषयहरूको कार्यन्वयनका लागि २७ सूत्रीय विधि व्यवस्थालाई प्रभावकारी कार्यन्वयन गर्ने ।

ॐ शान्ति, शान्ति, शान्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नक्षात्र अनुसार वृक्षारोपण
पञ्चामृत वृक्ष

आँप, चाँप, वर, पीपल र समी

१. आँप

पित्तानिलकरं बालं पित्तलं बद्धकेशरम् । हृद्यं वर्णकरं रुच्यं रक्तमांसबल प्रदम् । कषायानुरसं स्वादु वातघ्नं वृंहणं गुरु । पित्ताविरोधि सम्पक्वं आम्र फलं शुक्र विवर्द्धनम् । वृंहणं मधुरं बल्यं गुरु विष्टभ्य जीर्यति । इति सुश्रुतः ।

कफपित्त विनाशक । बल बुद्धि प्रदायक । सुस्वादु । हृदय, मासु, वीर्य धातु वर्धक । काँचोमा अमिलो र पाकेपछि गुलियो रस युक्त । आँप पवित्र फल, फूल, दाउरा, बोक्रा, जरा र पात सबै यज्ञका लागि उपयोग हुने यज्ञ वृक्ष हो । आँपको महत्त्व चरक, सुश्रुतसहित वैदिक र पौराणिक वाङमयमा बहुउपयोगी वनस्पतिको रूपमा र यज्ञमा प्रयोग गर्दा सुख शान्ति समृद्धि र सुस्वास्थ हुने वर्णन पाइएको छ ।

२. चाँप

अवयवे च प्राण्यौषधि वृक्षेभ्यः । आयुवर्द्धक दत्तिउनका लागि उपयोगी । यज्ञमा प्रयोग हुन दण्ड । यज्ञ पात्र निर्माणको लागि काठको प्रयोग । लक्ष्मी पुष्प प्रीय । सुगन्ध युक्त । ओखल ढिकी बनाउन उपयोगी ।

चाँप अत्यन्त सुन्दर पातले युक्त, वसन्त ऋतुमा फूल फूल्ने वनस्पति हो । यस वनस्पतिको फल, फूल, दाउरा, बोक्रा, जरा र पात सबै यज्ञका लागि उपयोग हुने यज्ञ वृक्ष हो । चाँपको महत्त्व चरक, सुश्रुतसहित वैदिक र पौराणिक वाङमयमा बहुउपयोगी वनस्पतिको रूपमा र यज्ञमा प्रयोग गर्दा सुख शान्ति समृद्धि र सुस्वास्थ हुने वर्णन पाइएको छ ।

३. वर

वरं क्लीवं भाव्यं न च परकलत्राभि गमनं वरं भिक्षाशित्वं न च परधनानां हि हरण् । इति वामनपुराणे ॥ भव्य, सुन्दर फलले युक्त । अत्यन्त शोभनीय वृक्ष (भीक्षा पात्र निर्माण, काष्ठ प्रयोग, यज्ञ वृक्ष, प्राणदायिनी ऊर्जा प्रदायक)

वर पवित्र फल, फूल, दाउरा, बोक्रा, जरा र पात सबै यज्ञका लागि उपयोग हुने यज्ञ वृक्ष हो । वरको महत्त्व चरक, सुश्रुतसहित वैदिक र पौराणिक वाङमयमा बहुउपयोगी वनस्पतिको रूपमा र यज्ञमा प्रयोग गर्दा सुख शान्ति समृद्धि र सुस्वास्थ हुने वर्णन पाइएको छ ।

४. पीपल

अश्वत्थवृक्षः वनराजीस्तु पश्येमाः पिप्पलानां मनोरमाः । लोध्राणाञ्च शुभाः पार्थ । गौतमौकः समीपजाः । इति मेदिनीकोष ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पीपल पवित्र फल, फूल, दाउरा, बोक्रा, जरा र पात सबै यज्ञका लागि उपयोग हुने यज्ञ वृक्ष हो। पीपलको महत्त्व चरक, सुश्रुतसहित वैदिक र पौराणिक वाङमयमा बहुउपयोगी वनस्पतिको रूपमा र यज्ञमा प्रयोग गर्दा सुख शान्ति समृद्धि र सुस्वास्थ हुने वर्णन पाइएको छ।

५. समी

समयति सर्वान्रोगान् ......

समी नेपालको सबै ठाउँमा पाइने वहुमुल्य यज्ञ वनस्पति हो। सबै प्रकारका रोगकष्टलाई जस्ले समन गर्छ त्यही समी हो। फल्ने फूल्ने सबै ऋतुमा हरियाली भइरहने यज्ञवृक्ष समी हो।

समी पवित्र फल, फूल, दाउरा, बोक्रा, जरा र पात सबै यज्ञका लागि उपयोग हुने यज्ञ वृक्ष हो। समीको महत्त्व चरक, सुश्रुतसहित वैदिक र पौराणिक वाङमयमा बहुउपयोगी वनस्पतिको रूपमा र यज्ञमा प्रयोग गर्दा सुख शान्ति समृद्धि र सुस्वास्थ हुने वर्णन पाइएको छ।

मानिस स्वास्थका लागि सचेत रहने गर्दछ। स्वास्थ्य रहने सूत्रहरू भनेका जीवनलाई खानपिन रहनसहन विचार चिन्तन समाजिक परिवेश आदिले प्रभाव पार्दछ। वृक्ष आयुर्वेदमा स्वास्थ्य रहनका लागि वृक्षरोपण महत्त्वपूर्ण मानिएको छ। तदनुसार यहाँ वृक्षरोपणको चर्चा गरिएको छ।

क्र.	नक्षत्र	नक्षत्रका चरण	राशि	स्वामी
१	**अश्विनी** केरा, खन्यूँ,- आँक, धतुरो, अगस्त्य, अशोक, चाणक्यमुल, चिरबिट, कचरिया, चिल्ली, चिचिण्डो, लताकस्तुरी, चुलेत्रो, चंसुर, चिरभिट (कचरिया) लालिगुराँस, चाङ्गेरी,चुल्ठीअमिलो, चुल्ठी चुरुक्पा, चुत्रो, दारुहरिद्र, चुलेत्रो चुतिलहरा, (लहरेआँप, मशुल भनिन्छ)चुहा, चुम्लानी, चुँइयातरुल, चेतसा, चेप्टेसिउँडी, (त्रिकन्टक, सेहुँड) चेप्टेपाङ्ग्रो, चैतेलहरो, चोबोमसिनु चौलानेझार आदि।	चु चे चो ला	मेष	मङ्गल
२	**भरणी** लिगादुर (अम्ची), लिगादुर तितो (अम्ची), लिङ्गबुटी, लिपे, लिसो, लुगरुमुगपो, लुगुसर्पो, लुत्तेसरो, लुत्तोपुत्तो, लेउ माछागन्धे, लेउ हरित पानी, लेकाली भुइँकाफल थोप्ले, लेकपाङ्ग्रो, लेकको पाठेटिमुर, लेकको सल्टिमुर, लेकाली भैंसीटिमुर, लेकाली लज्जावन्तिघाँस, लज्जावन्ति, लुँडे पहाडी ठूलो, लेकभोगटे, लौका, लोहवान,अमला, रक्तचन्दन, खयर, लेखनीय, लुताविष, लिङ्गनाश, वकुल, रुद्राक्ष, तालुपाते, जामुनो, रक्तपुनर्नवा, पापणवेद, पटपत्री, मझिठो, आदि।	लि लु ले लो	मेष	मङ्गल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३	**कृत्तिका** अर्कपुष्पी, अजम्बरी, अमारो, इक्क्षु, अजमोदा, अश्वगन्धा, अमलतास, अपमार्ग, अग्नीमन्था (ठूलो गिनेरी) अतिबला, अत्यम्लपर्णी, आखुपर्णी, अमृतकरणी, इन्द्रेणी, ईन्द्रजौ, एनास अपमार्ग अर्जक, तुलसी, इन्द्रवारुणी, उदुम्बर (डुम्री) एकवीर, इङ्गुदी (च्यूरी),अल्लो, अर्फुकाँडो, अरी,अर्फु पहेँलो फुल्ने, अँगेरी अमृसो सेतो, अगर, अमलतास अजक, गोन (अम्ची), इलाइची, इन्द्रेणी, इन्द्रेणी साना, उत्तिस, उडुसमारा, उन्यू, उन्यू हाडे, उरेली फूल, एरका,अडिर, एकखुट्टे साग, एकपाते एक्लेझार, इन्दिबरा, पाखरी, आदि ।	अ इ उ ए	मेष वृष	मङ्गल शुक्र
४	**रोहिणी** असुरो, ओल रातो, ओड्गा,ओदाल, ओदाने, ओल मिठो जिमिकन्द, वननालु, कुत्रुम, वनमुँगी, वनेलु तोरी, वनतु, वनतुवरी, विनापाते रुख, विकम, विषफायर, विषफेज, विष रातो गाना, विष सेतो सानो, विषमारी, वृद्धि, वृहददन्ती, विषभद्रा, जामुनो, वार्षिकी (बेला) वासक (असुरो) वास्तुक (बेथे) विष्णुकान्ता (अराजिता), आदि ।	ओ वा वि वु	वृष	शुक्र
५	**मृगशिरा** वेदाङ्गो, कालो पुनर्नवा, काउलो, काँगियो फूल, काकरसी पोथी, कर्कटी, कागफूली, कागफुलाइ, काइँचे, कानुम्पा, काँटा आलु, काउनु, सुठानी, कागजजाली आलु, कागजाली, कन्दमूल, कारी, कारु, कापु, किम्बु, क्युकाफल, किमासुर, किँकर, किंकिरात, किम्बु, चाँप, खयर, कृष्णार्जक (बाबरी) केतकी (केतुके) कोविदार (कोइरालो), आदि ।	वे वो का की	वृष मिथुन	शुक्र बुध
६	**आर्द्रा** कुष्माण्ड, कत्तृर्ण, कुलञ्जन, कुसुम्भ, कुरिलो, कुरिलोकालो, कुकुरदाइनो , कुक्चे, इयाची (मुस्ताडी), कुम्भी, घामफूले, घुँडेझार, छारे बाँको, छालाबचाउ जडी-अड्क कलाली, छायाँतरु, छाता केतुकी, छेपारे उन्यू, छोटाङ्ग, घ्यू केरा ,आँप, बेल, कुटज (कुरो), कपीकच्छु (काउछो) कपीपल्ल (सिन्दुरे) घोण्टा (हाडेबयर) छत्तिउन, शैवाल, हरितकी (हर्रो), आदि ।	कु घ ङ छ	मिथुन	बुध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७	**पुनर्वसु** कोकीलाक्ष, बाँस, निगालोबाँस, कारबेल्ल (करेलो), कर्कटी (काँक्रो) कृष्णसर्षप (सर्स्यू) करवीर, काकमाची (कालीगेडी), कारबेल करेला, कुन्दपुष्प, कुब्जक, एकवीर, ब्राम्ही, केशर, केरापाते फूल, केशकुमारी, कोबरा रुख, कीराखाने रुख, कोदे बन्सो, कोदेमान्द्रो, कोदो, कोद्रव, कोबिदार, कोकिन सानो, कोकम, कोकिन, हर्रो, हलेदो, हरिताल, हात्तीहाडे, हीरा, बज्रदन्ती, हिंगबृक्ष, हिमखार, हीरक केही पहँलो आदि ।	के को हा ही	मिथुन कर्कट	बुध चन्द्रमा
८	**पुस्य** हुरा/सुरिन्दा/गेवा, हुम्मासिन/पुङ्गमथेङ्ग, हुलहुल/हुरहुरे ठूलो, हेमसागर, हेमन्तफर, हेतरमूल/पोश्कर, होलोङ्ग, डल्लो कुरो, बला, झिनीझिटिका, डलिङ फूल, डम्मरेकाँडा, डम्फर, डँठे, डण्ठे निउरो, डाँठे खरी घाँस, उज्ज्वल डाँखले,डालेचुक, ताराचुक, काराचुक, डालिङ्गो घाँस, डालीगाभो, तने हड्चुर, डालुको, डाँडापाटे, डामडुमे,पीपल, पुनर्नवा, ध्यूकुमारी, पाटला, पलाँस, वनपलाण्डु, पिण्डमुलक आदि ।	हु हे हो डा	कर्कट	चन्द्रमा
९	**अश्लेषा** डिकामाली, डिकामारी, डिथा सजिन, डुम्री, डुंम्रे बाह्रमासे, डुम्रे, डुण्डु, डोडीसाग, डाँडीलसुनेसाग, डोइलो फूल, डोलीफूल, डोलुफूल, डोबारी, डोम, नागकेशर, चन्दन, घृतकुमारी, गोरक्षपुञ्व, द्रोणपुष्पी, भृङ्गराज, मण्डुकब्राह्मी पाटेसिउडी, धत्तुरो, बेल आदि ।	डि डु डे डो	कर्कट	चन्द्रमा
१०	**मघा** मासलहरी पहँलो, माषपर्णी, मिर्केलहरो, मिरै सेतो, मिर्ती, मिराती, मिरमिरे, मिन्दुला घाँस, मिश्रीघाँस, बाँझ, मिश्रीकन्द, केशोर, मिश्री आँप, मूलफूल, मुसली रातो, मुसली निलो, मुसली स्याल, मुसली, मुर्सलिँडी, मुसली असल, मुसीकन्द, मेन्दी, मेदिनी, मेहदी, मेतोक, मेतोक लुङ मिङ (अम्जी), मेखेफूल, मेवाफूल, मेथीभार, मेथीघाँस, मेथिका, वर, वारुणी, महाशण पुष्पीका, महाशतावरी, मुञ्ज (मुझ) रक्त पुनर्नवा, त्रिशन्धि, आँप, पीपल, राजवृक्ष, चन्द्रसुर बकुल्लो, वनचम्पक, वासक (असुरो) रक्तएरण्ड, मेघमाला आदि ।	मा मी मु मे	सिंह	सूर्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

११	**पूर्वाफाल्गुनी** मोथे, मोरिङ्गी, टिगण, मोहीलहरो, मोखीघाँस, मोलासेस, मौलसिरी, मौरो, मौरीसुनगाभा, टाउसे, टामिग, टाटरी, टाटेशिरीष, टाँकी, टाँकी पहेँलो, टाटेसिमी, टिकटिके ब्राह्मी मसिनो, टिकुली, टियाङ्कु, टियानकु, टिमुर-परपरे, टिमुर बोके, महाटिम्बुर, टिउकी लहरा, टुनीवृक्ष, टुकीफूल ठूलो, टुकीफूल, टुनी सेतो, टुनी पहेँलो,ढाँक, महामुण्डी, माधवी, मिष्ट निम्बू, मुचुकुन्द, मृगाक्षी, मेथीका, मधुवीजपुर, मेथीका, तगर, घृतकुमारी, बृही, जाती, चम्पक, रक्तचन्दन, करवीर, केतकी आदि ।	मो टा टि टु	सिंह	सूर्य
१२	**उत्तराफाल्गुनी** टोङजील, टोटेरुख, ट्याङपत्रे, ट्वाकेफूल, पङ्खराज, पानी मोथे, पारीशपिपल, पान, पाँचऔंले, पाँचपाते कालो, पानीसरो सानो, पानीमरुवा, पानीनिउरो, पिर्रे रातो, रक्तमञ्जरी, पिरेउन्यू, पिर्रेघाँस पिर्रेघाँस, पिप्ली लिंडि, चावो, पिपला ठूलो, पिपला सानो मगधि, पिपलपाते पहरेझार, हृदयपत्ता, मुटुपात, पिस्ता, पिपी, पिपरी पिर्रे, पीपल पाती, प्रिया रातो झार, पिपल, पिपलखेतीको गाँठे सानो, पिँडालु कालो, कर्कलो कालो, पिँडाले तरुल,वर, पाकड, पाटला, देवद्रोणी, द्रोणपुष्पी, धान्यक, निम्बु, पलाँस, पलाङ्या, पिण्डमुलक, पीतकङ्गु, आदि ।	टे टो पा पी	सिंह कन्या	सूर्य
१३	**हस्ता** पुन्नरी, पुनर्नवा, विषखपरा, पुनर्नवा सानो, चिन्तिका, पुरेनीलहरा, पूर्णमासी पुदिना, पुदिना पहेंलो, पुदिना केही सेतो, पुवाँले, प्वाँले, पाणिनी बृक्ष, ठूलो गोलगेडा पाटेअमला, ठूलो अमला पाटे, ठूलो मिठो करेलो, ठूलोओखती कालो डाँठ, ठूलो पाते तिक्तो, डाँठ, ठुन्केझार, ठूलो कागुनो, मालकागुनो, ठोट्ने सानो, ठोट्ने, ठोस्ने, आमलकी, तगर, बकुलपुष्प, ब्राम्ही, बोतुम्बी, भृङ्गराज, मण्डुकब्राम्ही, मधुबीज, श्वेतचिल्ली, श्वेतार्क, इन्द्रकमल, अमला, हर्रो, बर्रो, आदि ।	पु ष ण ठ	कन्या	बुध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१४	**चित्रा** पेटारे, पेन्जीफूल, पैंलेटी, पैयुँ, पद्याक, पैतो, पोई वनेलु, पोखरा कालो, पोखरा रातो, पोई सेतो, पोदकी, पोखरा सेतो, पवै, पोइसाग रातो, पवै, पैरेटी, रातो लहरे ऐसेलु, रायोपाते, रातो फुल्ने मरहठी, रातो फुल्ने कण्टकारी, रामेश्वर, रातोओंखती, रातो सानो नुनढीकि, रातो चन्दन, रक्तचन्दन च्याप्टोपाते, रातोकाठ, कुकनदाना, राजवृक्ष रातो, रक्तअमलताश, रिठ्ठा ठूलो, रिकेजीरा सर्पो, रिठ्ठो, अरीठा, रिनिया,बेल, रक्तकरवी, बासन्ती, जुही, निम्बुक, छिक्किका, अमिलो, पलाँस, बालुक, बिँही, ब्राम्ही, भृङ्गराज, रक्तचन्दन, पीप्ला, बबुल, जटामासी, अश्वगन्धा, नागकेशर आदि ।	पे पो रा री	कन्या तुला	बुध शुक्र
१५	**स्वाती** रुघाघाँस, रुगासाग, रुदिलो सानो, विदिलो, रुदिलो, रुदुवा धान, रेननक्लस फूल, रोहितक, रोहेडा,रोजमेरी निलो, रोहिष घाँस, तङ्गराज, तगरू अगरू, तमालो, तनेटा धुपी, तारु बाँस, तारेभ्फार तितो, तालिशपत्री, पनेरु, ताप्रे, तापाग, तारो लहरो, ताराफूल, तारामसला, तालखुकुरी, टिमुर, ताकमारे धान, अर्जुन, साज, रक्तचन्दन, राजपलाण्डु, राजिका, घृतकुमारी, रिठ्ठो, हर्रो, बर्रो, सल्लो, बयर, आँप, केतकी, चक्रमर्द, त्रिसन्धी, पुनर्नवा आदि ।	रु रे रो ता	तुला	शुक्र
१६	**विशाखा** तियाङ्कु, तिलकञ्चन धान, तिन्दु कालो, तिन्दुक, तिँदु ठूलो सेतो, तिन्दुक, तिँदु सानो, तेंदु, तिन्दुकी, तीनपाते लहरा, तिउरीभ्फार, तुइली, तुम्बा तितो, तीतोलौकी, तुतकर, तुषारे ठूलो, तुषारे सानो, तेजपात, तेजबल, तेजोबती, तेलकन्द, तेलीयकन्द, तोरीघाँस, तिलेतोरी, तोरी, तुवरी, तोरी सेतो, तोरी पहेंलो गेडा ठूलो,नीम विकङ्क, त्रिधार (तीनपाटे सिउँडी) तुलसी, तुम्वुर (टिम्मुर), तिलक (च्वाँ), वृही, तुम्वुरी, टिम्बुर, तुलसी, निलपुनर्नवा, त्वक् (दालचिनी) कटहर, पीप्पली (पिप्ला) आदि ।	ती तु ते तो	तुला वृश्चिक	शुक्र मङ्गल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१७	**अनुराधा** नागकेशर, मौलश्री, नागचम्पा, निर्वाणवृक्ष, नीलपुनर्नवा, निम, निर्गुण्डी, दाडिम, बेल, अमला, देवदारु, भालेकाफल, नङ्तीधुप, नरसल सानो, निलो फुल्ने हिमाली लसुन, निमाजर्मा ठूलो, नियस्बो, निमी लहरा, निरु, नीलोत्पल, निगालेसाग ठूलो, निशोथ, त्रिवृत, निलो हलेदो, निरकचुर, निलो सूर्यमुखी, निहुरो सेतो, नेपिएर घाँस, नेजा, नेभरी, नेपाली सौंफ, आदि ।	ना नी नु ने	वृश्चिक	मङ्गल
१८	**ज्येष्ठा** नेति अत्तर, नुनढिकी साग ठूलो, लोणी नुनियाँ, लोणी, नुनियाधानकालो, न्यालो, न्याकुरी, न्युरो फूल, रिठ्ठो, नागकेशर, नागचम्पा, कोविदार, नारङ्गी, देवदारु, रक्तचन्दन, योगराज गुगुल, घृतकुमारी, नारङ्गी, चाँप, लालिगुराँस, भलायो, करवीर, ब्राह्मी, नैती धुप आदि ।	नो या यि यु	वृश्चिक	मङ्गल
१९	**मूल** योनीलता सरस्वतीबीऊ, ब्रह्मलता, ब्रह्मी, अजम्बरी भक्याम्लो, भलायो, भिक्सभार, भिमपाती, भिरकौंले, कपूर, भीमसेनपाती, फाल्सा, भिण्डी रातो मिठो, भृङ्गराज पहेंलो, भृङ्गराज, भूमिराज, भृङ्गभार, भाङ्रा, भृंगभार निलो-हरियो, राल, नेपालनिम्ब (चिरइतो) बकुल, अगस्ती, भाङ्, युथिका (जुही), भुतुम्बी भुई अमला, तुम्वा, युग्मफला युथिकापर्णी/पालक जुही, युकापर्ण युग्मफला/उतरण, यकिमा, युका, युरोपियन राम्बा, योर, योनि बीज आदि ।	ये यो भा भी	धनु	वृहस्पति
२०	**पूर्वाषाढा** भूधात्री, कोविदार, धँगेरो, नुनढिकी, त्रिसन्धी, देवदारु, पुनर्नवा, मझिठो, सुवर्णकदली, गिरिकर्णिका, करवीर, अशोक, भुजिया, भुइँकटहर, भुइँखाखसा, भुइँचरी, भुइँगली, धतुरो सेतो, श्वेतधतुरा, धमन, धनुवृक्ष, धमनी, धनियापाते काँडो, पातेधनियाँ गोर्खाली, धनियाँ, धाप्ले घाँस, धाङगर, फलेतो, फलाँट, फलामपाते, फलेदो, फच्याङ, फर्सी, पीतफला, फट्केचाल्नु, फल्दु, फाङमा कार्पो, फापर, ढैंचा काँणे, ढैंचा गिर्खे, ढैंचा रातो, ढेणमकै, कालो मकै आदि ।	भू ध फा ढा	धनु	वृहस्पति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२१ ·	**उत्तराषाढा** भेच, भेरी, भेडीकुरो, भेडी कुरो कनिके निलो हिमाली, भेडाकाने, मेषकर्णी, भेडे खुर्सानी, पिरो नहुने भेडाकाँडे ठूलो फूल, भेडाकाँडे सानो, भेडे-बाघमुखे लहरो, जलपीपल, जङ्गलीज्वानो सानो, जल धनियाँ, जलबिरे, जलबीर, जफ्त, जफ्तर, जलपिप्पली, जङ्गली प्याज, जङ्गली लुँडे, जङ्गली कालोहलेदो, जङ्गली अदुवा, जइता, जङ्गली गोलभैँडा, जटामसी, जिरेन्युरो, जिरक निहुरो, जिम्बु, जिरानियम, जीवकार, जीबक, जीवक, कटहर, जटामसी, जामुनो, जाइफल, गृकर्णिका, अपराजिता, गोरक्षतुम्बी, चम्पक, नीम, द्रोणपुष्पी, चम्पक, कारबेल, कुन्दपुष्प, कृष्णसरसिउँ, धान्यक आदि ।	भे भो जा जी	धनु मकर	वृहस्पति शनि
२२	**अभिजित** जुनेलो, कोइरालो (कचनार), जटामसी, चिराइतो, पीपल, चाँप, वर, समी, तगर, जम्वीर (ज्यामीर) जातिपुष्प, अपमार्ग, सैवाल, गुडुची घोडताप्रे, जटामासी सानो पात चुच्चे, शिवजटा, जङ्गली सरस्युँ, जरिङ्गो कालो, जयन्ती, जया, जलपिप्पली, अग्निज्वाला, जमानीमान्द्रो, जगर, भार, जङ्गली, जिम्वु, जीवजीव, रातेश्वरफूल, जिरीसाग, जिल्लेठी आदि ।	जु जे जो ख	मकर	शनि
२३	**श्रवण** खिर्रो, खिरा (काँक्रो), सिमाली, खयर, सातला (सज्जीवन) भूधात्री, खसखस, शैलेय (कुमकुम), गुर्जो, अमलतास, खड्गशिम्वी, राजवृक्ष, गुडुची, अश्वगन्ध, खरी सानो, खस सानो उसिरो, दादहरण, खप्टेसुपारी, आधासुपारी, खयर सेतो, श्वेत खदिर, खस्रु, खयर, खदिर, खरेटी-खस्रेटो, खमारी, खर सेतो, खिरलिङ्ग रातो, खिरौंलो, महामेदा, खिरौंला कालीडाँठ, मेदा, खीर (क्षीरिका), खिचडी, कृशरा खुर्सानेफूल, ढिँणी फूल, खुर्सानीज्वानो, खुरसानीअजवायन, खुजुकपा, खुर्साने भार पिर्रे सेतो, ब्रह्मऋचा, खोल्मे, खोलेहडचुर, पाताली भार, खोलुवा, खोँचे, सेकुटा, खैरो वनमेथी, आँक, आदि ।	खि खु खे खो	मकर	शनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२४	**धनिष्ठा** गन्धशाली, गोस्तनीदाक्षा, गेराई, गेफेउन्यू, गजपीपल, गणेशसुपारी, बनसुपारी, गन्धप्रसारिणी, गनमने, गनाउनेझार, गन्धे, गन्धफला, गधाकाँडो, गौखुर काँणो, गजहलेदो, गजानिया फूल, गजपुटी तेल, गुजुम्मरी, गुयँलो रुख, गुलावी गुराँस, गुनकेशरी, गन्धवली, गुडमार, मधुनाशिनी, गुमपाती, गुमा, द्रोणपुष्पी, गुन्सी, गुलमोर, गुरुबुटी, गुर्वो गुलाब, गुज्जरगाना पहेँलो, पीतगुद्धर, गुणकन्द, गुच्चीझार, गुह्यझार, गुराँसदाल, रातो मस्याङ, गेरुरङको निहुरो:गेंदा, गेमरा, ग्यामरा उखु, समी, संवर्त्तिका, पद्मकेशर, गोरक्षतुम्बी, गुञ्जन, सिमाली, पैयूँ, धुपी, बनसिमल आदि ।	गा गी गु गे	मकर कुम्भ	शनि शनि
२५	**शतभिषा** गोरक्षतुम्बी, कदम, शतपत्री, श्वेतमदार, सिद्धार्थ (सेतो सरसिउ), विष्णुक्रान्ता, सिरिस, लताकस्तुरी, रक्तकरवीर, ब्रह्मकमल, नीलकमल, अलैची, अरिण, खसखस, साल्मली, शङखपुष्पी, गोदाबरी फूल, गोरुतिहारे, गोबरचम्पा, खेरचम्पण, गोरखतुम्बा, गोरक्ष तुम्बी, गोपाली, गोलभँडेझार, गोब्री, गोबुर, गोलकाँक्री, गोगन, गोबिया, सिसौ पहाडी, सिसौ सेतो, सिलामे झार, सिमलतरुलकन्द, सिमलकन्द, सिमी, शिम्बी, सीताको सिन्दुरफूल, सीताफल, सिलिङ्गे, सिउँडीलहरो, सिद्धरला, सुगन्धराज फूल, सुनबुकी झार, सुदर्शन, सुपारे बिरुवा, सुगन्धपाती, सुपारीझार, आदि ।	गो सा सी सु	कुम्भ	शनि
२६	**पूर्वाभाद्रपदा** सेतो सिसौ, श्रृङ्गाटन (सिङ्गडा) सेतो पलाँस, से (मुस्ताङ), पुदिना, श्वेत पुदिना छोटी, सेतोभट्टे, श्वेतपृश्नीपर्णी, पिठवन, सेतोपाते लहरे पदमचारिणी, स्थलकमल रातो, रक्तस्थलकमल, स्यालफुस्रे, स्यालफुसे लाम्चो पाते, स्यालधोती, सौर, दमाहा फल, दहीकाम्ले, प्रियङ्गु, दङ्गेउलो, दाम्पाते, सुनकेसरी, दाम्पातेसानो, दादमर्दन, दद्रुघ्न, दादमारी, दार सानो, दाह्रेउन्यू, दिमोक, दीपक वेल, दिनमा वास्नादिने चमेली, आँप, श्वेत कण्टकारी, श्वेत वृहती (बिँही), श्वेतशिंसपा आदि ।	से सो दा दी	कुम्भ मीन	शनि वृहस्पति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२७	**उत्तराभाद्रपदा** दुग्धफेनी, दुधिलो, दूधे भलायो, दूधेमारु, दुइपाते हड्चुर, काठेलहरो, दुर्वाकाली, दुधियाबत्सनाभ, दूधेथाकल थाकखर, दुरालम्ब, अम्लीझार, बृंहि दूर्बा, दूधेकाँश, दुग्धकाँशबुटी, दूधेझार ढुङ्गे, चट्टानी ढुग्धी, थकाइलो, गैंडाकाँडे, खेततिरको सानो थाकल, थकाइलो प्याजी रातो, पिचल, झ्याउ गिरिपुष्पक, सुगन्धित छरिला, झ्याउ, सेतो, झ्याउली, झिँगानी, झिगाने, झिरेलहरो, विषणिकाः झुसेतील, झुलापाते, झुसेसुनपाती, झुलेसल्लो, झोमोसिङ, झौवा, झ्याउ-चम्किलोहरियो, पीपल, गुञ्जा, दूधिलो, रक्तचन्दन, राजवृक्ष, पँहेलोगुराँस, रातो अपमार्ग, राजगिरी, आँक, कण्टकारी, ब्राम्ही, कृष्णतुलसी, देवदारु आदि ।	दु थ झ ञ	मीन	वृहस्पति
२८	**रेवती** देब्रे कबाइ, देगा, देवीसरो, देवदारू, देवकाष्ठ, भद्रदारू, खस्रो देवदार, देवदाली घाँघरबेल, देवीसरो, फलामे, देउरालीफूल, चर्पा, चमेली, चाँपो, चम्पक, चम्पा, चामले खरी, चाक्सी, चिराइतो, चिरतिक्ता, चिले, चिप्लो बाटुलपाते, चिल्लोपाते, चितु, चिता, चित्रक, चिमाल, चिमल, चिउराघाँस, चित्लाङझार, चिट्चिटे, चिरौंजी, चिचिण्डो, चचेण्डा, चिनीचम्पा, चिप्लेघाँस, चिलायो, चिल्सी, चिराइतो रातो, चिरतिक्ता, मौवा, निर्गुण्डी, पुनर्नवा, वेल, मधुरदाडिम, महाजम्बू, महेन्द्रबारुणी, बनखिर्रो, देवदारु, चिराइतो, कालचित्रक, कचुर, कदली, इन्द्रवारुणी, अपमार्ग, तुलसी आदि	दे दो चा ची	मीन	वृहस्पति

वृक्षायुर्वेद १२ राशी २८ नक्षत्र नौ ग्रहानुसार वृक्षरोपण औषधी प्रयोग महत्त्वपूर्ण मानिएको छ । वनस्पतिको प्रयोगबाट ग्रहजनित अनिष्ट शान्तिका लागि वनस्पतिको प्रयोगबाट दुःख पीडा निवारण गर्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्भधान वैदिक विधि

मानव शरीर विकासको संरचना वैदिक वाङ्मयमा महत्त्वपूर्ण मानिएको छ। गर्भधारणको प्रक्रिया वेदमा गर्भाधान संस्कारको रूपमा व्याख्या गरिएको छ। पवित्र संस्कार पुरुष र स्त्रीको मिलन र प्रजनन प्रक्रिया वैदिक विधि नै गर्भाधान संस्कार हो।

ॐ पूषा भगꣳसविता मे ददातु रुद्रः कल्पयतु ललामगुम्विष्णुर्योनिङ्कल्पयतु त्वष्टा रूपाणि पिꣳशतु। आसिञ्चतु प्रजापतिर्धाता गर्भंदधातु ते ॥१॥ गर्भं धेहि सिनीवालि गर्भं धेहि पृथुष्टुके। गर्भं तेऽअश्विनौ देवावाधत्तां पुष्करस्रजौ ॥२॥ तेजो वैस्वानरो दद्यादथ ब्रह्मानुमंत्रयते। ब्रह्मा गर्भन्दधातु ते ॥३॥ गर्भधारण गर्दा पढिने मन्त्रको रूपमा यो मन्त्रलाई लिइएको छ।

ॐ विजिहीथां द्यावापृथिवी... यस मन्त्रद्वारा पतिपत्नीको शारीरिक संयोग गर्ने। मैथुनिक क्रियाकलापहरूद्वारा **ॐ इन्दियेण ते रेतसा रेतऽआदधामि।** मन्त्रको उच्चारण गर्दै गर्भाधानको प्रक्रिया आरम्भ गरिन्छ। **ॐ गायत्रेणत्त्वाच्छन्दसा मन्यामि त्रैष्टुभेनत्त्वाच्छन्दसा मन्यामि जागतेनत्त्वा च्छन्दसा मन्यामि ॥१॥ रेतोमूत्रं विजहाति योनिम्प्रविशदिन्द्रियम्। गर्भो जरायुणावृतऽउल्बञ्जहाति जन्मना। ऋतेनसत्यमिन्द्रियं विपानꣳ शुक्रमन्धस द्रइन्द्रिस्येन्द्रियमिदम्पयोऽमृतम्मधु ॥२॥** यस मन्त्रको उच्चारण गर्दै वीर्यलाई उचित स्थान गर्भासयमा प्रवाह गर्ने।

ॐ हिरण्मयीऽअरणी याभ्यान्निर्म्मन्यतामश्विनौ देवौ। तंते गर्भंदधामहे दशमेमासिसूतवे ॥१॥ यथाद्रग्निगर्भा पृथिवी द्यारिन्द्रेण गर्भिणी। व्वायुर्दिशां यथागर्भऽएव गर्भंदधामि ते ॥२॥

यस मन्त्रको उच्चारण गर्दै प्रत्येक मन्त्रद्वारा पत्नीको नाम उच्चारण गर्दै शिरदेखि पाउसम्म स्पर्श गर्ने। त्यसपछि **ॐ रूपंरूपं प्रतिरूपो बभूव तदस्य रूपं प्रतिचक्षणाय। इन्द्रो मायाभिः पुरुरूप ईयते युक्ताक्रस्य हरयः शता दश ॥** यस मन्त्रको उच्चारण गरेर स्नान गर्ने र पत्नीलाई बायाँतर्फ राखी दाहिने पट्टीबाट अँगालो हालेर हृदयस्पर्श गर्ने।

ॐ यत्ते सुसीमे हृदयं दिवि चन्द्रमसि श्रितम्। व्वेदाहं तन्मां दद्विद्यात्पश्येम शरदः शतं जीवेम शरदः शत श्रृणुयाम शरदः शतम् ॥ यो मन्त्र पढेर पान खाने र आनन्दले शयन गर्ने।



रजश्वला भएको रात्रिदेखि १०, १२, १४, १६, १८ समरात्रिमा गर्भधान भए पुत्र प्राप्त हुन्छ। रजश्वला भएको रात्रि देखि ९, ११, १३, १५, १७, १९ र २१ विसमरात्रिमा गर्भधान भए छोरी प्राप्त हुन्छिन्। जन्म नक्षत्र जन्म कुण्डलीमा पुरुष या स्त्रीको राशी लग्न नक्षत्र पञ्चम भावको ग्रह सबैलाई विचार गरेर गर्भधान गर्‍यो भने शक्तिशाली सन्तान जन्मन्छ। जसको गर्भधान हुँदैन। विवाह पछि पनि सन्तान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



भइराखेको छैन भने शिवलिङ्गी पुत्रजीवक आदि औषधीको सेवन गरेर सन्तान जन्माउन सकिन्छ। सन्तान गोपालको पूजा, सत चण्डी, लक्ष्य चण्डी, महारुद्री, लघुरुद्री, हरिवंश पुराण, गणेश पुराण, प्रदोष व्रत, मङ्गल चौथी व्रत गरेर सन्तान नहुनेहरूका लागि दैविक शक्ति कृपा प्राप्तिका निमित्त आध्यात्मिक प्रयोग गर्नुपर्दछ।

मानव शरीर विकासको संरचना वैदिक वाङ्मयमा महत्त्वपूर्ण मानिएको छ। गर्भधारणको प्रक्रिया वेदमा गर्भाधान संस्कारको रूपमा व्याख्या गरिएको छ। पवित्र संस्कार, पुरुष र स्त्रीको मिलन र प्रजनन प्रक्रिया वैदिक विधि नै गर्भाधान संस्कार हो।

गर्भाधान पछि जीव विकासको प्रक्रिया

पुरुष र स्त्री, भाले र पोथी, डाँगो र छाउरी आदिको जन्मने र जन्माउने प्रक्रिया सहवासबाट आरम्भ हुन्छ। शुक्र ग्रहको प्रभावबाट गर्भाधान हुन्छ। पुरुष र स्त्रीको सम्बन्ध शुक्रको प्रत्यक्ष प्रभाव क्रमशः आठ वटा ग्रहको विशेष प्रभाव पर्दै जान्छ।

स्त्रीको गर्भमा शुक्रको प्रभावबाट गर्भाधान हुन्छ। चन्द्रमाको प्रभाव आरम्भ भएर बालक गर्भमा विस्तार हुन्छ। तीन महिनामा मङ्गलको प्रभावबाट पुरुष वा स्त्री लिङ्ग निर्धारण हुन्छ। चौथो महिनामा केतुको प्रभावबाट केश तथा अन्य अवयवहरूको विकास हुन्छ। पाँचौ महिनामा बृहस्पतिको प्रत्यक्ष प्रभाव पर्दछ। शरीरका भित्री अङ्गहरू पुष्ट हुँदै जान्छन्। छैठौं महिनामा बुधको प्रभावले बालकले बाहिरका गतिविधिहरू राम्ररी सुन्न र बुझ्न थाल्दछ। सातौं महिनामा शनि ग्रहको प्रभावबाट उसका हड्डी, स्नायु, मासी आदि पुष्ट हुन्छ। आठौं महिनामा राहुको प्रभावबाट सम्पूर्ण आमाशय, फोक्सो, आहारनलीको विकास हुन्छ। नवौ महिनामा सूर्यको प्रभावबाट गर्भाशयको बालक धर्तीमा जन्मन पुग्दछ। बुध र चन्द्रमाको संयुक्त प्रभावबाट बालक सात महिनामा पनि जन्मन सक्छ। आठौं महिनामा जन्मेको बालक शारीरिक रूपमा सबल नहुन पनि सक्छ।

मनुष्यको जन्मने प्रक्रिया नौ महिनाको हुन्छ। आकाशमा परिक्रमा गर्ने नव ग्रहले प्रत्येक महिना एक एक ग्रहको भोगले बालक जन्मन्छ। आकाशमा घुम्ने ग्रहहरूले मानवको आन्तरिक, शारीरिक, मानसिक, आध्यात्मिक, सामाजिक, आर्थिक आदि सबै क्षेत्रमा प्रभाव पारेको हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रमालाई सौर परिवारको एक परिक्रमा गर्न २८ दिन लाग्दछ। महिलाहरूको महिनावारी पनि २८ दिनकै हुने गर्दछ । नक्षत्रको भोग अनुसार मासिक धर्मलाई प्रभाव पारिरहेको हुन्छ । महिनावारी भएको दिनदेखि ५ दिन सहवास नगर्ने विधान वैदिक विज्ञानमा उल्लेख भएको छ । गर्भाधानको उपयुक्त समय सम रात्रिमा समागम गऱ्यो भने पुरुष जन्मन्छ र विसम रात्रिमा समागम गरे स्त्री जन्मिन्छिन् । नक्षत्र अनुसार नै महिनावारीको एक वृत्त पूरा हुन्छ ।

मानव शरीरलाई सूक्ष्म रूपले विश्लेषण गर्दा, कोषहरू र कोषबीचमा रहेको खाली ठाउँ देख्न सकिन्छ । कोषहरू विभिन्न आकार, प्रकार र कार्यक्षमताका हुन्छन् भने कोषहरू बीचको खाली ठाउँमा विभिन्न प्रकारका जैविक तथा रासायनिक अणु, तरल र हावाले भरिएको हुन्छ। कोषहरूबीचको दूरी केही शारीरिक अङ्गहरू जस्तै मांसपेशीमा अत्यन्त न्यून हुन्छ भने तरल कोषहरूमा दूरी धेरै हुन्छ ।

अणुहरू अत्यन्तै सूक्ष्म कणबाट बनेका हुन्छन् । जैविक परमाणुहरू मिलेर डी.एन.ए. (DNA) बन्दछ । जसमा प्रमुख चार तत्त्वहरू हुन्छन् - जल, तेज, वायु र पृथ्वी (Adenine, Guanine, Thyamine, Cytosine) गतिशील, स्थिर र द्विस्वभाव स्वरूपको रूपमा शरीरभित्र क्रियाशील रहन्छ ।

डीएनएको संरचना वैदिक वाङ्मय र ज्योतिष शास्त्रमा पञ्चतत्त्वको तालमेलको रूपमा रहेको छ । पञ्चतत्त्वले शरीरको निर्माण भएको हुन्छ । जसमा पृथ्वी, जल, तेज, वायु र आकाशको बीजमूलको रूपमा शरीरभित्र गतिशील रहन्छ । यत्पिण्डे ब्रह्माण्डे ...जो बाहिर छ त्यो भित्र छ र जो शरीरभित्र क्रियाशील छ त्यो बाहिर पनि छ ।

डीएनएको संरचनाभित्र पनि मानव शरीरको प्रारम्भिक एकाई, कोष निर्माण गर्ने सूचना रहेको हुन्छ। कोषहरू जैविक र रासायनिक परसाणुहरू मिलेर बनेका हुन्छन् । सही क्रमको संरचनाले कोषहरूलाई विशेष कार्य गर्न, व्यवस्था र वृद्धि हुन सक्षम बनाउँछ । डीएनएहरू कोषहरूको मध्यभागमा रहेका हुन्छन् भने लामा-लामा डीएनएका टुक्राहरू एकअर्कासँग जोडिएर क्रोमोजोम्स बनाउँदछन् । क्रोमोजोम्सहरू जोडीमा रहेका हुन्छन् भने आधा भाग बाबुको शुक्रकीटबाट आएको हुन्छ र आधा भाग आमाको अण्डबाट आएका हुन्छन् ।

पुरुषको शुक्र र महिलाको रज मिलेपछि शरीरको निर्माण आरम्भिक प्रक्रिया सुरु हुन्छ । सबै क्रोमोजोम्सहरू कोषको मध्य गोलाकार भागमा रहेका हुन्छन् जसलाई न्युक्लियस (बीजमूल) भनिन्छ ।

विभिन्न अङ्गका कोषहरूको आकार पनि फरक हुन्छ । तर, प्रायजसो कोषहरू गोलाकार हुन्छन् ।

जीव संरचना (बीजमूल) विकासप्रक्रिया



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीव विकास प्रक्रिया

कोषहरूको बाहिरी तहलाई सेल मेम्ब्रेन भनिन्छ । यही तहले कोषभित्र रहेका सबै पदार्थहरूलाई नियन्त्रण गर्दछ ।

कोषहरूको बाहिरी तहमा विभिन्न आकारका प्वालहरू हुन्छन् जसले कोषलाई चाहिने पदार्थहरू मात्र भित्र प्रवाह हुन दिन्छन् भने नचाहिने पदार्थहरूलाई नियन्त्रण गर्दछन् । यिनै प्वालहरूले कोषलाई चाहिने खाद्यपदार्थ र सन्देशहरूको प्रवाह अनि कोषभित्र रहेका डीएनएलाई सुसूचित गर्ने गर्दछन् । कोषभित्र पनि विभिन्न अर्ग्यानिकहरू हुन्छन्, जसले विभिन्न कार्य र रासायनिक क्रिया गर्दछन् ।

ऋषि, देवता र छन्द कोषको मध्यभाग, न्युक्लियस (बीजममूल)ले देवत्वको भूमिका निर्वाह गरेका हुन्छन्, कोषका अर्ग्यानिल (Organelle) हरूले ऋषिहरूको भूमिका निर्वाह गर्दछन् । कोषको बाहिरी तह छन्दको भूमिकामा हुन्छन् ।

मानिस जस्तो एक पूर्ण विकसित जीवित प्राणीको जीवन आरम्भ यी दुई आधा क्रोमोजोम्सहरू भएको कोषको मिलनबाट सुरु हुन्छ । यसरी दुई आधा कोषहरू मिश्रण हुने प्रक्रियालाई निशेचन भनिन्छ । यस्तो प्रक्रियामा अण्ड स्थिर हुन्छ भने शुक्रकीट गतिशील हुन्छ । शुक्रकीटको पुच्छर हुन्छ र अण्डतिर निरन्तर गतिशील रहन्छ । त्यसैले निसेचन प्रक्रिया पनि स्थिर र गतिशीलताको एक मिलनबिन्दु हो । गतिशील विन्दु स्थिर बिन्दुमा मिल्ने प्रक्रिया पहिलो हो भने त्यसपछिका धेरै प्रक्रियाहरूबाट एक जीवित प्राणीको विकास हुन्छ । जब स्थिर र गतिशील कोषको मिलन हुन्छ, नयाँ कोष बन्दछ जसमा पूरा संख्याका क्रोमोजोम्सहरू हुन्छन् । त्यसपछि गुण गतिशील प्रक्रिया सुरु हुन्छ । यही स्थिरता गतिशीलतामा परिणत हुने अवस्थालाई ऋग्वेदमा पनि उल्लेख गरिएको पाइन्छ । यसरी बनेका नयाँ कोषमा तीन पक्षहरू छन् :

१. न्युक्लियस
२. कोष र यसभित्रका अरू अङ्गहरू
३. कोषको बाहिरी तह ।

यी तीनै तहहरू ऋषि, देवता र छन्दसँग मिल्दाजुल्दा छन् भने यिनीहरूको मिलनले एक नयाँ संरचनाको निर्माण गर्दछ । यसलाई संहिता भनिन्छ । सम्पूर्ण जीवन र प्रकृतिको संरचनागत समन्वय नै वेद हो । जो प्रकृतिको विज्ञान हो । वेदको ज्ञानबाट चेतनाको उच्चतम विन्दु प्राप्त गर्ने शास्वत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सनातन मार्ग हो । दुई आधा कोषहरूको मिलनबाट बनेको नयाँ कोषलाई भ्रूण भनिन्छ । भ्रूण एकबाट दुई, दुईबाट चार, चारबाट आठ कोषहरूमा विभाजन हुन्छ र नयाँ कोषहरूको निर्माण हुन्छ । वैदिक साहित्यमा तीन तह विभाजन प्रक्रियालाई महत्त्वपूर्ण रूपमा लिइएको छ । पुराणले यी तीन तह विभाजन प्रक्रियालाई वामन अवतार भगवान्ले ब्रह्माण्डलाई छोप्ने तीन पाइलाको रूपमा वर्णन गरिएको छ भने वैदिक ऋषिहरूले सम्पूर्णताको तीन पाइला भनेका छन् ।

कोष विभाजनको प्रक्रियामा एक कोषबाट आठ कोष बनाउँछ । कोषविकासको महत्त्वपूर्ण अंश हो । **एकोऽहं बहु स्याम ...** यो विकासक्रम एकताबाट अनेकतामा विकास भएको पनि मान्न सकिन्छ । यी तीन तह विभाजन पनि महत्त्वपूर्ण मानिएको छ, किनकि जीव विकासको क्रममा निशेचन (गर्भधारण) भएको तीन दिनमा यी तीन तहहरू विभाजन हुने गर्दछन् । सबै नयाँ विकसित कोषहरूका तीन पक्षहरू हुन्छन् । प्रत्येक नयाँ आठ कोषहरूका तीन पक्षलाई गुणन गर्दा आउने चौबीस गुणनफल ऋग्वेदको पहिलो अंश ऋचाको चौबीस क्रमसँग मिल्न जान्छ । एक कोष आठ कोषमा विभाजन भएपछि भ्रूणका सबै कोषहरू एकै प्रकारले वृद्धि हुँदैनन् । यसरी नै भ्रूणको कोषविभाजन हुँदा आठ कोषहरू सोह्र हुन्छन्, सोह्रबाट बत्तीस र बत्तीसबाट चौसठ्ठी कोषहरू हुन्छन् । यी चौसठ्ठी कोषहरूलाई तीन पक्षले गुणन गर्दा एक सय बयानब्बे हुन जान्छ, जो ऋग्वेदका सूक्तहरू एक सय बयानब्बे अंश हुन जान्छ ।

यसरी निषेचन भएको छ दिनमा भ्रूण गर्भाशयसँग टाँसिन पुग्छ । निषेचनको तीन दिनमा निशेचित अण्ड निषेचित गर्भाशय नलीमा पुग्दछ, अर्को तीन दिनमा गर्भाशयसँग टाँसिन्छ । यी विकासक्रमका महत्त्वपूर्ण प्रक्रियाहरू हुन् । यी तहहरूमा कोषविभाजनको प्रक्रिया एकताबाट अनेकतामा विकासका साथै भ्रूणको रूपमा विकास हुनथाल्दछ । यसरी कोषहरू विभाजन र विकास हुँदै जाँदा विशिष्टिकरण र विभेधिकरण विकास हुनजान्छ । विशिष्टिकरण पनि कोषको तीनै तहहरूमा हुन्छ । कोषको बाहिरी तहले विभिन्न कार्यहरूको विकास गर्छ भने नयाँ संरचना तयार भई कोषहरूको आकारमा भिन्नता आउँछ । कोषभित्र रहेका कोषिकाहरू पनि भिन्न कार्य गर्न सक्षम हुन्छन् । कोषभित्र रहेको न्युक्लियस(बीजमूल)ले भिन्न ढंगबाट कार्य गर्न सुरु गर्दछन् । विशेष प्रकारका तत्त्वहरू - प्रोटिन र इन्जाइम्स बनाउँदछ । यिनै प्रोटिन र इन्जाइम्सहरूले कोषहरूको कार्यमा भिन्नता ल्याउँदछन् ।

वैदिक साहित्यमा कोषहरूबीचको दूरीले कोषको परिवर्तन, विशिष्टिकरण र भिन्नताका कारण हुन् भन्ने रहेको छ । त्यसैले कोषहरूबीचको दूरी कोषपरिवर्तनको कारण हो । यसरी नै भिन्नता विकास हुँदै जाँदा अङ्ग र अङ्गप्रणालीहरूको विकास हुन्छ ।

यहाँ विश्लेषण गरिएको विकासको गतिशीलताले प्राकृतिक नियममा कसरी विशिष्ट तहहरू हुँदै विशाल विषय वा वस्तुहरूमा व्यक्त हुन्छन् भन्ने देखाइएको छ । प्राकृतिक नियमअनुसार नै विविधता र गुणनको प्रक्रिया पूरा हुन्छ भने एकताबाट अनेकतामा प्रकट हुन्छ । यिनै प्राकृतिक नियमहरू नै ऋग्वेदको मन्त्र संहितामा व्यक्त भएका भावहरू हुन् । जीवविकासको विशिष्ट प्रक्रियालाई ऋग्वेदका मन्त्रद्वारा व्यक्त रूपले बुझ्न सकिन्छ । कार्य र संरचनामा पाइन्छ । कसरी अव्यक्त प्राकृतिक नियम एक शारीरिक संरचनामा व्यक्त हुन्छ भन्ने यो शास्वत र सनातन सत्य हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामवेद र शरीर संरचना

सामवेद भनेको संहिताको समष्टीकरण हो । सामवेदका ऋषि, देवता अर्थात् दार्शनिकको प्रभुत्वमा रहेको हुन्छ । सामवेदले कुनै पनि जानकारीको समष्टिलाई बुझाउँदछ । जस अन्तर्गत स्नायु प्रणाली र अनुभूति क्षमता पर्दछ । यसमा विभिन्न बनावटहरू पर्दछन् । जसले जानकारी, सूचनाहरूलाई व्यवस्थापन गर्दछन् । साथसाथै यसमा यन्त्र रचना पनि पर्दछ । जसले रगत सञ्चालन र पोषण आदिलाई नियन्त्रण गर्दछ । यहि माध्यम द्वारा सतर्कताको शरीर क्रिया भइरहेको हुन्छ । यसले मानिस जागृत रहेको बुझाउँदछ । यही जागृत अथवा सतर्कता क्षमता र ज्ञानले भरिपूर्ण भएको वेद शास्त्रमा लेखिएका कुराहरू नै शरीरक्रिया विज्ञानमा पाइन्छ ।

सामवेदका हजार शाखाहरू छन् । जसले मानव शरीरलाई सयौं प्रकारका ग्रहण शक्तिको मार्गमा विभाजित गरेको छ । शरीरमा साठी त्वचाहरू छन् जसले ती सुषुम्ना स्नायुहरूलाई बुझाउँछ । यसले पाँचौं Sacral त्वचाले Coccygeal स्नायुलाई पनि समेट्छ । यहाँ चौध किसिमका ग्रहण गर्ने कोषहरू छन् । सबै ६० त्वचाहरूका लागि ६० गुणा १४ = ८४० ग्रहण शक्तिका मार्गहरू छन् । थप मस्तिष्कसँग सम्बन्धित स्नायुहरूका १६० मार्ग हुन्छन् जुन यस प्रकार रहेका हुन्छन् ।

१. घ्राणेन्द्रिय स्नायु (१) :- एकै रूपका दुई स्नायु = २
२. दृष्टि स्नायु (२) :- चार किसिमका कोषहरू मिलेर बनेका २ स्नायु
३. Trigeminel स्नायु :- १४ रूपका दुई स्नायु
४. Facial स्नायु :- १४ रूपका दुई स्नायु
५. श्रवण स्नायु :- १४ रूपका दुई स्नायु
६. कानसँग सम्बन्धित स्नायु :- एकै रूपका दुई स्नायु
७. स्वादसँग सम्बन्धित स्नायु :- १४ रूपका दुई स्नायु
८. Vagus स्नायु :- १४ रूपका दुई स्नायु

सबै ज्ञानेन्द्रियहरूका मार्गहरू हेर्दा दुई जोड ८ जोड २८ जोड ३८ जोड २ जोड २ जोड ४२ जोड ३८ = १६० । ८४० सुषुम्नामा १६० जोडियो भने १००० विभिन्न मार्गहरू पाउन सकिन्छ । जसले सामवेदका शाखाहरूलाई बुझांउँछ ।

सामवेदको बनावटले नै स्नायूको बनावटलाई बुझाउँदछ जसले जानकारी सूचना बोक्दछ र त्यसको व्यवस्थापन गर्दछ । सामवेद दुई भागमा बाँडिएको छ - पहिलो पूर्वरक्षिकामा ७ भाग र ६४ काण्डहरू हुन्छन् । जसले मस्तिष्क स्नायूहरूमा हुने सूचनाको आवत जावतलाई बुझाउँछ । यस प्रणालीलाई ७ कोलममा जनाइएको छ । यही ७ भावले सामवेदका ७ चरणलाई बुझाउँछ ।

1. General somatic sensory
2. Special somatic sensory
3. General visceral sensory
4. Special visceral sensory
5. General somatic motor
6. General visceral motor
7. Special visceral motor

सामवेदको दोस्रो भागलाई उत्तररक्षिका भनिन्छ जसले स्नायुको बनावट र मस्तिष्कको व्यवस्थापनलाई बुझाउँछ । सात स्वरले जीवनका सात आयमलाई पुष्टि गर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोह्र संस्कार

संस्कार संस्कृत शब्द हो । सम्पूर्वक कृ धातुमा घञ् प्रत्यय लागेर संस्कार शब्दको निष्पादन हुन्छ । संस्कार शब्दको प्रयोग विभिन्न अर्थमा गरिन्छ । संस्कारले मानिसलाई पूर्ण, परिष्कृत र सुसंस्कृत बनाउँदछ । संस्कार्य व्यक्तिको सम्पूर्ण व्यक्तित्वको परिष्कार, शुद्धि र पूर्णता संस्कारबाट प्राप्त हुन्छ । विधिपूर्वक संस्कार गरेको व्यक्तिमा विलक्षण प्रतिभाले युक्त आध्यात्मिक, शैक्षिक र दैवियगुणले पूर्ण हुन्छ ।

संस्कार

गर्भाधान, पुंसवन सीमन्तोन्नयन जातकर्म आदि संकार तल व्याख्या गरिन्छ ।

संस्कार शब्दको अन्य भाषामा अनुवाद गर्न निकै कठिन छ । अङ्ग्रेजी भाषामा जसलाई रिचुअल (ritual) र ल्याटिन भाषामा सिरिमोनिया (Caerimonia) भनिन्छ त्यसले संस्कार शब्दको तात्पर्य बुझाउन सक्दैन । संस्कार सामान्य कर्म वा धार्मिक अनुष्ठान मात्र नभई व्यक्तिको आन्तरिक र बाह्य व्यक्तित्वको परिष्कार गर्ने र उसलाई दुवै दृष्टिले सुन्दर बनाउने कार्य हो । संस्कारंयुक्त व्यक्ति अलौकिक शक्तिले पूर्ण हुन्छ ।

संस्कारको प्रत्यक्ष प्रभाव मानिसको मनमा परेको हुन्छ । संस्कारले मानिसको मन मस्तिष्क र विचारलाई प्रभाव पार्दछ । संस्कारको प्रभाव उसको कर्म र वाणीमा देखा पर्न थाल्दछ । त्यसपछि सूक्ष्म अवचेतन मनमा पनि प्रभाव परी मानिसको सम्पूर्ण दृष्टिकोण परिवर्तन हुन थाल्छ । उसको जीवन उत्कर्षमय बन्न पुग्दछ ।

संस्कारमा विद्या वा ज्ञान पनि निहित हुन्छ । तर्कसङ्ग्रहमा संस्कारजन्य ज्ञानलाई स्मृति मानिएको छ । संस्कारबाट प्राप्त ज्ञानले स्मृतिको रूप लिइसकेपछि मानिस सुसंस्कृत हुन्छ । संस्कारका कर्मको वैज्ञानिक महत्त्वसमेत रहेको पाइन्छ ।

संस्कारको प्रारम्भ गर्भाधानदेखि नै हुन्छ । महर्षि याज्ञवल्क्यले गर्भाधानदेखि अन्त्येष्टिसम्मका सबै क्रिया वेदमन्त्रद्वारा सम्पन्न गर्नुपर्दछ भनेका छन् । संस्कार सामान्य क्रियाकलाप मात्र नभएर मानिसलाई साधारण स्तरबाट उठाएर उच्चस्तरसम्म पुऱ्याउने माध्यम हो । मानिसमा दिव्य गुणको विकास गराउने कर्म पनि संस्कार नै हो । संस्कारको यही अर्थ र महत्त्व भएका कारण वैदिक युगदेखि हालसम्म पनि यसको अविच्छिन्न परम्परा जीवित रहेको छ ।

जन्मपूर्व र जीवनपश्चात् पनि संस्कार आवश्यक हुने भएकाले हाम्रो परम्परामा जन्मपूर्व, बाल्यकाल, शैक्षणिक, विवाह र अन्त्येष्टिजस्ता प्रमुख अवस्थालाई केन्द्रमा राखेर यिनको विधान गरिएको छ । गर्भाधान – संस्कारहरूमा महत्त्वपूर्ण संस्कार हो । यो संस्कारले नै जन्मने शिशुको भाग्य भविष्यको निर्माण गर्दछ ।

पुंसवनआदि संस्कारले जन्मलाई सार्थक बनाउँछन् भने जातकर्म, नामकरणजस्ता संस्कारले जीवनको मार्ग निर्देशन गर्दछन् ।

उपनयन, वेदारम्भ, समावर्तन आदि शैक्षणिक संस्कारले विद्याको महत्त्व देखाउँदै गृहस्थ जीवनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुख शान्तिलाई पनि सङ्केत गर्दछन् र विवाहले गृहस्थहरूको मूल प्रयोजनलाई पूरा गर्दछ । अन्त्येष्टि संस्कारले पुनर्जन्मलाई सुखमय बनाउँदछ । जीवनमा सबै संस्कारको समान महत्त्व रहेको पाइन्छ यसबाट पनि संस्कार जीवनपूर्व, जीवनकाल र जीवनपछि पनि प्रत्येक क्षणमा आवश्यक छन् भन्ने पुष्टि हुन्छ ।

१. गर्भाधान

गर्भाधान सोह्र संस्कारमध्येको पहिलो संस्कार हो । विधिपूर्वक विवाहित पतिपत्नीले गृहस्थ जीवनमा प्रवेश गरेपछि पूरा गर्नुपर्ने पहिलो संस्कारका रूपमा गर्भाधान संस्कारलाई लिइएको छ । असल सन्तानप्राप्तिका लागि विधिपूर्वक गर्भाधान संस्कार गर्नुपर्ने शास्त्रले निर्देश गरेको छ । गर्भाधानका शास्त्रीय परिभाषाहरू पनि पाइन्छन् । पूर्वमीमांसामा जुन कर्मद्वारा पुरुष स्त्रीमा आफ्नो बीज स्थापित गर्दछ त्यो गर्भाधान हो भनिएको छ ।

धार्मिक विधिसहित पतिले प्रदान गरेको शुक्र पत्नीले गर्भाशयमा धारण गर्दछिन् त्यो गर्भाधान संस्कारले नवमानवको आगमनलाई सुनिश्चित गर्दछ । प्रचीनकालमा गर्भाधान काल्पनिक धार्मिक कृत्य नभएर यथार्थ कर्मका रूपमा प्रसिद्ध थियो । कालान्तरमा कर्ताले संकोच मान्न थाले र यो संस्कार अप्रचलित बन्न पुग्यो । फलस्वरूप खोजेजस्ता र सोचेजस्ता सन्तान नहुने स्थिति आयो ।

पत्नी रजस्वला भएको चौथो रात्रिदेखि सोह्रौं रात्रिसम्मको समय गर्भाधानका लागि उपयुक्त मानिएको छ । यीमध्ये जोर रात्रिमा गर्भाधान गरे पुत्र तथा विजोर रात्रिमा भए पुत्री जन्मिने उल्लेख पाइन्छ । ज्योतिष शास्त्रानुसार नक्षत्र, आदि शुभ मुहूर्तमा गर्भधान संस्कार गर्नुपर्दछ ।स्त्रीको भगमा (योनी) रक्तस्राव भएको छ या अन्य कुनै प्रकारको रोग लागेको छ भने रोगको निदान गरेर मात्र गर्भधान संस्कार गर्नु पर्दछ । गर्भधान संस्कारले नै उत्कृष्ट सन्तान प्राप्तिमा सहयोग पुग्दछ । शारीरिक मानसिक, र आध्यातमिक रूपमा एक अर्कामा समर्पित भएर रात्रिकालिन समय (रात्रि ९ बजेदेखि प्रातः ४ बजेसम्म) गर्भधानका लागि उपयुक्त मानिएको छ । अथवा शुभमुहूर्तमा गर्भधानको विधान गरिएको पाइन्छ ।

अष्टमी, चतुर्दशी, औंसी र पूर्णिमा तिथि, सम्पूर्ण पर्वहरू तथा दिनको समयमा गर्भाधान वा स्त्रीसमागम निषेध गरिएको छ । गर्भाधान संस्कार सपत्नी गर्नुपर्दछ । गर्भाधानका लागि पत्नीको उमेर अठार वर्ष भन्दामाथि र पतिको उमेर पच्चीस वर्ष भन्दामाथि हुनपर्ने शास्त्रीय मान्यता रहेको छ । गर्भाधान गरेपछि पुरुषले स्नान अनिवार्य गर्नुपर्ने नियम छ ।

पितृऋणबाट मुक्त हुन, वंशपरम्परा अविच्छिन्न राख्न,गृहस्थ जीवन सार्थक बनाउन,सन्तानोत्पत्तिद्वारा आफ्नै उद्धार गर्न, आफूले गरेका सत्कर्मको निरन्तरता र आर्जेको सम्पत्तिको सुरक्षा कायम गर्न, यो लोक र परलोक दुवैतिर पवित्र रहनका लागि असल सन्ततीको कामना गर्दै गर्भधान गर्नुपर्दछ ।

गर्भबाट उत्पन्न हुने सन्तान ज्ञानी, विवेकी, सकारात्मक सोच भएको दीर्घायु र नीरोगी राष्टभक्त अध्याात्मिकताले ओतप्रोत भएको सन्तानको कामना गर्दै परमात्माका स्तुति गर्नुपर्दछ ।

सुख, शान्ति र सन्तोष दिने सुयोग्य सन्तानको प्राप्ति, आत्मसंयम र इन्द्रियनिग्रहबाट स्वास्थ्यको रक्षा, नैतिक एवं चारित्रिक शुद्धताको पालना, मानसिक र शारीरिक शक्तिको संरक्षण, पतिपत्नीबीचको सम्बन्धमा विश्वास र स्थायित्व प्राप्तिका लागि सन्तानको आवश्यकता पर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. पुङ्सवन

गर्भधान संस्कारपछि पुङसवन संस्कार गरिन्छ। गर्भमा रहेको शिशुको मानसिक र शारीरिक विकासका लागि गरिने संस्कार पुंसवन संस्कार हो। जुन कर्मद्वारा 'पुं' अर्थात् पुरुष सन्तानको जन्म हुन्छ त्यो पुंसवन संस्कार हो। प्राचीनकालमा तपस्वी, साधक, योगी, सत्वगुणी, र साहसिक बलशाली सन्तानको कामना गर्दै पुङसवन संस्कार गरिन्थ्यो। अहिले पनि विश्वलाई हित गर्ने धर्मसंस्कृति परम्परालाई अगाडि बढाउन शुरवीर सन्तानको कामना गर्दै यो संस्कार गर्नुपर्दछ।

सन्तानको आवश्यकताको पूर्तिका लागि यो संस्कार वैदिक मान्यतामा प्रचलित छ। सन्तति स्त्री भए पनि उसले भविष्यमा पुरुष सन्तानलाई जन्म दिनेछ भनेर उसको पनि प्रशंसा गरिन्थ्यो। गर्भको विकास ठीकसँग हुन सकोस् भनेर यो संस्कार गर्ने प्रचलन सुरु भएको हो। आश्वलायन गृह्यसूत्रमा उल्लेख भएअनुसार गर्भाधान गर्दा राखिएको शुक्र जुन कर्मद्वारा सुरक्षित रहन्छ त्यो नै पुंसवन संस्कार हो। पुंसवन संस्कार कहिले गर्ने भन्ने विषयमा ऋषिहरूको मतअनुसार गर्भधान भएपछि दोस्रो या तेस्रो महिनामा गर्ने विधान हो।

केही ऋषिहरूले गर्भाधानको आठौं महिनासम्म पनि गर्न सकिने तर्क दिएका छन्। मनुस्मृति र याज्ञवल्क्यस्मृतिमा गर्भाशयमा गर्भ चलमलाउनुभन्दा पहिले नै यो संस्कार गर्नुपर्ने मत उल्लेख गरिएको छ। विभिन्न स्त्रीमा गर्भधारणका चिन्ह विभिन्न समयमा देखिने भएकाले यस विषयमा मतमतान्तर भएको छ। यो संस्कार वैदिककालदेखि नै प्रचलित हुँदै आएको पाइन्छ। योग्य छोरा या छोरीको कामना गरेर यो संस्कार गर्ने प्रचलन रहेको पाइन्छ। गर्भको सुरक्षा र गर्भवतीको स्वास्थ्यरक्षाका लागि पनि यो संस्कार महत्त्वपूर्ण मानिन्छ। यो संस्कार गर्न मलमास, बृहस्पति र शुक्रको अस्त आदि निषिद्ध मानिदैनन्। जुन दिन शुभ नक्षत्र छ त्यसै दिन यो संस्कार गर्न सकिन्छ तापनि पुनर्वसु, पुष्य, हस्ता, मृगशिरा, श्रवण आदि नक्षत्र बढी शुभ मानिन्छन्। मातापितालाई पुत्रको इच्छा भएको समयमा यो संस्कार गर्नु उपयुक्त मानिन्छ।

गर्भमा रहेको शिशुको भावी जीवनको सुरक्षाका लागि पुङसवन संस्कार गरिन्छ। सदाचारी र धार्मिक भइकन पनि साहसी सन्तान प्राप्त गर्न, पतिको पत्नीप्रति सद्भाव र सहयोगको विकास गर्न, गर्भवतीमा आत्मविश्वास बढाउन पनि यो संस्कार गर्नु पर्दछ।

गर्भस्थ शिशुमा बीज र गर्भद्वारा उत्पन्न दोष निवारण गर्न, गर्भस्थ शिशु तेजस्वी पुत्र या पुत्रीको रूपमा प्राप्त होस् भन्ने कामना पूरा गर्न, गर्भमा कन्या भए पनि रूपवती, शीलवती तथा साहसी पुत्र दिनेवाली होस भन्नै इच्छा पूरा गर्न यो संस्कार गर्नु पर्दछ।

पुङसवन संस्कारले गर्भवती स्त्रीमा साहास, उत्पन्न गराउन र उनलाई चाहिने पौष्टिक आहारको व्यवस्था गर्नुपर्दछ शुद्ध आचार, विचार र व्यवहारको प्रदर्शन, गर्भवतीलाई एक्लै छोड्न नहुने चेतनाको विकास गर्नका लागि यो संस्कार महत्त्वपूर्ण मानिएको छ। गर्भमा विकास भइरहेको भ्रुणलाई सुरक्षा दिनका लागि गर्भिणीको स्वास्थ परीक्षणका लागि पनि यो संस्कार महत्त्वपूर्ण मानिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. सीमन्तोन्नयन

सीमन्तोन्नयन गर्भको तेस्रो संस्कार हो । सीमन्तोन्नयन शब्दमा दुई अंश छन् - सीमन्त र उन्नयन । सीमन्त भनेको केशको सिउँदो र उन्नयन भनेको माथितिर लैजानु वा छुट्याउनु हो । गर्भिणी स्त्रीको केशलाई माथि उठाइने विधिपूर्वकको कार्य नै सीमन्तोन्नयन हो । सीमन्तोन्नयन संस्कारबाट गर्भवती स्त्रीमा आत्मविश्वास, सन्तोष, सन्ततिप्रति प्रेम र कर्तव्यको भावना पैदा हुन्छ । गर्भवती पत्नीलाई हर्षित र उल्लसित बनाउन पतिद्वारा उसको केशलाई सजाउने र सम्हाल्ने कृत्य नै सीमन्तोन्नयनका वैदिक ग्रन्थमा । यो संस्कार पनि पुंसवन संस्कार जत्तिकै उपयोगी र आवश्यक मानिएको छ ।

सीमन्तोन्नयन शास्त्र, विश्वास र व्यवहारमा अडेको संस्कार हो । वैदिक कालदेखि नै गर्भिणी स्त्रीलाई विभिन्न विघ्नबाधा आउने भएको हुँनाले यो संस्कार द्वारा गर्भिणीको शरीर र गर्भमा विकास हुँदै गरेको शिशुको रक्षाका लागि यो विधान गरिएको हो । अशुभशक्तिले गर्भिणीलाई कुनै नोक्सान नपुर्‍याउन भनेर यो संस्कार गरिन्छ ।

त्यसैले पतिले पत्नीको गर्भको रक्षाका लागि विनायकलक्ष्मी पञ्चदेवको पूजा गर्नुपर्दछ । जसले गर्दा अमङ्गलकारी शक्तिले गर्भवतीलाई अशुभ नगरोस् भन्ने कामना गरिन्छ । गर्भवतीको ऐश्वर्य र गर्भस्थ शिशुको दीर्घ जीवनका लागि पनि यो संस्कार गर्नुपर्दछ ।

सीमन्तोन्नयन संस्कारको बारेमा गृहसूत्रमा गर्भाधान भएको चौथो वा पाँचौं महिनामा गर्नुपर्छ भनिएको छ । केही ग्रन्थमा छैठौं वा आठौं महिनासम्म गर्न सकिने विधान उल्लिखित छ । ज्योतिष शास्त्रका ग्रन्थका सन्तान जन्मनुपूर्व यो संस्कार गर्नुपर्ने विधान गरिएको छ । कुनै मतमा सीमन्तोन्नयन नगरी शिशु जन्मियो भने पनि शिशुलाई आमाको काखमा राखेर यो संस्कार गर्न सकिन्छ । अनुकूलता हेरी शुक्लपक्षमा चन्द्रमा पुरुषकारक नक्षत्रमा यो संस्कार गर्न सकिन्छ ।

गर्भवतीलाई प्रसन्न चित्त र सन्तुष्ट बनाउनु पर्दछ । गर्भवती पत्नीमा सहयोग र आपसि सद्भाव विकास गराउनु पर्दछ । पत्नीमा शक्ति र सौभाग्य वृद्धि गराउनका लागि गर्भस्थ शिशुको सहज विकासमा सहयोग पुऱ्याउन यो संस्कार गरिन्छ ।

गर्भावस्थ शिशुमा अलौकिक शक्ति सामर्थ्य प्राप्त होस । गर्भिणीलाई सुख मिलोस् भन्ने कामनाले यो संस्कार गरिन्छ ।

गर्भिणीमा विश्वास, सकारात्मक चिन्तन गर्भस्थ शिशुमा पनि सकारात्मक भावको विकासका लागि यो संस्कार महत्त्वपूर्ण मानिएको छ । गर्भवतीको व्यक्तिगत सौन्दर्यको रक्षा र व्यवस्थित दिनचर्याको अभ्यास गर्दै सौभाग्यको वृद्धि र सन्ततिको सुखद भविष्यको निर्माणका लागि यो संस्कार महत्त्वपूर्ण मानिन्छ ।

४. जातकर्म

गर्भावस्था शिशु जन्मेपछि नाल काट्नुभन्दा अगाडि गरिने संस्कार जातकर्म हो । जातकर्म नाल काट्नुभन्दा अगाडि गर्नुपर्ने कारण के हो भने नाल काटेपछि सूतक (आशौच) लाग्छ र सूतकमा जातकर्म (वैदिक कर्म) गर्न शास्त्रले निषेध गरेको छ । जातकर्म गरेपछि शिशुलाई सुन या चाँदी काँसाको कटौरामा राखेर मह या घिउ चटाउनुपर्छ भन्ने विधान पाइन्छ । सरस्वतीको वैदिक मन्त्र पढ्नुपर्छ । जातकर्मका प्रमुख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ती अङ्ग छन् - बुद्धि जागृत गराउनु, दीर्घायुष्यका लागि प्रार्थना गर्नु र शक्तिको कामना गर्नु । जातकर्म शिशुका पिताले नै गर्नुपर्दछ ।

पिताले शिशुलाई सम्बोधन गर्दै बालकलाई हामी दुईको (पतिपत्नी) हृदयबाट तिमी उत्पन्न भएका छौ । पुत्र/पुत्री नामबाट तिमी मेरै आत्मा हौ । तिमी सयवर्षसम्म बाँच । त्यसपछि शिशुको शक्तिको वृद्धिका लागि यस्तो कामना गर्नुपर्छ- ढुङ्गासमान दृढ हौ, परशुसमान शत्रुका लागि ध्वंसक बन, शुद्ध सुन समान पवित्र रहू । जीवनमा सँधै कल्याणकारी काम गरेर प्रसिद्ध बन ।

शिशुको जन्म भइसकेपछि पिताले सर्वप्रथम कुलदेवतालाई नमस्कार गर्नुपर्छ । त्यसपछि परिवारका वृद्धपुरुष तथा अन्य मान्यजनलाई नमस्कार गरेर शिशुको मुख हेर्नुपर्छ । नदी, तलाउ, कुवा वा कुनै जलाशयमा गएर स्नान गर्नुपर्छ । यदि शिशुको जन्म मूल, ज्येष्ठाजस्ता अनिष्टसूचक समयमा भएको छ भने शिशुको मुख नहेरी स्नान गर्नुपर्दछ र शान्तिकर्म गर्नुपर्दछ । पिता परदेश गएका भए तुरुन्त आउनु पर्दछ ।

जातकर्म संस्कार समाप्त भएपछि पुरोहितलाई दक्षिणा दिएर आफन्त प्रियजनसहित उत्साहपूर्वक सन्तान प्राप्तिमा हर्ष बढाइँ गर्नु पर्दछ । जातकर्म शिशुप्रति पिताको हार्दिक कामना व्यक्त गर्ने संस्कारका रूपमा रहिआएको पाइन्छ ।

नवजात शिशुलाई पवित्र र सुसंस्कृत बनाउनलाई जातकर्म संस्कार गरिन्छ । शिशुमा बुद्धि, आयु, र शक्तिको सञ्चार गर्दै शिशुप्रति माता, पिता र परिवारको स्नेहभाव बालकमा प्रकट गर्नुपर्दछ । गर्भिणीलाई विभिन्न प्रकारका पौष्टिक आहार प्रदान गर्दै प्रशंसा गर्नुपर्दछ । सन्तान प्राप्तिको सुखद उपलक्षमा परिवारसहित जातकर्म संस्कार गरिन्छ । शिशुको दीर्घायुका लागि, बीज र गर्भको दोष हटाई निर्मल बुद्धिको कामना गरिन्छ ।

शिशुको हित र रक्षाका लागि षष्टीका भगवतीको प्रार्थना गर्नुपर्दछ । नेपाली समाजमा यो संस्कारलाई छैटी पनि भन्दछन् । यो दिनमा भावीले बालकको ललाटमा भाग्य लेख्दछन् भन्ने विश्वास रहेको छ । जन्मको छैटौं रात्रिमा कापी, कलम राखी मङ्गलधुन सुन्नु पर्दछ । शिशुको सुखमय जीवनको प्रारम्भ र पिता-माताको सन्ततिप्रति अनुरागको वृद्धि गराउँदछ । छैटीका दिन गरिने प्रार्थना :

ॐ षष्ठीविघ्नहरोद्रसि त्वं एकदन्त गजानन । षष्ठीगृहेर्चितः प्रीत्या शिशुं दीर्घायुषं कुरु ॥
लम्बोदर महाकाय सर्वोपद्रवनाशन । त्वत्प्रसादादविघ्नेन चिरं जीवतु बालकः ॥

५. नामकरण

शिशु जन्मिसकेपछि गरिने महत्त्वपूर्ण संस्कार नामकरण संस्कार हो । व्यवहार चलाउनका लागि सबै वस्तुको नाम अनिवार्य हुन्छ । मानिसका लागि पनि नाम अनिवार्य भएकाले नामकरण संस्कार गर्ने वैदिक विधान हो । मानिसको नामको महत्त्व र आवश्यकता भएकाले यसलाई धार्मिक संस्कारका रूपमा मानिएको हो । शिशु जन्मेको दश रात्रि पूरा भएपछि एघारौं दिनमा यो संस्कार गरिन्छ । केही वैदिक ग्रन्थमा एघारौं दिनमा नै नामकरण गर्नुपर्ने मत प्रस्तुत गरिएको छ । छोरा र छोरी दुवैको विधिपूर्वक नामकरण गर्नुपर्दछ । नाम सरल, दया र करुणाबोधक, मङ्गलसूचक, आनन्ददायक र उत्तम अर्थ बुझाउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दको हुनुपर्दछ । शास्त्रहरूमा उल्लेख भएअनुसार चार प्रकारमध्ये कुनै एक प्रकारको नाम राख्न सकिन्छ । तिनीहरू यसप्रकार छन् -

देवनाम : कुलदेवताको नामको अक्षरबाट ।

मासनाम : जन्म महिनालाई आधार मानेर गरिने नामाकरण वैशाख महिनाको अर्को नाम अनन्त भएकाले वैशाखमा जन्मेको बालकको नाम अनन्त हुनसक्छ ।

नक्षत्रनाम : शिशु जन्मेको नक्षत्रको चरणसँग सम्बन्धित पहिलो अक्षरलाई आधार बनाई राखिने नाम नक्षत्रनाम हो । कुलपरम्परा अनुसार राखिने नाम महत्त्वपूर्ण मानिएको छ ।

६. निष्क्रमण

शिशु जन्मेपछि बाहिर खुल्ला स्थानमा निकाल्ने संस्कार निष्क्रमण संस्कार हो । सुरक्षाका लागि सुत्केरी कोठामा राखिएको शिशुलाई जहिले पायो त्यही दिन र समयमा नभई निर्धारित दिन र समयमा पहिलोपटक बाहिर ल्याउने काम निष्क्रमण हो र यो नै निष्क्रमण संस्कार हो । निष्क्रमण शिशुलाई पारिवारिक जीवनमा सरिक गराउने एउटा प्रारम्भिक कार्य पनि हो ।

शिशु जन्मेको कति समयपछि निष्क्रमण गराउने भन्ने विभिन्न मतहरू छन् । नामाकरण संस्कारकै दिन सूर्यको दर्शन गराइन्छ । जन्मको चौथो महिनामा चन्द्रको दर्शन गराउनुपर्छ भनिएको पाइन्छ । अन्नप्राशनको समयमा पनि यो संस्कार गर्न सकिन्छ भन्ने मत व्यक्त गरेका छन् । नामकरण संस्कार सम्पंन्न भइसकेपछि मातापिताको सुविधा र अनुकूलता, शुभतिथि, शिशुको स्वास्थ्य र परिस्थिति हेरेर यो संस्कार गर्न सकिन्छ । नामकरण संस्कारभन्दा अगाडि भने यो कर्म गर्नु उचित हुँदैन । निष्क्रमणका लागि शुक्लपक्ष बढी राम्रो र कृष्णपक्ष सामान्य मानिएको छ ।

प्राचीनकालमा यो संस्कार पितामाताले गर्दथे । पछि धाइआमाबाट पनि यो काम सम्पन्न गराउन थालियो । भरसक मातापिताबाट र त्यो सम्भव नभए परिवारका अन्य सदस्यबाट पनि यो संस्कार गराउन सकिन्छ । शिशुलाई माङ्गलिक वस्तु मिसाइएको जलबाट स्नान गराई नयाँ लुगा लगाइदिएर आमाको काखमा राख्नुपर्दछ । त्यसपछि गणेश र सूर्यको पूजा, स्वस्तिवाचन र मातृकापूजा गर्दै शिशुलाई आमाको काखबाट बाहिर झिकेर सूर्य दर्शन गराउनु पर्दछ । त्यसपछि नजिकको मन्दिरमा लगी दर्शन गराई घरमा ल्याएर पुनः आमाकै काखमा राखिदिनुपर्दछ । सौभाग्यवती महिलाहरूले आरती गरेर शिशुको काल्याणको कामना गर्नुपर्दछ ।

निष्क्रमणकै पूरक संस्कारका रूपमा भूइँमा बस्ने विधान गरिएको छ । शिशुलाई पहिलोपटक भूमिमा राख्ने संस्कार नै भूम्युपवेशन हो । यो संस्कार शिशु जन्मेको पाँच महिनामा सम्पन्न गर्नु उत्तम मानिएको छ । सम्पूर्ण ग्रह अनुकूल पारी मङ्गल ग्रहशुभ भएको बेलामा भूमिको पूजा गरी विधिपूर्वक यो संस्कार गरिन्छ । यस बेला नारीहरूले मङ्गलगीत गाउने चलन पनि छ । भूइँमा बस्ने संस्कार बालबालिका दुवैको गर्नु पर्दछ । आमा र शिशुलाई घरायसी वातावरणमा घुलमिल हुने अवसर, शिशुको मानसिक र शारीरिक विकासमा सहयोग, शिशुमा आस्तिक भावको उदय र भावी चरित्र विकासमा भूमिकाको निर्माण, प्राकृतिक शक्तिको उपयोगिता र आवश्यकता प्रति रुचिमा वृद्धि गर्ने संस्कारलाई निष्क्रमण भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७. अन्नप्राशन

जन्मेको शिशुलाई सुस्वास्थ्य दीर्घायू बनाउन अन्नप्राशन संस्कार गरिन्छ । अन्नले शरीर र मन दुवै हृष्टपुष्ट हुन्छ । अन्न विना मानिसको जीवन रहन सक्दैन । तैत्तिरीय उपनिषद्मा **प्राणो वै अन्नम्** भनेर प्राण र अन्नका बीच अभिन्न सम्बन्ध देखाइएको छ । अन्न खुवाएपछि शिशुको प्राण र शरीर बलशाली बन्दछ । जीवन बाँच्न अनिवार्य बनेको अन्न पहिलोपटक शिशुलाई खुवाउने कार्य नै अन्नप्राशन संस्कारका रूपमा प्रसिद्ध भएको हो ।

जन्मेको शिशु छोरो भए जन्मेदेखि ६ वा ८ महिनामा र छोरी भए ५ वा ७ महिनामा अन्नप्राशन गराउनु पर्दछ भनिएको छ । तर गृहसूत्र, मनुस्मृति, याज्ञवल्क्यस्मृतिमा शिशु छोराछोरी जेभए पनि छ महिनामा अन्नप्राशन गराउनु पर्ने मत रहेको पाइन्छ । जन्मेको छ महिना भएपछि शिशुको आहार बढ्दै जान्छ । आमाको दूधको मात्रा पनि घट्दै जान्छसक्छ । शिशुको दाँत उम्रने क्रम पनि सुरु हुन्छ । त्यसैले सन्तुलनका लागि पनि सामान्यतया छ महिनामा अन्नप्राशन गराउनु उपयुक्त मानिन्छ । आमाको स्वास्थ्य र शिशुको आवश्यकताका दृष्टिले जन्मेको छ महिनामा शुभ दिन जुराइ शुभ मुहूर्तमा यो संस्कार गर्नुपर्दछ ।

शिशुलाई माताले स्तनपान गराउनु अनिवार्य मानिन्छ । तापनि यो क्रम एउटा निश्चित समयसम्म कायम रहनुपर्छ । शिशुप्रतिको अतिशय स्नेहका कारण आवश्यकताभन्दा बढी समयसम्म स्तनपान गराउँदा शिशुको पाचन क्षमता र आमाको स्वास्थ्यमा ह्रास आउन सक्छ । शिशुलाई अन्न खुवाउन प्रारम्भ गरेपछि स्ननपान गराउने काम क्रमशः कम गर्दै लैजानुपर्छ भन्ने सन्देश अन्नप्राशनबाट पाउन सकिन्छ । शिशुलाई आहारको मात्रा र विविधता बढाउँदै लैजानुपर्छ भन्ने व्यवहारिक ज्ञान पनि यस संस्कारबाट पाइन्छ ।

८. जन्मोत्सव

शिशु जन्मेपछि प्रत्येक वर्षमा गरिनु पर्ने कर्म नै जन्मोत्सव हो । जन्मोत्सवको दिन अष्टचीरञ्जीविको पूजा गर्ने चलन छ । अष्टचीरञ्जीवि निम्न छन् :

मार्कण्डेयम्

ॐ शरदिन्दुनिभं शान्तं द्विभुजं तं वरप्रदम् ।
छत्राभयकरं ध्याये मार्कण्डेयं महामुनिम् ॥
वटवृक्षसमारूढं सच्छत्रं बह्मचिन्तकम् ।
ऋषिवृन्दशतैस्तुभ्यं मार्कण्डेयं नमाम्यहम् ॥

व्यासम्

ॐ सर्वशास्त्रार्थतत्वज्ञं वेदवेदाङ्गपारगम् ।
शास्त्रमूलप्रवक्तारं पराशरसुतं भजे ॥

परशुरामम्

ॐ कार्तवीर्यस्य हन्तारं परशुहस्तं महाबलम् ।
एकविंशति निःक्षत्रं कुर्वन्तं त्वां नमाम्यहम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अश्वत्थामानम्

ॐ श्यामवर्णं महातेजः खड्पाणिं वरप्रदम् ।
अश्वत्थामानमाचार्यं ध्याये द्रोणसुतं शिवम् ॥
ब्राह्मणाय तमस्तुभ्यं द्रोणाचार्यसुताय वै ।
वेदवेदाङ्गपूर्णाय अश्वत्थाम्ने नमो नमः ॥

कृपाचार्यम्

ॐ धनुर्बाणधरं वीरं श्वेतपीतद्युतिं परम् ।
भारद्वाजकुलोत्पन्नं कृपं ध्याये मलापहम् ॥
राजर्षभ नमस्तुभ्यं भारद्वाजकुलोत्व ।
कृपाचार्य सदा तुष्ट धीरवीरपराक्रम ॥

बलिम्

ॐ दैत्येन्द्रकुलसम्भूत दानयज्ञक्रियारत ।
प्रपन्नः शरणं त्वाहं दीर्घमायुः प्रयच्छ मे ॥
भूमिं स्वर्गं च पातालं येन दत्तं द्विजन्मने ।
भविता योऽमरावत्यां महेन्द्रस्तं नमाम्यहम् ॥

हनुमन्तम्

ॐ वायुपुत्रं महावीरं रक्तवर्णं त्रिलोचनम् ।
कन्दमूलफलप्रीतं हनूमन्तं नमाम्यहम् ॥
अञ्जनीगर्भसम्भूतं हनूमन्तं नमाम्यहम् ।
कपीशमक्षहन्तारं वन्दे लङ्काभयङ्करम् ॥

विभीषणम्

ॐ लङ्कावास नमस्तुभ्यं पौलस्त्यकुलसम्भव ।
राक्षसाधिपते देव नमस्तेऽस्तु विभीषणः ॥

षष्ठिकाम्

ॐ जगन्मातर्जगद्धात्रि जगदानन्दकारिणि ।
प्रसीद मम कल्याणि नमोऽस्तु षष्ठिदेवते ॥
रूपं देहि यशो देहि भद्रं कल्याणि देहि मे ।
पुत्रान्देहि धनं देहि सर्वान्कामांश्च देहि मे ॥

कार्तिकेयम्

ॐ कार्तिकेय महाबाहो गौरीहृदयनन्दन ।
स्कन्द मां रक्ष सर्वत्र एहि देव नमोऽस्तु ते ॥

पोटलिकाबन्धनम्

ॐ मार्कण्डेय महाभाग आयुरारोग्यदायक ।
शुभदौ विघ्नहर्तारौ भानुविघ्नेश एव तु ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धारयामि भुजे दक्षे मम कल्याणहेतवे ।
पूरयध्वं सदास्माकं कामनाँश्च मनोरथान् ॥

पयः पानम् - ॐ सतिलं गुडसंमिश्रमञ्जल्यर्धमिदं पयः ।
मार्कण्डेयाद्वरं लब्ध्वा पिबाम्यायुर्भिवृद्धये ॥ गुडतिलमिश्रित
पयः वारत्रयं पीत्वा हस्तप्रक्षालनपूर्वकं शान्तिकाध्यादि पाठं कुर्यात् ।

ततः नीराजनं कृत्वा पुष्पाञ्जलिः -

मार्कण्डेयाय मुनये नमस्ते महदायुषे ।
चिरञ्जीवि यथा त्वं भो भविष्यामि तथा मुने ॥
रूपवान् वित्तवांश्चैव श्रियायुक्त सर्वदा ।
मार्कण्डेय महाभाग सप्तकल्पान्तजीवन ।
आयुरारोग्यसिद्धचर्थं प्रसीद भगवन्मुने ॥
नराणामायुरारोग्यैश्वर्यसौख्यसुखप्रदः ।
सौम्यमूर्ते मुनिश्रेष्ठ भृगुवंशधराय च ॥
महातपो मुनिश्रेष्ठ सप्तकल्पान्तजीवन ।
मार्कण्डेय नमस्तुभ्यं दीर्घायुष्यं प्रयच्छ मे ॥
मार्कण्डेय महाभाग प्रार्थये त्वां कृताञ्जलिः ।
चिरजीवि यथा त्वं तु मुनीनां प्रवर द्विज ।
कुरुष्व मुनिशार्दूल तथा मां चिरजीविनम् ।

९. चूडाकरण

चूडाकरण शब्दमा दुई शब्द छन् - चूडा र करण । चूडा भनेको शिखा हो र करण भनेको त्यसका लागि गरिने काम हो । अर्थात् मानव शरीरको मस्तिष्कको स्वच्छताका लागि गरिने संस्कार चूडाकरण हो । यसलाई चूडाकर्म वा चौल पनि भनिन्छ । चूडाकरण शिरको सफाइसँ गाँसिएको संस्कार हो । शिरको सफाइ भएन भने मस्तिष्क पनि सफा हुँदैन र मस्तिष्क सफा भएन भने अनेकौं अनर्थ हुन्छन् । केशका रूपमा उत्पन्न पशुतालाई समाप्त गरी मानवीय गुणको सक्रियताका लागि यो संस्कार गरिन्छ । बुद्धि र ज्ञानको वृद्धिका लागि गरिने यस संस्कारबाट कल्याण र सफलता पनि प्राप्त हुन्छन् । जन्मदेखि नै उम्रेको केश काटेर मानिसलाई सभ्य, स्वस्थ र सुसंस्कृत बनाउन यसको महत्त्वपूर्ण भूमिका छ ।

चूडाकरण वैदिक कालदेखि नै चलिआएको संस्कार मानिन्छ । अथर्ववेदमा छुरा, नाई आदिको स्तुति हुनुबाट यसको पुष्टि हुन्छ । यो मानव स्वास्थ्यसँग प्रत्यक्ष गाँसिएको संस्कार हो । आयुर्वेदका ज्ञाता सुश्रुतले केश र नङ काट्नाले खुसी, सौभाग्य, विनम्रता र उत्साहको वृद्धि र पापको नाश हुन्छ भनेका छन् । चरकले केश, दाह्रीजुँगा, नङ काट्नाले वा तिनको सिंगारपटार गर्नाले पौष्टिकता, बल, आयु, पवित्रता र सौन्दर्यको वृद्धि हुन्छ भनेका छन् । सुश्रुतका अनुसार शिरको भित्री भागको माथिपट्टि शिरा र सन्धिको संयोजन हुन्छ । यो स्थान केशको स्वामी मानिन्छ । यस अ·मा आघात पुग्यो भने तत्काल मानिसको मृत्यु पनि हुन सक्छ । यस्तो महत्त्वपूर्ण अङ्गको सुरक्षाका लागि शिखाको आवश्यकता हुन्छं र शिखाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थापना र सुरक्षाका लागि चूडाकरण गर्नुपर्दछ। मानिसको सुरक्षा र दीर्घ जीवनका लागि यो कर्म धार्मिक संस्कारका रूपमा चलेको हो।

बालकको चूडाकरण कहिले गर्ने भन्ने सम्बन्धमा विभिन्न मत पाइन्छन्। यो संस्कार जन्मेको एक वर्षमा, तीन वर्षमा वा पाँच वर्षमा पनि गर्न सकिन्छ। पारस्कर गृह्यसूत्रका अनुसार सोह्र वर्षको उमेरसम्म पनि यो संस्कार गर्न सकिन्छ। निष्कर्ष के हो भने जहिले शुभ समय छ त्यस बेला अथवा कुलको रीति र परम्परा अनुसार पनि गर्न सकिन्छ। यज्ञोपवीत संस्कार गर्नु अघि पनि चूडाकरण संस्कार गर्न छुट दिइएको छ।

नामअनुसार चूडाकरण शिखाको स्थापना र सुरक्षा गर्ने संस्कार भएकाले शिखाको सङ्ख्या पनि कुल परम्पराअनुसार राख्न सकिन्छ। आफ्नो वंशको प्रवर सङ्ख्या अनुसार शिखाको सङ्ख्या तीन वा पाँच राख्न सकिन्छ। हाल एउटा मात्र शिखा राख्ने चलन बढी देखिन्छ। वीरमित्रोदयमा शिखा र यज्ञोपवीत धारण नगर्ने मानिसले धार्मिक संस्कार तथा कार्यहरू गरे पनि नगरे सरह हुन्छ भनिएको छ। चूडाकरण भरसक पिताबाट नै सम्पन्न हुनुपर्दछ।

बालकको स्वस्थता वृद्धिको विकास गर्न र दीर्घायु प्राप्त गर्नका लागि शारीरिक स्वच्छता र सौन्दर्य कायम राख्न चुडाकरण गरिन्छ। विभिन्न रोगहरूको आक्रमणबाट मुक्त रहनका लागि स्वावलम्बी जीवनयापनका लागि व्यक्तिको जीवनमा सुखशान्ति ल्याउनका यो संस्कार गर्नु पर्दछ।

१०. कर्णवेध

बालक जन्मदै विभिन्न प्रकारका आन्तरिक रोगहरू छन् भने कर्णवेध संस्कारले बालकलाई सुस्वास्थ्य बनाउन सहयोग पुग्दछ। गरगहना लाउन अथवा शरीरको स्वास्थ्यका लागि मानिसको श्रवणशक्तिको वृद्धिका लागि वैदिक कालदेखि सोह्र संस्कार मध्ये कर्णवेध संस्कार महत्त्वपूर्ण मानिन्छ। बालबालिकाको मनमा रक्षाको विश्वास बढाउन पनि यो संस्कार प्रचलित भएको हो। कानमा गहना लगाउने प्रयोजनका लागि पनि यो संस्कार चलिआएको हो। गहना लगाउनका लागि शरीरका विभिन्न भाग छेड्ने चलन संसारका धेरै जाति र संस्कृतिमा पाइन्छ। त्यसको एउटा अ·का रूपमा कर्णवेध संस्कार आएको हो। स्वास्थ्यको रक्षा गर्न र सौन्दर्य बढाउन यो संस्कार उपयोगी मानिएको छ। सुश्रुतले रोगबाट सुरक्षित रहन र आभूषण धारण गर्न बालबालिकाको कान छेड्नुपर्दछ भनेका छन्। ग्रहका कारणबाट उत्तपन्न हुने भय हटाउनका लागि कर्णवेध गर्नुपर्ने मत दिएका छन्।

कान छेड्दा बालकलाई आमाको काखमा राख्नुपर्दछ र उसलाई मन पर्ने खाने र खेलाउने कुरा दिनुपर्दछ। यसले गर्दा उसको ध्यान खान र खेल्नमा केन्द्रित हुन्छ। त्यसै बेला पिता वा सिपालु वैद्य, शल्य चिकित्सक वा कुनै अनुभवी महिलाद्वारा कान छेड्न लगाउनु पर्दछ। कान छेड्दा सुन, चाँदी, तामाको सीयो प्रयोग गर्न सकिन्छ। छेडिसकेपछि प्वाल बन्द नहोस् भन्नका लागि चाँदीको पातलो तार वा धागो छिराएर बाँध्नुपर्दछ। छोराको पहिले दायाँ र पछि बायाँ कान छेड्नुपर्दछ भने छोरीको पहिले बायाँ र पछि दायाँ कान छेड्नुपर्दछ।

कर्णवेध संस्कारका लागि बच्चाको उमेरका बारेमा विभिन्न मत पाइन्छन्। जन्मेको दश दिनदेखि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सात महिनासम्म पनि यो संस्कार गर्न सकिने मत पाइन्छ । आजभोलि चूडाकरण र कर्णवेध समेत उपनयनसँगै गर्ने प्रचलन पनि रहेको छ । देवलस्मृतिमा उल्लेख भएअनुसार जसको छेडिएको कानको प्वालमा सूर्यको छायाँ प्रवेश गर्दैन त्यस्तो मानिसलाई देख्नेबित्तिकै सम्पूर्ण पुण्य नष्ट भएर जान्छ । त्यस्ता मानिसलाई श्राद्धादि कार्यमा बोलाउनु हुँदैन । बोलाइयो भने बोलाउने मानिस नै राक्षस हुन्छ भनिएको छ । कर्णवेध संस्कार पनि शुभ साइत हेरेर नै गर्नुपर्दछ ।

श्रवणशक्तिको विकास गरी बौद्धिक क्षमता बढाउन यो संस्कार गर्नु पर्दछ । आवश्यकता अनुसार आभूषण लगाउने अवसरको सदुपयोग गर्न र धार्मिक, सामाजिक संस्कारमा सहभागी हुँदै रोगको आक्रमणबाट टाढा रहन र ग्रहदशाको पीडाबाट मुक्त हुन कणवेध संस्कार गरिन्छ ।

११. अक्षरारम्भ

मात्रा र मात्रिकाको ज्ञानले नै शिक्षाको ज्योति प्राप्त गर्न सकिन्छ । बालबालिकालाई अक्षर चिनाउन, लेख्न, सुन्न र बोल्न सिकाउने संस्कार अक्षरारम्भ हो । यो लिपिका माध्यमबाट शिक्षा प्रदान गरिने पहिलो कर्म पनि हो । बालबालिकाको मस्तिष्क शिक्षा ग्रहण गर्न योग्य भएपछि यो संस्कार सम्पन्न गरिन्छ । यो विद्याध्ययन गर्ने प्रारम्भिक प्रयास पनि हो । यसलाई विद्यारम्भ, अक्षरारम्भ, अक्षर लेखन आदि भनिन्छ । अक्षरारम्भ पनि जातकर्म जत्तिकै वैदिक संस्कार मानिन्छ ।

वैदिक वाङमयमा अक्षरारम्भ चूडाकरणसँगै पनि गरिन्थ्यो भन्ने प्रमाण शास्त्रहरूमा पाइन्छ । यो संस्कार बालबालिका पाँच वा सात वर्षका हुँदा गर्नुपर्दछ भन्ने अवगत हुन्छ । कुनै अनिवार्य अवस्था आइपरे पनि उपनयन हुनुभन्दा अगाडि यो संस्कार गर्नुपर्दछ ।

अक्षरारम्भ यथासम्भव उत्तरायण र शुक्लपक्षमा गर्नुपर्दछ । असारदेखि कात्तिकंसम्म भगवान विष्णुको शयनकाल मानिने भएकाले यस अवधिमा विद्याको आरम्भ निषेध गरिएको छ । अक्षरारम्भका लागि विभिन्न बारहरूलाई उत्तम, मध्यम र निषिद्ध भनी विभाजन गरिएको छ । आइत, बुध, बृहस्पति र शुक्रवारका दिनहरू तथा सोमवारको दिउँसोको समय विद्यारम्भका लागि उपयुक्त हुन्छ तर मङ्गलबार र शनिबार वर्जनीय वा निषिद्ध मानिन्छन् । ज्योतिष शास्त्रको परामर्शमा शुभ मुहूर्तमा राशि नक्षत्रतारा मिलाएर अक्षरारम्भ ।

विद्या प्राप्त गरी समाज र विश्वका लागि कार्य गर्ने सीप प्राप्त गर्नु हो । परा पश्यन्ति मध्यमा बैखरी ज्ञान प्राप्त गरीजीवन मुक्तिका लागि अक्षर आरम्भ गर्नुपर्दछ । विद्याको साधनामा तल्लीन रहन, सार्थक ज्ञान आर्जन गरी मोक्ष प्राप्त गर्न । विद्याध्ययन र अभ्यासमा रुचिको विकास गराउनका लागि र समयको सदुपयोग गर्ने बानीको आरम्भ हुन्छ । कर्तव्यबोधको क्रमशः विस्तार, व्यावहारिक जीवनमा पनि सफलता प्राप्ति गर्न सकिन्छ ।

अक्षरारम्भ

बालकस्य पञ्चमे वर्षे कुम्भादित्यविवर्जिते उदगयने शुक्लपक्षे चन्द्रतारानुकूले शुभे दिने अक्षरारम्भं कारयेत् ।

कर्ता प्राङ्मुख उपविश्य आचम्य प्राणानायम्य पूर्वा·त्वेन त्रीन् ब्राह्मणान् भोजयित्वा देशकालौ संकीर्त्य -

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धृतपाशाङ्कुशकल्पलतासु रदं बीजपूरयुतः
शशिशकलकलितमौलिस्त्रिलोचनोद्ररुणवपुं गजवदनः ॥
भास्वरभूषणदीप्तो बृहदुदरः पद्मविष्टरोल्लसितः
ध्येयोद्रनायतदोः पदसरसिरुहः सदा मनुजैः ॥ १ ॥

विष्णोर्ध्यानम्

उद्यत्कोटिदिवाकराभमनिशं शङ्खं गदां पद्मजं
चक्रं बिभ्रतमिन्दिरावसुमती संशोभिर्ब्रह्म द्वयम् ।
कोटीराङ्गदहारकुण्डलधरं पीताम्बरं कौस्तुभो-
द्दीप्तं विश्वधरं स्ववक्षसि लसच्छ्रीवत्सचित्तं भजे ॥ २ ॥

लक्ष्मीध्यानम्

कान्त्या काञ्चलसन्निभां हिमगिरिप्रख्यैश्चतुर्भिर्गजैः
हस्तोत्क्षिप्तहिरण्मयामृतघटैरासिच्यमानां श्रियम् ।
बिभ्राणां वरमब्जयुग्ममभयं हस्तैः किरीटोज्ज्वलां
क्षौमाबद्धनितम्बबिम्बललितां वन्देद्ररविन्दस्थिताम् ॥ ३ ॥

देवीध्यानम्

अध्यारूढां मृगेन्द्रं सजलजलधरश्यामलां हस्तपद्मैः
शूलं बाणं कृपाणं त्वरिजलजगदाचापबाणान्वहन्तीम् ।
चन्द्रोत्तंसां त्रिनेत्रां चतसृभिरभितः खेटकं बिभ्रतीभिः
कन्याभिः सेव्यमानां प्रतिभटभयदां शूलिनीं भावयामि ॥ ४ ॥

सरस्वतीध्यानम्

अङ्गोन्मुक्तशशाङ्ककोटिसदृशीमापीनतुङ्गस्तनीं
चन्द्रार्द्धाङ्कितशेखरा मधुमदामालोलनेत्रत्रयाम् ।
बिभ्राणामनिशं वरं जपवटीं विद्यां कपालं करै-
राद्यां यौवनगर्वितां लिपितनुं वागीश्वरीमाश्रये ॥ ५ ॥

गुरुनमस्कारः

ॐ अज्ञानतिमिरान्धस्य ज्ञानाञ्जनशलाकया ।
चक्षुरुन्मीलितं येन तस्मै श्रीगुरवे नमः ॥

१२. उपनयन

उपनयन मानव जीवनको विकास प्रारम्भ गर्ने संस्कार हो । यसै संस्कारबाट मानिसको भावी जीवनको रूपरेखा निर्धारण हुन्छ । उपनयन शब्दको अर्थ नजिक लैजानु भन्ने हुन्छ । कर्मद्वारा बटुकलाई यज्ञोपवीत (जनै) लगाइन्छ र गायत्री मन्त्र पनि प्रदान गरिन्छ । आमाको पेटबाट जन्मिनु शारीरिक जन्म हो भने विद्यारूपी आमाको गर्भबाट जन्मिनु बौद्धिक जन्म हो । उपनयन बौद्धिक जन्म भएकाले यसबाट सुसंस्कृत मानिस मात्र 'द्विज' वा दोस्रो पटक जन्मेको भन्ने मानिन्छ । उपनयन संस्कारमा धारण गरिने यज्ञोपवीतले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसमा ज्ञान, पवित्रता र चरित्रको विकास गराउँदछ । करोडौं जन्मदेखि जम्मा हुँदै आएको र जानी-नजानी गरिएको पाप यज्ञोपवीत धारण गर्नाले नष्ट हुन्छन् भन्ने शास्त्रीय वचन छ । उपनयन संस्कार गर्नाले र यज्ञोपवीत धारण गर्नाले किशोरको मनमा आध्यात्मिक भावना र सामर्थ्यको विकास हुन्छ । यस समयमा प्रदान गरिने गायत्री मन्त्र शैक्षणिक र बौद्धिक जीवनको मूलमन्त्र हो । यस संस्कारमा किशोरलाई यज्ञोपवीत पहिऱ्याइने भएकाले उपनयनको नाम नै आजभोलि यँज्ञोपवीत संस्कार बन्न पुगेको छ । ज्ञान बढाउने, जीवनलाई तेजस्वी बनाउने, अनुशासनमा रहन सिकाउने र गुरूप्रति कृतज्ञ र श्रद्धावान् बन्न प्रेरित गर्ने भएकाले यो संस्कार महत्त्वपूर्ण बनेको हो ।

उपनयन आ-आफ्नो वर्ग र परम्परा अनुसार गर्भ रहेको समयदेखि आठ वर्ष, एघार वर्ष वा बाह्र वर्षको उमेरमा गर्नुपर्दछ । सोह्र वर्षसम्म पनि उपनयन संस्कार गरिसक्नु पर्दछ ।

उपनयन संस्कार यथासम्भव उत्तरायण र शुक्लपक्षमा शुभ साइतमा गर्नुपर्दछ । आफ्नो वर्ग र परम्परा अनुसार वसन्त, ग्रीष्म, शरद् र वर्षा ऋतुमा यो संस्कार गर्न सकिने बताइएको छ । यज्ञोपवीत धारण गरेको किशोरले शुद्ध र पवित्र रही साधनामय जीवन यापन गर्नुपर्दछ । यो अनुशासन पालना नगर्ने वटुकको आयु, विद्या, बुद्धि र बल नाश हुन्छन् ।

अध्यात्मिक साधनको पथमा हिड्ने बटुकले उपनयन संस्कारपछि ब्रह्मचर्य ब्रत पालन गर्नु पर्दछ । आत्मसंयम राखी अनुशासित जीवन बिताउँदै विद्या, बुद्धि र विवेकले परिपूर्णताका लागि यो संस्कार गर्नुपर्दछ । बटुक स्वयं आध्यत्मिक र व्यवहारिक बन्नका लागि नियम र आचरणमा बस्नु पर्दछ । कुलदेवता, इष्टदेवता, मान्यजन, गुरुजन तथा माता पिताप्रति भक्ति प्रकट गर्न बटुक उत्तरदायित्व वहन गर्नसक्दछ । समाजमा मान-सम्मानको प्राप्तिबाट घर-परिवारमा सुखशान्तिको अनुभूति गर्न सिकाउँदछ ।

१३. वेदारम्भ

शिक्षानै जीवनको महत्त्वपूर्ण अङ्ग हो । शिक्षाले नै मानवलाई सुसंस्कृत र दिव्य बनाउँदछ । शिक्षा प्राप्त गर्नु जीवनको महत्त्वपूर्ण संस्कार हो । मानिसका लागि कीर्ति, उन्नति र सम्पन्नता सिर्जना गर्न यसको भूमिका छ । आर्थिक, सामाजिक, राजनैतिक र आध्यात्मिक सफलता वेद अध्ययन मै निर्भर छ । वेदको अध्ययनबाट ठूलाठूला यज्ञको फल प्राप्त हुने भएकाले यसलाई ब्रह्म यज्ञ भनिएको छ । अतः यसको अध्ययन विधिसम्मत हुनु आवश्यक हुन्छ । मनुस्मृतिमा वेदको अध्ययन नगरी अरू शास्त्रको अध्ययन गर्ने मानिसले आफ्नो कुललाई अधम र अपवित्र बनाउँछ भनिएको छ । आफ्नो शाखाको अध्ययन नगरी अरु शाखाको अध्ययन गर्न पनि निषेध गरिएको छ । जो लोभ, मोह र अज्ञानको वशमा परेर आफ्नो शाखा छोडी अरु शाखाको अध्ययन गर्छ त्यो व्यभिचारी, पतित, बहिष्कार गर्न लायक, वंशनाशक, नरकगामी, ब्रह्मघाती र अन्धकारमा पर्ने हुन्छ भन्ने उल्लेख पाइन्छ ।

प्राचीन कालमा उपनयन संस्कारसँगै वेदारम्भ पनि भएको मानिन्थ्यो, किनभने उपनयनमा यज्ञोपवीत धारण गर्ने क्रममा वैदिक मन्त्र (गायत्री) प्रदान गरिन्थ्यो । कालान्तरमा उपनयन संस्कार हुनुभन्दा पहिले नै बालकले बोलचालका भाषा प्रयोग गर्न थालेपछि छुट्टै वेदारम्भ संस्कार धार्मिक संस्कारका रूपमा प्रचलित हुन पुग्यो । त्यसैले यो संस्कार उपनयन भइसकेपछि शुभ साइत हेरेर गर्ने परम्परा बसेको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदको अध्ययन ठीक अर्थ बुझेर मात्र हुनुपर्दछ। मन्त्र पाठ गरेर मात्र हुँदैन। महर्षि पराशरले भनेका छन् - वेद र धर्मशास्त्रको अध्ययन अर्थसहित गर्नुपर्दछ। पाठ गर्नु अर्थ नबुझ्नु त भुस कुटेजस्तै व्यर्थ हुन्छ। यसरी सबै शास्त्रभन्दा माथिल्लो तहमा रहेको वेदको अध्ययनका लागि शास्त्रीय विधि र गुरुको निर्देशनमा रही प्रारम्भ गरिने संस्कार वेदारम्भका नामले प्रसिद्ध छ।

ऋचाको ठीक अर्थ बुझी सार र स्वरसहित अध्ययन गरी अरू शास्त्रको अध्ययनमा प्रवृत्त हुन, जीवनमा बहुमुखी सफलता प्राप्त गर्न, स्वाध्यायमा निरन्तर संलग्न रहनु पर्दछ। वेदको श्रुतिपरम्परा कायम राख्न, वैदिक ज्ञानलाई समाजमा पुऱ्याइ, आफ्नो धार्मिक र सांस्कृतिक परम्पराको जानकारी, उपलब्धिमूलक अध्ययन गर्ने अभ्यास गर्नु पर्दछ।

१४. समावर्तन

राम्ररी विधि पुऱ्याएर विद्याध्ययन गरी गुरुका आश्रमबाट आफ्नो घर फर्किने बेलामा गरिने संस्कार समावर्तन हो। यो ब्रह्मचर्यको समाप्ति र विद्यार्थी जीवनको अन्त भएको सूचना दिने संस्कार हो। यसको अर्को नाम 'स्नान' हो किनभने यसमा स्नान मुख्य प्रतीकात्मक क्रिया मानिन्छ। विद्यामा स्नान गरेको उच्च शिक्षित मानिस नै 'स्नातक' भनिन्छ। समावर्तत वा स्नान आजभोलि आयोजना गरिने दीक्षान्त समारोहको प्राचीन रूप थियो। स्नानको अर्को अर्थ विद्यार्थीबाट दिव्यशक्तिलाई हटाउनु भन्ने पनि हो। अतः साधारण जीवनमा फर्किनुभन्दा अगाडि ब्रह्मचर्यकालको दिव्य प्रभाव निस्तेज गर्नु आवश्यक मानिन्थ्यो अन्यथा दिव्य गुणको नाश हुने र ईश्वरीय दण्डको भागीदार हुनुपर्ने अवस्था आउँथ्यो। यही मान्यताअनुसार विद्यार्थीले स्नानसहित अन्य कर्म पनि गर्नुपर्ने व्यवस्था थियो। यसैलाई समावर्तन भनिएको देखिन्छ।

प्राचीनकालमा दुई प्रकारका बह्मचारी हुन्थे - उपकुर्वाण र नैष्ठिक। गुरुको आश्रममा रहेर आफूले गरेको विद्याध्ययन समाप्त गरी गृहस्थ आश्रममा प्रवेश गर्न चाहने ब्रह्मचारी उपकुर्वाण हुन्थ्यो। आजीवन गुरुकुलमै रहेर विद्यार्थी जीवन बिताउन चाहने ब्रह्मचारी नैष्ठिक मानिन्थ्यो। उपकुर्वाणका लागि गुरुको आज्ञा लिएर समावर्तन गर्नु आवश्यक मानिन्थ्यो। गुरुको आज्ञा र अनुमति लिएर चौबीस वर्षको उमेरमा विवाह गर्नुभन्दा पहिले विधिपूर्वक यो संस्कार गरिन्छ र गुरुलाई दक्षिणा दिएर आफ्नो घर फर्किएर सम्मानित जीवन जिउने कला सुरु हुन्छ। समावर्तन भरसक उत्तरायणमा गर्नुपर्दछ र विशेष परिस्थितिमा दक्षिणायनमा पनि गर्न सकिन्छ। विद्यार्थी जीवनको समाप्तिका लागि गुरुसँग अनुमतिको प्रार्थना गर्नु र दक्षिणाद्वारा सन्तुष्ट गराउनु आवश्यक मानिन्छ। स्नातक (विद्यार्थी) गृहस्थ जीवनका लागि विद्याध्ययन र चारित्रिक दृष्टिले उपयुक्त छ भन्ने प्रमाणित गर्न गुरुको आज्ञा र अनुमति लिनुपर्दछ। समावर्तन संस्कारले गृहस्थाश्रम पनि चार आश्रमजत्तिकै महत्त्वपूर्ण र प्रशंसनीय छ भन्ने सङ्केत गरेको छ।

विद्या, व्रत र ब्रह्मचर्यको अभ्यास गर्न, जीवनका महत्त्वपूर्ण मोडमा मान्यजनको सल्लाह लिन, गृहस्थाश्रमको मर्म बुझ्न र निरन्तरता दिन, उमेर अनुसार मानवीय कर्तव्य पुरा गर्नुपर्दछ। सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्न, धार्मिक र पारिवारिक दायित्व बोध गराउनुका साथै शारीरिक अवस्था र उमेरअनुसार विविध परिस्थितिसँग अभ्यस्त हुने जीवनशैलीको विकास, कुल, पितृ र परिवारका आशा र आकाङ्क्षाको परिपूर्तिमा सहयोग, ज्ञानको व्यावहारिक प्रयोगमा दक्षता प्राप्ति, विद्याप्रति प्रेम र सम्मानको दृष्टिकोण निर्माण गरी जीवनलाई अगाडि बढाउन सक्नु पर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केशान्त

वेदाध्ययन समाप्त भएपछि गरिने संस्कार केशान्त हो । केश, दाह्री, जुँगा काटिने वा अन्त गरिने भएकाले यसलाई केशान्त भनिएको हो । वैदिक कालमा शिष्य जहिलेसम्म गुरुको जिम्मामा रहन्थ्यो त्यस बेलासम्म शिष्यका सम्पूर्ण कर्मको दायित्व गुरुले लिन्थे । त्यसैले केशान्त संस्कार पनि गुरुको आश्रममै सम्पन्न गरिन्थ्यो । बालक गुरुकुलमा नबसेको अवस्थामा यो संस्कार घरमै गरिन्थ्यो । केशान्तको अर्को नाम गोदान पनि हो, किनभने यस संस्कारमा शिष्यले गुरुलाई गाई दान दिनु पर्दछ ।

कुनै कुनै आचार्यले केशान्तलाई चूडाकरणमै समावेश गरेका छन् तर केशान्त र चूडाकरण भिन्न अवस्थाका संस्कार भएकाले भिन्नै गर्नुपर्दछ । चूडाकरणमा शिरको केश मात्र काटिन्छ भने केशान्तमा दाह्री, जुँगा काट्ने काम हुन्छ । यस बेला वटुक युवक भइसकेको हुन्छ । केशान्त उत्तरायण र शुक्लपक्षमा राम्रो दिन र नक्षत्र हेरेर गर्नुपर्दछ । आ-आफ्नो वर्ग र कुलपरम्परा अनुसार केशान्त सोह्र, बाइस वा चौबीस वर्षको उमेरमा गर्न सकिन्छ । युवकको मनमा पौरुषको चैतना पैदा हुने अवस्था भएकाले त्यसको नियमन गर्न र ब्रह्मचर्य व्रतबाट उसलाई च्युत हुन नदिनका लागि यो संस्कार चलेको पाइन्छ । अल्पायुमै विवाह नहोस् र पारिवारिक दायित्वका कारणले युवकको उन्नति नरोकियोस् भन्ने उद्देश्यले यो संस्कार प्रचलित भएको मानिन्छ ।

१५. विवाह

सोह्र संस्कारमा विवाह संस्कार सबैभन्दा महत्त्वपूर्ण संस्कार हो । विवाह एउटा सामाजिक र आध्यात्मिक आवश्यकता हो । कुनैपनि यज्ञ गर्दा सपत्नि यज्ञ गर्ने विधान छ । धेरैजसो गृहसूत्रको प्रारम्भ विवाह संस्कारबाट हुनुले यो सम्पूर्ण यज्ञयागादि र संस्कारको उद्‌गम वा केन्द्रविन्दु मानिएको छ । मधुर घरायसी वातावरण, पत्नीसँगको सुखमय र प्रेममय जीवन तथा सन्तानको सुख नै विवाहको मुख्य प्रयोजन रहेको छ । पति-पत्नीले एक अर्काको सेवा र सुखसुविधामा ध्यानु दिनु, समान अधिकारको उपभोग गर्नु, कल्याणका लागि प्रयास गर्दै सन्तान वृद्धिका लागि सपत्निक यज्ञ गर्नु शास्त्रीय मर्यादा हो ।

ब्रह्मचर्याश्रमको पालना गर्दै गुरुबाट वेदाध्ययनको ज्ञान प्राप्त गरिसकेपछि समावर्तन संस्कार सम्पन्न गरिन्छ र त्यसपछि विवाह संस्कारको क्रम सुरु हुन्छ । यो कठोर ब्रह्मचर्यको समाप्ति हो भने गृहस्थ जीवनको शुभारम्भ पनि हो । पुऱ्याउनु भन्ने अर्थको बोधक 'वह्' धातुमा भाववाचक 'घञ्' प्रत्ययको योग भई 'वि' उपसर्गसमेत जोडिएर बनेको विवाह शब्दले पति-पत्नीले कर्तव्य राम्ररी वहन गर्नु वा पूरा गर्नु भन्ने तात्पर्य बुझाउँछ । त्यसैले यो संस्कार पति-पत्नी दुवैले आ-आफ्नो कर्तव्य पूरा गर्ने अवसरका रूपमा पनि प्रसिद्ध छ ।

वैदिक आचार्यहरूले विवाह संस्कार जन्मदेखि १८ औं वर्षभन्दा माथि कन्याको बिवाह र युवकको २५ वर्षभन्दा माथि गरेका छन् । यसलाई कानुनले पनि स्वीकृति दिएको छ । यस बाहेक आफ्नो अवस्था र अनुकूलता हेरी सहमतिमा विवाह गर्ने प्रचलन पनि रहेकै छ ।

स्मृतिग्रन्थमा ब्रह्म, दैव, आर्ष, प्राजापत्य, आसुर, गान्धर्व, राक्षस र पैशाच गरी आठ प्रकारका विवाह वर्णित छन् । यी मध्ये सुरुका चार उत्तम र पछाडिका चार अधम मानिन्छन् । किनभने यी अधम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्गका विवाहबाट मानसिक, शारीरिक र सामाजिक बेथिती जन्मने प्रबल सम्भावना रहन्छ । विवाहका लागि कन्या र वर दुवैका भित्री र बाहिरी गुण एवं लक्षणहरूको पनि निर्धारण गरिएको छ । ती गुण एवं लक्षण सबै सम्भव नभए पनि केही न केही हुनु नै पर्दछ । त्यसो नभई विवाह गरे/भएमा अप्रिय परिणाम भोग्नुपर्ने चेतावनी शास्त्रहरूले नै दिएका छन् ।

वाग्दानदेखि विवाहमण्डपको उत्थापनसम्म विधिपूर्वक पूरा गरेपछि मात्र यो संस्कार पूर्ण हुन्छ । हतारमा विधि नपुऱ्याई, मुहूर्त्त नहेरी यान्त्रिक ढङ्गले गरेको विवाहलाई शास्त्रले 'विवाह' मानेको छैन ।

वैवाहिक जीवनको सार्थकता सिद्ध गर्न, विविध ऋणबाट मुक्तिका लागि स्त्री र पुरुषको अखण्ड साहचर्यद्वारा कर्तव्य पालना गर्न विवाह कर्म गरिन्छ ।

सामाजिक सम्बन्धको विस्तार र सुदृढीकरण, देवऋण, ऋषिऋण र पितृऋणबाट मुक्ति, आफ्ना धर्म, संस्कृति, सभ्यता र परम्पराको निर्वाह, सुख, शान्ति, सहयोग र ऐश्वर्यको समृद्धि एवं सन्तान वृद्धिका लागि विवाह कर्म गरिन्छ ।

१६. अन्त्येष्टि

यो संस्कारका अन्त्य इष्टि यो शब्दले अन्तिम समयमा गरिने यज्ञ नै अन्त्येष्टि हो । मानव जीवनको अन्तिम संस्कार हो । मानिस बाँचुन्जेल आफ्नो उन्नतिका लागि विभिन्न संस्कार गर्छ र जीवनलाई सुसंस्कृत बनाउँछ । निधन भएपछि उसका जीवित नाता सम्बन्धका व्यक्तिले परलोकमा उसको भावी सुख र कल्याणका लागि मृत्यु संस्कार गरिदिन्छन् । पन्ध्रवटा संस्कारले यस लोकको जीवनलाई पवित्र पार्दछन् भने अन्त्येष्टि संस्कारले परलोकलाई सुधार्दछ । जन्मेको मानिसको मृत्यु निश्चित छ ।

गायत्री, महामृत्युञ्जय वा मोक्षदायक अन्य मन्त्रको जप पनि यस बेलाका लागि कल्याणकारी मानिन्छ । सोहृ संस्कारमा अन्त्येष्टी संस्कार मृतआत्माको परमगती प्राप्तिका लागि गरिने अन्तिम संस्कार हो । यो संस्कार पछि वर्षदिनभरि मृतआत्माको चीरशान्तिको कामना गर्दै मासिक गरिन्छ । वार्षिकीपछि तर्पण, पिण्डदान गरिन्छ । वार्षिक श्राद्ध सतपात्रले पितृका निम्ति गर्नु पर्दछ ।

पुनश्च : शास्त्रका ४२, ४८ संस्कारको विधान गरिएको पाइन्छ । कलियुगमा भने सोहृकै राम्रोसँग प्रयोग हुन सकेको छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमातृकुल शिक्षा

आमाको गर्भमा नौ महिनासम्म हुर्किंदै गरेको शिशुले गर्भभित्र पनि रहेर आमाको रहनसहन खानपीन वाहिरी परिवेशलाई अनुभूति गर्न सक्दछ । तसर्थ गर्भमा शिशु रहेको अवस्थामा पनि आमाको दिनचर्या कार्यशैली सकारात्मक आदर्शपरक लोककल्याणकारी हुनुपर्दछ । शिशु जन्मिएपछि प्राप्त गर्ने पहिलो शिक्षा केन्द्र भनेको मातृकुल शिक्षा हो । मातृकुल शिक्षामा आमासँग भाषा, परिवेश, रहनसहन, संस्कार, संस्कृति, समाजिक मान्यताहरू, अक्षर ज्ञान सिकाइको आरम्भिक चरणमा रहन्छ । जीवनको उर्वराशक्तिको स्रोत बाल्यजीवन काल हो । यस समयमा सिकेका कुराहरूलाई जीवनभरि अटुट तरङ्गको रूपमा रहिरहन्छ । जन्मदेखि ६ वर्षसम्म बालकले विभिन्न प्रकारका रङ्गहरू, नातासम्बन्ध, लज्जा, सुखदुःख, बोटविरुवा, वनस्पति, पशुपक्षी, खेल मनोरञ्जन गीत सङ्गीत समाजिक परिवेश र अक्षरको ज्ञान मात्रामात्रिका लेखन, जानेको विषयलाई अभिव्यक्त गर्ने तरिका, सम्मान आदर बाचक शब्दज्ञान, शब्द संयोजन, भोकतिर्खा, तातोचिसो, व्यक्तिगत स्वभाव निर्माणको महत्त्वपूर्ण क्रममा शिशु रहन्छ । यस समयमा जन्मदिने आमाले दिने शिक्षा तीन वर्षसम्म रहन्छ । तीन वर्षदेखि ६ वर्षसम्म शिशुले मातृकुल शिक्षामा गएर शिक्षा आर्जन गर्नु पर्दछ ।

आरम्भिक मातृकुल शिक्षामा शिशु प्रवेश गरेर विभिन्न विषयहरूको ज्ञान प्राप्त गर्न सक्दछ । मातृकुल शिक्षामा तीन, चार, पाँच, छ वर्षसम्म अध्ययनको प्रारम्भिक चरण हो । तीन वर्षमा बालकले घवर्गमा प्रवेश गर्दछ । चौथो गवर्गमा प्रवेश गर्दछ । पाँचौ वर्ष ख वर्गमा प्रवेश गर्दछ । छैटौं वर्षमा कवर्गको शिक्षा प्राप्त गर्दछ । सातौं वर्षमा बालक प्रथम कक्षामा प्रवेश गर्दछ । उसको शिक्षामा स्तरोन्नति हुँदै अगाडि बढ्दछ । कवर्ग ज्ञान प्राप्त गर्दछ । भाषा ज्ञान, गणनापद्धति, जीवनोपयोगी शिक्षा संस्कारयुक्त शिक्षा प्राप्त गर्दछ । सात वर्षदेखि मातृकुल शिक्षाबाट प्राथमिक शिक्षामा प्रवेश गर्दछ । प्राथमिक शिक्षा भनेको गुरुकुल शिक्षा हो । हजारौ हजार वर्षदेखि अभ्यास हुँदै आएको हाम्रो शिक्षा मातृकुल गुरुकुल र प्रज्ञाकुल शिक्षा हो ।

श्रीगुरुकुल शिक्षा

नेपालमा शिक्षाको परम्परा हजारौं हजार वर्षदेखि गुरुकुलीय शिक्षा पद्धतिमा आधारित भएको पाइन्छ । गुरुद्वारा शिष्यलाई पुस्तादर पुस्ता हस्तान्तरण हुँदै जीवनोपयोगी अभ्यासमा आधारिक, चेतनामा आधारित शिक्षा निरन्तर रूपमा चलिरहेको छ । कहिले यो शिक्षाले आफ्नो क्षेत्र विस्तार गर्दै व्यपकता पाएको छ भने कहिले यो शिक्षा शक्तिशाली बनेर व्यापक भएंको छ ।

गुरुकुल शिक्षा भन्नले गुरुको स्थानमा गई गुरुसँगै बसेर आमाले मातृकुलमा दिएको शिक्षाबाट गुरुकुलमा प्रवेश हुन्छ । गुरुकुल शिक्षा आमाको गर्भबाट पहिलो जन्म हुन्छ भने गुरुकुलमा बालकको दोस्रो जन्म हुन्छ । शास्त्रमा भनिएको छ । पहिलो जन्म बालकको आमाको गर्भमा भएपनि गुरुले गुरुकुलमा राखेर आफ्नो शिष्यमा दोस्रो जन्म प्रदान गर्दछ । गुरुकुलका आचार्यले भन्नुहुन्छ । हे माता तपाईले आफ्ना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्भमा हुर्काएको शिशुलाई मातृकुल शिक्षाबाट म गुरुकुलमा प्रवेश गराउँदै छु । सम्पूर्ण मानव बनाएर कल्याणकारी मार्ग बताउँदै सम्पूर्ण ज्ञान विज्ञानले पूर्ण गरिदिने छु । शिष्यलाई नम्र बन । भद्र बन । कम बोल धेरै सुन्ने गर । नियमा बस । शिष्टाचार गर्न सिक । काम गर्दा सिपालु होऊ अर्थात् सीप सिक । अरूलाई दया गर । उपकार गर अर्थात् उपकारी होऊ आदि विषयहरू गुरुकुलमा समावेश शिक्षा हुन् । गुरुको प्रत्यक्ष सम्पर्कमा रहेर प्राप्त गर्ने शिक्षा आनीबानी रहनसहन, ६४ कला, ६४ उपकला, चारवेद, उपवेद एवं रुचिअनुसार सिक्ने शिक्षा गुरुकुलमा प्रदान गरिन्थ्यो । आज गुरुकुलको अवस्था दिनानुदिन अस्तव्यस्त हुँदै गइरहेको छ । समाजमा विभिन्न प्रकारका अतिचार दुराचार भ्रष्टाचार बढनुको कारण अनुशासनमा आधारित गुरुकुल शिक्षाको ह्रासले गर्दा भएको हो । आयातित विषय वा विषयचिन्तनले मौलिम शिक्षा पद्धतिलाई नराम्रो गरी असर गरेको छ ।

गुरुकुल शिक्षामा प्रवेशको चरण पूर्वमध्यमाबाट आरम्भ हुन्छ । प्रथम कक्षादेखि उसको शिक्षा सातौं वर्षसम्म शिक्षाका विविध विषयहरू भाषा, वैदिक ज्ञान विज्ञान, गणित, खेलकुद, स्वास्थ्य, समाजिक परिवेश आदिका विषयमा प्रारम्भिक ज्ञान प्राप्त गर्दछ । आठ वर्षदेखि १४ वर्षसम्म उसको प्रथमाबाट पूर्वमध्यमा चार वर्ष शिक्षा प्राप्त गर्दछ । पूर्वमध्यमापछि तीनवर्ष मध्यमा शिक्षा प्राप्त गर्दछ । मध्यमापछि १५ वर्षदेखि २२ वर्षसम्म उत्तरमध्यमा शास्त्रको अवस्था, शास्त्रार्थको उच्चतम स्थितिमा पुग्दछ ।

हाम्रो शिक्षा भनेको आफूभित्रको अन्तर आत्माको ज्ञानलाई जगाऊँ । आफूभित्रको विवेकलाई प्रयोग गर । विवेक पुऱ्याएर गरिएको काम सधैं सफल हुन्छ । गुरुकुलमा व्यवहारिक शिक्षा सिक्न सकिन्छ । हामीले आफ्नो गुरूप्रति गर्ने व्यवहार, सोच्ने तरिका सधै सकारात्मक अर्थात् काम गर्ने शैलीमा सकारात्मक भावको विकास हुन्छ । गुरूप्रति सम्मान र आदर भाव राख्छौं । स्वऽध्याय गर्न हामी आलस्य गर्दैनौं । यो कुरा अरुले सिकाउनु पर्दैन । हाम्रो हृदयले अर्थात् अन्तर आत्मैदेखि जागृत भएर गरिएको काम हो । पवित्र काम त्यो पनि उच्चकोटिको, अतुलनीय काम । गुरूप्रति गरिने सद्भाव, शिष्टाचार, आदर, सत्कार नै हामीले गुरुकुलबाट सिक्ने साँचो शिक्षा हो । गुरुकुलीय शिक्षाले हामीलाई जिवनभरि जिउने कला सिकाउँछ । यही कलाद्वारा हामी पूर्णमानव बन्न मद्दत गर्दछ । महामानव बन्ने अवसर प्रदान गर्दछ । आफ्नो मुक्ति र जीवनको सार्थकता बुझ्न गुरुकुलीय शिक्षा आजको आवश्यकता हो ।

शिक्षाका विविध आयाम

१. प्रज्ञाकुल शिक्षा

मानव चेतनालाई मापन गर्ने शिक्षा भनेको प्रज्ञाकुल शिक्षा नै हो । यो शिक्षाको अभ्यासबाट मानव चेतनाको उत्कर्षलाई अनुभूति गर्नु हो ।

२. चेतना आधारित शिक्षा

मानव चेतनाको उच्चतम प्रयोग भनेको मानव चेतनाको परा, अपरा, पश्यन्ति र मध्यमाको अवस्थामा पुग्ने ज्ञान हो ।

३. साधनाकुल शिक्षा

मानव साधनाबिना सार्थक मानव बन्न सक्दैन । साधनाकुल शिक्षाबाट उच्चतम अवस्थामा पुग्ने पद्धति नै साधनाकुल शिक्षा हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ ग्रन्थहरू

ऋग्वेद भाष्य
यजुर्वेद
सामवेद
अथर्ववेद
धनुर्वेद
स्थापत्यवेद
वैदिक इन्डेक्स
शतपथ ब्राह्मण
गोपथ ब्राह्मण
धर्मसिन्धु
श्रीदुर्गासप्तसती
श्रीमद्भागवत महापुराण–गीता प्रेस गोरखपुर
श्रीमद्भगवत गीता–
महाभारत शान्तिपर्व –
श्रीमद्देवीभागवत पुराण
नारदपुराण
अग्नि पुराण
शिखरीणि यात्रा : वैदिक साम्यवाद, मानवधर्म, धनुर्वेद राष्ट्र गुरु योगी नरहरिनाथ
स्तम्भकार सौरभ – असङ्गति, असहमति
वेदमा के छ ? – डा. स्वामी प्रपन्नाचाय
आयुर्वेद संहिता, चरक संहिता, आरोग्य–अङ्क : गीता प्रेस गोरखपुर
आयुर्वेद–सारसंग्रह – श्री बैद्यनाथ आयुर्वेद भवन लि.
मुहूर्त कल्पद्रुमः – डा. सुरेशचन्द्र मिश्र
मुहूर्त चिन्तामणि– केदारदत्त जोशी
ईशादि दश उपनिषद्– स्वामी रमानन्द गिरि
धर्ममहारस – आयुर्वेद जडिबुटी विज्ञान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वृहत संहिता आचार्य श्रीनागेन्द्र पाण्डे, सम्पूर्णानन्द विश्वविद्यालय, वाराणसी
तैत्तिरीय संहिता
बृहत्संहिता–श्रीवराह मिहिराचार्य–सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयः वाराणसी
सरल ज्योतिष – आचार्य शान्तिराम कोइराला
वेदों में विज्ञान – पद्मश्री डा. कपिलदेव द्विवेदी
वेदों में लोक–कल्याण
वेदामृतम् सुखी समाज
वेदों में राजनीतिक शास्त्र
वेदों मे आयुर्वेद–
कौटिलीय अर्थशास्त्र– आचार्य चाणक्य
कुण्डलिनी तंत्र–
ज्योतिर्गणितम–श्रीदत्तात्रेयवेङ्कटेशकेतकरः–चौखम्बा, वाराणसी
सूर्य सिद्धान्त –चौखम्बा, वाराणसी
फिजियोलोजी एण्ड वेदाज्
नक्षत्र आयुर्वेद
जडिबुटी विज्ञान- धर्ममहारस
दिग्दर्पण – मासिक पत्रिका
वेदाज् एण्ड फिजियोलोजि
वैदिक साइन्स - महर्षि महेश योगि
कौटिल्य अर्थशास्त्र - तिलक प्रसाद लुईटेल
श्रीमद्भगवत गीता (नेपाली)
शुक्ल यर्जुवेद - तिलक प्रसाद लुईटेल - विद्यार्थी प्रकाशन
चन्द्रनीघण्टु सिंहदरबार वैद्यखाना
मार्क्सवाद और रामराज्य- स्वामी करपात्री, गीता प्रेस, गोरखपुर
लीलावती भास्कराचार्य
गोल परिभाषा- सम्पूर्णनन्द संस्कृत विश्वविद्यालय
वृहत संहिता– कमलाकर भट्ट
फोटो साभार- सामाजिक सञ्जाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



वैदिक ज्ञान-विज्ञान

ISBN 9789937059381

Prof. Madhav Prasad Lamichhane Collection